CC-0. In Public Domain. Digitization by eGangotri

ISSN: 2773-7950

पाशुपत दर्पण



पशुपति क्षेत्र विकास कोष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ISSN: 2773-7950

पाशुपत दर्पण

वर्ष ३ - अंक १ - २०८१ पौष Vol. 3 - No. 1 - January, 2025

पशुपति क्षेत्र विकास कोष

देवपत्तन, काठमाडौं, नेपाल

Phone: +977-01-4471828
Email: info@pashupati.org.np | www.pashupati.org.np

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति क्षेत्र विकास कोष, संचालक परिषद्

संरक्षक

सम्माननीय प्रधानमन्त्री **श्री केपी शर्मा ओली**

अध्यक्ष

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री

श्री बद्री प्रसाद पाण्डे

पदेन सदस्यहरू

माननीय सदस्य, **राष्ट्रिय योजना आयोग** (संस्कृति हेर्ने)

प्रमुख, काठमाडौँ महानगरपालिका

मूलभट्ट, **श्री पशुपतिनाथ मन्दिर**

सचिव, **गृह मन्त्रालय**

सचिव,**संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

सचिव, **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

अध्यक्ष, **गुठी संस्थान**

परिषद् सदस्यहरू

श्री हरिनाथ ढकाल

श्री शिक्षित पराजुली

डा. भरत प्रसाद बडाल

श्री राजुकुमार खत्री

श्री रामेश्वर संगत

श्री बाबुशरण सुवेदी

श्री रेणुका पराजुली

पदाधिकारी

श्री नारायण प्रसाद सुवेदी, **कोषाध्यक्ष**

डा. मिलन कुमार थापा, **सदस्य सचिव**

कार्यकारी निर्देशक

श्री सुभाष चन्द्र जोशी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रधान सम्पादक
डा. मिलन कुमार थापा

सल्लहाकार
श्री नारायण प्रसाद सुवेदी
श्री सुभाष चन्द्र जोशी

सम्पादक मण्डल
श्री रेवति रमण अधिकारी
श्री चन्द्र प्रसाद खनाल
श्री सीताराम रिसेल
श्री ईश्वरमान भण्डारी

कार्यकारी सम्पादक
प्रा. डा. सोमप्रसाद खतिवडा
श्री अनिता भट्ट

प्रकाशक
पशुपति क्षेत्र विकास कोष
देवपत्तन, काठमाडौं

मुद्रण

प्रकाशकीय

नेपालका आराध्य देव पशुपतिनाथको प्रचार, दिगो विकास, व्यवस्थापन र यस भेगका सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धनका लागि पशुपति क्षेत्र विकास कोषको स्थापना भएको हो । कोषले स्थापनाकाल देखि नै यस्ता अनेक प्रकारका कार्यहरु गर्दै आएको छ । कोषले पशुपतिनाथ र यस क्षेत्रको शोध, खोज, अध्ययन, अनुसन्धान गर्ने गराउने तथा प्रकाशन गर्ने कार्य पनि गर्दै आएको छ । यस अघि कोषले पाशुपत क्षेत्रका सांस्कृतिक सम्पदाहरुको अनुसन्धान गराई नेपाली र अंग्रेजी भाषामा पुस्तक प्रकाशन गरिसकेको छ । कोषले शिवमहापुराण पनि संस्कृत र नेपाली भाषामा प्रकाशन गरेको छ। हालसालै पशुपतिनाथको परिचय दिने खालको ब्रोसर पनि अंग्रेजी भाषामा प्रकाशन गरिएको छ। यसबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा पशुपतिनाथको ख्याति अझ बढ्ने देखिन्छ । नेपाल सरकारको राष्ट्रिय गौरवको विशेष आयोजना भित्र रहेको यस पशुपति क्षेत्र विकास कोषले आफ्नो वृहत्तर गुरुयोजनाको उद्देश्य बमोजिम समाविष्ट भएका विषयवस्तुलाई महत्वका साथ कार्यान्वियन गर्दै आएको छ। उक्त गुरुयोजनामा पशुपति क्षेत्र विकास कोषलाई अर्न्तराष्ट्रिय स्तरको अनुसन्धान केन्द्रका रुपमा विकास गर्ने लक्ष्य रहेकाले कोषले अनुसन्धान र प्रकाशनलाई उच्च प्राथमिकतामा राखेको हो । यो प्रकाशन पनि त्यसैको एउटा अंशका रुपमा रहेको छ।

पशुपति क्षेत्र विकास कोषले पशुपतिनाथ क्षेत्रका गतिविधिलाई समेटेर विगतमा पाशुपत दर्पण नामको एउटा बुलेटिन प्रकाशन गर्ने गरेको थियो । हाल कोषले यसैलाई स्तरिय जर्नल बनाउने प्रयास गरिरहेको छ । यसमा प्रकाशित केही लेखरचना अनुसन्धानमुलक र केही धार्मिक प्रकृतिका पनि छन् । तर पनि पाशुपत दर्पणलाई पूर्ण रुपमा अनुसन्धानमुलक जर्नल बनाउने प्रयास भईरहेको छ। भविष्यमा कोषले सालभरका गतिविधि तथा साधारण लेखरचनाहरूलाई समेटेर बुलेटिन तथा अनुसन्धानमुलक लेख रचना समेटेर जर्नल अलग्गै प्रकाशित गर्ने छ। यस अङ्कमा भने विद्वानहरुबाट लेखिएका सबै प्रकारका लेखरचना प्रकाशन गरिएको छ।

प्रस्तुत जर्नल प्रकाशन गर्ने कार्यमा थुप्रै महानुभावहरुको सहयोग प्राप्त भएको छ। यसका लागि लेख रचना उपलब्ध गराउने विद्वान लेखकहरू तथा विभिन्न कोणबाट प्रत्यक्ष र परोक्ष सहयोग गर्ने सवैलाई धन्यवाद दिन चाहन्छु। यसैगरी यो जर्नल सम्पादन गरी सहयोग गर्ने संस्कृतिविद् प्रा.डा. सोमप्रसाद खतिवडा ज्यूलाई पनि धेरै धन्यवाद छ।

डा. मिलन कुमार थापा
सदस्य सचिव
पशुपति क्षेत्र विकास कोष

यस जर्नलमा प्रकाशित लेख रचनामा व्यक्त विचार तथा धारणा सम्बन्धित लेखकका निजी हुन्। यस सम्बन्धमा लेखक स्वयम् जिम्मेवार हुनुहुनेछ। लेख रचनाहरूमा व्यक्त विचारले यस कोषको आधिकारिक धारणा प्रतिनिधित्व गर्ने छैन र यस सम्बन्धमा पशुपतिक्षेत्र विकास कोष तथा सम्पादक मण्डल जवाफदेही हुने छैन।

–सम्पादक मण्डल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

पशुपतिक्षेत्रको बस्ती र मठ मन्दिरहरूसँगको सम्बन्ध १
✍ डा. गोविन्द टण्डन

राज्यसत्ताको वैधानिकतामा पशुपतिनाथसँगको सम्बन्ध १५
✍ गोपीकृष्ण ढुंगाना

इतिहासमा सत्यको खोजी २५
✍ प्रा. डा. जगदीशचन्द्र रेग्मी

नाथ र वज्रयानी बौद्ध बीच समानताका केही पक्षहरु २८
✍ योगी डा.दयानाथ

यमपञ्चक: पशुपतिक्षेत्रस्थित यमराज, वलीराजा र धन्वन्तरी ४०
✍ डा.निर्मला पोखरेल

शिव (लिङ्ग) तत्व निरुपण ४९
✍ डा. बद्री पोखेल

नेपालमा नाथ सम्प्रदाय ५३
✍ बुद्धि कटेल

पशुपति तिलगंगास्थित विष्णुविक्रान्त मूर्ति उद्धार उत्खनन् ६०
✍ भास्कर ज्ञवाली
'सुशील कुमार गौतम

पशुपतिक्षेत्रका केही स्थान विशेष नामको पौराणिक र ऐतिहासिक सन्दर्भ ६७
✍ भीष्म बाँस्कोटा

अष्टपुष्पिकाको अर्थ खोज्दै जाँदा ७४
✍ डा. महेशराज पन्त

नेपालपीठकी अधिष्ठात्री गुह्येश्वरी ७८
✍ डा. माधवप्रसाद लामिछाने

पशुपतिनाथ: उत्पत्तिदेखि मध्यकालसम्म ९२
✍ डा. विजयप्रसाद मिश्र

पशुपति धाम वरपर स्थापित उमामहेश्वरका प्रतिमाहरु १०१
✍ वीणा पौडेल

श्री पशुपतिनाथको उपासना १०५
✍ सन्दीप सापकोटा

पशुपतिनाथको ज्योतिर्लिङ्ग, पीठिका र शिवनिर्माल्य:
भ्रम र यथार्थता ११६
✍ प्रा.डा. सोमप्रसाद खतिवडा

पशुपति क्षेत्रका गुठीको व्यवस्थापन १२३
✍ हरिनाथ ढकाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिक्षेत्रको बस्ती र मठ मन्दिरहरूसँगको सम्बन्ध

✍ डा. गोविन्द टण्डन

विषय प्रवेश

पशुपतिक्षेत्र भन्नाले यहाँ पशुपतिक्षेत्र विकास कोष गठन हुँदा नेपाल राजपत्र (वि.सं. २०४४) मा प्रकाशित पशुपतिक्षेत्रलाई समेटिएको छ, जुन धोबीखोला पूर्व, एयरपोर्टको रनवेको करीब आधादेखि पश्चिम, धुम्बाराही पुलको दक्षिण एवं गौशालाबाट एयरपोर्ट जाँदा बाटोको उत्तरतर्फको करीब २६४ हेक्टर क्षेत्रफलभित्र रहेको स्थललाई बुझाउँछ। यहाँ नयाँ पुराना बस्ती भएकोले तिनको अलग-अलग इतिहास, परिस्थिति र अवस्था रहेको सहजै अनुमान गर्न सकिन्छ। वास्तवमा यो क्षेत्र वि.सं. १८६७ सालमा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले कसैको निजी र गुठी जग्गाहरूबाहेक अरू चौर, जङ्गल, पर्ति सम्पूर्ण जग्गा-जमिन भगवान् पशुपतिनाथलाई अर्पण गरेको क्षेत्रकै परिमाण बराबर देखिन्छ। केबल कहीं-कहीं नयाँ संरचनाको कारण पुरानो नक्सामा सामान्य केही फेरबदल भएका छन्। त्यसदेखिबाहेक अरू क्षेत्र त्यही वेलादेखि निश्चित गरिएको हो।

नेपाल राजपत्रले उल्लेख गरेको पशुपतिक्षेत्रभित्र अनेक मठ-मन्दिर, स्तूप-विहार, चौर, जङ्गल, नदी,पोखरी, कुण्डलगायतका कतिपय सम्पदाहरू छन्। साथै लिच्छविकालदेखिकै शिलालेखमा उल्लेख पाइने देवग्राम, नवगृह तथा मल्लकालिक शिलालेखहरूमा पाइने देवपत्तन, चाबहिल, कुटुबहिल आदि पुराना ठाउँहरू पनि यहीं छन्। कतिपय बस्तीको नाम त्यहाँ नजिक रहेका मठ-मन्दिर, विहार, चैत्यको नामले सम्बोधित हुने गरेका छन्।

काठमाडौंमा वि.सं.२०३५ अगाडिसम्म पनि त्यति जनघनत्त्व बढेको थिएन। त्यसवेला पशुपतिक्षेत्रभित्र पर्ने पुराना बस्तीहरू- चाबहिल, नवालीटेल, दथुटेल, लगनलाछी, इँटापाखा, करेटोल, देउलाटेलमा नै मानिसहरू केन्द्रित भएर रहेका थिए। त्यसदेखिबाहेक बाग्मती, धोबीखोला छेउ-छाउका जग्गा जमिनहरूमा खेतीपाती हुन्थ्यो। बजार क्षेत्रबाहेक अरूतिर एक घरबाट अर्को घरको दूरी टाढा रहेको हुन्थ्यो। जब काठमाडौंका अरू ठाउँहरूमा जनसङ्ख्या क्रमशः बढ्दै गयो, त्यसको चाप र प्रभाव पशुपतिक्षेत्रमा पनि देखिन थाल्यो। पछिल्लो पटक वि.सं. २०३५ पछि धोबीखोला र बाग्मतीनदीको वरपर बस्ती बढ्दै जानथाल्यो। नयाँ बस्तीको रूपमा गौरीघाट, मित्रपार्क, सिफल, धोवीखोलाका फाँट र बाग्मतीको किनारका धानखेत र बारीहरूमा पनि बस्ती विस्तार हुँदैगयो।

वि.सं. २०२१ सालसम्म वाग्मती, धोबीखोलाको वरपरको अवस्थालाई हेर्दा पूर्णरूपेण फाँटको रूपमा थियो। खेतहरूमा धान, तरकारी आदि मुख्य बाली हुन्थे। अहिले पहिलेको अवस्था पूर्णतः परिवर्तित भइसकेको छ। यस सन्दर्भमा यहाँका पुराना बस्तीहरूको चर्चा गर्दै तिनको पशुपतिक्षेत्रका मठ-मन्दिर, विहार, चैत्यहरूसँगको सम्बन्धको बारेमा संक्षिप्त रूपले भए पनि केही चर्चा गर्नु उपयुक्त हुने नै देखिन्छ।

बस्ती र गुरुयोजनाबीचको तादात्म्यता

पशुपतिक्षेत्र निर्जर बस्तीविहीन ठाउँ नभई बस्ती भएको, बस्तीमा रहने समुदाय र वासिन्दाको पशुपतिक्षेत्रमा रहेका विभिन्न पर्व-उत्सव, यात्रा -जात्रा तथा मन्दिरहरूमा समेत सम्बन्ध रहने गरेको सन्दर्भ गुरुयोजनाको तयारीको क्रममा महत्त्वपूर्ण हुनसक्छ। यद्यपि पहिले रहने गरेको सम्बन्ध र अहिलेको सम्बन्धमा कैयौं परिवर्तनहरू आइसकेका नदेखिने होइन, तैपनि त्यसबारेको यथार्थता पनि उपयोगी हुन्छ।

स्थानीय बासिन्दाहरू परिलक्षित समूह (Target Group) कै हिस्सा भएकोले उनीहरूको लागि उपयुक्त हुने गरी कतिपय सेवा-सुविधाको विकास पनि अपेक्षित छ। प्राचीन बस्ती र पशुपतिक्षेत्रजस्तो विश्वसम्पदा स्थलमा हुनुपर्ने न्यूनतम आवश्यकता र आचार-संहिताहरूलाई पनि यस सन्दर्भमा बिर्सन हुन्न। साथै बस्तीलाई उपयोगी हुने किसिमका विभिन्न सेवा-सुविधा, जसले त्यस क्षेत्रका बासिन्दाहरूलाई केही न केही सर-सुविधा, सरलता र सुगमता प्रदान गरोस्, तिनको पनि प्रवन्ध जरुरी हुन्छ। यसले त्यहाँ आउने पर्यटक र भक्तजनहरूलाई पनि सुविधा दिन सक्ने हुनुपर्छ।

✍ *डा. टण्डन, वरिष्ठ संस्कृतविद तथा पशुपति क्षेत्र विकास कोषका पूर्व सदस्य सचिव हुनुहुन्छ। Email: drgovinda.tandon@gmail.com*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिक्षेत्रमा पुराना बस्तीहरू र तिनको परिचय

पशुपतिक्षेत्रका कतिपय ठाउँहरूमा लिच्छविकाल वा त्योभन्दा अगाडिदेखि नै विभिन्न बस्तीहरूको विकास भइसकेको देखिन्छ। यहाँ भएको समाज, मठ–मन्दिर र त्यहाँ रहेका विभिन्न चाड–पर्व, यात्रा–परम्पराहरूको कारण नै पशुपतिक्षेत्रको महत्त्व समाजमा रहेको हो। युनेस्कोले वि.सं २०३६ (सन् १९७९) मा पशुपतिक्षेत्रलाई विश्वसम्पदा सूचीमा समाविष्ट गर्नुको मतलब पनि यहाँका यिनै मानवीय उपलब्धि एवं धार्मिक, सांस्कृतिक जीवन्तताले गर्दा हो।

अहिले पशुपतिक्षेत्र नामले प्रसिद्धि पाएको क्षेत्रभित्र विभिन्न पुराना बस्तीहरू पनि छन्। देवपाटन त्यहीमध्येको एक हो। देवपाटन नामले चिनिने बस्तीमा पशुपतिनाथको मन्दिर छ र पशुपतिनाथको मन्दिरले चर्चेको क्षेत्रलाई 'पशुपतिक्षेत्र' भनी सम्बोधन गर्ने चलन हिजोआज देखिन्छ। पहिले देवपाटन नामले प्रमुखता पाएको थियो। देवपाटन वा देउपाटनलाई नेपाल भाषामा 'ग्वल' भनिन्छ। यो शब्द संस्कृत भाषाको नभएको तथा 'ग्वल' प्रत्यय लागेका कतिपय ठाउँका नामहरू लिच्छविकालकै अभिलेखहरूमा पाइने हुनाले 'ग्वल' अर्थात् देवपाटनमा किरातकालदेखिकै बस्ती थियो कि भन्ने अनुमान गर्न सकिन्छ।[१] नेपाल भाषामा 'गुँ' शब्दको एक अर्थ नौ पनि हुने भएकोले स्थानीय मानिसहरू नौ सङ्ख्यासँग यहाँका कीर्तिहरूलाई जोड्ने गर्छन्। नौ ढोका, नौ देवी, नौ चोक, नौ टोल आदि यसकै उदाहरणहरू हुन्। स्मरण रहोस्, ती सबै एकै समयमा बनेका कीर्तिहरू होइनन्। विभिन्न कालखण्डमा ती कीर्तिहरू क्रमशः थपिँदैजाँदा नौ सङ्ख्या पुगेका हुन्।

किरातेश्वर नामको शिवलिङ्ग आर्यघाटपारिको मृगस्थलीमा रहेको तथा सो नामले प्राचीन किरातजातिलाई संकेत गरेकोले पनि लिच्छविकालभन्दा अघिदेखि नै यहाँ किरात बस्तीविशेष रहेको हुनुपर्छ भन्ने भनाइलाई अनुमान गर्न अरू बल मिल्छ। किरातहरू भगवान् शिवका अनन्य भक्त मानिन्छन्। तर पशुपतिक्षेत्रमा काठमाडौँखाल्डोका अन्यत्र ठाउँहरूमा जस्तै किरातकालको कुनै अभिलेखीय प्रमाण पाउन सकिएको छैन।[२] किरातेश्वरमहादेवलाई किरातकालिक शिवलिङ्ग हो कि भन्नेसम्मको अनुमानचाहिँ गरिएको छ।[३]

लिच्छविकालमा पशुपतिक्षेत्रमा अलग–अलग बस्ती रहेको र त्यसमध्येको एउटाको नाम 'देवग्राम' (देवग्राम) नामबाट परिचित थियो। अहिलेको लेले (चापागाउँ दक्षिणको बस्ती) उहिले लेम्वटी द्रङ्ग, अनन्तलिङ्गेश्वरक्षेत्रको बस्ती हंसगृहद्रङ्ग, बूढानीलकण्ठभेगको बस्ती नृसिंहद्रङ्ग आदि नामले लिच्छविकालमा प्रसिद्ध भई शहरको रूपमा विकास भएको देखिएको तथा देवपाटनचाहिँ 'देवग्राम' नामले एउटा गाउँको रूपमा देखिँदा लिच्छविकालमा देवपाटनचाहिँ गाउँकै रूपमा थियो भन्ने देखिन्छ। संवत् ४६७ (वि.सं. ६०२) को मानमतीको अभिलेखमा 'देवग्राम' को चर्चा आएको छ।[४]

शिलालेख कुँदनेको असावधानीले यो दोवग्राम भएको हो, यो देवग्राम हुनुपर्छ भनी कसैले लेखेका पनि छन्। ने.सं. ५४८ (वि.सं. १४८५) भाद्रमा लेखिएको पाकविधिनिघण्टुमा सो ठाउँलाई भन्नुपर्दा देवपट्टन भनिएकोले देवपट्टन नाम मल्लकालमा प्रचलित रहनुमा संयोगमात्र नभई लिच्छविकालदेखिको 'देवग्राम' नामको प्रभाव रहेको देखिन्छ। तात्कालिक देवग्राम कहाँसम्म फलिएको थियो ? त्यस बस्तीका वासिन्दाहरू को थिए ? त्यसको स्वरूप कस्तो थियो ? भन्ने विषयमा तथ्यगत प्रमाणहरूको अभावमा केही भन्न सकिने स्थिति छैन। यसो भएता पनि देवपाटन भेगका अभिलेखहरूमा आएका व्यक्तिविशेषका केही नामहरू-रत्नसंघ, प्रभुसंघ आदिको थरको सादृश्यताबाट यहाँको बसोबासको सम्बन्धमा संक्षिप्त जानकारी पाउन सकिन्छ। उदाहरणको लागि देवपाटनस्थित नवालीटोलमा प्रशस्तको सङ्ख्यामा बसोबास गरिरहेका आजका संघतहरू लिच्छविकालका संघविशेषका सदस्य वा लिच्छविकालका 'संघ' थर भएका सार्थवाहहरूका सन्तति हुन सक्ने देखिन्छ।[५]

पशुपतिक्षेत्रको नवालीटोलमा मात्र सीमित संघतहरूको बसोबासलाई हेर्दा लिच्छविकालदेखि नै उनीहरूको मूल थलो यहीं

---

१ *गोविन्द टण्डन,"देवपाटनको प्राचीनता र महत्त्व, नेप्लीज् कल्चर, वर्ष ६ (जून १९८७), पृष्ठ ८-९।*

२ *धनवज्र वज्राचार्य-लिच्छविकालका अभिलेख (कीर्तिपुरः नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०), पृष्ठ १७५।*

३ *डा.गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन, पहिलो खण्ड (काठमाडौंः झरेन्द्रशमशेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा, वि.सं. २०५३), पृष्ठ ३२।*

४ *Petech, Luciano, Mediaeval History of Nepal, -RomaM Istituto Italiano Per IL Medio Ed Estremo Oriente, 1984) p.167.*

५ *गोविन्द टण्डन, पूर्ववत्, पादटिप्पणी नं. १, पृष्ठ १८।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुपर्ने देखिन्छ। पछि गएर संघतहरूले आफूलाई 'रजिक' भन्न रुचाएको तथा पशुपति अमालकोट कचहरीको रैरकमीको लगतमा संघतलाई पशुपतिका मूलपुजारीको लुगा धुने काममा खटाइएको देख्दा लिच्छविकालका सार्थवाहहरू अर्थात् व्यापारीहरू पछिल्लो राज्यशासनको वेला जातिच्युत भई लुगा धुने पेशामा झारिएको अनुमान गर्न सकिन्छ। विजित शासकहरूले पराजित समुदायमाथि यस्तो क्रियाकर्म गर्ने गरेको कुरा अन्यत्र पनि पाइन्छ।

आफूलाई 'रजिक' भन्न रुचाउनेहरू काठमाडौंखाल्डोका पुराना बस्तीहरूमा केही पाइन्छ, कतै उनीहरू पनि देवपाटनका संघत' हरूजस्तै लिच्छविकालिक 'संघ' का सन्ततिहरू हुन् वा के हुन्छ त्यसबारेमा खोज–खबर गर्ने हो भने इतिहासको गर्भमा लुकेका अरू पनि कुराहरू प्रकाशित हुन सक्छ।

नवालीटोलमा रहेका संघतहरूको देवपाटनमा हुने चाडपर्वमा उल्लेखनीय सहभागिता रहने गरेको छ। वत्सलामाईयात्रा, गाईयात्रा, खड्गयात्रा, रोपाईयात्रालगायत त्रिशूलयात्रा आदि उनीहरूको संलग्नताविना चल्नै सक्तैन भनेजसो अवस्था छ। आफ्नै प्रकारको बाजा–गाजा र त्यसलाई अक्षुण्ण राख्न उनीहरूले युवापिँढीहरूलाई समय–समयमा तालिम दिने व्यवस्थासमेत मिलाएको पाइन्छ। उनीहरू 'गाचह्ने' भनी आश्विनकृष्ण चतुर्दशीलाई र श्रीपञ्चमीलाई चट्यमरी 'चह्रे' को रूपमा हर्षोल्लाससाथ मनाउँछन्।

गाचह्नेको वेला 'लुकुमहादेव' को पूजा गर्छन्। उनीहरूका कतिपय संस्कारहरू आफ्नै किसिमका छन्। पुगिसरी आएकाहरू पाटी पौवा, इनार, कुवाजस्ता कीर्ति राख्ने काममा सक्रिय देखिन्छन्।[६]

यस्तैगरी अहिलेसम्म पनि देवपाटनमा हुने कुनै पनि खटयात्रा वा रथयात्रामा खट वा रथ तान्न होस् वा यात्रामा सामेल हुन होस् यिनीहरूको सहभागिता बढी हुने गरेको पाइन्छ। पशुपतिक्षेत्रमा विभिन्न बस्तीहरू रहेको र बस्तीअनुसार विभिन्न समाज निर्माण भएको पाइन्छ। इतिहासका विभिन्न कालखण्डमा नयाँ–नयाँ बस्तीहरू पनि विकास हुँदै गएका छन्।

पुराना बस्तीहरूको स्वभाव के छ भने उनीहरूको आ–आफ्नै संस्कार, संस्कृति र रीतिथितिका साथै त्यहाँ हुने यात्रा–पर्वहरूमा संलग्नता निहित हुने गरेको छ। यसको विपरीत नयाँ बस्तीहरूमा चाहिँ मनखुसी संलग्नता रहेको पाइन्छ।

पशुपतिक्षेत्रको पुराना बस्तीहरूको चर्चा गर्दा नवालीटोल, क्वाकोटोल, दथुटोल, पाँचुटोल, विटोल, करेटोल, ज्यूनाटोल, कोलाछीटोल र चाबहिल मुख्य मानिन्छ। चाबहिलमा पनि कुटुबहिल, भगवान्स्थान वरपरमात्र पुरानो बस्ती रहेको पाइन्छ। त्यसदेखि बाहेकका क्षेत्रहरूमा उन्नाइसौँ– बीसौँ शताब्दीदेखि आवादी बढ्दैगएको हो। तिनीहरूमा पशुपतिमन्दिरदेखि पश्चिमतर्फ लगनलाछी, भुवनेश्वरी, बालकुमारीटोल, भकुनटोल, इँटाटोल आदिमा विक्रमको उन्नाइसौँ शताब्दीतिर व्यक्तिगत घरहरूको विस्तार भएको हो भन्ने देखिन्छ। नभए त्यो क्षेत्र मूर्ति, मन्दिर र विभिन्न देवीदेवताको स्थान हो।

यो कुरा अहिले पनि व्यक्तिगत घरहरूको चोक, बगैंचा, खाली जग्गा आदिमा शिवलिङ्ग एवं अन्य देवदेवीका मूर्तिहरू रहेकोबाट अवगत गर्न सकिन्छ। साँच्चै भन्ने हो भने 'कुँछे' देखि पूर्वको क्षेत्रमा पहिले व्यक्तिगत घरहरू थिएनन् भन्ने कुराको प्रमाण देवपाटनका पुराना वासिन्दाहरूमध्ये चारै वर्ण मिलेर देशउद्धारको लागि भनेर गरिने देशोद्धारपूजा मा कुँछेभन्दा पूर्वका कुनै पनि वर्णका घरमूलीहरूले सो पूजामा अरूलेजस्तो जीवनमा एक पटक आफै संलग्न भई थकालीको जिम्मेवारी लिनु नपर्ने परम्परागत चलनले स्पष्ट पार्छ।

पशुपतिक्षेत्रको पुरानो बसोबासको क्षेत्रमा चारै वर्णको बसोबास थियो। राजोपाध्याय, भण्डारी, वैद्य, श्रेष्ठ, शाक्य, डङ्गोल, मानन्धर, खड्गी, नापित, संघत, गन्धर्व, कुसले (दर्शनधारी), देउला आदि थर भएका विभिन्न जातहरूको बसोबास विभिन्न बस्तीमा पाइन्छ।

मुख्यतः राजोपाध्याय र वैद्यहरू दथुटोलमा, शाक्यहरू नवालीटोलको पूर्वी सीमामात्र डङ्गोल, महर्जन, भट्ट, बलामी, खत्री, भाट, बानियाँ, मिश्र आदि लगनलाछीटोल र भकुनटोलमात्र भण्डारीहरू दथुटोल, पाँचुटोल, मतमण्डिलटोलमात्र श्रेष्ठहरू

---

६ *ने.सं. ८७७ (वि.सं. १८३१) आश्विनमा धनसिंह रजिक एवं ने.सं. ९३४ (वि.सं. १८३१) वैशाखमा ज्ञानलक्ष्मी रजिकले नवालीटोलमा पाटी बनाएको उल्लेख पाइन्छ। त्यस्तैगरी नवालीटोलमा माधवनारायणनजिकको इनारको जीर्णोध्दार गर्ने काममा भैरवसिंह रजिक, रत्नमान रजिकले सहयोग पु-याएको कुरा त्यहाँ रहेको वि.सं. १९९० ज्येष्ठशुक्ल १५ रोज २ को अभिलेखबाट बुझिन्छ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचुटोल र भकुनटोलमा; संघत, ठकुरी, झा नवालीटोलमा खड्गी र गन्धर्वहरू कैटोल (क्वाटोल) वरपर छरिएर बसोबास गरेको पाइन्छ। यो कुरा वि.सं. १९१०-१९१३ को जनगणनाको प्रतिवेदनबाट अवगत हुन्छ।[७]

पहिले देउलाहरू इँटापाखाटोलमा थिए। वि.सं. १९४५ तिर उनीहरूलाई त्यहाँबाट ठूलो गौचरनपश्चिमको अहिलेको तिलगङ्गाटोलमा सारिएको हो। उनीहरूलाई स्थानान्तरण गर्नुको मुख्य कारण देउलाहरू सुँगूर, कुखुरा, हाँसहरू पाल्ने तथा तिनबाट पशुपतिनाथमन्दिर वरपर दुर्गन्ध फैलिनुका साथै फोहर बढेको हुनाले नै हो। यो कुरालाई डेनियल राइटले पनि आफ्नो पुस्तकमा उल्लेख गरेका छन्।[८] देउलाहरूको पशुपतिक्षेत्रका मठ मन्दिरहरूमा भन्दा बस्तीक्षेत्रको सरसफाइमा योगदान रहेको हुनाले त्यहाँबाट स्थानान्तरण गरिँदा टाढा नसारी देवपाटनको नजिकमा रहेको तिलगङ्गाटोलमा सारिएको देखिन्छ।

देवपाटनको बस्तीलाई दृष्टिगत गर्दा त्यहाँका रैथानेहरूमा राजोपाध्याय, कर्माचार्य, वैद्य, भण्डारी, बिसेट, शाक्य, डङ्गोल, महर्जन, मानन्धर, दर्शनधारी, नापित, खड्गी, देउला आदि देखिन्छन्। तिनीहरूमा वैदिक कर्मकाण्डमा राजोपाध्याय, तान्त्रिक कर्मकाण्डमा कर्माचार्यहरूले उत्तरदायित्व बहन गर्दै आएको पाइन्छ। त्यस्तै शाक्य, वैद्य, डङ्गोल, महर्जन, मानन्धर, दर्शनधारी, नापित, खड्गी आदिले आ–आफ्नो पेशागत कार्यहरू वि.सं. २००७ भन्दा अघि जसरी निष्ठासाथ गर्दै आएका थिए हिजोआज त्यसमा परिवर्तन आएको पाइन्छ। बाबुले गर्ने गरेको कार्य छोरा– नातिले नगर्ने बरु आफ्नो इच्छा अनुसारको अन्य कार्य गर्ने प्रवृत्ति ज्यादात्तर बढ्दैगइरहेको छ। यसले गर्दा पशुपतिक्षेत्रको कतिपय परम्परागत कार्यहरूमा उनीहरूका सन्ततिहरूको सहभागिता रहने गरेको छैन। अब पुजारीको छोरा पुजारी पेशामा सीमित रहन्छ भन्ने रहेन। त्यस्तैगरी कुचिकारको सन्तति कुचिकार पेशामा रहलान् भन्ने कुनै निश्चय छैन। परम्परागत पेशामा लागिरहँदा चौबीसै घण्टाजसो खटिनु पर्ने तथा काम गरेअनुसार पारिश्रमिक नहुने, अझ वि.सं. २०५० भन्दाअघि पशुपतिक्षेत्रका मठ–मन्दिरका रैरकमीहरूले आफैले तिर्जा उठाइ जोगाड गर्नु पर्ने अवस्था थियो। यसले पनि उनीहरूलाई परम्परागत कार्यप्रति वितृष्णा पैदा गर्नमा मद्दत गर्‍यो।

कुनै बखत गुठीव्यवस्थामा मोही, रैरकमी र मठ–मन्दिरबीच हुने गरेको सुसम्बन्ध पनि हिजोआज कमजोर बन्दैगइरहेको छ। त्यस्तो सम्बन्ध बढाउने किसिमका कतिपय कार्यहरू क्रमशः बन्द भइसकेका छन्। पशुपतिक्षेत्र विकास कोषको स्थापनाभन्दा अघि पशुपतिमन्दिरपरिसरमा सरसफाइको कार्यमा कुसुलेहरूले मात्र काम गर्न पाउँथे भने अहिले त्यसमा परिवर्तन आइसकेको छ। जो कोही ब्राहमण, क्षेत्री, मगर, गुरुङ, राईलगायत सरसफाइको कार्यमा लाग्न सक्ने अवस्था छ। कुसुलेहरू अन्य काममा फाइदा हुने भएकोले कुचिकार एवं बाजा बजाउने काममा अड्न सकेनन्।

'कुसलेबाजा' नामले कुसलेहरूले बजाउने गरिएको बाजा हिजोआज पशुपतिमन्दिरमा बज्दैन। त्यसैगरी सो बाजा पशुपतिक्षेत्रमा हुने विभिन्न यात्रा – जात्रामा कुसलेहरूले बजाइने गरिएको हुन्थ्यो भने अहिले त्यो एककिसिमले लोप भइसक्यो भने हुने अवस्था छ। यो एउटा उदाहरणमात्र हो। यस्तै अवस्था पुजारी, भण्डारी, बिसेट, विभिन्न रैरकमी एवं गुठियारहरूमा आएको छ। पशुपतिमन्दिरबाहेक गुह्येश्वरीमन्दिर, चन्द्रविनायकमन्दिर, भुवनेश्वरीमन्दिर, जयवागीश्वरीमन्दिर, दक्षिणामूर्तिमन्दिर, चाविहार, धन्दोचैत्य आदिहरूमा पनि पुजारीलगायत रैरकमीहरूको आ–आफ्नै परम्परा छन्। यसो हो तापनि पशुपतिमन्दिरको भण्डारी, बिसेट जसरी पशुपतिक्षेत्रको निश्चित सीमाभित्र बसोबास गर्ने हुनुपर्छ, त्यस्तो नियम अरू जातजातिमा छैन।

पशुपतिनाथमन्दिरका भण्डारी एवं बिसेटको छोरा तोकिएको क्षेत्रभन्दा बाहिर घर या अस्पतालमा जन्म्यो भने तिनले परम्परागत रूपले पाउँदैआएको पालोमा सहभागी हुन नसक्ने चलन छ। यस्तो चलन भण्डारी र बिसेटबाहेक अरूमा छैन।

पशुपतिक्षेत्रका केही पुराना बस्तीहरूको संक्षिप्त परिचय

चाबहिल

पशुपतिक्षेत्रभित्र पर्ने विभिन्न ऐतिहासिक एवं पुरातात्त्विक स्थलहरूको संक्षिप्त चर्चा गर्नु सान्दर्भिक देखिएकोले क्रमैसँग तिनको चर्चा गरिन्छ। यहाँका पुराना बस्तीहरूमध्ये 'चाबहिल' नामले प्रसिद्ध स्थल पनि एक हो। विक्रमको उन्नाइसौं शताब्दीसम्म पनि देवपत्तनको पुरानो सम्झना दिलाउने गरी 'द्यौपाटन अम्बल' भन्ने प्रशासनिक क्षेत्र चर्चामा रहेको पाइन्छ।

---

७ *प्रा.डा.जगदीशचन्द्र रेग्मी, डा. गोविन्द टण्डन, नेपालको प्रथम नमुना जनगणना (वि.सं. १९१०-१९१३), (काठमाडौं: ग्रन्थरत्न प्रकाशन समिति, वि.सं. २०७९), पृष्ठ IVIII*

८ *Right, Daniel (Ed.) History of Nepal, Second Indian Edition (CalcuttaM Sushil Gupta Private Ltd., 1958), p.12.*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछि अञ्चल, जिल्ला, गाउँको सीमा निर्धारण भएपछि देवपाटनभित्रै पर्ने चाबहिल अलग्गै वार्डमा पर्न गएकोले देवपाटनभन्दा भिन्नै ठाउँ हो कि भन्ने कतिपय सर्वसाधारण मानिसहरूलाई लागेको हुनसक्छ।

समयको लामो कालखण्डको कारण चाबहिलको अवस्थिति एवं यसको ऐतिहासिकता अन्योलमा पर्न गए तापनि इतिहासलाई पहिल्याउँदै जाँदा वि.सं. १८६७ मा श्री ५ गीर्वाणयुद्धविक्रम शाहले पशुपतिक्षेत्रको निश्चित सीमा निर्धारण गरिदिई त्यसभित्र पर्ने रैकर, गुठीजग्गा बाहेकको जति पनि पर्ति, सार्वजनिक महत्त्वका जग्गाहरू छन्, ती सबै भगवान् श्रीपशुपतिनाथमा अर्पण गरिदिएको तथा त्यसरी समर्पण गरेको क्षेत्रभित्र 'चाबहिल' पनि पर्ने भएकोले चाबहिल पशुपतिक्षेत्रकै अभिन्न अङ्ग हो भन्नेमा कुनै द्विविधा रहँदैन।

'चाबहिल' नाम कसरी बन्यो भन्ने विषयमा यहाँ अवस्थित 'चाविहार' नामको बौद्ध विहारको भूमिका रहेको छ भन्ने बुझिन्छ। चाविहार नाउँको विहारको पुरानो नाउँ 'राजविहार' भए पनि पछि गएर यसको नाम चाविहारको रूपमा प्रसिद्ध हुनपुग्यो।

मध्यकालिक नेपालको भोटसँगको व्यापार तथा आवत-जावत गर्ने पायक पर्ने बाटेको किनारमा राजविहार रहेको थियो। अहिले यो कुरा कथाजस्तै लाग्ने भए पनि पहिले चाबहिल-साँखु हुँदै तिब्बत जाने मार्गको प्रसिद्धि अत्यधिक थियो। पछि तिब्बत जाने मार्गहरू नेपालका अन्य विभिन्न नाकाहरूबाट खुल्न गएकोले चाबहिल हुँदै जाने मार्ग ओझेलमा पर्न गयो। यसले गर्दा चाबहिलको पुरानो व्यापारिक चहल-पहलमा पनि निकै कमी आयो।

चाबहिल नाम कसरी रहन गयो यहाँ यसबारे केही चर्चा गर्नु उपयुक्त नै हुने देख्दछु। नेवारी भाषामा 'चा' को अर्थ रात्रि भन्ने हुन्छ, 'बहिल' को एउटा अर्थ बस्ने ठाउँ भन्ने पनि हुन्छ। यसरी चाबहिल भन्नाले रात्रीनिवास' भन्ने हुन्छ। हुन पनि यो बाटे भएर भोट/तिब्बतमा जाने व्यापारीहरूलाई बेलुका बास बस्न दिई गुप्तयोगिनीको प्रसाद दही पियाएर बाटे लगाइने प्रचलन उहिले भएको जनश्रुति अझै बूढाबूढीहरूको मुखबाट सुन्न पाइन्छ। यसरी राजविहार पछि गएर त्यही प्रयोजनको कारणबाट जनजीब्रोमा 'चाविहार' नामले पुकारिनथालियो र पछि यही नामबाट यस विहारले चर्चेको ठाउँ चाबहिल बन्न पुगेको देखिन्छ। अझै पनि नेवारी भाषा बोल्ने बूढापुराना मानिसहरू चाविहारलाई सम्बोधन गर्नुपर्दा 'थतुचाबहि' भन्छन्।

चाबहिलमा रहने कुमारी उहिले यहीं विहारमा बस्ने प्रचलन थियो। झण्डै तीन दशक अघिसम्म पनि चाबहिलमा कुमारीको अवछिन्न परम्परा भएकोमा केही दशकयता यो परम्परा एक किसिमले अवछिन्नजसो हुन पुगेको छ। पहिले चाबहिलको सङ्घका शाक्यहरूका छोरीहरूमध्येबाट कुमारी छान्ने प्रचलन थियो। क्वापाद्येभन्दा माथिको कोठामा उनी बस्थिन्। विधिवत् कुमारीलाई सो ठाउँमा भित्र्याउने धार्मिक अनुष्ठानको कार्य मखनवहीका वज्राचार्यले गर्दथे।

स्थानीय वासिन्दाहरू पर्वविशेषमा र नववरवधू विवाहपश्चात् त्यहाँ दर्शन गर्न जाने प्रचलन थियो। चाबहिलकी कुमारी दिसीपूजा, अक्षयतृतीया, गुँलाको पञ्चदान आदि कार्यहरूमा भाग लिने पनि प्रचलन थियो।

आजकाल चाबहिल भन्नाले स्थानविशेष र चाबहिल नामको विहारलाई पनि बुझाउँछ। जहाँसम्म विहारको कुरा छ, प्रचलित भाषावंशावलीहरूमा यो वहालको स्थापना चारुमतिद्वारा भएको एवं उनी सम्राट अशोककी छोरी भएको उल्लेख गरेको पाइन्छ। पछिल्लो कालमा रचिएको भाषावंशावलीको लहै लहैमा लागेर कतिपय मानिसहरू चारुमतीलाई ऐतिहासिक व्यक्ति भन्न पनि पछि पर्दैनन्। तर यो कुराको पुष्टि गर्ने प्रामाणिक ऐतिहासिक आधारहरूको कमी हुनाले सो कुरा स्वीकार गर्न सकिने स्थिति छैन।

भारतका सम्राट अशोक (ई.पू. २३२-२६९ अ.) ले बनाएको कुनै विहार भारतमा बच्न सकेका छैनन्। फेरि अशोककी छोरीको कुनै नाम चारुमती भएको आजसम्म कतैबाट पुष्ट्याइ भएको थाहा छैन। यस अवस्थामा यस्तो आधारहीन कुरालाई स्वीकार्नु गलत इतिहासलाई स्वीकार्नु हुन्छ।[१] इ.शि. बाबुराम आचार्यले यो विहारलाई प्रताप मल्लको कीर्ति मान्नुभएको छ। तर ने.सं. ४०१ (वि.सं. १३३७) मा सारिएको अमरकोष नामको हस्तलिखितग्रन्थमा 'चाविहार' को उल्लेख पाइने भएकोले उहाँको भनाइलाई स्वीकार्न सकिने अवस्था छैन। त्यस्तै ने.सं. ५३८ (वि.सं. १४७५) माघकृष्ण अष्टमीमा सारिएको *दिव्यौषधिनाममाला* नामको ग्रन्थमा पनि चाविहार बस्ने शाक्यभिक्षु मदनभद्रको उल्लेख आएकोले चाविहारको निर्माण विक्रमको चौधौं शताब्दीअगाडि

---

१ *डा. गोविन्द टण्डन, पूर्ववत्, पादटिप्पणी सङ्ख्या ३, पृष्ठ ५९१।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै भइसकेको देखिन्छ।

यस सम्बन्धमा चाविहारसँग सम्बन्धित शाक्यहरूमा यसको निर्माण देवपाटनका राजा तथा उनकी रानी गङ्गाबाट भएको हो भन्ने जनश्रुति रहेको बताउँछन्। चाविहारमा भएको एउटा लेखोट पुस्तकमा भाजुगुठीको चर्चा गर्दैजाँदा देवपाटनका राजाले असनको एक जना मालिनी, जो पछि गङ्गारानी भईन्, सँग विवाह गरे। त्यतिखेरको मौजुदा परम्पराको विपरीत क्षत्रिय राजाले मालिनीसँग अन्तर्जातीय विवाह गरेको हुनाले वर्णसङ्कर सन्तानको बिचल्ली हुने देखी बुधमानसिंहनामका मन्त्रीको सल्लाहअनुसार चाविहार बनाइ त्यहाँ चूडाकर्म गरी शाक्यभिक्षु बनाएको उल्लेख छ। त्यहाँ देवपाटनको राजाको शुभसंवत् भनी ११० उल्लेख गरिएको छ। त्यहाँ राजाको नाम के थियो चर्चा गरिएको छैन। छोराहरूको नाम भने देवसिंकर र गङ्गादेव भनी बताइएको छासो लेखोटमा चाविहारको निर्माण गर्दाको शुभलग्न पनि दिइएको छ। साथै गङ्गादेवका सन्तानहरूको पुस्तावारी पनि दिइएको छ। त्यहाँ उल्लेख भएको ११० कुन संवत् हो स्पष्ट नभए पनि अरू प्रमाण नपाउञ्जेलका लागि त्यसलाई प्रचलित नेपालसंवत् मान्न सकिछ। यसरी नेपालसंवत् ११० (वि.सं. १०४७) स्वीकार्दा चाविहार नामले प्रसिद्ध विहार नेपालको इतिहासको मध्यकालतिर बनेको अनुमान हुन्छ।

चाबहिलमा परम्परागत विभिन्न पूजाआजा एवं यात्रापर्वको अवशेषको रूपमा केही पर्व-पूजाहरू जसोतसो चलिरहे तापनि कैयन परम्पराहरू नामेट भइसके। प्रत्येक वर्ष पशुपतिक्षेत्रको विभिन्न ठाउँमा नचाइने 'नाँगेनाच' को तयारी गर्ने लगायत नाँच्ने व्यक्तिहरू चाविहारकै शाक्यहरू हुने प्रचलन छ। नाँगेनाचको मञ्चन गर्दै जाँदा श्रीपशुपतिनाथमन्दिरको पुजारीलगायत विभिन्न देवी- देवता रहेका चोकहरूमा पनि नाँच्न जानुपर्ने परम्परालाई हेर्दा चाबहिलको पशुपतिक्षेत्रमा रहेका अन्य मठ-मन्दिरहरूसँगको सम्बन्धबारे बुझ्न केही सघाउँछ।

चाविहारका शाक्यहरूले शिव-पार्वतीको पौराणिक आख्यानसँग तालमेल मिलाइ जुन किसिमले बाजा-गाजाको संयोजनसाथ नाँगेनाचको मञ्चन गर्छन्, त्यसले धार्मिक सद्भाव र सहअस्तित्वको सन्देशलाई उद्घाटित गर्दछ भन्दा कुनै फरक पर्दैन।

चाबहिल नामले चर्चिएको क्षेत्रमा धन्दोचैत्य, कोटुबहिल, चन्द्रविनायक, मैजुवहाल,सत्यधर्मकुटी, भण्डारेश्वरलगायतका प्रसिद्ध मन्दिर, स्तूप, चैत्य - वहाल एवं ढुङ्गेधारा, धर्मशाला, पाटी-पौवाहरू छन्। साथै चाबहिलमा गणेशयात्रा पनि प्रत्येक वर्ष भव्य रूपमा सञ्चालन हुन्छ। त्यहाँका पुराना बासिन्दाहरू ती यात्रा-पर्व एवं पूजा-आजामा संलग्न हुने भइहाले, त्यसमा नवागन्तुकहरू पनि क्रमैसँग यी यात्रा-पर्वहरूमा सामेल हुँदै हातेमालो गर्दै गइरहेको देखिन्छ।

चाबहिलमा अवस्थित चन्द्रविनायक नेपालको प्रसिद्ध गणेशमन्दिरहरूमध्येमा पर्दछ। छानामाथि छानायुक्त नेपाली मण्डप शैलीमा यो मन्दिर निर्मित छ। दुई तले यो मन्दिर मझ्यौला आकारको छ। दक्षिणाभिमुख भएर रहेको यो मन्दिरको उत्तरतर्फ फैलिएको चौर[१०], दक्षिणतर्फ खुला प्राङ्गण एवं विभिन्न मूर्तिहरू तथा प्राङ्गणको दक्षिण एवं पश्चिममा सत्तलहरू छन्।

पुराना अभिलेखहरूमा यो मन्दिरलाई गणेश्वर, रक्तविनायक, ल्होसलागणेश, श्वेतविनायक आदि विभिन्न नामहरूबाट सम्बोधन गरेको पाइन्छ। यी विविध नामहरू हुनुमा चन्द्रविनायकको अन्य विशेषताहरू रहेको हुनुपर्ने देखिन्छ। स्थानीय नेवार समुदायका बूढापुराना मानिसहरू चन्द्रविनायकलाई 'ल्होसला गणद्य' भन्न रुचाउँछन्। यसको अर्थ कहींबाट तानेर ल्याएर यहाँ स्थापित गरिएको भन्ने अर्थ लाग्छ। हुन पनि चाबहिलस्थित चन्द्रविनायकको मूर्ति पहिले हाँडीगाउँमा रहेको र कुनै वेला त्यहाँबाट चाबहिलमा ल्याई स्थापना गरिएको मान्यता रहिआएको छ।

काठमाडौँका चार प्रसिद्ध विनायकमन्दिरहरूमा चन्द्रविनायकको यो मन्दिर पनि पर्दछ। पहिले देवपाटनका वैद्यहरूमा आफूले वैद्याङ्गी शिक्षा-दीक्षा लिइसकेपछि चन्द्रविनायकमा पूजा गर्ने प्रचलन थियो। शरीरमा घाउ खटिरा भई पीडा हुन थाले र केही गर्दा पनि बिसेक भएन भने यहाँ आई दर्शन-पूजन गर्ने प्रचलन उहिले थियो र अझै पनि पुरानो परम्परालाई विश्वास गर्ने मानिसहरू यहाँ आई घाउ खटिरा बिसेक होस् भनी प्रार्थना गर्दछन्।

चन्द्रविनायकको मूर्ति कालो प्रस्तरमा निर्मित छ। आसनावस्थामा रहेको मूर्तिका दुई हातहरू छन्। नेपालमा भएका गणेशका

---

१० *केही वर्षयता उत्तरतर्फको खाली चौरमा तरकारी बजार एवं पसलकवलहरू फैलिदैगएको देखिन्छ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
मूर्तिहरूको शैलीगत अध्ययन गर्दा यसलाई नवौं- दशौं शताब्दीको समय दिन सकिन्छ।[११] आसनावस्थामा रहेको दुई हातयुक्त यो मूर्तिलाई इ. शि. बाबुराम आचार्यले त्यति अगाडिको नभएको र त्यहाँ रहेको शिलालेख, ताम्रपत्र आदिमा प्रताप मल्लको राज्यकालको ने.सं. ७७७ (वि.सं. १७१४) भन्दा थोरै वर्ष पहिलेको भएको अनुमान गर्नुभएको छ।[१२] तर उहाँले भनेजस्तो यो मूर्ति मल्लकालको होइन भन्ने कुरा पहिले त यो मूर्तिको निर्माण उत्तर लिच्छविकालिक गणेश मूर्तिको शैलीमा बनेको छ, दोस्रो पशुपतिस्थित वत्सलेश्वरीको यात्रामा चाबहिल गणेश निमन्त्रित हुने तथा वत्सलेश्वरीको रथ चाबहिलस्थित गणेशमन्दिरमा पुऱ्याउनुपर्ने परम्परा, कहिलेकाहीं रोकिएदेखि बाहेक, चलिआएको छ। यस घटनाक्रमको इतिहास पछिल्लो लिच्छविकालसम्म पुग्दछ।

चन्द्रविनायकमन्दिर क्षेत्रलाई तात्कालिक श्री ५ महेन्द्रवीरविक्रम शाहबाट वि.सं. २०१४ सालमा 'उपत्यकाञ्चल सुधार एवं विकास कार्यक्रम' अन्तर्गत मर्मत सम्भार एवं पुनर्निर्माण गरिएको थियो। पछि वि.सं. २०४९ मा पशुपतिक्षेत्र विकास कोषको संयोजकत्वमा चन्द्रविनायक परिसरमा संरक्षण, संवर्द्धन हुने काम भएको थियो। वि.सं. २०७२ सालको भूकम्पले गणेशको मन्दिर भत्किएपछि पशुपतिक्षेत्र विकास कोषको सहयोगमा लिएर केही वर्षअगाडि पुनर्निर्माण सम्पन्न गरिएको छ।

चन्द्रविनायक मन्दिर प्राङ्गण वरपर भैरव, बेताल, कुमारी आदिको विभिन्न मूर्तिहरू रहेका छन्। यो मन्दिरको नित्यपूजा गर्ने पुजारी कर्माचार्यहरू छन् भने 'द्यपाल' चाहिँ मानन्धरहरू छन्। वर्षको एक पटक कार्तिक महिनामा यहाँ 'मि च्याकेगु' जात्रा भव्य रूपले मनाइन्छ। गणेशयात्रा यहाँको विशेष यात्रा मानिन्छ। साथै आर्यघाटस्थित वत्सलेश्वरीको यात्रालाई चन्द्रविनायकमन्दिरमा ल्याइने चलन पनि छ। मंगलवार एवं शनिवारको दिन चन्द्रविनायकमन्दिरमा श्रद्धालु भक्तजनहरूको भीड लाग्दछ।

कोटुबहिल

चाबहिलको दक्षिणतर्फ रहेको बौद्ध साधनास्थलहरूमध्ये 'कोटुबहिल' को आफ्नै किसिमको महत्त्व छ। यो बहिल धर्मचक्रमहाविहारको नामले पनि प्रसिद्ध छ। यो बहिल सिफलबाट चन्द्रविनायकमन्दिर जाने मूलबाटो एवं मित्रपार्कबाट सिफलतर्फ जाँदाको चौबाटोको केही पश्चिममा पर्दछ। पूर्वाभिमुख भएर रहेको यो विहारमा अरू बिहारहरूझैं बीचमा चोक र चारैतिर चौघेरा भवन पहिले रहेको भए तापनि पूर्वतर्फ हालसालै मर्मत- जीर्णोद्धार भएको केही भाग र मुख्य देवता 'गुन्धुरी' रहेको जीर्ण भागबाहेक बहिलको अरू भाग अहिले बच्न सकेको छैन। पहिले त्यहाँ विहार वास्तुशैलीको ढाँचामा चारैतिर बिहार रहेको थियो भनी देखाउने अवशेषहरू अझै छन्।

यो बहिलको पूजाआजा स्थानीय दुई कवलका शाक्य परिवारले आलोपालो मिलाएर गर्छन्। प्रत्येक अष्टमीमा पालो फेरिने चलन छ। यो बहिल हाल निजी गुठीअन्तर्गत सञ्चालित छ। बहिलको रुग्ण अवस्थाले आफै बोल्छ कि कोटुबहिलको सञ्चालन एवं व्यवस्थापन अत्यन्त नाजुक अवस्थामा छ।

अहिले चोकको पश्चिमपट्टि मुख्य देवता रहेको भागको बाहिर दायाँ वायाँ स-साना झ्यालहरू देखिन्छन्। मूलढोका कलात्मक छ। यस बहिलको मुख्य देवता अक्षोभ्य हुन् र त्यहाँ पञ्चध्यानी बुद्ध र अजिमा पनि छन्। माथिल्लो तलाको चोकपट्टिको भागमा तीनमुखे कलात्मक झ्याल छ। चोकको बीच भागमा तीनवटा प्रस्तर चैत्यहरू छन्, त्यसमध्ये दुईवटा लिच्छविकालिक छन्। काठमाडौँखाल्डोमा काठमाडौं, पाटन, भक्तपुरका कतिपय पुराना विहारको चोकमा यस्ता चैत्यहरू पाइन्छन्। ती चैत्यहरूको अवस्थितिले सम्बन्धित विहार तथा बहीहरूको निर्माणसम्बन्धी समयको अनुमान गर्न सघाउ पुऱ्याउँछ। यो बहिलको आफ्नै 'सङ्घ' छ र सङ्घका दीक्षित शाक्यहरूले बहिलमा गर्नुपर्ने नित्य-नैमित्तिक कार्यहरू गर्छन्। सङ्घका शाक्य कुमारहरूको 'बरेछुयागु' लगायतका कार्यहरू आफ्नै बहिलमा गर्ने गर्छन्। सङ्घमा पाँच जना थकालीहरू छन्। यो बहिलको निर्माणको विषयमा निश्चित रूपमा भन्नको लागि अभिलेखीय प्रमाण हालसम्म प्राप्त भएका छैनन। हुन सक्छ बहिलभित्र रहेको शिलालेखमा केही जानकारी होस् तर त्यो शिलालेख पढ्नको लागि उपलब्ध हुन सकेन। यहाँ प्रचलित

---

११ *गोविन्द टण्डन, काठमाडौं अधित्यकाका गणेश मूर्तिहरू (कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०४२), पृष्ठ ५६।*

१२ *बाबुराम आचार्य, "लिच्छविकालका शिलालेखमा किरातकालको झलक देवपाटन, भादगाउँ, पाटन र काठमाडौंका किरात नाम, नेपाली, अङ्क १६ (वि.सं. २०२०), पृष्ठ १०।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
जनश्रुतिअनुसार चाविहार बनाउँदा उब्रेको सामानले यो बहिल बनेको भन्ने गरिन्छ। यसो हो भने यो बहिल पनि ने.सं. ११० (वि.सं. १०४७) मा बनेको अनुमान हुन्छ। यथार्थ के हो भविष्यमा हुने अध्ययन-अनुसन्धानबाट थाहा हुँदै जानेछ।

कोटुबहिलका शाक्यहरूले त्यहीँ नजिक उत्तरपट्टि रहेको 'ढोद्य'लाई कार्तिक पूर्णिमाको दिन 'जापाय' (अन्नप्राशन) गरी देवाली गर्ने प्रचलनलाई हेर्दा उनीहरूको कुलदेवता ढोद्य(स्यालदेवता) रहेछन् भन्ने बुझिन्छ।

कोटुबहिलको उत्तरतर्फ पिङ्गनविहार रहेको छ। यसको प्राचीनताको बारेमा बताउने शिलालेखीय प्रमाणहरूको अभाव छ। त्यहाँ रहेका भग्नावशेषले यो विहार पनि मध्यकालिक समयमा निर्माण भएको हुनु पर्ने देखिन्छ।

झन्डै तेह्र वर्षअगाडि पिङ्गनबहिलका सदस्य श्रीविकास शाक्यको पहलमा त्यस बहिलको पुनरुद्धारसम्बन्धी केही कार्यहरू भएका छन्।

धन्दोचैत्य

नेपालमा भएका आकारगत हिसाबले ठूला र धार्मिक दृष्टकोणले प्रसिद्ध स्तूपहरूमा बौद्धस्थित स्तूप, स्वयम्भूस्थित स्तूप, काठेसिम्भूस्थित स्तूप एवं पाटन पिंवहालको स्तूपका साथै पशुपतिक्षेत्रस्थित धन्दोचैत्यको पनि नाम लिनु पर्ने हुन्छ। अझ स्थापनाको दृष्टिकोणले हेर्दा त चाबहिलस्थित धन्दोचैत्य नेपालको प्राचीन स्तूपमध्ये पर्दछ। यो चैत्य गौशालाबाट चाबहिल जाने मूलबाटोमा बौद्ध जाने चौबाटोमा नपुग्दै देब्रेपट्टि अवस्थित छ। मूल सडकछेउमा अवस्थित रहेकोले यो स्तूपलाई नदेखे शायद कोही छैन होला।

संस्कृतभाषाको 'स्तूपः' धातुबाट स्तूप शब्द बनेको हो। पालीभाषामा स्तूपलाई 'थूप' भनिन्थ्यो। संस्कृत भाषाको 'स्तूप' तथा पालीभाषाको 'थूप शब्दको अर्थ एकत्रित गर्नु वा थुप्रो लगाउनु भन्ने हुन्छ। तर सामान्य थुप्रो वा माटोको राशको अर्थभन्दा बौद्ध धर्ममा यसलाई धर्मको विशिष्ट प्रतीकको रूपमा सम्मान गरिन्छ तथा बौद्ध धर्मको कतिपय दार्शनिक पक्षको व्याख्या गर्ने क्षमता स्तूपले राख्छ।

चैत्यलाई स्तूपकै पर्यायवाची शब्दको रूपमा लिइने गरिएको छ। यसो भए तापनि ढुङ्गा, माटोद्वारा स्वतन्त्ररूपमा बनाइएका वा गुफामा निर्माण गरिएका स्तूपाकारका स-साना धार्मिक स्मारकलाई जनबोलीमा 'चैत्य' भन्ने गरेको पाइन्छ भने ठूला आकारका यस्ता कीर्तिहरूलाई 'स्तूप' शब्दले सम्बोधन गर्ने एक किसिमको प्रचलन नेपालमा छ। यो बौद्ध स्मारक कलेवरमा ठूलो भए पनि 'चैत्य' नामले पुकारिएको पाइन्छ। वास्तवमा यसलाई स्तूप भन्नुपर्ने हो तापनि जनजिब्रोले यसलाई धन्दोचैत्य पुकार्ने गरेको ज्यादात्तर देखिन्छ।

बौद्ध धर्मका प्रसिद्ध भिक्षु, गुरु, महापुरुष तथा बौद्ध धर्मावलम्बी राजा-महाराजाका भस्म अर्थात् धातु राखी त्यसमाथि स्तूप बनाउने चलन प्राचीन हो। गौतम बुद्धको महापरिनिर्वाणपश्चात् तात्कालिक राजाहरूबीच भस्मप्राप्तिको लागि परेको खिँचातानी एवं सम्राट अशोकले प्राचीन स्तूपहरूबाट भस्म झिकी तिनको विभाजन गरी बौद्ध धर्मको प्रचार- प्रसारको क्रममा हजारौं स्तूप निर्माण गरेको एवं गर्न लगाइएको कथा बौद्ध साहित्यहरूमा यत्र तत्र पाइन्छ। जुन वेला बौद्ध धर्ममा प्रतीक पूजाको सम्मानित स्थान थियो, त्यसवेला स्तूपहरूले जनजीवनमा निकै सम्मानित स्थान पाएका थिए। पुगीसरी आएकाहरूले राजा, महाराजा, भिक्षु तथा महापुरुषहरूको स्मृतिमा यस्ता स्तूपहरू बनाउने परिपाटी उहिले थियो।

धन्दोचैत्य कसले, कहिले बनाएको हो ? यस सम्बन्धमा निश्चयका साथ भन्न सकिने प्रामाणिक आधार पाइएको छैन। यसो भए तापनि अनुमान गर्ने केही आधारहरू भने नभएका होइनन्। अहिले धन्दोचैत्य जहाँ रहेको छ, यो ठाउँ लिच्छविकालदेखि नै बौद्ध धर्मको आराधनास्थल रहेको पवित्र ठाउँ थियो भन्ने कुरा यहाँ रहेको लिच्छविकालको प्रारम्भतिरको अभिलेखले देखाउँछ।

लिच्छविकालकी एक जना महिलाले किन्नरीजातकका कथाहरू कुँदेर धेरै काल कष्ट गरी चैत्य बनाइ त्यसको स्थायित्वको लागि गुठीजग्गाहरू राखिदिएको वर्णन त्यस अभिलेखमा उत्कीर्ण गरिएको छ। साथै अर्को जन्म भए स्वास्नीमानिस भएर जन्मन नपरोस् भन्ने कारुणिक कामना गरिएको यहाँ मननीय छ।[१३] उक्त अभिलेखमा बताएजस्तो गरी बनाइएको चैत्य अहिले

---

१३ धनवज्र वज्राचार्य, पूर्ववत् पादटिप्पणी सङ्ख्या २, पृष्ठ २-३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
यहाँ छैन तर लिच्छविकालमा निर्मित प्रस्तरका सुन्दर र कलात्मक चैत्यहरू धन्दोचैत्यको प्राङ्गणमा निकै छन्। यस्ता पुराना चैत्यहरू एकै ठाउँमा यत्राविधि सङ्ख्यामा अन्यत्र विरलै पाइन्छन्। यी चैत्यहरूको अवस्थितिले उहिले धन्दोचैत्यको महत्त्व र जीवन्तताको बारेमा थाहा पाउन सकिन्छ।

धन्दोचैत्यको स्थापनाले गर्दा विस्तार-विस्तारै सो चैत्य रहेको प्राङ्गणमा बौद्ध धर्मसँग सम्बन्धित चैत्य एवं मूर्तिहरूको स्थापना भएको हो भन्ने कुरा प्रकारान्तरले बुझिन्छ। लिच्छविकालमा यो चैत्यलाई के नामले पुकारिन्थ्यो थाहा हुन सक्तैन तर मध्यकालतिर चाबहिलको यो चैत्य धन्दोचैत्य नामले सम्बोधित हुने गरेको थियो भन्ने कुरा यस चैत्य वरपर रहेका अभिलेखहरूबाट थाहा हुन्छ।

उन्नाइसौँ शताब्दीतिर सङ्कलन गरिएको एउटा भाषांशावलीमा वृषदेवको चर्चाको प्रसङ्गमा "यो स्थान मेरो अति रमणीय स्थल हो। त्यस तलाउका मुनितिर द्रव्य राख्याका छन्। त्यही द्रव्य चैत्याकारमा भित्र र गर्भाखि (राखी) मन्दिर बनाऊ मेरा नाम धन्दोदेव भनी प्रख्यात गर भनी स्वप्नविषे आज्ञा भयो र राजाले यथाकर्मले गरी बनाई मञ्जुबहाल भनी चाबहिल नाम देश बनाया, त्यसै दिनदेखि धंदोचैत्य भनी नाम प्रख्यात हुन गयो" भनी उल्लेख गरिएको छ।[१४]

धन्दोचैत्य जमीन सतहबाट माथि उठेको एउटा पेटीमाथि बनेको छ। नेपालमा भएका अरू स्तूपमा झैं त्यसमाथि अण्ड, हर्मिका र छत्र छन्। स्तूपको जमीनभन्दा केही माथिल्लो भागमा पूर्वपट्टि अक्षोभ्य, दक्षिणपट्टि रत्नसम्भव, पश्चिमपट्टि अमिताभ र उत्तरमा अमोघसिद्धिनामक पञ्चध्यानी बुद्धमध्येका बुद्धमूर्तिहरू छन्। यस्ता चैत्यहरूको निर्माणमा केही दर्शन पक्ष पनि अन्तर्निहित छन्। हर्मिकामा रहेको आँखालाई तन्त्रादि, मन्त्रादि र नाकलाई यन्त्रादि भनी विश्वब्रह्माण्डको सृष्टि, स्थिति र तिनको आधारलाई बोध गराउन खोजेको सङ्केत त्यसले दिएको हुन्छ।

हर्मिकाभन्दा माथि रहेको तेह्र तहले बौद्ध दर्शनमा प्रचलित त्रयोदश भुवनलाई इङ्गित गर्दछ। स्तूपको पेटीको वरपर पहिले निकै मूर्तिहरू थिए तर केही दशकयता एक-दुईवटा गर्दा-गर्दै तिनीहरूमध्ये धेरै मूर्तिहरू हराइसके। तिनीहरूमा नागराज, धर्मचक्र, भक्तिनी, सिंहनादलोकेश्वरका मूर्तिहरू प्रमुख छन्।

धन्दोचैत्यको निर्माणको सम्बन्धमा विभिन्न वंशावलीमा विभिन्न भनाइ पाइन्छ। प्रचलित भाषावंशावलीहरूमध्ये कुनैमा यो चैत्यको निर्माण वृषदेवले गरेको बताइएको छ। कुनैमा धर्मदत्त नामका राजाले बनाएको तथा मानदेवका बाबु धर्मदेवले जीर्णोद्धार गरिदिएको उल्लेख पाइन्छ। तर नेपालमा अहिलेसम्म प्राप्त वंशावलीहरूमध्ये सबैभन्दा पुरानो मानिने *गोपालराजवंशावली*मा धन्दोचैत्यको निर्माणको श्रेय मानदेव प्रथमका बाबु धर्मदेवलाई दिइएको छ। धर्मदेवको शासन वि.सं. ५२२ भन्दा अगाडिको मानिन्छ। *गोपालराजवंशावली*मा धन्दोचैत्यको निर्माणको सम्बन्धमा भनिएको छ।

> "राजा श्रीधर्म्मदेव वर्ष ४१ तेन श्रीपशुपति
> भटारिकस्य दक्षिणमूर्ति महद्वृषध्वजापि
> कृतवान् पुन राजविहारधमरेचैत्य भटारिके
> प्रतिष्ठितम्"

अर्थात्, राजा धर्मदेवले ४१ वर्षसम्म शासन गरे र उनले पशुपतिमन्दिरको दक्षिणतर्फ ठूलो वृषध्वज चढाए। फेरि राजविहारमा 'धमरेचैत्य' भगवान्को प्रतिष्ठा गरे। उक्त वंशावलीले दिएको वर्णन अन्यथा होइन होला भन्ने सङ्केत यो चैत्यको प्रचलित वर्तमान नामबाट पनि बुझ्न सकिन्छ।

राजा धर्मदेवले स्थापना गरेको हुनाले उनैको नामबाट यो चैत्यलाई सम्बोधन गर्ने परम्परा चलेको र कालान्तरमा अपभ्रंश हुँदै जाँदा 'धमरेचैत्य' > 'धन्दोचैत्य' बन्न पुगेको सजिलै अनुमान गर्न सकिन्छ। काठमाडौँका राजा महीन्द्रसिंह मल्लको राज्यकालको वि.सं. १७७१ को त्यहीँ नजिक रहेको एउटा शिलालेखमा यो चैत्यलाई सम्बोधन गर्नुपर्दा 'धर्मधातु चैत्य धनदे देव'[१५] भनी उल्लेख गरेको पाइनाले लिच्छविराजा धर्मदेवले यो चैत्य बनाएका हुन् भन्ने कुरा विक्रमको

१४ *नयनाथ पौडेल (सम्पा.), भाषा वंशावली (काठमाडौँः नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२०) पृष्ठ ५६।*
१५ *शङ्करमान राजवंश(सम्पा.) कान्तिपुर-शिलालेख-सूची (काठमाडौँः राष्ट्रिय अभिलेखालय, वि.सं. २०२७),पृष्ठ १५०।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अठारौं शताब्दीसम्म पनि बिर्सिसकिएको थिएन भन्ने बुझिन्छ। नेपाल–तिब्बतबीच चाबहिलको बाटो हुँदै जुन वेलासम्म व्यापार चलिरहेको थियो, त्यतिखेरसम्म धन्दोचैत्यको ख्याति अत्यधिक थियो। किनभने व्यापारको साथ–साथै श्रद्धालु तीर्थयात्री, भक्तजनहरू पनि त्यहाँ दर्शन–पूजनको लागि जाने प्रचलन थियो।

हिजोआज वर्षको एक पटक वैशाखशुक्ल पूर्णिमाको दिन स्थानीय जनसमुदाय मिली सामूहिक रूपमा पूजाआजा र शोभायात्रा केही वर्षयता निकाल्न थालिएको छ। यसले निरन्तरता पाउँछ या पाउँदैन यसै भन्न सकिने अवस्था छैन। अरू वेला पनि केही न केही भक्तजनहरूको उपस्थिति देखिन्छ।

वि.सं. २०६७ तिर विभिन्न व्यक्ति तथा स–संस्थाको उल्लेख्य आर्थिक सहयोगमा धन्दोचैत्यको मूल लिङ्गो फेर्ने काम सम्पन्न भएको थियो। ठूलै खर्च गरी चैत्यको मर्मत–सम्भार भए पनि प्राङ्गणवरपर रहेका कीर्तिहरूको जे जसरी संवर्द्धन - प्रवर्द्धनहुनु पर्ने हो त्यो हुन सकिरहेको पाइन्न। धन्दोचैत्यको महत्तालाई उजागर गर्ने हो र उचित किसिमले व्यवस्थापन गर्ने हो भने त्यहाँको आम्दानीले उक्त चैत्यको साथै वरपरको विहारहरूको पनि राम्ररी जगेर्ना गर्नुपर्ने अवस्था छ तर त्यसो हुन सकिरहेको छैन।

धन्दोचैत्यको दक्षिणपट्टि नेपालको प्रतिनिधि मानिने पद्मपाणि बोधिसत्वको साथै केही अन्य मूर्तिहरू रहेको छ तर यसको महत्त्व नबुझी भक्तहरूले पोतिदिएको इनामेलको रङ्गले सुन्दर र आकर्षक प्रतिनिधि मूर्तिहरू कुरूप बन्न पुगेका छन्। चाबहिलका बौद्ध धर्मानुयायी शाक्यहरूको कुलदेवताको रूपमा यी पद्मपाणिलाई लिइन्छ। यहीं शाक्यमुनि बुद्धको एउटा अति सुन्दर लिच्छविकालको मूर्ति रहेको थियो, त्यो केही दशकअगाडि चोरिइसक्यो।

धन्दोचैत्यको दक्षिणपट्टि एउटा जीर्ण विहार रहेको छ। सामान्य पूजाआजा र मर्मत–सम्भारसमेत हुन नसकी यो विहार श्रीविहीन बन्न पुगेकोमा हालै केही मर्मत सम्भार हुन पुगेको छ। चैत्यको पश्चिमपट्टि सत्रौं–अठारौं शताब्दीतिर बनेको हुनुपर्ने मञ्जुश्रीको मूर्ति रहेको छ, जहाँ श्रीपञ्चमीको

दिनमा भक्तजनहरूको घुइँचो लाग्छ। के बौद्ध, के हिन्दुधर्मावलम्बी सबैको सद्भावमय उपस्थिति यहाँ देख्न पाइन्छ।धन्दोचैत्यको प्राङ्गणमा रहेको लिच्छवि अभिलेखको माथिल्लो खण्डमा तिथिमिति उल्लेख नभएको कारण यसलाई धनवज्र वज्राचार्यले लिपिको आधारमा मानदेवको चाँगुको अभिलेखभन्दा पुरानो मानी लिच्छविकालको पहिलो अभिलेख हुनुपर्ने अनुमान गरेका थिए।[१६] वि.सं. २०७५ को हिउँदतिर त्यही प्राङ्गणमा लिच्छविकालको एउटा अर्को शिलालेख पाइएपछि त्यहाँ उत्कीर्ण लिपिको अध्ययन गर्दै गएपछि डा. महेशराज पन्तले यो अभिलेख खण्ड पहिले पाइएको शिलालेखको तल्लो भाग हो भनी खुट्याएपछि त्यहाँ उल्लेख भएको संवत् शक संवत् ४२१ (वि.सं. ५५५) को हो भन्ने टुङ्गो लाग्यो।[१७] त्यसअघि काशीनाथ तमोटले यो अभिलेख शक संवत् ३२९ (वि.सं. ४६४) को भनी एक ठाउँमा अनुमान गरेका छन्।[१८] हरिराम जोशीले नेपालको प्राचीन अभिलेखमा यो अभिलेखलाई शक संवत् ४२५ (वि.सं. ५६०) को हुनुपर्ने भनी आफ्नो तर्क दिएका छन्।[१९]

अझ दिवाकर आचार्यले जनश्रुतिमा चलेको चारुमतीलाई यो अभिलेखले पुष्ट्याइगरेको भन्नसमेत भ्याए।[२०] जबकि उनले भनेजस्तो पछिल्लो पटक पाइएको चाबहिलको यो अभिलेखमा चारुमतीको कतै चर्चा छैन। बरु त्यस अभिलेखले "कज्याउन गाहो चित्त शुरुदेखि कज्याएरत्र गर्न गाह्रा, मोह पार्ने, ती ती धेरै विघ्नद्वारा धेरै कालसम्म कष्ट गरी किन्नरीजातकले ढाकिएको, नानाथरी चित्रले सुहाएको भवविच्छित्को भवन मनोधराले यहाँ (बनाइ) श्रद्धाले, भक्तिले, नित्य प्रेमले र गौरवले बुद्धको (भवनलाई) खेतले सम्पन्न गराइन" भन्दै गुठीस्वरूप जग्गा अर्पण गरेको कुरा उल्लेख भएको छ।[२१] यस अभिलेखको प्राप्तिले

---

१६ *धनवज्र वज्राचार्य, पूर्ववत्, पाटटिप्पणी सङ्ख्या २, पृष्ठ १-२*

१७ *डा. महेशराज पन्त, "चाबहिलको (शक) संवत् ४२१ को शिलालेख', पूर्णिमा, १४५ पूर्णाङ्क (काठमाडौं: संशोधन-मण्डल, वि.सं. २०७९), पृष्ठ १८। यो अभिलेख पढ्ने काममा डा. महेशराज पन्तले श्रीदिवाकर आचार्य एवं श्रीयोगेशराजको सहयोग लिएको उल्लेख गरेका छन्।*

१८ *काशीनाथ तमोट, "बाह्रदेलज्यूसँग कुराकानी, जय वर्माको मूर्ति र नेपालको वर्मा वंश, (काठमाडौं:मण्डला प्रकाशन, विसं २०६२), पृष्ठ १३१-१३२।*

१९ *हरिराम जोशी, नेपालको प्राचीन अभिलेख, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०३०), २२सङ्ख्या।*

२० *Divakar Achrya, œEvidence for Mahayan Buddism and Sukhavati Cult in India in the middleperiodM Early 5th to late 6th century Nepalese Inscriptionsœ, Journal of the International Association of Buddhist Studies, Vol.31, No. 1–2, pp. 31–32.*

२१ *डा. महेशराज पन्त, पूर्ववत्, पादटिप्पणी सङ्ख्या १४, पृष्ठ १९।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक जना उदारमना स्त्रीको संक्षिप्त परिचय पाउन सकिएको छ।

अहिले पनि चाबहिल नामले प्रसिद्धि पाएको यस ठाउँमा अलग–अलग बौद्ध विहारहरूको आ–आफ्नै 'सङ्घ' छ। जे जसो धार्मिक–आध्यात्मिक कार्यहरू गर्नुपर्ने हो त्यही सङ्घअन्तर्गत गर्ने प्रचलन रहिआएको छ।

मैजुबहाल

धन्दोचैत्यदेखि पूर्वपट्टि रहेको बस्तीक्षेत्रलाई अहिले मैजुबहाल भन्ने गरिएको पाइन्छ। यसले के सम्भावनालाई देखाउँछ भने पहिले त्यहाँ विहार रहेको तर पछि गएर त्यो कुनै कारणले पाताल भइसकेको भएता पनि त्यही नामले उक्त बस्तीलाई अहिले पनि सम्बोधन गर्ने गरिएको रहेछ भन्ने कुरा सजिलैसँग बुझ्न सकिन्छ।

प्रचलित भाषावंशावलीमा राजा वृषदेवको पालामा 'मञ्जुबहाल' बनेको कुराको उल्लेख पाइन्छ।[२२] त्यही मञ्जुबहाल नै कालान्तरमा मैजुबहाल बनेको त होइन भन्ने यसले संकेत गरेको छ। यसदेखि बाहेक मैजुबहालको सम्बन्धमा अरू कुनै अभिलेखीय प्रमाण पाइदैन। मैजुबहालको वरपर अहिले पनि लिच्छविकालिक मूर्ति एवं चैत्यका भग्नावशेषहरू पाइन्छ। मैजुबहालको पूर्वी सीमामा उमामहेश्वरको छैटौं–सातौं शताब्दीतिरको आकर्षक मूर्तिफलक रहेको छ।

ठूलो गौचरन

पशुपतिक्षेत्रमा रहेको फराकिलो ठाउँहरूमध्येमा वाग्मतीनदीदेखि पूर्व–दक्षिण दिशामा रहेको गौचरनको पनि आफ्नै महत्त्वपूर्ण स्थान रहेको छ। यो विशाल क्षेत्रले गौचरको रूपमा प्रसिद्धि पाएको थियो।भगवान् श्रीपशुपतिनाथको नाउँमा छाडिने वसाहादेखि लिएर व्यक्तिविशेषका गाइवस्तुको लागि यो खुला चरणको रूपमा कुनै बखत प्रसिद्धि पाएको थियो।

पशुपतिनाथ सम्पूर्ण पशुहरूका पनि स्वामी भएकोले यहाँ पशुहरू निर्धक्कसँग चरिचरन गर्न पाउँथे। राजा रणवहादुर शाह (वि.सं. १८५१ – १८५५) ले गौचरनमा साँढेहरूका लागि खानापिना तथा औषधोपचारको लागि पनि व्यवस्था गरेका थिए। त्यसवेला साँढेवैद्यको रूपमा लक्ष्मीनारायण दाहालले गौचरनमा सेवा पुऱ्याउने गरेका उल्लेख पाइन्छ। पछि ती साँढेवैद्यले पनि गौचरनको लागि आफ्नो केही जग्गा अर्पण गरेका थिए।

वि.सं. २००७ सालपछि आधुनिकीकरणको लहर नेपालमा शुरु भयो। जसको फलस्वरूप ठूलो गौचरनलाई अन्ताराष्ट्रिय विमानस्थल बनाउने परिकल्पना भयो र ठूलो गौचरन मासिन गयो। ठूलो गौचरनमा परेको जति जग्गा गौचरनकै लागि भनेर कतै उपलब्ध गराएको भए या ठूलो गौचरनमा गरिएको व्यवस्थालाई कतै स्थानान्तरण गरिदिएको भए पशुपतिक्षेत्रमा छाडिने स– साना नन्दी–वसाहाहरूले दुःख पाउने थिएनन्। तर त्यसो हुन सकेन।

वि.सं. २०३९ मा त्यही गौचरनमध्येको करीब ३४ रोपनी जति जग्गा तात्कालिक हवाई विभागले एक किसिमले भन्ने हो भने सागको भाउमा खरीद ग–यो। अहिले त्यहाँ पार्किङ बनेको छ।

अझै पशुपतिको नामको करिव ११६७ रोपनी जग्गा त्रिभुवन अन्ताराष्ट्रिय विमानस्थलमा छ। त्यसमा केही खान्गी जग्गा र केही गाईवस्तुको चरिचरनको लागि श्री ५ रणबहादुर शाहले राखिदिएको गौचरन समावेश छ। त्यस जग्गावापत नागरिक उ यन मन्त्रालयबाट आ.व. २०७२/२०७३ सम्म वर्षको रु. २२,०००००।– (बाइस लाख) कुतवापत प्राप्त हुन्थ्यो भने आ.व. २०७३/२०७४ देखि रु.१,००००००।– (एक करोड) थप दिने निर्णय भएको छ।[२३] झन्डै वि.सं. २०४२ सम्म व्यक्तिविशेषको झैं माना–मुरी कुतको भाउमा भूबहाल बुझाउने चलन थियो।

पशुपतिक्षेत्रका मठ–मन्दिरहरूसँग पशुपतिक्षेत्रका बासिन्दाहरूमध्ये कोही कुनै गुठीगानामा संलग्न भएको सदस्य, पुजारी, रैरकमी वा कुनै गुठीको गुठियार भए त्यससँग सम्बन्धित मूर्त/अमूर्त कीर्तिहरूसँग प्रत्यक्ष सम्बन्ध रहनु स्वाभाविकै हो। लिच्छविकालमा भिक्षु सङ्घ, पाशुपत सङ्घजस्ता समुदायहरू पनि पशुपतिनाथमन्दिरको वरपर रहेको पाइन्छ। शैवधर्ममा

---

२२ नयनाथ पौडेल (सम्पा.), पूर्ववत्, पादटिप्पणी सङ्ख्या १४, पृष्ठ ५६।

२३ पशुपतिक्षेत्रको स्वामित्वमा रहेको त्यत्रोविधि जग्गाको कुत कमसे कम वर्षको २५,००००००।- दिनुपर्छ भनेर बारम्बार प्रस्ताव राख्दा बल्ल बल्ल वार्षिक रु. १,०००००००।- (एक करोड) बढाउन सफल भएको थिएँ। यसका लागि तात्कालिक संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्रीजीवनबहादुर शाहीलाई धन्यवाद दिनुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिस्तारै साधना र अनुष्ठानको महत्त्व बढ्दैगयोत्र थरी-थरीका सम्प्रदायहरूको जन्म भयोत्र तिनमा पाशुपत सम्प्रदाय पनि एक मुख्य सम्प्रदाय बन्न पुग्यो।

लिच्छविकालमा विशेष गरेर अंशुवर्माको समयदेखि पाशुपति मतको लोकप्रियता नेपालमा निकै बढ्यो। पशुपतिको आसपासमा र अन्त पनि ठाउँ-ठाउँमा पाशुपत सम्प्रदायका मण्डली (संघ) कायम हुन थाले। नरेन्द्रदेवको पाटन गैह्रीधाराको अभिलेखमा पशुपति वाग्वतीपारि रहेको पाशुपत-मण्डलीको उल्लेख आएको छ।[२४]

पशुपतिनाथमन्दिरप्राङ्गणमा रहेको छत्रचण्डेश्वरको अभिलेखमा पनि 'मुण्डशृङ्खलिकपाशुपताचार्यपरिषद्' को उल्लेख छ।[२५]

लिच्छविकालपछि यिनीहरूको अस्तित्व देखिदैन। मल्लकालदेखियता पनि स्थिति यस्तै रह्यो। आक्कल-झुक्कल समूहगत रूपमा पाइनुबाहेक कुनै संघ वा मण्डलीको रूपमा त्यतिखेर कुनै निश्चित सम्प्रदायको उल्लेख पाइदैन। पशुपतिक्षेत्रबाट ठूलो समूहमा कुनै बस्तीलाई स्थानान्तरण गर्ने काम वि.सं.१९४५ र वि.सं. २०६० सालमा गरेर दुई पटक भयो। पशुपतिनाथमन्दिरको वरपर बसोबास गर्ने बस्तीका मानिसहरूको यहाँका मठ-मन्दिरसँग कुनै न कुनै किसिमको सम्बन्ध रहने आँकलन गरी पहिलो पटक इटाँपाखाटोलबाट देउला (पोडे) हरूलाई स्थानान्तरण गर्दा तिलगङ्गाटोलमा गरियो भने लगनलाछी, भकुनटोलबाट दोस्रो पटक स्थानीय केही घर-परिवारलाई स्थानान्तरण गरिँदा भण्डारी, बिसेटहरूलाई दक्षिणामूर्तिमन्दिरको उत्तरतर्फको डाँडामा प्लटिङ गरेर केही घरहरूलाई सारियो। त्यसैगरी बाँकीलाई बाग्मतीदेखि दक्षिणतर्फ तिलगङ्गाटोलमा वि.सं. २०४४ सालमा अधिग्रहण गरेर राखेको करीब ३५ रोपनी जग्गामध्येको क्षेत्रमा न्यूनतम ०-३-०-० आना जग्गा सस्तो दरमा कोषले नै उपलब्ध गराइ बसोबास गराइएको थियो।

यसरी नजिकै बसोबास गर्न स्वयं कोषले नै पहल गर्नुको मुख्य कारण मठ-मन्दिर, यात्रा, चाडपर्वहरूमा कुनै असर नपरोस् भन्नाको लागि हो। यस्तो नीति नलिई अधिग्रहणमा परेको घर- जग्गाको निश्चित मुआब्जा दिएर जहाँ गएर बसे पनि बसून् भनेको भए पशुपतिक्षेत्रमा हुने कतिपय पूजा-आजा, यात्रा, चाडपर्वहरूमा स्थानीयहरूको सहभागिता न्यून रहने थियो। कोषले स्थापना कालदेखि नै लिएको यो सकारात्मक नीतिको कारण पहिलेदेखि सञ्चालनमा रहेका चाडपर्व, जात्रा-यात्रा यथावत् चलिरहेका छन्।

देवपाटनमा स्थानीय बासिन्दाहरू नौ सङ्ख्याको संयोगलाई निकै महत्त्व दिन्छन्। तर यस विवरणमा त्यहाँको सबै टोलको उल्लेख गरिँदा चावहिललाई गणना गरेमात्र नौ टोल पुग्छ। देवपाटनमा भएका पुराना टोलहरू-क्वाकोटेल (करेटोल), पाचाटेल, विंटेल, ज्युनाटेल, लगंलाछीटेल, कुंटेल, कोलाछिटेल र नवालीटेल हुन्। यसैले नौ टोलको धारणा यसपछि मात्र आएको रहेछ भन्ने अनुमान गर्न गाह्रो पर्दैन।[२६]

प्रथम नमूना जनगणनाताका चावहिलको जनसङ्ख्या जम्मा २५३ थियो भने घरहरू ७५ वटा थिए। त्यसैगरी देवपाटनमा जम्मा १५७ घरहरू थिए भने जनसङ्ख्या जम्मा २,२१० जना रहेको देखिन्छ। देवपाटनमा झिँगटीको भन्दा पराले घरहरू ज्यादा थिए। झिँगटीको घर २०८ वटा थियो भने पराले घर २४३ वटा थियो। सदावर्तमा आएर खानेहरूको पनि त्यस विवरणमा नामनामेसी पाइन्छ। सदावर्त भनेको बटुवा, तीर्थयात्रीहरूको लागि हुनु पर्नेमा त्यसो नभई पशुपतिमन्दिर वरपर बस्ने माग्ने या कोही नहुनेहरू नै नियमित रूपले आएर खान्थे भन्ने यस विवरणले देखाउँछ।[२७]

पछि गएर देवपाटनको बसोबास छ्यासमिस हुँदै गएको देखिन्छ। भट्ट, देउभाजु, आचार, भडारी, बिसेट, श्रेष्ठ, वैद्य, झा, बाडा, गिरि, खत्री, पुडासैनी, जैसी, अधिकारी, कुहमाल, मिश्र, भट्टराई, संघ, डंगुल, साल्मी, कुसले, कसाही, गाइने, दमाइ, देउला आदि त्यहाँको विभिन्न टोलमा मिलेर बसेका थिए।प्रथम नमूना जनगणनाको बेलाको विवरणमा देवपाटनलाई महत्त्वसाथ स्थान दिइएको छ। त्यहाँ दिइएको वर्णनलाई हेर्दा काठमाडौँका तीन शहरहरूझैं देवपाटनको पनि नेपाली जनजीवनमा निकै

---

२४ *धनवज्र वज्राचार्य, पूर्ववत्, पादटिप्पणी सङ्ख्या २, पृष्ठ ४८२- ४८३।*

२५ *२५. ऐजन., पृष्ठ ४२६-४२७।*

२६ *यस बारेमा मैले पहिले नै संकेत गरिसकेको छु। पशुपतिक्षेत्रको साँस्कृतिक अध्ययन, पहिलो भाग (काठमाडौँः झरेन्द्रशमशेर जबरा एवं मञ्जु राणा, वि.सं. २०५३), पृष्ठ १७-१८।*

२७ *प्रा.डा. जगदीशचन्द्र रेग्मी, डा. गोविन्द टण्डन, पूर्ववत्, पादटिप्पणी सङ्ख्या ७, पृष्ठ IVIII.*

 Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महत्त्व रहेको देखाउँछ। यसो हुनुको कारण भगवान् श्रीपशुपतिनाथको मन्दिर त्यहाँ अवस्थित हुनु र हिन्दुहरूको महत्त्वपूर्ण तीर्थस्थलको रूपमा पशुपतिक्षेत्रको प्रसिद्धि हो। हुनु वि.सं. १९१०- वि.सं. १९१३ ताका देवपाटनको विभिन्न ठाउँमा भएका मठ, मन्दिर, सत्तल, पाटिपौवाजस्ता मूर्त सम्पदाहरूको नामनामेसी यस विवरणमा पाइने भएकोले त्यसवेलाको पशुपतिक्षेत्रको केही झलक देख पाइन्छ। पशुपतिनाथमन्दिरप्राङ्गणमा भएका भनी प्रथम जनगणनाको विवरणमा उल्लेख भएका कतिपय मूर्ति एवं शिवलिङ्गहरू हिजोआज त्यहाँ छैनन्। त्यस्तै केही मन्दिर, सत्तल, पाटिपौवाहरूको पनि त्यही स्थिति छ। यसो हुनाको कारण वि.सं. २०१६-१७ मा पशुपतिनाथ मन्दिरप्राङ्गणको मर्मत- सम्भार गर्ने क्रममा प्राङ्गणलाई विस्तार र केही खुला गर्नुपर्दा त्यहाँ भएका कैयौं शिवलिङ्गहरू रुद्रगारेश्वरप्राङ्गणमा लगेर राखिएको थियो।[२८] तिनीहरूमध्ये केही अहिले पनि त्यहीं छन्। तर तिनको नामनामेसी जान्न सकिन्न।

कुनै वेला ती सबैको पूजाआजाको लागि गुठीको माध्यमबाट व्यवस्था गरिएको थियो। तर भएका गुठी जग्गाहरू कुनै प्रकारले लोप गर्ने, अतिक्रमण गर्ने र त्यसको अस्तित्व नामेट गर्ने/गराउने गरिँदा हिजोआज बेवारिसजस्तै बन्न पुगेका छन्।

देवपाटनको प्रसङ्गमा पशुपतिनाथको मन्दिरमा पूजा गर्ने दाक्षिणात्य भट्ट ब्राह्मणको उल्लेख गर्दा वासुकीको पुजारी एक जना र पशुपतिनाथमन्दिरको दुई जनाको चर्चा गरिएकोले त्यसबखत हिजोआजजस्तो पशुपतिनाथमन्दिरमा चार जना पुजारी रहेनछन् भन्ने देखिन्छ। त्यहाँ उनीहरूलाई 'दक्षिणी भट्ट' भनिएको छ। विदेशी भट्ट पुजारीलाई पनि जनगणनामा समावेश गरिएकोले त्यसवेला कामकाजमा खटिएका विदेशीहरू पनि सहजै नागरिक बन्न पाउने अवस्थालाई देखाउँछ।

कुनै वेला फाटफुट बस्ती, कम जनघनत्व एवं मठ-मन्दिरको सुरक्षाकै लागि पनि पशुपतिनाथमन्दिरसँग सम्बन्धित दाक्षिणात्य भट्ट पुजारीलाई मन्दिरकै वरपर आवास प्रबन्ध गर्ने चलन चल्यो।साथै मन्दिरसँग भण्डारी, बिसेटहरू मन्दिरदेखि टाढा गएर बसे भने ठीक समयमा आउन नसक्ने सम्भावना भएकै कारणले पनि हुनुपर्छ उनीहरूलाई निश्चित क्षेत्र तोकिदिएर त्यसै क्षेत्रमा बसोबास गराउने प्रबन्धको सूत्रपात भयो र बिस्तारै त्यही परम्परा बन्न पुगेको पाइन्छ। यसो हो तापनि कतिपय पुराना रीति-स्थितिहरू, जसले मठ-मन्दिर, स्तूप-चैत्य-विहार एवं आश्रमसँग स्थानीयहरूको सामीप्यता र साथ सहयोग रहन सहयोग पुऱ्याउको हुन्थ्यो, तिनको विचलनले गर्दा मठ-मन्दिर, स्तूप-चैत्य-विहार एवं आश्रमलगायतका आस्थाका केन्द्रहरूमा सुरक्षा, आत्मीयता र अटुट सम्बन्धको कमी बढ्दैगइरहेको यथार्थतालाई नजरअन्दाज गर्न हुने अवस्था छैन।

सन्दर्भ ग्रन्थसूची

खनाल, मुक्तिनाथ (वि.सं.२०२८), *नेपाल माहात्म्य,* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

जोशी, हरिराम (वि.सं. २०३०), *नेपालको प्राचीन अभिलेख,* (काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान)।

टण्डन, गोविन्द (१९८७), *"देवपाटनको प्राचीनता र महत्त्व",* नेप्लीज् कल्चर, वर्ष ६ जून ।

टण्डन, गोविन्द (वि.सं.२०४५), *पशुपतिक्षेत्रको साँस्कृतिक अध्ययन,* पहिलो भाग (काठमाडौंः झरेन्द्रशम्शेर ज.ब.रा, श्रीमती मञ्जु राणा), पृष्ठ १५।

नगर विकास ऐन, (वि.सं. २०४५)।

नाथ, योगी नरहरि, र पं. लोकराज सत्याल आदि (सं.,वि.सं. २०१३), *हिमवत्खण्ड,* (काशीः गोरक्षटिल्ला।

नेपाल राजपत्र (वि.सं. २०४३), ३ भाग, ३६ खण्ड, ४६ अतिरिक्ताङ्क,।

पन्त,महेशराज, र पन्त, दिनेशराज (सं.,वि.सं. २०७९), *पूर्णिमा,* १४५ पूर्णाङ्क (काठमाडौंः संशोधन-मण्डल)।

पशुपतिक्षेत्र विकास कोष ऐन, (वि.सं. २०४४)।

प्राचीन स्मारक संरक्षण ऐन, (वि.सं. २०१३)।

बाङ्गदेल, लैनसिंह (वि.सं. २०६२), *जय वर्माको मूर्ति र नेपालको वर्मा वंश,* (काठमाडौंः मण्डला प्रकाशन)।

भवन निर्माण मापदण्ड, (वि.सं. २०६४)।

---

२८ *सपरिचय सुधार कार्यको विवरण, (काठमाडौः उपत्यकाञ्चल तात्कालिक सुधारसमिति, वि.सं. २०१७),पृष्ठ १-१४।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय भवन निर्माण संहिता, (वि.सं. २०५१)।

रिसाल, मधुसूदन (अनु.,वि.सं.२०२९), *पशुपति पुराण* (काठमाडौः राजकीय प्रज्ञा प्रतिष्ठान,।

रेग्मी, जगदीशचन्द्र र टण्डन, गोविन्द (वि.सं. १९१०–१९१३), *नेपालको प्रथम नमूना जनगणना* (काठमाडौं: ग्रन्थरत्न प्रकाशन समिति) ।

वज्राचार्य, धनवज्र (वि.सं. २०३०), *लिच्छविकालका अभिलेख,* (कीर्तिपुरः नेपाल र एशियाली अध्ययन संस्थान)।

सपरिचय सुधार कार्यको विवरण (वि.सं.२०१७), (काठमाडौः उपत्यकाञ्चल तात्कालिक सुधार समिति) ।

स्थानीय स्वायत्त शासन ऐन, (वि.सं. २०५६)।

Daniel,R.(Ed.,1958), *History of Nepal,* Second Indian Edition-CalcuttaM Sushil Gupta Private Ltd.

Luciano,P.(1958), *Mediaeval History of Nepal,* Roma M Istiuto Italiano Per IL Medio Ed Estremo Oriente.

Michaels, M., & Tandon, G. (2017), *Pashupatichhetra,* KathmanduM Himalayan Tradition Culture Series, No. 12.

❖❖❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri.

राज्यसत्ताको वैधानिकतामा पशुपतिनाथसँगको सम्बन्ध

✍ गोपीकृष्ण ढुंगाना

लेखसार

पशुपतिनाथ मन्दिर केवल धार्मिक आस्था र विश्वासको प्रतीक मात्र नभएर नेपाली कला, संस्कृति र सम्पदाको महत्वपूर्ण धरोहर पनि हो । गर्भगृहमा रहेको शिवलिङ्गको दर्शन र पशुपतिनाथको पूजाआजाले भक्तजनको मनोकामना पूरा हुने जनविश्वास छ। पशुपतिनाथको दर्शन गर्नाले केदारनाथ र अन्य ज्योतिर्लिङ्गको दर्शनको फल प्राप्त हुने बताइन्छ। पशुपतिनाथ औपचारिक रूपमा १२ ज्योतिर्लिङ्गमा पर्दैन तर धार्मिक, सांस्कृतिक र आध्यात्मिक महत्वका हिसाबले यो मन्दिर कुनै पनि ज्योतिर्लिङ्गभन्दा कम मानिँदैन। नेपाल र पशुपतिनाथ मन्दिरको उद्‌भवका हिसाबले अनन्य सम्बन्ध रहेको पाइन्छ। विश्व सम्पदा सूचीमा सूचीकृत पशुपतिनाथले विश्वमा नेपाललाई चिनाएको छ। यसलाई दक्षिण एसियाकै महत्वपूर्ण सांस्कृतिक र धार्मिक स्थल मानिन्छ।

पशुपतिनाथ मन्दिरले प्राचीन कालदेखि नै राज्यको शक्ति, राजनीति र धार्मिक आस्थाबीचको सम्बन्धलाई प्रतिविम्बित गर्दै आएको छ । पशुपतिनाथलाई नेपाली शासकहरूले शक्ति र शासनको प्रतीकका रूपमा ग्रहण गरेका पाइन्छ । प्राचीन किराँतकालदेखि नै शासकहरूले पशुपतिनाथलाई आफ्नो धार्मिक आस्थाको केन्द्र मान्दै मन्दिरको संरक्षण गरेका तथ्य अभिलेख र शास्त्रमा भेटिन्छ। त्यसपछि, लिच्छवि, मल्ल र शाह वंशीय शासकहरूले मन्दिरको पुनर्निर्माण, सम्पत्ति व्यवस्थापन र पूजापाठको व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेले । विशेषगरी मल्लकालमा पशुपतिनाथमा धार्मिक कर्मकाण्डलाई संस्थागत गरियो । शाह वंशको उदयसँगै पशुपतिनाथको महत्व झन् बढ्यो, यसको महिमा चौतर्फी फैलियो । पृथ्वीनारायण शाहले पशुपतिनाथलाई आफ्नो राज्य विस्तारको आध्यात्मिक संरक्षकका रूपमा स्वीकार गरे । उनले 'पशुपतिनाथको भक्त हुने र धर्मको संरक्षण गर्ने राजा नै शक्तिशाली हुन्छ' भन्ने विश्वासलाई प्रोत्साहित गरे। यही कारण पनि शाहवंशीय शासकहरू आफ्नो शक्ति प्राप्ति र राज्य विस्तारका लागि पशुपतिनाथसँग आस्था जोड्थे। पञ्चायती शासनकालमा पनि पशुपतिनाथलाई राष्ट्रको सांस्कृतिक पहिचानका रूपमा स्थापित गरियो । राजा महेन्द्र र राजा वीरेन्द्रले पशुपतिनाथ मन्दिरको संरक्षणलाई राष्ट्रिय गौरवसँग जोडेर हेराइ गरे। यहाँसम्म कि विदेशी पाहुनाहरूको स्वागतका क्रममा पशुपतिनाथ मन्दिरको दर्शन गराउने परम्परा पनि सुरू भयो। राजनीतिक परिवर्तनहरूका बाबजुद पशुपतिनाथको धार्मिक महत्व र शासकीय सम्बन्ध यथावत् रह्यो । गणतन्त्र स्थापनापछि पनि पशुपतिनाथको प्रशासन तथा व्यवस्थापनलाई लिएर बहस भएका छन् । तर, धार्मिक आस्था र सांस्कृतिक प्रतीकका रूपमा यसको भूमिकामा कुनै कमी आएको छैन । अन्ततः पशुपतिनाथ केवल धार्मिक आस्थाको केन्द्र मात्र नभई, राज्यसत्ताको वैधानिकता स्थापित गर्ने साधनका रूपमा पनि महत्वपूर्ण रहँदै आएको छ। चाहे त्यो मल्लकाल वा शाह वंश होस् अनि पञ्चायत शासनकाल वा गणतान्त्रिक युग, पशुपतिनाथसँग शासकहरूको सम्बन्ध सधैं सत्ताको आध्यात्मिक जग बनाउन केन्द्रित रह्यो। यस लेखमा लिच्छवि कालदेखि हालसम्मका शासकहरू र पशुपतिनाथ मन्दिरबीचको आपसी सम्बन्धको जाँच गरिएको छ। यस अध्ययनले कसरी मन्दिरलाई शासकहरूले वैधता दिए र आफू अनुकूल प्रयोगमा ल्याए भनेर बुझ्न सहयोग गर्छ। जसले देशको सामाजिक एवं राजनीतिक परिदृश्यलाई प्रतिबिम्बित गरेको छ । शासकहरूसँग पशुपतिनाथको सम्बन्धलाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्दा धार्मिक, सामाजिक, राजनीतिक, ऐतिहासिक र पर्यावरणीय आयामहरू प्रस्ट देख्न सकिन्छ। प्रत्येक दृष्टिकोणले शासकहरूद्वारा पशुपतिनाथलाई कसरी प्रयोग, संरक्षण र सम्मान गरियो भन्ने कुरालाई स्पष्ट पार्छ।

शब्दकुञ्जी : नेपाल, पशुपतिनाथ, शासक, राज्यसत्ता, धर्म र राजनीति, शक्ति गतिशीलता

विषय प्रवेश

'पशुपतिनाथ' शब्दको प्रयोग सबैभन्दा पहिले गोपाल वंशावलीमा गरेको भेटिन्छ । उक्त वंशावलीमा 'नेप' नाम गरेका गोपालले पशुपतिनाथलाई प्रकट गरेको कथा समावेश छ । इतिहासमा पानाहरूमा प्रशस्तै पाइन्छ कि लिच्छविकालमा

✍ *श्री ढुंगाना, अन्नपूर्ण पोष्ट दैनिक का अपेड एडिटर हुनुहुन्छ। Email: gopiji2065@gmail.com*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पशुपतिनाथको महिमा ठूलो थियो। सोही वंशावलीमा सुपुष्पदेवले नेपालमा वर्णव्यवस्था चलाएको, पशुपतिनाथको देवालय बनाएको कुरा पाइन्छ। अझ पशुपतिनाथलाई इष्टदेवता मानेका अंशुवर्माका पालाका सबैजसो अभिलेखमै पशुपतिनाथको ठूलो महिमा भेटिन्छ। कतिसम्म भने १६ वर्ष राजकाज चलाएका उनले सर्वप्रथम 'महाराजधिराज' पदवी धारण गरेका थिए । आफ्ना सबै शिलालेखमा शिवभक्त भएको उल्लेख गर्ने अंशुबर्माले आफूलाई 'पशुपतिभट्टारकपादानगृहीतः' विशेषण लगाएको पाइन्छ। शासकमा शिवभक्ति देखिएको यो इतिहासमै सर्वाधिक विशेष र महत्वको विषय हो। गोपालवंशदेखि हालसम्म नेपालमा विभिन्न वश तथा जातिहरूले शासन गरेको पाइन्छ। पुराणहरूमा व्याख्या गरेअनुसार नेपाल सिद्ध ऋषिमुनिहरूको क्षेत्र हो। सिद्ध ऋषि नेमुनिको क्षेत्र नेपालमा हजारौं तीर्थ र तिनका अंश साढे तीन करोड तीर्थ अनि ६४ लिङ्ग छन् भनेर हिमवत्खण्डमा वर्णन गरिएको पाइन्छ। लिच्छविकालीन राजा अंशुवर्मादेखि पृथ्वीनारायण शाहसम्मका राजाहरूको आरम्भ र लक्ष्य नै पशुपतिनाथ भगवान् रहेको कुरा जगदीशचन्द्र रेग्मीले 'पशुपति-गुहेश्वरी महात्म्य'मा उल्लेख गरेका छन्। 'इतिहासका पाना पल्टाएर हेर्‍यौं भने प्रत्येक महत्वाकाङ्क्षी व्यक्तित्वको चारित्यको आरम्भ र लक्ष्य पशुपतिनाथ नै भएको तथ्य अंशुवर्मादेखि जयप्रकाश मल्लसम्मका ऐतिहासिक चरित्रहरूले सिद्ध गरेका छन्' भनेर उनले लेखेको वाक्यले नेपालका शासकहरू पशुपतिनाथप्रति नतमस्तक भएको पुष्टि गर्छ। श्री ५ पृथ्वीनारायण शाहले दिग्विजयसिद्धिको स्वरूपस्त्ययन पशुपतिनाथमै गरेका थिए भन्ने उनको लेखाइबाट थप आधार मिलेको छ। यस्ता गहनतम यथार्थ बुझेका विभिन्न कालखण्डका शासकहरूले खासगरि महाज्योतिर्लिङ्ग आराध्यदेव पशुपतिनाथ र यसको महत्वलाई कुन दृष्टिकोणले हेर्थे भन्ने कुरा नै यसमा खोज गरिएको छ।

नेपालका शासकहरू र पशुपतिनाथ मन्दिरबीचको सम्बन्ध धार्मिक आस्था, सांस्कृतिक संरक्षण र राजनीतिक सन्तुलनका दृष्टिकोणले पनि महत्वपूर्ण देखिन्छ र मानिन्छ पनि। विभिन्न कालखण्डका शासकहरूले पशुपतिनाथ मन्दिरलाई संरक्षण, पुनर्निर्माण तथा धार्मिक उत्सवहरूको प्रवर्द्धनमार्फत आआफ्नो सत्तालाई वैधता प्रदान गर्ने प्रयास गरेको इतिहास सबैसामु जगजाहेर छ। मूलतः मल्ल, शाह र राणा शासकहरूको कार्यहरूले पशुपतिनाथ मन्दिर केवल धार्मिक आस्थाको केन्द्रमात्र नभएर सत्ताको प्रतीक, सांस्कृतिक पहिचानको प्रतीक र सत्ता स्थापनाको वैचारिक आधारका रूपमा प्रयोग भएको यो अनुसन्धानले देखाउँछ। मल्ल कालका शासकले पशुपतिनाथको संरक्षणलाई धार्मिक कर्तव्यका रूपमा हेरे भने शाह राजाहरूले आफ्नो धार्मिक आस्थासँगै राजनीतिक स्थायित्वका लागि यसको प्रयोग गरे। राणा शासकहरूले चाहिँ यो मन्दिरलाई आफ्नो सत्तासम्बन्धी वैधानिकताको प्रतीकका रूपमा प्रयोग गरेका थिए। शासकहरूको संरक्षण प्रयासले मन्दिरको भौतिक स्वरूपलाई मात्र सुरक्षित गरेन, धार्मिक संस्कार, सांस्कृतिक महत्व र ऐतिहासिक धरोहरलाई पनि निरन्तरता दियो। जसका कारण पशुपतिनाथले विश्वमा नेपाल देशलाई चिनाउन मद्दत गर्‍यो। विभिन्न समयमा भएको पुनर्निर्माण र जीर्णोद्धारले यस मन्दिरको भौतिक संरचना, मूर्तिकलाहरू र कलात्मक महत्वलाई जोगाइराख्न सहयोग पुर्‍याएको पाइन्छ। अन्ततः, पशुपतिनाथ मन्दिर नेपालका शासकहरूका लागि धार्मिक आस्था र सत्ताको प्रतीकको रूपमा रहेको देखिन्छ। शासकहरूले धार्मिक सम्पदालाई संरक्षण गर्दै, जनताको समर्थन प्राप्त गर्ने र राजनीतिक स्थायित्व कायम राख्ने माध्यमका रूपमा पशुपतिनाथको प्रयोग गरेका थिए भन्ने आधार पर्याप्त छन्। जसले नेपालमा धर्म, संस्कृति, सम्पदा र राजनीतिबीचको अन्तरसम्बन्धलाई उजागर गर्छ।

नेपाल र पशुपतिनाथको सम्बन्ध र सन्दर्भ

धर्मशास्त्र तथा पुराणहरूमा नेपाललाई अत्यन्तै प्राचीन भूमिका रूपमा व्याख्या गरिएको छ। नेपालका पर्वत शृङ्खलाहरू १३ करोड वर्षअघि बनेको र एक करोड वर्षअघिदेखि मानवको बसोबास भएको इतिहास पाइन्छ। करिब १३ करोड वर्षअगाडि बनेका नेपालका पर्वत शृङ्खलाहरू र पछि आएर उपत्यकाहरूमा प्राणीहरूको आकर्षण विशेष रूपमा बढ्दै गएको पाइन्छ। पश्चिम नेपालको बुटवल क्षेत्रमा पाइएको रामापिथेकस मानवको अवशेषले एक करोड वर्षभन्दा अगाडिदेखि नै नेपालमा मानवको बसोबास सुरु भइसकेको तथ्य स्पष्ट हुन्छ (नेपाल परिचय, २०७९ : ७७)। नेपालमा एक करोड वर्षदेखि मानवको बसोबास भएको पाइन्छ भनिए पनि शासकहरूले भने केही हजार वर्षदेखि मात्र शासन गरेको इतिहास भेटिन्छ। गोपाल राजवंशावलीकारले कलियुगको उठानदेखि अर्थात् पाँच हजार जति वर्षअघिदेखि नेपाल उपत्यकामा बस्ती बस्न सुरु भएको कुरा अनुश्रुतिका आधारमा लेखेका छन् (वज्राचार्य, पूर्णिमा : वर्ष ५ अङ्क १ लेखे पनि मिति उल्लेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
छैन)। इस्वी संवत्को थालनी अघिसम्म नेपालको इतिहास प्रमाणिक रूपमा स्पष्टसँगले कतै उल्लेख भएको पाइँदैन। यसकारण किराँतकालपूर्वका ठोस ऐतिहासिक सामग्री हाल प्राप्त छैनन्। शिवमहापुराणमा पशुपतिनाथको प्राकट्यका बारेमा स्पष्ट रूपमा नेपाल देशमा प्रसिद्ध शिवलिङ्ग शिरका रूपमा रहेको कुरा उल्लेख भएबाट पशुपतिनाथको उद्भव पौराणिक कालभन्दा अगाडि भएको हो भन्न सकिन्छ। यसरी पशुपतिनाथको उत्पत्ति नेपालको उत्पत्तिसँग जोडिएको छ। त्यसैले नेपाल र पशुपतिनाथ अन्तरसम्बन्धित छन्' (ढुंगाना, २०७९ : ६६९ र ६७०)।

लिच्छविकालीन अभिलेखहरूमा त्यस कालको सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक र भौगोलिक पक्षमा केही मात्रामा सङ्केत गरिएको पाइन्छ। इस्वी संवत्को थालनीसँगै लिच्छविकाल सुरुआत भएको मानिन्छ। विभिन्न प्रमाणलाई आधार मान्ने हो भने इस्वीको पाँचौं शताब्दीदेखि मात्र प्राचीन नेपालको इतिहास विश्वासिलो भएको आभास हुन्छ। यसरी अभिलेखलाई आधार मान्दा नेपालको उद्भव वि.सं. ५६९ नै हो भन्न सकिन्छ। नेपालका शिलालेखहरूमा भने ५६९ सालको टिस्टुङ अभिलेखमा पहिलोपटक नेपाल शब्द उल्लेख छ' (नेपाल परिचय, २०७९ : ७७)। भाषागत र जातिगत आधारलाई नेपालको नामकरणको आधार लिइएको पाइन्छ। यकिन तिथिमिति नपाइए पनि प्राचीन नेपालमा गोपालवंशी शासकहरू, महिषपालवंशी राजाहरू, किराँतवंशी राजाहरू र लिच्छविकालीन राजाहरूले शासन चलाएको पुष्टि अभिलेख, वंशावली आदिले गरेका छन्। त्यसपछि मध्यकालमा मल्ल राजाहरू र आधुनिक कालमा शाहवंशीय राजाहरूले नेपालको राज्य सञ्चालन गरेका थिए। यही कालमा पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियान पूरा गरे।

राणा शासकहरूले पशुपतिनाथ मन्दिरलाई प्रतीकात्मक शक्तिका रूपमा प्रयोग गरेको पाइन्छ। जंगबहादुर राणा र उनका उत्तराधिकारीहरूले मन्दिरको व्यवस्थापन र पुजारीहरूको नियुक्तिमा नियन्त्रण कायम गरे। मन्दिरको वित्तीय स्रोत र दानको नियन्त्रणमार्फत उनीहरूले धार्मिक अधिकारमाथि प्रभुत्व स्थापित गरे। यसले राणाहरूलाई नेपालको आध्यात्मिक सम्पदाका दिव्य संरक्षकको रूपमा प्रस्तुत गर्न मद्दत पुऱ्यायो' (व्हेल्प्टन, २००५)। १०४ वर्ष राणाशासन काल सकिएपछि २००७ देखि २०१७ सालसम्म नेपालमा प्रजातान्त्रिक व्यवस्था आयो। २०१७ देखि २०४६ सालसम्म पञ्चायत काल र त्यसपछि बहुदलीय व्यवस्था रहेको पाइन्छ। २०६२/६३ को दोस्रो जनआन्दोलनपछि नेपालमा लोकतन्त्र र गणतन्त्र छ। प्राचीन नेपालसँगै पशुपतिनाथको उत्पत्ति भएको सन्दर्भमा गोपालवंशदेखि हालसम्मका शासकको पशुपतिनाथसँगको सम्बन्ध देखिन्छ। नेपालको जुनसुकै शासन प्रणालीले पशुपतिनाथलाई आफ्नो संरक्षक मान्दै आएको पाइन्छ।

अध्ययन विधि

प्रस्तुत लेख प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्यांकहरुको प्रयोगगरी वर्णनात्मक तथा विश्लेशणात्मक ढाँचामा तयार गरिएको छ। यसका लागि द्वितीयक तथ्याङ्कका रुपमा पशुपतिनाथका वारेमा प्रकाशित पुस्तक र लेखरचनाहरु प्रयोग गरिएका छन्। यसैगरी लेख तयारीका क्रममा पशुपतिका अर्चक, भक्त र विज्ञहरुसंग अन्तर्वार्ता वाट प्राथमिक तथ्यांक संकलन गरिएका छन्। अन्तमा यी दुवै प्रकारका तथ्याङ्कको तुलना र विश्लेषण गरी यो लेख तयार पारिएको छ।

पशुपतिनाथसँग गोपालवंशको सम्बन्ध

गोपालवंशी नेपालका प्रथम राजाहरू थिए। गोपाल भन्नाले गाईपालक समुदाय बुझिन्छ। काठमाडौंको पानी चोभारको डाँडो काटेर बाहिर बगाएपछि उपत्यका मानव जातिका लागि बसोबास गर्न योग्य भयो। त्यसपछि दक्षिणतर्फका 'नीप' जातिका गोपालवंशीहरू यो जमिन देखेर आकर्षित भए। उनीहरूले स्थानीय 'नाग' जातिलाई युद्धमा पराजित गरे। त्यसपछि काठमाडौं उपत्यकामा राज्य सञ्चालन गर्न थाले। यसरी नेपालका पहिलो राजा गोपालवंशका थिए।

नेपालको उत्पत्तिसँग पशुपतिनाथको उद्भवको सम्बन्ध पनि जोडिएको घटनालाई गोपाल राजवंशावलीले यसरी प्रमाणित गरेको छ : वंशावलीहरूमा उल्लेखित कथाअनुसार यिनीहरूको एउटा बहुह्नी नाम गरेको गाईले सधैं वाग्मतीतिरको एक ठाउँमा गएर दूध चढाउने गर्थिन्। सो स्थल खनी हेर्दा पशुपतिको ज्योतिर्लिङ्ग उत्पन्न भयो। त्यसपछि टेकु दोभानमा तपस्या गरी बस्ने 'ने' मुनिले गोपालवंशका भुक्तमान (भूमिगुप्त) लाई राजा बनाए। यिनी गोपालवंशका संस्थापक मात्र नभई नेपालका प्रथम राजा पनि भए। गोपालवंशी आठजना शासकहरू (भूमिगुप्त, जयगुप्त, धर्मगुप्त, हर्षगुप्त, भीमगुप्त, मणिगुप्त, विष्णुगुप्त र जीनगुप्त) ले करिब ५/५ वर्ष शासन गरे (नेपाल परिचय, २०७७ : ८२)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी नेपालमा शासन गर्ने पहिलो राजा गोपालवंशी थिए भन्ने सरकारी तथ्यबाट पुष्टि हुन्छ। सरकारले प्रकाशित गरेको पुस्तकबाटै यी गोपालवंशीहरूको इतिहास, नेपालको उत्पत्ति र पशुपतिनाथको उद्भव एकआपसमा जोडिएको देखिन्छ। वंशावली कथालाई आधार मान्दा बागमती नदीकिनारमा एउटा गाईले सधैं दूध चढाउने गरेको देखेपछि उक्त स्थान खनेर हेर्दा ज्योतिर्लिङ्ग भेटिएको सन्दर्भले पशुपतिनाथसँग घनिष्टता भएको पुष्टि हुन्छ। जसबाट पशुपतिनाथ र गोपालवंशी शासकबिच पारस्परिक सम्बन्ध रहेको देखिन्छ।

पशुपतिनाथ र महिषपालवंशको सम्बन्ध

गोपालवंशी शासनपश्चात् नेपालको इतिहासमा महिषपालवंशीले शासन सञ्चालन गरेको पाइन्छ। गोपालवंशका जिन गुप्तलाई युद्धमा पराजित गरी महिषपालहरूले नेपालको शासन नियन्त्रणमा लिए। त्यसबेला गाई पाल्नेलाई गोपाल भने भैंं भैंसी पाल्नेलाई महिषपाल भन्ने गरिन्थ्यो। केही इतिहासविद्‌हरूले चाहिँ गोपाल र महिषपाल एउटै वंशका भएका र पेसागत आधारमा मात्र दुई समुदायमा विभाजित भएको तर्क गरेको पाइन्छ।

नेपाल परिचय नामक कृतिले उक्त कुरालाई यसरी पुष्टि गरेको छ : कर्कप्याट्रिकको वंशावलीमा आभिरहरू राजपूत उत्पत्तिका ग्वालाहरू भएका र सिम्रौनगढ–जनकपुरबिचको समतल भूमिमा आफूसँग हातहतियारसमेत राखी ठूलो संख्यामा भैंसी पाल्ने गरेकोमा पछि उपत्यका प्रवेश गरी गोपालवंशी राजालाई हराई शासनमा नियन्त्रण कायम गरेको भनी उल्लेख गरिएको छ। यस वंशका प्रथम राजा वरसिंह हुन्। गोपाल वंशावलीअनुसार यस वंशका तीन शासकहरू वरसिंह, जयसिंह र भुवनसिंहले क्रमशः ४९ वर्ष, ७१ वर्ष २ महिना र ४१ वर्ष गरी जम्मा १६१ वर्ष २ महिना शासन गरेका थिए (नेपाल परिचय, २०७७ : ८२)। महिषपाल शासकहरूको सम्बन्ध भने पशुपतिनाथसँग भएको सम्बन्धमा खासै तथ्यप्रमाण भेटिएको छैन।

पशुपतिनाथ र किराँतवंशीको सम्बन्ध

किराँतवंशी राजा यलुङ वा यलम्बरले महिषपालवंशका अन्तिम राजा भुवनसिंहलाई युद्धमा पराजित गरी नेपालको शासन प्रारम्भ गरेको तथ्य पाइन्छ। नेपालको सन्दर्भमा यो शासन व्यवस्थादेखि मात्रै ऐतिहासिक घटनाक्रमको सुरुआत भएको भेटिन्छ। 'नेपालको इतिहासमा किराँतवंशका २९ पुस्ताका ३२ राजाले झन्डै १५०० वर्ष शासन चलाएको पाइन्छ' (नेपाल परिचय, २०७७ : ८२)। यस वंशका राजाहरू यलम्बर, हुमति, जितेदास्ती र स्थुंको आदि प्रमुख थिए।

पशुपतिनाथसँग किराँतवंशहरूको सम्बन्धमा केही उल्लेख नपाइए पनि लिच्छविकालीन समयमा केही अभिलेखमा भने किराँतवंशीहरूको पशुपतिनाथसँग सम्बन्ध थियो भन्ने उल्लेख छ। 'किराँतकालको सङ्केत दिने पशुपति आर्यघाटपारिको किराँतेश्वर महादेव नामक शिवलिङ्ग तथा पशुपति आर्यघाटमा रहेको विरूपाक्ष वा कलि नामले चिनिने मूर्तिहरूमा लिच्छविकालका प्रचलित मूर्तिहरूमा भन्दा भिन्न प्रकारको विशेषता पाइने हुनाले तिनीहरूको निर्माणमा किराँतकालको प्रभाव पर्नु धेरै सम्भव भएकाले किराँतकालिक नेपालमा कलाकौशलको विकास भएको मान्न सकिन्छ' (वज्राचार्य, २०२५ : १–८)। वज्राचार्यको यो लिखतले किराँती शासक पशुपतिनाथसँग जोडिएको पुष्टि हुन्छ।

यसैगरी, किराँतकालीन समयमा भारतमा नन्दवंश र मौर्यहरूको शासन व्यवस्था थियो। 'भारतमा राज्य गर्ने शासकहरूले शैव धर्मको विकासमा यथेष्ट ध्यान दिइएको पाइन्छ। यसको प्रभाव नेपालमा पनि परेको देखिन्छ। पशुपतिनाथको प्रादुर्भाव नेपालमा भएको र त्यसको प्रभाव जनजीवनमा अत्यधिक परेकाले शैव धर्मको उत्थान राम्रोसँग भएको पाइन्छ। किराँतहरूलाई भगवान् शिवको अनन्य भक्त बताइएको उल्लेख पाइन्छ' (रिसाल, २०२९ : १२५)। किराँतहरू शिवका भक्त भएको यो प्रसङ्ग वलियो प्रमाण बनेर उभिएको छ।

यसरी पशुपतिनाथसँग किराँतवंशहरूको सम्बन्ध भएको भए पनि के कस्तो थियो भन्ने कहीँकतै खासै उल्लेख भएको पाइँदैन। यद्यपि लिच्छविकालका केही अभिलेखबाट पनि किराँतवंशीहरूको सम्बन्ध पशुपतिनाथसँग थियो भन्ने पुष्टि हुन्छ। तत्कालीन समयमा पशुपतिनाथको प्रभाव भारतमा परेको र सोही कारण नेपालमा पनि शैव धर्मको विकासमा केही काम भएको भन्ने बुझिन्छ। किराँतकालीन समयका राजाहरूले पनि शैव धर्म मान्थे र त्यतिबेला शिवलाई नै मुख्य देवताका रूपमा पूजा गर्थे भन्ने कुरा माथिको भनाइबाट पुष्टि हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिनाथ र लिच्छवीकालीन शासकको सम्बन्ध

नेपालमा किराँतवंशपछि लिच्छविहरूले शासन चलाएको पाइन्छ। यिनीहरूको शासन व्यवस्था भने पशुपतिनाथसँग अनन्य ढङ्गले जोडिएको छ। पशुपति अभिलेखमा लिच्छवि राजाहरूको सुरुदेखिकै वंशावली लेखिएको छ। जसका आधारमा सन् ४६४ मा चाँगु अभिलेख स्थापना गर्ने राजा मानदेव लिच्छवि वंशका ३९औं राजा रहेको देखिन्छ। 'लिच्छविकालीन शासन व्यवस्था इसापूर्व २९६ मा सुरु भएको र लिच्छविकालीन समयमा सुपुष्प, मानदेव, अंशुवर्मा, नरेन्द्रदेव र जयदेव द्वितीय आदि राजाहरूले राज्य गरेको कुरा इतिहासमा उल्लेख छ' (नेपाल परिचय, २०७७ : ८३-८८)। लिच्छवि वंशले पशुपतिनाथ मन्दिरमाथि औपचारिक रूपमा राज्यको नियन्त्रणको सुरुआत गरेको थियो। मन्दिरमा भेटिएका अभिलेखहरूले दान र मन्दिरको निर्माणमार्फत राजाको संरक्षणलाई प्रस्ट्याउँछन्' (रेग्मी, सन् १९६६)।

लिच्छविकालको धार्मिक परम्परा स्वतन्त्र किसिमको थियो। यस समयमा एकाघरका सदस्यहरूले पनि विभिन्न धर्म मान्न पाउने छुट थियो। यस समयमा मानिसहरूले शैव, वैष्णव, बौद्ध आदि धर्ममा आस्था राखेको पाइन्छ। यस कुरालाई धनवज्र वज्राचार्यले यसरी पुष्टि गरेका छन् : 'लिच्छविकालमा धार्मिक स्वतन्त्रता थियो। राजा तथा प्रजा आफ्नो श्रद्धाअनुसार विभिन्न धर्ममा लाग्न सक्दथे। यसैले लिच्छविकालमा एउटै परिवारमा पनि कोही कुनै धार्मिक सम्प्रदायमा श्रद्धा राख्ने, कोही कुनै धार्मिक सम्प्रदायमा श्रद्धा राख्ने पनि देखिएका छन्। पतिको जुन धर्ममा श्रद्धा त, पत्नीले पनि त्यही धर्ममा श्रद्धा राख्नुपर्दछ भन्ने बन्देज थिएन। अझ एउटै व्यक्तिले पनि विभिन्न धार्मिक सम्प्रदायमा श्रद्धाभक्ति राख्न सक्दथे। लिच्छविकालका प्रसिद्ध शासक मानदेव, अंशुवर्मा र नरेन्द्रदेवहरूको धर्मप्रतिको भावना मात्र केलाएर हेरे तापनि उक्त कुरा सजिलैसँग थाहा पाउन सकिन्छ। राजा मानदेवको व्यक्तिगत रूपमा वैष्णव धर्ममा श्रद्धा रहेको थियो। अंशुवर्माको पनि व्यक्तिगत रूपमा शैवधर्ममा श्रद्धा रहेको थियो तर शासकको हैसियतले उनले शैव, वैष्णव, बौद्धधर्मलाई समकक्षामा राखी आदर देखाएथे। यो हाँडीगाउँको अभिलेखबाट थाहा पाइन्छ' वज्राचार्य, २०३० : २९७)।

लिच्छविकालका सबैभन्दा महत्वपूर्ण राजा भनेका अंशुवर्मा हुन्। नेपालका एक राष्ट्रिय विभूतिसमेत रहेका अंशुवर्माले पशुपतिनाथलाई प्रमुख आराध्यदेव भगवान्का रूपमा पूजा गर्ने गरेको कुरा नेपालका प्राचीन अभिलेखहरूमा उल्लेख छ। उनको उदयसँगै शैव धर्मले पर्याप्त स्थान पाएको देखिन्छ। यसको पुष्टि पनि धनवज्र वज्राचार्यले गरेका छन् : 'अंशुवर्माले एक्लै शासन चलाउन थालेपछिका उनका अभिलेखमा त सबैमा 'भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका' भन्ने भावको विशेषण रहेको पाइन्छ। तर, शिवसँगै रही संयुक्त शासनकालमा गरिएका अभिलेखमध्ये खोपासीको यस अभिलेखमा पशुपतिनाथको स्मरण गर्नामा विशेष कारण थियो भन्ने सहजै अनुमान गर्न सकिन्छ। यति कुरा गर्नाका तात्पर्य द्वारोद्घाटन यात्रा र कैलाश यात्राको सम्बन्ध पशुपतिनाथसँग थियो भन्ने हो, पशुपतिनाथको मन्दिरको द्वारको उद्घाटनको उपलक्ष्यमा गरिने यात्रा 'द्वारोद्घाटनयात्रा' र पशुपतिनाथको मन्दिरसँगै रहेको कैलाश थुम्कोमा गरिने यात्रा कैलाश यात्रा हो किजस्तो मलाई लाग्छ भनेका छन्' (वज्राचार्य, २०३० : २७७)।

प्रस्तुत केही घटना र सन्दर्भले किराँतहरू भगवान् शिवको अनन्य भक्त रहेको स्पष्ट छ। 'यद्यपि किराँतकालका कैयन् पक्षको बारेमा शोधखोज गर्नु बाँकी नै छ। तर, आजका राई, लिम्बू, मगर, गुरुङ, दनुवार आदिले प्राचीन किराँतहरूको प्रतिनिधित्व गर्दछन् भन्न सकिन्छ' (प्रपन्नाचार्य, २०४२ : ४४-४५)। गोविन्द टण्डनले यी किराँतहरू भिन्न-भिन्न नामले भगवान् शिवलाई अद्यापि पूजा-आजा गरिरहेको उल्लेख गरेका छन्। यसरी हेर्दा शैव धर्मको विकासमा लिच्छविकालको अहं भूमिका देखिन्छ। यस भनाइबाट अंशुवर्माले पशुपतिनाथलाई आफ्नो शासन व्यवस्थामा सर्वोच्च स्थान दिइएको पाइन्छ।

द्वारोद्घाटन यात्रा र कैलाश यात्राको सम्बन्ध पशुपतिनाथसँग रहेको सन्दर्भले लिच्छविकालका राजाको भक्तिभाव देखिन्छ। अझ शासन चलाउन थालेपछिका उनका सबैजसो अभिलेखमा 'भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका' भन्ने भाव उल्लेख हुनुले अंशुवर्माको पशुपतिनाथसँग गहिरो श्रद्धाभाव भएको पुष्टि हुन्छ। यसरी लिच्छविकालका अंशुवर्मा नै प्रमुख शासक भएकाले लिच्छविकालीन समयका राजाहरूले पशुपतिनाथलाई विशिष्ट महत्व दिइएको देखिन्छ। 'राजा अंशुवर्मा (६०५-६२१ ईस्वी)ले मन्दिरको संरक्षणका लागि जग्गा र धनसम्पत्ति प्रदान गरेको उल्लेख गरिएको छ। यो संरक्षणले धर्म र राज्यबीचको पारस्परिक सम्बन्धलाई प्रस्ट पार्छ, जहाँ राजा पवित्र स्थलसँगको सम्बन्धबाट आध्यात्मिक वैधता प्राप्त गर्थे' (मिखाएल्स, सन् २००८)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिनाथ र मध्यकालीन शासकको सम्बन्ध

नेपाली इतिहासमा ९३६ सालदेखि नेपालको एकीकरण भएको अवधि १८२५ सम्मको समयलाई मध्यकाल नामले सम्बोधन गरिएको पाइन्छ। ९०० वर्षको लामो यस समयमा सर्वप्रथम मल्ल वंशका राजाहरूले शासन गरेका थिए। मल्लवंशीय राजाहरूले विभिन्न ठाउँमा विभिन्न स(साना राज्य खडा गरेर शासन चलाउन सुरु गरेको इतिहास छ। यस कालमा आफ्नै किसिमबाट शैव धर्मको विकास भएको पाइन्छ। जसमा सबैभन्दा महत्वपूर्ण घटना पशुपतिसंवत्सरको थालनीलाई लिन सकिन्छ।

'मध्यकालका राजा राघवदेवले पशुपतिसंवत्सरको प्रारम्भ गरेका हुन् भन्ने केसर पुस्तकालयमा भएको एउटा वंशावलीमा राजा श्रीराघवदेव वर्ष ६३ मास ६ ॥ श्रीपशुपतिभट्टारके संवत्सरप्रवृर्त्तिः कृता' (वज्राचार्य र अन्य, सन् १९८५ : ५३) भन्ने कुरा उल्लेख भएबाट मध्यकालमा पशुपतिनाथको महत्व अधिक मात्रामा रहेको स्पष्ट हुन्छ। पशुपतिनाथमा कुनै धार्मिक कृत्य गरी पशुपति संवत्सर चलाइएको र पछि गएर यही संवत्सर नेपाल संवत् नामले प्रसिद्ध भयो। जसबाट यस कालका शासकवर्गहरूमा पशुपतिनाथप्रति असीम श्रद्धाभक्ति रहेको देखिन्छ।

'मध्यकालमा स्थापना भएका शिलालेखहरूमा शैव धर्मसँग सम्बद्ध मूर्तिहरू यत्रतत्र रूपमा पाइन्छन्। मध्यकालका प्रसिद्ध राजा गुणकामदेवले पशुपतिनाथ मन्दिरमा एघार कोष चढाउनुका साथै देवपत्तनस्थित ईशानेश्वरको मन्दिरमा तामाको छाना चढाएको उल्लेख छ। यसका साथै उनले यस सोही ठाउँमा लामो पाटी तथा सुन्धारा बनाई कोटिहोम पनि गरेका थिए' (ऐजन, सन् १९८५ : ७९)। यसरी नै यसकालका अर्का राजा शिवदेवले पशुपतिनाथको मन्दिर पुनर्निर्माण गरेको पाइन्छ। 'चाँदीको कमलको पिण्डिका चढाउनुका साथै पशुपतिनामाङ्कित मुद्राको प्रभावले श्रीशिव अङ्कित शिवाङ्क नामको सुनको सुकीसमेत चलाएका थिए। यस कालमा कुनै ठाउँलाई शिव ग्वल नामकरण गरी भगवान् शिव र शैव धर्मप्रति आस्था बढाउने काम पनि गरेको पाइन्छ' (रेग्मी, २०३० : २)।

यसरी मल्लकालमै पशुपतिसंवत्सरको थालनी हुनुले यसकालमा शासकहरू पशुपतिनाथसँग नजिक थिए भन्ने स्पष्ट हुन्छ। यस्तै, मध्यकालमा स्थापना भएका शिलालेखहरूमा शैव धर्मसँग सम्बद्ध मूर्तिहरू यत्रतत्र रहेकाले पनि तत्कालीन शासकको पशुपतिनाथसँगको घनिष्टता झल्किन्छ। यस कालको सबैभन्दा महत्वपूर्ण सन्दर्भ त के छ भने राजा शिवदेवले पशुपतिनाथको मन्दिर पुनर्निर्माण गरी चाँदीको कमलको पिण्डिका चढाए। साथै पशुपतिनामाङ्कित मुद्राको प्रभावले श्रीशिव अङ्कित शिवाङ्क नामको सुनको सुकीसमेत चलाएको पाइन्छ।

पशुपतिनाथ र मल्लकालका शासकको सम्बन्ध

मल्लकालमा पनि नेपालको शैव धर्मको इतिहास आफ्नै किसिमको छ। जसमा साहित्य, संस्कृति, सिर्जना र कला एवम् वास्तुकलाका माध्यमबाट शैव धर्मको जगेर्ना गरेको पाइन्छ। शाहकाल सुरु हुनुअघि बनेका मठमन्दिर एवम् स्तुप र विहारहरू मल्लकालकै देन हुन्। मल्लकालमा खासगरि शासकहरूले पशुपतिनाथप्रति अनन्य श्रद्धा र भक्ति देखाएको पाइन्छ। 'पशुपतिनाथ राजकीय अनुष्ठानहरू, वलि तथा पर्वहरूको केन्द्र बन्यो, जसले राजा आफ्नो दिव्य शासनको अधिकार प्रदर्शन गर्ने राजनीतिक मञ्चको रूपमा काम गर्‍यो। सार्वजनिक जुलुसहरू र धार्मिक समारोहहरूमा राजाको भूमिकाले 'पवित्र राजतन्त्र'को धारणा स्थापित गर्‍यो' (स्लुसर, सन् १९८२)।

'देशमा दुर्भिक्ष, अनिकाल, प्राकृतिक प्रकोप आदिजस्ता घटनाहरू नहुन् भनी पशुपतिनाथमा लक्ष्यहोम तथा पूजादि गर्ने व्यापक चलन रहेको देखिन्छ। त्यस्तै ध्वजारोहन गर्ने, कोष चढाउने, पूजाआजा गर्ने, मन्दिरको जीर्णोद्धार गर्ने गरेको कुरा वंशावलीमा प्रशस्त उल्लेख पाइन्छ (वज्राचार्य र अन्य, सन् १९८५ : ७७-८०)। मल्लकालमा राजाहरू आफूलाई शैवधर्मप्रति आस्थावान् भएको देखाउन चाहन्थे। अरि मल्ल प्रथमलाई पशुपतिनाथसँग जोडेर हेरिएबाट यसको पुष्टि हुन्छ। अरिमल्लका बारेमा भनिएको छ : 'ने.सं. ३३६ अर्थात् १२७३ को जेष्ठ कृष्ण सप्तमीको अमृतेश्वर पूजानामक हस्तलिखित ग्रन्थमा अरि मल्ल प्रथमलाई 'परममाहेश्वरश्रीपशुपतिभट्टारकावधानाद्भक्तिजलप्रक्षालितान्तःकरण' विरुदावलीका साथ उल्लेख गरेको पाइन्छ' (लुसिआनो, सन् १९८७ : ८२)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसैगरी यसकालकै जयभीमदेवलाई ने.सं. ३९० अर्थात् १३२८ चैत्रको महालक्ष्मीव्रत नामक हस्तलिखित ग्रन्थमा 'परममाहेश्वर' भनी शैव धर्ममा आस्था भएका राजाका रूपमा उल्लेख छ। उक्त ग्रन्थमा जयभीमदेवलाई 'परमसौगत' भन्ने विरुदावली दिएको कुराबाट त्यसबेलाका शासक पनि पशुपतिनाथप्रति विशेष श्रद्धा र विश्वास राख्थे भन्ने देखिन्छ। त्यसरी नै यसैकालका अर्का राजा जयारी मल्ल (१३७७-१४०१ साल) लाई पनि महीरावणवधनाटक नामक ग्रन्थमा 'परमभट्टारक परमेश्वर परमवैष्णव परमदेवताद्धिव परममाहेश्वर रघुकुलतिलक भूपालपरम्परापरिणमितमौलिशिष्य पशुपतिपादारविन्द श्रीपशुपतिदेवतावरलब्धप्रसादैकमहाराजधिराज' भनी एकसाथ शैव र वैष्णव धर्ममा आस्था भएका व्यक्तिका रूपमा परिचय दिएकाले मल्लकालका यी राजाहरूमा शैव धर्मप्रतिको आस्था गहिरो थियो भन्ने कुरा थाहा हुन्छ' (लुसिआनो, सन् १९८७ : ११२)।

मल्लकालीन समयमा शैव धर्मको प्रचारप्रसार पनि सक्रिय रूपमा व्यापक ढङ्गले भएको पाइन्छ । त्यतिबेलाका शैवाचार्यहरूमा तन्त्रको लगाव भएको पाइन्छ भन्ने कुरालाई 'पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन' ग्रन्थमा यसरी उल्लेख गरिएको छ : शैवाचार्यहरूको तन्त्रका ग्रन्थहरूपट्टि लगाव भएको देख्दा तन्त्रको माध्यमबाट शैव धर्मको प्रचारप्रसारमा उनीहरू संलग्न रहेको बुझ्न सकिन्छ । शैव धर्ममा तन्त्रको गहिरो प्रभावका कारण नै कतिपय साधनाहरूमा तान्त्रिक प्रभाव प्रत्यक्ष रूपमा पर्न गएको छ। त्यो प्रभाव अहिलेसम्म पनि कतिपय शैव मूर्ति, मन्दिरहरूका पूजापद्धतिमा पाइन्छ। पशुपतिनाथमा श्रीयन्त्रपूजाविधानमा महास्नानको अवसरमा वलि दिने चलन यसैको प्रभाव हो भन्ने कुरामा सन्देह छैन। पछिल्लो मल्लकालमा शैव धर्मको उत्थानमा सहयोग पुग्ने अनेकौं क्रियाकलापहरू भएका पाइन्छन् (टण्डन, २०५३ : ४४)।

यसरी मध्यकालमा विशेषगरी शैव धर्मप्रति विशेष आस्था रहेको पाइन्छ। मल्ल शासनकालमा शासकहरू र मन्दिरबीचको सम्बन्ध अझ सुदृढ हुन गयो। जयस्थिति मल्ल जस्ता मल्ल राजाहरूले हिन्दू धर्मलाई राज्य धर्मको रूपमा अंगाले र मन्दिर निर्माणका परियोजनाहरूलाई प्रोत्साहन दिए । जसबाट मल्लकालका राजाहरूमा भगवान् शिव र पशुपतिनाथप्रति श्रद्धा, आस्था र विश्वास प्रशस्त रहेको देखिन्छ भने यसको प्रभाव तात्कालिक जनजीवनमा पनि परेको पाइन्छ। अरि मल्ल प्रथम, जयभीमदेव, जयारि मल्ल आदिलाई पशुपतिनाथसँग जोडेर विरुदावली दिएबाट मल्लकालीन शासक पशुपतिनाथका अनन्य भक्त थिए भन्ने पुष्टि हुन्छ। यसरी मल्लकालमा पशुपतिनाथलाई नै मुख्य देवता मानेर पशुपतिकै नामबाट मुद्रासमेत चलाएकाले त्यसबेलाका राजाहरूमा पशुपतिनाथप्रति सद्भाव, आस्था र विश्वास प्रगाढ रहेको प्रमाणित हुन्छ।

पशुपतिनाथ र शाहकालका शासकहरूको सम्बन्ध

१६१६ भाद्र २५ द्रव्य शाह गोरखाका राजा भए। सोही समयदेखि नेपालको इतिहासमा शाह वंशको उदय भएको मानिन्छ। उक्त समयमा नेपालमा बाइसे-चौबिसे राज्यहरू सञ्चालन गरी पृथ्वीनारायण शाहको उदयभन्दा पूर्व नौजना राजाहरूले राज्य गरे। १७९९ सालमा पृथ्वीनारायण शाह राजा भए। उनले नेपालको एकीकरण गरेर साहसिक कार्य गरे। शाहकालका सबैभन्दा महत्वपूर्ण राजा पृथ्वीनारायणमा सनातनी धर्मप्रति उदार दृष्टि थियो । यिनले शैव धर्मको उत्थानमा सहयोग पुग्ने केही कार्य गरेका थिए। पशुपतिनाथमा पञ्चामृतस्नान गर्ने गुठी, वक्रेश्वर महादेवको पूजाआजा गर्ने गुठी, भ्रमरकोट महादेवको गुठी थामिदिएका घटनाहरू यसका उदाहरण हुन्। 'पशुपतिनाथ मन्दिर राजकीय समारोहहरूका लागि विशेष रूपमा महत्वपूर्ण स्थल बन्यो, विशेषगरी अभिषेकका क्रममा। यो अवधिमा मन्दिरको संरक्षण र सम्बर्द्धनलाई प्राथमिकता दिइयो । जसअन्तर्गत राजाहरूले आर्थिक सहयोग पुऱ्याए र मन्दिरको भौतिक संरचनाको पुनःनिर्माण गरे ता कि आफ्नो शासनसत्तालाई सुदृढ गर्न सकून्' (स्टिलर, सन् १९७६)। शाहकालमा पशुपतिक्षेत्रलाई केन्द्रबिन्दु बनाई अनेकौं मठ, मन्दिर र मूर्तिहरू स्थापना गरिएका छन्। भगवान् पशुपतिनाथ तथा यहाँ स्थापित अन्य मन्दिरहरूको सुव्यवस्थित सञ्चालनका लागि निश्चित आयस्रोत आउनेगरी गुठीहरू राखेको पाइन्छ। यसै कालमा पाशुपतक्षेत्रमा सबैभन्दा बढी शिवालयहरू स्थापना भएका छन्। शाहकालिक राजाहरूमा श्री ५ राजेन्द्रवीरविक्रम शाहदेखि श्री ५ त्रिभुवनविक्रम शाहसम्म नाममा अलगअलग शिवमन्दिरहरू स्थापना गरिएको घटनालाई हेर्दा शैव धर्मको विकासमा उनीहरूले पुऱ्याएको योगदान बुझिन्छ। 'आफूलाई शिवजीका पाउरूपी कमलका धूलाले पवित्र भएको भनी लेखाएकाले उनी भगवान् शिवलाई मान्दथे भन्ने देखिन्छ। यस्तैगरी पृथ्वीपति शाहले गोरखा पोखरीथोकको अभिलेखमा शिवजीको भजन गरिरहेको भनी आफूलाई बताएका छन्' (वज्राचार्य र श्रेष्ठ, २०३७ : २१)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्कालीन राजा पृथ्वीनारायण शाहको नेतृत्वमा नेपाल एकीकरण भएपछि पशुपतिनाथ गोरखा राजतन्त्रको अधीनमा आयो। शाह राजाहरूले आफूलाई धार्मिक शासकको रूपमा प्रस्तुत गर्दै भगवान् शिवबाटै दिव्य अनुमोदन प्राप्त गरेको दाबी गरे। नेपाल एकीकरणअघि भने कारणवश काठमाडौं बाहेकका भक्तजनले पशुपतिनाथ प्रवेश नपाउने अवस्था रहेको इतिहासमा पाइन्छ। सनातनी धर्मप्रति उदार दृष्टि राखेका पृथ्वीनारायणले एकीकरणपछि सबैलाई खुला गरेको पाइन्छ। राजा वीरेन्द्र वीरविक्रम शाहदेवले त रानी ऐश्वर्य समेतको नाम जोडेर पशुपतिनाथ मन्दिरको गर्भगृहमाथिको बाहिरी प्रदक्षिणपथको पहिलो तलाको दलिनमा ताम्रपत्रमा 'श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्य च' भुइँतलाको वरिपरि नै लेखिएको पाइन्छ। गर्भगृहलाई चारैतिर घेरिएका चारै पर्खालमा श्री पशुपतिशरण चरणैं' लेखिएको छ।

तत्कालीन राजा वीरेन्द्रले पाशुपत क्षेत्रको गुरुयोजनामा निकै चासो राखेका थिए। पशुपतिनाथ मन्दिरको प्रवर्द्धनका लागि अपरीहार्य गुरुयोजनालाई अन्तिम रूप भरत शर्माले गरेका थिए। २०४६ सालमा नेपालमा बहुदलीय व्यवस्था आएपछि उक्त कार्य यसै गुपचुप रह्यो। राष्ट्राध्यक्ष राजा वीरेन्द्र र संरक्षक रहेकी रानी ऐश्वर्यको पशुपति क्षेत्रमा लागू गर्न तयार पारिने गुरुयोजनाप्रतिको लगाव साँच्चै प्रशंसनीय थियो। मलाई गुरुयोजना बनाउने जिम्मा लगाएपछि कुनै पनि बेला राजा वीरेन्द्रले आफ्नो पूर्व सोचलाई ममाथि लाद्ने काम गरेनन्। रानी ऐश्वर्यले पनि कुनै हस्तक्षेप गरिनन्। 'मलाई स्वतन्त्र रूपमा गुरुयोजनाकारको भूमिका निर्वाह गर्न दिए' (शर्मा, २०७६ : ७०)। पशुपतिनाथ र २०४६ पछिका शासकको सम्बन्ध गणतन्त्र आएपछि देशको प्रमुखको हैसियतले राष्ट्रपतिले पनि विभिन्न समयमा पूजाआजा गर्ने गरेको पाइन्छ।

जब कि शाहवंशीय र राणाकालीन समयका राजाहरूले विभिन्न समयमा आराध्यदेव पशुपतिनाथको पूजाआजा गर्ने गरेको परम्परा थियो। वर्तमान समयमा नेपालका सर्वोच्च देवताका रूपमा पशुपतिनाथमा विभिन्न चाडपर्वमा देशका राष्ट्राध्यक्ष र मन्त्रीहरूसमेतले दर्शन, पूजाआजा गर्ने गरेको प्रसङ्गबाट अहिलेको समयमा समेत राज्यसत्ताको पशुपतिनाथप्रति अगाध आस्था रहेको स्पष्ट हुन्छ।

यसैगरी, बर्सेनि देशविदेशका भक्तजनहरू पशुपतिनाथको दर्शन गर्न आउने गर्दछन्। भारतका प्रधानमन्त्री, राष्ट्रपति, विदेशमन्त्री र उच्चपदस्थ अधिकारीहरू विगतदेखि नै पटकपटक नेपाल आएर पशुपतिनाथको दर्शन र पूजाआजा गरेको पाइन्छ। यसले पनि पशुपतिनाथको महत्व देखिन्छ भने झन्डै एक अर्ब भारतीयमाझ पशुपतिनाथ चर्चाको विषय बन्ने गर्छ। यसै पनि नेपालपछि सबैभन्दा ठूलो सङ्ख्यामा भारतीय भक्तजन आउने गर्छन्। संविधानसभामार्फत बनेको नेपालको संविधान २०७२ मा नेपाल धर्म निरपेक्ष राज्य भनेर उल्लेख गरिए पनि राष्ट्राध्यक्षका हैसियतले राष्ट्रपतिले विभिन्न चाडपर्वमा पशुपतिनाथमा पूजाआजा र दर्शन गर्नुले सङ्घीय राज्यमा पनि सरकारलगायत यससँग सरोकार राख्ने विभिन्न व्यक्तिहरूको पशुपतिनाथप्रतिको आस्था उत्तिकै रहेको देखिन्छ। यसबाट के पुष्टि हुन्छ भने पशुपतिनाथ नेपालका आराध्यदेव हुन्। उनकै छत्रछायामा नेपाल विश्वमा चिनिन सफल भएको छ।

मानिस आफ्नो देशको सभ्यता र संस्कृतिबाट अछुतो रहन पनि सक्दैन। नेपालको एक मात्र हिन्दू अधिराज्य भनी विश्वभर चिनिएको नेपाल धर्म निरपेक्ष राष्ट्र भएको डेढ दसक मात्र हुँदैछ। नेपालको उत्पत्तिसँगै इतिहास जोडिएको पशुपतिनाथको उत्पत्ति नै नेपालमा धर्मको प्रादुर्भाव भएको आधार मान्न सकिन्छ। अर्थात् पशुपतिनाथको प्रादुर्भाव नै नेपालमा शैव धर्मको मूल आधार हो भन्न सकिने यथेष्ट प्रमाण छन्। 'जनतामध्येबाटै शासक हुने भएकाले शासकहरूलाई धर्म, संस्कृतिले नछुने अवस्था हुँदैन। कसैलाई बढी कसैलाई कम प्रभाव पर्न सक्छ। तर, सबैजसो शासकलाई प्रत्यक्ष/परोक्ष रूपमा पशुपतिनाथको प्रभावले छोएकै पाइन्छ। शाहकालपछि शासकहरूले पशुपतिनाथलाई विगतजस्तो महत्त्व दिएको देखिँदैन। पशुपति क्षेत्र विकास कोषले वार्षिक योजनामा काम गर्ने र संस्कृति मन्त्रालयले केही मात्रामा अनुगमन गरेजस्तो गर्नेबाहेक राष्ट्रपति र प्रधानमन्त्री तहबाट विशेष पहल र प्रयास भएको छैन। यसले पछिल्लो समय पशुपतिनाथको प्रभाव विश्वव्यापी पर्न सकिरहेको छैन' (ढुगाना, सन् २०२३ : १०४ र १०५)।

शासनको वैधतामा पशुपतिनाथको भूमिका

'पशुपतिनाथ मन्दिरमा हुने महाशिवरात्रि, अभिषेक र सार्वजनिक रूपमा वलिदान दिनेजस्ता महत्वपूर्ण अनुष्ठानहरूमा शासकहरूको सहभागिताले धार्मिक शक्तिसँग राजाको प्रत्यक्ष सम्बन्धलाई स्थापित गऱ्यो। यसले राजा र जनताबीचको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्धलाई सुदृढ बनायो' (मिखाएल्स, सन् २००८)। मन्दिर व्यवस्थापन र शाही संरक्षकत्वका सन्दर्भमा मन्दिरको आर्थिक स्रोतको व्यवस्थापन, पुजारी नियुक्ति र मन्दिरको मर्मत–सम्भारमा शासकहरूको नियन्त्रण रह्यो। यसले मन्दिरको धार्मिक मामिलामा राज्यको प्रत्यक्ष हस्तक्षेपलाई देखाउँछ' (रेग्मी, १९६६)। 'धार्मिक शासकका रूपमा राजाको भूमिकाका सम्बन्धमा नेपाली राजाहरूलाई धर्मको रक्षक धर्मराजको रूपमा चित्रण गरिएको थियो। राजा पृथ्वीनारायण शाहले आफ्ना शासनलाई अष्टमूर्ति अवधारणा अन्तर्गत शिवको दैवी स्वरूपको रूपमा चित्रण गरे, जसले पशुपतिनाथलाई शासनको वैधताको प्रमुख प्रतीक बनायो' (स्टिलर, सन् १९७६)।

शक्तिको ह्रास र पशुपतिनाथको भूमिकामा परिवर्तन

'नेपालमा राजतन्त्रको अन्त्यसँगै पशुपतिनाथ मन्दिरको भूमिकामा पनि परिवर्तन आयो। यसपछि, मन्दिरको प्रशासन राज्यको नियन्त्रणमा आयो, जसले धार्मिक स्वतन्त्रताको विषयमा विवादलाई जन्म दियो। राज्यको अधीनमा रहेको पशुपति क्षेत्र विकास कोषले मन्दिरको व्यवस्थापन सम्हाल्यो। जसले राजनीतिक दलबीचको विवादलाई थप बढायो' (व्हेल्प्टन, सन् २००५)। पुजारी नियुक्तिमा विवादमा पनि राजनीतिक हस्तक्षेप जोडिन पुगेको थियो। दक्षिण भारतका पुजारीहरूको पशुपतिनाथमा भएको नियुक्तिको विवादले स्थानीय समुदायको समेत चासो र असन्तुष्टिलाई उजागर गरिदियो। यसले मन्दिरप्रतिको स्वामित्वको भावना र सरकारी हस्तक्षेपबीचको द्वन्द्वलाई स्पष्ट पार्छ। 'पशुपति क्षेत्र विकास कोषले मन्दिरको व्यवस्थापन र सम्पत्तिको प्रयोगका सम्बन्धमा विवादको सामना गरिरहेको छ। स्थानीय समुदाय, धार्मिक संगठनहरू र राजनीतिक पार्टीहरूले मन्दिरको प्रशासनमाथि विभिन्न किसिमका दाबी गरे' मिखाएल्स, सन् २००८)।

विश्लेषण र छलफलपछिको निचोढका रूपमा हेर्दा पशुपतिनाथ यस क्षेत्रका पवित्र स्थलहरू शक्तिका साधन र सामुदायिक दृष्टिकोण एवं विवादहरूका रूपमा पनि जोडिएको पाइन्छ। 'पशुपतिनाथजस्ता पवित्र स्थलहरूलाई शासकहरूले राजनीतिक शक्ति प्रदर्शनका साधनका रूपमा प्रयोग गरेका छन्। यो अभ्यास केवल नेपालमा मात्र नभई भ्याटिकन, मक्का र अन्य पवित्र स्थलहरूमा पनि देखिन्छ' (स्लसर, सन् १९८२)। 'भक्तजन, पुजारी र मन्दिरका पदाधिकारीसँगको अन्तर्वार्ताले स्थानीय समुदायले मन्दिरप्रति सामुदायिक स्वामित्वको भावना राखेको देखाएको छ। तर, राज्यको नियन्त्रणले यो भावना उल्लंघन गरिरहेको अनुभूति गराउँछ, जसले धर्मनिरपेक्ष शासन र धार्मिक सम्प्रभुताबीचको तनावलाई उजागर गरेको छ' (रेग्मी, सन् १९६६)।

यसरी, पशुपतिनाथ मन्दिरले नेपालका शासकहरूलाई शक्ति प्रदर्शन, वैधता प्राप्ति र सामाजिक नियन्त्रणको साधन प्रदान गरेको पाइन्छ। लिच्छवि, मल्ल, शाह र राणाहरूले पशुपतिनाथलाई धार्मिक सत्ता र राजनीतिक स्थायित्वको प्रतीकका रूपमा प्रयोग गरे। राजतन्त्रको अन्त्यसँगै, मन्दिरको भूमिकामा महत्वपूर्ण परिवर्तन आयो। जसमा राज्य, स्थानीय समुदाय र धार्मिक समूहहीचको शक्ति संघर्ष पनि स्पष्ट देखियो। सामुदायिक व्यवस्थापनको ढाँचा र धार्मिक स्थलहरूको व्यवस्थापनका लागि नवीन दृष्टिकोणहरूको आवश्यकता देखिन्छ। पशुपतिनाथको व्यवस्थापनको वर्तमान स्वरूपले सामुदायिक स्वामित्वको अवधारणालाई कमजोर पारिरहेको हो कि भन्ने पनि देखिन्छ। यसले भविष्यमा सामुदायिक संवेदनशील व्यवस्थापन ढाँचाहरूको खाँचो देखाउँछ, जसले मन्दिरको धार्मिक, सामाजिक र राजनीतिक महत्वलाई सन्तुलित गर्नेछ। उपसंहार पशुपतिनाथ मन्दिर र विभिन्न कालखण्डका शासकहरूबीच गहिरो अन्तरसम्बन्ध रहेको यस अनुसन्धानले देखाएको छ। प्रत्यक्ष एवं परोक्ष ढङ्गबाट हरेक मानिस धर्ममा जोडिएको हुन्छ। यसलाई मानव जीवनको अभिन्न अङ्ग मानिन्छ। मानिस आफ्नो देशको सभ्यता र संस्कृतिबाट अछुतो रहन पनि सक्दैन। नेपालको एक मात्र हिन्दू अधिराज्य भनी विश्वभर चिनिएको नेपाल धर्म निरपेक्ष राष्ट्र भएको डेढ दसक मात्र हुँदैछ। नेपालको उत्पत्तिसँगै इतिहास जोडिएको पशुपतिनाथको उत्पत्ति नै नेपालमा धर्मको प्रादुर्भाव भएको आधार मान्न सकिन्छ। अर्थात् पशुपतिनाथको प्रादुर्भाव नै नेपालमा शैव धर्मको मूल आधार हो भन्न सकिने यथेष्ट प्रमाण छन्। जनतामध्येबाटै शासक हुने भएकाले शासकहरूलाई धर्म, संस्कृतिले नछुने अवस्था हुँदैन। कसैलाई बढी कसैलाई कम प्रभाव पर्न सक्छ। तर, सबैजसो शासकलाई प्रत्यक्ष/परोक्ष रूपमा पशुपतिनाथको प्रभावले छोएकै पाइन्छ। शाहकालपछि शासकहरूले पशुपतिनाथलाई विगतजस्तो महत्व दिएको देखिँदैन। पशुपति क्षेत्र विकास कोषले वार्षिक योजनामा काम गर्ने र संस्कृति मन्त्रालयले केही मात्रामा अनुगमन गरेजस्तो गर्नेबाहेक राष्ट्रपति र प्रधानमन्त्री तहबाट विशेष पहल र प्रयास भएको छैन। कोष, मन्त्रालय र सरकारले समेत पछिल्लो समय पशुपतिनाथको प्रभाव विश्वव्यापी गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने सकिरहेको छैन।

अनुसन्धानले राजनीतिक वैधता र सामाजिक एवं धार्मिक नियन्त्रणको स्थलको रूपमा पशुपतिनाथको

भूमिकालाई जोड दिएको स्पष्ट पारेको छ। लिच्छविदेखि आजसम्म शासकहरूले पशुपतिनाथलाई संरक्षण गर्दै र संरक्षक बन्दै शक्ति खोज्ने अस्त्रको रूपमा लिएको पाइन्छ। राजतन्त्रपछिको समयावधिले राज्य नियन्त्रण, सामुदायिक आकांक्षा र धार्मिक पवित्रतालाई सन्तुलनमा राख्न नयाँ चुनौतीहरूको सामना गर्नु परेको अनुसन्धानले देखाएको छ। समुदायमा आधारित व्यवस्थापन संरचनामा जान सके श्रीपशुपतिनाथसँग शासकदेखि समुदायसम्म सबैको सम्बन्ध अझ निकट हुने अनुसन्धानले निष्कर्ष निकालेको छ।

सन्दर्भ ग्रन्थसूची

टण्डन, गोविन्द (वि.सं.२०५३), *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन,* काठमाडौं : श्रीझरेन्द्र शम्शेर जबरा तथा श्रीमती मञ्जु राणा।

ढुंगाना, गोपीकृष्ण (सं.,वि.सं.२०७९), *नेपालमा पाशुपत दर्शनको उद्‌भव र विकास,* नेपाली दर्शन, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

रिसाल, मधुसूदन (वि.सं.२०२९), *पशुपति पुराण,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

रेग्मी, जगदीशचन्द्र (प्र.सं.,वि.सं.२०३०), *नेपालको धार्मिक इतिहास,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

प्रपन्नाचार्य, स्वामी (वि.सं.२०४२), *वैदिक वाङ्मयमा किराँत,* धर्म सन्देश, (वर्ष १४, अङ्क २)।

वज्राचार्य, धनवज्र (वि.सं.२०३०), *लिच्छविकालका अभिलेख,* काठमाडौं : नेपाल र एसियाली अध्ययन संस्थान, त्रि.वि.।

बज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकबहादुर (सं., वि.सं.२०३७), *शाहकालका अभिलेख-प्रथम भाग,* कीर्तिपुर : नेपाल तथा एसियाली अनुसन्धान केन्द्र।

शर्मा,भरत (वि.सं.२०७६), *निर्मल दृष्टिमा राजा वीरेन्द्र,* कुसुम शर्मा, काठमाडौं।

Dhungana, G.K. (2023), *Pashupatinath as an Icon of Time Bias Communication,* MPhil Thesis, Tribhuwan University: Kathmandu, Nepal.

Luciano, P. (1987), *Medieval History of Nepal,* 2nd Edition. Roma: Is.M.E.O.

Michaels, A. (2008), *Hindu Kingship and Ritual in Nepal,* University of California Press.

Regmi, D.R. (1966), *Medieval Nepal,* Firma KLM, Part 3, Calcutta, India.

Slusser, M. S. (1982), *Nepal Mandala:* A Cultural Study of the Kathmandu Valley, Princeton University Press.

Stiller, L. F. (1976), *The Rise of the House of Gorkha,* Ratna Pustak Bhandar.

Vajracharya, D.V., & Malla, K.P. (1985), *The Gopalrajavamsavali* (Ed.) Germany: Franz Steiner Verlag Wiesbaden GmbH.

Whelpton, J. (2005), *A History of Nepal,* Cambridge University Press,

❖❖❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहासमा सत्यको खोजी

✍ प्रा. डा. जगदीशचन्द्र रेग्मी

पशुपतिनाथको खोजी

नेपाल एक प्रख्यात देवता पशुपतिनाथ र ती देवता सित बौद्ध धर्मको सम्बन्धबारेको एउटा स्तम्भ लेखमा प्रतिवर्ष कार्तिक शुक्ल अष्टमीको दिन पशुपतिनाथको मूर्ति माथि पञ्चबुद्धका आकृतिहरू स्थापित गरेर 'मुखाष्टमी' पर्व मनाइने चलनको चर्चा गरिएको छ। साथै सो पर्व मनाउने कारणको रुपमा 'विरुपाक्ष'[१] नामका एक जना मानिसलाई लिएको छ।

उपरोक्त मुखाष्टमी पर्व मनाईने कारणको रुपमा विरुपाक्ष नामका व्यक्तिका गतिविधिलाई मानिएको र वर्षको एक दिन पशुपतिनाथले बौद्ध रुप धारण गर्ने पर्व मनाउने कुराको स्पष्ट कारण खोज्ने क्रममा एउटा महत्त्वपूर्ण प्रमाण भेटिएको छ, जसले उपरोक्त पर्वको उत्पत्ति सम्बन्धी लोकोक्तिहरूलाई प्रश्नका घेराभित्र राखिदिएको बुझिन आउँछ।

महारात्रिपुर सुन्दरीको पूजा विधिमा श्री यन्त्रमा 'षड्दर्शनविद्या' को पूजाको कृत्यमा बौद्ध मन्त्र "ॐ ह्रीं श्रीं तारे तुत्तारे तुरे स्वाहा + तारा (रा)" देवता धिष्ठित बौद्ध दर्शन श्री बोलेर पूजा गर्ने विधान लेखिएको पाईन्छ।[२] यसरी महारात्रिपुर सन्दरीको पूजा कृत्यमा बोद्ध दर्शनलाई समावेश गरिएको देख्दा यसको सामञ्जरुप माथि चर्चित मुखाष्टमी पर्वसित मिलान गर्न मिल्ने देखिएको छ।

उपरोक्त सन्दर्भले पशुपतिको मूर्तिमा उपरोक्त 'महात्रिपुरसुन्दरी'को सम्बन्धको प्रमाण खोजेको छ र यसको यथोचित प्रमाण पूर्व मललकालीन ऐतिहासिक प्रमाणहरूमा उपलब्ध छ।

पशुपतिनाथको मूर्तिसित महात्रिपुरसुन्दरी देवीको सम्बन्को घटनाबारे विचार गर्दा वि.सं. १४०७ मा विधर्मीको आक्रमणबाट भत्काइएको पशुपतिनाथको मूर्तिको साटो वि.सं. १९१७ मा अर्को मूर्तिको प्रतिष्ठा गर्ने काम तत्कालीन एक प्रतिष्ठित भारदार जयासिंह रामवर्धनले गरेको प्रमाण पाइन्छ। उनी त्रिपुरसुन्दरीका भक्त भएको कुरा पनि उपरोक्त प्रमाणमै उल्लेख गरिएको पाईनाले[३] उनैको अग्रसरतामा पुनः प्रतिष्ठा गरिएको पशुपति मूर्तिलाई त्रिपुरसुन्दरी (श्रीविद्या) सित सम्बन्ध जोडिदिएको मान्न गाह्रो पर्दैन। त्यही बेलादेखि पशुपतिको मूर्तिको शिरोभागमा श्रीयन्त्र बनाई पूजा गर्ने चलन चलेको मान्न गाह्रो छैन।[४]

श्रीविद्याकै कर्मकाण्डको एक अंश भएको 'बौद्धदर्शन'को पूजा पनि त्यसै बेलादेखि चलेको मान्नु पर्ने हुन आउँछ र त्यस्तो पूजाको वार्षिकोत्सवको रुपमा भक्तहरूको सहभागिताको निमित्त मुखारष्टमी' पर्व मनाउने गरिएको अनुमानमा धेरै औचित्य देखिन्छ।[५]

उपरोक्त 'मुखाष्टमी' पर्वको कारण मानिदै आएको 'विरुपाक्ष' बारे पनि विचार गरौं। उपरोक्त 'मुखाष्टमी' पर्व मनाईने परम्पराका कारण हुन पुगेको विरुपाक्ष बारे जान्ने श्रोत प्रमाणहरूमा पहिलो चाहिं नेपाली पुराण 'हिमत्त्वखण्ड' देखिएको छ।

उपरोक्त नेपाली पुराण हिमवत्खण्डमा ९० देखि १६१ औं अध्यायसम्मलाई 'विरुपाक्षतीर्थयात्रा' नामाकरण गरिएको पाइन्छ। नेमुनिले विशेष खालको पायी विरुपाक्षलाई विभिन्न तीर्थसाथै ६४ शिवलिङ्गको दर्शन गराएर पापनिवृत्त पारेको आख्यानको विवरण पाइन्छ।[६]

हिमवत्खण्डमा वर्णित विरुपाक्षको कथामा पछि भाषावंशावलि साहित्यले केहि तत्त्व थपेर यस आख्यान्नको विषयको विस्तार पनि गरिएको पाइन्छ। सोही कथानकलाई लिएर दुई जना लेखकले पनि सो कथानको प्रस्तुति गरेको पाईन्छ।[७] यसरी

✍ *प्रा. डा. रेग्मी, इतिहासकार तथा त्रि.वि. संस्कृति केन्द्रिय विभागका निवृत्त प्राध्यापक हुनुहुन्छ।*

१ *मल्ल के. सुन्दर, "बौद्ध सम्पदा संस्कृती र पशुपति", कान्तिपुर, बैशाख २२, २०८०, पृ.७*

२ *के. रामचन्द्र ऐयर (सं.), श्री महात्रिपुरसुन्दरी पूजा कल्प, मद्रास सन् १९३२, पृ. ९७*

३ *धनवज्र वज्राचार्य, "शक्तिशाली भारदार रामवर्द्धनहरू र तत्कालिक नेपाल", पूर्णिमा, पूर्णाङ्क ७ (वि.स. २०२२), पृ. १२-३६*

४ *यही कारणबाट पशुपतिनाथलाई 'श्रीविद्यापीठ' मान्ने परम्परा नेपाली तान्त्रीकहरूमा प्रचलित भएको देखिन्छ।*

५ *धनवज्र वज्राचार्य, पूर्ववत, मा मदनराम वर्द्धन (जयसिंहराम वर्द्धनका भाई) बौद्ध धर्मावलम्बी भएको ज्ञात हुनाले तिनको आग्रहबाट भक्तहरूको सहभागिता समेतको विभिन्न मुखाष्टमी पर्व मनाउन थालिएको पनि हुन सम्भव छ।*

६ *जगदीशचन्द्र रेग्मी, पशुपति माहात्म्य, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, वि.सं. २०७० पृ. २२*

७ *ललितजङ्ग सिजापति, "विरुपाक्ष", नेपाली ऐतिहासिक कथा संग्रह, नेपाली भाषा प्रकाशन समिति वि.सं. २०१६, पृ. ६३-६७*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विरुपाक्षको कपोलकल्पित कथानकले नेपाली समाजलाई पत्यार पारेको पाइन्छ।

उपरोक्तपछि बौद्ध प्रकारको वंशावलि र अन्य फुटकर श्रोतहरूले हिमत्त्वखण्डको आख्यानमाथि बौद्धतत्त्व थपिदिएर विरुपाक्षले पशुपतिसँग झगडा गर्न जाँदा पशुपतिले बुद्धको शरण परेर ज्यान बचाउन बुद्धमुकुट पहिरेको घटनालाई लिएर पर्व उत्सव मनाउन थालेको मानिएको छ।[८]

पशुपतिको मन्दिरमा प्रचलित एक पर्व 'मुखाष्टमी' बारेको यस संक्षिप्त अवलोकन कार्यले नेपाली बोद्धमार्गी स्रोतहरूबाट ज्ञात विरुपाक्षको पशुपतिमाथि आक्रमण र पशुपतिले बुद्धमुकुट पहिरेर आफ्नो ज्यान जोगाएको भन्ने अभिप्रायको राम्ररी खण्डन गरेको बुझ्न आएको छ। मुखाष्टमी पर्व श्री विद्यासित गाँसिएको कृत्य मान्ने अवस्था भएपछि विरुपाक्षको पात्रत्त्व पनि समाप्त हुन गएको छ।

हिमवत्खण्डमा पनि विरुपाक्षलाई नेमुनिले डाऱ्याएर त्येत्रो तीर्थयात्रा गराएको भन्ने लम्बेतान बयानले पनि विरुपाक्षलाई काल्पनिक पात्र सिद्ध गर्न ठूलो मद्दत गरेको मात्र नभई स्वयं नेमुनि पनि इतिहासको पानाबाट गाएब हुन गएका छन्। हिमवत्खण्डका बाँकी अकलुषित सूचनाहरूलाई भने धेरै नाङ्लो ठट्याएर चिन्नु पर्दछ भन्ने निष्कर्ष निकाल्न गाह्रो छैन।

परिशिष्ट-१

१.१. देउपाटनको देशोद्धार पूजा

देउपाटनका वासिन्दाहरूले वर्षको एकपटक देशोद्धार पूजा गर्ने चलनलाई त्रिपुरसुन्दरी सम्प्रदाय (श्रीविद्या) सँग जोड्न सकिने देखिन्छ। किनभने उक्त पूजाको केन्द्र बज्रेश्वरी पीठ रहेको छ। उक्त पीठको नाम वज्रेश्वरी रहेकोमा त्रिपुरसुन्दरीको स्तोत्र पाठ सम्बन्धी ग्रन्थमा ती देवीका अन्य अनेक नाम साथै 'महावज्रेश्वरी' भनिएको आधारमा[९] देशोद्धार पूजालाई त्रिपुरसुन्दरीसित सम्बन्धित गर्न खोजिएको हो।

उपरोक्त देशोद्धारपूजा जुन भव्यतासाथ मनाउने गरेको थाहा पाइन्छ त्यसको आधारमा यसलाई तान्त्रिक पद्धनिको 'चक्र पूजा' वा 'भैरवीचक्रपुजा' सित मिलान गर्न सकिने पनि देखिन्छ।

परिशिष्ट-२

२.१. डोलेश्वर महादेव र पशुपतिनाथको टक्कर

नेपालमा केदारनाथ

द्वादश ज्योतिर्लिङ्गमध्ये एक केदारनाथ भारतको उत्तराखण्ड क्षेत्रमा हिमालयकै क्षेत्रमा अवस्थित छन्। एक सिद्ध धार्मिक स्थल र प्राकृतिक प्रस्तरमा भगवान् केदारनाथको निरन्तर वास रहने विश्वासका कारण भक्तजनहरूको त्यहाँ दृढ विश्वास रहँदै आएको छ। शिवपुराणले एउटा कथानक जाडिदिएर केदारनाथ भगवान्लाई नेपाल ल्याइपुऱ्याएको छ तर ती कहाँ र कुन रुपमा रहेका छन् भन्ने कुरामा ठेगान लाउन मत-मतान्तरको प्रचलन भइरहेको पाइन्छ।

शिव पुराणले पाण्डवहरूलाई छल्न भगवान् केदारनाथले महिषको रुप लिएर भाग्न खोज्दा भुइँमा दबिनु पऱ्यो अनि तिनको शिरोभाग नेपालमा देखापऱ्यो अनि पछिल्तिरको भाग केदारनाथ भगवान भएर रहेका हुन् भनेको छ।[१०]

काठमाण्डौंमा पशुपतिनाथबारे खोजतलास गर्ने केही लेखकहरूले केदारनाथको शिरोभाग पशुपतिनाथनै हुन् भन्ने मतको प्रस्ताव गरेको थिए। त्यस्तो मतबारे कही पुस्तकहरूमा चर्चा गरिएको पाइन्छ।[११]

उपरोक्त किसिमबाट केदारनाथ र पशुपतिनाथको समन्वय गरिएको भए पनि हाल २० वर्ष जति समयदेखि केदारनाथलाई पशुपतिनाथको सट्टा भक्तपुरका डोलेश्वर महादेवसित समन्वय गर्ने गरिएको छ। यसरी एक सन्दर्भलाई कारण नबताइकनै आर्को पक्षमा स्थानान्तर गरिने घटना अनुसन्धान याग्य छ भन्न गाह्रो छैन।

वद्रिनाथ भट्टराई "विरुपाक्ष", प्राचिन ऐतिहासिक कथा संग्रह, नेपाली भाषा प्रकाशन समिति वि.सं. २०१६, पृ. ५४-५८

८ *जगदीशचन्द्र रेग्मी, "विरुपाक्ष", पशुपति महात्म्य, पृ. १२४-१२७*

९ *शंकरराम शात्री (सं.), श्री विद्याखड्गमाला, मद्रास, सन् १९५४, पृ. ३*

१० *जगदीशचन्द्र रेग्मी, "केदरनाथ र पशुपतिनाथ", पशुपति महात्म्य, पृ. ११७-११८*

११ *पूर्ववत्*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

करिब २० वर्ष जति पहिले भारत उत्तराखण्डका प्रसिद्ध केदारनाथ धामका अर्चकहरू काठमाण्डौं आएका र भक्तपुरको डोलेश्वर महादेवको अर्चकहरूसित सल्लाह गरेर शिवपुराणको सन्दर्भलाई डोलेश्वर महादेवसित समन्वय गरेको भन्ने समाचार तत्कालीन पत्र पत्रीकामा प्रकाशित भएको थियो। उपरोक्त प्रक्रियामा पहिलेदेखि पशुपतिनाथसँग समन्वय गरेको पक्ष थाहा पाई पाई अथवा थाहानपाएर अपेक्षा हुन गएको कुरा स्पष्ट हुन आउँछ।

भगवान् केदारनाथका पुजारी आएर भक्तपुर डोलेश्वर महादेवका पुजारीसित भटघाट भएपछि माथि चर्चित मतान्तर प्रकाशमा आएको बुझिन्छ। उक्त दुई देवस्थलका पुजारीहरूमा उपरोक्त मतमा सहमति हुनाको कारणमा उहाँहरू दुवैपक्ष एकै शैव सम्प्रदायका अनुयायी हुनुभएको बुझिन्छ र त्यो शैत सम्प्रदाय वीर शैव वा लिङ्गायत नामले प्रसिद्ध छ।

पुजारीको सम्प्रदायको आधारमा मात्र केदारनाथ र डोलेश्वरको समन्वय गर्ने हो भने डालेश्वर जस्तै अरु सात शिव मन्दिर हरूमा नियुक्त वीरशैव सम्प्रदाय अनुयायीहरूले[१२] आ-आफ्ना शिव मन्दिरहरूमा केदारनाथ भगवान्को समन्वयको प्रभाव राख्न सकिने देखिन्छ। यसरी मूल प्रमाणको धेरै महत्वपूर्ण विषय त आश्रयविहीन हुने अवस्था आईपुग्ने भएको छ।

माथि चर्चित शिव पुराणले अन्तरनिहित गरेको ज्यादै छोटकरी तर ज्यादै महत्त्वपूर्ण आख्यान खण्डले समाधानको निकास पाउन अनेक तर्क वितर्कको बाटो हिंड्नु पर्ने हुन्छ। महाभारतका पाण्डवसित जोडिने सो आख्यातलाई यथार्थको धरातलमा ल्याएर केरकार गर्ने हो भने कलियुगको प्रारम्भ हुनुभन्दा अघिको अवस्था (करिब ५ हजार वर्ष अवधि) अनुसार विचार गर्नुपर्ने हुन्छ जसलाई धरातलमा ल्याएर यथार्थ बुझ्न खोज्दा साराँशाक कुरा अर्कै रुपमा इतिहासकारको हातमा आइपुग्ने देखिन्छ।

हाम्रा पुराण साहित्यको विषय व्यापकताको कारणले तिनको रचनाकाल निश्चित गर्न अप्ठेरो हुन्छ र त्यसमाथि आकस्मिक प्रक्षेपणका तत्त्वहरूलाई तिनको यथातथ्यको समग्रताको आधारमा अनुमानिक कालको अनुमान गर्नुपर्ने हुन्छ। यही कुरा शिवपुराणको नेपालपरक सन्देशलाई लिनुपर्ने देखिन्छ।

चर्चित आख्यातले आवरणमा महाभारतकालिक महावीर पञ्च पाण्डवको अतिचरित्रसँग जोडेर एक परिदृश्य प्रस्तुत गरेको बुझ्न गाह्रो छैन। भगवान् केदारनाथको आवास एउटा प्राकृतिक प्रस्तरको चट्टान हो तर पशुपतिनाथ भने साकार भगवान शिरोभाग रुप छन्। चट्टान चोसे मोसे परेको हुनाले अवतरित महिष (रांगो) को शरीरको पछाडिको भागसित मेल खाने खालको छ । उक्त दुवै पीठको दर्शन गरेको कुनै धमात्मा भावुकले विस्तृत भू-भागले टाढिएका दुई आस्थाका पीठलाई समीकरण गरेर एकाकार गरेको बुझ्न गाह्रो छैन।

शिवपुराणको आख्यानले केदारनाथ र पशुपतिनाथलाई एक दिव्य शरीरको रचना गरेको रुपमा प्रस्तुत गरको र हामीले माथि भनेझैं सो दिव्य शरीरको माथिल्लो भाग मुखलिङ्ग पशुपतिनाथमा मात्रै छ उता डोलेश्वरमा छैन र यस कारणले पनि डोलेश्वरलाई केदारनाथसित समन्वय गर्न अप्ठेरो छ।

सन्दर्भ ग्रन्थसूची

ऐयर, के. रामचन्द्र (सं., १९३२), *श्री महात्रिपुरसुन्दरी पूजा कल्प*, मद्रास, पृ. ९७।

भट्टाराई, बद्रीनाथ "विरुपाक्ष", *प्राचीन एतिहासिक कथा संग्रह*, प्रकाशन तिथि खण्डित, पृ. ५४-५८।

रेग्मी, जगदीशचन्द्र(वि.सं. २०७०), *पशुपति माहात्म्य*, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं।

रेग्मी, जगदीशचन्द्र (वि.सं. २०७०), "विरुपाक्ष" *पशुपति महात्म्य*, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, पृ. १२४-१२७।

वज्राचार्य, धनवज्र (वि.सं. २०७०), शक्तिशाली भारादार रामवर्द्धनहरू र तात्कालिक नेपाल, *पूर्णिमा*, पूर्णांक ७, पृ. १२-३६।

शास्त्री, शंकरराम (सं. १९५४), *श्रीविद्याखड्गमा*, मद्रास।

सिजापति, ललितजङ्ग (वि.सं. २०१६), "विरुपाक्ष", *नेपाली ऐतिहासिक कथा संग्रह*, नेपाली भाषा प्रकाशन समिति, पृ. १३-६७।

सुन्दर, मल्ल के. (वि.सं.२०८०), *बौद्ध सम्पदा संस्कृति र पशुपति*, कान्तिपुर वैशाख २२, पृ. ७।

❖❖❖

१२ *जगदीश चन्द्र रेग्मी, Glimpses of Nepal- Indian Cultureal Relation, Kathmandu; Bidhyarthi Pustak Bhandar, Page 40*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाथ र वज्रयानी बौद्ध बीच समानताका केही पक्षहरू

✍ योगी डा.दयानाथ

लेखसार

नाथ र बौद्ध धर्म अन्तरगतको वज्रयानी सम्प्रदायका वीचमा कैयौं समानताका कुराहरू भेटिन्छन् । यी दुवै तन्त्रमार्गका माध्यमबाट मोक्षमा पुग्न सकिन्छ भन्ने विश्वास राख्छन् । नाथ र वज्रयानीहरू सिद्ध परम्परामा विश्वास राख्दछन् । साधनाका लागि तन्त्र,मन्त्र,योग,आशन आदिको प्रयोगमा जोड दिएको पाइन्छ । यी दुवैका कतिपय समान देवी देउता, मन्त्र साधनाका प्रकृति र प्रकृया तथा कैयौं अवस्थामा सँगै साधना गरेका प्रसंगहरू पनि भेट्न सकिन्छ । नाथ सम्प्रदायका मुख्य गुरु मछिन्द्रनाथ,गोरखनाथ मानिन्छन् भने वज्रयानीहरूले पनि मछिन्द्रनाथलाई अवलोकेश्वरका रुपमा मान्ने गरेको पाइन्छ । यहाँसम्म त ठिकै हो । बौद्ध गुम्बाहरूका नाम नै गोरखनाथ गुम्बा भएबाट यी दुवै धार्मिक सम्प्रदायका वीच समानता र सौहार्द्रताको सुन्दर नमुनाका रुपमा पनि लिन सकिन्छ ।

शब्दकुञ्जी : नाथ, वज्रयान, तन्त्र, मन्त्र र सिद्ध ।

परिचय

नाथ र वज्रयानी बौद्ध दुवै सिद्ध परम्परालाई मान्दछन् । यिनीहरू तन्त्रमन्त्रमा आधारित उपासना पद्दतिमा आधारित भएर आफ्ना कर्म संचालन गर्दछन् । दुवैको चौरासी सिद्धलाई मुख्य गुरु मानेर गुरुशिष्य परम्परा चलिआएको छ ।

यद्यपि भगवान बुद्ध भन्दा पहिले पनि तन्त्र–मन्त्र, जादु–तोना, भुतप्रेत आदिप्रतिको विश्वास थियो । यो विश्वासले साधनामा वाधा हुने भन्दै भगवान बुद्धले यसको निन्दा पनि गरेका थिए । यमक प्रतिहार्य, रिद्धि प्रदर्शन आदि चामत्कारिक तथा अलौकिक काम गर्न बुद्धले भिक्षुहरूलाई निषेध नै गरेका थिए (मल'सितम',२०१४:२१५)। गौतमी सुत्तमा भनिए अनुसार कृषाको एक मात्र पुत्र थियो । सर्पले टोकेकाले त्यो वच्चा मऱ्यो । वच्चा वचाउनका लागि कृषा तन्त्र–मन्त्र गराएर वच्चा व्युँटाउनका लागि सपेरा/तान्त्रिककहाँ गइन र अन्तमा बुद्धको शरणमा पनि आइन र बुद्धसँग बच्चा व्युँताइदिनका लागि जिद्दी गर्न लागिन । कैयौं सम्झाउँदा पनि उनको अन्धविश्वास हटेन र भगवान बुद्धले पहेंलो सर्सों लिएर आऊ । म वच्चा व्युँताइदिन्छु भने । तर सर्सों त्यस्तो घरबाट ल्याउनु कि जुन घरमा कहिल्यै मान्छे नमरेको होओस् । ती महिला हैरान भइन कि मान्छे नमरेको कुनै घर नै भेट्न सकिनन् । यसरी भगवान बुद्धले तिनको अन्धविश्वासको भ्रम हटाएका थिए ।

इसापूर्वको ४०० देखि इसाको १०० बर्षसम्म समाजमा तन्त्र–मन्त्रको व्यापक लहर आयो । यो लहरबाट बौद्ध अनुयायीहरू पनि जोगिन सकेनन् । यस काममा महायान अन्तरगतको वैपुल्यवादीहरू अघि देखिए (मल'सितम',२०१४:२१६)। यसरी बुद्धकै विपरित उनका अनुयायीहरू नै तन्त्र–मन्त्र तर्फ लागे ।

राहुल सांकृतायनका अनुसार मन्त्रयानका काल सन् ४०० देखि हो । यो समयमा धर्मका लामा लामा सूत्रहरूलाई मन्त्रका छोटा छोटा सूत्रहरूको रचना भएका थिए । उनका अनुसार चौथो सताब्दीको आसपासतिर अलौकिक कुराकानीहरू र मन्त्र सम्बन्धी ग्रन्थहरूको रचना भएका थिए (मल'सितम',२०१४:२१६) । महायान अन्तरगत वज्रयानको विकास आठौं शताव्दीमा भएको थियो । त्यसपछि आठौंदेखि १२ औं शताव्दीसम्म सिद्ध परम्पराको विकास र विस्तार भएको मानिन्छ (मल'सितम',२०१४:२२९) । यसै समयमा चौरासी सिद्धको समेत उदय हुन्छ । यही सिद्ध परम्पराबाटै तन्त्र मन्त्र साधनामा क्रान्तिकारी परिवर्तनका साथ नाथ सम्प्रदायको उदय हुन्छ ।

उत्तर भारतमा मुसलमानहरूको आक्रमण हुन थालेपछि भारतका तान्त्रिक सिद्धहरू नेपालतिर आएर र कर्मक्षेत्र वनाएको पाइन्छ । नेपाल तथा तिब्बतसम्मै गुह्य समाज तथा तान्त्रिक साधनाको प्रचार प्रसार गरेको पाइन्छ । एघारौं शताव्दीमा तान्त्रिक अगुवा नारोपा नेपालमै वसेको विश्वास तिब्बतीहरूमा छ (ज्ञवाली,२०१९:२५७)। पशुपतिनाथ सूर्यघाट नजिकै नारोपाले तपस्या गरेको गुफा भनेर तिब्बती तथा बौद्ध तान्त्रिकहरू त्यसको दर्शन गर्न आउने गरेको पाइन्छ ।

✍ *योगी डा. नाथ वृहद्आध्यात्मिक परिषदका महासचिव हुनुहुन्छ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्ध धर्म मान्नेहरू घोर मार्गमा अगाडी बढ्दै गएका थिए भने स्थानिय पाशुपतमार्गीहरूमा वामाचारका विरुद्ध परिवर्तन आइरहेको थियो। शुद्धतातिर बढिरहेका थिए। वैष्णवहहरूका प्रभावका कारण पाशुपतहरू कमजोर पनि हुँदै गरेका थिए।

धेरै पाशुपतहरू नाथ समुदायको शुद्ध मार्गी कनफट्टा योगीमा भयेका कुराको अनुमान छ। यो सुधार गोरखनाथले गरेको हो भन्ने धेरै विद्वान मत छ (ज्ञवाली,२०१९:२५८)। पाशुपतहरू सातौ र आठौ शताव्दीमा वलिया थिए भने बाह्रौ शताव्दी र त्यसपछिका समयमा उपत्यका र पश्चिम पहाडतिर नाथ सम्प्रदायको प्रवल्यता थियो।

यही समयमा नाथहरू शक्तिशाली बन्दै गइरहेका थिए। एकातिर पाशुपतहरू नाथकरण भैरहेका थिए भने अर्का तर्फ बौद्धहरूसँग पनि नाथहरूको द्वन्द हुने गरेको थियो (ज्ञवाली,२०१९:२५७)। बौद्धहरूलाई शैविकरण गरेकाले पनि नाथहरूसँग द्वन्द भएको हुनुपर्छ।

एघारौं सताब्दीमा काठमाडौं नगरको स्थापना भएपछि गुणकामदेवले वुंगमतिमा स्थापना भएको बोधिसत्वलाई जस्तै काठमाडौंमा पद्मपाणि अवलोकिश्वरको स्थापना गरी जात्रा चलाएका थिए। वुगम(वुंगमति)का वोधिसत्व अचेल मछेन्द्रनाथ भनि पूजा गरिन्छ। मछेन्द्रनाथ नाथ सम्प्रदायका एउटा प्रसिद्ध योगी थिए।

नरेन्द्र देव लिच्छविसित मछेन्द्रनाथ तथा गोरखनाथको कथा जोरिएको हुनाले सिद्धहरूको समय सप्तम सताब्दि हुन आउँछ तर यो तेती पुरानो कुरा होइन। गोरखनाथको समय विद्वानहरूद्वारा बाह्रौ देखि चौधौं शताब्दिसम्म मानिएको छ (ज्ञवाली, २०१९:२५७)। उपत्यकाका नेवारहरूले शिवमार्ग अवलम्वन गरेको पनि बाह्रौ शताब्दिपछि नै हो। र चौधौं शताब्दितिर जयस्थिती मल्लले वर्ण व्यवस्था गरेका थिए।

अध्ययन विधि

यो मुलतः द्वितिय श्रोत,प्रकाशित सामाग्री अध्ययन तथा विश्लेषण र वर्णनमा आधारित रहेको छ। पुराना सामाग्रीका लागि गुठी संस्थानमा रहेका केही दस्तावेजहरू तथा केही तिब्बती साहित्यको पनि सहयोग लिइएको छ। सम्बद्ध धार्मिक सम्प्रदायका गुरु,लामा तथा अनुवादक(लोचवा) तथा विशेषज्ञहरूसँग पनि कुराकानीमा आधारित भएर यो आलेख तयार भएको छ।

बिषय प्रवेश

वज्रयान

वज्र शब्दको बिभिन्न अर्थ हुन्छन्। अहिले वज्रको अर्थ पत्थर या कडा वस्तु हुन्छ। पहिले यसको अर्थ शून्य भन्ने हुन्थ्यो। खासमा नैरात्मविभंग नै शून्य स्वभाव हुनुका कारण वज्रयानका नामले जानिएको हो (मल'सितम',२०१४:२१८)। राहुल सांकृत्यायनका अनुसार यसको शुरुवात सन् ८०० लाई मानेका छन्। वज्रयानमा तन्त्र र मन्त्रको अभ्यास हुन्छ।

अर्का लेखक नागेन्द्र नाथ उपाध्यायले पनि वज्रयानको शुरुवात ८ औं सताब्दीलाई नै मानेका छन्। अन्य विद्वानहरुका अनुसार ७ औं सताब्दीपछि नै यसको खुलेआम प्रचार प्रसार भएको थियो (मल'सितम',२०१४:२१८)। वज्रयानको शुरुवात दक्षिणको श्रीपर्वतबाट भएको थियो। वज्रग्रन्थहरुमा यसलाई वज्रपर्वत भनिएको छ। नेपालमा नेवारी र हिमाली वज्रयानको अभ्यास भएको पाइन्छ।

नाथ

नेपाली समाजमा गोरखनाथ र नाथ सम्प्रदायको सम्बन्ध कति गहिरो छ भन्ने कुरा नेपाली जनजिब्रोमा आइरहने उखान जुन "जोगी आए पनि कानै चिरेको"(पौड्याल,२०६७ : १७३) भन्ने उखानको प्रसंगबाट प्रष्ट हुन्छ।

"संसारका विभिन्न देशहरुमा जहाँ नेपाल र भारतका मानिसहरु पुगेका छन् त्यहाँ नाथहरु पनि पुगेका छन् र उनीहरुका साथमा नाथ चिन्तन र साधना पनि पुगेकोछ। साथै नाथ परम्पराका अनुयायीहरुका दार्शनिक आधार र प्रमुख श्रोत सिद्ध मत्स्येन्द्रनाथ र सिद्ध गोरखनाथ हुन्(शर्मा,२०७९:१)। कृष्णचन्द्र शर्माको यो भनाइले पनि नाथ परम्परा र समाजको सम्बन्धलाई थप पुष्टि गरेको छ। नेपाली समाजले जोगी भनेको कान चिरेका हुन्छन् भन्ने बुझेको छ। कान चिरेका जोगी नाथ योगी हुन। र यो कान चिर्ने परम्पराको शुरुवात उज्जैनका राजा भर्तृहरिले आज भन्दा झण्डै २०८० बर्ष पहिले गरेका थिए। काठमाण्डौ उपत्यकाको प्राचिन कुनै वस्ती प्राचिन उज्जैन थियो भन्ने मत पनि रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
भारतमा रहेको उज्जैन र काठमाण्डौका कैयौं कुराहरुमा समानता रहेको पाइएको छ। जस्तो बत्तिसपुतली, दक्षिणकाली, पशुपतिनाथ,बाग्मती नदि, हरिसिद्धि आदि। यी सबै कुरा विचार गर्दा उज्जैन यही हो भन्ने निष्कर्ष निश्कन्छ (भट्टराई, १९९४:९-२०)। कानको तल्लो लोतिमा कुण्डल नभुण्डाई कानको माथिल्लो विच भागमा चिरा पारेर कुण्डल लगाउने चलन चलाएका थिए। यो चिरालाई नाथ सम्प्रदायमा भर्तृहरि चिराका नामले चिनिने गरिएको छ।

पृथ्वीनारायण शाह पछि नेपाली सिक्का र नोटहरुमा गोरखनाथ अभिन्न रुपले छापिदै आएको छ। अहिले पनि नेपाली नोटहरुमा "श्री श्री श्री गोरखनाथ" लेखिएको पाइन्छ।

परिभाषा

गोरखनाथ र मत्स्येन्द्रनाथलाई आदर्श, मुक्ति र वैभवका श्रोत मानेर यस परम्परामा रही साधना गर्ने साधु सन्त वा अनुयायीहरुलाई नाथ भन्ने गरेको पाइन्छ। नाथ योगी योग तथा तन्त्र विद्यामा पारंगत हुन्छन् भन्ने मान्यता रहिआएको छ।

नाथ शब्दको अर्थ यसरी लगाइएको छ -स्वामी, मालिक, पति, खसम, ईश्वर, भगवान्, गोरखनाथ वा मत्स्येन्द्र नाथका साधुको एक उपाधि, खानदान देखि मान्दै मान्दै आइएका गुरु र गुरुजन, प्रार्थनीय, अनुरोध (शर्म्मा, २०७९:७९३)। त्यस्तै न अथ इति नाथः जसको तल-माथि,उता-उता वा यस भन्दा पर केही र कोही पनि छैन भन्ने अर्थ बोध गरिएकाले उही परब्रम्ह परमतत्व नाथ हो भन्ने विश्वास रहँदै आएको छ (धमला, २०७९:४)। यो नाथको अर्थ र परिभाषा हो।

गोपीनाथ कविराज सम्पादित गोरक्षसिद्धान्तसङ्ग्रह लाई प्रमाणिक ग्रन्थ मानिएको छ। राजगुह्यका अनुसार 'नाथ' शब्दमा आएको 'ना' ले अनादि रुप र 'थ'ले भुवनत्रयको अर्थ बोध गराएको छ। यसरी हेर्दा 'नाथ' लाई अनादिरुपमा र भुवनत्रयका रुपमा व्याख्या गरिएको पाइन्छ। यसले उक्त रुपको स्थितीको कारण हो भनेको छ। साथै शक्तिसङ्गततन्त्रले 'ना' को अर्थ ब्रम्हबाट मोक्षदानमा दक्ष हुनु र 'थ' ले अज्ञानतालाई हटाउने अर्थमा उल्लेख भएको पाइन्छ।

मुख्य रुपमा भन्न पर्दा 'नाथ' भनेको एक तत्व हो जसले अज्ञानतालाई हटाई ज्ञान र मोक्ष, ब्रम्ह वा परमतत्व प्राप्त गर्न सक्दछ। उक्त दुवै मत मतलाई नियाल्दा नाथले परमतत्वको बाधक अज्ञानतालाई हटाइ ज्ञान र मोक्ष दिन्छ (धमला, २०७९:५)। नाथले मुक्ति र मोक्ष सिकाउन सक्ने आसय यसमा पाइन्छ।

यसैगरी हिन्दी शब्दकोषले पनि नाथका बारेमा यस्तो लेखेको पाइन्छ : (संज्ञा पु.लि.), (सं.१), प्रभु, स्वामी, मालिक, पति, गोरखपन्थी, साधुवोकी एक पदवी, जो उनके नामोंके साथ ही जुडी रहती है (नवलजी,२०१३:६८८)। नाथ शब्दको अर्थ विभिन्न रुपमा लगाउने गरेको पाइएता पनि नाथ संप्रदायमा चाहिँ आफ्नो गोत्र त्यागेर निरञ्जन गोत्रमा प्रवेश गरी दीक्षित भएपछि जनै वा शिव सूत्र धारण गरेका योगीहरुलाई मात्र नाथ नामले सम्बोधन गर्ने गरेको पाइन्छ।

नाथका प्रकार

नेपालमा दीक्षाका हिसाबले नाथहरूका तीन प्रकार रहेको पाइन्छ।

उपदेशी- गुरुशिष्य परम्परा अनुरसार मन्त्र सुनेर(दीक्षा) जप साधना सिद्धि गर्ने मार्गमा अनवरत रुपमा लाग्छ उसलाई उपदेशी भनिन्छ। उपदेशी साधकहरूले नाथ दीक्षा लिए तापनि उनीहरूले नाथ नाम भने पाएका हुँदैनन्।

औघड- यसमा गुरुबाट परम्परा अनुसार नाथ जनै (शिव सूत्र) प्राप्त गरिन्छ। यो भेडाको कालो ऊनबाट बनाइन्छ। यसमा तीन वटा मालाका दानाहरू क्रमशः ब्रम्हा, विष्णु र महेश्वरको प्रतीकको रुपमा राखिएका हुन्छन् साथै पवित्री र नादी पनि सँगै राखिएका हुन्छन् जसमा पवित्रीलाई शक्ति र नादीलाइ शिवको प्रतीक मानिन्छ।

दर्शनी- यसमा पनि धेरै विधि विधानहरू पूरा गर्नु पर्ने हुन्छ। कर्णभेद/कान चिर्ने परम्परा अनुसार गुरुले चेलालाई कर्णभेद गरिसकेपछि कानमा कुण्डल लगाइदिने परम्परा छ। कुण्डल लगाएका नाथलाई दर्शनी नाथ भन्ने गरेको पाइन्छ।

कर्णकुण्डल नाथ जोगीलाई चिनाउने बाहय प्रतीक हो। उनीहरूले कानमा लगाउने गोला ठूला-ठूला कुण्डल हुन्छन्। यस्ता कुण्डल माटाका, धातुका, हात्तीका दाँतका हुन सक्छन्। कान चिरेर कुण्डल लगाउने भएकाले नै यिनीहरूलाई दर्शनी भनिएको हो। भारतमा कतै कतै कुण्डललाई दर्शन पनि भनिएको पाइन्छ। कसैले अपहेलना गरी कानफटा जोगी पनि भन्ने गरेको पाइन्छ (शर्मा,२०७९:५३)। यी कनफटा या दशर्नी नाथजीहरूलाई चिनाउने पहिचानका कुराहरू हुन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थ र पक्कड (ब्रह्माचारी)

सांसारिक मोहपाशबाट आफूलाई छुटाएर त्यागको जीवन बिताउने र घरपरिवारका साथ बसेर नाथपथलाई अँगाल्ने। नाथहरू गृहस्थ र फक्कड दुवै थरीका हुने गरेको पाइन्छ। नेपाली शब्दकोषका अनुसार फक्कड भन्नाले फकिर–फकरा भन्ने बुझिन्छ। यस्तै गरी फक्कडदास भन्नाले फकिरको अभिनय वा सिको गर्ने, फकिर आचरण गर्ने, झिटीझाम्रो केही पनि नभएको, हरिकंगाल (शर्म्मा,२०७९:९७८)। त्यागी या गृहस्थ दुवै प्रकारका नाथहरू यो सम्प्रदायमा पाइन्छन्।

नवनाथ चौरासी सिद्ध परम्परा

नवनाथ परम्परा

नाथ सम्प्रदायमा नवनाथ अवतारलाई सबै भन्दा महत्वपूर्ण अवतारको रुपमा मानिन्छ। ती यस प्रकार रहेका छन्–

१. आदि नाथ (शिव)
२. उदय नाथ (पार्वती)
३. सतनाथ/सत्यनाथ (ब्रह्मा)
४. सन्तोष नाथ (विष्णु)
५. अचल नाथ (शेष नाग)
६. कुन्थडि नाथ (गणेश)
७. चौरङ्गी नाथ (चन्द्रमा)
८. मत्स्येन्द्र नाथ (हरिहर)
९. गोरख नाथ (हरिहर)

(योगी,२०२५:६८) कहीं कहीं माथि उल्लेख गरिएका नव नाथका नामहरु भन्दा फरक नाम प्रयोग गरिएको पनि पाइन्छ।

आदिनाथ भन्नाले शिवलाई बुझिन्छ भने उदयनाथ भन्नाले पार्वतीलाई बुझिन्छ। नाथ परम्पराको शुरु पनि आदिनाथ र उदयनाथ वा शिव र पार्वतीबाटै भएको मानिन्छ।

चौरासी सिद्धहरु

गोरखनाथ परम्परामा र बौद्ध परम्परामा चौरासी सिद्धहरूलाई विशेष महत्व दिने गरेको पाइन्छ। चौरासी सिद्धहरूको जीवनी पढ्नाले जो कोही व्यक्तिमा पनि उनीहरूप्रति, धर्म र परम्पराप्रति पनि श्रद्धा उत्पन्न हुन सक्छ भने सच्चा साधकलाई साधना गरेर मोक्ष प्राप्त गर्नलाई उत्प्रेरणा मिल्दछ।

गोरखनाथ परम्पराका चौरासी सिद्धहरुका नामहरु

१. ओम् ,२. सोहं, ३. आदिकुमारी, ४. कालांग, ५. गौरांग, ६. गोरक्ष, ७. चौरंगी, ८. चर्पती, ९. श्रगी, १०. अचल, ११. मिन, १२. मत्स्येन्द्र, १३. संजाई, १४. कपिल, १५. काणेरी, १६. कन्थडि, १७. ब्रह्मनन्द, १८. गोविन्द, १९. अचलेश्वर, २०. बालगुंदाइ, २१. वीखंक, २२. सारस्वताई, २३. सागरगन्ध, २४. बुद्धाई, २५. भूताई, २६. कुण्डली, २७. कम्बली, २८. माण्डूकीपाव, २९. जालन्धर, ३०. श्रगारिपाव, ३१. कानिपाव, ३२. नचिकेत, ३३. विचारनाथ, ३४. धूर्मनाथ, ३५. वनखण्डी, ३६. हालिपाव, ३७. नन्दाइ, ३८. अमराइ, ३९. तनुकुब्ज, ४०. अगोचर, ४१. नागार्जन, ४२. सनक, ४३. सबन्दन, ४४. सनातन, ४५. सनत्कुमार, ४६. भग्नपात्र, ४७. धामक, ४८. धूमक, ४९. खेचर, ५०. भूचर, ५१. शिव गोस्वामि, ५२. लोहाटपद, ५३. अंजाइपाव, ५४. अवघट, ५५. चर्मगोस्वामि, ५६. गावसिद्ध, ५७. सौरी, ५८. भ्रमर, ५९. चंदेरी, ६०. अचली, ६१. विराशंखा, ६२. विलाप, ६३. मिलवा, ६४. मुक्ताई, ६५. चर्मरावल, ६६. मालकी, ६७. घोडाचौली, ६८. प्रकटीपाव, ६९. लोहा, ७०. गुणिहर्ष, ७१. वारिपाव, ७२. अस्थिपाव, ७३. सूत्रदण्ड, ७४. पहूपना, ७५. नागेश, ७६. कुलालिपाव, ७७. कर्पटी, ७८. कनकाई, ७९. हिमालय, ८०. तुषकाई, ८१. बालनाथ, ८२. मालाकार, ८३. गिरिवरनाथ, ८४. रामनाथ (ज्ञवाली,२०७६:३९)

सिद्ध रतननाथ मठ दाङले तयार गरेको चौरासी सिद्धहरुको नामावली

१.आदिनाथजी, २.उदयनाथ, ३.सत्यनाथ, ४.सन्तोषनाथ, ५.अचलनाथ, ६.कन्थडीनाथ, ७.चौरङ्गीनाथ, ८.मत्स्येन्द्रनाथ, ९.गोरक्षनाथ, १०.चर्पटनाथ, ११. बिचारनाथ, १२. श्रृङ्गरीनाथ, १३.शावरानन्दनाथ, १४. नार्गाजुननाथ, १५.वनखंडीनाथ, १६. धूर्मनाथ,१ ७. गिरिवरनाथ, १८. बालकनाथ,१९. श्रवणनाथ, २०. रत्ननाथ, २१.तारानाथ, २२.चन्दनाथ, २३.पिप्पलनाथ, २४. सुन्दरनाथ, २५. सरस्वतीनाथ, २६. प्रभुनाथ, २७. भावनाथ, २८.पाणिनाथ, २९.वीरनाथ, ३०.सपादनाथ, ३१.कायानाथ, ३२.गौरनाथ, ३३.खर्ापूनाथ, ३४.खेचरनाथ, ३५.मण्डपनाथ, ३६.लौपिपादनाथ, ३७.ज्वालानाथ, ३८.प्रण्यपादनाथ, ३९.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गम्भीरनाथ, ४०. नागनाथ, ४१. ब्रह्मानाथ, ४२. रवेणनाथ, ४३. अडवंगनाथ, ४४. विरुपवंगक्षनाथ, ४५. मेरुनाथ, ४६. कुर्मनाथ, ४७. मल्लिनाथ, ४८. पूर्णमल्लनाथ, ४९. जोगरावलनाथ, ५०. अंगमरावलनाथ, ५१. शीलनाथ, ५२. शिवनाथ, ५३. मकरध्वजनाथ, ५४. गोविन्दनाथ, ५५. गहनीनाथ, ५६. निवृतिनाथ, ५७. ज्ञाननाथ, ५८. मुक्तिनाथ, ५९.सोपाननाथ, ६०.चाङ्गदेवनाथ, ६१. विभाण्डकनाथ, ६२. भग्रभाण्डनाथ, ६३. याज्ञबलक्यनाथ, ६४. चतुर्भुजनाथ, ६५. लक्ष्मणनाथ, ६६. भगवन्तनाथ, ६७. उपन्तनाथ, ६८. धीरजनाथ, ६९. शुकनाथ, ७०. वामनाथ, ७१. मार्कण्डेयनाथ, ७२. जलन्धरनाथ, ७३. कानिपानाथ, ७४. चडियानाथ, ७५ ब्रधनाथ, ७६. सारंनाथ, ७७. चोलनाथ, ७८. कपिलनाथ, ७९. मल्लिकानाथ, ८०. विमलनाथ, ८१. पुण्यानन्दनाथ, ८२. स्वात्मनाथ, ८३. विश्वनाथ, ८४. आग्रनाथ

(स्मारिका,२०७६:१६९)

बौद्ध परम्पराका चौरासी सिद्धका नामहरु

१. गुरु लुहिपा, २. गुरु लिलापा, ३. गुरु विरुपा, ४. गुरु डोम्बिपा, ५. गुरु शबरीपा, ६. गुरु सरहपा ७. गुरु कङ्करिपा, ८. गुरु मिनपा, ९. गुरु गोरक्षपा, १०. गुरु चौरंगीपा, ११. गुरु वीणापा, १२. गुरु शान्तिपा, १३. गुरु तन्तिपा, १४. गुरु चमरिपा, १५. गुरु खड्गपा, १६. गुरु नागार्जुन, १७. गुरु कण्हपा, १८. गुरु कर्नरिपा, १९. गुरु थकनपा, २०. गुरु नरोपा, २१. गुरु श्यालिपा, २२. गुरु तिल्लिपा, २३. चत्रपा, २४. गुरु भद्रपा, २५. गुरु धुखन्धि, २६. गुरु अजोगी, २७. गुरु कलपा, २८. गुरु धोबीपा, २९. गुरु कङ्कनपा, ३०. गुरु कम्बलपा, ३१. गुरु डिङ्गिपा, ३२. गुरु भन्धेपा, ३३. गुरु तन्तिपा, ३४. गुरु कुकुरीपा, ३५. गुरु कुचिपा, ३६. गुरु धर्मपा, ३७. गुरु महिलपा, ३८. गुरु अचिन्तपा, ३९. गुरु भवह (भवट्ठ), ४०. नलिपा, ४१. गुरु भुसुकुपा, ४२. गुरु इन्द्रभूति, ४३. गुरु मेकोपा, ४४. गुरु कोदलिपा, ४५. गुरु कम्परिपा, ४६. गुरु जालन्धरपा, ४७. गुरु राहुलपा, ४८. गुरु धर्मपा, ४९. गुरु धोकरिपा, ५०. गुरु मेधिनीपा, ५१. गुरु पङ्कजपा, ५२. गुरु घण्टापा, ५३. गुरु जोकिपा, ५४. गुरु चलुकपा, ५५. गुरु गोधुरिपा, ५६. गुरु लुचिकपा, ५७. गुरु नगुणपा, ५८. गुरु जयान्द, ५९. गुरु चपरिपा, ६०. चम्पकपा, ६१. गुरु भिक्षनपा, ६२. गुरु धिलिपा, ६३. गुरु कुम्बरिपा, ६४. गुरु चर्बरिपा, ६५. गुरु मणिभद्रापा, ६६. गुरु मेखलपा ६७. गुरु कनखला, ६८. गुरु किलि-किलपा, ६९. गुरु कन्तलिपा, ७०. गुरु बहुलिपा, ७१. गुरु उडिलिपा, ७२. गुरु कपालपा, ७३. गुरु किरपालपा,७४. गुरु सागरपा, ७५. गुरु सर्वभक्ष, ७६. गुरु नागबोधि, ७७. गुरु दारिकपा, ७८. गुरु पुतलीपा, ७९. गुरु पनहपा, ८०. गुरु कोकिलपा, ८१. गुरु अनङ्गपा, ८२.लक्ष्मीकर, ८३. गुरु समुद्रपा, ८४. गुरु व्यालिपा (नवलजी,२०१३:९-१२)

नाथ संप्रदायका १२ पन्थ, प्रवर्तक, स्थान र प्रदेश

क. सं	नाम	मूल प्रवर्तक	स्थान	देश/प्रदेश	विशेष
१	सत्यनाथी	सत्यनाथ	पाताल भुवनेश्वर	उडिसा	सत्यनाथ स्वयं ब्रम्हाको नै नाम हो त्यसैले यी मानिसहरु ब्रम्हको योगी कहलाउछन्।
२	धर्मनाथी	धर्मराज युधिष्ठिर	दुल्लुदैलेख	नेपाल	
३	रामपन्थ	श्रीरामचन्द्र	चौक तप्पे पंचौरा	गोरखपुर (उत्तरप्रदेश)	यो समय यी मानिसहरु गोखरपुरको स्थानलाई नै आफ्नो स्थान मान्दछन्।
४	नटेश्वरी	लक्ष्मण	गोरखटीला	झेलम (पंजाब)	यसका दुई शाखाहरु छन्-नाटेश्वरी र दरियापन्थी
५	कन्थडी	गणेश	मानफरा	कच्छ	
६	कपिलानी	कपिल मुनि	गंगासागर	बंगाल	यो समय कलकता(दमदमको नजिक गोरखवंशी यिनको स्थान हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क. सं	नाम	मूल प्रवर्तक	स्थान	देश/प्रदेश	विशेष
७	वैरागपन्थ	भर्तृहरि	रातादूंढा	पुष्करको नजिक अजमेर	
८	माननाथी	गोपीचन्द	टाई	जिला सीकर (राज)	यो समय जोतपुरको महामन्दिर मठ नै यसको स्थान हो।
९	आईपन्थ	भगवती विमला	जोगी गुफा वा गोरख कुंई	बंगालको दिनजपुरमा	
१०	पागलपन्थ	चौरंगीनाथ (पुरनभगत)	अबुहर	पंजाब	
११	धजपन्थ	हनुमान जी			
१२	गंगानाथी	भिष्म पितामह	जखबार	गुरदासपुर (पंजाब)	

(नाथ,२०७७:५९-६०)

अभिलेखहरुमा नाथ चर्चा

फर्पिङ अभिलेख

नेपाल उपत्यकामा पृथ्वीनारायण शाहले उपत्यका विजय गर्नु पहिले पनि गोरखनाथ सम्प्रदायका योगीहरू भएको प्रमाणका रुपमा फर्पिङमा रहेको गोरखनाथको पादुका र शिलालेखलाई लिन सकिन्छ।

यो शिलालेख बिंसं १४४७ मा राजा जयस्थिती मल्लको पालामा लेखिए थियो। यो पादुका रहेको गुफालाई नाथ योगीहरूले गुरु गोरखनाथले तपस्या गरेको सिद्ध गुफाका रुपमा मान्दै आएका छन् भने बौद्धमार्गीहरूले असुर गुफाका नाममा।

ने.सं.५११(वि.सं.१४४७)मा प्रसिद्ध राजा जयस्थिती मल्लको राज्यकालमा तथा जयथसिंहले प्रशासन चलाइरहेको समयमा अचिन्तनाथले शिलाको गोरखपादुका निर्माण गरी प्रतिष्ठा गरेको व्यहोरा अभिलेखमा दिइएको छ भने यस अभिलेखमा यस पहाडको नाम 'ऋषितट' दिइएको छ भने ने.सं.७९३(वि.सं.१७२९ अभिलेखमा 'लुसीपाकु'भनिएको छ। मध्यकालको पूर्वार्द्धमा संस्कृत भाषामा 'ऋषितट' र उत्तरार्द्धमा जनभाषा अर्थात् नेवारी भाषामा 'लुसीपाकु' भनिएको बुझिन्छ (श्रेष्ठ,२०७८:७९)। फर्पिङ नै अभिलेख ननेपाली नाथहरूका बारेमा लेखिएको महत्वपूर्ण अभिलेख हुन पुगेको छ।

काठमाण्डौ ऐतिहासिक अभिलेखहरू

काष्ठमण्डपबाट प्राप्त विभिन्न समयका ६ ताम्रपत्रहरू नाथ सम्प्रदायका बारेमा महत्वपूर्ण ऐतिहासिक लिखत प्रमाणहरू हुन्। ने.सं. ४९९, ५३७, ५४३, ५८५, ६०५ र ६३२ का ताम्रपत्रका अभिलेखले नाथसम्प्रदायबारे प्रशस्त सूचना दिएका छन्। ने.सं. ४९९ वि.सं. १४३६को ताम्रपत्रमा राजा जयस्थिति मल्लले काष्ठमण्डप भवन 'हरिगनजोग' यानि नाथजोगीहरूलाई प्रयोग गर्न दिएको देखिन्छ। 'देवगोरक्ष' भनेर लेखिएकाले गोरखनाथलाई देवताका रूपमा सम्मान प्रकट गरेको पनि देखिन्छ। त्यस ताम्रपत्रमा 'योगी र दरसन जन' शब्दावलीले नाथयोगीलाई दर्शनधारी भनेर पनि सम्बोधन गरिने भएकाले त्यसतर्फ सङ्केत गरेको बुझिन्छ। काष्ठमण्डपको तल्लो तलामा रहेको गोरखनाथको मूर्ति पनि ताम्रपत्रको लिखतको समयकै हाराहारीको अनुमान गरिन्छ। नाथयोगीहरूले काष्ठमण्डप प्रयोग गर्ने अधिकार प्राप्त गरेपछि आफ्ना आराध्यदेव गोरखनाथको मूर्ति राखेको अनुमान गरिन्छ।

काष्ठमण्डपको अर्को ताम्रपत्र ने.सं.५३७ वि.सं.१४७४मा 'जोगी भराद'लाई चिउरा बाँड्ने उल्लेख गरिएको छ। यसबाट त्यहाँ रहने जोगीहरूलाई सहयोग गरेको प्रसङ्ग देखिन्छ। काष्ठमण्डपमा नाथजोगीहरू रहने गरेको पुष्टि हुन्छ। त्यहाँको अर्को ताम्रपत्र ने.सं. ५८५ वि.सं. १५२२ मा राजा यक्षमल्लको पालामा गौडदेशबाट आएका चैतन्यनाथ योगीले काष्ठमण्डपमा रहेका 'अवधूत' यानि नाथयोगीहरूलाई असार महिनाको कृष्ण अमावस्या तिथि मंगलवारका दिन षड्रस अन्नदान वा 'चक्र' अर्थात् भण्डारा गरेको र त्यस्तो भण्डारा प्रतिवर्ष माघमास पूर्णिमामा गर्नका लागि ९ रोपनी जग्गा गुठी राखेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
उल्लेख गरिएको छ(नरहरिनाथ,२०१०:६) । यस अभिलेखमा ठूलो काष्ठमण्डपमा बस्ने जोगीहरूलाई 'योगीश्वर' भनेर उल्लेख गरिएको छ। यसले त्यो ठाउँमा नाथयोगीहरू रहन्थे भन्ने प्रमाणित हुन्छ। यहाँका नाथयोगीहरूको गौडदेशसित पनि सम्बन्ध रहेको देखिन्छ। यस अभिलेखमा 'नमः श्री गोरक्षनाथाय' भनेर सम्मान प्रकट गरिएको छ। एउटा संस्कृत श्लोकमा गोरखनाथको स्तुति गरिएको छ।

अनादिपरमं बह्म निष्कलं सचराचरम्।

ध्यायन्ते योगिनो नित्य गोरक्ष प्रणमाम्यहम्।

रत्नमल्ल र अरिमल्लको शासनका समयमा काष्ठमण्डपको ने.सं. ६०१ बि.सं. १५४२को ताम्रपत्रमा हेतनाथ जोगी भलादले गोसाइँकुण्डको यात्राबाट फर्किएपछि त्यहाँ रहेका जोगीहरूलाई भण्डारा गरेको उल्लेख छ। हेतनाथले १५ रोपनी जग्गा गुठी राखेको देखिन्छ।

राजा रत्नमल्लको शासनकालमा काष्ठमण्डपको ने.सं. ६३२ वि.सं. १५६९ को सुवर्णपत्रको लिखतमा बालानाथ नाम भएका नाथ योगीले काष्ठमण्डपमा प्रतिवर्ष 'जोगीचक्र' अथवा भण्डारा खुवाउनका लागि ४तोला सुनको गुठी राखेको उल्लेख गरिएको छाने.सं. ५८५ र ६३२ का अभिलेखले यहाँका नाथहरूको सम्बन्ध गौडदेशका नाथहरूसँग पनि थियो भन्ने देखिन्छ।

काठमाडौंको असन टोलमा कंपनी चा कुशलेबाट प्राप्त ने.सं. ६८८ (वि.सं. १६२४)को ताम्रपत्रमा पद्मनाथ कुशलेले आफ्ना भाइ मायानाथका नाममा 'गोरखपादुका'मा सुनको तोरण चढाएको उल्लेख छ।

मृगस्थली गोरक्षपीठमा ने.सं. ७८८ वि.सं. १७२५को अभिलेखमा परदेशी वारनाथ जोगी गुठी राखी यो अभिलेख राखेका र त्यसमा 'श्री ३ गोरख' उल्लेख रहेको छ। उक्त अभिलेखमा त्यस गुठीबाट प्रत्येक वर्ष वैशाख शुक्ल अष्टमीमा गोरखनाथको पञ्चोपचारले पूजा गर्ने र बाह्रपन्थी नाथ जोगीहरूलाई भोजन गराउने उल्लेख छ। मृगस्थली गोरखनाथ मन्दिरसम्बन्धी यो नै पहिलो प्रमाणिक अभिलेख मानिन्छ।

राजा जयस्थिति मल्लको ने.सं.८८३ (वि.सं.१८२०)को अभिलेखमा गोरक्षपीठमा आउने नाथज्यूहरूलाई एक कुरुवा चामल र नुन दिने व्यवस्था गरको देखिन्छ। मृगस्थली गोरक्षपीठमा रहेको ने.सं.८९२ (वि.सं. १८२९)को हिन्दी भाषामा लेखिएको अभिलेखमा गेवीनाथ माताकी चेली क्षमानाथ माताले गोरखनाथको सम्मानमा अखण्ड धुनी बनाएको उल्लेख छ।

मृगस्थली गोरक्षपीठका सम्बन्धमा वि.सं. १८४९मा राजा रणबहादुर शाहले पशुपतिनाथ र अन्य देवताको पूजाका लागि गुठी राख्दा गोरखनाथलाई च्यूरा नैवेद्य चढाउने व्यवस्था गरिएको देखिन्छ। त्यसैगरी वि.सं.१९०२ को अभिलेखमा उपेन्द्रविक्रम शाहले साम्राज्येश्वरी देवीको स्थापना गरी त्यसको पूजाको व्यवस्था गर्दा गोरखनाथलाई भाद्रशुक्ल चतुर्दशीका दिन पूजाका लागि २ रुपैया छुट्ट्याएको देखिन्छ। १९८९ को सरकारी लिखतमा पनि गोरखनाथमा एउटा बत्ती राख्ने उल्लेख त्यसैगरी पशुपतिको भण्डारखाल बगैंचाबाट गोरखनाथ मन्दिरका लागि प्रतिदिन ३ माला उल्लेख गरिएको छ।

राणाहरूले पनि आफू शासनसत्तामा हुँदा मृगस्थली गोरक्षपीठका बारेमा केही दानदातव्य गरी अभिलेख राखेको देखिन्छ । मृगस्थली गोरक्षनाथ मन्दिरमा रहेको वि.सं.१९०६ को शिलालेखमा जङ्गबहादुरकी आमा रक्षाकुमारी देवीले गोरखनाथ मन्दिरको गजुरको जीर्णोद्धार गरेको, केही सत्तलहरू बनाएको र प्रतिवर्ष गोरखनाथ मन्दिरमा होम गर्न र रोट चढाउनका लागि आफ्ना बाबु नरसिंह थापाबाट पाएको २२ रोपनी जग्गा गुठी राखिदिएको उल्लेख छ। उक्त मन्दिरमा श्री ३ वीरशमशेरले वि.सं. १९५१ को अभिलेखसहित घण्टा चढाएको देखिन्छ। वि.सं. १९८१मा श्री ३ चन्द्र शमशेरले त्रिशूल चढाएको बेहोरा त्यहाँ रहेको अभिलेखबाट देखिन्छ (शर्मा,२०७९:१४३-१४५) । नाथहरूका बारेमा लेखिएका यी अभिलेखहरूले गोरखनाथपन्थी नाथजीहरूको इतिहास संभाइरहेका छन्।

नाथ र बौद्ध सम्वन्ध

त्यो असुर गुफा होइन गोरखनाथ गुफा हो

बौद्धमार्गीहरूले गोरखनाथ गुफालाई नै असुर गुफाका रुपमा मान्दै आएको पाइन्छ। जबकी असुर गुफा गोरखनाथ गुफा भन्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अलि तल रहेको छ।

"असुर गुफा गोरखनाथ गुफादेखि केही तल रहेको छ। यहाँ भिक्षु रिम्पोचेले ध्यान गरी असुरलाई धपाएकोले यो गुफाको नाम असुर गुफा रहेको हो भनिन्छ। गोरखनाथ स्थानबाट केही तलको चट्टानदार पहरामा 'असुर गुफा'नाम गरेको गुफा रहेको छ। असुर अर्थात् राक्षसलाई धपाउन गुरु रिन्पोचेले ध्यान गरेको ठाउँ भएकाले यसलाई रिम्पोचे गुफा पनि भनिन्छ भन्ने स्थानीयको भनाइ छ"(श्रेष्ठ,२०७८:८०-८१)। नेपालमा रहँदा उनले करवीर श्मशानमा श्मशान योग एवम् फर्पिङ गोरखनाथ गुफा, तिष्टुङ तमना ऋषीश्वर आदि स्थानमा पनि योग, ध्यान गरेको उल्लेख तिब्बती ग्रन्थहरूमा छ(प्रधान,२०४५:११८)। अहिले बौद्धमार्गीहरूले असुर गुफा भन्ने गुफा नै गोरखनाथ गुफा हो भन्ने पुष्टि हुन्छ।

योगी बलभद्रनाथका अनुसार-वि.सं.२०२८-२०३० तिर गोरखनाथको पादुका रहेको गोरखनाथ गुफामा लामाहरूले अधिकार पाएको राजा विरेन्द्र र थापाथली मठका महन्त महावीर नाथको पालामा हो। त्यति बेला लामाहरूको तर्फबाट सेतो गुम्बाका छेचुकुशुले अगुवाइ गरेका थिए (योगी बलभद्रनाथ,अन्तरवार्ता,२०८१ मंसिर ६)। यसरी नाथहरूका धुनापानी हरन हुँदै गए।

थापाथली मठका महन्त नारायण नाथको स्मरण अनुसार २०२७ सम्म पनि फर्पिङका गोरखनाथ गुफासँगै नाथ योगीहरू बस्ने कुटी र धुनी समेत थियो। त्यहाँ चार जना नाथहरू वस्ने गर्थे। तर लामाहरूको अधिकारमा उक्त स्थान गएपछि ती सबै विस्तारै भत्काएर समाप्त पारिएको छ (योगी नारायण नाथ,अन्तरवार्ता,२०८१ मंसिर ११)। अहिले यस गुफामा नाथको उपस्थिती छैन।

पद्मसंभव गोरखनाथका शिष्य थिए

योगी बलभद्रनाथका भनाइमा यही गुफामा गोरखनाथले पद्मसंभव(सन् ७१७-७७५) लाई दीक्षा दिनु भएको यियो। यो कुरालाई बल पुग्ने गरी कुलचन्द्र कोइरालाले श्री गुरु गोरखनाथ भन्ने पुस्तिकामा 'श्री गोरक्षका शिष्य पद्मसंभव थिए जसको समय ७२१—७७२ थियो। पद्मसंभव घोर तांत्रिक सिद्ध थिए र यिनी ७४७ ई.मा श्रीशान्तरक्षितका अनुरोधमा तिब्बत गएका थिए' (कोइराला,२०५२:२०)। पद्मसंभव सन् ७४३ देखि ७४७ सम्म नेपालमा बसेका थिए (प्रधान,२०४५:११७)। उनले नेपालका विभिन्न ठाउँहरूमा साधना गरेका थिए। नेपालमा उनले याङ-ले-स्वेङ भन्ने चट्टाने गुफा(फर्पिङ शिखरनारायण) मा मल्डल साधना गरेका थिए। नेपालमा रहँदा उनले करवीर श्मशानमा श्मशान योग एवम् फर्पिङ गोरखनाथ गुफा, तिष्टुङ तमना ऋषीश्वर आदि स्थानमा पनि योग, ध्यान गरेको उल्लेख तिब्बती ग्रन्थहरूमा छ(प्रधान,२०४५:११८)। पद्मसंभव नेपालमा बसेको समयमै गोरखनाथको समय थियो भनेर कतिपय विद्वानहरूले लेखेको पाइन्छ। मालवराजकी छोरी मयनावतीको पति माणिकचंद्रको गीत रंगपुरको पाशुपत शैवले गाउथे। यिनीहरू गोप्यरुपमा गोरखनाथको पुजा गर्थे। मेम-साम-जान-ज्वेनका अनुसार शंकरदिग्विजयको परवर्ती समय मगधमा श्रीहर्षको जेठा पुत्रको राजकाज चलेको थियो। यो समय सन् ७८८ को थियो (जुनेजा,२०४२:७५)। यो समय सातौं सताब्दीको थियो। यो समय भन्दा अगावै गोरखनाथ लोकप्रिय भैसकेको र उनको पुजा गरिएको प्रसंग यसमा लेखिएको छ।

पद्मसंभव तिब्बत जानु अघि नेपालका विभिन्न ठाउँहरूमा बसेर साधना गर्नुका साथै तिब्बत पुगेर आएकाहरूसँग तिब्बत सम्बन्धी जानाकारी लिने गरेको पाइन्छ।

अचम्मको संयोग : अचिन्तनाथका बारेमा

यता नेपालमा ने.सं.५११(वि.सं.१४४७)मा प्रशिद्ध राजा जयस्थिती मल्लको राज्यकालमा अचिन्तनाथले फर्पिङको गोरखनाथ गुफा अगाडि शिलाको गोरखपादुका निर्माण गरी प्रतिष्ठा गरेको व्यहोरा अभिलेखमा दिइएको छ (श्रेष्ठ,२०७८:७९)। उता भारतीय लेखक आचार्य अभयदत्तश्रीबाट लेखिएको चौरासी सिद्धोंका वृत्तान्तमा गोरखनाथका बारेमा यस्तो लेखिएको छ-महायोगी अचिन्तनाथले एक जना गाइ पाल्ने वालकलाई अभिषेक र दीक्षा दिएका थिए। उनले साधना गर्दै महामुद्रा परमसिद्धि गरेका थिए। ती वालकले धेरै मानिसहरूलाई मुक्त पनि गराए र गाइ पालन पनि गर्दै रहे। तिनै वालकको नाम पछि गएर गोरक्षको नामले प्रशिद्ध भए (आचार्य,१९९८:३१-३३)। गोरखनाथका बारेमा भारतिय बौद्ध साहित्यमा यस्तो लेखिएको छ।

यता नेपालमा फर्पिङको गोरखनाथ गुफा अगाडि अचिन्तनाथले गोरखनाथको पादुका स्थापना गरेको लिखित अभिलेख नै छ भने उता भारतमा गोरखनाथलाई महासिद्धिको अवस्थामा पुर्‍याउने योगीका नाम पनि अचिन्तनाथ नै लेखिएको छ। यसरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखनाथका बारेमा आचार्य अभयदत्तश्री उल्लेख गरेको योगी र फर्पिङको गोरखनाथ गुफा अगाडि पादुका स्थापना गर्ने योगीको नाम मिलेको छ।

भारतमा अति राष्ट्रवादीहरूका कारण नेपालमा प्रमाणित आधारहरू भएका देवी देउताहरूलाई पनि धार्मिक उद्योग फस्टाओस भनेरै उतैको देखाउने प्रचलन कुनै नयाँ र नौलो होइन नै।

गोरखनाथ गुम्बा ?

सिन्धुपाल्चोकका केही गुम्बाहरू र गुठीको नाम गोरखनाथसँग जोडिएर आउनुमा पनि यी दुई सम्प्रदायमा भेटिने समानताका लक्षण हुन सक्छ। सिन्धुपाल्लोकको हेलम्बु गोरखनाथ च्याङरासि श्रीककानि भगवान गुठी, भोटाङ दुवाडेश्री गोरखनाथ पंचपोखरी लामा गुठी, गुंसा घ्याङको गोरखनाथ गुठी (स्मारिका, २०७१:२७-२८)। बाह्रविसे नपा ७ को गोरखनाथ घ्याङ गुम्बा, सोही नपा २ को गोरखनाथ गुम्बा,भोटेकोशी गापा ५ को गोरखनाथ सार्वजनिक गुम्बा,पाँचपोखरी थाङपाल गापा २ मा रहेको गोरखनाथ लकाङ घ्याङ गुम्बा, बाह्रविसे नपा ६ कै गोरखनाथ उर्गेलिङ गुम्बा(प्रतिवेदन,२०७५/०७६:८६–९२)। लामाहरू पुजारी हुने गुम्वाको नाम गोरखनाथसँग जोडिएर आउनु अनौठो संजोग चै नहुन सक्छ।

सि.नं. १२ लागत नं.बट्टक ४६८ को गुठी संस्थानमा भएको अप्रकाशित लिखत दस्तावेज "हेलम्बु श्री गोरखनाथ श्री च्यांरासी श्री ककनी भगवानका गुठीको लगत किताप नम्वर ४६८" मा श्री गोरखनाथमा फागुन शुदी ९।१०।११ दिन ३ सम्म छिज्यु पुजा गर्नाके,जार पकाउनके चावल पाथी। १० के दोवरले धान जस्ता वाक्य र शब्दहरू परेका छन्।

सि.नं. ३९ लागत नं. दिर्घ ५१२ को गुठी संस्थानमा भएको अप्रकाशित लिखत दस्तावेज "पूर्व १ नं. भोटीहुल गाउँका श्री गोरखनाथ पंचोपोखरीके लगत किताप" मा पूर्व १ नं. भोटीहुल गाउँका श्री गोरखनाथ पंचोपोरी लामा गुठीको लगत खडा गर्ने निकासा बारे श्री ५ सरकार गुठी लगत जाँचले गरेको रिपाट बुझ्दा १८८९ सालको लालमोहर वमोजिम भनिएको छ। लिखतमा जाँड रक्सी बनाउनके कोदो.....१, फलामे त्रिशुल र पांचपोखरी धुपगाउको घ्याङ समेतमा ऋषि पुर्णि, मार्ग पुर्णि माघेसंक्रान्तिमा समेत पर्व पुजा चलाउनाके भन्ने जस्ता वाक्य तथा शब्दहरू परेका छन्। (स्मारिका,२०७१:२८)। गोरखनाथ गुम्वाका लिखतहरूमा यस्तै कुरा पाइन्छ।

सि.नं.५२ लागत नं. लं १९ को गुठी संस्थानमा भएको अप्रकाशित लिखत दस्तावेज "पुर्व नं. १ धुंपालचोक गुंसाघ्याङको गोरखनाथ गुठीको नं. १९" मा पनि श्री गोरखनाथका नित्य पुजाके, ऋषितर्पणी पुर्णिका दिनके, गुठीयार वेद पाठ गर्ने लामा समेतके,जाड पकाउनाके कोदो, आदि वाक्य र शब्द परेका छन्। यो लिखतमा गोरखनाथको नित्य पूजा ३६५ दिन नै गर्ने गरी व्यवस्था भएको कुरा लेखिएको छ।

आश्चर्यको कुरा त यो छ कि अहिले नाथ र बुद्धिष्ट फरक फरक हुन भनिएको र त्यस्तै खालका अभियान चलाइएको अवस्थामा गोरखनाथको नाममा गुठी हुनु र गोरखनाथको दैनिक पुजा गर्ने पुजारी लामा हुने व्यवस्था गरिएको रहेछ।

नाथ योगीसँग बज्रयानीहरुको साइनो

कुङ्गा डोल्छोक(सन्१५०७-१५६६) नामक मुस्ताङी विद्वान सन् १५२८ मा मुक्तिनाथको भ्रमण गरेका थिए। यसै क्रममा मुक्तिनाथको १०८ धारा अर्थात् तिब्बती भाषामा छुमी(धारा) ग्याचा(सय) को वयान गरिएको छ। त्यहाँ भारतीय राजा,रानी,राजाका छोरा र मन्त्री पनि थिए। पर्वतका राजा मालेवुं पनि आएका थिए। साथमा थुप्रै योगीहरू पनि थिए। डोल्छोकले ती योगीहरूको भाषा बुझ्न सकेका थिए। बुद्ध धर्ममा १८ निकाय भए जस्तै यी जोगीहरूको पनि १८ पन्थ हुँदार हेछन्। उनी ती जोगीहरूसँग डेढ बर्षसम्म सँगै बसे। जोगीहरूसँगै गणचक्र पूजा गरेका थिए। ती जोगीहरूले ती लामालाई तारा गुरु भन्ने नयाँ नाम पनि दिए। ती जोगीहरू नाथ पन्थको नाट्यश्वरी हुन सक्छ भनिएको छ।

कुङ्गा डोल्छोक(सन्१५०७-१५६६)ले तीर्थनाथका चेलासँग पढेका थिए। उनी मुस्ताङे मन्त्रीका छोरा थिए(इहर्ड,२०१३:२०३/२०४)। तिनै तारा गुरु पछिल्लो जन्ममा तिब्बतमा तारानाथ भै जन्मे। र लामा तारानाथका नामले प्रशिद्ध भए।

त्यस्तै संभुनाथ लद्दाखमा प्रसिद्ध भए। ताक्छाङ रेपा अर्थात् ङवाङ ग्याछो डुक्पा काग्यु परम्पराका लामा थिए। उनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
बुद्धनाथका चेला जोगी स्यामोनाथसँग दीक्षा लिएपछि सभुनाथको नामले प्रसिद्ध भएका थिए (छिरिङ,२००८:६३/६४)। व्यास हुर्र भन्ने ठाउँमा सिद्ध वुद्धनाथसँग भेट भयो। उनका चेला सोमोनाथसँग जोगी दीक्षा लिएको ताक्छाङ रेपा अर्थात् ङवाङ ग्याछो(संभुनाथ)ले ती नाथ जोगीहरूसँग मसान साधना पनि गरेका थिए। उनीहरूले कावुल ओर्गेन/उर्गेन। उड्ययानासम्मको यात्रा सँगै गरेका पनि थिए। ओर्गेन वा उर्गेन गएको हुनाले उनलाई उर्गेनपा पनि भन्ने गरियो। यात्रामा वालनाथ(वालकनाथ?) को नेतृत्व थियो। उर्गेन,उड्यानातिर सँगै गएको। यो समय सन्१६१५ तिरको थियो(छिरिङ,२००८:६२)। वालनाथ सँगै घुमेको कुरा यस पुस्तकमा लेखिएको छ। यसपछि उनीहरू फर्केर खाछे(काश्मिर) आए।

लामिक अर्थात् आइटिनरी

जोकी/सन्यासीहरू भेला भएका थिए। जोगी महाछिन्दरतिल भन्ने पनि थिए। धकान,हिन्दूताम,लाहौर,पठान हुँदै कावुल ओर्गेन/उर्गेन गएको प्रसंग छ। त्यहाँ पर्छ गया नामका राजासँग भेट भएको र सात ताल थिए भन्ने वर्णन गरिएको छ। त्यो यात्राको नेतृत्व वालनाथले गरेका थिए(छिरिङ,२००८:२७६)। शायद वालनाथ भनिएका ती नाथ योगी सिद्ध वालक नाथ हुनुपर्छ। किनकी नेपालदेखि कान्दाहार कावुलसम्म सिद्ध वालकनाथको चर्चा हुने गर्थ्यो। सिद्ध वालकनाथको समाधि मृगस्थली(नेपाल) लगायत कावुल कान्दहारसम्म १०८ स्थानमा भएको विश्वास नाथ समाजममा रहेको कुरा गोरखनाथ मठ मृगस्थलीका पीर महन्त योगी श्रीषनाथले वताउनु भएको छ (पीरमहन्त योगी श्रीषनाथ,अन्तरवार्ता,२०८१मंसिर १०)। यसरी नाथ र लामाहरू सँगै यात्रा गर्ने,सँगसँगै साधना गर्ने र लामाहरूले नाथ दीक्षा नै लिएर नाथ नाम ग्रहण गरेको प्रसंग पनि भेटिन्छ।

हुन त नाथ र वज्रयानी साधकहरू दुवैले सिद्ध परम्परालाई मान्ने गरेको पाइन्छ। दुवैले चौरासी सिद्ध मान्ने गर्दछन्। दुवैको सूचीहरूमा नाथका सिद्ध वज्रयानीमा र वज्रयानीले मान्ने सिद्धहरू नाथ सिद्ध सूचीमा पनि भेटिन्छ।

नाथ र बौद्ध परम्पराका समानताका कुरा

नाथ सम्प्रदाय र बौद्ध धर्म खासगरी बज्रयानीका वीचमा साधना परम्पराका कतिपय साझा पद्धति र परम्परा भेट्न सकिन्छ। खास गरी तारा लगायतका साधनाका मन्त्र र साधना पद्धतिमा समानता भेट्न सकिन्छ

नाथ र बज्रयानी बौद्ध धर्मालम्बी भेटिने जोगी चक्र पुजामा पनि हो। यो चक्रपुजा साँखुको खड्गयोगिनी,गुह्येश्वरी,मत्स्येन्द्रनाथ लगायतका ठाउँहरूमा देख्न सकिन्छ। ती चक्रपुजा नाथ योगीहरूबाटै गराइने प्रचलन रहिआएको छ।

नाथहरूले गर्ने जोगी चक्रपुजा र बौद्ध धर्मालम्बीहरूले गर्ने गणचक्रपुजामा कतै न कतै समानता पनि पाउन सकिन्छ।

गोरखनाथको जन्म या प्रकटिकरण ?

भारतिय लेखकहरू गोरखनाथलाई भारतमा जन्मेको देखाउन उद्यत नै देखिएका छन्। तर उनीहरूले गोरखनाथलाई भारतीय देखाउन प्रयोग गरेका तथ्य र प्रमाणहरू नै अधुरा र अपुरा देखिन्छन्।

नेपाली नाथहरू गोरखनाथलाई अयोनिज र अजन्ममा रुपमा विश्वास गर्ने गर्दछन्। गोरखनाथलाई शिव अवतारकै रुपमा विश्वास गरे तापनि गोरखनाथ नेपालमा प्रकट भएका किंवदन्ती र तथ्यहरू रहेका छन्।

धर्मावती–वृद्धगण्ड्योन्तरे रुचिरो=भितः। भाति गोरक्षशैलो=यं शिवगोरक्षसम्भवः ।१७२।

कैलासकुटभवनाभ्यन्तरे रुचिरा गुहया। यतः प्राकट्यमायातो द्वादशाब्दिकबालवत् ।१७३।

धर्मावती र बुढिगण्डकीका विचमा प्राकृतिक रुपले रमणिय गगनचुम्बी गोरक्षशैल(गोरखा पर्वत) सुशोभित रहेको छ। यही नै शिवले गोरखनाथको रुपमा अवतार लिनु भएको थियो। गोरक्षशैलमा कैलाशकुट दरवार छ। यहि नजिकै शिवगोरक्ष गुफा छ। यहि गुफामा शिवले १२ बर्ष उमेरका गोरखनाथका रुपमा अवतरण हुनु भएको थियो।

वैशाखी–शिवपूर्णिमा–तिथिवरे वारे शिव मङ्गले.लोकानुग्रह–विग्रहः शिवगुरुर्गोरक्षनाथो=भवत् । (गोरक्षनाथावतारकथा)

र यो समय बैशाख पूर्णिमाको मंगलमय मंगलवार भगवान शिवले गोरखनाथको रुपमा अवतार लिनु भएको थियो (नाथ,२०३८:३८–३९)। यही सम्झनामा गोरखनाथ मठ मन्दिरहरूमा प्रत्यके मंगलवारका दिन गोरखनाथको बिशेष पूजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा रोट अर्पण गर्ने गरिन्छ।

गोरखनाथको जन्मका तिथि मितीका कुरा एकातिर छन् नै। अर्कातिर नेपाली अनुयायीहरू गोरखनाथ चारै युगमा भेटिएको कुरामा विश्वास गर्दछन्। कृष्णकालमा गर्ग ऋषिसँगको सम्वादका कुरालाई उनीहरू प्रमाणका रुपमा पेश गर्दछने। बुद्धलाई हठ योगको दीक्षा सिद्ध सारंगनाथले दिएका थिए। उनी नाथ थिए भन्ने नेपाली नाथहरू पनि नभएका होइनन् ((योगी बलभद्रनाथ,अन्तरवार्ता,२०८१ मंसिर ६)। नाथ परम्पराको शुरुवात आदिकाल,उत्पत्तिका काल अथात् भगवात शिवको पालादेखि नै भएको कुरा यो श्लोकबाट प्रष्टिन्छ :

आदिनाथशिवारम्भां शिवगोरक्षमध्यमाम्।
अस्मत्सद्गुरुपर्यन्तां वन्दे गुरुपरम्पराम्॥

नेपालमा फरक-फरक समयमा गोरखनाथ प्रकट भएको देखिन्छ। राजा नरेन्द्रदेवको पालामा काठमाडौं मृगस्थलीमा एकै आशनमा १२ बर्षसम्म तपस्या गरेको प्रसंग छ भने द्रव्य शाहलाई रागिनासकोटमा दर्शन दिएर राजा बन्ने छौ भन्ने वरदान दिएका थिए। राजा राम शाहको पालामा मनकामना नजिकै वक्केश्वरमा लखन थापालाई गोरखनाथले दिर्शन दिएको र शक्तिपातका माध्यमबाट सिद्धि पाएको प्रसंग पनि छ। यस्तै पृथ्वीनारायण शाह ६ बर्षका छँदा गोरखा दरवारकै छेउमा भएको गुफामा गोरखनाथले दर्शन दिएको पाइन्छ। उता स्वर्गद्वारी महाप्रभुलाई स्वर्गद्वारी प्युठानमा दर्शन दिएको कहावट पनि छ। उता राजा रतन परिक्षितलाई दाङमा बि.सं. ८०९ मा दर्शन दिएको र तिनै राजाा रतन परिक्षित सिद्ध रतन नाथ भएको पाइन्छ।

समानताका कुरा

समग्रमा नाथ भनेको हिन्दुका गुरु मुसलमानका पीर आदमका फकिरका रुपमा जानिने मानिने परम्परा हो। यो पंचम वर्ण समानतामा आधारित धार्मिक सम्प्रदाय हो। समाजलाई जोड्ने योजक पनि हो।

"जन्मना जायते शुद्रः कर्मणा द्विज उच्यते"(जन्मले सवै शुद्र नै हुन। कर्मले नै उच्च हुने हो। को अभ्यास। पंचम वर्ण अर्थात् वर्ण व्यवस्था भन्दा माथिको अभ्यास पनि नाथ परम्पराको सुन्दर अभ्यास मान्न सकिन्छ। यद्यपि नाथ परम्परामा पहाडे ब्राम्हणहरूको प्रवेशसँगै कथित तल्ला जाति भनिएकाहरू उपेक्षित भएको आलोचना पनि नाथ समाजले पाउँदै आएको छ।

नाथहरू र बज्रयानी बौद्ध सम्प्रदायमा भेटिने अर्को समानता भनेको सिद्ध परम्परा र सिद्धहरूको संख्या पनि हो। दुवै सम्प्रदायमा चौरासी सिद्धको मान्यता रहिआएकोछ। यी चौरासी सिद्धहरू मध्ये कैयौं सिद्धहरू दुवैतिरको सूचिमा भेट्न सकिन्छ।

यस्तै पक्ष नाथ र इस्लाम समुदायमा पनि भेट्न सकिन्छ। नाथहरूले पीर उपाधी लिनु, मोहम्मद बोध नामको एक महिने रोजा बस्ने र साधना गर्ने पद्धति नाथ परम्परामा पनि पाइएकोछ। मोहम्मद बोधको साधना पद्धतिको विकास हाजी पीर रतननाथले गरेको मानिन्छ।

नाथहरू वज्रयानी दुवैले जातिय भेदभाव र छुवाछुट नमान्ने भएकाले समाजलाई जोड्न सक्ने सवल धार्मिक समुदाय पनि हुन। विर समसेरले नकर्मीकी छोरी पुखु महारानी भित्राएपछि पानी नचल्ने जात भनेर खैलावैला भएछ। तत्कालिन समयका नाथ योगी हिरानाथले पुखु महारानीको हातबाट पानी खाइदिएर पानी चलाएको प्रसंग योगी बलभद्रनाथले स्मरण गरिरहनुहुन्छ।

नाथ शब्द पुलिङ्गी शब्द हो। नाथ परम्परामा नारीले पनि दीक्षित हुने र जनै(शिवशुत्र) लगाउन पाउने व्यवस्था रहेको छ। नव नाथ मध्ये उदयनाथ स्वयम् माता पार्वती भएकाले पनि नाथ परम्परामा नारीको सम्मान र भूमिका समान र सम्मानजनक देखिन्छ।

नाथ परम्परामा दीक्षित नारीलाई सम्बोधन गर्ने क्रममा नाथजी महाराज वा नाथजी भनेर सम्बोधन गर्ने गरिन्छ। नारी नाथलाई स्त्रीलिङ्गी सम्बोधन गर्ने गरिदैन। यसबाट पनि नाथ परम्परामा नारीको स्थान पुरुष नाथ सरह समान रहेको पाउन सकिन्छ। धार्मिक क्षेत्रमा यस खालको समानता अन्यत्र विरलै देख्न पाइन्छ।

निष्कर्ष

नाथ र वज्रयान परम्परामा कैयौं समानताका पक्षहरू भेट्न सकिन्छ। वाहिरी रुपमा देखिने समानता वाहयेक भित्री साधना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पक्ष,साधनाका देवीदेवता तथा तन्त्रमन्त्रहरूमा पनि समानता रहेको पाइन्छ। पहिले पहिले सँगसँगै साधना गरेका, एक अर्काबाट तन्त्र मन्त्र सिक्ने,एक अर्का सम्प्रदायमा दीक्षा नै लिने दिने गरेका घटनाहरूले यी दुवै सम्प्रदायका वीच समन्वय र सौहाद्रता पनि भेट्न सकिन्छ।

अहिले पनि नाथहरू लामाका गुम्वाहरूमा जाने र लामाहरू नाथ मठ मन्दिर जाने चलन छँदैछ। गोरखनाथका नामका गुम्बाका पुजारी लामाहरू हुनु,गोरखनाथका स्थान गोरख गुफा(फर्पिङ) लामाहरूलाई दिन नाथहरू राजी हुनुले यी दुवै समन्वयवादी,सौहाद्र तथा उदार प्रवृत्तिका छन् भन्ने प्रष्ट हुन्छ। नाथ परम्परामा नारी प्रति भेदभाव गरिंदैन। नारी नाथलाई स्त्रीलिङ्गी शब्दबाट सम्बोधन नगरी नाथजी महाराज नै भनेर सम्बोधन गरिन्छ। वज्रयानीहरूमा पनि नारी निन्दा नगर्ने शील नै रहेको हुन्छ। नाथका षडंयोग,वज्रयानीहरूले अभ्यास गर्ने षडधर्म योग। कुण्डलिनी,महामुद्राका कुराहरू कैयौं रुप र सार पक्षमा समानता पाइने गरेको छ।

सन्दर्भ ग्रन्थसूची

आचार्य, अभयदत्त श्री (वि.स. १९९८), *चौरासी सिद्धों का वृत्तान्त,* केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, सारनाथ, वाराणसी।

इहर्ड, फ्यान्ज कार्ल (२०१३), *बुद्धिजम् इन टिबेट एण्ड द हिमालयज्,* वज्र पव्लिकेशन।

कोइराला, कुलचन्द्र (वि.स. २०५२), *श्रीगुरु गोरखनाथ,*.कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान।

छिरिङ, ङवाङ सं. (२००८), *ओर्गेनमा ताक्छाङ रेपाको जीवनी(सन् १५७४-१६५४),* लद्दाख सरकारबाट प्रकाशित।

जुनेजा, वेदप्रकाश (वि.स. २०४२) *नाथसम्प्रदाय और साहित्य,* गोरखपुर-मन्दिर।

दोर्जी, सेम्पा (१९९८), *चौरासी सिद्धोंका वृत्तान्त,* सारनाथ, केन्द्रिय उच्च तिब्बती शिक्षा संस्थान।

धमला, टि.पी. (वि.स. २०७९), *नेपालमा नाथयोग इतिहास र साधना,* विद्यार्थी पुस्तक भण्डार काठमाण्डौं।

नवलजी (२०१३), *नालन्दा विशाल शब्दसागर,* नइ दिल्ली, आदीस बुक डिपो।

नाथ, योगी नरहरि (वि.स. २०३८), *देवभूमि भारत एवम् आध्यात्मिक नेपाल,*.गोरक्षपीठ मृगस्थली काष्ठमण्डपः नेपाल।

नाथ, योगी सिंह (वि.स. २०७७), *सिद्ध सिद्धान्त पद्धति,* इन्डिगो इन्क प्रा.लि.काठमाण्डौं।

पौड्याल, डा.शिवप्रसाद (वि.स. २०७६), *नेपाली उखानसङ्ग्रह,* साझा प्रकाशन।

प्रगति प्रतिवेदन, (वि.स. २०७६), बौद्ध दर्शन प्रबर्द्धन तथा गुम्बा विकास समिति।

प्रधान, भुवनलाल (वि.स. २०४५), *नेपालमा बौद्धधर्म,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

भट्टराई,मरलीधर (वि.स. १९९४), *नेपाल वर्थ प्लेस अफ कालिदास(सिनोप्सीस),* मनोरह प्रेश ।

'मलसितम', सूरज (वि.स. २०१४), *हिन्दी संत साहितयमे झलकता बौद्ध धर्म,* सम्यक प्रकाशन।

शर्मा, कृष्णचन्द्र (वि.स. २०७९),*नेपालमा नाथ योग दर्शनको परम्परा,* प्रज्ञा प्रतिष्ठान,काठमाडौं।

शर्म्मा(नेपाल), वसन्तकुमार (वि.स. २०७९), *शब्दार्थ नेपाली शब्दसागर,* शब्दार्थ प्रकाशन,काठमाडौं।

स्मारिका (वि.स. २०७६), सिद्ध रतननाथ मठ, दाङ।

स्मारिका, (वि.स. २०७१), स्वर्ण जयन्ती समापन वर्ष गुठी संस्थान।

श्रेष्ठ, टेकवहादुर (वि.स. २०७८), *फर्पिङको ऐतिहासिक रुपरेखा,* नेपाल प्रज्ञा-प्रतिष्ठान।

ज्ञवाली, सूर्य विक्रम (वि.स. २०१९), *नेपाल उपत्यकाको मध्यकालिन इतिहास,* रायल नेपाल एकेडेमी।

❖❖❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यमपञ्चक: पशुपतिक्षेत्रस्थित यमराज, वलीराजा र धन्वन्तरी

✍ डा.निर्मला पोखरेल

लेखसार

कार्तिक कृष्ण त्रयोदशीदेखि, चतुर्दशी, औंसी, प्रतिपदा र द्वितीया तिथि यमराजसँग विशेषरूपमा जोडिएको हुनाले यी पाँच दिनलाई 'यमपञ्चक' भनिन्छ। अथाह मूर्तसंस्कृतिको भण्डार रहेको पशुपतिक्षेत्रमा यमपञ्चक पर्वसँग जोडिएका पात्रहरू धन्वन्तरी, यमराज, धर्मराज, वलीराजाका अत्यन्त दूर्लभ मूर्तिहरू रहनुले नेपालमा मनाइने लगभग सबै चाडपर्वहरूसँग सम्बन्धित मूर्तिहरू यो क्षेत्रमा प्राप्तहुनेतर्फ संकेत गर्दछ। यसै परिप्रेक्षमा 'यमपञ्चक' पर्व के हो ? यो पर्वसँग जोडिएर आएका पात्रहरू धन्वन्तरी, यमराज, धर्मराज, वलीराजाको हुन् ? पशुपतिक्षेत्रमा यी कहाँ छन् ? मूर्त र अमूर्त कलाकृति कसरी अन्योन्यास्रित छन् भन्ने प्रश्नहरूलाई प्रमुख शोध प्रश्नहरू बनाई यिनको उत्तर खोज्नका लागि यो शोधकार्य गरिएको हो। यसको गुणात्मक ढाँचाको अनुसन्धान योजना बनाई विशेषगरि अवलोकन विधिबाट प्राथमिक तथ्यहरू संकलन गरिएको छ। केही तथ्यहरू प्रकाशित भैसकेका द्वितीय स्रोत अन्तर्गतका पुस्तक तथा लेखहरूबाट पनि सङ्कलन गरिएको छ। दुवै किसिमका स्रोतबाट प्राप्त तथ्यहरूलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरेर यो लेख तयार गरिएको छ। यस अध्ययनबाट पशुपतिक्षेत्रमा यमपञ्चक पर्वसँग जोडिएका पात्रहरू धन्वन्तरी, यमराज, धर्मराज, वलीराजाका अत्यन्त दूर्लभ मूर्तिहरू लिच्छविकाल (पाँचौ शताब्दी) देखि नै प्राप्त भएको तथ्यलाई उजागर गरेको छ। पाँचौं शताब्दीको अभिलेख सहित भएको वलीराजाको उपस्थिति भएको विष्णुको वामन अवतारको मूर्ति, सातौं शताब्दी देखिका यमराजका मूर्ति, धर्मराज मानिएको प्राचीन शिला, सत्रौं शताब्दीको धन्वन्तरीको मूर्ति (आकर्षक मन्दिर सहित) रहेको पशुपतिक्षेत्रमा यमपञ्चक पर्वसँग जोडिएका दुर्लभपात्रहरूको उपस्थिति पाईएको छ। यस अध्ययनबाट यमपञ्चक के हो र यससँग जोडिएका पात्रहरूको उपस्थिति पशुपतिक्षेत्रमा कता-कता छन् र कस्ता छन् कहिलेका हुन् भन्ने तथ्यलाई उजागर भएको छ र मूर्त र अमूर्त कलाकृति अन्योन्यास्रित छन् र यी भिन्न हुन सक्दैनन् भन्ने तथ्य पुष्टि भएको छ।

शब्कुञ्जी: धन्वन्तरी, पशुपतिक्षेत्र, यमपञ्चक, यमराज, वलीराजा

विषय परिचय

नेपालमा मनाईने विविध चाडपर्व मध्ये यमपञ्चक पनि एक हो। अधिकांश चाडपर्व, जात्रा, उत्सव लगायतका अमूर्त सँस्कृति पौराणिक, धार्मिक, ऐतिहासिक, लौकिक मान्यता, किंवदन्ती, परम्परा, ऋतु, कृषी, प्रकृति लगायत तन्त्रसँग समेत निकट रहेका हुन्छन्। पर्वहरू धार्मिक मान्यतासँगै जोडिन क्रममा तिनका मन्दिर र मूर्तिहरू पनि बनेका हुन्छन्। यसै मध्ये यमपञ्चकका पात्रहरूसँग जोडिएर बनेका पशुपतिक्षेत्रस्थित यमराज, वलीराजा र धन्वन्तरीको यहाँ चर्चा गरिएको छ। यमपञ्चक पर्वलाई दिपावली, तिहार, भाईटिका, स्वन्ती नख (नेवारी भाषामा फुलको पर्व), प्रकाश पर्व, लक्ष्मी पूजा आदि नामले पनि संवोधन गरिन्छ।

नेपालमा दसैं पछिको दोस्रो ठूलो चाडको रूपमा मान्दै आइएको यमपञ्चक यमराजको नामबाट संबोधित हुनगएको भएतापनि यमराजका मूर्ति सम्बन्धी बिशेष चर्चा नहुनु, त्यसैगरी धन्वन्तरीका प्रशस्त मूर्ति प्राप्त नहुनु , वलीराजाको अलग्गै मूर्ति नहुनु जस्ता कुराहरूलाई यहाँ संबोधन गरिएको छ। यसै परिप्रेक्षमा मूर्त र अमूर्त कलाकृति अन्योन्यास्रित छन्, यी भिन्न हुन सक्दैनन् र हाम्रा अमूर्त संस्कृतिलाई जीवन्त राख्ने मूर्त कलाकृतिको खोज हुन जरूरी छ भन्ने कुरा यहाँ प्रस्टपार्न खोजिएको छ। यहाँ यमराजका मूर्तिहरू भएर पनि नित्य पूजाको कुनै व्यवस्था नभएको, यमपञ्चकको अवसरमा पनि केही भक्तजनहरूबाट धन्वन्तरीको पूजा हुने गरेको पाइएतापनि यमराज, वलीराजाको पूजा हुने परम्परा नभएको पाइयो (प्रत्यक्ष अवलोकन)। यहाँस्थित यी मूर्तकलाकृतिका बारेमा जानकारीका अभावमा ओझेलमा परेका यिनै विषयवस्तु सम्बन्धी यहाँ खोजकार्य

✍ डा. पोखरेल, त्रि.वि. संस्कृति केन्द्रिय विभागका उप-प्राध्यापक हुनुहुन्छ। *Email: nirmala.pokharel33@gmail.com*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ। यहाँ यमपञ्चक पर्वका बारेमा जानकारी गराउँदै पशुपतिक्षेत्रस्थित यमपञ्चक सम्बन्धी प्रमुख पात्रहरू यमराज, वलीराजा र धन्वन्तरीको सम्बन्धमा अनुसन्धान गरिएको छ।

अनुसन्धान विधि

यमपञ्चक पर्व, पशुपतिक्षेत्र स्थित यो पर्वसँग सम्बन्धीत प्रमुख पात्रहरू यमराज, वलीराजा र धन्वन्तरीको बारेमा अनुसन्धान गर्ने यस अध्ययनको प्रमुख उदेश्य हो। यस्तो अध्ययनको लागि अन्वेषणात्मक र गुणात्मक पद्धति अध्ययनका लागि उपयुक्त हुने हुनाले यहाँ सोही पद्धति अपनाएर अनुसन्धान गरिएको छ। यसका लागि आवश्यक तथ्यहरू प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ। यहाँ विशेष गरेर मूर्तिहरूको अध्ययनका लागि प्रत्यक्ष अवलोकन र फोटोग्राफी विधि अपनाइएको छ साथै विज्ञ व्यक्तिसँग अन्तर्वार्ता लिइएको छ। यमपञ्चक पर्वका लागि द्वितीय स्रोतका रूपमा पूर्व प्रकाशित पुस्तक र पत्रिकाहरू प्रयोग गरिएको छ र यससँग सम्बन्धित मूर्तिहरूको अध्ययनका लागि भौगोलिक सिमा स्वरूप पशुपतिक्षेत्र मात्र लिइएको छ।

यमपञ्चक पर्व

विशेष गरेर यमराजसँग सम्वन्धित यमपञ्चक पर्व वसन्त पञ्चमी जस्तै ऋतु परिवर्तनको सूचक पर्व पनि हो। ऋतुहरूमा शरद्ऋतुको विशेष महत्व छ। त्यसैले 'जीवेम शरदः शतम्' भनी सयौं शरद सम्म बाँच्ने चाहना गरिन्छ। वर्षा ऋतुपछि मनाईने यो 'ऋतु–उत्सव', शरद् ऋतुको स्वागतमा रातभरी आगो बाली उज्यालोमा नाचगान गरेर मनाउन प्रारम्भ गरिएको लोकोत्सव' पनि हो। पौराणिक कथन अनुसार दानवराज बलीको दानशीलताबाट प्रसन्न भएर वामनरुपी भगवान विष्णुले बलीलाई सुतल नामक लोकको राजा बनाएका थिए। वलीको चाहना अनुरुप भगवान विष्णु आषाढ शुक्ल एकादशीदेखि कार्तिशुक्ल एकादशीसम्म चार महिना सुतलमा वलीकहाँ नै बस्ने तथा कार्तिक कृष्ण त्रयोदशी देखि कार्तिक शुक्ल द्वितीया सम्म पाँच दिन वलीले तीनै लोकको राज्य भोग गर्न पाउने वरदान समेत विष्णुबाट उनले पाएका थिए। यी पाँच दिने वलीको राज्यमा मान्छे र देवताले गरेको राज्य भन्दा विशेषरुपले चिनाउन पाँचै दिन दिपावलीले घर, गोठ, मन्दिर, मुख्य बाटघाट सजिसजाउ पार्नुपर्ने र यो कार्यले लक्ष्मी खुशी भएर दिपावलीको उत्सव मनाउने घरमा बस्नुपर्ने, यमराज पनि खुसी हुने वर पनि वलीले पाए। यही समय देखि प्रति बर्ष यमपञ्चकका यी पाँच दिन बलीको राज्य मानी दिपावली र लक्ष्मीपूजाको प्रथा चलेको मानिन्छ। यी पाँच दिन यमराज लगायत ईन्द्रादी देवताले वलीलाई राज्य छोड्नु पर्ने हुँदा यमराजले यी दिनहरू वहिनी यमुनाकोमा ब्यतीत गर्ने बिचारले उनका घरमा गए। बहिनीको पनि दाजु आईदिए हुन्थ्यो भन्ने चाहना थियो। दाजुलाई भेटेर अत्यन्त प्रसन्न बनेकी बहिनीले दाजुको ठूलो स्वागत सत्कार गरिन्। बहिनीको आतिथ्य सत्कारबाट प्रसन्न भएका यमले बिदाहुने दिनमा वहिनीबाट टीका ग्रहण गरे र वहिनीलाई पनि बस्त्र र आभुषणहरू दिए। जनमानसले पनि यसो गरे दाजुभाईको कीर्ति, आयु एवं धनधान्य वृद्धि हुने र दिदीबहिनीका घरमा पनि सौभाग्य र शुख शान्ति हुने वरदान बहिनीलाई दिई यम बिदा भए। यही समय देखि टीका लगाउन शुरुवात गरिएको र यिनै कथाको आधारमा तिहारलाई यमपञ्चक' भनिएको मानिन्छ। यमराजलाई धर्मराज पनि भनिन्छ। यहाँ धर्मको अर्थ अहिंसा, सत्य, इन्द्रियनिग्रह, अस्तेय (मानबोचित गुण वा आचरण) र अपरिग्रह (हिंसा, राग, द्वेष, मोह आदि त्याग) हो। मानिसहरूले जीवनमा यी कुरा पालन गर्नसके यमदण्ड भोग्नु नपर्ने कुराको सन्देश स्वरुप मानव लगायत प्रकृतिका सबै वस्तुमा सद्भाव राख्न यो पर्वले प्रेरित गर्दछ।

लौकिक परम्परामा चल्दै आएको 'यमपञ्चक' पर्व विस्तारै 'लोकोत्सव', बाट 'कृषि–उत्सव' बन्दै धर्मसँग पनि जोडिदै गयो। यही अवसरमा लक्ष्मीपूजा सँगै नरकासुरबध उत्सव, रामराज्याभिषेक जस्ता उत्सवहरू पनि जोडिदै आए। विस्तार– विस्तारै यो पर्वले संसारमा रहेका प्राणी लगायत प्रकृति समेतमा सदैब स्नेह, समानता र परस्परको हित– चिन्तनका लागि अभिप्रेरित भएर एकताको सन्देश दिदै धर्तिमा रहेका हरेक कुराहरूसँग सहजीवनका लागि प्रयत्नशील रहनु पर्ने संदेश बोकेर सबैमा सद् भाव, सहानुभूति र सामाजिक भावना विकास गर्नको लागि प्रेरित गर्न थाल्यो। यो अवसरमा देवी, देवता, मानव, दानव, पशु, पंक्षी, प्रकृति लगायत भौतिक पदार्थहरू सुन, चाँदी, रुपियाँ– पैसा र भाँडाकुँडालाई समेत देबी लक्ष्मीको प्रतिक मानी पूजा गर्न थालियो। यस अवसरमा पहाडी भेगतिर कतै कतै हलोको पनि पूजागर्ने परम्परा रहेको पाइन्छ। भौतिक पदार्थहरूको पनि यसरी विशेषरुपमा पूजा अर्चना हुनेहुनाले यमपञ्चकलाई भौतिक उपासनायुक्त विशेष पर्वकारुपमा समेत लिईन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'यमपञ्चक' कार्तिक कृष्ण त्रयोदशीको दिनदेखि, चतुर्दशी, औंसी, प्रतिपदा र द्वितीयासम्म पाँचदिन क्रमशः कागतिहार, कुकुरतिहार, गाईतिहार, गोरुतिहार र भाईतिहारको नाममा मनाईन्छ।

कार्तिक कृष्ण त्रयोदशी

यमपञ्चकको पहिलो दिन कार्तिक कृष्ण त्रयोदशीमा काग पुजा, धन्वन्तरी जयन्ती, यमदीपदान जस्ता कार्यहरू सम्पन्न गरिन्छ।

कागतिहार/ काग र यमराजको सम्बन्ध

काकभुशुन्डि जस्ता ज्ञानीको जन्म कागजातिमा भएको थियो। एउटै आँखाको नानी भएको कागले सवैलाई एउटै दृष्टिले भेदभाव नगरी हेर्ने मान्यता रहेको छ। त्यसैले कुनै समयमा काकन्याय भनि प्रसिद्ध थियो। काग यमराजको नजिक वस्ने उनको साह्रै पृय भक्त र दूत पनि हो। पुराणहरूमा यमराज स्वयं कागको रुप धारण गरी आफ्ना भक्तहरूको हितको खातिर प्रकट हुने गरेको उल्लेख पाईन्छ। कागलाई तान्त्रिक विधिबाट पुजा गरी भोग(खाना) दिनु पर्दछ। पूजासामग्रीमा फूल, अक्षता, अविर, दाल, भात, तर्कारी र फलफूलका साथमा लावा हुनु पर्ने मान्यता रहेको छ। सूर्योदय अगावै सफा ठाउँमा भूमिमा भूईमै राखेर कागलाई वलि (खाना) दिनु पर्ने शास्त्रीय मान्यता रहेको छ। पातमा या कुनै पनि भाँडामा राखेर दिन वर्जित मानिन्छ। भूमिमा अर्थात भूईमै राखेर भोग दिनुको तान्त्रिक रहस्य रहेको छ। यसप्रकार कागलाई यमराजको पृय भक्त र दूत मात्र नभइ यमराजकै रूप पनि मानिन्छ।

यमदीपदान

त्रयोदशीका दिन साँझ घरको मूलढोका बाहिर यमराजका नाममा वत्ति बालेर उनलाई घर भित्र प्रवेश नगर्नकालागि प्रार्थना मन्त्र पाठ गरिन्छ। यसप्रकार यमपञ्चकको पहिलो दिन दीपदान गरेर यमराजको सम्मान गरिन्छ।

धन्वन्तरी जयन्ती/धनतेरस

यमपञ्चकको पहिलो दिन धनतेरसका अवसरमा धन्वन्तरीको जन्म जयन्ती उत्सव मनाएर यिनको पुजा गरिन्छ। धन्वन्तरीलाई पुराणहरूमा देवताहरूका वैद्य भनी चर्चा गरिएको छ। यिनलाई आयुर्वेदका जन्मदाता आदिपुरूष भनि अग्निपुराण, विष्णुपुराण, रामायण, महाभारत, चरकसंहिता, भगवतपुराण आदिमा उल्लेख गरेको पाइन्छ। यिनी विष्णुका चौविस अवतार मध्ये वाह्रौं अवतार मानिन्छन्। यिनको उत्पत्ति समुन्द्र मन्थनबाट अमृतको घडा बोकेर भएको हुनाले यिनलाई पीयुषपाणी धन्वन्तरी' पनि भनिन्छ॥

पशुपतिक्षेत्रस्थित धनवन्तरी मन्दिर र मुर्ति

नेपालमा धन्वन्तरीका मन्दिर र मूर्ति ज्यादै कम प्राप्त भएका छन्, जसमा पशुपतिक्षेत्रस्थित जयवागीश्वरी मन्दिर परिसरमा रहेको प्राचीन ढुङ्गेधारा (लुँहिटी) प्रवेश गर्ने सिंढीको दायाँ वायाँ शिखर शैलीका दुई सुन्दर मन्दिरहरू रहेका छन् त्यसमध्ये धारा झर्दा दायाँ तर्फको मन्दिर धन्वन्तरीको हो (चित्र नं.२)। शिखरशैलीमा निर्मित यो मन्दिरको गर्भगृहमा दोहोरो पद्मपीठमाथि पद्मासनमा वसेका, चारवाहुका, माथिल्लो दायाँ वाहुले चक्र र वायाँले शंख धारण गरेका र तल्लो दुईवाहुले अमृतघडा समाएर काखमा राखेका धनवन्तरीको अत्यन्त सुन्दर मूर्ति रहेको छ। यहाँ उनको कर्णकुण्डल काँधसम्म लत्रिएको, नारीमा वाला र पाखुरामा केयुर, शिरमा किरिट मुकुट धारण गरेको अत्यन्त दुर्लभ यो मूर्ति बहुतै आकर्षक र सजीव हुनका साथै मूर्तिविज्ञानका पुस्तकमा निर्देश गरिए बमोजिमको रहेको छ (चित्र नं. १ ख)।

चित्र नं. १ (क) मूर्तिविज्ञानका पुस्तकमा निर्देश गरेवमोजिम धन्वन्तरीको चित्र

मूर्तिविज्ञानका पुस्तकमा धन्वन्तरीको मूर्ति विष्णुको जस्तै वनाउने निर्देश गरिएको छ। जसअनुसार यिनका चारवाहुहरूले अमृतघडा, आयुर्वेदको पुस्तक, आयुर्वेदकै वृक्ष वा विरूवा बाहेक अन्य आयुध, शंख, चक्र आदि धारण गरेका अन्य कुराहरू जस्तो वस्त्र, मुकुट, आभुषण आदि विष्णुको जस्तै वनाउने निर्देश गरिएको छ (चित्र नं. १ क)। यहाँ (चित्र नं.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१ (क))मा धन्वन्तरीका चारवाहुहरूले शंख, आयुर्वेदको पुस्तक, अमृतघडा, आयुर्वेदको विरूवा लिएका छन्। अन्य कुराहरू जस्तो वस्त्र, मुकुट, आभुषण सम्पर्ण विष्णुकै जस्तै रहेको छ।

चित्र नं. १(ख) धनवन्तरीको मूर्ति, जयवागीश्वरी मन्दिर परिसर, पशुपतिक्षेत्र

पशुपतिक्षेत्रस्थित जयवागीश्वरी मन्दिर परिसर रहेको धनवन्तरीको मूर्ति, मन्दिर भित्र खम्वेतोरणमा स्थापित छ। उक्त तोरण निर्मित खम्बाको दुईपट्टि आधारमा चमरधारी दुई सेवकहरू रहेका छन् भने तोरणको केन्द्रमा चारवाहुको एकमूर्ति र दायाँ वायाँ दुई-दुई गरि जम्मा पाँच मूर्तिहरू (खिइएर अस्पष्ट) वनांइएका छन् (चित्र नं. १ख)। यही मन्दिरको पश्चिमपट्टि समानान्तर स्तरमा एकै शैली (शिखर शैली)को लक्ष्मीनारायणको अर्को मन्दिरमा ने.सं.७२४ (वि.सं. १६६०) कार्तिकको अभिलेख रहेको छ। शैलिगत समानता, स्थानजन्य उपस्थिति आदिका कारणले धनवन्तरीको मन्दिर र मूर्ति पनि त्यही समयको हुन सक्ने अत्यधिक संभावना देखिन्छ। यसप्रकार निर्माण मिति सहित रहेको १७ औं शताव्दीको मन्दिर सहितको मूर्ति भएका कारणले यसको अझ विशेष महत्व रहेको हो।

चित्र नं.२ धनवन्तरी मन्दिर, जयवागीश्वरी मन्दिर परिसर, पशुपतिक्षेत्र

मन्दिरको वाहिरी पश्चिमी पाटामा तलपट्टि विष्णु, त्यसको माथि गवाक्षमा एक घोडामाथि आसनमुद्रा (बसेको)को सूर्यको मूर्ति रहेको छ। मन्दिरको उत्तरी पाटामा माथिपट्टी वसेको नारी मूर्ति र यसैको तलपट्टी नागको सातफँडाले रक्षा गरेका बलरामको अत्यन्त सुन्दर मूर्ति रहेको छ। चार बाहुका वलरामले यहाँ माथिल्लो दायाँवाहुमा मूसल तल्लोमा चक्र वायाँ माथिल्लो वाहुमा हलो र तल्लोमा शंख लिएको छ। उर्ध्वकमलपीठमाथि स्थानक मुद्राका (समपादमा उभिएका) बलरामले यहाँ, पाखुरामा सर्पकेयुर, नाडीमा बाला लगाएर सुन्दर किरिटमुकुटधारण गरेका छन्। बलरामको यो मूर्ति अत्यन्त दुर्लभ रहेको छ। मन्दिरको पूर्वी पाटामा तल र माथिपट्टी नारायणका मूर्तिहरू रहेका छन्। यसप्रकार धनवन्तरीको मूर्ति मात्र नभै यो मन्दिर समेत दुर्लभ कलाकृतिहरूले सजिएको छ।

कार्तिक कृष्ण चतुर्दशी

यमपञ्चकको दोस्रो दिन कुकुर पूजा गरिने र त्यही दिन भगवान विष्णुले नरकासुरको वध गरेको उत्सव पनि मनाइन्छ।

कुकुरतिहार/ कुकुर र यमराजको सम्बन्ध

पौराणिक कथन अनुसार कुकुर वैवस्वतकुलमा जन्मेको मानिन्छ। यसको सम्बन्ध भगवान सूर्यसँग पनि छ। कुकुरको उत्पत्ति सूर्यको कुलबाट भएको भन्ने मान्यता पनि रहेको छ। कुकुर, काग जस्तै यमराजको नजिक वस्ने उनको साह्रै पृय भक्त र दूत पनि हो जसलाई यममार्गको देखभाल गर्ने, मृत्युपात्र छान्ने स्वरूपमा पनि लिइन्छ। यो तान्त्रिक देवता भैरवको वाहन भएकाले अभिष्टसिद्धिकालागि भैरवसँगै यसको पनि पूजा गरिन्छ। नेवारी समुदायमा कुकुरलाई पुजागरी माला तथा जजङ्का समेत पहिर्‍याईन्छ र भोजनको रुपमा तान्त्रिक पूजामा र भोजमा प्रयोग हुने समयवजी, मासु, लगायतका वस्तुहरू खुवाईन्छ भने अन्य वर्गले तिहारमा पाकेका पकवान्न लगायतका खाद्यसामग्रीहरू दिइ पुजागरेर फूलको माला पहिर्‍याईदिन्छन्।

नरकचतुर्दशी

कार्तिक कृष्ण चतुर्दशीका दिन भगवान विष्णुले नरकासुर जस्तो अत्यन्त शक्तिशाली दानवलाई नष्ट गरेका थिए। त्यसैले यो दिन नरकासुरवध उत्सव पनि मनाइन्छ।

औंशी

यमपञ्चकको तेस्रो दिन अर्थात औंशीको दिन गाई पूजा, लक्ष्मी पूजा, जाग्रम बस्ने, कौडा, तास आदि खेल्ने, भजनकीर्तन गर्ने, भैलो खेल्ने जस्ता कार्यहरू पर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाईतिहार/लक्ष्मीपूजा, वलीराजा, यमराजको सम्वन्ध

कार्तिक कृष्ण अमावस्या (औंसी) का विहान गाईको र साँझ लक्ष्मीको पुजा गरिन्छ। वेदमा गाईको विश्वरुपको उल्लेख पाईन्छ (एतद् विश्वरुपं सर्वरुपं गोरुपम्) । शास्त्रहरूमा गोसेवाबाट लक्ष्मी प्राप्त हुनेकुरा उल्लेखित छ र गाईलाई पनि लक्ष्मीको प्रतिकको रुपमा लिईन्छ । औंसीको यो रातमा सौभाग्य र सम्पन्नताकी प्रतिक लक्ष्मी धर्तीमा झर्छिन् भनी घर, आगन, कुनाकानी, सरसफाई गरी दियो, बत्ति आदि बालेर चारैतिर उज्यालो बनाई उनलाई आफ्नो घरमा आमन्त्रण गरिन्छ। साँझ वैदिक मन्त्र तथा लक्ष्मीस्तोत्रहरू उच्चारण गरी पूजाअर्चना गरिन्छ। संस्कृत भाषाशास्त्र निरुक्त' ग्रन्थमा लक्ष्मी लाभाद् वा लक्षणात्' अर्थात लाभबाट लक्ष्मी बनेकी हुन्छिन् भनिएको पाइन्छ। पौराणिक कथन अनुसार बली राजाले लक्ष्मीलाई धनधान्यका खातिर अपहरण गरेको र विष्णुले युक्तिपूर्वक छुटाएको उल्लेख पाइन्छ। यही दिन बिष्णुले तारकासुर दैत्यको बध गरेको, राम वनवासवाट अयोध्या फर्किएको मानिन्छ। यिनै सुखद घटनाहरूको खुशियालीमा दिपावली गरिएको मान्यता रहेको पाईन्छ। जनैपूर्णिमाका दिन हातमा बाँधिएको रक्षसूत्र यो दिन गाईको पुच्छरमा बाँधेमा मृत्यु पछि गाईले आफ्नो रक्षागर्ने धार्मिक विश्वास समेत रहेको छ। अर्थात् मृत्युपछि यमलोक जाँदा तर्नुपर्ने डरलाग्दो वैतरणी नदी तर्न यही गाईको पुच्छरमा समाएर सहज हुने कुरा गरूडपुराणमा उल्लेख पाइन्छ। यही कुरालाई अंकित गर्दै यमलोकको दृश्य देखाउने क्रममा वैतरणी नदी तर्दै गरेको गाई देखाइएको भित्तेचित्र राष्ट्रिय कला संग्रहालय भक्तपुरमा रहेको छ (चित्र नं ६) । यसै दिन दानवराज वलिको सम्झनामा भैलो खेल्ने प्रचलन पनि लोकपृय छ।

भैलो खेल्ने

महिलाहरूद्वारा खेलिने भैलोले दिने र लिने दुबैको भलो हुने आसय वोकेको छ र यहाँ दानपारमिताको महत्वलाई दर्शाउन खोजिएको पाइन्छ।

कार्तिक शुक्ल प्रतिपदा

यमपञ्चकको चौथो दिन कार्तिक शुक्ल प्रतिपदामा गोरु, गोवर्धन पर्वत, वलीराजा आदिको पूजा गरिन्छ। यो दिन नेवारी समुदायमा म्हँपूजा (स्वपूजा) गर्ने गरिएको पाइन्छ , नेपाल संवतको प्रारम्भ भएको तिथि पनि यही हो। यसदिन पुरूषहरूले देउसी खेल्दछन्।

गोरुतिहार

कार्तिक शुक्ल प्रतिपदाका दिन गोरुपूजा गरिन्छ जुन कृषिकर्मसँग प्रत्यक्षरुपले सम्वन्धित छ। गोरुले हलो जोतेर, गाडा तानेर, गोब्र्याएर, गौवंश वृद्धि गराएर कृषिकर्ममा ठूलो योगदान पुऱ्याएको हुन्छ। गोरुलाई पितृको प्रतिकको रुपमा पनि आदर गर्ने गरिन्छ।

गोवर्धनपर्वत पूजा

कार्तिक शुक्ल प्रतिपदाका दिन कृषिकर्मसँग प्रत्यक्षरुपले सम्वन्धित रहेको गोवर्धनपर्वतको पूजा गरिन्छ। द्वापरयुगमा भगवान कृष्णले व्रजनिवासीहरूलाई उनिहरूद्वारा संरक्षित, गौवंशवृद्धिसूचक, वर्षाको कारण बनेको, रुखबिरुवाले हरावरा भएको, पर्यावरण सन्तुलक गोवधर्द्धन पर्वतको पूजा गर्ने परम्परा प्रारम्भ गरेको कुरा भागवतमहापुराणमा उल्लेख पाईन्छ। यो भन्दा अगाडि बर्षाका देवताको रूपमा ईन्द्रको पूजा गरिन्थ्यो। गोवर्धन पर्वतलाई अन्नकुट पर्वत पनि भनिन्छ। गौलाई वर्धन गर्ने अर्थात पुष्टि दिने यो पर्वतको पूजाको क्रममा दीप, कलश र गणेशको पूजा पछि क्रमशः बलराम, नन्द, यशोदा, गोपाल र गोकुलवासीहरूको पूजा गरी गाईको गोवरबाट निर्मित गोवर्द्धन (गोवर्द्धन पर्वतको प्रतिक) को पूजा गर्ने परम्परा रहेको छ।

वलीराजा पूजा

कार्तिक शुक्ल प्रतिपदाका दिन विषेश गरि तराई तिर कतै कतै वली राजाको चित्र वनाएर र पहाडतिर प्रतिमा थापेर वा वलीराजाको रुपमा सुपारी, नरिवल थापेर पूजा गर्ने परम्परा रहेको छ।

पशुपतिक्षेत्रस्थित तिलगङ्गामा रहेको वलीराजा सहितको विष्णुविकान्तको मुर्ति

दानविरका रूपमा प्रसिद्ध वलीराजाले वामन स्वरूप विष्णुलाई तीन पाईला जमीन दान गर्दै गरेको अभिलेखसहितको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्ति पशुपतिस्थित तिलगङ्गा क्षेत्रमा रहेको छ। राजा मानदेवले आ नी आमा राज्यवतीको पुण्यवृद्धिकालागि सम्वत् ३८९ (वि.सं.५२४)मा मन्दिर सहित यो मूर्ति वनाएको कुरा यसैको पादपीठमा रहेको अभिलेखमा उल्लेखित छ। वलीराजाबाट वामन स्वरूप विष्णुले तीन पाईला जमीन दान लिनका लागि विक्रान्त (विशाल) रूप लिएका विष्णुको यहाँ वामन र विक्रान्त दुबै स्वरूप देखाइएको छ। यहाँ विक्रान्त स्वरूप विष्णुको टाँङमुनि जलपात्रबाट वामन स्वरूप विष्णुलाई जमिनदान दिने संकल्प गर्दै गरेको वलीराजाको अत्यन्त आकर्षक मूर्ति यहाँ रहेको छ (चित्र नं ३)। विष्णुविक्रान्तको मूर्ति नामले प्रसिद्ध यो मूर्तिफलक नेपाली मूर्तिकलाको क्षेत्रमा ज्यादै प्रसिद्ध मूर्ति हो। यहाँ वलीको ठिक पछाडिको नारीपात्र उनकै पत्नि विन्दावलीको हो। सपत्निक यज्ञगर्नुपर्ने शास्त्रीय विधानका कारण यहाँ वलीकी पत्नीको उपस्थिति रहेको छ। सपत्निक वलीको उपस्थिति रहेको यो मूर्तिफलकको आकर्षण भनेको विन्दावलीको समेत उपस्थिति हुनु हो। यहाँ विन्दावलीको पछाडि गुरू शुक्राचार्य, गुरूको माथिपट्टि उत्तानो परेको त्रिसङ्कु, विष्णुविक्रान्तको दायाँतर्फ लक्ष्मी र गरूडको पनि उपस्थिति रहेको छ।

चित्र नं ३ तिलगङ्गामा रहेको वलीराजा सहितको विष्णुविक्रान्तको मूर्ति, पशुपतिक्षेत्र
फोटो सौजन्य : त्रिलोक शाक्य

देउसी

यमपञ्चकको अवसरमा दानवराज वलिले सर्वस्व दिएर यस्वश्सी र अमर रहेका र विष्णुले दान लिएर त्रीलोकको कल्याण गरेको कुरालाई संभ्फना गर्दै देउसी खेलिन्छ। यहाँ निस्वार्थ भावले दिनु र लोकहितका लागि लिनुको महत्व दर्शाइएको पाइन्छ। यो दिन विष्णु स्वयं अतिथि बनेर देउसी माग्न आउने विश्वास गरिन्छ। दानपारमिता प्राप्त गरेका वलिराजाको सम्भ्फनामा पुरुषहरूद्वारा देउसि खेल्ने प्रचलन चलेको पौराणिक मान्यता रहेको छ। महिला र पुरुष दुबैले अलग-अलग दिनमा नृत्य सहितको देउसी र भैलोको नाममा धार्मिक गाथायुक्त गाना बजाना गर्ने दानलिने परम्परा रहँदै आएको छ।

म्ह पूजामा यमराज पूजा

कार्तिक शुक्ल प्रतिपदाका दिन नेवारी समाजमा 'म्ह पूजा' भनी आत्मपूजा वा स्वपूजा पनि गरिन्छ। यो अवसरमा यमराज, चित्रगुप्त र यमदूतका प्रतिनिधिहरू को प्रतिमूर्तिहरू स्थापना गरेर आफ्नो अगाडि राखि पूजा गरिन्छ। त्यसपछि आ-आफ्नै शरीरको पूजागर्ने प्रचलन रहेको पाइन्छ। कमैमात्र अवसरमा पूजागरिने यमराजको यस अवसरमा पूजागरिनुबाट यहाँ आध्यात्मिक र भौतिक दुबै पक्षको समन्वय कायम हुन सकेको देखिन्छ। तन्त्रशास्त्रमा आत्मपूजालाई ठूलो महत्व दिदै भनिएको छ- "स्वात्मैव देवता प्रोक्ता ललिता विश्वविग्रहा" अर्थात् आफैंलाई ईश्वर मानेर स्वदेवताको पूजागर्नु। संसारमा सबैभन्दा ठूलो आत्मा हो र यो नै ब्रम्हाण्ड पनि हो यहीं सम्पूर्ण देवताहरूको निवास हुन्छ भन्ने मान्यता पाईन्छ। आत्मा सन्तुष्ट भए देवता खुसी हुने, जीवन सार्थक हुने विश्वास गरिन्छ। यही दिन नेवार समुदायले मान्दै आएको नयाँ वर्ष 'नेपाल संवत'को प्रारम्भ भएको दिन भएकाले उनीहरूले धुमधामसँग नयाँवर्ष मनाउने गर्दछन्।

कार्तिक शुक्ल द्वितीया

यमपञ्चकको पाँचौ दिन कार्तिक शुक्ल द्वितीयामा भाई टिकान्न यमराज, चित्रगुप्त, यमुना, अष्टचिरञ्जीवी, नवग्रह, वलीराजाको पूजाआजा गरिन्छ।

भाईतिहार/भाईपुजा

कार्तिक शुक्ल द्वितीयालाई भ्रातृद्वितीया/ यमद्वितीया पनि भनिन्छ। यमराजलाई यमुनाले टिका लगाइदिएपछि यो परम्पराले निरन्तरता पाएको मानिन्छ। भ्रातृ शब्द दाजु र भाई दुवैलाई लाग्ने भएकाले दिदीले भाईलाई र बहिनीले दाजुलाई पूजागर्ने शास्त्रीय परम्परा रहेको छ। ज्योतिषतन्त्रमा आत्मपूजा गरे जस्तै गरेर आफ्ना दाजुभाईको पूजा गर्नु र दिदीबहिनीको हातबाट पुष्टिबर्धक चीजहरू खानु भनिएको छ। पूजाको क्रममा बिशेष गरी तीलको तेलको मण्डलाकार मण्डप बनाएर, यही तेलले दाजुभाईलाई छेकी ओखर आदि फलफूल प्रदान गरी, 'ग्वेस्वाँ' (मखमलीफूल) को माला पहिराई दिनु पर्दछ। यसो गरेमा आयु समाप्त भई सकेका दाजुभाईलाई समेत यी चीज रहुन्जेल यमराजले पनि लान नसक्ने कथन पाईन्छ। यो दिन बहिनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यमुनाले दाजु यमराजलाई निमन्त्रणा गरी परस्परमा भोजन, पूजन गरेर यमराजको मनोरथ पूरा गरिन्। लोकले पनि हामीले झैं भाईवहिनीहरू परस्परमा पूजनादि गरी अभीष्टसिद्धी प्राप्त गर्न सकुन् भनी यमसँग बर मागिन्। त्यसैले यो दिन देखि यही तिथिमा भाई टिका गर्ने प्रचलन चल्यो। टिकाको प्रचलनको आध्यात्मिक कारण देखाएता पनि भित्री रुपमा भाईवहिनीहरू बीच पारस्परिक सम्बन्ध सदा प्रगाढ रहिरहोस् भन्ने आसय निहित छ। शास्त्रहरूमा दिदीबहिनीहरूलाई दयाको मूर्ति मान्दै 'दयायाः भगिनी मूर्ति' भनिएको छ। यसप्रकार यम र यमुनालाई भाइटिकाका प्रारम्भकर्ता मानिन्छ।

यमराज पुजा

कार्तिक शुक्ल द्वितीया अर्थात् यमद्वितीयाका दिन आफ्ना दाजुलाई यमराज र भाईलाई चित्रगुप्तको स्वरुप मानी पूजा गरिन्छ। यसदिन यमराजलाई विमिरोको रूपमा पूजागर्ने परम्परा पनि रहेको छ। यमलाई ऋग्वेदमा विवस्वान् (सूर्य)र शरण्युका पुत्रका रूपमा उल्लेख गरिएको पाइन्छ भने पैराणिक ग्रन्थमा सूर्य र संज्ञा (विश्वकर्माकी छोरी)का पुत्र यम र पुत्री यमुना भनिएको छ। वैदिक साहित्यमा ईन्द्र, वरुण, मित्र, अग्निका साथमा प्रसिद्ध देवताका रुपमा र दक्षिण दिशाका दिक्पालका रुपमा यमको चर्चा पाइन्छ। वैदिक कालमा नै यिनलाई पितृका प्रधान, पितृ देवताकारुपमा पनि चर्चा गरिएको छ। पौराणिक कालमा आएपछि उनलाई मृत्युका देवता मान्दै–पुण्यात्मालाई स्वर्ग र पापीलाई नरक पठाउने स्वरुपमा व्याख्या गर्न थालिएको पाइन्छ।

इरानी धर्म पुस्तक 'अवस्तामा' विवन्वत्का पुत्र 'मित्र' भनि यमराजलाई भनिएको पाइन्छ। ऋग्वेदको यमपुरीमा पुण्यात्माको वास भए जस्तै अवस्ताको यमपुरीमा पनि पुण्यात्माको वास हुने उल्लेख गरिएको छ।

यमराजका विविध स्वरूपहरू मध्ये चौध स्वरूप (नाम) प्रसिद्ध छन् जसको यसप्रकार उल्लेख रहेको छः यमराज, धर्मराज, मृत्यु, अन्तक, वैवस्वत, काल, सर्वभूतक्षय, औदुम्वर, दघ्न, नील, परमेष्ठी, वृकोदर, चित्र र चित्रगुप्त। यिनीहरू मध्ये यमराज, काल र धर्मराज स्वरूपको प्रसिद्धी ज्यादा रहेको पाइन्छ।

यमराजको प्रतिमा लक्षण

विष्णुधर्मोत्तर नामक मूर्तिविज्ञानको पुस्तकमा मेघजस्तो श्याम वर्ण, तप्त सुवर्ण जस्तो पिताम्वरधारी, महिष वाहन, सर्वभुसणयुक्त, निलो कमलजस्तो कान्ति गरेका, चार बाहुका एक वाहुले पत्नी धुमोर्णा(निलो कमलजस्तो वर्ण भएकी) लाई काखमा लिएर अँगालेका, अरु वाहुमा ढाल, खड्ग र दराड लिएका वनाउनु भनिएको छ। यमराजको दायाँ तर्फ शान्त दायाँ वाहुमा कलम र वायाँ कागज लिने चित्रगुप्त र वायाँ तर्फ पासधारी डरलाग्दो कालको मूर्ति गराउनु पर्ने पनि यसै पुस्तकमा उल्लेखित छ। मत्स्यपुराण अनुसार चाहीँ यमराजका वरिपरि महिष, चित्रगुप्त, कराल, किंकर, सौम्य असौम्य सुर असुर गराउनु भनिएको छ। यिनका पार्षवर्ती महाचन्द र कालपुरुषको मूर्ति पनि यमराजकै निकटमा निर्माण गरिन्छ। राष्ट्रिय कला संग्रहालय भक्तपुरस्थित यमलोकको भित्तेचित्र (बिसौं शताब्दी) मा यमराजको दरवारमा यमराजसँगै कागज र मसी लिएका चित्रगुप्त र यमराज र चित्रगुप्तको पछाडितर्फ केही तल पार्षवती महाचन्द र कालपुरुषको चित्र रहेको छ (चित्र नं ६)।

पशुपतिक्षेत्रस्थित यमराज र धर्मराजका मूर्ति

(अ) पशुपतिक्षेत्रस्थित वत्सलेश्वरी प्राङ्गणको आर्यघाटतर्फ अनन्तनारायणको मूर्तिसँगै उत्तरतर्फ एघारौं–बाह्रौं शताब्दीको यमराजको मूर्ति रहेको छ र यो मूर्तिसँगै दायाँतर्फ साधा गोलो आकृतिको शिलाखण्ड पनि रहेको छ जसलाई भक्तहरू धर्मराज मानेर पुजा–आजा गर्दछन् (चित्र नं ४ख)। सूर्यमण्डल नामले जानिने यो शिलाखण्डमा संवत ४५२ (वि.सं. ५८७) लेखिएको छ र एक पंक्तिमा लेखिएको छोटो अभिलेखमा ब्राम्हण पुण्य गोमीले आफ्नो पुण्य बढोस् भनी 'पार्थिव शिला'को स्थापना गरियो भनिएको छ (वज्राचार्य, वि.सं.२०५३, पृ.१४१)। यमराजको मूर्तिसँगै यो शिलाखण्ड रहेकोले बिस्तारै मानिसहरूले



चित्र नं ४क. वत्सलेश्वरी प्राङ्गणस्थित यमराजको मूर्ति

चित्र नं ४ख. वत्सलेश्वरी प्राङ्गणस्थित धर्मराजको मूर्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं ४ वत्सलेश्वरी प्राङ्गणस्थित धर्मराज(दायाँ), र यमराज (वायाँ)को मूर्ति

धर्मराज मानेर पुजा गर्न थालेको बुझिन्छ। यता यमराजको मूर्ति केही जीर्ण भैसकेकोले सबै पात्रहरू स्पष्ट नदेखिएतापनि वाहनका रूपमा महिष भने अझैसम्म प्रष्ट देख्न सकिन्छ (चित्र नं ४क)। अन्तिम अवस्थामा रहेका विरामीहरूलाई कि वार, कि पार लगाउनका लागि प्रार्थना गर्दै यहाँ दुबैलाई कपास, वागमतीको जल, फुल, सिन्दुर आदिले पूजा गर्ने गरिन्छ (चित्र नं ४)।

(आ) पशुपतिक्षेत्रस्थित पशुपतिनाथको प्राङ्गणमा पशुपतिनाथको मन्दिरबाट बासुकी मन्दिरतर्फ जाने सिंढीको देब्रेतर्फ सातौं शताब्दी ताकाको यमफलक रहेको छ (चित्र नं ५)। यमलोकको परिदृश्यलाई अत्यन्त सजीव ढङ्गले उतारिएको यस मूर्तिफलकलाई लिच्छविकालीन मूर्तिकलाको उत्कृष्ट नमुना मानिन्छ। मूर्तिविज्ञानका पुस्तकमा उल्लेख गरेबमोजिमको यमलोकलाई यहाँ देखाईएको छ। गरुड पुराण अनुसार यमलोक -८६ हजार योजन(१२ लाख कि.मी.)मा फैलिएको, देवशिल्पी विश्वकर्माले निर्माण गरेको अत्यन्त सुन्दर भवन 'कालित्री'मा वस्छन्। यिनको सिंहासनलाई 'विचारभू' भनिन्छ जुन सुन लगायतका वहुमुल्य धातु र पत्थरबाट निर्मित अत्यन्त आकर्षक हुने वर्णन गरुड पुराणमा गरिएको छ। यहाँस्थित यो मूर्तिफलकको केन्द्रमा महाराजालिलासन (सुखासन)मा यमराज बसेका छन्। उनको आसनको ठीक तल महिष बसेको अवस्थामा रहेको छ। महिषको टाउको अगाडितर्फ हातमा तुलो लिएर मानवलाई तुलोमा राखी यमदुतले उसको पाप-धर्म नापिरहेको देखाईएको छ। यमदुतको ठीक अगाडितर्फ दायाँहातमा कलम र देब्रे हातमा वहीखाता (कागज) लिएको चित्रगुप्त बनाइएको छ।

(इ) पशुपतिक्षेत्रस्थित पशुपतिनाथ मन्दिर प्राङ्गणको वायव्य कोणमा रहेको ब्रम्हाको मन्दिरको दक्षिणी पाटोमा अष्टदिक्पालहरू मध्ये दक्षिण दिशाको स्वामीका रूपमा यमराजको मूर्ति रहेको छ। हातमा यमदण्ड लिएको हट्टाकट्टा वलसाली स्वरूपको स्थानकमुद्रा(उभिएको)को यो मूर्ति नवौं-दसौं शताब्दी ताकाको हो (तस्विर खिच्न निषेधित)। यो मन्दिरको बाहिरी भित्तामा आ-आफ्नो दिशा अनुसार अरू दिक्पालहरू ईन्द्र, वरूण, कुवेर, निऋति, वायु, अग्नि, ईशान पनि निर्माण गरिएका छन्।

चित्र नं ५. पशुपतिनाथमन्दिर प्राङ्गणस्थित यमफलकको मूर्ति (सातौं शताब्दी)

(ई) पशुपतिनाथ मन्दिरको वाहिरी दक्षिण भित्तामा अष्टदिक्पालका रूपमा पत्नी धुमोर्णालाई काखमा लिएको आसनमुद्रा (बसेको)को चारवाहुहरू भएको यमराजको मूर्ति रहेको छ (तस्विर खिच्न निषेधित)। यहाँ मन्दिरको भित्तामा आ-आफ्नो दिशा अनुसार अष्टदिक्पालहरू शक्तिसहित निर्माण गरिएको छ सोही क्रममा यमराजको पनि मूर्ति बनाइएको हो।



चित्र नं ६. राष्ट्रिय कला संग्रहालय भक्तपुरस्थित यमलोकको भित्तेचित्र (विसौं शताब्दी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निष्कर्ष

नेपालमा मनाइने दोस्रो ठूलोपर्व यमपञ्चक अत्यन्त प्राचीन समयदेखि मनाइदै आएको पर्व हो र पशुपतिक्षेत्र पनि मानव इतिहास र संस्कृतिसँग मानव सभ्यता सँगसँगै जोडिएर आएको स्थल हो। यस क्षेत्रमा नेपालीले प्राचीन समयदेखि मनाइदै आएका पर्वहरूसँग जोडिएका मूर्तकलाकृतिहरू पनि प्रसस्त रहेका छन् तर समयको कालखण्डमा त्यस्ता कृतिहरू ओझेलमा पर्दै गएको पाइन्छ। यसै परिप्रेक्षमा यमपञ्चक पर्वसँग सम्बन्धित देवताहरू यमराज, धन्वन्तरी र वलीराजाको पनि यहाँ उपस्थिति रहेको छ तर जनमानसमा यस कुराको खासै जानकारी रहेको पाइदैन। यस अनुसन्धानमा तिनै कुराहरूको बारेमा उजागर गरिएको छ। यहाँ रहेका यमपञ्चक पर्वसँग सम्बन्धित यमराज, धन्वन्तरी र वलीराजा जस्ता दुर्लभ पात्रहरूका मूर्तिहरूको संरक्षण र प्रचारप्रसार गर्न सम्बन्धित निकाय जिम्मेवारी पूर्वक उपस्थित हुन ढिला भैसकेको देखिन्छ।

सन्दर्भ ग्रन्थसूची

पोखरेल, निर्मला, (वि.सं. २०७७), *'तिहार :समन्वयकारी पर्व'* कान्तिपुर दैनिक पत्रिका, कार्तिक २८।

पोखरेल, निर्मला र खनाल पराजुली, सन्ध्या (वि.सं. २०७७), *पाशुपत क्षेत्रको सांस्कृतिक सम्पदा* (मूर्त र अमूर्त) काठमाडौं: पशुपतिक्षेत्र विकास कोष।

वज्राचार्य, धनवज्र (वि.सं.२०५३), *लिच्छवि कालका अभिलेख,* काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र।

अन्तर्वार्ता लिएका व्यक्ति मदन भट्ट, *आगमघरका पुजारी,* बर्ष ७८, मिति (२०८१, मंसिर ८)

❖❖❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिव (लिङ्ग) तत्व निरुपण

✍ डा. बद्री पोखेल

लेखको उद्देश्य संक्षेप

शिव को हो ? लिङ्ग के हो ? शिवको रुप कस्तो हुन्छ ? शिवको महत्व किन गाइएको हो ? के शिव देवाधिदेव महादेव नै हुनुहुन्छ वा अरु नै कोही हो ? शिवलिङ्गको महत्व, प्रकार, पूजाफल के के हो ? जस्ता विषयहरूको चर्चा र यथामति निक्यौंल नै शिवको र लिङ्गतत्वको निरुपण हो। शिवलिङ्ग तत्वको निरुपण ठूला ठूला विद्वान् दार्शनिकहरूले पनि स्पष्टसंग गर्न सकिरहेको पाइदैन। यस्तो दुरुह र अनन्त विषयलाई अल्पज्ञानी म जस्ता लौकिक गृहस्थले गर्न खोज्नु बालहठ मात्र सावित हुने भए पनि यसवारे विभिन्न पुराणहरूले वताएका प्रसङ्ग र आत्मनिक्यौंल प्रस्तुत गर्ने प्रयास गरिएको छ र यो नै प्रस्तुत संक्षिप्त लेखको उद्देश्य पनि हो।

प्रारम्भ

शिवतत्वको निरुपण धेरै शास्त्र र पुराणहरूमा दर्शाइएको पाइन्छ। त्यसमध्ये लिङ्ग महापुराण, शिव महापुराण,स्कन्द महापुराण लगायतका विभिन्न पुराणहरूमा उल्लेख भएका विषयहरूको चर्चा प्रस्तुत लेखमा गर्ने प्रयास गरिएको छ।

शिवतत्वको ज्ञानगर्न पुराणहरूको अध्ययन अपरिहार्य हुन्छ। सृष्टि अघि बढाउने सन्दर्भमा सर्वप्रथम ब्रह्मा, विष्णु र रुद्र शक्तिको प्रादुर्भाव भएको पाइन्छ। ब्रह्मा र विष्णुले आपसमा को ठूलो भन्ने विवाद गरेको देखेर शिव अनन्त ज्योतिर्लिङ्गको रुपमा प्रकट भई विवाद शान्त गर्न ब्रह्मा र विष्णुलाई ज्योतिर्लिङ्गको आदि र अन्त पत्ता लगाउने नै ठूलो हो भन्नु भएको प्रसङ्ग पुराणहरूमा नै आउँछ। आफु ठूलो सावित हुन ब्रह्माजी शिर पत्ता लगाउन स्वर्ग तिर गएको र विष्णु फेद पत्ता लगाउन पातालतिर गए पनि दुवैले शिर र फेद पत्ता लगाउन नसक्दा ब्रह्माले झुटो साक्षी राखेर शिर पत्ता लगाएको वताएका र विष्णुले फेद पत्ता लगाउन नसकेर खालि हात फर्किएर स्तुतिगर्न थालेको प्रसङ्ग पनि पुराणहरूमा नै पाइन्छ। त्यसै वेलादेखि शिवले आफ्नो ज्योतिर्लिङ्गको स्थापना गरी देवता, दानव र मानवलाई समेत लिङ्गको पूजा र आराधना गरेमा सबै प्रकारका सिद्धि प्राप्तहुने वताउनु भएको छ। ज्योतिर्लिङ्गरुपी शिवको पूजा र तपस्या गर्नेहरूलाई उनै आशुतोष शिवले वरदान दिने समेत वताउनु भएको प्रसङ्ग पनि लिङ्ग पुराणमा उल्लेख छ। त्यसै समयदेखि मूलमा ब्रह्मा, माझमा विष्णु र अग्रभागमा ज्योतिरुप शिव र आधारमा शक्तिरुपा माता पार्वती समेत भएको ज्योतिर्लिङ्गको स्थापना गरी पूजागर्ने परम्परा वसेको देखिन्छ। यसै घटनालाई पनि पुराणहरूले शिवतत्व निरुपणका रुपमा उल्लेख गरेका छन्। समस्त भारतवर्षमा (नेपालका सबै जिल्लामा समेत) मात्र नभएर सनातनी हिन्दुहरूको वसोवास भएका विश्वका सबै देशमा शिवको कुनै न कुनै रुपको पूजा गर्ने परम्परा रहेको पाइन्छ।

लिङ्ग पुराणले ब्रह्मादेखि देवता, पितृ, मनुष्यका छुट्टाछुट्टै काल गणना विधि, ब्रह्माको आज्ञा लिएर शिवले धेरै रुद्र र मरणशील प्राणीको उत्पत्ति गरेको, २८व्यास र १४ मनुको प्रादुर्भाव, शिवको पशुपति नामकरण, पशुपतिबाट प्रवर्तित योग नै पाशुपत योग नामले प्रसिद्ध भएको, अष्टाङ्ग योगको प्रकार र महिमा, ब्रह्माको स्तुतिबाट ईशान (सबै भन्दा माथि), तत्पुरुष (पूर्व), अघोर (दक्षिण), सद्योजात (पश्चिम), वामदेव (उत्तर) रुप शिवको प्रकट भएको, शिवले सुन्दर ब्राह्मणको रुप लिएर देवदारु वनमा जाँदा ऋषिपत्नीहरू पछि लागेका प्रसङ्गहरू पनि उक्काएका छन्। यस्तै, शिवमन्दिरको निर्माण, मर्मत र सरसफाइले शिवपद प्राप्तहुने कुरा शिवपूजा व्रत लिङ्गपूजाबाट पाशुपत योगको ज्ञान र पशु-पाशबाट मुक्ति मिल्ने शिवपञ्चाक्षरी मन्त्रको महिमा, शिवबाट सुदर्शन चक्रद्वारा जालन्धरको वध भएपछि त्यै चक्रको लागि विष्णुले शिवको पूजागर्दा शिव-छलले एउटा कमलको फूल हराउदा आफ्नो आँखा चढाएको, शिव खुसी भई विष्णु सहस्र नाम जप गर्नु भएको प्रसङ्ग पनि लिङ्ग पुराणले उल्लेख गरेको छ। लक्ष्मी अलक्ष्मीका वासस्थान, मन वचन कर्मले शिवको साकार रुपको पूजा र कीर्तन गरेमा सर्वसिद्ध र मुक्ति पाइने, संसार नै लिङ्गरुप भएको प्रसङ्ग, २५ तत्व नै शिवतत्व भएको प्रसङ्ग र स्वयंभुव मनुले जीवित श्राद्ध गरी शिवलाई प्रसन्न वनाएका गाथाहरू लिङ्ग पुराणले शिवतत्वको रुपमा व्याख्या र निरुपण गरेको छ।

✍ *डा. पोखेल, जयतु संस्कृतम्‌का अध्यक्ष एवं अर्थशास्त्री हुनुहुन्छ। Email: badripp@gmail.com*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लीनम् अर्थम् गमयतीति 'लिङ्गम्' यो व्युत्पत्ति अनुसार लुकेको अर्थ बुझाउने वस्तु लिङ्ग हो। इन्द्रियद्वारा प्रत्यक्ष गर्न नसकिने वस्तुलाई प्रत्यक्ष गराउने भएकाले लिङ्ग पुराणलाई शिवतत्वको निरुपक मानिएको छ। त्यसैगरी कुनै वस्तुलाई चिह्न दिएर अनुमानद्वारा बुझिने वनायो भने त्यो चिह्नलाई लिङ्ग भनिन्छ। न्याय शास्त्रमा हेतुलाई लिङ्ग भनिन्छ र त्यसैबाट साध्यको सिद्ध हुन्छ। लिङ्ग पुराणका अनुसार लिङ्ग शब्दले ॐकारलाई पनि स्पष्टसंग बुझाउँछ।

शब्दब्रह्मतनुसाक्षात् शब्दब्रह्मप्रकाशकम्
वर्णावयवमव्यक्तं लक्षणं बहुधा स्थितम्
अकारोकारमकारं स्थूलं सूक्ष्मं परात्परम्
ओकारं रुपमृग्वस्त्रं सामजिह्वा समन्वितम्॥

लि पु २।१९,२०

लिङ्गको उत्पत्ति चर्चा

एकपटक ऋषिहरूको भेलामा लोमस ऋषिसंग प्रश्न गरिएको र लोमसले लिङ्गपूजाको परम्परा सुरु भएको इतिहास वताएको प्रसङ्ग स्कन्द पुराण माहेश्वर खण्डको छैटौं अध्यायमा उल्लेख गरिएको छ। त्यसवेला ऋषिहरूले लोमससंग सोधेका थिए- लिङ्गपूजाको उपक्रम कसरी सुरुभएको थियो ? लोमसले ऋषिहरूलाई भने– कुनै कालखण्डमा ऋषिहरू तपस्यागर्न गएको वेलामा सती वियोगको विरहरूपी पीडाले दुखित हुँदै विभिन्न रुपमा हिड्ने गरेका शिवले ऋषिहरूको आश्रमको नजिकमा अत्यन्त राम्रो युवा योगीको रुप लिएर भिक्षाटन गर्नुभयो। धेरै कालदेखि ऋषिहरूलाई नदेखेको अवस्थामा राम्रो हृष्ट पुष्ट जोगीलाई देखेर ऋषिपत्नीहरू भिक्षादिन गए र जोगीतिरै अकर्षित भई पछि लागेर गए। तपस्या पुरा गरेर आश्रम फर्कदा ऋषिहरूले पत्नीहरूलाई देखेनन्। कहाँ गएछन् भनेर ध्यानदृष्टिले हेर्दा शिवसंग गएको थाहा पाएर शिवको लिङ्ग पतन हुने श्राप दिए। तत्काल शिवलिङ्ग पतन भयो। तर पतन भएको लिङ्गले संसार ढाक्न लाग्यो। त्यसवेला के आश्चर्य भयो भनेर ब्रह्मा विष्णुले शिवको स्तुतिगर्न थाले। शिवले लिङ्गलाई पूर्वरुपमा ल्याउन लिङ्गकै पूजा र स्तुतिगर्न निर्देश गर्नुभयो। ब्रह्मा लगायत सम्पूर्ण देवता र ऋषिहरूले लिङ्गको पूजा र ध्यान गरे। लिङ्ग साम्य र शान्त भयो। त्यसै वेलादेखि लिङ्गपूजाको उपक्रम सुरुभएको थियो।

यसवाहेक पनि लिङ्गपूजाको परम्परा वारे कूर्म, अग्नि, शिव आदि पुराणहरूमा विभिन्न मत, विधि र उपक्रमहरू वताइएका छन्।

शिवतत्व र लिङ्ग

शिव र पार्वती (प्रकृति र माया) को सम्बन्ध खोतल्दा पनि शिवतत्वको सूक्ष्मबोध हुन्छ। ईश्वरतत्व निरवयव छ। अविद्या भन्दा माथि उठेको निरावरण ईश्वर नै शिवतत्व हो। किन कि ईश्वरभाव र शिवभाव भिन्न भिन्न तत्व हुन्। मायाद्वारा ढाकिएको तत्व ईश्वरभाव र नढाकिएको तत्व शिवभाव हो। शिवलिङ्गमा भएको जलहरी (अर्घा) माया हो। यो मायातत्वबाट ढाकिएको ईश्वर र त्यसबाट माथि उठेको निरावरण शिवलिङ्ग शिवतत्व हो। शिवतत्वको अङ्ग प्रत्यङ्ग पृथक् पृथक् नभएर एकै रुपको हुन्छ। यसैलाई पिण्डरुप पनि भनिन्छ (लिङ्ग पुराण)। धुँवा देखेपछि अग्निको अनुमान भए जस्तै सृष्टि देखेपछि पितृतत्व र मातृतत्वको संयोग स्पष्ट हुन्छ। सांख्य तत्व नबुझेर शिवतत्व बुझिदैन। ॐ, ब्रह्मत्व, सत्व आदि शिवमय छन्। शिवबाटै ईशान, ईशानबाट तत्पुरुष, तत्पुरुषबाट अघोर, अघोरबाट वामदेव र बामदेवबाट सद्योजात उत्पन्न भएका थिए। यसै प्रणवाक्षरबाट नै मूलभूत पाँच स्वर र तेत्तीस व्यञ्जन गरी अठतीस अक्षर उत्पन्न भएका हुन्। कुमारले वामदेवलाई शिवतत्व निरुपण गरेको शिव महापुराणको कथन अनुसार शिव सर्वज्ञ, कर्वकर्ता, सबैको ईश्वर, गुणरहित, एवं मायाद्वारा असंकुचित सच्चिदानन्दस्वरुप ब्रह्म हुनुहुन्छ।

सत्वादि तीन गुणबाट सिद्धहुने बद्धि, मन र अहङ्कारले युक्त चित् सत्वादि गुणकै कारणले प्रकृति तत्व वनेको छ। शिवसंगको सम्बन्धले प्रकृति पनि विकृत भइहाल्छ, विकृत भएपछि प्रवाहित हुन्छ र अर्घा आकारको हुन्छ। अर्घा लामो आकारको हुनुमा यसै रहस्यलाई आधार र कारण मानिन्छ। शिवज्ञान भएकाहरूले यस संसारलाई स्त्री पुरुषरुप शिवशक्त्यात्मक मानेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदले संसारलाई ब्रह्ममय वा रुद्रमय वताएको छ। त्यसैले यस अर्थमा शिव नै प्रपञ्चस्वरुप हुनुहुन्छ। त्यसो हुनुको साथै रागादि दोष रहित एवं वेदको सारस्वरुप अद्वैतभाव नै शिवको अर्को स्वरुप हो। यो नै शिवको उपदेश पनि हो। धूप दीप चढाई योनिमुद्रा देखाएर शिवको ध्यान र पूजा गर्ने शिष्यलाई गुरुले 'सो हम्' को उपदेश गर्नुहुन्छ (शिव पुराण, कैलाश संहिता अध्याय १६, १७, १८)।

शिवलिङ्गको आकार र उचाइ

शिवलिङ्गको आकार र उचाइको वारेमा धेरै भक्तहरू जिज्ञासा राख्दछन्। कस्तो आकार, कति अग्लो र कति मोटो लिङ्ग भगवानको प्रिय हुन्छ र पूजागर्न उपयुक्त हुन्छ भन्ने वारे अग्नि महापुराणले स्पष्ट पारेको छ –

दैर्घ्यार्घ्यं वसुभिर्भक्ता त्यक्त्वा भागत्रयं ततः
विष्कम्भं भूतभागैस्तु चतुरस्रं तु कारयेत्
आयामं मूर्तिभिर्भक्त्या एकद्वित्रिक्रमात् न्यसेत्
ब्रह्मविष्णुशिवांशेषु वर्द्धमानो य मुच्यते ॥

–अग्नि पुराण ५३।१–३

अर्थात् लम्वाइको आधारमा ८ ले भाग गरेर तीनभाग छोडिदिनुपर्छ। वाँकी पाँच भागमा चारकुने विष्कम्भक निर्माण गर्नुपर्छ। त्यसपछि लम्वाइलाई ६ भाग गरेर त्यसलाई एक, दुई र तीनका क्रममा अलग राख्नुपर्छ। त्यसरी राख्दा पहिलो भाग ब्रह्माको, दोश्रो विष्णुको र तेश्रो शिवको भाग हो। यी तीनै भागलाई वर्द्धमान भाग भनिन्छ।

लिङ्ग निर्माण र पूजापल

लिङ्ग नून, घ्यू, वस्त्र, माटो, काठ, ढुङ्गा, मोती, सुन, चाँदी, तामा, पित्तल, रत्न आदिबाट वनाउन सकिने वताइएको छ। यसरी वनाइएका लिङ्गहरूबाट निम्न फल प्राप्तहुने कुरा पनि अग्नि पुराणले स्पष्ट गरेको छ। नून र घ्यूबाट वनेको लिङ्गले बुद्धि वढाउँदछ। वस्त्रबाट वनेको (तत्कालीक) लिङ्गले ऐश्वर्य प्राप्त हुन्छ। पक्व र अपक्व माटोबाट वनेको लिङ्ग श्रेष्ठ मानिन्छ। काठबाट वनेको लिङ्ग अधिक पवित्र र पुण्यदायक मानिन्छ। ढुङ्गाको भन्दा मोतीको, मोतीको भन्दा सुन र फलामका लिङ्ग उत्तम मानिएको छ। चाँदी, तामा, पित्तल, रत्न आदिले वनाइएका लिङ्ग भोग र मोक्ष प्रदानगर्ने र श्रेष्ठ मानिन्छन्। सिद्धहरूले स्थापना गरेको र स्वयम्भू लिङ्गको मापन नगर्नू भन्ने उल्लेख छ। घरमा पूजा गरिने शिवलिङ्गलाई चल लिङ्ग भनिन्छ। यस्तो लिङ्गको उचाइ एक अङ्गलदेखि १५ अङ्गल सम्मको हुन सक्दछ। सबै किसिमका लिङ्गहरूको प्रकार गणना गर्दा ३६ प्रकारका हुने उल्लेख छ। त्यसमाथि पनि श्रेष्ठ, मध्यम र कनिष्ठ लिङ्गका ३६–३६ भाग हुने हुँदा जम्मा लिङ्गका प्रकार १०८ हुन्छन्। ती मध्ये एकदेखि ५ अंङ्गल सम्मका चल लिङ्गलाई कनिष्ठ, ६ देखि १० अङ्गल सम्मका चल लिङ्गलाई मध्यम र ११ देखि १५ अङ्गल सम्मका चल लिङ्गलाई ज्येष्ठ मानिएको छ –

एवं लिङ्गनि षट्त्रिंशज्ज्ञेयानि ज्येष्ठमानतः
मध्यमानेन षट्त्रिंशद् षट्त्रिंशदमनेन च
इत्थमैक्येन लिङ्गानां शतमष्टोत्तरं भवेत्
एकाङ्गुलादि पञ्चातं कन्यसञ्चलमुच्यते
षडादि दशपर्यन्तं चलं लिङ्गं च मध्यमम्
एकादशाङ्गुलादि स्यात् ज्येष्ठं पञ्चदशान्तकम्

–अग्नि पुराण ५४।१०–१२

शिवतत्व निरुपणको क्रममा भगवान् शिवको सर्वव्यापकता वारे स्वयं शिवले विभूतिहरूको सम्बन्धमा कूर्म पुराणको अध्याय ६ र ७ मा यसरी वताउनु भएकोछ– सारा वस्तु र प्राणीहरूको अन्तर्यामी पिता मै हुँ। म एक अंशबाट संपूर्ण संसारको रचना गर्न सक्दछु भने अर्को अंशबाट संहार पनि गर्न सक्छु। ती दुवै मेरै अवस्था हुन्। आदि, अन्त र मध्य नभएको मायाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवर्तन गरी सृष्टिको सुरुमा प्रकृति र पुरुष दुवैलाई उत्प्रेणा प्रदान गर्दछु। महत्तत्वादि मेरै शक्तिबाट विस्तारित भएका हुन्। सारा संसारको साक्षी र जीवको रुपमा रहेका कालचक्रका प्रवर्तक मार्तण्ड सूर्य मबाटै उत्पन्न भएका हुन्। म नै स्वयंज्योति सनातन ब्रह्म हुँ। सबैलाई नियन्त्रण गर्ने ईश र प्राणीमात्रको घट घटमा रहने आत्माको समष्टि रुप परमात्मा पनि म नै हुँ (कूर्म पुराण, अध्याय ६)। म नै ब्रह्मवेत्ताहरूको स्वयंभू ब्रह्मा हुँ। मायावीहरूमा हरि, योगीहरूमा शम्भू, स्त्रीहरूमा पार्वती, आदित्यहरूमा विष्णु, वसुहरूमा पावक, रुद्रहरूमा शंकर, ऋषिहरूमा वसिष्ठ, पर्वतहरूमा मेरु हुँ। यस संसारमा शरीर धारण गर्ने जे जति जीव छन् ती सबै पशु हुन्। तिनीहरू त्रिगुणात्मिका मायाको पाशोमा वाँधिएका हुन्छन्। मायातीत म परमेश्वर ती सबैको संरक्षक भएकाले पति हुँ। त्यसैकारण मलाई पशुपति भनिएको हो। यसरी लिङ्गरुपमा समेत रहन सक्ने परमतत्व र परमज्ञानका आदिपुरुष भगवान् शिवले नै वताउँनु भएको तत्वज्ञान नै शिवतत्व हो (शिव पुराण, कुमार–वामदेव संवाद)।

अन्तमा, शिवतत्व र लिङ्गतत्वको निरुपण अत्यन्त दुरुह विषय हो। अन्धाले हात्ती छामेर त्यसको वर्णन गरे सरह कै विषय हो। अभ्यास र साधना विना बुझ्न नसकिने भएर नै दुरुह भएको हो। पौराणिक ग्रन्थहरूले मित्रवाक्यका आधारमा सजिलो वनाउने प्रयास गरेका भएपनि बुझ्नै कठिन विषय भएकाले अभ्यास विना सम्भव नभएको छर्लङ्ग हुन्छ।

अस्तु

लेखक, जयतु संस्कृतम्का अध्यक्ष, १८ महापुराणका नेपाली अनुवादक एवं अर्थशास्त्री हुनुहुन्छ।

सन्दर्भ ग्रन्थसूची

अग्निपुराण (वि.सं.२०६७), विद्यार्थी पुस्तक भण्डार ।

कूर्मपुराण (वि.सं.२०७३), गीताप्रेस गोरखपुर ।

ढकाल,वेणीमाधव (सं.,वि.सं.२०७५), *स्कन्द महापुराण,* हिमवत् खण्ड, विद्यार्थी पुस्तक भण्डार ।

पोखेल, बद्री (वि.सं.२०७६), *शिव महापुराण,* अध्यायगत नेपाली सारांश अनुवाद ।

पोखेल, बद्री (वि.सं.२०७६), *शिव महापुराण,* अध्यायगत अङ्ग्रेजी सारांश अनुवाद।

पोखेल, बद्री (वि.सं.२०७७), *लिङ्ग महापुराण,* अध्यायगत नेपाली सारांश ।

पोखेल, बद्री (वि.सं.२०७७), *कूर्म महापुराण,* अध्यायगत नेपाली सारांश।

पोखेल, बद्री (वि.सं.२०७६), *अग्नि महापुराण,* अध्यायगत नेपाली सारांश ।

पोखेल, बद्री (अनु.,वि.सं.२०७९), स्कन्द *महापुराण,* माहेश्वर, वैष्णव, ब्राह्म, काशी खण्ड, भाग १।

पोखेल, बद्री (अनु.,वि.सं.२०८०), स्कन्द *महापुराण,* हिमवत् खण्ड, भाग ३।

पोखेल, बद्री (वि.सं.२०७६), *मेची–काली,* विद्यार्थी पुस्तक भण्डार ।

पोखेल, बद्री (अनु.,वि.सं.२०८०),स्कन्द *महापुराण,* मानस, अम्विका, केदार खण्ड, भाग २ ।

लिङ्ग महापुराण (वि.सं.२०७३), गीताप्रेस गोरखपुर ।

वाचस्पति गैरोला (१९७५), *संस्कृत साहित्यका इतिहास,* चौखम्वा विद्याभवन, वाराणसी।

शिव महापुराण (वि.सं.२०५९), पशुपति क्षेत्र विकास कोष।

स्कन्द *महापुराण* (२०१९), माहेश्वर खण्डम्, चौखम्वा संस्कृत सिरिज अफिस, वाराणसी।

स्कन्द *महापुराण* (वि.सं.२०७५), मानस खण्ड, श्रीराम प्रसाद स्मृति प्रतिष्ठान, बझाङ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा नाथ सम्प्रदाय

✍ बुद्धि कटेल

लेखसार

शैवधर्मको नाथ समप्रदाय पछिल्लो कालमा विकास भएको छ। शैवधर्मका पाशुपत, शैव, कापालिक र कालामुख जस्ता पुराना सम्प्रदायहरु आतिमार्गि भएकाले गृहस्थमा बसेर अवलम्बन गर्न सम्भव थिएन। तसर्थ गृहस्थमा अवलम्बन गर्नसके नाथ सम्प्रदायको उदय भएको हो। यसका प्रवर्द्धक आदिनाथ शिवजी नै मानिन्छन्। त्यसपछि मत्यच्छेद्रनाथ र गोरखनाथ आदि नेपालसग सम्बन्धित छ। नेपालमा नाथसम्प्रदायको राम्रो पकड छ। नेपालको वज्रयानी परम्परा र नाथसम्प्रदाय एकआपसमा आन्तरसम्बन्धित छन्। यी दुवै सम्प्रदायमा ८४ सिद्धको अवधारणा छ। नारोपा तिलोपा मत्स्येन्द्रनाथ र गोरखनाथ अहिले नेपालमा तप र ध्यानगरेको पाइन्छ। नेपालको विभिन्न स्थानमा नाथपन्थीहरुका मठ बनेका छन्।

शब्दकुन्जीः नाथ, पारो, श्त्कर्मा, योगनी, कौल

अधययन विधि

प्रस्तुत लेख प्राथमिक र द्वितीयदुवै प्रकारका तथ्यांकको प्रयोग गरी तयार पारिएको हो। यसका लागि प्राथमिक तथ्याङ्कका रुपमा प्रकाशित पत्रिक तथा जर्नलहरूका लेख रचनालाई प्रयोग गरिएको छ। प्राथमिक तथ्याङ्क चाहिँ अन्तर्वार्ता का माध्यमबाट संकलन गरिएका छन्। विशेषत पशुपतिनाथ क्षेत्रको मृगस्थलीमा रहेको जोगी तथा नाथ पन्थका अनुयायीहरूसँग अर्न्तवार्ता लिएर तथ्याङ्क संकलन गरिएको छ। यसलाई अन्वेशणात्मक ढाँचामा पुरा गरिएको छ।

परिचय

नेपालमा विकास भएका विभिन्न शैव सम्प्रदायमा नाथ सम्प्रदायलाई महत्वपूर्ण मानिन्छ। नेपाललाई पशुपतिनाथको मुलुक भनिन्छ। त्यसैले एउटा कथन छ जहाँ पशुपतिनाथ छन्, त्यो नेपाल हो र जहाँ नेपाल छ त्यहाँ पशुपतिनाथ छन्। तसर्थ नेपालमा शैव धर्मका विभिन्न शाखाको विकास र विस्तार भएको भएपनि सबै पुराना शाखाहरू अहिले अभ्यासमा रहेको पाइदैन। नाथ सम्प्रदायको शुरुवात नाथ नामधारी आचार्यहरूले गरेको मानिन्छ। हुनत शिवजीको एउटा रुप पशुपतिनाथ हो। यहाँ नाथको मतलव पतिभन्दा पनि उपल्लो वा मालिक हो, जसले नै सृष्टि, स्थिति र विनास पनि गर्दछ। विनास भएपछि सम्पूर्ण चराचर शिवैमा लिन हुने मान्यता छ। यो सम्पूर्ण चराचरका मालिकका रुपमा शिवलाई नाथ भनिन्छ। शैव धर्मको नाथ सम्प्रदायका विभिन्न आचार्यहरूमा नवनाथ, गोरखनाथ, ज्वालेन्द्रनाथ, कारिणनाथ, गहिनीनाथ, चर्पटनाथ, रेवणनाथ, नागनाथ, भर्तृनाथ र गोपिचन्द्रनाथ जस्ता रहेका छन्। यो सम्प्रदाय आदिनाथले सुरु गरेको तथा आदिनाथलाई शिवजीकै अवतार मानिन्छ। नाथपन्थीहरू योगसाधना गर्दछन्, तीर्थ र देवता मान्दछन् र देवमन्दिरको दर्शन गर्दछन् (पाण्डेय, १९७८ः ३५८)। योगमा पनि उनीहरू हठयोगलाई महत्व दिन्छन्। नाथ सम्प्रदायलाई शैव धर्मको पछिल्लो शाखाका रूपमा मानिन्छ।

उत्पत्ति

शैव धर्मका पुराना शाखाहरू अति कठोर भएकाले तिनीहरूलाई जनमानसमा स्वीकार गरिएको थिएन। तसर्थ नयाँ र उदार शाखाहरूको खोजी गरियो। यस धर्मका पुराना शाखामा पञ्चमकारको पूजापद्धतिलाई अंगिकार गरिएको थियो। तर त्यसलाई समाजबाट बहिस्कार गरेपछि शङ्करका अवतार मानिने आदिनाथले योग साधनामा आधारित नाथसम्प्रदायको सुरूवात गरेको मानिन्छ। नाथपन्थी तीर्थ र देवतालाई मान्दछन्, शिवमन्दिर र देवी मन्दिरमा दर्शनका लागि जाने गर्दछन्। यिनीहरू योगलाई मुक्तिको माध्यम ठान्दछन्। नाथपन्थीले गर्ने योग हठयोग हो। यसमा योग साधनालाई नै महत्व दिइने हुनाले नाथ सम्प्रदायलाई शैवमतको शुद्ध योग सम्प्रदायका रूपमा लिने गरिन्छ। पातञ्जल योगका विभिन्न भागमा एक हठ योग हो। यसैलाई परिस्कृत गरी नाथपन्थीले साधानको मुख्य मार्ग बनाएका छन्। उनीहरू अखण्ड ब्रह्मचारी हुने र मांश र मध्य पूर्ण रूपमा त्याग्ने गर्दछन्। नाथपन्थी तान्त्रिक वज्रयानका नजिक रहेका देखिन्छन्। नाथपन्थी र वज्रयानी बौद्ध धर्मका

✍ श्री कट्टेल, स्वास्थ्य अनलाइन जर्नलका सम्पादक हुनुहुन्छ। Email: peacekatel@gmail.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केही कुराहरू मिल्दाजुल्दा पनि छन्। यी दुवै तान्त्रिक विधिबाट पूजाआजा गर्ने गर्दछन्।

सिद्धान्त

नाथपन्थी केवललाई परमात्मा भन्दछन् र तिनको योगको मतलव केवल वा परमात्मामा पुग्नु रहेको हुन्छ। यसै जीवनमा कैवल्यको अनुभूति गर्नु नाथपन्थीको मुख्य लक्ष्य मानिन्छ। उनीहरूको विचारमा कैवल्य प्राप्तिका लागि सर्वप्रथम कायाको साधना गर्नुपर्दछ। नाथपन्थीले काया वा शरीरलाई परमात्माको आवास मानेर यसको उपयुक्त साधना गर्नुपर्ने कुरामा विश्वास गर्दछन्। नाथपन्थीको विचारमा काया वा शरीर यस्तो यन्त्र हो, जसको माध्यमबाट जीवनकालमा नै मोक्ष या कैवल्य पाउन सकिन्छ। जन्ममरण आदिमाथि विजय पाउन सकिने माध्यम वा यन्त्र काया वा शरीर नै हो भन्ने धारणा उनीहरूमा रहेको पाइन्छ। यसका लागि काया शोधन गर्नुपर्दछ भन्ने मान्यता छ। कायाशोधनमा यम र नियमका साथमा हठ योगको षट्कर्म गर्न आवश्यक ठानिन्छ। यसमा हठयोगको षट्कर्म भन्नाले नेति, द्यौति, वस्ति, नौलि, कपालभाति र त्राटक पर्दछन्। यसबाट काया शुद्ध हुने मान्यता रहेको छ (पाण्डेय, १९८८: ३५८)।

नाथपन्थी धारणामा कैवल्य वा मुक्ति योगको माध्यमबाट सम्भव छ भनिन्छ। यसका लागि शरीरलाई यन्त्रका रूपमा प्रयोग गर्न आवश्यक छ। शरीर नरहेमा योग गर्न सम्भव नहुने र योग नगरी मोक्ष पाउन नसकिने हुनाले नाथपन्थीको विचारमा शरीरलाई पनि तन्दुरस्त राख्न आवश्यक हुने गर्दछ। यसका लागि सवैभन्दा पहिले यम र नियम आदि षट्कर्म गरेपछि समाधि प्राप्तितिर लाग्ने निर्देश गरिएको छ। समाधि प्राप्तिका लागि योगासन, नाडिज्ञान, षट्चक्र निरूपण र प्राणायाम आवश्यक हुने गर्दछ। नाथपन्थीहरू पञ्चमहाभूतमा विजय पाउनका लागि रशविद्याको पनि प्रयोग गर्दछन्। नाथपन्थीहरू योगका कारणले जीवनकालमा नै शरीर शुद्ध हुने सोच्तछन् र कसैले जीवितै समाधि लिन्छन् भने मरेपछि पनि यिनको शरीरलाई संस्कार गर्न आवश्यक ठानिंदैन। तसर्थ नाथपन्थीको शव जमिनमा गाड्ने परम्परा पाइन्छ। नाथपन्थीले अलख जगाउने, यसैबाट इष्टदेवको ध्यान गर्ने र भिक्षा माग्ने पनि गर्दछन्। घेरण्डसंहिता, गोरखसिद्धान्त, ज्ञानसिद्धान्तयोग, हठयोग, गोरक्षनाथकृत हठयोग, ज्ञानामृत, गोरक्षकल्प, गोरक्षसहस्रनाम, चतुरशीत्यासन, योगचिन्तामणि र दत्त गोरख सम्वाद आदि यस सम्प्रदायका मुख्य ग्रन्थहरू हुन्। यिनीहरूमा नाथपन्थीका सिद्धान्तहरूको विस्तृत रुपमा चर्चा गरिएको पाइन्छ।

नेपालमा नाथ सम्प्रदाय

नेपालमा नाथ सम्प्रदायको शुरुवात कहिले भयो भन्ने कुरा स्पष्ट छैन। तर पनि केही प्रमाणहरूले नेपालमा नाथ सम्प्रदायको प्रभाव प्राचीन कालदेखि नै रहेको मान्न सकिन्छ। नेपालको वि.सं. ५९० को पशुपति भष्मेश्वर अभिलेख र वि.सं. ६०४ को मृगस्थली शिवलिङ्गाभिलेखमा नाथेश्वरको चर्चा पाइन्छ (वज्राचार्य, २०३०: ४११)। यस बाहेक अन्य केही अभिलेखहरूमा समेत यस्तो नामोल्लेख पाइने हुनाले नेपालमा प्राचीन कालदेखि नै नाथ सम्प्रदायले फस्टाउने मौका पाएको मान्यता छ। यसका साथमा काठमाडौं उपत्यकामा प्राचीन र मध्यकालमा नाथपन्थीको निकै धेरै चहलपहल हुने गरेका विवरण विभिन्न अभिलेख र वंशावलीहरूले दिएका छन्। वि.सं. १४४८ को फर्पिंगको एउटा अभिलेखमा गोरक्षपादुकाको चर्चा पाइन्छ भने वि.सं. १५२२ को एउटा ताम्रपत्रमा त गोरखनाथको स्तुति नै गरिएको देखिन्छ। त्यसमा काष्ठमण्डपको र नाथ जोगीहरूको वर्णन पाइने हुँदा (क्षेत्री र खतिवडा, २०५४: ८७) तत्काल नेपालमा नाथसम्प्रदायको प्रभाव निकै धेरै रहेको बुझ्न सकिन्छ। त्यसपछि पनि नाथपन्थीको प्रभाव नेपालको प्राय सबै भागमा रहँदै गएको पाइएको छ।

त्यसैगरी विक्रमको सातौं शताब्दीतिर लिच्छवि राजा नरेन्द्रदेवका पालामा मत्स्येन्द्रनाथलाई आसामबाट काठमाडौंमा ल्याएको कुरा वंशावलीमा उल्लेखित छ। त्यस बेला गोरखनाथ काठमाडौंमा नै रहेको चर्चा वंशावलीमा गरिएको पाइने हुनाले त्यसबेला सम्ममा नेपालमा यो सम्प्रदायको शुरुवात भई सकेको थाहा पाउन सकिन्छ। साथै यस सम्प्रदायको विकास सबैभन्दा बढी नेपालमा भएको मानिन्छ। नेपालमा मत्स्येन्द्रनाथ र गोरखनाथ आदिले यस सम्प्रदायको प्रचारप्रसारमा महत्वपूर्ण योगदान दिएका थिए। मत्स्येन्द्रनाथले भने योगिनी कौल नामक नयाँ सिद्धान्त नाथ सम्प्रदायभित्र अभ्यूदय गरेको मानिएको छ। यसमा शिवलाई अकुल र शक्तिलाई कूल भनिएको देखिन्छ। यही कुल र अकुलबाट विश्वको सृष्टि हुने धारणा यस सम्प्रदायमा रहेको पाइन्छ। योगिनी कौल सिद्धान्त वज्रयानी बौद्धधर्मसँग पनि निकट रहेको देखिन्छ। यसमा देवीदेवतालाई तान्त्रिक विधिले पूजाआजा हुने गर्दछ। नेपालमा गोरखनाथले मत्स्येन्द्रनाथको योगिनीकौल मतलाई निकै प्रचार गरे। यसमा शिव, शक्ति र योग तत्वलाई महत्व दिने गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाथ सम्प्रदायका अनुयायी पनि योगी र गृहस्थ दुवै प्रकारका हुन्छन्। योगीहरू कानफट्टा जोगीका रुपमा रहन्छन्। यता रातका समयमा फेरी लगाएर हिंड्ने जोगीहरू पनि यही मतका अनुयायी हुन्। घोडाको टापको बाला र कुण्डल लगाउनु र कान चिरेर हिड्नु उनीहरूको विशेषता मानिन्छ। नाथ जोगीहरू कान फट्टाका रूपमा अलख निरञ्जन भन्दै हिंड्ने गर्दछन्। गृहस्थहरूले पनि नाथ सम्प्रदाय अवलम्बन गर्ने गर्दछन्। नाथपन्थी गृहस्थले पनि थरका साथमा आफूलाई योगी लेख्ने गर्दछन्। यस मतमा खुल्ला छुटको सिद्धान्त अवलम्बन गरियो र जोगीले के खाने र कहाँ जाने भन्ने नियम हुन नहुने मान्यता राखियो। यसले गर्दा नाथ सम्प्रदायमा पञ्चमकारलाई पनि महत्व दिइयो। खान नहुने र खान नहुने जोगीका लागि केही पनि हुँदैन भन्ने मान्यतामा नाथपन्थीहरू समाजबाट बहिस्कृत हुँदै गएका हुन्। तर उनीहरू भने यसैबाट शिवतत्व प्राप्त हुने कुरा मान्ने गर्दछन्। नाथपन्थी गृहस्थहरूका लागि पनि निकै कम नीतिनियम रहेका छन्।

आदिनाथ, मत्स्येन्द्रनाथ र गोरखनाथसँग सम्बन्धित अनेकन् विवरण वंशावलीहरूमा परेका छन्, जसले उपत्यकामा तिनीहरूले कैयन् प्रकारका चमत्कारपूर्ण कार्यहरू गरेको उल्लेख गरेको पाइन्छ। यसबाट नेपालमा नाथ सम्प्रदायको प्रभाव बुझ्न सकिन्छ। काठमाडौं उपत्यकामा आदिनाथका साथमा गोरखनाथका समेत मठमन्दिरहरू रहेका छन्। यता पश्चिम नेपालको दाङमा रतननाथको प्रसिद्ध मठ रहेको देखिन्छ। अहिले पनि नेपालका कतिपय मठमन्दिरमा पुजारीको काम नाथपन्थी जोगीहरूले गर्ने चलन छ। जस्तो पाल्पा भैरवका लागि कानफट्टा जोगी नै पुजारी हुनुपर्ने नियम देखिन्छ। यता गोरखामा पनि नाथपन्थीको प्रभाव राम्रोसँग परेको छ। नेपालमा पशुपतिको अवस्थितिका कारणले पनि यस सम्प्रदायका मानिसहरूको समेत अस्तित्व रहेको हो।

पशुपतिनाथ भेगमा नाथ सम्प्रदायका योगी र गृहस्थहरूको बाक्लो उपस्थिति हुने गरेको छ। यस सम्प्रदायका योगी नरहरीनाथको आश्रम पशुपतिनाथको मृगस्थलीमा रहेको छ। त्यहाँ गोरखनाथ मन्दिर पनि रहेको छ। पशुपतिनाथ भेगमा मध्यकालदेखि नै गोरखनाथ सम्प्रदायका योगीहरूको चहलपहल हुने गरेको पाइन्छ। अघि नाथपन्थी जोगीहरूका लागि पशुपतिनाथ भेगमा राजामहाराजाहरूले अनेक प्रकारका व्यवस्था गरेको पाइने हुनाले पनि यहाँ उनीहरूको चहलपहल हुने गरेको स्पष्ट हुने गर्दछ।

नाथपन्थी केही योगीहरु

आदिनाथ

नेपालमा पुजिने नाथ सिद्धहरूमा पहिला आदिनाथ हुन्। उनको पूजाआजा नेपालमा धेरै पहिलेदेखि हुने गरेको छ। तसर्थ काठमाडौं उपत्यकाको चोभार स्थित सबैभन्दा अग्लो थुम्का माथि आदिनाथको मन्दिर बनेको देखिन्छ। नेपालमा आदिनाथलाई करूणामय, महादेव र मत्स्येन्द्रनाथसमेत भन्ने गरिन्छ। धेरै मात्रामा तान्त्रिक बौद्धमार्गीले पूजाआजा गर्ने आदिनाथको उत्पत्तिका सम्बन्धमा जनमानसमा एक किंवदन्ती प्रचलित छ। किंवदन्तीअनुसार परापूर्वकालमा चोभारदेखि उत्तरतिर पर्ने नख्खु दोभानमा एकजना तान्त्रिक साधना गरी बसेका रहेछन्। त्यसैबेला उनले पानीमा एउटा जेस्मिन फूल तैरँदै गरेको थाहा पाएछन् र त्यसलाई उठाएर एउटा कलसमा राखी चोभारको डाँडामा स्थापना गरेछन्। कालान्तरमा त्यही फूल बोधिसत्वको मूर्तिका रूपमा परिणत भएछ, जसले गर्दा उक्त फूल पाइएको स्थानमा बर्सेनी स्नान गर्न लागिएछ। चोभारको डाँडामा फूल मूर्ति बनेको स्थानमा नै उनको एउटा भव्य मन्दिर पनि बनाइएछ (नेपाल, २०६८)। यसरी आदिनाथको उत्पत्ति काठमाडौं उपत्यकामा नै भएको किंवदन्ती पाइन्छ।

आदिनाथका बारेमा प्राप्त अर्को किंवदन्ती अनुसार उनको उत्पत्ति भएपछि चोभार भेगबाट आदिनाथको रथजात्रा पनि गर्न लागिएछ। त्यसै क्रममा रथजात्रा बजार परिक्रमा गराउँदै पशुपति र पाटनसम्म पुऱ्याउन थालिएछ। प्राप्त एक किंवदन्तीअनुसार एकपटक जात्राकै क्रममा रथ खोलामा अल्झिएछ र रथ तान्ने मानिसले त्यसलाई त्यहीं छाडेर घर गएछन्। त्यसैको मौका छोपी तिब्बतीहरूले आदिनाथको मूर्ति चोरेर तिब्बत पुऱ्याएछन्। उनीहरूले यस रथलाई तिब्बतमा मन्त्रले बाँधेर क्रियोङ्कमा राखेछन्। तसर्थ आज पनि तिब्बतको उक्त स्थानमा आदिनाथको पूजाआजा गर्ने चलन छ भन्ने किंवदन्ती पाइन्छ। त्यसैगरी उनीसँग सम्बन्धित अर्को किंवदन्ती पनि स्थानीय जनमानसमा प्रचलित छ, जसअनुसार अघि एकपटक एकजना गोठालाले आनन्दादी लोकेश्वरलाई चोभार भेगमा घुम्दै गरेको देखेछन्। त्यसपछि नन्दगौले नामक ती गोठालाले गाईवस्तुको भाषा बुझ्न लागेछन् र एकपटक उनले एउटा गाईले आफ्ना बाच्छालाई तान्त्रिक सम्पत्तिका बारेमा भन्दै गरेको कुरा सुनेछन्। गाईवस्तुको भाषा बुझ्ने गोठालाले उक्त तान्त्रिक सम्पत्ति खोज्न लागेछन्। उनले सम्पत्तिको बदलामा बोधिसत्वको एउटा सुन्दर मूर्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाएछन्। कालान्तरमा उनले उक्त मूर्ति त्यसै डाँडामा राखेर एउटा मन्दिर पनि स्थापना गरेछन् भनिएको पाइन्छ।

काठमाडौं उपत्यकाको चोभारमा आदिनाथको निकै पुरानो मन्दिर रहेको छ, जहाँ लिच्छवि कालदेखि उनको पूजाआजा हुन लागेको विश्वास गरिन्छ। त्यस्तै त्यहाँको जात्रा पनि निकै पुरानो मानिएको छ। कालान्तरमा एकपटक उनको मूर्ति हराएपछि त्यहाँको जात्रा बन्द भएको थियो। पछि ईसाको सोहौं शताब्दीतिर त्यहाँ पुन आदिनाथको अर्को मूर्ति स्थापना गरी पूजाआजा पुन सुरू गरिएको हो। त्यसपछि उनको रथयात्रा पनि पुन संचालन गरियो। आदिनाथलाई आनन्द लोकेश्वरका रूपमा पूजाआजा गर्ने गरिन्छ। हाल चोभारमा रहेको आदिनाथको मूर्ति ई. १६४२ मा राखिएको पाइएको छ। चोभारको आदिनाथको मन्दिर तीन तहको छानायुक्त छ। यसमा कलात्मक तोरण, टुँडाल, बीम र गजुरको प्रयोग गरिएको देखिन्छ। तसर्थ नेपाली कलाशैलीका दृष्टिले यो मन्दिर निकै आकर्षक छ। यस मन्दिरका भित्ता र झ्यालहरूमा भक्तहरूले चढाएका भाँडाकुँडाहरू झुण्डाएर राखिएका देखिन्छन्। मन्दिर भित्र राखिएको आनन्द लोकेश्वरको मूर्ति निकै अलंकृति छ। मूर्तिलाई नागको फणाले रक्षा गरिएको देखाइएको छ भने यसले शिरमा अलंकृत मुकुट लगाएको देखिन्छ। यसरी यो मन्दिर नेपाली कलाकोशैलीले विशिष्ट छ भने यससँग उपत्यकाको नेवारी समाजमा गहिरो सांस्कृतिक सम्बन्ध रहेको पाइन्छ।

काठमाडौं उपत्यकाका धेरै धार्मिक परम्परा तान्त्रिक प्रभावले गर्दा केही भिन्न स्वरूपका तथा क्लिष्ट प्रकारका छन्। शैव र बौद्ध धर्ममा शाक्त धर्मको प्रभावका कारण यी धेरै देवीदेवता एकै छन् भने सामान्य देवीदेवतालाई पनि भिन्न स्वरूपका बनाउने परम्परा छ। पशुवली दिने र डरलाग्दा स्वरूपवाला देवीदेवतालाई पूजाआजा गर्ने परम्पराको विकास हुनु यसै कुराको उपज मानिन्छ। आदिनाथ र मत्स्येन्द्रनाथलाई बौद्धमार्गीले पूजाआजा गर्नु तथा शैव धर्ममा पनि उनको पूजाआजा तान्त्रिक पद्धतिमा हुनु यहाँको आफ्नै विशेषता हो। जस्तो शिवजी शाकाहारी देवता हुन्, जसलाई पशुवली दिने चलन छैन। उनका लागि पञ्चमकारले पूजाआजा गरिँदैन। तर गोरखनाथ मन्दिर लगायतका भैरव स्थान र वत्सलेश्वरी लगायतका देवी स्थानमा पशुवली दिनुले यहाँ शैव र शाक्त धर्मको समन्वय भएको मान्न सकिन्छ।

आदिनाथलाई पशुपतिनाथको प्रतिरूप मानिन्छ। मत्स्येन्द्रनाथ र गोरखनाथ उनैले चलाएको परम्पराका योगी थिए। आदिनाथलाई नाथपन्थीका आद्यव्यक्ति र देवता मानिन्छ। यिनको पूजाआजा शैवमार्गी हिन्दू र बौद्ध दुवैले गर्दछन्। शैव धारणामा उनी पशुपति वा शिवजीका प्रतिरूप हुन् भने बौद्धहरूले उनलाई करूणामय मान्ने गर्दछन्। तर पनि उनीबाट सुरू भएको नाथ सम्प्रदायलाई शैव धर्मको एउटा शाखा मानिने हुनाले आदिनाथ प्रत्यक्ष रूपमा शिवजीसँग सम्बन्धित छन्।

मत्स्येन्द्रनाथ

नेपालमा नाथसम्प्रदायको प्रचारप्रसार गर्ने एकजना योगीको नाम मत्स्येन्द्रनाथ हो। उनी नाथ सम्प्रदायका प्रसिद्ध आचार्य, हठयोगी तथा गोरखनाथका गुरू थिए भनिएको पाइन्छ। उनलाई आदिनाथका चेला मान्ने गरिन्छ, जसलाई इसाको आठौं शताब्दीतिरका आचार्य भनिएको छ (शर्मा, १९९९: ६६६)। नाथ सम्प्रदायका प्रचारक मस्त्येन्द्रनाथको ख्याति धेरै नेपालमा रहेको पाइन्छ। नेपालमा उनलाई प्रख्यात र चमत्कारी योगीका रूपमा पनि लिने गरिन्छ। काठमाडौं उपत्यकामा उनका बारेमा विभिन्न प्रकारका किंवदन्तीहरू तथा जनश्रुतिमा पाइन्छन्। इन्द्रजात्राका अवसरमा उनको भोटो देखाउने चलन उपत्यकामा आजसम्म चलेको छ। यहाँ प्रचलित किंवदन्तीहरूले यिनी भारतको आसामतिरबाट नेपाल आएको प्रष्ट्याउने गर्दछन्। उनलाई लिच्छवि राजा नरेन्द्र देवका पालामा आसामबाट नेपालमा ल्याइएको कुरा वंशावलीमा उल्लेखित छ। उनलाई तान्त्रिक बन्धुदत्तले आसामबाट नेपाल ल्याएको मानिन्छ।

मत्स्येन्द्रनाथको उत्पत्तिसम्बन्धी स्कन्दपुराणमा पनि सुन्दर कथा पाइन्छ। त्यसमा वर्णित एउटा कथाअनुसार एक पटक शिवजीले पार्वतीलाई अमरकथा सुनाउँदै जाँदा पार्वती बीचैमा निदाइछन्। त्यसपछि उक्त कथा समुद्रको एउटा माछाले सुनेछ। उक्त कुरा शिवजीले थाहा पाई त्यस माछालाई त्यो कथा सुनेर अमर भएको र उनको नाम मत्स्येन्द्रनाथ रहने बताएछन्। त्यसपछि शिवजीले पनि उनलाई मानिसहरूलाई योगसिद्धि प्रचार गर्न आदेश दिएछन्। यही कारणले उनी योगाभ्यासमा लागे भन्ने पौराणिक कथा पाइन्छ।

नेपालको काठमाडौं उपत्यकामा मत्स्येन्द्रनाथको पूजाआजा गर्ने परम्परा पुरानो हो। यहाँ प्रचलित मत्स्येन्द्रनाथसम्बन्धी एउटा कथाअनुसार उपत्यकाको खडेरी हटाउन उनलाई इसाको सातौं शताब्दीमा आसामबाट पाटन भेगमा ल्याइएको रहेछ। गोरखनाथले नागहरूलाई लिएर स्वयम्भू छेउको गुफामा ध्यानमा बसेकाले उपत्यकामा खडेरी बढेको तथा उनलाई कसैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पनि ध्यानबाट ब्यूँताउन नसकेको हुँदा उपत्यकामा लामो खडेरी परेको रहेछ। तसर्थ उनलाई ध्यानबाट बिउँताउन र खडेरीबाट छुट्कारा पाउन एकजना तान्त्रिकको सल्लाहबमोजिम उनका गुरू मत्स्येन्द्रनाथलाई नेपालमा ल्याइएछ। गुरू उपत्यकामा आएको थाहा पाएका गोरखनाथ गुफाबाट बाहिर निस्किएको, उनले नागहरूलाई छाडेको तथा त्यसबाट उपत्यकामा प्रशस्तै वर्षा भएको कथा पाइन्छ। उनलाई हिन्दूहरू शिव र बौद्धहरू अवलोकितेश्वरका नामले पूजाआज गर्दछन्। वैशाख कृष्णपक्ष भर मत्स्येन्द्रनाथको रथ निर्माण गर्ने र पूजा गर्ने चलन काठमाडौंको पाटन भेगमा प्रचलित छ।

उपत्यकाको पाटन भेगमा नै मत्स्येन्द्रनाथको भोटो देखाउने चलन छ। उक्त भोटो देखाउने जात्राका बारेमा पनि एउटा किंवदन्ती पाइन्छ, जसअनुसार उपत्यकाका एकजना किसानले कर्कोट नागकी श्रीमतीको आँखा दुख्ने रोग निको पारिदिएर उपहार स्वरूप नागबाट रत्नजडित भेटो पाएकोमा त्यसलाई एउटा भूतले चोरर लगेको तथा एकदिन उनले उक्त भोटो लगाएर आएको भूतलाई भेटी घम्साघम्सी हुँदा राजाको सामु पुऱ्याइएको चर्चा पाइन्छ। तर दुवैले भोटो आफ्नो भएको मान्न सकिने उपयुक्त प्रमाणहरू पेश गर्न नसकेकाले कसैले उपयुक्त प्रमाण पेश नगरून्जेल मत्स्येन्द्रनाथको जिम्मा राखिएको र त्यसपछि बर्सेनी उपयुक्त साइतमा राजाको उपस्थिति बीच उक्त भोटो कसको हो भनी देखाउने चलन चलेको मानिन्छ (कोइराला, २०५२: ६२)। भोटो देखाउने जात्रा जावलाखेल क्षेत्रमा गर्ने गरिन्छ।

मत्स्येन्द्रनाथको जात्रा जावलाखेल पुगेपछि साईत हेरेर भोटो देखाउने चलन छ। उक्त भोटो साइत हेरेर शुभसाइतमा मात्र देखाउने गरिन्छ। अघि राजा हुँदा राजाको उपस्थितिमा भोटो देखाउने चलन रहेकोमा राजतन्त्र समाप्त भएपछि राज्य प्रमुखको उपस्थितिमा यो कार्य गरिन्छ। प्रत्येक साल भोटोलाई बाकसबाट निकाल्ने तथा रथको चारैतिर घुमाएर देखाउने कार्यक्रम गरिन्छ। यसमा गुठीका प्रमुख लगायत मन्त्रीगण र उच्चपदस्थ कर्मचारीहरू पनि उपस्थिति रहने गर्दछन्।

मत्स्येन्द्रनाथ शैव धर्मको नाथ सम्प्रदायका योगी थिए। उनले नाथ सम्प्रदायमा योगिनी कौलनामक नयाँ सिद्धान्त प्रतिपादन गरेको बताइन्छ। उनले केही ग्रन्थहरू पनि रचना गरेका छन्, जसमा उनको योगिनी कौल सिद्धान्तका बारेमा चर्चा गरिएको पाइन्छ। मत्स्येन्द्रनाथको पशुपतिनाथसँग निकट सम्बन्ध रहेको हुन सक्ने देखिन्छ। किनकि नाथ अखडा पशुपतनाथको मृगस्थलीमा र वनकालीमा छन्। उनलाई गोरखनाथ मठका नामले जान्ने गरिन्छ। पशुपतिनाथको महाभोग लगायतका पूजाआजामा नाथपन्थीको प्रभाव रहेको पाइन्छ। हाल मत्स्येन्द्रनाथलाई विशेषगरी बौद्धमार्गीले आफ्ना देवता माने पनि नाथपन्थीका लागि पनि यिनी सिद्ध व्यक्तिका रूपमा पूजित छन्।

गोरखनाथ

नाथसम्प्रदायका एक सिद्ध योगी गोरखनाथ हुन्, जसको चर्चा विभिन्न युगमा हुने गरेको छ। तर पनि उनलाई मत्स्येन्द्रनाथका शिष्य मानिन्छ भने मत्स्येन्द्रनाथको समय विक्रमको सातौं शताब्दी मानिने हुँदा गोरखनाथ पनि त्यसै समयताकाका थिए भन्ने देखिन्छ। गोरखनाथ नेपाललाई कर्मभूमि बनाएर बसेका शैव योगी थिए। शैवधर्मको एउटा शाखा नाथ सम्प्रदायको अभ्यूदयकर्ता आदिनाथ थिए, जसलाई यस सम्प्रदायको शिवरूप मान्ने गरिन्छ। आदिनाथका शिष्य मत्स्येन्द्रनाथ तथा उनका पनि शिष्य गोरखनाथ थिए भनिन्छ (शर्मा, १९९९: २९८)। नाथ सम्प्रदायमा आदिनाथलाई भगवान शङ्करको अवतार मान्ने गरिएको छ। तर मत्स्येन्द्रनाथ र गोरखनाथ त्यसभन्दा धेरै पछिका थिए। गोरखनाथको समय ईसाको नवौं शताब्दीको आसपास मानिएको छ। यता मत्स्येन्द्रनाथमा वामाचारको प्रभाव परेको भए पनि गोरखनाथमा भने यसको प्रभाव परेको मानिँदैन। उनले ब्रह्मचर्या र शिल तथा सदाचारमा जोड दिएका थिए। गोरखनाथको विचार पछि गएर १२ वटा शाखामा विभक्त भई प्रचारित भयो। उनका शिष्यहरू कानफट्टा जोगिका रूपमा देखिन्छन्। गोरखनाथ मतका अनुयायी गृहस्थ जोगी भने अलखनामी छन्।

नाथ सम्प्रदायमा अनेक नाथहरूमा गोरखनाथलाई नवौंनाथ थिए भनिन्छ, जसमा सबैभन्दा प्रमुख भने गोरखनाथ थिए भनिएको छ। गोरखनाथको धेरै प्रभाव नेपालमा रहेको देखिन्छ। गोरखा जिल्ला र गोरखालीको नाम नै उनैको नामबाट बनेको हो। गोरखनाथका नाममा ४० भन्दा धेरै संस्कृत ग्रन्थहरू पाइएका छन्। शङ्कराचार्य पछि सबैभन्दा प्रख्यात जोगी गोरखनाथ थिए भन्ने देखिन्छ। भक्ति आन्दोलनभन्दा अगाडिको सबैभन्दा प्रख्यात आन्दोलन गोरखनाथको योग आन्दोलन थियो भनिएको छ (शर्मा, १९९९: २९८)। एक किंवदन्तीअनुसार गोरखनाथ गाईको गोबरबाट जन्मिएका हुनाले उनलाई गोरखनाथ भनिएको हो। गोरखनाथलाई नेपालसँग सम्बन्धित योगी मानिएको छ। गोरखनाथकै नामबाट पश्चिम नेपालमा गोरखाको नामकरण पनि गरिएको देखिन्छ। मध्यकालतिर यिनैको नामबाट बनेको पश्चिम नेपालको गोरखाराज्य निकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिशाली रूपमा देखा परेको थियो। गोरखामा हाल पनि गोरखनाथ गुफा रहेको छ भने गोरखाका राजा पृथ्वीनरायण शाहसँग गोरखनाथका थुप्रै प्रकारका किंवदन्तीहरू जोडिएका पाइन्छन्। तर पनि योगी गोरखनाथ र पृथ्वीनारायण शाहको समय भने फरक छ। गोरखनाथ पृथ्वीनारायण शाहभन्दा धेरै अगाडिका नाथ योगी थिए।

गोरखनाथ कहिले कहाँ जन्मिएका थिए भन्ने कुरा स्पष्ट नभए पनि सुरूमा उनी रमणवज्र नामक बौद्धभिक्षु थिए भन्ने जनविश्वास छ। पछि उनले नाथ सम्प्रदायामा प्रवेश गरी यसको प्रचारप्रसार गरेको बताइन्छ। उनी ईसाको ८५० देखि ९०० सम्म नेपाल बसेको विवरण पाइन्छ। तसर्थ पृथ्वीनारायण शाहसँग किंवदन्ती जोडिएका गोरखनाथ बेग्लै गोरखनाथ हुन् वा त्यत्तिकै उनका किंवदन्ती कल्पना गरिएका हुन् भन्ने कुरा स्पष्ट छैन। एक किंवदन्तीअनुसार गोरखनाथ मत्स्येन्द्रनाथलाई भेट्न आसामबाट नेपाल आएका रहेछन्। सुरूमा उनले मत्स्येन्द्रनाथलाई भेट्न नसके पनि पछि गोरखनाथले उपत्यकामा नागहरूलाई दबाएर राखे र उपत्यकामा खडेरी परेकाले मत्स्येन्द्रनाथ नागहरूको उद्दार गर्न देखापरे भनिएको पाइन्छ र यसैको परिणाम स्वरूप नै गोरखनाथले उनको दर्शन पाएको किंवदन्ती छ। यता गोरखनाथ काठमाडौंमा बस्ने तथा उनले दबाएका नागहरूलाई उद्धार गरी उपत्यकामा वर्षा गराउन मत्स्येन्द्रनाथलाई आसामबाट नेपाल ल्याइएको पौराणिक विवरण पनि पाइन्छ।

गोरखनाथले हठयोगलाई विशेष महत्व दिएका थिए। योगबाट नै शिवत्व प्राप्त गर्न सकिने धारणा उनमा थियो। उनलाई पशुपतिनाथको अवतार मानिन्छ (शर्मा, १९८८: २४८)। अहिले पनि उनलाई शिवजीको अवतारका रूपमा लिने गरिएको छ। आजभोलि देखा पर्ने कानफट्टा जोगी उनले नै प्रचार गरेको नाथ सम्प्रदायका अनुयायी मानिन्छन्। तिनीहरू हातमा बाला र कानमा ठूलो कुण्डल लगाएर हिंड्ने गर्दछन्। हाल दाङको रतननाथ मठ नाथपन्थी जोगीहरूको मुख्य थलो मानिन्छ। त्यस्तै पाल्पा भैरव लगायतका केही शैव मन्दिरहरूमा नाथपन्थी जोगीले नै पुजारीका रूपमा पूजाआजा गर्ने नियम छ। नेपालमा नाथपन्थीको ज्यादा प्रभाव रहनुको मतलव यहाँ पशुपतिको अवस्थिति रहनु नै हो।

काठमाडौंको मृगस्थलीमा गोरखनाथको मन्दिर छ। यस भेगमा अनेक प्रकारका शिवालय, यज्ञकुण्ड र अन्य मन्दिरहरू पनि छन्। नाथपन्थका प्रख्यात योगी नरहरिनाथको आश्रम यही थियो। अहिले यस आश्रममा तिनका चेलाहरू बस्ने गरेका छन्। वनकालीमा पनि गोरखनाथको मन्दिर छ। यी दुवै ठाउँमा गोरखनाथका प्रतिमा पनि राखिएका छन्। यसरी पशुपतिनाथ भेगमा गोरखनाथका मन्दिर दुई स्थानमा रहेका देखिन्छन्। यसबाट पनि गोरखनाथको बसोबास पशुपतिनाथ भेगमा थियो भन्ने स्पष्ट हुने गर्दछ। सम्भवत उनको बसोबास प्राय मृगस्थली भेगमा हुने गर्दथ्यो। मत्स्येन्द्रनाथ र गोरखनाथको उपस्थितिका कारणले नै नेपालमा मध्यकालताका नाथ सम्प्रदाय निकै फस्टाएको थियो भन्न सकिन्छ।

नाथपन्थी सिद्धहरु

सिद्ध त्यस्तो व्यक्ति हुन्, जसले साधनाबाट चमत्कारी शक्ति पाएको हुन्छ भन्ने मान्यता पाइन्छ। अलगअलग धार्मिक सम्प्रदायमा अनेक प्रकारका सिद्धहरू हुने गर्दछन्। विशेषगरी सिद्धहरूको बसोवास पूर्वतिर हुने मान्यता पाइन्छ (शर्मा, १९९९: ९६३)। संस्कृत साहित्यमा सिद्धहरूको संख्या ६ देखि ३२ वटासम्म हुने उल्लेख गरिएको देखिन्छ। यता नाथपन्थमा भने चौरासी सिद्ध हुने मान्यता छ। सिद्धलाई वायु पुराणमा भने एक प्रकारका देवता मान्दै यिनीहरूको संख्या ८८ हजार हुने उल्लेख गरिएको पाइन्छ (शर्मा, २०२८: ५२०)। जे भए पनि नाथपन्थीहरूका ८४ सिद्ध नै प्रख्यात छन्।

शैव धर्मको नाथ सम्प्रदायमा चौरासी सिद्धको विवरण पाइन्छ। यस सम्प्रदायका ८४ सिद्धका नाम भोगानन्द, वनानन्द, शुकानन्द, पूर्णानन्द, चिरानन्द, शंकानन्द, चक्रवर्ती, ब्रह्मानन्द, महानन्द, परमानन्द, समरसानन्द, परमछपानन्द, देवसरस्वती, स्वारसरस्वती, विराटसरस्वती, प्रज्ञासरस्वती, श्रीनाथ सरस्वती, चिधानन्द सरस्वती, मेधासरस्वती, आनन्दसरस्वती, विलासानन्द, कलानन्द, बोधानन्द, दिव्यानन्द, भीष्णानन्द, महेन्द्रनन्द, क्रोधानन्द, कपिलिसिद्ध, क्रोधानन्द, महेन्द्रानन्द, असितोयानन्द, बटुकानन्द, आनन्दभैरव, गुप्तनन्द, रूरूभैरव, आजमतनन्द, वरिनन्द, सम्राट भैरव, गोरचानन्द, बान्चानन्द, स्वराभैरव, विरनट भैरव, मूर्तिचालना, सिद्धवार, विश्वरूप, उन्मत्तभैरव, वाणानन्द, सगतानन्द, भूतभैरव, चैतन्य, मानसिद्ध, मूर्तिच्याट, रङवार, सिद्धचैतन्य, मानसिद्धि, देवदारू, कामसिद्धि, कविसानन्द, ब्रह्मवार, राजोवार, वैराग्य चैतन्य, प्रसापक चैतन्य, निर्वाण चैतन्य, मेधाचैतन्य, विद्याचैतन्य, सिद्धिचैतन्य, विज्ञानचैतन्य, सामचैतन्य, प्रज्ञाचैतन्य, दिव्यचैतन्य, आत्मचैतन्य, पन्चचैतन्य, वैरागयचैतन्य, श्रीचैतन्य, नामचैतन्य, कला चैतन्य, राजचैतन्य, मितासित, जोगवती, प्रज्ञा, उद्‌भट अनुग्रह, निग्रह, मेधा, प्रज्ञा, चन्डानन्द, गुप्तानन्द, विश्वरूप, राजेश्वर, ब्रह्मवार र कविसानन्द हुन्। नाथ सम्प्रदायका चौरासी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धको नाम कतिपय ग्रन्थमा केही फरक पनि पाइन्छ। यता २२ सिद्ध र ६ सिद्धका नाम पनि केही ग्रन्थमा अलगअलग दिइएका छन्। यसैगरी नाथपन्थी ८४ सिद्धका केही नाम वज्रयानी सिद्धका नामसँग मिल्दाजुल्दा पनि देखिन्छन्।

निष्कर्ष

नेपाल नाथ सम्प्रदायको केन्द्र मानिने हुँदा नेपालमा नाथपन्थी थुप्रै सिद्ध जन्मिए र हठयोगको प्रचार गरे भन्ने पौराणिक मान्यता पाइन्छ। यहाँ आदिनाथ, मत्स्येन्द्रनाथ, गोरखनाथ र अन्य थुप्रै नाथ योगी तथा सिद्धको आगमन भएको कुरा इतिहासमा उल्लेखित छ। नेपाल नाथ सम्प्रदायको केन्द्र रहेकाले पनि धेरै सिद्धहरूको सम्बन्ध र सम्पर्क नेपालसँग पनि रहेको हो भन्न सकिन्छ। नेपालमा कुनै न कुनै रुपमा नाथपन्थी ८४ सिद्धहरूको पनि सम्बन्ध रहेको देखिन्छ। काठमाडौं उपत्यकामा आदिनाथको मन्दिर छ भने मत्स्येन्द्रनाथ र गोरखनाथका मन्दिर पनि यहीं छन्। उनमा आदिनाथको मन्दिर चोभारमा, मत्स्येन्द्रनाथको मन्दिर बुंगमतीमा र गोखनाथको मन्दिर पशुपतिनाथको मृगस्थलीमा छन्। आदिनाथ नाथ सम्प्रदायका प्रतिपादक थिए भने मत्स्येन्द्रनाथ गोरखनाथका गुरु थिए भनिन्छ। यहाँ मत्स्येन्द्रनाथका सम्मानमा भने जात्रा पनि गर्ने चलन छ। देशका विभिन्न भागमा नाथ सम्प्रदायसँग सम्बन्धित मठ र मन्दिरहरू रहेका छन्। नेपालका विभिन्न भागमा भएका नाथपन्थीका मठ र मन्दिरहरूमध्ये पशुपतिनाथ क्षेत्रको मृगस्थलीमा रहेको गोरखनाथको मन्दिर प्रख्यात छ। यो मन्दिर शिखरशैलीको छ, जुन मन्दिरभित्र गोरखनाथका पादुका राखिएका छन्। वंशावलीहरूमा भने जयस्थिति मल्लले गोरखनाथको पादुका जगाई वि.सं. १४५१ मा नाथ योगीहरूका लागि गुठी राखिदिएको उल्लेख पाइन्छ (टण्डन, २०५३ः ५८७)। मृगस्थलीको यस गोरखनाथ पिठमा प्रख्यात योगी नरहरीनाथ आफ्नो साधनाथलो बनाएर बसेका थिए। योगी नरहरीनाथ पश्चिम नेपालबाट क्षेत्रीय कूलबाट आएका हुन्। नरहरीनाथले देशको धर्म, संस्कृति र परम्पराको खोज, विकास, संरक्षण र प्रचारप्रसारमा अहोरात्र खटेर काम गरेको पाइन्छ।

सन्दर्भ ग्रन्थसूची

आचार्य, दिवाकर (वि.सं.२०७५), *नेपालपीठ र गुह्येश्वरी,* काठमाडौँः श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान।

कोइराला, कुलचन्द (वि.सं. २०५१), *नेपालका आराध्यदेव भगवान श्री पशुपतिनाथ,* काठमाडौँः नेपालराजकीय प्रज्ञाप्रतिष्ठान।

खतिवडा, सोमप्रसाद (वि.सं.२०७४), *नेपाली संस्कृति विश्वकोष,* काठमाडौँः जनता प्रसारण तथा प्रकाशन लिमिटेड।

ज.व.रा., धनशमशेर (वि.सं. २०३६), *कामकलारहस्य,* काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र।

टण्डन गोविन्द (वि.सं. २०५३), *पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन,* काठमाडौँः झरेन्द्र शम्शेर जवरा तथा श्रीमती मञ्जु राणा।

टण्डन, गोविन्द (वि.सं. २०५६), *पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन* भाग २, श्री झरेन्द्र शम्शेर जवरा तथा श्रीमती मन्जु राणा।

ढकाल, प्रदीप (सं. वि.सं. २०७७), *पाशुपत क्षेत्रको सांस्कृतिक सम्पदा* (मूर्त अमूर्त), काठमाडौँः पशुपति क्षेत्र विकास कोष।

पाण्डे, राजवली (सन १९७८), *हिन्दुधर्मकोश,* लखनउः उत्तर प्रदेश हिन्दी संस्थान।

प्रधान, भुवनलाल (२०५५), *नेपालको इतिहास र सँस्कृतिका केही पक्ष,* काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

वज्राचार्य, धनवज्र (वि.सं. २०५३), *लिच्छविकालका अभिलेख,* काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र।

वज्राचार्य, धनवज्र र मल्ल, कमलप्रकाश (ई. १९८५), द *गोपालराज वंशावली,* काठमाण्डौ।

रेग्मी, जगदिशचन्द्र (वि.सं. २०५३), *पशुपति गुह्येश्वरी माहात्म्य,* काठमाडौँः नइ प्रकाशन।

शर्मा, लीलाधर (सन् १९९९), *भारतीय संस्कृती कोष,* नयाँ दिल्लीः राजपाल एण्ड सन्स।

❖❖❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति तिलगंगास्थित विष्णुविक्रान्त मूर्ति उद्धार उत्खनन्

✍ भास्कर ज्ञवाली

[१]सुशील कुमार गौतम

लेखको मूल आशय

सम्पूर्ण प्राप्त विवरणका अधारमा नेपालको इतिहासका प्रथम एतिहासिक प्रमाणयुक्त शासक मानदेवले सम्भवतः सो समय (शक सं. ३८९) मा दिवंगत भएसकेकी आफ्नी आमा राज्यवतीको पुण्यवृद्धिको लागि लाजिमपाट र तिलगंगा गरी दुई ठाउँमा मन्दिर सहित विष्णुविक्रान्त मूर्तिहरूको निर्माण गराइ तिनै मूर्तिहरूको पादपीठमा यो विवरण समेत कुँदाएका थिए। लाजिमपाटको मूर्ति वि.सं. २०२५ देखि राष्ट्रिय संग्रहालय, छाउनीमा प्रदर्शनीमा राखिएको छँदैछ। तिलगंगामा भेटिएको मूर्ति शुरूदेखि नै यही थियो, अन्त कतैबाट यहाँ ल्याइ राखिएको हो जस्ता अनेकौ विचारहरू प्रचलित थिए। पादपीठको अभिलेखले संकेत गर्ने मूर्ति सम्बद्ध मन्दिरको भग्नावेश फेला पर्नु विवेचित उत्खनन् को मुख्य उपलब्धि हो। उत्खनन् बाट मन्दिरको गर्भगृह, प्रार्थनापेटी तथा दायाँ-बायाँको चापमार्ग (Arch) फेला परेको छ।

विषय प्रवेश

पशुपति क्षेत्र, तिलगंगा भनिएको स्थलमा नेपालको ईतिहासमा प्रथम ऐतिहासिक प्रमाण प्राप्त शासक राजा मानदेवले आफ्नी आमा श्रीराज्यवतीको पुण्यवृद्धिका खातिर पुराणहरूमा वर्णन गरिएको विष्णु भगवानको वामन अवतार तथा त्यसैको विस्तारीत स्वरुप विष्णुविक्रान्त अथवा त्रिविक्रम वामनको मूर्ति स्थापना गर्न लगाएको विवरण सोही मूर्तिमा उत्कीर्ण शिलालेखबाट बुझिन्छ। उही विवरण तथा उही व्यहोराको उनै राजा मानदेवले स्थापना गर्न लगाएको अर्को एक मूर्ति लाजिमपाटमा फेला परेको थियो। दुवै मूर्तिको कलाशैली, पात्रविवरण, मूर्ति कुँद्न प्रयोग गरिएको प्रस्तर-चयन तथा विवरण लेखिएको सवै समान छन्। "लाजिमपाटको अभिलेख तिलगंगाको यो अभिलेख उही एउटै हो। कुँदाईमा मात्र अलिकता अन्तर छ। लाजिमपाटको अभिलेखमा उठानमा ॐ पनि छ। यसमा ॐ छैन। लाजिम्पाटको अभिलेखमा 'बैशाखशुक्लदिव २' दोस्रो पंक्तिको अन्त्यमा दिइएको छ। तिलगंगाको यस अभिलेखमा चाहीं सो तिथि मिति दोस्रो पङ्क्तिको उठानमा दिइएको छ। लाजिम्पाटको अभिलेख अलि खिइएको छ। यो चाहीं सफा छ।"[१] लाजिम्पाटमा फेला परेको मूर्तिलाई चोरी हुनसक्ने ठानी गोप्य ढंगले त्यहाँबाट उठाएर पहिले वीर पुस्तकालय एवं पछि राष्ट्रिय संग्रहालयमा राखिएको विवरण प्राप्त छ।[२] तिलगंगामा अवस्थित मूर्ति सोही स्थानमा पहिलेदेखि नै थियो कि शुरुमा पशुपति वनकालीमा थियो यथा पछि शाहकालमा हालको स्थानमा ल्याइ राखिएको हो आदि विभिन्न मतहरू रहेका छन्।[३] अद्यपि उद्धार उत्खनन्बाट मूर्ति आफ्नो मौलिकस्थान (Insitu) मै रहेको तथ्य अब प्रमाणित भएको छ।[४] वि.सं. २०६० को दशक सम्म खेतको डिलमा रहेको[५] विवेचित मूर्ति पहिले वर्षातको पानीमा डुवेको विवरण ज्ञात छैन। वि.सं. २०७० देखि दायाँ वायाँका जग्गाधनीहरूले आफ्नो जग्गामा माटो भरी जमिनको तह उकास्दा यो अवस्था आएको हो। मूर्ति रहेको स्थानदेखि दक्षिणमा साउने पानीको मुल फुट्दो रहेछ। त्यही पानी पिउन तथा अन्य घरायसी कार्यमा समेत प्रयोग हुनेरहेछ।[६] वि.सं. २०७१ मा निर्माण गरिएको टहरोले सो मुललाई छेक्दा भगावनको मूर्ति वर्षाका ३ महिना नालामा डुब्ने थिति उत्पन्न भयो। का.म.पा.वडा नं. ८ जयवागेश्वरीबाट मूर्तिलाई बाटोमा राख्ने निर्णय गरी पुरातत्व विभागमा पत्राचार गरी स्वीकृति प्राप्त भएपछि पुरातत्व विभागको प्रतिनिधी भइ

✍ श्री ज्ञवाली, संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रलाय, पुरातत्व विभाग का प्रमुख पुरातत्व अधिकृत हुनुहुन्छ।

१ *श्री गौतम, पशुपति क्षेत्र विकास कोषका पुरातत्व अधिकृत हुनुहुन्छ। Email: sushilkumargautam17@gmail.com*

१ *धनवज्र वज्राचार्य, लिच्छिविकालका अभिलेख, त्रि.वि.: नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०३०,पृ. ३५।*

२ *हेर्नुस, सत्यमोहन, सम्पादन गिरीश गिरी, बुकहिल पब्लिकेशन, कालिकास्थान, फागुन २०७८, पृ.१३०-१३३।*

३ *देवेन्द्र भट्टराई, अधिकृत : पुरातत्व विभाग, विश्वसम्पदा महाशाखा (प्रशासनिक कार्यगत वार्ता)।*

४ *यसै प्रतिवेदनको पृ. ७,८ हेर्नुस।*

५ *गोविन्द टण्डन, पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, झरेन्द्र शमसेर ज.ब.रा.तथा मञ्जु राणा, महाराजगञ्ज, २०५३ पृ.४५९।*

६ *विगत १८ वर्षदेखि तिलगंगा क्षेत्रमै वसोवास गर्ने शिलादेवी महतो वर्ष ३७ सँगको कुराकानी।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरातत्व अधिकृत सुशील कुमार गौतम त्यहाँ जाँदा वि.सं. २०६८ को सिमेन्ट संरचना हटाउने बित्तिकै मूर्ति उभिएको जलहरी प्राप्त भयो। तुरुन्त विभाग र पशुपति क्षेत्र विकास कोषमा जानकारी गराई आवश्यक प्रकृया पुरा गरी यो उद्धार उत्खनन् अघि वढाइएको हो। पुरातत्व विभागका प्रमुख पुरातत्व अधिकृत भाष्कर ज्ञवालीको संयोजकत्वमा कार्यटोली गठनको निर्णय भइ कार्य अघि वढेको हो ✶।

काठमाडौं महानगरपालिका वडा नं. ८ को कार्यक्रम विष्णुविक्रान्त मन्दिर निर्माण तथा दर्शनमार्ग स्तरोन्नति' अन्तर्गत मूल मूर्तिलाई बाटोको सतहमा ल्याउने भनी पुरातत्व विभागबाट प्रतिनिधित्व गर्नु भन्ने आदेश भए बमोजिम पशुपति क्षेत्र विकास कोषको समेत अनुमति प्राप्त गरी पुरातत्व अधिकृत सुशील कुमार गौतम त्यहाँ जाँदा सो बाटोको जम्मा १३० से.मि.गहिराईमा विवेचित विक्रान्त मूर्ति आफ्नो जलहरी सहित देखियो। वि.सं. २०६८ को का.म.पा.वडा नं. ८ को कार्य सिमेन्ट संरचनायुक्त आर्क (Arch) नाप = २३३ से.मि. x १०० से.मि.हटाइयो। पशुपति क्षेत्र विकास कोषका इन्जिनियर पशुपति ठाकुरको सुझाव अनुसार मूल मूर्तिलाई ईंटहरूको चाङले छोपिएको थियो। आर्क (Arch) को दायाँ वायाँ रहेका यथावत संरचनाहरू नाप १२२ से.मि. x ६० से.मि.हटाउँदा उपर्युक्त जलहरी फेला परेको हो। जलहरी देखिएपछि मूल मूर्तिको नाप लिने काम भयो। सो मूर्तिको उचाई ८० से.मि.चौडाई ६६ से.मि.तथा माथ्लो भागको चाक्लोपन (Thickness) ७ से.मि.रहेको छ।

मूल मूर्तिको पश्चिम दिशामा :यमभचल चाददभिक हटाउने कार्य भयो। जम्मा ८ से.मि.गहिराईसम्म गएर सो कार्य गरियो। जम्मा चौडाई २०७ से.मि.लिइएको थियो। यस मुनिको सिमेन्ट संरचना हटाउने क्रममा थानको पूर्वी कुनामा घण्टी झुण्ड्याइएको फलामे रड (Iron Rod) संगै वर्तमानमा मानिसहरूले चढाएको वि.सं. २०१० अभिलेखित राजा त्रिभुवनको मुद्रा तथा अरु २ वटा भारतीय मुद्राहरू पाइए। जलहरीको आधार (Base) तल आधुनिककालीन ईटयुक्त Irregular Pavement प्राप्त भयो। सो Pavement जलहरीबाट १०" गहिराईमा भेटिएको हो। Pavement को लम्बाई ३२" तथा चौडाई २२" Trench को रुपमा लिइएको थियो। उपर्युक्त Irregular Brick + Stone Pavement हटाउने कार्य भयो। भेटिएका पुराना ईटहरूको नाप क्रमशः १९ से.मि. x १३ से.मि. x ४ से.मि., २१ से.मि. x १४ से.मि x४ से.मि.तथा १८ से.मि. x १४ से.मि x४ से.मि.रहेको देखियो। जलहरी तल शुरुवातमा 4 courses of brick with mud mortar फेला परेको हो। थानको पूर्व पट्टिको Modern debris हटाउने क्रममा फेरी छिरलिएको अवस्थामा पुराना ईटहरू फेला परे। ती पुराना ईटहरू (Ma Appa) को नाप यस प्रकार रहेका छन :

२०से.मि. x १४से.मि. x ४से.मि.

१९से.मि. x १३से.मि. x ४से.मि.

२०से.मि. x १३से.मि x ४से.मि.

१९से.मि. x १४से.मि. x ४से.मि.

२१से.मि. x १४से.मि. x ४से.मि.

विष्णुविक्रान्त मूल मूर्तिको उत्तरतर्फ निर्मित सिमेन्ट संरचनायुक्त खुड्किला जसको उचाई ५" तथा लम्बाई ९" रहेको थियो। सो खुड्किला भित्र मूल बाटोदेखि ३" गहिराईमा पुरानो गारो (Old wall) आउने आँकलन गरिएको थियो। सोही ऋयलतभहत मा भोलिपल्ट उत्खनन् ऋयलतष्लगभ गर्दा सो सिमेन्ट संरचनायुक्त खुड्किलाभित्र निम्न नापको पुरानो गारो (Old wall) फेला पर्‍यो। :-

Outer Height = 10"

Inner Height = 6"

Lenth = 1' 7"

यो संरचना वि.सं. २०६८ मा का.म.पा.मार्फत असचेत संरक्षण हुँदा केही विग्रिएको स्थितिमा छ। जलहरी मुनि कालो माटो (Black Soil) लगायतको Rain Deposit हटाउँदा जम्मा तेह्र कोर्स ईंट फेला पर्‍यो। उद्धार उत्खननको शुरु

✶ *श्री भाष्कर ज्ञवाली प्र.पु.अ. पुरातत्व विभाग संयोजक तथा श्री सुशील कुमार गौतम, पु.अ.प.क्षे.वि.कोष सचिव रहेको कार्य टोली गठन भइ उत्खनन् कार्य सम्पन्न भएको हो।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवधिमा जम्मा ४ कोर्स देखिएको थियो। मूल मूर्तिको उत्तर-पूर्वी कुनामा 20 Courses of brick with Mud Mortar अभिलेखित गरियो। यही संरचना माथि भर्खर उल्लेख गरिएको ब्वअज कतचगअतगचभ रहेको हो। जलहरी मुनि रहेको ज्ञघ ऋयगचकभक या दचष्अप को उचाई २'१" तथा यो 20 Courses of brick को उचाई ३'३" रहेको छ। थानको उत्तर-पूर्वी कुनामा Irregular brick pavenent पाइएकोमा त्यसको उचाई ६" रहेको छ। जलहरी भित्र Mud Wall at North=15 courses जसको उचाई १'१०" अभिलेखित गरियो। Mud Wall at West =11 Courses जसको उचाई १'८" अभिलेखित भएको हो। जलहरी भित्रबाट Record गर्दा दक्षिण पट्टिको Mud Wall को उचाई १' तथा 8 Courses of brick हाल देखिन्छ। वर्षेमुल तथा वि.सं. २०६८ को असचेत संरक्षणको कारणबाट यो दिशामा विद्यमान Archaeological detailक अलिक बिग्रिएका छन्।

उत्तरपट्टिको सिमेन्ट संरचनायुक्त खुड्किला हटाएपछि त्यसको सिधा उत्तर निम्न विवरण अभिलेखित आधुनिक संरचनालाई तल ढुंगा छापिएको जमिनतह (Level) सम्म हटाइयो :-

का.म.पा.८ वडाद्वारा

पुनःनिर्माण मिति २०६८ माघ

H=2'7"

L=4'4"

B=3'2"

मूल बाटोतर्फ २'३" गहिराईमा श्री ५ महेन्द्र लेखिएको ईंट पाइएको थियो। माटोको Composition कालो रङ्गको वालुवा मिश्रित फेला पऱ्यो। उपर्युक्त आधुनिक संरचना दायाँतर्फ मूलबाटो देखि जम्मा २'११" गहिराईमा पुरानो गारो इमि ध्वँ्री फेला पऱ्यो तर मानवीय गतिविधिको कारणबाट Disturbed भइसकेको छ। यसको उचाई जम्मा ८" बाँकी छ।

थान भित्र Western Mud Wall पत्ता लागे पश्चात यसको बिट (Top) देखि पश्चिम दिशामा ५'x ५' को Trench लिएर अघि बढियो। ५ से.मि. Thickness रहेको Stone Pavement तथा १० से.मि. Thickness रहेको Brick Pavement हटाउँदा एउटा भग्न ईंट फेला पऱ्यो : जसमा ..द १९९४ कुँदिएको प्रष्ट चिनिन्छ। सग्लो फेला पार्न सकिएको भए त्यसमा श्री ३ जुद्ध १९९४ हुन्थ्यो। अद्यपि, राजा त्रिभुवनको समयको मुद्रा, श्री ५ महेन्द्र कुँदिएको ईंट अथवा विवेचित जुद्ध शम्सेरको समयको यो ईंट वि.सं. २०६८ कै कार्यतह (Work Level) मा पाइएका हुन्। यिनले Chronological analysis मा खासै योगदान पऱ्याउँदैनन्। १० से.मि. Thickness रहेको Brick Pavement मा सुक्खा वालुवा मिसिएको छ। त्यसपछि ४ से.मि. Thickness युक्त सिमेन्टको ढिक्का हटाए पश्चात Mud Wall at West को बाहिरी भाग भेटियो। उपर्युक्त वाहिरी भागबाट २३ से.मि. Depth मा खैरो माटो भेटिएकोमा यो लक्ष्यण ४३ से.मि.सम्म निरन्तर रह्यो। ४३ से.मि.देखि ६७ से.मि.सम्म खैरोकालो (Brownish Black) माटो भेटियो। निश्कर्षमा सो Mud Wall at West को गहिराई २'५" रह्यो। Wall sf] Thickness जम्मा ८" मापन भयो।

Western Mudwall देखि पश्चिम-दक्षिण दिशामा ५'x ४' को एउटा Trench लिएर काम अघि बढाउँदा जम्मा १' गहिराईमा एउटा Pottery Piece पाइयो। Pottery को नाप ६ से.मि. x ५ से.मि.रहेको छ। थान (Sanctum) निर्माण ताकाको सिँढी (Mud Step) देखियो। जसको उचाई १'७" तथा चौडाई २'२" रहेको छ। उत्खनन् पछि वर्षातको पानीमा डुवेकोले Step भत्किएको हुन सक्छ तथापि ईंटहरू त्यहीं रहेका छन्, Identify गर्न सकिन्छ। Western Mudwall को पश्चिम-उत्तर दिशामा ४' x ४' को अर्को एउटा Trench लिंदा जम्मा ९" गहिराईमा अर्को एउटा Pottery भेटिएको छ।

उद्धार उत्खनन्को क्रममा वर्षा ऋतु शुरु भईसकेको अवस्थाले केही कठिनाई पक्कै भयो। थानको सिधा पूर्व कुलो काट्ने कार्य गरियो। का.म.पा.वडा नं. ८ बाट मूल बाटोमा ढुंगा छापिएको बनावट केही बिग्रियो। मूल मूर्तिको Northern Arch सिधा पूर्व ४' x ३' को Trench निर्माण गरी उत्खनन् कार्य जारी राखियो। ३' ६" गहिराईबाट Pottery rib प्राप्त भयो। ४' ४" गहिराईमा अर्को एक Pottery भेटियो। विक्रान्त मूल मूर्तिको सिधा पछाडि अर्को एक Pottery पाइएको थियो। नवनिर्मित ढुंगा छापिएको बाटेदेखि ३' ३" गहिराईमा पाइएको यो Pottery मूर्तिबाट १०" पूर्व दिशामा अवस्थित थियो। मूल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
मूर्तिको सिधा पूर्व मूलबाटो मै अहिलेको Paved Stone हटाएर ४' x ३' को Trench लिँदा पनि २ वटा Pottery एउटै Measurement मा पाइएको थिति रह्यो। तिनीहरू पाइएको गहिराई ४' ४" र मूर्तिबाट तिनको अवस्थिति २' पूर्वाभिमुख (Facing East) थियो। यी Pottery हरू लगातारको माटो काट्ने, माटो भर्ने आदि मानवीय गतिविधिको कारणबाट आधुनिक कालमै थुप्रिएका हुनु पर्छ। अद्यपि Pottery Expert बाट अध्ययन गराउनु बाञ्छनीय छँदैछ। Northern Arch को Western Out Projection मा सो संरचनादेखि २' ३" गहिराईमा पाइएको खरानी (Charcoal) Sample लाई प्रयोगशाला परीक्षण गर्नु आवश्यक देखिन्छ। यसको अवस्थिति मूर्तिको North end बाट ४' ६" गहिराई तथा त्यसबाट १' लम्बाई अभिलेखित छ। दक्षिण पट्टिको वाहिरी गारो (Southern Outer Wall) को S-E- तथा E-कुनामा माटो हटाउँदा यो कुनै प्राकृतिक हलचल र मानवीय गतिविधीको कारणबाट केही धस्सिएको देखियो। उत्तरी Outer Arch को पश्चिमि कुनामा ३ वटा ईंट छरिएको अवस्थामा फेला परे। दक्षिण पट्टिको बाहिरी गारो (Outer Arch) जो समयक्रम तथा अन्य मानवीय गतिविधीको कारणबाट केही बिग्रिएको छ, त्यसको विश्लेषणका लागि ४' x ३' को Trench लिएर उत्खनन् गर्दा पश्चिमाभिमुख सो गारो मौजुदा जमिन तहबाट ४' गहिराईमा पुरै दृष्टिगोचर गराउन सकियो। मूल मूर्तिको पूर्व लिइएको ४' x ३' नापको Trench तथा यसैको Northern Arch पूर्व लिइएको उही नापको Trench दुईटैलाई मिलाएर एउटै ठूलो Trench बनाइयो। तिनको बिचमा बाँकी रहने १' लम्बाई सोही नयाँ Trench मा मिसाइयो। जलहरीको पूर्वी भाग देखिइसकेपछि सम्भाव्य Risk बाट जोगिंदै कार्य गर्न यसदेखि १' पूर्व ४' x ३' को Trench लिएर काम अघि बढाइयो। मूल बाटोदेखि अब लिइएको Trench को गहिराई शुरुवात (Depth Beginning) ३' रह्यो। सो शुरुवात (Beginning) बाट अर्को ३'६" गहिराई सम्म जाँदा प्राप्त भएका केही नतिजाहरूले विवेचित विष्णुविक्रान्त मूर्ति रहेको स्थलमा राजा मानदेवको समय अघिनै केही मानवीय गतिविधीहरू शुरु भईसकेको अनुमान हुन्छ। Trench को २' ३" गहिराईमा, मूर्तिदेखि २' लम्बाई तथा Trench को East end बाट १' लम्बाईमा जलेको काठ भेटियो। मूल बाटेबाट यसको गहिराई ६' ७" रहेको थियो। त्यस्तै मूल बाटोदेखि ६' ८" गहिराईमा पुनःखरानी (Charcoal Sample) भेट्टाइयो। यसको अभिलेखिकरण (Recording) यस प्रकार रहेको छ :-

3'4" length after Sculpture

2'3" length from East end of trench

2'4" depth from trench

6'8" depth from Road

मूल मूर्तिको पृष्ठभाग (Back) पट्टि जम्मा ६" Trench वढाउँदा जलहरीदेखि ३' गहिराईसम्म कालो माटो (Black Soil) आयो। त्यसपछि जलहरी तलको गारो (Wall) देखियो। मूलबाटे (Main Road) बाट यो गारो (Wall) देखिएको नाप ७'३" अभिलेखित छ।

मूल्याङ्कन तथा विश्लेषण

राजा मानदेवले आफ्नी आमा राज्यवतीको पुण्यवृद्धिका लागि राख्न लगाएका विष्णुविक्रान्त भगवानका २ वटा मूर्तिहरू मध्ये एउटा पशुपति तिलगंगा तथा अर्को एक लाजिमपाटमा फेला परेका हुन्। तिलगंगामा भेटिएको मूर्तिको ८ हात छन्। दायाँतर्फका हातहरू मध्ये माथिल्लो तीन हातका अग्रभागहरू खण्डित भएकाले आयुधहरू चिनिंदैन।[७] तल्लो हात चाहीं वरद मुद्रामा छ।[८] लाजिमपाटमा भेटिई हाल राष्ट्रिय संग्रहालय छाउनीमा रहेको मूर्तिको दायाँ वायाँ दुवैतर्फका ८ वटै हातमा रहेका आयुधहरू चिनिन्छन्। विष्णु भगवानको वामन अवतार तथा यसै अनुसार "तीन पाइला" जमिन दिने राजा बलीको सङ्कल्पपछि उनीबाट लिइएको विक्रान्त (भयङ्कर) स्वरुप देखाउने यी दुवै मूर्तिफलकहरू छिमेकी राष्ट्र भारतमा पाइने यही व्यहोराका मूर्तिफलकहरू भन्दा दुई शताब्दी पुराना छन्। भारतको बदामीमा रहेको गुफामा विक्रमको सातौं शताब्दीको

---

७ *गोविन्द टण्डन, ऐजन पा.टि.नं. ५, पृ.४६०*

८ *ऐजन*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुविक्रान्तको मूर्ति पाइएको छ। तर तिलगंगाको जस्तो जीवन्त र आकर्षक बन्न सकेको छैन।[९] तिलगंगा र लाजिमपाट (हाल राष्ट्रिय संग्रहालय) मा रहेका यी दुई समान कथावस्तुयुक्त मूर्तिहरू मध्ये तिलगंगामा भेटिएको मूर्ति अभिलेख अध्ययनको दृष्टिकोणले महत्वपूर्ण छ। लाजिमपाटको अभिलेख अलि खिइएको छ, यो चाहीँ सफा छ।[१०] मूर्तिविज्ञान विषयमा प्रस्तर चयन, प्रयुक्त पालिस, लुगा, गहना, हात गोडाको सँख्या, हातमा लिएका आयुधहरू सबको अध्ययन गर्नुपर्ने हुन्छ। तिलगंगामा भेटिएको विष्णुविक्रान्त मूर्तिको दायँतर्फका माथिल्ला तीन हातहरूमा रहने आयुधहरू क्रमशः अभयमुद्रा, चक्र र गदा हुन्। लाजिमपाटको जोडा मूर्तिबाट यो कुरा बुझ्न सकिन्छ। तिलगंगा र लाजिमपाट दुवै ठाउँमा पाइएका यी मूर्तिहरूको पादपिठमा रहेको अभिलेखलाई निम्न अनुसार लिप्यन्तर गरिएको छ :-

संवत् ३८९

मातुः श्रीराज्यवत्या हितकृतमनसः सर्व्वदा पुण्यवृद्ध्यै

राजा श्रीमानदेवः शुभविमलमतिः पात्रदानाम्वुवर्षी

वैशाखशुक्लदिव २

लक्ष्मीवत्कारयित्वा भवनमिह शुभं स्थापयामास सम्यक

विष्णुं विक्रान्तमूर्तिं सुरमुनिसहितं सर्वलोकैकनाथम्

मूर्तिको अभिलेख लिप्यन्तर सबै विद्वानहरूबाट समान भएको छ। मूर्तिमा कुँदिएको लिपिलाई लिच्छवि कालको गुप्तलिपि तथा श्लोक स्रग्धरा छन्दमा छ भनिएको छ।[११] श्लोकको अनुवाद गर्दा विद्वानहरूको बिचमा खासै मतभेद छैन। त्यस्ता केही अनुवादहरूलाई यहाँ लिइन्छ :-

संवत् ३८७ बैशाखशुदि २। असल सफा बुद्धि भएका सत्पात्रमा पानी सरह दान वर्षाउने राजा श्रीमानदेवले हित गर्ने मन भएका (आफ्ना) मुमा श्रीराज्यवतीको सधैं पुण्यको बढिबढाउ होओस् भन्ना निमित्त राम्रो असल मन्दिर बनाउन लगाई देवता र ऋृषिहरूले पुजिएका सारा संसारका एउटै मालिक त्रिविक्रम (वामन) मूर्ति विष्णुलाई राम्ररी यहाँ स्थापना गर्नुभयो।[१२]

संवत् ३८९ बैशाखशुक्ल द्वितीया। असल सफा बुद्धि भएका सत्पात्रमा पानी सरह दान वर्षाउने राजा श्रीमानदेवले हित गर्ने मन भएका (आफ्ना) मुमा श्रीराज्यवतीको सधैं पुण्यको वढिवढाउ होओस भन्ना निमित्त राम्रो असल मन्दिर बनाउन लगाई देवता र ऋृषिहरूले पुजिएका सारा संसारका एउटै मालिक त्रिविक्रम (वामन) मूर्ति विष्णुलाई राम्ररी यहाँ स्थापना गर्नुभयो।[१३]

संक्षिप्त विवरण :- प्रस्तुत शिलाभिलेखमा राजा श्रीमानदेवले आफ्नी आमा राज्यवतीको सधैं पुण्यको अभिवृद्धि होस् भनी राम्रो असल मन्दिर बनाउनलाई देवता एवं ऋषिमुनिहरूद्वारा पूजित तथा सम्पूर्ण लोकको एउटै मालिक लक्ष्मी सहित विष्णुको विक्रान्त मूर्ति निर्मित गराई त्यसमा प्रतिष्ठापन गरिएको कुरा वर्णन गरिएको छ।[१४]

तिलगंगामा अवस्थित विष्णुविक्रान्त पादपीठ अभिलेखको अध्ययन वि.सं. २०१० ताका योगी नरहरिनाथ, बुद्धिसागर पराजुलीको नेतृत्वमा पहिलो चोटी भएको देखिन्छ। संस्कृत सन्देशः१/१० मा छापिएको यो अभिलेखको खोजी कार्य भने धनवज्र वज्राचार्य तथा ज्ञानमणि नेपालबाट भएको हो।[१५] रेनिइरो नोलीद्वारा ३ संख्याको रुपमा पनि यो छापिएको छ।[१६] "लक्ष्मीवत भवनं कारयित्वा" भन्ने उल्लेख यहाँ परेको छ। यसबाट मानदेवले वामनमूर्ति स्थापना गर्दा सुन्दर मन्दिर पनि

---

९ *ऐजन*

१० *धनवज्र वज्राचार्य, ऐजन पा.टि.नं. १, पृ.३५*

११ *हेर्नुस्, सत्यमोहन, ऐजन पा.टि.नं. २, पृ.१३१*

१२ *संस्कृत-सन्देशः प्रथमवर्ष-१०,११,१२ संयुक्ता, योगी नरहरिनाथ बुद्धिसागर पराजुली (सं.) वि.सं. २०१०,पृ.२*

१३ *धनवज्र वज्रचार्य, ऐजन पा.टि.नं. १, पृ.३६*

१४ *हरिराम जोशी, नेपालका प्राचीन अभिलेख, ने.रा.प्र.प्र.,२०३०,पृ.३५*

१५ *धनवज्र वज्रचार्य, ऐजन पा.टि.नं.१३, पृ.३५*

१६ *ऐजन*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाउन लाएका थिए भन्ने थाहा पाइन्छ। तर लाजिमपाट र तिलगंगा दुवै ठाउँमा अहिले मन्दिरको कुनै अवशेष पनि देखिँदैन।[१७]

तिलगंगामा अवस्थित विष्णुविक्रान्त मूर्तिमा वि.सं. २०६८ को संरचना हटाउने वित्तिकै Mud Mortar युक्त दायाँ र बायाँको Arch, पश्चिमपट्टिको बिट सहित गारो (Wall), सो गारो ९wall) को दायाँ बायाँ माथि बिटमा उक्लने सिंढी, मूर्तिको जलहरी, जलहरी मुनि मूर्तिको अग्र र पृष्ठ दुवै भागमा 13 courses या brick, जलहरीको दायाँ बायाँ क्रमशः बढेको गारो (wall) आदि संरचना फेला परेको विषय माथिका पृष्ठहरूमा प्रष्ट पारिसकिएको छ। राजा मानदेवे आफ्नी आमाको पुण्यवृद्धिका लागि "लक्ष्मीवत कारयित्वा भवनमिह शुभम् स्थापयामास सम्यक" अर्थ गर्दा 'सम्यक' शब्दलाई विशेष ध्यान नपुऱ्याइएको थिति हो हालसम्म।

सदासर्वदा आफ्नो पुण्यवृद्धि होस् भन्ने चाहना राख्ने आफ्नी आमा राज्यवतीको संस्मरणमा राजा मानदेवबाट राखिएका हुन् लाजिमपाट (हाल राष्ट्रिय संग्रहालय) तथा तिलगंगामा अवस्थित विष्णुविक्रान्त मूर्तिहरू। सबैको हित गर्ने आफ्नी आमाको पुण्यवृद्धिका लागि सत्पात्रमा दान वर्षाउने सफा चित्त भएका राजा मानदेवले देवता र ऋषिहरूबाट पुजिएका विष्णुविक्रान्त देवताको मूर्ति सन्तुलित (सम्यक) हिसाबबाट बनेको लक्ष्मीवत भवन (थान) मा स्थापना गरे भन्ने भावार्थ नै हो प्रयुक्त शिलालेखको।

लिच्छविवंश बाहिरबाट लिच्छविकालमै सामन्त, महासामन्त हुँदै नृपति, नरपति तथा अन्तिम अवधिमा "महाराजाधिराज" हुन सफल वर्मावंशी अंशुवर्माले चाँगुनारायण मन्दिर गर्भगृहमा रहेको नारायण मूर्तिको पहिलेको सुनको कवच र गरुड कालक्रमले जीर्ण भएको देखेर पुरानै नमूना बमोजिम[१८] जीर्णोद्वार गरेको विवरण प्राप्त छ। उनैबाट पाटन सुनधारामा रहेको उनी भन्दा पुरानो मन्दिर झ्याल, ढोका, निदाल, गारो, काठ समेत फेरेर जीर्णोद्वार गरेको विवरणयुक्त अभिलेख पनि फेला परेको छँदैछ।[१९] राजा मानदेव र यिनी अंशुवर्माको शासन शुरुवातको अवधिमा करीब डेढसय वर्षको अन्तर छ। संवत् २५० प्रथमाषाढ महिना द्वितीयाको दिन राजा श्रीवलिराजले (?) पुण्य बढोस् भनी जलद्रोणी बनाउन लगाएको[२०] जानकारीयुक्त जलद्रोणी अभिलेख ललितपुर, मोतिटारमा फेला परेको हो। सो जलद्रोणीमा देब्रेपट्टि यही विवेचित संवत् २५० अर्थात् वि.सं. ८८३ को अभिलेख रहेको छ भने दायाँ भागमा राजा श्रीअभय मल्लदेवको समयको ने.सं. ३५३ अथवा वि.सं. १२८९ को अभिलेख रहेको छ। उनी भन्दा ४०६ वर्ष अघिका राजा वलिराजले बनाएको जलद्रोणीको जीर्णोद्वार सो समयमा गरिएको रहेछ। चारसय वर्ष अघि र पछिको लेखन एउटै स्थापत्यमा पाउनु आफैंमा एक उपलब्धि हो। तथापि वि.सं. १२८९ मा अभिलेख कुँदाउनेले वि.सं. ८८३ को अभिलेख पढेको छैन। हामीमा यस्तो प्रचलन थिएन। हुन्थ्यो भने सत्रौं शताब्दीका राजा प्रताप मल्लले आफूलाई "कर्णाटवंशी" भन्ने थिएनन् होला। सूतीगलको "जलद्रोणीको लागि कुवाको मुहान बिग्रेको हुनाले सो बनाउने विचार मनमा आएको हुनाले यो जलद्रोणीको जीर्णोद्वार गरिएको हो"।[२१] भन्ने विवरणले राजा वलिराजको समयदेखिको सो मुहान उनी भन्दा ४०० वर्ष पछिसम्म पनि चलिराखेको रहेछ भन्ने थाहा लाग्दछ। पशुपति तिलगंगामा उत्खनित "थान स्थापत्य" अभिलेख सहितको मूर्ति राख्ने राजा मानदेवकै समयको हो। "लक्ष्मीवत कारयित्वा" शब्दलाई ऐश्वर्यपूर्ण अर्थ गर्नु साथै "लक्ष्मीवत भवन" दुई शब्द लिएर मन्दिर अथवा ऐश्वर्यले भरिपूर्ण मन्दिर भनी अर्थ गर्नुमा द्विविधा रहन्छ। कार्यटोलीले उद्धार उत्खनन् सञ्चालन गर्दा मूल मूर्तिको अनुपात सापेक्ष रहने गरी सोही समयमा निर्माण गरिएको स्थापत्य (थान) भेट्टाएको हो। "सम्यक" शब्दले बुझाएको अर्थ पनि यही हो।

१७ ऐजन, पृ. ३८

१८ धनवज्र वज्रचार्य, ऐजन पा.टि.नं.१,पृ. ३१७

१९ हेर्नुस, ऐजन, पृ. ३४०

२० ऐजन, पृ. ५९५

२१ धनवज्र वज्रचार्य, पूर्वमध्यकालका अभिलेख, त्रि.वि.: नेपाल र एशियाली अनुसन्धान केन्द्र, (३८ संख्या), २०६८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri





सन्दर्भ ग्रन्थसूची

गिरी, गिरीश (सं.,वि.स. २०७८), *सत्यमोहन,* बुकहिल पब्लिकेशन, फागुन।

जोशी, हरिराम (वि.स. २०३०), *नेपालका प्राचीन अभिलेख,* नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान।

टण्डन, गोविन्द (वि.स. २०५३), *पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन,* महाराजगञ्ज : झरेन्द्र शमशेर ज.ब.रा., मञ्जु राणा।

नाथ,योगी नरहरि, र पराजुली, बुद्धिसागर (सं.,वि.स. २०१०), *संस्कृत–सन्देश,* प्रथम वर्ष–१०,११,१२ संयुक्ताङ्क।

वज्राचार्य, धनवज्र (वि.स. २०३०), *लिच्छविकालका अभिलेख,* त्रि.वि: नेपाल र एशियाली अनुसन्धान केन्द्र।

❖❖❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिक्षेत्रका केही स्थान विशेष नामको पौराणिक र ऐतिहासिक सन्दर्भ

✍ भीष्म बाँस्कोटा

लेखसार

विश्वभरिका हिन्दूहरूका लागि पशुपति क्षेत्र पवित्र र परमधाम मानिन्छ। पशुको अर्थ जनावर र पतिको अर्थ मालिक भन्ने हुन्छ। पशुपति र पशुपति वरिपरिका विभिन्न स्थान र नामका सन्दर्भमा विभिन्न धार्मिक ग्रन्थ, अभिलेख एवम् ऐतिहासिक कागजातहरूमा उल्लेख भएको पाइन्छ। पशुपति क्षेत्रको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, कला, वास्तुकला र पुरातात्विक सन्दर्भमा विभिन्न विद्धान्हरूबाट विभिन्न समयमा अध्ययन र अनुसन्धान भई आएको पाइन्छ। पशुपतिका विषयमा भाषावंशावली, नेपाल माहात्म्य जस्ता ग्रन्थहरूमा चर्चा पाइन्छ। त्यस्तै पशुपति क्षेत्रको अध्ययन गर्ने विद्वान्हरूमा मेरी श्लसर, डेनियल राइट, लुसियानो पेटेक जस्ता विदेशी तथा गोविन्द टण्डन, जगदीशचन्द्र रेग्मी, हरिराम जोशी, धनवज्र वज्राचार्य, भुवनलाल प्रधानलगायतका स्वदेशी विद्वान्हरूको नाम अग्रपङ्क्तिमा आउँछ। यद्यपि पशुपतिक्षेत्रसँग सम्बन्धित महत्वपूर्ण केही स्थान विशेष नाम र तिनको पहिचानका विषयमा हालसम्म एकीकृत रूपमा अध्ययन र खोज हुन सकिराखेको छैन। अतः यस लेखमा मौखिक परम्परा, वंशावली, नेपाल माहात्म्यलगायत प्राप्त पुरातात्विक स्रोत र स्थलगत अवलोकनबाट प्राप्त तथ्यहरूलाई केलाएर बिश्लेषणात्मक ढङ्गबाट पशुपतिक्षेत्रसँग सन्दर्भिक केही स्थान विशेष नामहरूको सही निरूपण गर्ने प्रयास गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ। प्रस्तुत लेखबाट आराध्यदेव भगवान् पशुपतिनाथको अर्थ र पशुपतिक्षेत्रका महत्वपूर्ण स्थान विशेष ऐतिहासिक स्थल, तिनको नाम र पहिचानको सन्दर्भलाई प्राप्त प्रमाणहरूका आधारमा व्याख्या गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ।

शब्दकुञ्जिका : पशुपतिक्षेत्र, गुह्येश्वरी, वाग्मती नदी, श्लेषमान्तक वन, मृगस्थली, देवपत्तन, चाबहिल।

अध्ययनको पृष्ठभूमि

काठमाडौँ उपत्यकाका तीन मल्ल राज्यहरूमध्ये कान्तिपुर पनि एक हो। हाल नेपालको राजधानीका रुपमा रहेको काठमाडौँ सहर संस्कृति, सभ्यता, कला र वास्तुकलाका दृष्टिकोणले खुल्ला सङ्ग्रहालयका रूपमा परिचित छ। हाँडीगाउँ, मालीगाउँ, धुम्बाराही, चाबहिल, देवपत्तन, बूढानीलकण्ठलगायतका स्थलहरू लिच्छविकालदेखि विकसित भई निरन्तर रूपमा अस्तित्वमा रहेका काठमाडौँ सहरका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्व बोकेका प्राचीन बस्तीहरू हुन्। संसारका हिन्दूहरूका लागि पशुपति क्षेत्र प्राचीन र महत्वपूर्ण धाम मानिन्छ। आराध्यदेव भगवान् पशुपतिनाथ पशुहरूका देवताका रूपमा पुजिन्छन्। पशुको अर्थ जनावर र पतिको अर्थ मालिक भन्ने अर्थमा पशुपतिलाई पशुहरूका मालिक भनिन्छ। वासुकीक्षेत्र, पशुपतिक्षेत्र, उमामहेश्वर क्षेत्र आदि विभिन्न नामले चिनिने पशुपति क्षेत्रस्थित देवपत्तनलाई सुवर्णपुरी पनि भन्छन्। पशुपति क्षेत्रका विभिन्न स्थान विशेष रैथाने नामहरू रहेका छन्। तिनको नामाकरण र उत्पत्तिसँग जोडिएका विभिन्न अनुश्रुति, किम्वदन्ती, पौराणिक कथनहरूका बारेमा भाषावंशावली, देवमाला वंशावली, नेपाल माहात्म्य आदि धार्मिक ग्रन्थहरूमा समेत वर्णन गरिएको पाइन्छ। ती स्थान विशेष कतिपय नामहरूको बारेमा अभिलेख, कलाकृति जस्ता पुरातात्विक स्रोतले समेत सम्बोधन गरेको अवस्था छ। यस सन्दर्भमा हुविषयमा अध्ययन गर्नु पर्ने आवश्यकता देखिन्छ।

पूर्वसाहित्यको समीक्षा

पशुपति क्षेत्र र यसको वरिपरिका पुराना मानव बस्ती र धार्मिक महत्वका स्थानहरूको प्राचीनता, त्यहाँका ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्वका सम्पदाहरूको विषयमा विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूले खोज र अध्ययन गरेका छन्। धनवज्र वज्राचार्यले पशुपतिक्षेत्रबाट प्राप्त लिच्छविकालका २५ वटा अभिलेखहरूको मूलपाठ, अनुवाद र ऐतिहासिक व्याख्यासहित प्रकाशित गरेका छन्। त्यस्तै सत्यमोहन जोशीले पनि पशुपतिका कलाकृतिहरूको बारेमा वर्णन गरेका

✍ श्री बाँस्कोटा, संस्कृति, पर्यटन तथा नागरिक उड्‍डयन मन्त्रालयको संस्कृति महाशाखामा पुरातत्व अधिकृत हुनुहुन्छ। Email: bhismabanskota@yahoo.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन्। जगदीशचन्द्र रेग्मीले गुह्येश्वरी र पशुपतिको ऐतिहासिक र धार्मिक पक्षको अध्ययन गरेका छन् भने गोविन्द टण्डनले पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन नै गरेका छन्। त्यस्तै पशुपति क्षेत्रको विविध पक्षहरूका बारेमा मेरी श्लसर, डेनियल राइट, लुसियानो पेटेक जस्ता विदेशी तथा हरिराम जोशी, सोमप्रसाद खतिवडा, रामनिवास पाण्डे, दिनेशचन्द्र रेग्मी, भुवनलाल प्रधान, साफल्य अमात्य, सन्ध्या खनाल पराजुली, निर्मला पोखरेल, पशुपति न्यौपाने जस्ता स्वदेशी विद्वान्हरूले पनि अध्ययन गरेका छन्। भाषावंशावली, नेपाल माहात्म्य, देवमालावंशावली लगायतका ग्रन्थहरूमा पनि पशुपतिको पौराणिक एवं धार्मिक महत्वमाथि प्रकाश पारिएको पाइन्छ। पशुपति क्षेत्र र यसको वरिपरिका प्राचीन स्थलहरूमा स्थापित ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सांस्कृतिक सम्पदाहरूका विषयमा अध्ययन र खोज गरिएको देखिन्छ। यस सन्दर्भमा यहाँका महत्वपूर्ण स्थान विशेष नामहरूको उत्पति र नामाकरणका विषयमा समेत पौराणिक र ऐतिहासिक आधारमा एकीकृत र गहन रूपमा अध्ययन हुन आवश्यक देखिन्छ।

अध्ययनको विधि

यस अध्ययनमा मूलतः प्राथमिक र द्वितीय स्रोतहरूको उपयोग गरिएको छ। प्राथमिक स्रोत अन्तर्गत सम्बद्ध स्थलहरूको स्थलगत अध्ययन, अन्तर्वार्ता लिइएको छ। त्यस्तै गरी यहाँका महत्वपूर्ण स्थान विशेष नामहरूको उत्पति र नामाकरणका विषयमा पूर्वप्रकाशित अनुसन्धानमूलक लेख, विभिन्न पुस्तक, वंशावली, पुराण, पुरातात्विक स्रोतहरूमा वर्णित पौराणिक र ऐतिहासिक तथ्यहरूलाई मुख्य आधार बनाइएको छ। यो लेख तयार गर्दा प्राथमिक र द्वितीय स्रोतहरूबाट प्राप्त सूचना र प्रमाणहरूको संकलन, तिनको वर्गीकरण, बिश्लेषण र पुनरावलोकनका आधारमा अन्तिम निष्कर्षमा पुग्ने प्रयास गरिएको छ।

अध्ययनको बिश्लेषण

पशुपतिका अनेकन् नामहरू

भगवान् शिवका अनेकन् नाम र स्वरूपहरूमध्ये पशुपति पनि एक हो, जुन वैदिककालदेखि नै असाध्यै प्रसिद्ध भई आएको नाम हो। पशु (जीव) लाई संसररूपी पासबाट मुक्ति दिलाउने र पति (ईश्वर) का रुपमा पशुपतिलाई स्वीकारिएको छ (टण्डन, वि.स. २०५३, पृ. ३१)। पशुको जस्तो गुण हुनु पशुत्व हो भने पशुहरूका मालिक पशुपति हुन्। 'पशु' शब्दको अर्थ 'जीवात्मा' र 'पति' शब्दको अर्थ 'परमात्मा' भन्ने हुन्छ। जसले समस्त जीवात्महरुको उत्पत्ति, रक्षा र संहार गर्दछ, ती परमात्माको नाम पशुपति हो (बाँस्कोटा, वि.स. २०८१, पृ. २०८)। पशुपतिनाथको ज्योर्तिलिङ्गलाई नेपालका प्राचीनतम देवताको रुपमा लिइन्छ भने पशुपतिका पाँचमुखलाई पाँच रङ्ग र पञ्चतत्वको प्रतीक स्वरूप मानिन्छ (जोशी, वि.स. २०७०, पृ. ६६३)। गोपालवंशावलीमा राजा सुपुष्पदेवले नेपालमा वर्णव्यवस्था कायम गरी पशुपति भट्टारकको देवल बनाए भनी उल्लेख गरिएको छ (पाण्डे र रेग्मी, वि.स. २०५४, पृ. १२९)।

प्राचीनकालदेखि नै प्रसिद्ध तीर्थस्थलका रूपमा रहिआएको पशुपतिक्षेत्रलाई पशुपतिपुरी, माहेश्वरपुर जस्ता नामले सम्बोधन गर्ने चलन धेरै पुरानो हो (टण्डन, वि. स. २०५३, पृ. १९९)। हिमवत्खण्डमा यस क्षेत्रलाई काशीभन्दा श्रेष्ठ र उत्कृष्ट मान्दै उत्तरकाशी भनिएको छ (टण्डन, वि. स. २०५३, पृ. २१-२२ र २०२)। भाषावंशावलीमा पशुपति क्षेत्रको नामाकरणको सन्दर्भलाई समेत उजागर गरिएको छ, जसअनुसार हिमवत्खडका सप्तद्वीपहरूमध्ये उत्तमद्वीप जम्बूद्वीपमा उत्तमस्थल वराणसी (वनारस) कहलिएको छ। शास्त्रका वाराणसी (काशी) क्षेत्रभन्दा पनि चतर्गुणाले श्रेष्ठ मुक्ति भुक्ति दिने परमक्षेत्रका रूपमा पशुपति क्षेत्रको विशद् व्याख्या गरिएको पाइन्छ (पौडेल, वि.स. २०२०, पृ. २ र ३२)। भाषावंशावलीमा भनिएको छः- "मोक्ष एक थोक मात्र दिन्या काशी छन्। धर्म, अर्थ, काम र मोक्ष चतुर्वेदोक्त फलदायक पशुपतिपुरी हुन्। त्यसैकारण काशीभन्दा चतुर्गुणा अधिकपुण्यदायक क्षेत्र भनी कहियाको छ" (पौडेल, वि.स. २०२०, पृ. ३२)। यसले पशुपति क्षेत्रको स्थान नामको महत्वका साथै पशुपतिको पुण्यता र परम महत्वलाई समेत इङ्गित गर्दछ। कीर्तिपुरको गाई र मानिसले भगवान् श्री पशुपतिनाथ पत्ता लगाई ठूलो कीर्ति राख्ने कार्य गरेको हुनाले कीर्तिपुर नाम रहन गएको प्रसङ्ग यहाँ स्मरणीय छ (प्रधान, वि.स. २०७६, पृ. ८६)।

पशुपतिक्षेत्र

पशुपतिनाथको मन्दिरले चर्चेको स्थानलाई पशुपतिक्षेत्रको नामबाट सम्बोधन गर्ने चलन छ। सम्वत् ४५५ (वि.स. ५९०)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को भष्मेश्वरको ध्रुवसङ्घको अभिलेखमा लिच्छविकालमा यस क्षेत्रलाई पशुपतिक्षेत्र भनी सम्बोधन गरेको पाइन्छ (रेग्मी, वि. स. २०२६, पृ. २६५)। हिमवतखण्डमा नेपाल मध्यमा मृगेन्द्रशिखरका कुटेश्वरदेखि दक्षिण तिलेश्वरसम्म विकटेश्वरदेखि पश्चिम चन्दनभराटेश्वरसम्म ईशानको योगधारा नदीदेखि विष्णुतीर्थ नदीसम्म आग्नेयको गोदावरीबाट हरितीर्थसम्म यस भित्रको योजन प्रमाण क्षेत्रलाई पाशुपतक्षेत्र भनिएको छ (टण्डन, वि.स. २०५३, पृ. २-३)। त्यस्तै वराहपुराणमा पशुपतिक्षेत्रको विस्तार चौध योजन भनी वर्णित (टण्डन, वि.स. २०५३, पृ. ३) भएपनि वि. स. २०४३ मा तत्कालीन सरकारले पशुपति क्षेत्र विकास कोषको उद्देश्यअनुसार कार्य गर्न तय गरेको पशुपतिक्षेत्रको चारकिल्लालाई जनाउँछ। हिमवतखण्डमा नेपाललाई पाशुपत महाक्षेत्र भनिएको छ (रेग्मी, वि.स. २०२६, पृ. २८६)। हरि र हरको सामञ्जस्य गरी पशुपति र दोलागिरि पर्वतबीचको पावनभूमि हरिहरक्षेत्र का नाउँले चिनिन्छ (बाँस्कोटा, वि.स. २०८१, पृ. ४४)। बौद्ध परम्परामा भगवान् विष्णुको काँधमा प्रस्तुत गरिएको लोकेश्वरको विशिष्ट स्वरूपलाई हरिहरिहरि वाहन भन्छन्। संस्कृत भाषाको हरि शब्दले गरुड, सिंह र विष्णु तिनैलाई सङ्केत गर्दछ (पाण्डे र रेग्मी, वि.स. २०५४, पृ. ९१)।

वासुकी क्षेत्र

वासुकी नागको उत्पत्ति र नामाकरणको प्रसङ्गलाई पनि भाषावंशावलीले अघि सारेको छ। वासुकी क्षेत्रका बारेमा वंशावलीमा यस्तो उल्लेख छ :- "कोही कालमा नाग राजा वासुकीकन गरुडले समाती गरुडका हातबाट उम्की वाग्मतीका जलमा डुबो श्रीपशुपतिनाथका शरणमा गरी मनसा वाचा कर्मणाले एकत्र भक्ति गरी सहस्र वर्षसम्म तपस्या गर्दा श्रीपरमेश्वर पशुपतिनाथ प्रसन्न भई आज्ञा प्रसन्न हुँदा भया। यस क्षेत्रमा रही मेरा द्वारका र निधिको रक्षा गर। प्रथम तिमीलाई नमस्कार नगरी जो मेरा दर्शन गरोस् त त्यसकन निस्फल हवस् भन्या वरदान पाई ईशान भागमा बास गरिरहँदा वासुकीक्षेत्र भनी नेपालमा प्रख्यात हुन गयो" (पौडेल, वि.स. २०२०, पृ. १७)। राजा प्रताप मल्लको १७२५ र वि.स. १८२० को पशुपतिस्थित मृगस्थलीका अभिलेखहरू (टण्डन, वि.स. २०५३, पृ. ५५) तथा पशुपतिनाथ मन्दिरमा रहेको वि.स. १७०० को भीम मल्लको अभिलेखमा मा वासुकी क्षेत्रको उल्लेख पाइन्छ (टण्डन, वि.स. २०५३, पृ. ५६)।

वाग्मतीको उत्पत्ति र नामाकरण

भाषावंशावली र नेपाल माहात्म्यमा वाग्मतीको उत्पत्ति र नामाकरणको प्रसङ्ग अघि सारिएको छ। वंशावलीको भनाईलाई हुबहु सापटी लिई यहाँ यसरी उल्लेख गरिएको छः- "मूल शक्तिदेखि भयाकी शंभुका मुखद्वारदेखि प्रकट भै प्रवाह भयाकी सत्ययुगको अन्त्यमा त्रेतायुगको आदिमा प्रकट भयाकी जवरुपी शिवगङ्गा ब्रह्मा सरस्वती वाग्मती गंगा हुन्" (पौडेल, वि.स. २०२०, पृ. १७)। नेपाल माहात्म्यमा भगवान् विष्णुले वाग्मती देखेर अत्यन्त प्रफुल्लित भई ३० हजार वर्षसम्म ब्रह्मा सरस्वती गंगाको नामले पुजित हुने कुरा वताएको प्रसङ्ग परेको छ (आचार्य, वि. स. २०५७, पृ. २५)। वास्तवमा शिवको वचनबाट निस्केकी हुनाले यिनको नाम वाग्वती (वाङ्मती) रहन गएको हो (प्रधान, वि.स. २०७६, पृ. १०७)। भुवन प्रधानले नै ऋकुच्छन्द बुद्धको वाक् बाट निस्केको हुँदा यो नदीको नाम वाक्मती रहन गएको भिन्न मत अघि सारेका छन् (प्रधान, वि.स. २०७६, पृ. १०८)। पशुपतिनाथको पूर्व वाग्मति नदी तटीय स्थलमा आर्यदेवीले तर्पण गरेको हुँदा यस स्थानलाई आर्यघाट भनिएको हो (प्रधान, वि.स. २०७६, पृ. १०८)।

श्लेष्मान्तक वन-मृगस्थली

शिवजीले पशुपति वाग्मतीको पश्चिम भागमा मृगको भेषधारण गरी क्रिडा गरेको हुनाले सो स्थलको नाम मृगस्थली रहन गएको कुरा भाषावंशावलीमा उल्लेख छ (पौडेल, वि.स. २०२०, पृ. १५)। श्लेष्मान्तक वनमा शिवजीले मृगरुप धारण गरी जहाँ जहाँ विहार गर्नुभयो, जलपान गर्नु भयो, सुत्नु भयो र बस्नु भयो। तत् सबै स्थलहरु तीर्थ हुन गएको प्रसंग भाषावंशावलीमा नेपाल नामको उत्पत्तिको वर्णन गर्ने क्रममा परेको छ (पौडेल, वि.स. २०२०, पृ. २४-२५)। नेपाल माहात्म्यको प्रथम अध्यायमा श्लेष्मान्तक र मृगस्थलीको नामाकरणका विषयमा चर्चा गरिएको छ (पोखरेल, वि.स. २०४५, पृ. ४)। श्लेष्मान्तक भनेको लौसीको बोट हो। लप्सीका अनेक रुखहरु भएको हुनाले त्यस ठाउँको नाम श्लेष्मान्तक वन रहन गएको हो (पाण्डे र रेग्मी, वि. स. २०५४,पृ. ८०)। पहिले काठमाडौं उपत्यका सबै लप्सीवारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थियो। भगवान् शङ्करले मृगको रूप धारण गरी विहार गरेकोले गर्दा यसको नाम मृगस्थली रहन गएको कुरा नेपाल माहात्म्यमा वर्णित छ।

नेपाल माहात्म्य (पशुपति महिमा) मा श्लेष्मान्तक वनको उत्पत्ति सम्बन्धी पौराणिक प्रसङ्ग पाइन्छ (आचार्य, वि.स. २०५७, पृ.५)। प्राचीन कालमा वाग्मती तटमा अत्यन्तै मनोहर श्लेष्मान्तक नामको वन थियो, जुन वनमा कुनै समय श्लेष्मान्तक नामक नाग बस्दथ्यो। नागराज श्लेष्मान्तक गरुडदेखि भयभीत भई यहाँ तपस्या गर्दथ्यो। एक दिन भगवान शङ्कर र देवी पार्वती काशी क्षेत्र त्याग गरी यत्रतत्र घुम्दै जाँदा कैलाश मण्डलस्थित वाग्मती तटवर्ती यस सुन्दर मनमा आइपुगे। यस वनको शोभा र सौन्दर्यबाट मुग्ध भई आफ्ना समस्त गणसहित मृग मृगिणीको रूप धारण गरी विहार गर्न लागे। शिवले तपस्यारत परमभक्त श्लेष्मान्तक नागलाई तिम्रो नामबाट यो वन परिपूर्ण भई यसको नाम श्लेष्मान्तक नाउँ रहनेछ भनी वरदान दिए। प्राचीन कालमा यो स्थल दिव्य र पवित्र रह्यो। यो स्थान पवित्र सिद्धाचल (गोरक्षनाथ पर्वत) वा गौरी पर्वत (गुह्यकाली पर्वत) का नाउले चिनिन्थ्यो।

गुह्येश्वरीको उत्पत्ति र नामाकरण

गुह्यको अर्थ गोप्य, लुकेको र लुप्त अर्थ लाग्छ भने सतीदेवीको गुह्यपतन भएर उत्पन्न भएको देवी शक्ति गुह्येश्वरी हुन् (पराजुली, वि.स. २०६९, पृ. ३३१)। भाषावंशावलीमा गुह्येश्वरी महापीठको नामकरण र उत्पत्ति कसरी भयो भन्ने प्रसंग परेको छ। कथानुसार दक्षप्रजापतिले महादेवको अपमान गरेको सहन नसकी सतिदेवीले प्राणमोचन गरेपश्चात देवीको शरीर महादेवले बोकी भ्रमण गर्ने क्रममा पृथ्वीतलमा देवीको शरीर जहाँजहाँ पत्तनभयो, ती स्थानहरूमा पीठस्वरूपमा शिवशक्ति योगिनी उत्पत्ति भए। सर्वप्रथम कामरुपी पीठमा गुह्यस्थान पतन भई कामक्षादेवी प्रकट भइन। यसरी नै पृथ्वीतलमा ५० पीठहरू उत्पत्ति हुन गए, जसअन्तर्गत देवीको गुह्यस्थान पतन भई श्रीगुह्येश्वरी महापीठको उत्पत्ति भई नामाकरण समेत भएको प्रसङ्ग भाषा वंशावलीमा उल्लेख छ (पौडेल, वि.स. २०२०, पृ. ३)। नेपाल माहात्म्यमा गुह्येश्वरीलाई सतीदेवीको गुप्ताङ्ग पतन भई बनेको प्रसिद्ध शक्ति पीठ भनिएको छ (आचार्य, वि.स. २०५७, पृ. १५)। गुह्येश्वरीलाई हिन्दूहरू सतीदेवीको शरीरको एक अङ्ग खसेको ठाउँ पीठ ठान्छन् भने बौद्धमार्गीहरू वज्रयानी देवता योगिनीहरूमध्ये एक योगिनी मानी पुज्दछन् (प्रधान, वि. स. २०७६, पृ. १५२)। गुप्तदेवी र हिन्दूहरूका आराध्यदेव भगवान् पशुपतिनाथको निवासस्थलका रूपमा रहेको यो पावन र उत्तम मध्य क्षेत्रलाई उमामहेश्वर क्षेत्र भन्छन् (बाँस्कोटा, वि. स. २०७८, पृ. ३४)।

मञ्जुपत्तन नगरी

काठमाडौँ उपत्यकाको पुरानो नाम मञ्जुपत्तन थियो। त्रेता युगमा महाचीनबाट आई मञ्जुश्रीले नेपालखाल्डोको पानी बाहिर निकास गराई गुह्येश्वरीदेखि स्वयम्भूसम्म मञ्जुपत्तन नामको सहर बसाले र धर्माकरलाई उक्त सहरको पहिलो राजा बनाएको कुरा स्वयम्भू पुराणमा उल्लेख पाइन्छ (पाण्डे र रेग्मी, वि.स. २०५४, पृ. ७४-७५)। वंशावलीहरूमा यो सहरलाई शाङ्काश्यनगरी भनिएको छ। नक्साल र हाँडीगाउँलाई समेत मञ्जुपत्तन भनिन्थ्यो भन्ने तर्कहरू पनि भेटिन्छन् (बाँस्कोटा, वि. स. २०८१, पृ. २२१)। सङ्कल्प गर्दा आज पनि मञ्जुपत्तन महानगरे भन्ने चलन चलेकै छ (प्रधान, वि.स. २०६८, पृ. ४)। मञ्जुपत्तनलाई पुनः जलले ढाकेपश्चात द्वापर युगमा श्रीकृष्ण काठमाडौँ खाल्डोमा आए र सो तलाउको पानी निकास गराई बस्न योग्य तुल्याएपछि बिशालनगर बसालेको वर्णन पाइन्छ (खतिवडा, वि.स. २०७४, पृ. ८७०)।

केही पौराणिक नामहरू

भाषावंशावलीमा नेमुनिको प्रसङ्ग परेको छ। नेमुनिले तप गरेको साँखु (गुंविहार) क्षेत्र र आराध्यदेव भगवान् पशुपतिनाथ विराजमान यस बीचको क्षेत्रलाई पावन योगभूमि भन्छन् (बाँस्कोटा, वि.स. २०८१, पृ. ४४)। नेमुनिले पालन गरेको देश भएकोले नेपाल नाम रहन गएको भनाई छ (पाण्डे र रेग्मी, वि.स. २०५४, पृ. ८)। पशुपति आर्यघाटको एउटा मन्दिर भित्र प्रस्तरको एउटा मूर्ति छ, जसलाई विरुपाक्ष (कली) को मूर्ति भन्छन्। तिनै विरुपाक्षले नेमुनिसँग भेटी उनैको सल्लाहबमोजिम सम्पूर्ण पाप नष्ट भई देहस्थ (शशरीर) भई मुक्त चिरञ्जीवीका रूपमा शिवमा रहेको प्रसङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
वंशावलीमा परेको छ (पाण्डे र रेग्मी, वि.स. २०५४,. ८८-८९)।

भाषावंशावलीमा चतुषष्ठि लिङ्गाकार तीर्थहरूको नाम लिइएको छ (पौडेल, वि.स. २०२०, पृ. ६)। यिनै ६४ लिङ्गले आवरण गराई भगवान् पशुपतिनाथ विराजमान भएको विश्वास गरिन्छ। ती स्थान विशेष लिङ्गका नाउँ पनि पृथकै छन्। नेपाल माहात्म्यमा पशुपतिभित्रका केही लिङ्ग अवस्थित स्थानहरूको पौराणिक नाम दिइएको छ। गुह्येश्वरी देवीको मन्दिरदेखि केही पर वायव्य कोणमा ताम्रलिप्त लिङ्ग अवस्थित छ, जसलाई सिद्धाचल पर्वत भन्छन् (आचार्य, वि.स. २०५७, पृ. ८९)।

काठमाडौँको गौरीघाटबाट दक्षिणपूर्वको पर्वतमा किरातेश्वर महादेव अवस्थित छ। पशुपति भगवान्‌ले किरात रूप धारण गरेको हुँदा यस स्थानको नाम श्लेष्मान्तक वन रहन गएको हो भनी नेपाल माहात्म्यमा वर्णित छ (आचार्य, वि.स. २०५७, पृ. ८९)। भाषावंशावलीमा किरातेश्वरको उत्पत्ति र नामाकरणको प्रसङ्ग पाइन्छ, जसनुसार पूर्वकालमा महादेवले गुप्त रूपमा किरात भेष धारण गरी श्लेष्मान्तक वनमा किराती गणले सेवा गराई विहार गरेको र कालान्तरमा महादेव र पार्वती दुवैले किरातेश्वर शिवलिङ्ग स्थापना गराएको हुँदा उक्त शिवलिङ्गको नाम किरातेश्वर रहन गएको हो (पौडेल, वि.स. २०२०, पृ. ४६)।

देवपाटन इलाकामा अवस्थित भष्मेश्वर महादेव (भष्मगंगा तीर्थ) स्थानको प्राचीन नाम भष्मांचल पर्वतका रूपमा चिनिन्छ (आचार्य, वि.स. २०५७, पृ. ८९)। यस ठाउँमा महारुद्रले भष्मले स्नान गरे र साक्षी स्वरूप यस लिङ्गको स्थापना गरेको हुँदा त्यसै दिनदेखि शिवजी मुक्तिको फल दिने यो शिवलिङ्ग भष्मेश्वर नामले प्रख्यात हुन गएको हो (पराजुली, वि.स. २०८०, पृ. १५८)।

पशुपति देवपत्तनबाट पश्चिममा ज्ञानकुण्ड तीर्थ रहेको छ, जुन स्थानको प्राचीन नाम वृषभाचल पर्वत हो (आचार्य, वि.स. २०५७, पृ. ८९)। पशुपतिनाथ मन्दिरदेखि उत्तरतर्फ रुद्रागारेश्वर महादेव (रुद्रस्नानोदक तीर्थ) रहेको छ, जुन स्थानको प्राचीन नाम धर्माञ्चल पर्वत नामले प्रसिद्ध छ (आचार्य, वि.स. २०५७, पृ. ८९)। साक्षात रुद्र स्वयंले एकान्तमा सुखको इच्छाले आफ्नो शयनका लागि यो लिङ्गको स्थापना गरेका थिए। आफ्ना भक्तहरूलाई भुक्ति मुक्ति दिने इच्छा लागेको दिने भई रुद्रागारेश्वर नामले प्रसिद्ध रहे भनी हिमवत्खण्ड पुराणमा वर्णित छ (पराजुली, वि.स. २०८०, पृ. १६०)।

पर्वतेश्वर शिवलिङ्ग पशुपति क्षेत्र वागमती नदी तटमा कैलास डाँडामा रहेको छ। पहिले यस क्षेत्रलाई ज्ञानकूप तीर्थ भनिन्थ्यो। हिमालय पर्वतले पशुपतिमा आएर भगवान् शिवको घोर तप गरी लिङ्गको स्थापना गरेको हुनाले पर्वतेश्वर नामले प्रसिद्ध भएको कुरा हिमवत्खण्ड पुराणमा वर्णित छ (पराजुली, वि.स. २०८०, पृ. १५२)।

चौसठ्ठी लिङ्गहरूमध्ये भुवनेश्वर शिवलिङ्ग देउपाटन पाशुपत क्षेत्रअन्तर्गत भुवनेश्वरी मन्दिर प्रांगणमा ज्ञानकुण्ड तीर्थ रहेको छ। सर्वशक्तिमान् भगवान् पशुपतिनाथ जहाँ पैदा भए, सोही बेला भुवन नामक देवता यस स्थानमा आए र भुवनेश्वर लिङ्ग स्थापना गराए। तिनले हजार वर्षसम्म कठोर तपस्या गरेको हुँदा शिवजी प्रफुल्लित भई इच्छा मुताविक वर प्राप्त गरी भुवन आफ्नै लोक फर्किएको हुनाले यो शिवलिङ्ग भुवनेश्वर नामले चिनियो (पराजुली, वि.स. २०८०, पृ. १५९)।

देवपाटन र वरपरका मुख्य बस्तीहरू

पशुपतिक्षेत्रका पुराना बस्तीहरूमा नवालीटोल, नवगृह, देवपाटन, चाबहिल आदि मुख्य छन्। यस क्षेत्रमा भएका बस्तीहरूका विभिन्न नामहरू रहेका छन्। त्यसमा पनि प्राचीन बस्तीहरूका आफ्नै किसिमका नामहरू भेटिन्छन्। कालान्तरमा गएर नयाँ नयाँ स्थानमा बस्ती बढ्दै गएसँगै नयाँ नामाकरण पनि हुन थालेको हो (टण्डन, वि.स. २०५३, पृ. १५)। वर्तमान नवालीटोल लिच्छविकालको नवगृह नामको बस्ती थियो (टण्डन, वि.स. २०५३, पृ. १५)। नवगृह, नवहर, नवग्रह नाम उल्लेख भएका अभिलेखहरूको आधारबाट नवगृह, नवहर, नवगृह हुँदै हाल नवाली बन्न गएको हो (टण्डन, वि.स. २०५३, पृ. ५८)। हालको देउपाटनलाई लिच्छविकालमै नवगृह पनि भनिन्थ्यो (प्रधान, वि.स. २०७६, पृ. ९१)।

वंशावलीकारले देउपाटन भेकलाई लिच्छविकालभन्दा अगावै सुवर्णपुरीका रूपमा रहेको चर्चा गरेका छन् (प्रधान,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि.स. २०७६, पृ. ९२)। तेजस्वी एवम् प्रतापी राजा भास्कर देव (वर्मा) पशुपतिका भक्त थिए। उनले देवपाटन गाउँलाई नगरको रूपमा ठूलो बनाएका थिए (पाण्डे र रेग्मी, वि.स. २०५४, पृ. १२९-१३०)। उनले सुवर्णाहुति यज्ञ गरी धेरै सुवर्ण खर्च गरी सुवर्णोदकले पशुपतिनाथलाई स्नान समेत गराई वाग्मतीमा बगाई दिएको हुनाले सुवर्णपुरी नाम प्रसिद्ध रहन गएको कुरा भाषावंशावलीमा उल्लेख गरिएको छ (पौडेल, वि.स. २०२०, पृ. ५३-५४)। साफल्य अमात्यले समेत आफ्नो पुस्तक काठमाडौँ नगरायणमा सो कुरा उल्लेख गरेका छन् (अमात्य, वि.स. २०५३, पृ. १६)। देवपाटन बस्तीको सुरुको नाउँ सुवर्णपुरी महानगर थियो। कालान्तरमा गएर यसको नाम नवगृह, गुँल, ग्वल, गोर (ल), देवपत्तन, देवपट्टन, देवग्राम, द्योपाटन अनेकन् नाम रहन गयो (प्रधान, वि.स. २०७६, पृ. ८९)। बौद्ध वंशावलीमा अशोककी छोरी राजकुमारी चारुमति (जसले चैत्य बनाइन) ले देवपाल नामक एक क्षेत्रीय कुमारसँग विवाह गरी देवपाटन नगर बसालेको वर्णन पाइन्छ (पाण्डे र रेग्मी, वि.स. २०५४, पृ. ९७)।

देवपाटनको पुरानो नाम ग्वल हो, जुन संस्कृत भाषाको होइन। लिच्छविकालीन अभिलेखमा ग्वल प्रत्यय लागेर बनेका कतिपय स्थानका नामहरू पाइने हुँदा यो बस्ती पनि सम्भवतः किरातकालकै बस्ती हुन सम्भव छ (टण्डन, वि.स. २०५३, पृ. १३-१४)। त्यस्तै देवग्राम देवपाटनलाई कहने शब्द हो, जसको उल्लेख मानमतीको वि. स. ६०३ को लिच्छविकालीन अभिलेखमा देखा परेको छ। देवपाटनबाट हालको देउपाटन नाउँ वा द्यौपाटन अपभ्रंस भएको स्पष्ट छ (प्रधान, वि.स. २०७६, पृ. ९२)। पछि मल्लकालमा यस ठाउँको नाम देवपट्टन रहन गयो (टण्डन, वि.स. २०५३, पृ. १४)। संस्कृत शब्द नव र नेवारी शब्द गुँ को एउटै अर्थ ९ (नौ) हुन्छ (प्रधान, वि.स. २०७६, पृ. ९२)। देवपाटनमा नौवटा ढुंगेधारा, नौवटा चोक, नौवटा डबली, नौवटी देवी र नौवटै ढोका रहेका छन् भन्ने अवधारणाको मूल कारण नेपाल भाषामा देवपाटनलाई गोल वा ग्वल भनिने र गुँ को अर्थ नौ भन्ने भएकोले यस्तो भनिनु सम्भव छ (टण्डन, वि.स. २०५३, पृ. १७-१८)। वंशावलीहरूमा प्राचीन सहर भनिएको सुवर्णपुरी, ग्वल, नवगृह, मञ्जुपत्तन, विजयपत्तन जस्ता सबै पशुपति गुह्येश्वरी (हालको देवपतन) इलाकाभित्रै पर्दछन् (अमात्य, वि. स. २०५३, पृ. १८)।

चाबहिल नाम कसरी रहन गयो भन्ने सम्बन्धमा विभिन्न अभिमत पाइन्छन्। सम्राट अशोककी छोरी राजकुमारी चारुमतिले तथाकथित रूपमा बनाएको चारुमति बहिल (विहार) को नामबाट चाबहिल नाम रहन गएको भनिन्छ (प्रधान, वि.स. २०७६, पृ. ११९)। राजा बृषदेवले चाबहिल र मन्जुबहालनगर बसाए र धन्दोचैत्यको निर्माण गरेका थिए भनी भाषावंशावलीमा उल्लेख पाइन्छ (पाण्डे र रेग्मी, वि.स. २०५४, पृ. १३०-१३१)।

भुवन प्रधानका अनुसार ल्हासा आउँदा जाँदा प्रस्थान र प्रत्यागमनका लागि विधिवत रूपमा बास बस्ने (नेवारीमा चाहीगु) स्थान भएको हुँदा यस विहारको नाउँ नै कालान्तरमा चाहीगु बहिल वा चाबहिल रहन गएको हो। पछि यस विहारको मात्र नभएर यस ठाउँको नाउँ नै चाबहिल हुन पुग्यो (प्रधान, वि.स. २०७६, पृ. १२२)। किरातहरूले सबैभन्दा पहिले यस इलाकामा बस्ती बसाले वा राजधानी बनाई यस ठाउँलाई चाभे चौरी भन्दथे। उनीहरूका अनुसार चौरी शब्दको अर्थ बस्ती, पुर, ठाउँ आदि हुन्छ। नेवारी शब्द चा किराती शब्द चाभे को अपभ्रंस हुन सक्छ। अतः चात्र भनिने स्थानमा बहिलको निर्माण भएपश्चात यस स्थानको नाम चाबहिल रहन गएको प्रष्ट हुन्छ (प्रधान, वि.स. २०७६, पृ. १२३)।

लिच्छविकालमा दरबारको एक अङ्गका रूपमा रहेको पशुपतिको भण्डारखाल बगैंचा संस्कृतिको भण्डागार शब्दबाट अपभ्रंस भई बनेको शब्द हो, जसलाई ठूलो बगैंचात्र समेत भन्छन् (टण्डन, वि.स. २०५३, पृ. ९-१०)। पशुपतिक्षेत्रका दथुटेल, पाँचुटेल, करेटेल, ज्यूनाटेल पनि अन्य पुराना बस्तीहरू हुन्। लिच्छविकालमा पशुपतिपारिको स्थानलाई वाग्वतीपारप्रदेश भनी सम्बोधन गरिन्थ्यो (वज्राचार्य, वि.स. २०५३, पृ. ५४)।

निष्कर्ष

विश्वभरिका हिन्दूहरूका लागि पशुपति क्षेत्र अत्यन्त पवित्र र महत्वपूर्ण तीर्थस्थल मानिन्छ। आराध्यदेव भगवान् पशुपतिनाथ पशुहरूका मालिक वा पशुहरूका देवताका रूपमा पुजिन्छन्। पशुपति क्षेत्रका णविभिन्न स्थान विशेष नामहरू छन्। तिनको नामाकरण र उत्पत्तिसँग जोडिएका विभिन्न अनुश्रुति, किम्वदन्ती, पौराणिक कथनहरूका बारेमा भाषावंशावली, देवमाला वंशावली, नेपाल माहात्म्य आदि धार्मिक ग्रन्थहरूमा वर्णन पाइन्छ। कतिपय स्थान विशेष नामहरूको चर्चा पुरातात्विक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
स्रोतहरूमा समेत उल्लेख पाइन्छ। यस अध्ययनबाट पशुपति, पशुपतिक्षेत्र, वाग्मतीको उत्पत्ति, गुह्येश्वरीको नामाकरण, मृगस्थली, चाहीगु बहिल (चाबहिल), देउपाटन जस्ता प्राचीन सम्पदा र बस्ती विशेष नामको उत्पत्ति र तिनको पौराणिक र चलनचल्तीको नामका बारेमा विद्यार्थी, सर्वसाधारणदेखि लिएर अनुसन्धातासम्मलाई यर्थाथ जानकारी लिन सहयोग पुग्नेछ र कतिपय अन्य पुराना बस्तीहरूको स्थान विशेष नाम कसरी रहन गएको हो भन्ने विषयमा खोज गर्न यस अध्ययनले थप मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ।

सन्दर्भ ग्रन्थसूची

अमात्य, साफल्य (वि.स. २०५३), *काठमाडौँ नगरायण*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

आचार्य, लोकनाथ (वि.स. २०५७), *नेपाल माहात्म्य (पशुपति महिमा)*, त्रिमूर्ति प्रकाशन।

खतिवडा, सोमप्रसाद (वि.स. २०७४), *नेपाली संस्कृति विश्वकोष*, जनता प्रसारण तथा प्रकाशन लि.।

जोशी, हरिराम (वि.स. २०७०), *प्रदीप अभिनव संस्कृति विश्वकोष*, वर्कर्स पब्लिकेसन्स्।

टण्डन, गोविन्द (वि.स. २०५३), *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* (एक भाग), श्रीभ्रुरेन्द्र शम्शेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा।

पराजुली, कृष्णप्रसाद (वि.स. २०६९), *नेपाली बृहत् शब्दकोश*, आठौँ संस्करण, नेपाल प्रज्ञा प्रतिष्ठान।

पराजुली, सन्ध्या खनाल (वि.स. २०८०), *शिवलिङ्ग*, एकेडेमी अफ तन्त्र एण्ड स्यामनिक स्टडिज।

पोखरेल, चिरञ्जीवी शर्मा (वि.स. २०४५), *नेपाल माहात्म्य* (स्कन्ध पुराण हिमवत्खण्ड), भरतराज पोखरेल।

पाण्डे, रामनिवास र रेग्मी, दिनेशचन्द्र (वि.स. २०५४), *नेपालको पौराणिक इतिहास*, नेपाल र एसियाली अनुसन्धान केन्द्र।

प्रधान, भुवनलाल (वि.स. २०६८), *स्वयम्भू* (सङ्क्षिप्त परिचय), तेस्रो संस्करण, तीर्थनारायण नारायणदेवी लुमन्ति जः।

प्रधान, भुवनलाल (वि.स.२०७६), *नेपालको इतिहास र संस्कृतिका केही पक्ष*, दोस्रो संस्करण, नेपाल प्रज्ञा प्रतिष्ठान।

बाँस्कोटा, भीष्म (वि.स. २०८१), *नेपालमण्डल (विश्वसम्पदा लोकमाला)*, टीकाप्रकाश बाँस्कोटा।

बाँस्कोटा, भीष्म (वि.स.२०७८), *गोकर्णदेखि गुह्येश्वरीसम्मका सांस्कृतिक सम्पदाहरूको अध्ययन*, वागमती, अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति, पृ. ३३-३५।

रेग्मी, जगदीशचन्द्र (वि.स. २०२६), *लिच्छवि संस्कृति*, रत्न पुस्तक भण्डार।

❖❖❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टपुष्पिकाको अर्थ खोज्दै जाँदा

✍ डा. महेशराज पन्त

मलाई थाहा भएसम्म संस्कृतसाहित्यमा अत्यन्त कम भेटिने शब्दमध्ये एउटा अष्टपुष्पिका पनि हो। खुलाएर भन्दा, उत्तरभारतको कन्नौजसाम्राज्यका सम्राट् हर्षवर्धन (आसन्न राज्यकाल वि.सं. ६६३–७०४)का दरबारिया कवि बाणभट्टका हर्षचरितमा र कादम्बरीमा तथा अहिले बाङ्लादेशमा पर्ने त्रिपुरामा पाइएको, राजा लोकनाथको [हर्ष]संवत् ४४ तदनुसार वि.सं. ७०७ को ताम्रपत्रमा मात्र यो शब्द आएको मैले देखेको छु।

हर्षचरितमा पहिलो र तेस्रो उच्छ्वासमा गरी दुईपटक अष्टपुष्पिका आएको म सम्झन्छु। पहिलोचोटि ऋषि दुर्वासाको शापले मर्त्यलोकमा सखी सावित्रीसँगै ओर्लेकी देवी सरस्वतीले शोण नदको लतामण्डपमा बसोबास गर्दा शिवलिङ्गको पूजामा अष्टपुष्पिका अर्पण गरेको कुरा आउँछ।[1] सम्राट् हर्षवर्धनका पूर्वज राजा पुष्पभूतिको विषयमा लेख्दा तेस्रो उच्छ्वासमा दाक्षिणात्य शैव आचार्य भैरवाचार्यको दर्शन गर्न पुष्पभूति जाँदाको लामो बयान त्यहाँ आउँछ। भैरवाचार्यकहाँ राजा पुग्दा बिहान सबेरै नुहाइवरी अष्टपुष्पिका दिई अग्निकार्य गरिसकी जोगीहरूले घेरिई उनी बसिरहेका थिए भनी बाणभट्टले लेखेका छन्।[2]

कादम्बरीमा चाहिं एक ठाउँमा मात्र अष्टपुष्पिकाको प्रसङ्ग आउँछ। जङ्गलमा घुम्दै घुम्दै राजकुमार चन्द्रापीड चण्डिकाको मन्दिरमा पुग्दा एक जना द्रविड योगीको प्रसङ्गमा अष्टपुष्पिकाको चर्चा आएको छ।[3]

✍ *डा. पन्त, इतिहासकार तथा संशोधन मण्डलका अध्यक्ष हुनुहुन्छ। Email: samshodhanamandala@gmail.com*

१ *एवमनुश्रूयते पुरा किल भगवान्स्वलोकमधितिष्ठन्परमेष्ठी विकासिनि पद्मविष्टरे समुपविष्टः सुनासीरप्रमुखैर्गीर्वाणैः परिवृतो ब्रह्मोद्याः कथाः कुर्वन्नन्याश्च निरवद्या विद्यागोष्ठीर्भावयन्कदाचिदासांचक्रे। तथासीनं च तं त्रिभुवनप्रतीक्ष्यं मनुदक्षचाक्षुषप्रभृतयः प्रजापतयः सर्वे च सप्तर्षिपुरःसरा महर्षयः सिषेविरे। केचिदृचः स्तुतिचतुराः समुदचारयन्। केचिदपचितिभाञ्जि यजूंष्यपठन्। केचित्प्रशंसासामानि सामानि जगुः। अपरे विवृतक्रतुक्रियातन्त्रान्मन्त्रान्व्याचचक्षिरे। विद्याविसंवादकृताश्च तत्र तेषामन्योन्यस्य विवादाः प्रादुरभवन्। अथातिरोषणः प्रकृत्या महातपा मुनिरत्रेस्तनयस्तारा-पतेर्भ्राता नाम्ना दुर्वासा द्वितीयेनोपमन्युनाम्ना मुनिना सह कलहायमानः साम गायन्क्रोधान्धो विस्वरमकरोत्। सर्वेषु च तेषु शापभयप्रतिपन्नमौनेषु मुनिष्वन्यालापलीलया चावधीरयति कमलसंभवे भगवती कुमारी किंचिदुन्मुक्तबालभावे भूषितनवयौवने वयसि वर्तमाना गृहीतचामरप्रचलद्भुजलता पितामहमुपवीजयन्ती [...] देवी सरस्वती श्रुत्वा जहास। दृष्ट्वा च तां तथा हसन्तीं स मुनिः आः पापकारिणि दुर्गृहीतविद्यालवावलेपदुर्विदग्धे मामुपहससीत्युक्त्वा [...] भ्रुकुटिमाबध्नन् [...] अंसावस्रंसिनः [...] ग्रथ्नन्ग्रन्थिमन्यथा कृष्णाजिनस्य [...] कोपकम्पतरलिताङ्गुलिना करेण [...] अक्षमालामाक्षिप्य कामण्डलवेन वारिणा समुपस्पृश्य शापजलं जग्राह। [...] ततो मर्षय भगवनभूमिरेषा शापस्येत्यनुनाथ्यमानोऽपि विबुधैरुपाध्याय स्खलितमेकं क्षमस्वेति बद्धाञ्जलिपुटैः प्रसाद्यमानोऽपि स्वशिष्यैः पुत्र मा कृथास्तपसः प्रत्यूहमिति निवार्यमाणोऽप्यत्रिणा रोषावेशविवशो दुर्वासा दुर्विनीते व्यपनयामि ते विद्याजनितामुन्नतिमिमामधस्ताद्गच्छ मर्त्यलोकमित्युक्त्वा तच्छापोदकं विससर्ज। [...] सरस्वत्यपि शप्ता किंचिदधोमुखी [...] दृष्टिमुरसि पातयन्ती [...] शापशोकशिथिलितहस्ताधोमुखी [...] समं सावित्र्या गृहमगात्। [...] अन्येद्युरुदिते भगवति त्रिभुवनशेखरे [...] कृतमहीतलावतरणसंकल्पा [...] त्रिः प्रदक्षिणीकृत्य चतुर्मुखं [...] ब्रह्मलोकतः सावित्रीद्वितीया निर्जगाम। ततः [...] मर्त्यलोकमवततार। अपश्यच्चाम्बरतलस्थितैव [...] भगवतः पितामहस्यापत्यं हिरण्यवाहनामानं महानदं यं जनाः शोण इति कथयन्ति। दृष्ट्वा च तं रामणीयकहृतहृदया तस्यैव तीरे वासमरचयत्। उवाच च सावित्रीं सखी मधुरमयूरविरुतयः कुसुमपांशुपटलसिकतिलतरुतलाः परिमलमत्तमधुपवेणीवीणारणितरमणीया रमयन्ति मां मन्दीकृतमन्दाकिनीद्युतेरस्य महानदस्योपकण्ठभूमयः। पक्षपाति च हृदयमत्रैव स्थातुं मे इति। अभिनन्दितवचना च तथेति तया तस्य पश्चिमे तीरे समवातरत्। एकस्मिंश्च शुचौ शिलातलसनाथे तटलतामण्डपे गृहबुद्धिं बबन्ध। विश्रान्ता च नातिचिरादुत्थाय सावित्र्या सार्धमुच्चितार्चनकुसुमा सस्नौ। पुलिनपृष्ठप्रतिष्ठितसैकतशिवलिङ्गा च भक्त्या परमया पञ्चब्रह्मपुःसरां सम्यङ् मुद्राबन्धविहितपरिकरां ध्रुवागीतिगर्भामवनिपवनवनगगनदहनतपनतुहिनकिरणयजमानमयीमूर्तीरष्टावपि ध्यायन्ती सुचिरमष्टपुष्पिकामदात्।*

(१ उच्छ्वास)

२ *अथ महतः कार्पटिकवृन्दस्य मध्ये प्रातरेव स्नातं दत्ताष्टपुष्पिकमनुष्ठिताग्निकार्यं कृतभस्मरेखापरिहारपरिकरे हरितगोमयोपलिप्तक्षिततिलवितते व्याघ्रचर्मण्युपविष्टं [...] धवलकतिपयशिरोरुहेण वयसा पञ्चपञ्चाशतं वर्षाण्यतिक्रामन्तं खालित्यक्षीयमाणशङ्कुलोमलेखं लोमशकर्णशष्कुलीप्रदेशं पृथुलललाटतटं [...] भ्रूसंगत्या निरन्तरामायामिनीमेकामिव भ्रूलेखां बिभ्राणमीषत्काचकाचरकनीनिकेन रक्तापाङ्गनिर्गतांशुप्रतानेन मध्यधवलभासा [...] अतिदीर्घेण लोचनयुगलेन [...] अनेकवर्णरागमालिखन्तं [...] कुमारब्रह्मचारिणं [...] पशुपतिचरणरजःपवित्रितशिरसं [...] माहेश्वरगणनुयातं [...] भगवन्तं साक्षादिव विरूपाक्षं भैरवाचार्यं ददर्श।*

(१ उच्छ्वास)

३ *तदभिमुखश्च कञ्चिदध्वानं गत्वा केतकीसूचीपण्डपाण्डुरेण वनद्विरददन्तकपाटेन परिवृतां लोहतोरणेन च रक्तचामरावलिपरिकरां कालायसदर्पणमण्डलमालां [...] कपिलकेशभीषणां बिभ्राणेन सनाथीकृतद्वारदेशामभिमुखप्रतिष्ठतेन च विनिहितरक्तचन्दनहस्तकतया [...] शोणितलवलोभलोलशिवालिह्यमानलोहितलोचनेन लोहमहिषेणाध्यासिताञ्जनशिलावेदिकां [...] मुण्डमण्डलैरुपहारहिंसां दर्शयन्तीं [...] क्षतजजलप्रवाहैः पिच्छिलीकृताजिरां [...] परशुपट्टिशप्रभृतीनां जीवविशसनशस्त्राणां प्रभाभिर्बद्धबहलान्धकारतया पातालगृहवासिनीमिवोपलक्ष्यमाणां रक्तचन्दनखचितस्फुरत्फलपल्लवकलितैं*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुव्वुङ्ग भन्ने विषयको बनैया जीवजन्तु भएको जङ्गलमा भगवान् अनन्तनारायणको मन्दिर बनाउन पाऊँ भनी महासामन्त प्रदोषशर्माले बिन्ती चढाएकाले राजा लोकनाथले अनुग्रह गरी उनलाई त्यहाँको जङ्गलमा भूखण्ड दिए। त्यहीँ ती महासामन्तले मन्दिर बनाई अनन्तनारायणको स्थापना गरिसकेपछि त्यस मन्दिरमा सधैँ चाहिने अष्टपुष्पिका, वलि, चरु र सत्र इत्यादिको लागि र चार वेद जान्ने सयौँ ब्राह्मणको वसोवासको लागि त्यहीँ अग्रहार राखिदिएको कुरा राजा लोकनाथको [हर्ष]संवत् ४४ को ताम्रपत्रमा आएको छ।[४]

शिवजीको पृथ्वी-वायु-जल-आकाश-अग्नि-सूर्य-चन्द्र-यजमानमय मूर्तिसँग अष्टपुष्पिकाको सम्बन्ध हर्षचरित पहिलो उच्छ्वासमा जोडिएकोले र तेस्रो उच्छ्वासमा पनि शैवाचार्यको प्रसङ्गमा अष्टपुष्पिकाको चर्चा आएकोले अष्टपुष्पिका शिवजीमा चढ्ने देखिन्छ । चण्डिकाको मन्दिरमा बसोबास गरिरहेका द्रविड योगीको प्रसङ्गमा अष्टपुष्पिकाको चर्चा कादम्बरीमा आएकोले सरसरी हेर्दा अष्टपुष्पिकाको सम्बन्ध चण्डिकासँग भएको जस्तो देखिए पनि आफू शैव हुँ भन्ने अभिमान नछोडेका (अविमुक्तशैवाभिमानेन) जस्ता विशेषण ती योगीमा लगाइएकोले यहाँ पनि शिवजीसँगै अष्टपुष्पिका जोडिएको जस्तो लाग्छ। अष्टपुष्पिका शिवजीमा चढ्ने गरेको देखिए पनि [हर्ष]संवत् ४४ को ताम्रपत्रबाट भने नारायणमा पनि यो चढाउने गरेको देखिएको छ।

व्याकरणको दृष्टिले अष्टपुष्पिका शब्दको विश्लेषण गर्दा यस शब्दबाट आठवटा वा आठथरी फूलको समूह भन्ने अर्थ आउँछ। अष्टपुष्पिका यो शब्द प्राचीन ढङ्गका कुनै पनि संस्कृत कोषमा चढेको मैले देखेको छैन । आधुनिक शैलीका कोषमध्ये तारानाथ तर्कवाचस्पति (वि.सं. १८६९-१९४२)को र मोनियर मोनियर-विलियम्ज (वि.सं. १८७६-१९५५)को कोषमा त्यो शब्द चढेको भए पनि अघिल्लोमा यस समस्तपदको विग्रह गरी अर्थ दिँदा पुष्पाष्टक अर्थात् आठ फूल भनी लेखिएको छ त पछिल्लोमा चाहिँ आठ थरीका फूलबाट बनाइएको माला भनी लेखिएको छ, दुवै कोषमा कादम्बरीको सन्दर्भ पनि दिइएको छ।[५]

श्च बिल्वपत्रदामभिर्बालमुण्डप्रालम्बैरिव कृतमण्डनां [...] पशूपहारपटहपटुरटितरसोल्लसितरोमाञ्चैरिवाङ्गैः क्रूरतामुद्वहन्तीं चारुचामीकरपट्टप्रावृते न च ललाटेन शबरसुन्दरीरचितसिन्दूरतिलकबिन्दुना दाडिमकुसुमकर्णपूरप्रभासेकलोहितायमानकपोलभित्तिना रुधिरताम्बूलारुणिताधरपुटेन भृकुटिकुटिलबभ्रुनयनेन मुखेन कुसुम्भपाटलितदुकूलकलितया च देहलतया महाकालाभिसारिकावेशविभ्रमं बिभ्रतीं [...] महिषासुरशोणितलवालोहिनीभिः स्कन्धपीठकण्डूयनचलितत्रिशूलदण्डकृतापराधं वनमहिषमिव तर्जयन्तीं [...] जरां गतेनापि दक्षिणापथाधिराज्य-वरप्रार्थनाकदर्थितदुर्गेण दुःशिक्षितश्रमणादिष्टतिलकाबद्धविभवप्रत्याशेन हरितपत्ररसाङ्गारमसीमलिनशम्बूकवाहिना पट्टिकालिखितदुर्गास्तोत्रेण धूमरक्ता-लक्तकाक्षर तालपत्रकुहकतन्त्रपुस्तिकासंग्राहिणा जीर्णपाशुपतोपदेशलिखितमहाकालमतेनाविर्भूतनिधिवादव्याधिना सञ्जातधातुवादवायुना [...] अविमुक्तशैवाभिमानेन [...] अतिरोषणतया कदाचिद् दुर्न्यस्ताष्टपुष्पिकापातोत्पादितक्रोधेन चण्डिकामपि मुखभङ्गिविकारैर्भृशमुपहसता [...] जरद्द्रविडधार्मिकेणाधिष्ठितां चण्डिकामपश्यत् । तस्यामेव च वासमरोचयत् ।

(कादम्बरी, पूर्वभाग)

४ *गैहित्रस्स तु केशवस्य गुणवान्सत्यैकबन्धुस्सदा*
दोर्दण्डज्वलितोत्तमासिसचिवप्रज्ञाजयत्साधनः [।]
नि[र्व्या]जोर्ज्जितसत्वसारतुरगः श्रीलोकनाथो [नृ]पो
यस्मिञ्छ्रीपरमेश्वरस्य बहुशो यातं क्षयं सैनिकम् ॥

[...] अगस्त्यसगोत्रस्य ब्राह्मणस्य देवशर्मणः प्रपौत्रेण जयशर्मस्वामिनः पौत्रेण द्विजुगुरु[ज]नतातितोषस्य [तो]षशर्मणो विप्रस्य पुत्रेण यथाविधिहुताग्न्यग्न्याहितबुधस्वामिनः प्रमातामहस्य सूनोः प्रथितगुणगणस्य धर्मार्ज[नतया] बृहस्पतिस्वा[मि]नो दुहितरि यथार्थिजनाभ्यर्थितार्थदत्त-सुवचनायां सुवचनायां ब्राह्मण्यामुत्पन्नेन यथाचारिचरणप्रतिष्ठितोभयकुल[प्रा]प्त[जन्म]ना विदित[भुज]बलवीर्य्येण द्विजसाधुजनतोपभुज्यमान-विभवेनोदारान्वयिना द्विजन्मना [विलुप्ता]शेषदोषेण महासामन्तप्रदोषशर्मणा विज्ञापिता वयं सु[व्वु]ङ्गविषये मृगमहिषवराहव्याघ्रसरिसृपादिभिर्यथेच्छमनुभूयमानगृ[ह]सम्भोगगहनगुल्मलतावितानेे कृताकृताविरुद्धाटवीभूखण्डो म[या] देवावसथङ्कारयित्वा भगवानविदितान्तोनन्तनारायणः स्थापयित्वा ..... ममोपरि कृतप्रसादः पादस्तत्र भगवतोमरवरासुरदिनकरशशधरकुवेरकिन्नरविद्याधरमहोरगगन्धर्ववरुणय[क्ष] .... [अ]भिष्टुतवपुषोनन्तनारायणस्य सततमष्टपुष्पिकावलिचरुसत्रप्रवृत्तये तत्रकृतसामान्यानाञ्च चातुर्विद्यब्राह्मणा[र्या]नां .... [कृ]ताविरुद्धाटवीभूखण्डः ताम्रेभिलिख्य मातापित्रोर्मम च पुण्य प्रवृ[द्धये] सर्वतोभोगेना[ग्र]हार .... [लोक]नाथेण .... प्रतिपा[दितो]

(Basak 1925:307-308 = lines in inscription 12-13, 17-26)

५ *अष्टपुष्पी स्त्री अष्टानां पुष्पाणां समाहारः । अनिर्ण्णीतसंज्ञकत्वात् द्विगुः । पुष्पाष्टके । "कदाचिद्दुर्न्यस्ताष्टपुष्पिकापातोत्पादितक्रोधेन" काद. अज्ञाताऽष्टपुष्पीति कन् । तत्त्रैव ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीनतर टीकाहरूमध्ये शङ्करको सङ्केत अर्थात् हर्षचरितटीकामा बाणभट्टकै लेखाइको अनुसरण गरी अष्टपुष्पिकाको व्याख्या भए पनि अष्टपुष्पिकामा कुन कुन फूल पर्थे भन्ने कुरा लेखिएको खुलेको छैन।[६] मुगल बादशाह अकबर (वि.सं. १५९९-१६६२, राज्यकाल वि.सं. १६१२-१६६२)को पालाका जैन यति भानुचन्द्र गणिको कादम्बरीटीकामा भने अष्टपुष्पिकाको पर्यायमा सोलिका लेखिएको छ।[७] सोलिका त होइन, कन् प्रत्यय नगरिएको, तालव्यादि शोली संस्कृतभाषाका आधुनिक शैलीका कोषमध्ये पहिलो शब्दकल्पद्रुममा चढेको छ र राजनिर्घण्ट भन्ने निघण्टुग्रन्थको आधारमा वनहरिद्रा अर्थात् वनहलेदो भनी त्यसको अर्थ गरिएको छ।[८] त्यसपछि छापिएका अरू कोषमा पनि त्यसै गरी शब्द चढाई त्यही अर्थ दिइएको छ।[९] निघण्टुको एउटा आधुनिक पुस्तकमा वनहलेदोका संस्कृत नाममा शोली र शोलिका पनि आएको उल्लेखनीय छ।[१०] अष्टपुष्पिकाको पर्याय भानुचन्द्रले दिए जस्तै सोलिका मान्ने हो भने आठ थरी फूल भनी अर्थ गरिरहनुपर्दैन।

हर्षचरित र कादम्बरीको सांस्कृतिक अध्ययन गरी मोटा मोटा किताब लेखेका वासुदेवशरण अग्रवाल (वि.सं. १९६१-२०२३)ले अष्टपुष्पिकाको विषयमा खास प्रकाश पार्न सकेका छैनन् र आठचोटि हातभरि राखिएका फूल भनी त्यस शब्दको अर्थ गरेका छन्।[११] आधुनिक टीकाकार, व्याख्याकार वा अनुवादकमध्ये पाण्डुरङ्ग वामन काणे (वि.सं. १९३७-२०२९)ले रचेको हर्षचरितको टिप्पणीबाट भने यस विषयमा नौलो प्रकाश पर्छ। अष्टपुष्पिकाभित्र के के फूल पर्थे भन्ने स्पष्ट नभएको अवस्थामा काणेको लेखाइअनुसार बकपुष्प, द्रोणपुष्प, दुर्धूर, सुमना, पाटला, पद्म, उत्पल र गोसूर्य गरी आठ प्रकारका फूललाई कादम्बरीका टीकाकारहरूले सामूहिक रूपले अष्टपुष्पिका भनेको देखिन्छ।[१२] कमसेकम १३ वटा टीका भएको कादम्बरी[१३] मा काणेले कुन कुन टीकामा यस्तो लेखिएको छ भन्ने नखुलाई खालि टीकाकारहरूले मात्र भनिदिएकाले यस विषयमा बढी खोजी गर्न असम्भार नै छ।

(तारानाथ तर्कवाचस्पति २०२५)

Aṣṭa-pushpikā f. a wreath made with eight different kinds of flowers, Kād.

(Monier-Williams 1899:s.v. Aṣṭa)

६ अष्टौ पुष्पाण्येवाष्टपुष्पिका । तत्र गन्धप्रधानं पार्थिवमर्घस्नानादिकं रसप्रधानमाप्यं प्रदीपाभरणप्रभादिरूप प्रधानं तैजसमनुलेपनप्रभृति स्पर्शप्रधानं वायवीयं सुषिरातोद्यगीतादिकं शब्दप्रधानमाकाशीयमनुध्यानं मानसमस्ति सर्वत्रैवेश्वर इति निश्चयो बौद्धमहमेवेश्वर इत्यहंकारिकं यद् वासनवर्गप्रवृत्तिष्वष्टु प्रत्येकमष्टपुष्पिका ।

(शङ्कर = Führer 1909:31-32)

७ अतिरोषणस्य भावस्तत्ता तथा [कदाचिद्दु]र्न्यस्ता विषमस्थापिता याष्टपुष्पिका सोलिका तस्याः पातेनोत्पादितः क्रोधो यस्य स तेन ।

(भानुचन्द्र गणि = काशीनाथ पाण्डुरङ्ग परब शाके १८१८:४२४)

८ राधाकान्त देव २०२४:शोली ।

९ *Böhtlingk and Roth 1875:*शोली, *Monier-Williams 1899: śolī.* तारानाथ तर्कवाचस्पति २०२६:शोली ।

१० कोषनाथ देवकोटा २०२५:९० मा २७८ सङ्ख्या ।

११ *This doctrine of Ashṭamūrti was adapted in cult worship of Śiva in the form of offering eight handfuls of flowers (ashṭapushpikā pūjā [...]).*

(Agrawala 1969:24)

He had taken his early bath and presented eight handfuls of flowers (ashṭapushpikā) to worship Śiva [...]

(Agrawala 1969:80)

वासुदेवशरण अग्रवाल २०११:१९, ५७ ।

वासुदेवशरण अग्रवाल ई.सं. १९५८:२३० ।

१२ अष्टपुष्पिका *a bunch of eight flowers (with reference to the eight forms). Compare* कादम्बरी 'अतिरोषणतया कदाचिद् दुर्न्यस्ताष्टपुष्पिकापातोत्पादितक्रोधेन' *p. 227 of P. The commentators on the* कादम्बरी *say* 'बकं द्रोणं च दुर्धूरं सुमना पाटला तथा । पद्ममुत्पलगोसूर्यमष्टौ पुष्पाणि शङ्करे ॥'. सं. *also explains that* अष्टपुष्पिका *refers to the eight acts of worship each of which may be metaphorically called* पुष्प.

(Kane 1973, Notes on Harsacharita 1:46) ।

१३ *New Catalogus Catalogorum 1967:333-337.*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ ग्रन्थसूची

अग्रवाल, वासुदेवशरण (१९५८), *कादम्बरी एक सांस्कृतिक अध्ययन*, वाराणसी : चौखम्बा विद्याभवन।

अग्रवाल, वासुदेवशरण (वि.सं. २०२१), *हर्ष चरित : एक सांस्कृतिक अध्ययन*, पटना : बिहार-राष्ट्रभाषा-परिषद्।

काशीनाथ, पाण्डुरङ्ग परब, (सं., शाके १८१८), *महाकविश्रीबाणभट्टतत्तनयविरचिता* कादम्बरी, महोपाध्याय-भानुचन्द्रसिद्धचन्द्राभ्यां कृतया टीकयानुगता, मुम्बयी : निर्णयसागर प्रेस।

तारानाथ, तर्कवाचस्पति (वि.सं.२०२५), *वाचस्पत्यम्*, १ भाग, ३ संस्करण, वाराणसी : चौखम्बा संस्कृत सीरीज आफिस।

तारानाथ, तर्कवाचस्पति (वि.सं.२०२६), *वाचस्पत्यम्*, ६ भाग, ३ संस्करण, वाराणसी : चौखम्बा संस्कृत सीरीज आफिस।

देवकोटा, कोषनाथ (वि.सं. २०२५), *नेपालीनिघण्टुः* अनेक भाषा-संग्रहसहित, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

देव,राधाकान्त (वि.सं.२०२४), *शब्दकल्पद्रुम*, ५ भाग, ३ संस्करण,वाराणसी : चौखम्बा संस्कृत सीरीज आफिस।

Agrawala, V. S., & edited by Agrawala, P.K. (1969), *The Deeds of Harsha* [Being a cultural study of Bāṇa's Harshacharita]. Varanasi: Prithivi Prakashan.

Basak, R.G. (1925), *Tipperah Copper-plate Grant of Lokanatha:* Tha 44th year, Epigraphia Indica 15:301-315.

Böhtlingk, O. & Rudolph R. (1875), *Sanskrit-Wörterbuch,* siebenter theil,St. Petersburg: Buchdruckerei der Kaiserlichen Akademie der Wissenschaften.

Führer, A.A., (Ed. 1909),*श्रीहर्षचरितमहाकाव्यम्,* Bāṇabhaṭṭa's Biography of King Harshavardhana of Sthāṇvīśvara with Śaṅkara's Commentary, Saṅketa. Bombay: The Deprartment of Public Instruction.

Kane, P.V., (Ed. 1973, reprint), *The Harshacarita of BÁÆabhaÔÔa with Exhaustive Notes* [Ucchvāsas I-VIII], Delhi, Patna, Varanasi: Motilal Banarsidass.

Monier-Williams & Monier, (1899), *A Sanskrit-English Dictionary* ... New Edition, Oxford: Clarendon Press.

Raghavan, V., (Ed. 1967), *New Catalogus Catalogorum,* vol. 3, Madras: University of Madras.

❖❖❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालपीठकी अधिष्ठात्री गुह्येश्वरी

✍ डा. माधवप्रसाद लामिछाने

लेखसार

नेपालका शक्तिपीठहरूमा सबैभन्दा पुरानो र मान्यताप्राप्त पीठ गुह्येश्वरीपीठ हो । गुह्येश्वरीलाई गुह्यकाली पनि भनिन्छ। यो पीठ उग्र साधना गर्ने वाममार्गी साधकहरूका लागि सिद्धिदायक पीठ हो। कौलमार्गीहरूका लागि कामाख्यापीठ मुख्य मानिन्छ भने वाममार्गीका निम्ति गुह्येश्वरीपीठ मुख्य मानिन्छ । कुब्जिकातन्त्र, तन्त्रचूडामणि, बृहन्नीलतन्त्र, शाक्तानन्दतरङ्गिणी, महापीठनिरूपण, मेरुतन्त्र, महाकालसंहिताको गुह्यकालीखण्ड आदि ग्रन्थमा गुह्यकालीसम्बन्धी चर्चा पाइन्छ । कुब्जिकातन्त्रमा विभिन्न शक्तिपीठहरूको उल्लेखका क्रममा नेपालपीठको उल्लेख पाइन्छ । गुह्येश्वरीपीठकी अधिष्ठात्री भगवती गुह्यकालीलाई दशमहाविद्यामध्येकी प्रथमा विद्या काली मानेर पूजाउपासना गर्ने प्रचलन पनि रहेको बूढापाकाहरू बताउँछन्। नेपालपीठका रुपमा प्रसिद्ध गुह्येश्वरीपीठ र उक्त पीठकी अधिष्ठात्री गुह्यकालीसम्बन्धी विषयवस्तुको चर्चा गर्नु यस लेखको मुख्य उद्देश्य हो। सोही उद्देश्यबमोजिम यस लेखमा शक्ति उपासनाको वैदिक तथा पौराणिक पृष्ठभूमिको संक्षिप्त चर्चा गरी नेपालको शक्ति उपासनाको ऐतिहासिक सन्दर्भ र नेपालपीठको उत्पत्तिविषयक धारणाको उल्लेख गर्नुका साथै नेपालपीठकी अधिष्ठात्री गुह्येश्वरी वा गुह्यकालीको साकार र निराकारस्वरूपको विश्लेषणपूर्वक गुह्येश्वरीको नित्य तथा नैमित्तिक पूजा र तत्सम्बद्ध जात्राको चर्चा गरिएको छ। गुह्येश्वरीको प्रीतिका लागि विभिन्न व्यक्तिहरूले गरेका भौतिक निर्माण र चढाएका सामग्रीको विषयलाई पनि यस लेखमा स्थान दिइएको छ।

शब्दकुञ्जी : कौलमार्ग, कुण्डमण्डल, गुठीयार, निशाटनपूजा, वाममार्ग, सिंहध्वज,

लेखको समस्या तथा उद्देश्य

यस लेखमा नेपालपीठका रुपमा प्रसिद्ध गुह्येश्वरीपीठको उत्पत्तिसम्बन्धी पौराणिक तथा तान्त्रिक धारणा के रहेको छ ? यस पीठकी अधिष्ठात्री गुह्यकालीको स्वरूप कस्तो रहेको छ ? यस पीठमा हुने जात्राको स्वरुप कस्तो छ? यस पीठमा विभिन्न व्यक्तिहरूले के कस्तो भौतिक निर्माणका कार्य गरेका छन् ? जस्ता शोधसमस्यामा केन्द्रित रही तिनै समस्याको समाधान गर्ने लेखको उद्देश्यबमोजिम तत्तत् विषयको चर्चा र विश्लेषण गरिएको छ।

अध्ययनको विधि

प्रस्तुत लेखमा सामग्री सङ्कलनका लागि पुस्तकालय विधिको उपयोग गरिएको छ भने सङ्कलित शोधसामग्रीको व्यवस्थित उपस्थापनका लागि वर्णनात्मक विधिको उपयोग गरिएको छ।

विषयपरिचय

परब्रहमस्थानीय उपास्यका रूपमा देवी या महाशक्तिलाई ग्रहण गर्ने अर्थात् देवी वा मातृशक्तिलाई विश्वब्रहमाण्डको एकमात्र परम कारण मान्दै उनलाई नित्य, शाश्वत तत्त्वका रूपमा उपासना गर्ने धार्मिक सम्प्रदायलाई शाक्तसम्प्रदाय भनिन्छ। मातृशक्तिको उपासनापरम्परा ज्यादै प्राचीन मानिन्छ। सर्वप्राचीन लिखित साहित्यका रूपमा ऋग्वेदमा सर्वप्रथम देवी वा शक्तिको उल्लेख पाइन्छ। ऋग्वेदका ऋचाहरूमा वर्णित देवीहरू कुनै निश्चित तत्त्वका रूपमा नभई प्रकृतिकै कुनै शान्त र सुन्दर रूपमा वर्णन गरिएको पाइन्छ। त्यसै क्रममा ऋग्वेदमा सरस्वतीलाई बल, ज्ञान, ऐश्वर्य र अन्न आदि प्रदान गर्ने देवीका रूपमा चित्रण गर्दै उनी सबैलाई पवित्र बनाउने देवी हुन् भनिएको छ। यिनी उत्तम बुद्धिले युक्त विद्वान् व्यक्तिहरूलाई ज्ञान प्रदान गर्दै तिनको यज्ञ, श्रेष्ठ कर्म र देवताको उपासनालाई धारण गर्दछिन् भनिएको छ (ऋग्वेदसंहिता, १।२।३।१०–१२)। त्यसैगरी ऋग्वेदकै दशम मण्डलमा सरस्वतीको वर्णनको प्रसङ्गमा ज्ञानको प्रकाश दिने परम सुखदाता प्रभुको प्रार्थना गर्दै मानिसहरू सरस्वतीलाई असीमित ज्ञानले सम्पन्न शक्तिका रूपमा स्विकार्दछन् भनिएको छ (ऋग्वेदसंहिता, १०।६१)। अथर्ववेदमा लोकहितकारी कार्य गर्दा शत्रुहरूको घातप्रतिघातद्वारा मनमा क्षोभ उत्पन्न हुने स्थितिमा आफ्नो ज्ञानमय एवं

✍ *डा. लामिछाने, पूर्वमीमांसा तथा तन्त्रविभाग, नेपाल संस्कृत, विश्वविद्यालयका सह-प्राध्यापक हुनुहुन्छ। Email: madhavlamichhane1@gmail.com*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्नेहमय लेपनद्वारा उक्त क्षोभहरूको निवारण गर्न देवी सरस्वतीसँग प्रार्थना गरिएको छ (अथर्ववेदसंहिता, ७।५७।१)। त्यसैगरी उषालाई ऋग्वेदमा समस्त विद्याले परिपूर्ण, दुःखदायी अज्ञानदेखि भिन्न, विविध प्रकारका ज्ञानलाई प्रकाशित गर्ने, पापलाई डढाउने एवं मनुष्यमात्रका लागि ज्ञानमार्गको प्रदर्शक देवीका रूपमा वर्णन गरिएको पाइन्छ। अदितिलाई ऋग्वेदमा समस्त प्राणी एवं जगत्रूपी प्रपञ्चकी जननी तथा संहारकर्त्रीका रूपमा वर्णन गरिएको छ। त्यसैगरी ऋग्वेदमा रात्रि, पृथिवी, इला, भारती, मही आदि देवीहरूको पनि चर्चा पाइन्छ।

ब्राह्मण एवं आरण्यकग्रन्थहरूमा ब्रह्मको शक्तिका रूपमा गायत्री एवं सावित्रीको वर्णन पाइन्छ। तैत्तिरीयारण्यकमा दुर्गादेवीको विस्तृत वर्णन पाइन्छ, जहाँ दुःस्वप्ननाशिनी दुर्गादेवीसँग आफ्ना सम्पूर्ण पापहरूको हरण गर्न प्रार्थना गरिएको छ (तैत्तिरीयारण्यक, १०।१)। त्यसैगरी ब्राह्मणग्रन्थहरूमा कुहु, राका, सिनीवाली आदि रात्रिदेवीहरूको पनि उल्लेख पाइन्छ। शतपथब्राह्मणमा देवी सरस्वतीलाई पशुवलि दिने वर्णन पाइन्छ (शतपथब्राह्मण, ३।९।१।७)।

उपनिषद्हरूमा ब्रह्ममा अन्तर्निहित शक्तिलाई नै सम्पूर्ण जगत्रूपी प्रपञ्चको कारण मानिएको छ। एउटै ब्रह्म विभिन्न शक्तिको योगले विभिन्न रूपमा आभासित हुन्छ। उसका विभिन्न शक्तिहरूमध्ये इच्छा, ज्ञान र क्रियारूप शक्ति प्रमुख मानिन्छन्। छान्दोग्योपनिषद्, ऐतरेयोपनिषद्, केनोपनिषद्, काठकोपनिषद्, बह्वृचोपनिषद्, मैत्रेय्युपनिषद्, बृहज्ज्वालोपनिषद् आदि उपनिषद्हरूमा शक्तिका विविध रूप र महिमाको वर्णन एवं स्तुति गरिएका प्रसङ्गहरू पाइन्छन्। यसका अतिरिक्त त्रिपुरोपनिषद्, त्रिपुरातापिन्युपनिषद्, देव्युपनिषद्, भावनोपनिषद्, सरस्वतीरहस्योपनिषद्, सीतोपनिषद्, सौभाग्यलक्ष्म्युपनिषद् आदि शक्तिउपासनापरक उपनिषद्हरू छन् जसमा शक्तिका विविध रूप, तिनको महिमा र उपासनाको विशद वर्णन पाइन्छ।

महाभारतयुगसम्म आइपुग्दा शक्तिलाई उमा, काली, विजया, कात्यायनी, चण्डी, दुर्गा, ललिता आदि देवीका रूपमा साकार उपासनाको परम्परा विकसित भइसकेको देखिन्छ। विराट्पर्वमा युधिष्ठिरले दुर्गाको उपासना गरेको वर्णन पाइन्छ। भीष्मपर्वमा कुमारी, काली, कपाली, कपिला, भद्रकाली, महाकाली, उमा, कात्यायनी, चण्डी आदि देवीहरूको उल्लेख पाइन्छ। वनपर्वमा श्रीपर्वतको वर्णन पाइन्छ जहाँ महादेव आफ्नै शक्तिका साथ रहेको उल्लेख गरिएको छ। कालिकापुराण तथा देवीपुराण शक्तिको उपासनासम्बन्धी स्वतन्त्र पुराण मानिन्छन् भने अन्य सबैजसो पुराणहरूमा देवीको कुनै न कुनै वर्णन तथा उपासनाको उल्लेख पाइन्छ। यसै पृष्ठभूमिमा विकसित भएको देवीउपासनाको परम्परालाई तन्त्र वा आगमशास्त्रले दार्शनिक र कर्मकाण्डीय आधार प्रदान गरेको देखिन्छ।

नेपालमा शाक्तपरम्पराको प्रसङ्गबारे चर्चा गर्दा देवीभागवतमा उल्लेख गरिएको प्रसङ्गलाई कोट्याउनु सान्दर्भिक देखिन्छ। उक्त पुराणमा नेपालमा गुह्यकालीको महापीठ रहेको बताइएको छ (देवीभागवत, ७।३८।११)। नेपालको पश्चिमतराईमा पर्ने बन्जाराहीको पुरातात्विक उत्खननमा हातले बनाइएको माटाको नारी मुखौटो प्राप्त भएको छ। उक्त मुखौटोलाई पुरातत्त्वविद्हरूले भूदेवीको मुखौटो मानेका छन्। सो मुखौटो ई.पू. तेह्रौं शताब्दीतिरको हुन सक्ने अनुमान गरिएको छ। कपिलवस्तुको उत्खननका क्रममा प्राप्त भएका माटाका स्त्रीमूर्तिहरूलाई लैनसिंह वाङ्देलले ई.पू. प्रथम शताब्दीतिरको मानेका छन् (वाङ्देल, वि.सं. २०३९, पृ. २६–५३)। काठमाडौँ उपत्यकाभित्र पाइएका केही मातृकाहरूको मूर्तिले यहाँ शक्तिउपासनाको परम्परा ईसापूर्व युगमा नै प्रचलनमा रहेको ज्ञात हुन्छ। त्यसैगरी पाटन हौगलवहास्थित मातृका, चाँगुनारायणको मातृका, बगलामुखीको मन्दिरमा रहेका मातृका, बल्खुका मातृका आदि मातृदेवीका मूर्ति ईसाको दोस्रो वा तेस्रो शताब्दीका मानिएका छन्। यी तथ्यहरूले नेपालमा शक्तिको उपासनापरम्परा ईसापूर्वको युगदेखि नै प्रारम्भ भएको र सोही परम्पराको निरन्तरतास्वरूप कलाकारहरूले शक्तिलाई मातृकाका रूपमा मूर्तरूप दिएको देखिन्छ।

ऐतिहासिक अभिलेखका रूपमा राजा मानदेवको पालाको संवत् ४११ (वि.सं. ५४७) को शीलवर्तीको अभिलेख प्राप्त भएको छ। उक्त अभिलेख नेपालको मात्र नभई विश्वकै शाक्तपरम्पराको सबैभन्दा प्राचीन अभिलेख मानिएको छ (आचार्य, वि.सं. २०५३, पृ. ४०)। उक्त अभिलेखअनुसार राजा मानदेवका पालामा महाप्रतिहार भीमगुप्तकी पत्नी शीलवतीले क्रमपरम्पराकी देवी शर्वाणीको स्थापना गरेको र देवीको कारणपूजा आदिका लागि भूमिदान गरेको जानकारी प्राप्त हुन्छ (पूर्ववत्)। यसैगरी संवत् ४२५ (वि.सं. ५६०) को विजयस्वामिनीको पलाञ्चोक अभिलेखअनुसार उनले पलाञ्चोक भगवतीको नामबाट चिनिने विजयेश्वरीदेवीको स्थापना गरेको ज्ञात हुन्छ (जोशी, २०३०, पृ. ५७)। संवत् ४९५ (वि.सं. ६३०) को शङ्खमूल सिकुवहीस्थित मातृकाको पादपीठको अभिलेखअनुसार वाग्वती र मणिमतीको सङ्गममा प्रतिस्थापन गरिएका माटाका मूर्तिहरू कालक्रमले बिग्रेको हुनाले परम धार्मिक वभ्रु वर्माले ती मातृकाहरूको प्रतिसंस्कार गर्ने विचार गरेका थिए तर सो कार्य पूरा हुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नपाउँदै उनको मृत्यु भएकाले यिनकी पत्नी देशभट्टारिका, भाउजू अर्थात् भतिजा देशवर्माकी आमाले स्वर्गवासी वभ्रु वर्मा, पत्नी, मातापिता तथा आफ्नो पनि पुण्य वृद्धि होस् भनी माटाका मूर्तिहरूको सट्टा ढुङ्गाका मातृका देवीहरूका मूर्ति निर्माण गरेको जानकारी प्राप्त हुन्छ (जोशी, २०३०, पृ. १८३)। यस अभिलेखअनुसार त्यतिखेर भागवतधर्मावलम्बी परिवारमा मातृदेवीको उपासनापरम्परा रहेको जानकारी प्राप्त हुन्छ। अंशुवर्माको पालाको संवत् ३० (वि.सं. ६६४)को हाँडीगाउँस्थित अभिलेखअनुसार त्यतिखेर श्रीदेवी(लक्ष्मी), षष्ठीदेवी आदि देवीहरू राजदरबारमा पुजिन्थे भन्ने जानकारी प्राप्त हुन्छ (जोशी, २०३०, पृ. २७४)। षष्ठीदेवी षोडशमातृकाहरूमध्ये एक हुन् र यिनी बच्चाको छैठी गर्दा पुजिने मुख्य देवी हुन्। यसबाहेक लिच्छविकालमा शक्ति उपासनाका विषयमा खासै ऐतिहासिक सामग्री उपलब्ध छैनन्।

मल्लकालमा शक्ति उपासना अत्यन्त प्रचलित रहेको कुराको प्रमाण काठमाडौँ उपत्यकामा पाइने देवीका मन्दिर तथा मूर्तिहरूले दिइरहेका छन्। मल्लकालमा शाक्तसम्प्रदायको खुब लोकप्रियता बढ्यो। यस बेलाका राजाहरू प्रायः शैव र शाक्तसम्प्रदायका अनुयायी हुन्थे। मल्लकालका प्रतापी राजा स्थिति मल्ल मानेश्वरीका परम भक्त थिए। उनले श्रीमन्मानेश्वरीलब्धप्रसाद' भन्ने उपाधि धारण गरेका थिए। पूर्वमल्लकालका अरू दुई जना राजाहरू ज्योतिर्मल्ल र यक्ष मल्लले मानेश्वरीलाई विशेष मान्यता दिएका थिए। ज्योतिर्मल्ल पशुपतिका भक्त भए पनि श्रीमनन्मानेश्वरीवरलब्धप्रसादित' भन्ने उपाधि ग्रहण गरी आफूलाई शक्तिका उपासक सिद्ध गर्दथे भने यक्ष मल्ल पनि यसै परम्पराका पोषक थिए। उनले पनि श्रीमन्मानेश्वरीदेवीवरलब्ध' भन्ने उपाधि ग्रहण गरेका थिए। यसैताका झङ्केश्वरी भगवती निकै प्रख्यात थिइन्। नेपालसंवत् ५२७ तिरका फर्पिङभेगका स्थानीय शासक जयजैत्रसिंहदेवले श्रीश्रीझङ्केश्वरीवरलब्धप्रसाद' भन्ने उपाधि धारण गरेका थिए। स्थानीय वा प्रान्तीय शासकहरूले पनि राजाको जस्तै कुनै विशेष देवताको आश्रय लिएको कुरा यस उदाहरणबाट स्पष्ट हुन्छ। शाहकाल र आजसम्म पनि शक्ति उपासनाको सोही परम्पराले नेपालमा निरन्तरता पाइरहेको छ। नेपालमा रहेका विभिन्न शक्तिपीठहरूमध्ये नेपालपीठ वा गुह्येश्वरीपीठको ज्यादै ठूलो प्रसिद्धि रहेको छ। यस लेखमा सोही नेपालपीठ वा गुह्येश्वरीपीठ र उक्त पीठकी अधिष्ठात्री गुह्यकालीको विषयमा चर्चा गरिएको छ।

नेपालपीठ वा गुह्येश्वरीपीठको उत्पत्तिसम्बन्धी धारणा

तन्त्रालोकमा यागका लागि योग्य स्थानलाई पीठ भनिएको छ र त्यस्तो पीठ बाह्य र आभ्यन्तर भेदले क्रमशः शरीरबहिर भौगोलिक क्षेत्रविशेषमा र शरीरभित्र रहने कुरा उल्लेख गरिएको छ (तन्त्रालोक, १५। ८२गघ–८३कख)। ती पीठहरूलाई पीठ, उपपीठ, सन्दोह, उपसन्दोह आदि भेदले वर्गीकरण गरिएको छ र नेपाललगायत जालन्धर, कश्मीर, गर्गिका, हर, म्लेच्छदिग्द्वारवृत्ति, कुरुक्षेत्र र खेटक नामक बाह्य स्थानविशेष एवम् हृदयकमलका सन्धिरूप आभ्यन्तर स्थानविशेषलाई उपसन्दोह वर्गमा राखिएको छ (तन्त्रालोक, १५।९२–९३कख)। कुब्जिकातन्त्रमा विभिन्न शक्तिपीठहरूको उल्लेखका क्रममा नेपालपीठको उल्लेख पाइन्छ।

(कुब्जिकातन्त्र, ७।५०–५७)। गुह्येश्वरीपीठकी अधिष्ठात्री भगवती गुह्यकालीलाई दशमहाविद्यामध्येकी प्रथमा विद्या काली मानेर पूजाउपासना गर्ने प्रचलन पनि रहेको बूढापाकाहरू बताउँछन्।

स्कन्दपुराणअन्तर्गत केदारखण्डको माघमाहात्म्यमा रहेको स्वस्थानीव्रतकथामा गुह्येश्वरीपीठको उत्पत्तिका सम्बन्धमा उपलब्ध विवरणअनुसार पहिले सत्ययुगमा दक्षप्रजापतिका तेत्तीस कोटी छोरीहरूमध्ये जेठी छोरी सतीदेवीको विवाह देवाधिदेव महादेवसँग भयो। उक्त विवाह दक्षप्रजापतिको सम्मतिपूर्वक भएको थिएन। विष्णुको छलले गर्दा दक्षप्रजापतिले सतीदेवीको कन्यादान महादेवलाई गरेका थिए। दक्षप्रजापति र महादेवका बिचमा पहिलेदेखि नै वैमनस्य थियो। एक पटक दक्षप्रजापतिले ठूलो यज्ञको आयोजना गरे। उक्त यज्ञमा दक्षप्रजापतिले आफ्ना सबै छोरीज्वाइँलाई बोलाए तर सतीदेवी र महादेवलाई भने बोलाएनन्। देवर्षि नारदको मुखबाट बुबाले यज्ञको आयोजना गरेको थाहा पाएर सतीदेवी यज्ञमा जान हठ गर्न थालिन्। महादेवले जति सम्झाउँदा पनि सतीदेवीले नमानेकीले नारदका साथ लगाएर उनलाई दक्षप्रजापतिको यज्ञमा पठाइदिए। त्यहाँ आफ्ना सबै बहिनीज्वाइँलाई बोलाएको र आफू र महादेवलाई मात्र नबोलाएकोमा सतीदेवीले दुःख प्रकट गर्दै बाबुसँग त्यसको कारण जान्न खोजिन्। दक्षप्रजापतिले महादेवको निन्दा गर्दै महादेवका प्रति धेरै दुर्वाच्य बोल्यो। बाबुले आफ्ना पतिप्रति बोलेको दुर्वाच्य सहन नसकी सतीदेवीले त्यही यज्ञको अग्निमा फाल हाली प्राणत्याग गरिन् तर महादेवको भयले अग्निले सतीदेवीको शरीरलाई डढाउन सकेनन्। सतीदेवीले यज्ञकुण्डमा फल हाली प्राणत्याग गरेको थाहा पाएर अत्यन्त क्रुद्ध हुँदै महादेवले आफ्ना जटाबाट वीरभद्र र महाकालीलाई प्रकट गरी तिनलाई दक्षप्रजापतिको यज्ञ विध्वंस गर्न पठाए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
महादेवको आज्ञाले वीरभद्र र महाकालीले दक्षप्रजापतिको यज्ञ विध्वंस गरी दक्षको शिर काटी यज्ञमा हवन गर्न लाग्दा उसकी पत्नी विरणीले ज्यादै अनुनय विनय गरेकीले बोकाको टाउको जोडी दक्षलाई प्राणदान दिए। त्यसपछि सतीसँगको वियोग खप्न नसकी महादेव सतीदेवीको मृत शरीर लिएर बहुलाजस्ता भई पृथ्वीको भ्रमण गर्न थाले। महादेवको यस्तो अवस्था देखेर देवताहरूले विष्णुको प्रार्थना गरे र महादेवलाई त्यस अवस्थाबाट पहिलेकै अवस्थामा फर्काउनका लागि कुनै उपाय गर्न अनुरोध गरे। यसरी देवताहरूले गरेको अनुरोधलाई स्वीकारी विष्णुले सतीदेवीको शरीरमा कीरा उत्पन्न गराइदिनुभयो र शरीरमा कीरा परेकाले शरीरका अङ्गहरू गलेर खस्न थाले। यसप्रकार जहाँ जहाँ सतीदेवीका अङ्गहरू पतन भए त्यहाँ त्यहाँ शक्तिपीठको उत्पत्ति भयो। पहिले नेपालमा पुग्दा सतीदेवीको गुह्य पतन भयो र त्यहाँ नेपालपीठ, गुह्येश्वरीदेवी, चन्द्रघण्टा योगिनी र सिद्धेश्वर महादेव उत्पन्न भए, शिवशक्तिस्वरूपले रहे (स्वस्थानीव्रतकथा, नवम अध्याय, पृ. १३८–१३९)।

मेरुतन्त्रमा नेपालपीठलाई वर्णमातृकाहरूमा इकारस्वरूप मानिएको छ जहाँ सतीदेवीको गुह्य पतन भएको थियो। त्यसै हुनाले नेपालपीठलाई वाममार्गको प्रमुख साधनाभूमि मानिएको छ (मेरुतन्त्र, १०८१८)।

देवमालावंशावलीमा गुह्येश्वरीको उत्पत्तिका विषयमा यस्तो लेखिएको छ–

'आदि युगमा दक्ष प्रजापतिका अपमानले यज्ञ कुण्डमा फाल हाली प्राण मुक्त गरी बक्सीने ओं श्री सतीदेवीको लाशलाई श्री महादेवबाट बोकी पृथ्वी भ्रमण गरेको देवतादेखी मनुष्य कीट पतङ्गले समेत सहन नसकी तेतीस कोटी देवताहरू ओं श्री वैकुण्ठनाथ नारायण छेउ गई सो कुरा बिन्ति गर्दा वैकुण्ठनाथ भगवानबाट आफ्ना मायाले माया फिंगा उत्पति गरी सतीदेवीका शरीर गलित गराई दिएपछि पनि ति गलितभै दुर्गन्ध भयाकी सतीदेवीलाई ओं श्री महादेवबाट पीठमा बोकी हिंडेका बखत नेपालमा पहिले गुह्यस्थान पतन भयो र ओं गुह्येश्वरी देवी चन्द्र घण्टा योगिनी सिद्धेश्वर श्री महादेव उत्पत्ति भएकाले जम्बुद्वीप मध्ये भरत खण्डमा मुख्य पीठ ओं श्री गुह्येश्वरी पिठ बडो प्रतक्ष हुन्...' (देवमालावंशावली, पृ. १५)।

भाषावंशावलीमा पनि यस्तो उल्लेख भएको छ–

'आदियुगविषे श्रीमहादेवकन दक्षप्रजापतिले अपमान गर्‍याको सहन नसकी सतीदेवीले प्राणमोचन गर्दिभइन् र देवीका शरीरकन महादेवले बोकी भ्रमण गर्दा समयमा यो पृथ्वीतल विषये देवीका शरीर जहाँ जहाँ पतन भयो त्यहाँ त्यहाँ पीठरुपी शिवशक्ति योगिनीसहित भै उत्पत्ति हुँदाभया। प्रथम कामरुपी पीठमा गुह्य स्थान पतन भयो र कामाक्षादेवी भैगया। यही क्रमले पृथ्वीमा पचास पीठ उत्पत्ति भया र नेपालमध्ये गुह्यस्थान पतन हुँदा श्रीगुह्येश्वरी भनी महापीठ भयो' (पौडेल, २०२०, पृ. ३)।

गुह्यकाली जलज्योतिका रूपमा रहिरहेकी थिइन्। शङ्करदेव राजाका पालामा कलिगत १७९९ मा तान्त्रिक नृसिंह ठाकुर नेपालमा आई बसेको समयमा सपनामा भगवती गुह्यकालीले मलाई प्रकाश गर भनी आज्ञा भएको हुँदा सपनामा भगवतीले आज्ञा भएबमोजिम र हिमवत्खण्ड नेपालमाहात्म्यको प्रमाणअनुसार श्लेष्मान्तक वनमा खोजी गर्दा उत्तरवाहिनी वाग्वतीदेखि पश्चिम किरातेश्वरदेखि पूर्व मृगस्थलीदेखि उत्तर यति सीमाभित्र गई हेर्दा नृसिंह ठाकुरले पोखरीजस्तो देखे र पानीभित्र गुह्येश्वरीको जलज्योतिको दर्शन पाए। सपनाको कुरा प्रत्यक्ष हुँदा सो जलज्योतिलाई छोपी चारैतिर पर्खाल लगाई अति रमणीय मन्दिर बनाइदिएका थिए। समयको अन्तरालमा सो मन्दिर भत्केको हुँदा राजा प्रताप मल्लका पालामा गुरु लम्बकर्ण भट्टको सम्मतिपूर्वक ने.सं. ७४४ मा गुह्येश्वरीकुण्डमा फलामको दलिन राखेर चौगिर्दा पर्खाल लगाई जलज्योतिलाई ढाकेर अष्टदल पद्म र भैरवसमेत स्थापना गरेको विवरण देवमालावंशावलीमा पाइन्छ (देवमालावंशावली, पृ. १५)।

भाषावंशावलीमा पनि देवमालावंशावलीमा झैँ शङ्करदेव राजाका पालामा नृसिंह ठाकुरले गुह्येश्वरीले सपनामा आज्ञा भएबमोजिम प्राचीन पीठलाई प्रकाश गरेको र सो स्थानमा कुण्ड बनाई राखेको विवरण पाइन्छ। सो भाषावंशावलीमा गुह्येश्वरीको कुण्डस्थान भासिई बिग्रेकाले राजा प्रताप मल्लले गुरु लम्बकर्ण भट्टको सम्मतिले गुह्येश्वरी कुण्डमा फलामको दलिन र चारैतिर पर्खाल लगाई, ढुङ्गाले छोपी यन्त्राकार भैरवसमेत राखेको आदि थप विवरण पाइन्छ। सो सम्बन्धमा भाषावंशावलीको कथन यस्तो छ–

॥ श्री गुह्येश्वरीका स्थान अघि शंकरदेवराजाका पर्ज्यायमा नृसिंह नाम गर्‍याका महापुरुष कन स्वप्नमा दर्शन दी मलाई प्रकाश गर भनि आज्ञा प्रसन्न हुदा कुण्ड बनाइ स्थान सुन्दर गरी बनाई राख्याको स्थान नाशि बिग्रन जादा राजा प्रतापमल्लले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु लम्बकर्ण भट्ट संग सम्मत गरी संवत् ७७४ वैशाख शुक्ल ११ रोज ५ का दिन श्रीगुह्येश्वरी कुण्डमा बडो यत्न संग फलामका दलिन लगाइ चारैतीर पर्खाल बनाई ढुंगाले छापि इश्वरीका जल ज्वाला ढाकी अष्टदल पत्र यंत्राकार भैरव सहित गरी कुण्ड सुन्दर गरी बनाइ फटिकका कलशाकार बनाई नित्य नैमितिक पूजा गराया (लंसाल, २०२३, पृ. ९०)।

डेनियल राइट र हसरतले पनि कुनै वंशावलीलाई उद्धृत गरी गुह्येश्वरीपीठका सम्बन्धमा केही प्रकाश पारेको उल्लेख दिवाकर आचार्य (२०७५)ले आफ्नो पुस्तक नेपालपीठ र गुह्येश्वरीमा गरेका छन् (पृ. ३४—३५)।

देवमालावंशावली र भाषावंशावलीअनुसार गुह्येश्वरीको कुण्डस्थानको प्रकाश एवम् मन्दिरनिर्माणमा नृसिंह ठाकुर र प्रताप मल्लका गुरु लम्बकर्ण भट्टको नाम जोडिएको छ। प्रताप मल्लले मन्दिर बनाउनुभन्दा त्रिचालीस वर्षअघिको ने.सं. ७३१ को चाँगुको ताम्रपत्रमा दैवसाक्षीका रूपमा गुह्येश्वरीको उल्लेख पाइएको तथा ने.सं. ७६२ को पशुपतिको ताम्रपत्रमा पनि गुह्येश्वरीको उल्लेख भएकाले प्रताप मल्लभन्दा अगाडि पनि गुह्येश्वरीको पीठ गुप्त थिएन, प्रसिद्ध र आदरणीय थियो भन्ने मत पाइन्छ (आचार्य, २०७५, पृ. ३६)।

आदिकालमा नेपालमण्डलमा श्लेष्मान्तक वनमा भृङ्गारेश्वरको आविर्भाव भयो । पछि सोही वनमा भृङ्गारेश्वरी पनि वनविहारका लागि आइन्। त्यसै समयमा कुनै गोपालको गाईबाट पशुपतिनाथको प्रकाशन भयो भन्ने *गोपालराजवंशावली*को कथनलाई लिएर भृङ्गार शब्दले सुनको कलश भन्ने बुझाउने र गुह्येश्वरीलाई सुनको कलशमा प्रतिष्ठा गरेर पूजा गरिने भएकाले उनलाई भृङ्गारेश्वरी भनिएको हो भन्ने एउटा मत रहेको छ (पन्त, २०३१, पृ. ३४) भने मध्यकालको कमजोर सामग्रीमा एक पटकमात्र आएको भृङ्गारेश्वर र भृङ्गारेश्वरीको उल्लेखलाई पशुपति र गुह्येश्वरीसँग गाँस्नु युक्तिसङ्गत देखिँदैन भन्ने मत पनि देखिएको छ (आचार्य, २०७५, पृ. ४५)।

गुह्येश्वरीपीठको प्रादुर्भावका सम्बन्धमा बौद्ध अनुश्रुति पनि निकै प्रचलित छ। सोअनुसार भगवान् बुद्धअगाडि नेपाल आउने मानवबुद्धहरूमा पहिला बुद्ध थिए। उनी वर्तमानमा नागार्जुन भनिने पर्वतमा आई बसे अनि अलौकिक प्रेरणावश नेपाल खाल्डो जुन नागदह नाउँले पुकारिन्थ्यो त्यसमा एउटा कमलको बीज रोपे। उनी फर्केपछि छ महिनामा कमल फुल्यो र अज्ञात भुवनबाट अलौकिक ज्योति आई त्यस कमलको फूलमा स्वयम्भू नामले प्रकट भए। त्यसपछि शिखि नामक बुद्ध यहाँ आए। उनले धेरै कुराको भविष्यवाणी गरी त्यसै ज्योतिमा मिले। त्यसपछि विश्वभू नामक बुद्ध त्रेतायुगमा यहाँ आए र फुल्लोच्च गिरिमा बसे। उनले नागदहको जल निस्कने बाटो बताई आफ्ना धाममा गए। त्यसपछि मञ्जुश्री बोधिसत्व यहाँ आई महामण्डलको पर्वतमा बसे। त्यसपछि उनले जल निकास हुने ठाउँ हेरी खड्गले काटी नागदह सुकाइदिए। पानी सुकेपछि हेर्दा सत्ययुगमा आउने विपश्वी बुद्धले रोपेको कमल बीजको फेद गुह्येश्वरीमा थियो। त्यसपछि आदिशक्तिरूपिणी गुह्येश्वरीको पनि मञ्जुश्रीले दर्शन पाए। उपर्युक्त बौद्ध अनुश्रुतिबाट बौद्ध समुदायमा पनि आदिशक्तिरूपिणी गुह्येश्वरीको मान्यता उत्तिकै रहेको कुरा स्पष्ट हुन्छ। अतः बौद्ध तान्त्रिक र शैव तान्त्रिक दुवै पक्षले गुह्येश्वरीमा विशेष अनुष्ठान गर्दै आएका छन्।

गुह्येश्वरीसम्बन्धी पौराणिक प्रसङ्ग

देवीभागवतमा देवीका मुख्य, पवित्र र प्रियतम स्थानहरूको वर्णनका क्रममा नेपालमा गुह्यकालीको महास्थान रहेको उल्लेख पाइन्छ (देवीभागवत, ३८।११)। वाराहपुराणमा श्लेष्मातक वनक्षेत्रमा रहेका विभिन्न तीर्थहरूको वर्णनका क्रममा गौरीशिखरको उल्लेख आएको छ जुन भगवती गुह्यकालीको निवासस्थान रहेको गुह्येश्वरीपीठ हो । त्यहाँ उपलब्ध वर्णनअनुसार सिद्धहरूद्वारा निपेवित अर्थात् सिद्धहरू बसेको गौरीशिखरमा लोकमाता भगवती शिखरप्रिया पार्वती सधैँ लोकको रक्षाका लागि उद्यत रहन्छिन्। तिनको दर्शन, स्पर्शन र अभिवादनले सालोक्य नामको मुक्ति पाइन्छ। शिखरप्रिया भगवती गुह्येश्वरी रहेको स्थानभन्दा तल वाग्वती नदीको तटमा जसले देहत्याग गर्दछ ऊ तुरुन्तै विमानबाट उमालोक जान्छ (वाराहपुराण, २१५।९४—९६)। यहाँ गुह्येश्वरीलाई शिखरप्रिया संज्ञा दिइएको छ भने वाराहपुराणमै अन्यत्र शिखरवासिनी भनिएको छ (वाराहपुराण, २१५।१०२)। नेपालमाहात्म्यमा श्रीकृष्ण नारद, प्रद्युम्न, राजा सूर्यकेतुसहित भई हिमालयको काखमा रहेको नेपालमा आएका र पशुपतिको आज्ञाले गुह्येश्वरीको दर्शन गर्न गएको उल्लेख पाइन्छ (नेपालमाहात्म्य, ११।६२—६३)। स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डको एउटा प्रसङ्गमा सिद्धहरूले सेवित गौरीशैलमा शिखरप्रिया पार्वती बस्दछिन्। लोकको रक्षाका लागि सधैँ उद्यत लोकमाता भगवती गुह्येश्वरीलाई प्रणाम गर्नाले मानिस सबै पापबाट मुक्त हुन्छ। जसले पञ्चोपचारक्रमले भक्तिपूर्वक भगवती गुह्यकालीको पूजा गर्छ अनि जप र स्तवपूर्वक भगवतीको परिक्रमा गर्छ उसले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सायुज्य मुक्ति प्राप्त गर्छ भनिएको छ (हिमवत्खण्ड, ८३।७४–७६)। हिमवत्खण्ड र नेपालमाहात्म्यमा गुह्येश्वरीसम्बन्धी अन्य प्रसङ्गहरू पनि पाइन्छन्।

गुह्यकालीको स्वरूप

गुह्यकाली योगेश्वरी हुन्। योगमार्गबाट यिनको उपासना हुन्छ। गुह्ययोगिनी, योगेश्वरी, महायोगेश्वरी, सिद्धयोगिनी, महाचण्डयोगेश्वरी आदि यिनका नामहरू तन्त्रशास्त्रमा पाइन्छन्। बालागुह्यकाली, सुन्दरीगुह्यकाली, कालाग्निगुह्यकाली, श्यामागुह्यकाली आदि नामभेदले यिनको उपासना हुने पद्धतिग्रन्थहरू पनि भेटिन्छन्। गुह्यकाली उत्तराम्नायकी नायिका हुन्। सदाशिवका षड्वक्त्रमध्ये उत्तरवक्त्रस्वरूप वामदेवले आफ्नी अभिन्न शक्ति सिद्धेश्वरी वा गुह्यकालीलाई उपदेश गरेको विद्या उत्तराम्नायसँग सम्बद्ध छ। उत्तराम्नायको उपासना कौलाचार तथा वामाचारबाट हुने कुरा तन्त्रचिन्तामणि नामक ग्रन्थमा उल्लेख गरिएको छ। उत्तराम्नायलाई निग्रहस्वरूप मानिन्छ। उत्तराम्नायकी नायिका गुह्यकाली हुन्। कुलार्णवतन्त्रमा उत्तराम्नायका छत्तीस भेदको सङ्केत पाइन्छ। परातन्त्रका अनुसार उत्तराम्नायका ती छत्तीस भेदहरू यसप्रकार रहेका छन्–

१. सिद्धिकाली २. गुह्यकाली ३. सिद्धिकराली ४. चण्डयोगेश्वरी ५. कामकलाकाली ६. पञ्चवक्त्रा महाकाली ७. तुम्बुरेशी ८. कालसङ्कर्षिणी ९. प्रत्यङ्गिरा १०. कालरात्रि ११. सिद्धिभैरवी १२. रक्तकपालिनी १३. चण्डकपालिनी १४. महाभीमसरस्वती १५. महाडामरेश्वरी १६. त्रिरूपतारा १७. भद्रकाली १८. उग्रकाली १९. कालकाली २०. कृतान्तकाली २१ संहारकाली २२. कालान्तकाली २३. कल्पान्तकाली २४. भीमकाली २५. फेत्कारिणी २६. चण्डक्कुरी २७. जयमङ्गला २८. धूमावती २९. स्वर्णकोटेश्वरी ३०. नकुलेश्वरी ३१. कापालिनी ३२. झिण्टेशी ३३. छिन्नमस्ता ३४. श्मशानकाली ३५.श्वेतचामुण्डा र ३६.गुह्यकाली (परातन्त्र, ४। १७—२३)।

महाकालसंहितामा भने उत्तराम्नायका निम्नलिखित सोह्र भेद देखाइएको छ—

१. गुह्यकाली २. सिद्धिकराली ३.चण्डयोगेश्वरी ४. उग्रचण्डा ५. कङ्कालमालिनी ६. महिषमर्दिनी ७. कपालिनी ८. चण्डकपालेश्वरी ९.रक्तकाली १०. चामुण्डा ११. ज्वालामालिनी १२. कात्यायनी १३. धनदायोगिनी १४. चण्डयोगिनी १५. सिद्धिलक्ष्मी र १६. कालसङ्कर्षिणी (महाकालसंहिता (गुह्यकालीखण्ड), ९।२३२गघ–२८२कख)।

गुह्यकालीको निर्गुण स्वरूप

पराम्बा भगवती गुह्यकालीको सगुण स्वरूपको कल्पना उपासकहरूको अनुग्रहका लागि भएको हो। वस्तुतः भगवती गुह्यकाली गुणातीत, निर्विकार, शुद्ध प्रकाशस्वरूप, नित्य चिन्मय स्वरूप, प्रपञ्चरहित छिन्। वेदान्तशास्त्रका माध्यमबाट जान्न सकिने ती गुह्यकाली कैवल्यरूप, निर्वाणप्रद, परमानन्दस्वरूप छिन् (महाकालसंहिता (गुह्यकालीखण्ड), १।९६-१००)। तिनी निर्गुण ब्रह्मस्वरूप छिन्। सम्पूर्ण जगत् उनैको नियन्त्रणमा छ तर उनी कसैको नियन्त्रणमा छैनन्। उनी नै निखिल ब्रह्माण्डको सृष्टि गर्छिन् तर उनी कसैबाट सिर्जित होइनन्। उनी नै संसारको पालनपोषण गर्छिन्। अग्नि, सूर्य, वायु आदि उनैको आज्ञाले आआफ्ना कार्यमा प्रवृत्त हुन्छन् (महाकालसंहिता (गुह्यकालीखण्ड), १।१३४-१३७)।

गुह्यकालीको आविर्भाव र उनको साकाररूप

गुह्यकालीको आविर्भावका सम्बन्धमा महाकालसंहितामा एउटा कथा छ जसअनुसार पहिले चौध मनु, अष्ट वसु, मरीचि आदि मुनिगण, इन्द्र आदि देवताहरू, एकादश रुद्र, द्वादश आदित्य आदिले आआफ्नो अधिकारको उत्कर्षका लागि बडो भक्तिपरायण भई गुह्यकालीको तपस्या गरे। उनीहरूको तपस्याबाट सन्तुष्ट भएकी गुह्यकाली उनीहरूलाई वर प्रदान गर्नका लागि प्रकट भइन् र वर माग भनिन्। त्यसपछि ती देवता आदिले के भने भने हामीले समान तपस्या गरेका छौं त्यसैले एउटाले अगाडि अनि अर्कोले पछाडि वर पाउने कुरा हामी मान्दैनौं, हामीलाई वर दिनुहुन्छ भने एकैपटक दिनुहोस् (महाकालसंहिता (गुह्यकालीखण्ड), २।१०-१२)। त्यसपछि अहङ्कारको वशीभूत भई आपसमा विवाद गर्न लागेका देवता आदिको तुष्टिका लागि भगवतीले एकैपटक वर दिनका लागि एक मुखदेखि सय मुखसम्मको रूपमा प्रकट भइन्। जसअनुसार सदाशिवलाई वर दिनका लागि एक, त्रिगुणलाई वर दिनका लागि तीन, प्रेतहरूलाई वर दिनका लागि पाँच, सप्तर्षिहरूलाई वर दिनका लागि सात, वसुहरूलाई वर दिनका लागि आठ, ग्रहहरूलाई वर दिनका लागि नौ, दिक्पालहरूलाई वर दिनका लागि दश, रुद्रहरूलाई वर दिनका लागि एघार, आदित्यहरूलाई वर दिनका लागि बाह्र, विश्वेदेव तथा वेतालहरूलाई वर दिनका लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
तेह्र, मनुहरूलाई वर दिनका लागि चौध, अग्निलाई वर दिनका लागि पन्ध्र, सिद्धहरूलाई वर दिनका लागि सोह्र, साध्यहरूलाई वर दिनका लागि सत्र, यक्षहरूलाई वर दिनका लागि अठार, राक्षसहरूलाई वर दिनका लागि उन्नाइस, किन्नरहरूलाई वर दिनका लागि बीस, अप्सरा, गुह्यक र पिशाचहरूलाई वर दिनका लागि एक्काइस, भास्करहरूलाई वर दिनका लागि बाइस, गन्धर्वहरूलाई वर दिनका लागि चौबीस, विद्याधरहरूलाई वर दिनका लागि तीस, प्रजापतिहरूलाई वर दिनका लागि छत्तीस, तुषितहरूलाई वर दिनका लागि साठी, मरुत्हरूलाई वर दिनका लागि असी, दैत्य, असुर र दानवहरूलाई वर दिनका लागि सय वा त्यसभन्दा बढी मुख भएको स्वरूप ग्रहण गरिन्। त्यतिमात्रै होइन महाकल्पमा तिनै भगवती दश हजार मुख भएकी हुने छिन् भनेर महाकालसंहिताले बताएको छ (महाकालसंहिता (गुह्यकालीखण्ड), २।१५–२४)। यसप्रकार जब भगवती गुह्यकाली साकार रूपमा प्रकट भइन् तब ब्रह्मा, विष्णु, शिव, वसिष्ठ, राम, हिरण्यकशिपु, कुबेर, यम, भरत, रावण, सोमवंशी तथा सूर्यवंशी राजाहरू, ऋषिमुनिहरू आदिले आआफ्नो रुचिअनुरूप तत्तत् स्वरूपकी भगवतीको उपासना गरे। भगवती गुह्यकालीका ती विविध स्वरूपमध्ये राम तथा भरतद्वारा उपासना गरिएकी दश मुख, चौवन्न हात र सोह्र अक्षरको मन्त्रले युक्त गुह्यकालीलाई मुख्य मानिएको छ (महाकालसंहिता (गुह्यकालीखण्ड), १।८–९कख)। यी महाशक्ति कालीकी प्रकृतिस्वरूप हुन् भने अरूचाहिँ विकृतिस्वरूप हुन् (महाकालसंहिता (गुह्यकालीखण्ड), १।१२९गघ–१३०)। अब यहाँ तिनै भरतोपासिता दशवक्त्रा गुह्यकालीको स्वरूपका विषयमा केही चर्चा गरिन्छ।

विशाल तरङ्गले युक्त रगतको समुद्रको माझमा रगत र मासुले भरिएको, रातो बालुवाले युक्त एउटा द्वीप रहेको छ। उक्त द्वीप नौ करोड चामुण्डाशक्ति तथा एक करोड भैरवहरूले घेरिएको र भयानक कोलाहलले युक्त छ। त्यस द्वीपको माझमा दश हजार योजन फराकिलो एउटा मण्डल रहेको छ। त्यस मण्डलमा स्वयं एक करोड भैरवीहरूको सुरक्षा घेरा रहेको छ। उक्त सुरक्षा घेराको माझमा एक सय योजन फराकिलो श्मशान रहेको छ। त्यस श्मशानमा धक्धक् वलिरहेको अग्निको ज्वालाले आकाश ढाकिएको छ। त्यस्तो अग्निज्वालाको माझमा हीरा, मणि, माणिक्य आदिले बनेको एउटा दिव्य सिंहासन रहेको छ जो एक करोड योगिनीहरूद्वारा घेरिएको छ। उक्त दिव्य सिंहासनका चार खुट्टालाई चार युग र चार वेदले धारण गरेका छन् भने सो सिंहासनलाई उपवेदले आफ्नो शिरमा धारण गरेको छ। सो दिव्य सिंहासनको माथि अर्को सिंहासन रहेको छ जसलाई अष्टदिक्पालहरूले आफ्नो शिरमा धारण गरेका छन्। त्यसको पनि माथि ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिवरूप पञ्चमहाप्रेतले धारण गरेको तेस्रो सिंहासन रहेको छ। त्यसमाथि पुड्को र मोटो शरीर भएका, डरलाग्दो कालो स्वरूप भएका, चार हात, पाँच मुख र तीन आँखा भएका, हातमा खट्वाङ्ग, कैँची, कपाल र डमरु लिएका, मुण्डमाला लगाएका, लामा लामा दाह्रा निस्किएका भैरव रहेका छन्। भैरवस्वरूप उक्त पीठमाथि ज्योतिष्टोम, अग्निष्टोम, वाजपेय, षोडशी, चयन, पुण्डरीक, राजसूय, अश्वमेध, बार्हस्पत्य, विश्वजित्, गोमेध, नरमेध, सौत्रामणि, अर्द्धसावित्री, सूर्यक्रान्त र बलम्भिद नामक सोह्रओटा वैदिक यज्ञस्वरूप षोडशदलले युक्त कमल रहेको छ। त्यसमाथि नीलो वर्ण भएका, चन्द्रमालाई शिरमा धारण गरेका, तीन आँखा र दुई हात भएका, नागको माला लगाएका, हातमा शूल र खट्वाङ्ग धारण गरेका शिवजी आसनका रूपमा रहनुभएको छ। उक्त शिवस्वरूप आसनमाथि पूर्व आदि चार दिशामा धर्म, ज्ञान, वैराग्य र ऐश्वर्य तथा आग्नेय आदि चार विदिशामा यश, विवेक, काम र मोक्षका प्रतीकस्वरूप अष्टदल कमलको आसन रहेको छ। सोही अष्टदल कमलमाथि दशवक्त्रा गुह्यकाली बसेकी छिन् (महाकालसंहिता (गुह्यकालीखण्ड), १।२९–५८कख)। ती भगवती गुह्यकाली नीलकमलको झैँ वर्ण भएकी, इन्द्रनील कमलको झैँ कान्ति भएकी, मेघको झैँ वर्ण भएकी, कोमल दूबोको पत्रझैँ कान्ति भएकी, घना बादलको बीचबाट निस्किएका सूर्यका किरणरूपी ज्ञानरश्मिको माझमा रहेकी छिन्। दशओटा मुख, सत्ताईसओटा आँखा (बायाँ, दायाँ र सम्मुखमा रहेका तीनओटा वक्त्रमा दुई दुईओटा आँखा तथा अन्य सातओटा वक्त्रमा तीन तीनओटा आँखा) भएकी गुह्यकालीको सबैभन्दा माथिको मुख ज्योतिस्वरूप छ जसलाई चण्डयोगेश्वरी नाम दिइएको छ। त्यसभन्दा तल सेतो वर्णको सिंहको मुख भएकी, त्यसभन्दा तल कालो वर्णको स्यालको मुख भएकी, त्यसको बायाँपट्टि रातो वर्णको वानरको मुख भएकी, दायाँपट्टि ध्वाँसे वर्णको भयङ्कर भालुको मुख भएकी, त्यसभन्दा तल छिरबिरे वर्णको मान्छेको मुख भएकी, त्यसको बायाँपट्टि पहेँलो वर्णको राम्रो चुच्चो भएको गरुडको मुख भएकी, त्यसको दायाँपट्टि हरियो वर्णको गोहीको वक्त्र भएकी, बायाँपट्टि सेतो वर्णको मदोन्मत्त हात्तीको मुख भएकी, दायाँपट्टि कालो वर्णको घोडाको वक्त्र भएकी छिन् (महाकालसंहिता (गुह्यकालीखण्ड), १।५८गघ–१०१कख)। गुह्यकालीका ती मुखहरू तीखा दाह्राले युक्त भएका, डरलाग्दो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आवाज निकाल्ने, रगत चुहिरहेकी, लपलपाउँदो जिब्रो भएकी, निरन्तर कम्पायमान छिन्। गुह्यकाली माथितिर फर्केका पहेँला जटा भएकी, शिरमा अर्धचन्द्र धारण गरेकी, नानाथरिका रत्नहरूले सुसज्जित मुण्डलाई नै कुण्डलका रूपमा कानमा धारण गरेकी छिन्। रगत चुहिँदै गरेका सत्ताइसओटा नरमुण्डहरूको माला लगाएकी छिन् जुन घाँटीदेखि गोलीगाँठोसम्म लत्रिएको छ। घाँटीमा सेता हाडका हार लगाएकी छिन्। मुर्दाका लामा आँलाहरूलाई उनेर त्यसलाई जाँघमा टम्म मिलाएर लगाएकी छिन्। यस्ती भगवती चौवन्नओटा हातले युक्त छिन्। भगवतीका बायाँ हातमा रत्नमाला, कपाल, चर्मपाश, शक्ति, खट्वाङ्ग, मुण्ड, भुशुण्डी, पिनाकधनु, चक्र, घण्टा, बालप्रेत, शैल, नरकङ्काल, नकुल, सर्प, मोहनी लगाउने बाँसुरी (उन्मादवंशी), मुद्गर, वह्निकुण्ड, डमरु, परिघ, भिन्दिपाल, मुसल, पट्टिश, प्रास, शतघ्नी र स्यालको बच्चा रहेका छन्। यहाँ छब्बीसओटा आयुधको मात्रै गणना देखिन्छ। त्यसैगरी दायाँ हातमा रत्नमाला, कैँची, खड्ग, तर्जनीमुद्रा, अङ्कुश, दण्ड, रत्नकुम्भ, त्रिशूल, पाँचओटा पाशुपत बाण, कुन्त, पारिजात, छुरी, तोमर, पुष्पमाला, डिण्डिम, गृध्र, कमण्डलु, मांसखण्ड, माला, बिमिरो, कुच्चो, बन्चरो, गदा, लौरो, मुट्ठी, कुणपलाल धारण गरेकी छिन्। बाँकी दुई हातमध्ये दाहिनेले सेतो कपालपात्र धारण गरेकी छिन् भने देब्रे हातले सो कपालपात्रलाई ढोकेकी छिन्। भगवती गुह्यकालीले बाघको छालाको लुगा, सर्पको छालाको उत्तरीय वस्त्र लाएकी छिन्। उनी घुँघुरुदार गहनाले सुशोभित भएकी, वीरघण्टा बजाइरहेकी, निरन्तर नूपुर र घुँघुरु बजाइरहेकी, खुट्टासम्म लत्रेको रातो कमलको फूलजस्तो मुण्डमाला लाएकी, खप्परको मद्यपात्र लिएकी, घाँटीमा ब्रह्मसूत्र र योगपट्टको पछ्यौरा भिरेकी, सर्पको गहना लाएकी र रातो कुण्डल धारण गरेकी छिन्। हजारौँ सूर्यको जस्तो तेज भएकी, अत्यन्त तेजका कारण हेर्न कठिन हुने, सम्पूर्ण देवीदेवताहरूका आश्रयका रूपमा रहेकी भगवती गुह्यकाली नृत्य गरिरहेकी छिन्। परातन्त्रमा पनि भगवतीको यस्तै स्वरूपको वर्णन पाइन्छ तर आयुध भने केही फरक देखिन्छन् (परातन्त्र, ७।६७गघ–७५)। गुह्येश्वरीको स्वरूपमा रहेका वर्ण, आयुध, मुद्रा आदिका प्रतीकात्मक अर्थ रहेका छन्। नीलकमलजस्तो श्यामलवर्ण निर्वाणस्वरूपको, दश मुख दश प्राणको, दायाँबायाँ तथा सामुन्नेको मुखमा दुई दुई आँखा र अरू सात मुखमा तीन तीन आँखा गरी जम्मा सत्ताइस आँखा हुनु भगवतीको नक्षत्रस्वरूपताको, सबैभन्दा माथि रहेको ज्योतिस्वरूपको चण्डयोगेश्वरी नामक मुख योगशक्तिको, त्यसको तल रहेको सेतो वर्णको डरलाग्दो सिंहमुख ज्ञानशक्तिको, त्यसको तल रहेको कालो रङ्गको भयङ्कर स्यालको मुख धीशक्तिको, बायाँपट्टि रहेको रातो रङ्गको बानरको मुख कुण्डलिनी शक्तिको, त्यसको तलतिर रहेको छिरबिरे रङ्गको मानवमुख विवेकशक्तिको, दाहिनेपट्टि रहेको ध्वाँसे रङ्गको भयङ्कर भालुको मुख भूचरशक्तिको, त्यसको बायाँपट्टि रहेको कैलो वर्णको चुच्चोसमेत भएको गरुडमुख खेचरशक्तिको, दाहिनेपट्टि रहेको हरियो रङ्गको गोहीको मुख आधारशक्तिको र दायाँपट्टि रहेको कालो वर्णको घोडाको मुख वेगशक्तिका प्रतीक हुन्। कैलो ठाडो जटाको जुरो र त्यसमा रहेको अर्धचन्द्र अमृतको, विभिन्न प्रकारका रत्नजडित मुण्डमाला विवेकयुक्त ज्ञानको र सुवर्णको आभूषण सर्वशक्तिसम्पन्नताका प्रतीक हुन्। चौवन्नओटा हात सर्वव्यापकताको एवं पचास मातृकाक्षर तथा मन, बुद्धि, चित्त र अहङ्कारको प्रतीक हो। बायाँ हातमा धारण गरेको रत्नको माला मन्त्ररूपताको, खप्पर सत्त्वगुणको, ढाल रक्षाशक्तिको, पाश वशीकरणशक्तिको, शक्ति नामक आयुध बलको, खट्वाङ्ग त्रिविध तापलाई नाश गर्ने शक्तिको, मुण्ड बुद्धिको, भुशुण्डी विकर्षणशक्तिको, धनु ज्ञानको र चक्र रक्षाशक्तिका प्रतीक हुन्। घण्टा शब्दब्रह्मको, बालकको शव अनुग्रहकलाको, पर्वत प्रचुरताको, नरकङ्काल तृष्णाको, न्याउरी मृत्युञ्जयशक्तिको, सर्प विषनाशक शक्ति एवं कालको, उन्मादकारी बाँसुरी उन्मादिनी शक्तिको, मुङ्ग्रो वैराग्यको र अग्निकुण्ड प्रकाशका प्रतीक हुन्। डमरु शब्दब्रह्मको, डिण्डिम नादको, भिन्दिपाल विद्वेषणशक्तिको, मुसल प्रपञ्चको, पाश वशीकरणशक्तिको, पट्टिश लज्जाको, शतघ्नी (तोप) महानादको र स्यालको बच्चा बठ्याइँका प्रतीक हुन्। दाहिने हातमा धारण गरेको रत्नमाला मन्त्रको, कैँची निर्भयशक्तिको, खड्ग ज्ञानको, तर्जनी मुद्रा सावधानीको, अङ्कुश स्तम्भनशक्तिको, दण्ड शासनको, रत्नको घडा ऐश्वर्यको, त्रिशूल त्रिविध उत्पातलाई नाश गर्ने शक्तिको, पञ्चबाण शोषक, उन्मादक, संहारक आदि पञ्चशक्तिको, कुन्त वेगशक्तिको, कल्पवृक्ष कामना पूर्ति गर्ने शक्तिको, छुरी दुःख निवारण गर्ने शक्तिको, तोमर प्रपञ्चको र पुष्पबाण जृम्भणशक्तिका प्रतीक हुन्। गिद्ध दिव्यदृष्टिको, कमण्डलु पवित्रताको, मांसखण्ड कल्याणदायक शक्तिको, सुरो तृप्तिको, बिमिरो भोगदायक शक्तिको, बन्चरो अष्टाङ्गयोगको, गदा वीरताको र लठ्ठी आधारशक्तिका प्रतीक हुन्। रौद्ररूप परब्रह्मस्वरूपताको, नृत्यावस्था आनन्दस्वरूपताको, बाघको छाला योगस्वरूपताको, चितुवाको छाला योगशक्तिको, कमलको आसन ज्ञानको र नवयौवनस्वरूप हुनु अनुग्रहकलाका प्रतीक हुन्। चार वेद चार युगका प्रतीक हुन्। ब्रह्मा, विष्णु,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रुद्र, ईश्वर र सदाशिवरूपी पञ्चप्रेतासन पञ्चमहाभूतात्मक विश्वसिंहासनको प्रतीक हो । भयङ्कर भैरवस्वरूप ऊर्ध्वपीठ विश्वमञ्चको प्रतीक हो । यज्ञस्वरूप षोडशदलकमल सर्वाशापरिपूरक तत्वको प्रतीक हो भने नाद र बिन्दु प्रकाश एवं विमर्शस्वरूप शिवशक्तिको प्रतीक हो । नीलो वर्णको चन्द्रशेखर शिवरूप आसन सर्वव्यापी अमृतस्वरूप कल्याणकारक तत्वको प्रतीक हो । त्यसमाथि रहेको अष्टदल कमल अष्टसिद्धिको प्रतीक हो (ज.ब.रा., वि.सं. २०२०, पृ. ७३) ।

प्रताप मल्लको समयमा गुह्येश्वरीको पुनरुद्धार

समयको अन्तरालमा गुह्येश्वरीपीठ कुनै कारणवश उपेक्षित रही अलपजस्तो भइरहेको थियो र राजा शङ्करदेवका पालामा प्रसिद्ध तान्त्रिक नृसिंह ठाकुरले देवीले स्वप्नमा आज्ञा भएबमोजिम खोजी गरी गुह्येश्वरीको जलज्योतिलाई छोपी चारैतिर पर्खाल लगाई रमणीय मन्दिर बनाएका थिए भन्ने कुराको वर्णन देवमालावंशावली र भाषावंशावलीमा पाइन्छ भन्ने कुराको उल्लेख माथि नै गरियो । त्यसपछि पनि कुनै कारणवश सो पीठ उपेक्षितजस्तै रहेको थियो । राजा प्रताप मल्लले आफ्ना गुरु नारायण भट्ट (लम्बकर्ण भट्ट)को सम्मतिमा हाल गुह्येश्वरीपीठ रहेको कुण्डवरिपरि सफा गरी गाह्रो उठाई, फलामे सत्तरीको दलिन राखी छोपेर चौगिर्दा पर्खाल लगाई, गुह्येश्वरीको ज्योतिर्मय जलको अधिकांश भाग छोपेर त्यसमाथि यन्त्राकाररूप अष्टदलकमल र त्यसको बिचमा खाली राखिएको कुण्डको शेष भागलाई स्फटिकको कलशले छोपी त्यसको दक्षिणपट्टि भैरवको प्रतीक राखेर वरिपरि अष्टमातृकागण, तथा गुह्येश्वरीका आवरण देवताको स्थापना गरी ने.सं. ७८० (१७१६ वि.सं.) मा मन्दिर खडा गरे । वैशाख शुक्ल एकादशी (वि.सं.१७१६) का दिन प्रतिष्ठा सम्पन्न भयो तथा बाहिर ढोकामा सिंह मूर्तिको स्थापना पनि त्यसै बखत गरे ।

गुह्येश्वरीको प्रीतिका लागि विभिन्न व्यक्तिहरूद्वारा गरिएका भौतिक कार्यहरू

गुह्येश्वरीको प्रीतिका लागि राजा प्रताप मल्लले ने. सं. ७७४ माघशुक्लएकादशी बुधवारका दिन गुह्येश्वरी मन्दिरको प्राङ्गणमा सिंहध्वज राखेको अभिलेखप्रमाण पाइन्छ (टण्डन, वि.सं. २०५६, पृ.६१) । राजा प्रताप मल्लले ने.सं. ७८० आषाढमा गुह्येश्वरीको कुण्डमण्डलमा सुनका दुईओटा पद्मपत्र राखेका थिए भन्ने कुरा त्यहाँको कुण्डमण्डलमा रहेको अभिलेखबाट थाहा पाइन्छ (आचार्य, वि.सं. २०७५, पृ. १३९) । त्यसैगरी राजा प्रताप मल्लले गुह्येश्वरीमन्दिरको वरिपरि बसेको अवस्थामा रहेका ढुङ्गाका आठओटा सिंहका मूर्तिहरू स्थापना गरेको कुरा ती मूर्तिहरूको पादपीठमा उट्टङ्कित अभिलेखबाट थाहा पाइन्छ (टण्डन, वि.सं.२०५६, पृ. २०१) तर ती प्रस्तर मूर्तिहरू स्थापना गरिएको संवत् भने अभिलेखमा उल्लेख गरिएको छैन । ने.सं. ७३९ तदनुसार वि.सं. १६७६ चैत्रकृष्ण दशमी तिथिका दिन गुरुभलाड परदेवजु, थकाली जीवनराजजु, वइस्यानजु, नुगुदेवजु, वावचाजु, रथजु, मधुजु, गोमिसिं भारो, हरि भारो, दंगुरी जिकेश हर्ष यति थकाली प्रमुखले आयुआरोग्य प्राप्ति होस्, जनधनको वृद्धि होस् र मरणपछि सुखावती भुवन तथा मोक्ष प्राप्त होस्, सबैको कल्याण होस् भन्ने कामनाले नैरात्मादेवी गुह्येश्वरीलाई सुवर्णछत्र चढाएको कुरा हाल पशुपति गोश्वाराको भण्डारमा रहेको ताम्रपत्रबाट थाहा हुन्छ (टण्डन, वि.सं.२०५६, पृ. १५६) । पशुपतिनाथका पुजारी स्वामी राघवानन्दका शिष्य द्राविड ब्राह्मण शङ्कर भट्टले राजा भास्कर मल्लको शासनकालमा ने.सं. ८३२ फाल्गुणकृष्णचतुर्दशी शिवरात्रिका दिन गुह्यकालीलाई खुशी पार्नका लागि घण्टा राखेका थिए भन्ने कुरा गुह्येश्वरी मन्दिरको उत्तरपट्टिको मूल ढोकाको सिँढीदेखि पूर्वपट्टि रहेको भवनको पेटीमा स्थित घण्टा अड्याउने स्तम्भमा उत्कीर्ण अभिलेखबाट ज्ञात हुन्छ (टण्डन, वि.सं.२०५६, पृ. २२०) । पाटनका तात्कालिक राजा योगनरेन्द्र मल्ल, भक्तपुरका राजा भूपतीन्द्र मल्ल र कान्तिपुरका राजा भूपालेन्द्र मल्लको ने.सं. ८१८ (वि.सं. १७५५) को ताडपत्रमा कुँदिएको सन्धिपत्रमा साक्षी बस्ने हरिशङ्कर भट्ट भाजु (पन्त, वि.सं. २०६७, पृ. ६२), पाटनको मङ्गलबजारमा शिवजीको मन्दिर बनाई ने.सं. ८२५ (वि.सं. १७६२) वैशाखशुक्लद्वितीयाको दिन गजुर चढाउने हरिशङ्कर भट्ट (पन्त, वि.सं. २०६७, पृ. ६२), चापागाउँमा शिलापत्र राख्ने हरिशङ्कर भट्ट (पन्त, वि.सं. २०६७, पृ. ६३) र ने.सं. ८१९ (वि.सं. १७५६) श्रावणकृष्णदशमीका दिन तुलाधर चिकुतिले बेचेको घरको चार किल्ला खुलाउँदा लेखिएको ताडपत्रमा उल्लिखित नरदेवीका हरिशङ्कर भट्ट (पन्त, वि.सं. २०६७, पृ. ६१) एकै व्यक्ति हुन सक्ने सम्भावना व्यक्त गरिएको छ (पन्त, वि.सं. २०६७, पृ. ६३) । उपर्युक्त तथ्यहरूमाथि विचार गर्दा ने.सं. ८३२ (वि.सं. १७६८) मा गुह्येश्वरीमा घण्टा चढाउने शङ्कर भट्ट पनि माथि उल्लिखित उही हरिशङ्कर भट्ट हुनु धेरै सम्भव छ । कालान्तरमा सो घण्टा बिग्रेकाले सुवर्णप्रभादेवीले गुह्यकालीलाई खुशी पार्न आगमशास्त्रोक्त विधिपूर्वक राम्रो आवाज भएको घण्टा जीर्णोद्धार गरी सादर समर्पण गरेको कुरा सोही घण्टामा उत्कीर्ण अभिलेखबाट थाहा हुन्छ (टण्डन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं.२०५६, पृ. ३६०)। राजा रणबहादुर शाहका पालामा राजप्रतिनिधिका रूपमा बहादुर शाह रहेका बखत वि.सं. १८४६ फाल्गुनशुक्लपञ्चमी शुक्रवारका दिन आत्रेयगोत्रमा जन्मेका, शूर भनी प्रख्यात रंजेसिंहका नाति, भीमसिंहका छोरा अमरसिंह थापाले गुह्येश्वरीलाई प्रसन्न पार्न सुनको मोलम्बायुक्त ताम्रपत्र मन्दिरमा चढाएको कुरा गुह्येश्वरीमन्दिरको मूल ढोकाको सामुन्ने दायाँपट्टि रहेको सिद्धेश्वर महादेवको सानो धातुको मन्दिरमा कुँदिएको अभिलेखबाट थाहा हुन्छ। (टण्डन, वि.सं. २०५६, पृ. ७७)। वि.सं. १८८० माघशुक्ल पञ्चमी बृहस्पतिवारका दिन सिंहप्रताप शाहकी पटरानी राजेन्द्रलक्ष्मीदेवीले गुह्येश्वरीलाई खुशी पार्नका लागि गुह्येश्वरीको नजिक स्थापना गर्न सङ्कल्प गरिएको सुनको देवीको वाहन सिंहमूर्ति तिनकी बुहारी रणबहादुर शाहकी पटरानी ललितत्रिपुरसुन्दरीदेवीले आफ्ना नाति राजेन्द्रविक्रम शाहको सम्मतिले विधिपूर्वक स्थापना गरेको देखिन्छ (टण्डन, वि.सं. २०५६, पृ. ४४५)। शकसंवत् १७७१ तदनुसार वि.सं. १९०६ चैत्रशुक्लमा गुह्येश्वरीलाई खुशी पार्नका लागि क्षोणीका पति उपेन्द्रविक्रम शाहले बादल गर्जेजस्तो बुलन्द आवाज आउने घण्टा चढाएको उल्लेख गुह्येश्वरीमन्दिर प्राङ्गणको पूर्वदक्षिणतर्फ रहेको घण्टामा भएको अभिलेखमा पाइन्छ (टण्डन, वि.सं. २०५६, पृ. ५१३)। गुह्येश्वरीको प्रीतिका लागि वि.सं. १९०९ मा दण्डपाणि वैद्यले त्रिशूल चढाएको कुरा गुह्येश्वरीमन्दिरको उत्तरतर्फको प्राङ्गणमा रहेको त्रिशूल राखिएको खम्बामा अङ्कित अभिलेखबाट थाहा पाइन्छ। जङ्गबहादुर राणाले गुह्येश्वरीको प्रीतिका लागि वि.सं. १९२१/२२ तिर गुह्येश्वरीको पद्‌माकार अष्टदल र भैरवसमेतमा सुनको पाताले मोडी नवरत्न जडिएको सुनको कलश र चाँदीका पूजाभाँडाहरू चढाएको कुरा देवमालावंशावलीमा उल्लेख गरिएको छ (देवमालावंशावली, वि.सं. २०१३, पृ.१६)। त्यसै बखत राजवैद्य चक्रपाणिले सुनका चारओटा नाग बनाई कुण्डमा चार कुनामा राखी सुनको लामो पाताले मोडी चढाएको विवरण पनि सोही वंशावलीमा पाइन्छ (देवमालावंशावली, वि.सं. २०१३, पृ. १६)। गुह्येश्वरीमन्दिरको पश्चिम ढोकाको दायाँबायाँ सुनको आसनीमाथि आसा समातेका ढलोटका दुई नारी मूर्ति छन्। ती दुई नारी मूर्ति वि.सं. १९३६ मार्ग शुक्ल दशमी मङ्गलवारका दिन कप्तान देवीप्रसाद गिरिले आफ्नी विवाहिता पत्नीसहित भई गुह्येश्वरीको प्रीतिका लागि चढाएको देखिन्छ (टण्डन, वि.सं.२०५६, पृ. ५८३)। वि.सं. १९३९ श्रावणकृष्णद्वादशी बुधवारका दिन गुह्येश्वरीको प्रीतिका लागि काठमाडौँ बाङ्गेमुढाटोल बस्ने बषवरसिंह, राजवरसिंह, जगत्मानसिंह आदिले गुह्येश्वरी मन्दिरको पूर्वपट्टि रहेको ढोका चढाएको थाहा हुन्छ (टण्डन, वि.सं.२०५६, पृ. ५९४)। गुह्येश्वरी मन्दिरको पश्चिम ढोकाको दायाँबायाँ दुईओटा सुनका आसनी छन्। उक्त आसनीमाथि सुनको जलप लगाएको नारी मूर्ति छ। सोही नारी मूर्तिको पादपीठको अभिलेखअनुसार वि.सं. १९४८ साल मार्गशुक्लअष्टमी बुधवारका दिन इन्द्रचोकका साहु राजेन्द्रकी श्रीमती मैथकुँ, उनको छोरो हरिनरसिंह, हरिनर सिंहकी श्रीमती लानीवेती, उनका छोरो रामदास, रामदासकी श्रीमती ज्यानमाया र मोतीलानी, छोरा कृष्णदास, कृष्णभक्त र बद्रिदाससहित भई बाबु रामदासले सङ्कल्प गरेको गुह्येश्वरीको पश्चिमपट्टिको चारओटा खम्बा, मूल द्वारको ढलोटको दैलो आसासमेत सुनको जलप गरी छोरा कृष्णभक्तले गुह्येश्वरीको प्रीतिका लागि चढाएको देखिन्छ (टण्डन, वि.सं.२०५६, पृ. ६०८)। वि.सं. १९४९ ज्येष्ठकृष्णप्रतिपदा आइतवारका दिन गुह्येश्वरीको प्रीतिका लागि काठमाडौँ न्ह्योखाटोल बस्ने साहू बखवरसिंह, थकुंलक्ष्मी आदिले गुह्येश्वरी मन्दिरको दक्षिणपट्टिको भित्तामा रहेको ढोका चढाएको देखिन्छ (टण्डन, वि.सं.२०५६, पृ. ६०९)। वि.सं. १९५७ चैत्रकृष्णअष्टमी बुधवारका दिन गुह्येश्वरीको प्रीतिका लागि रत्नकुमारी, उनका पुत्र सुब्बा गणेशदास आदिले गुह्येश्वरी मन्दिरको उत्तरपट्टि चार कबल भएको गाह्रोसमेत चाँदीले छापेको जानकारी प्राप्त हुन्छ (टण्डन, वि.सं.२०५६, पृ. ६१८)। गुह्येश्वरीमन्दिरको बाहिर रहेको ढलोटको सिंहको मूर्तिमा भएको अभिलेखअनुसार वि.सं. १९६८ आश्विनशुक्लअष्टमी, आश्विन १४ गते शनिवारका दिन तात्कालिक प्राइमिनिस्टर चन्द्रशमशेरले जङ्गबहादुर राणाले मन्दिरभित्र वरिपरि छापेको ढलोटको पाता बिग्रेकाले सो पाता झिकी टायल छापेको तथा ढलोट पाताको सोह्रओटा सिंह बनाई चढाएको देखिन्छ (टण्डन, वि.सं. २०५६, पृ. ६२८)। गुह्येश्वरीको पश्चिमपट्टिको चाँदीको ढोकामा रहेको अभिलेखअनुसार वि.सं. १९८७ आश्विनशुक्लद्वितीया बुधवारका दिन राजवैद्य दण्डपाणिका जेठा छोरा राजवैद्य देवानन्दले गुह्येश्वरीको ढोकामा चढाएको चाँदीको ढोका बिग्रेकाले सो ढोकाको खापा तोरण, चौकोस ठेलोसमेत झिकी यथाशक्ति चाँदी थपी सो ढोका बनाई राजवैद्य देवानन्दका कान्छा छोरा पद्मानन्दले आफ्ना सबै जहानसहित भई माता गुह्येश्वरीको प्रीतिका लागि चढाएको उल्लेख पाइन्छ (टण्डन, वि.सं. २०५६, पृ. ६४८)। वि.सं. १९९० को महाभूकम्पमा परी गुह्येश्वरीको सत्तल केही भत्केकोमा जुद्धशमशेरले त्यसको जीर्णोद्धार गरेको उल्लेख देवमालावंशावलीमा पाइन्छ (देवमालावंशावली, वि.सं. २०१३,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृ. १६)। गुह्येश्वरी मन्दिरको पश्चिमपट्टि प्रस्तरको महेन्द्रस्तम्भ छ। त्यसमाथि राजा महेन्द्र र रानी रत्नको प्रतिमा छ। उक्त स्तम्भमा भएको अभिलेखअनुसार राजा महेन्द्रले गुह्यकालीको पीठमन्दिरको चारैतिर सुनको पाताले सिङ्गारेर शकसंवत् १८८१ तदनुसार वि.सं. २०१६ आषाढकृष्णदशमीमा आफ्नो वर्ष अभिवृद्धिको पावन अवसरमा सहधर्मिणीका साथ सभक्ति नमस्कार मुद्रासहितको सुनको मूर्ति गुह्यकालीको प्रीतिका लागि अर्पित गरेको देखिन्छ (टण्डन, वि.सं. २०५६, पृ. ६७५)।

गुह्येश्वरीको नित्य तथा नैमित्तिक पूजा

गुह्येश्वरीको नित्य तथा नैमित्तिक पूजा कर्माचार्यहरूबाट सम्पादन हुन्छ। गुह्येश्वरीको नित्यपूजाका क्रममा मन्दिरको गर्भगृहशोधन र न्यास गरेपछि क्रमपूर्वक अर्घ्यपात्र, शङ्खपात्र र कपालपात्रको स्थापना गरी अर्घ्यसङ्कल्प र वलिपात्रको आवाहन गरिन्छ। त्यसपछि वरिपरिका क्षेत्रपाललाई अक्षता र फूलपाती समर्पण गरी कुण्डस्थानमा राखिएको कलश निकालेर कुण्डमा गुह्येश्वरीलाई उद्देश्य गरी पञ्चामृत, शुद्ध जल, मद्य, शङ्खजल र अर्घ्यजलले स्नान गराइन्छ। त्यसपछि रक्तचन्दन, सिन्दूर, अबिर, अक्षता, फूल, समयबजीद्वारा भगवतीको अर्चना गरी कुण्डको जलले अभिषेक गरिन्छ। त्यसपछि गुह्येश्वरीको जलकुण्डमाथि सुवर्णकलश राखिन्छ भने दायाँतिर आसनमाथि स्फटिकको कलश र क्षेत्रपालका रूपमा पूजा गरिने गोलो प्रस्तर स्थापना गरिन्छ। गुह्येश्वरीको प्रतीकस्वरूप सुवर्णकलशको पूजा गरेपछि गुह्येश्वरीलाई वस्त्रसहित छातायुक्त चाँदीको गजुर, नरमुण्डमाला, सिक्काको माला, सिक्री, आदि गहनाले श्रृङ्गार गरिन्छ। गुह्येश्वरीको पूजा सकिएपछि गुह्यभैरवको पीठमा पञ्चामृत, शुद्ध जल र मद्यले स्नान गराई फूल अक्षता चढाएर पूजा गरेपछि अभिषेक गरिन्छ। रक्तचन्दन, अबिर, केसरी र सिन्दूरले गुह्यभैरवको पीठमा बिन्दुगर्भत्रिकोण बनाई गुह्यभैरवलाई नरमुण्डमाला, नागको गहना, सिक्री आदिले श्रृङ्गार गरिन्छ। त्यसपछि उग्रचण्डा र खड्गको पूजा गरी मन्दिरका चारै द्वार र त्यहाँ स्थापित कलश एवम् प्राङ्गणमा स्थापित देवीदेवताहरूको पूजा गरिन्छ। त्यसपछि भगवतीलाई भोज लगाइन्छ। त्यसक्रममा ढोका बन्द गरिन्छ, भक्तजनहरूले सो दृश्य हेर्न पाउँदैनन्। नित्यपूजाको विसर्जनपछि जलकुण्डमाथि स्थापित सुवर्णकलशको स्थानमा चाँदीको कलश राखिन्छ। सो कलश दिनभरि रहन्छ। साँझको आरतीपछि चाँदीको कलशको स्थानमा रातभरिका लागि प्रस्तरको कलश राखिन्छ र अन्य कलशहरू भण्डारमा सुरक्षित तबरले राख्ने चलन रहेको छ। गुह्येश्वरीमा नित्यपूजाबाहेक सङ्क्रान्ति, चतुर्दशी, औँसी र पूर्णिमा आदि पर्वमा विशेष पूजा हुन्छ। हरेक महिनाको पूर्णिमामा हुने पशुपतिनाथको महास्नान महाभोगपूजाका अवसरमा गुह्येश्वरीमा हाँसको वलिसहित पूजा गरिन्छ। पौषकृष्णदशमीका दिन मानन्धरहरूले गुह्येश्वरीमा विशेष पूजा गर्ने चलन रहेको छ। माघशुक्ल अष्टमीका दिन गुह्येश्वरीको वर्षवर्धनपूजा गरिन्छ। नवरात्रका अवसरमा पशुपति अमालकोट कचहरिबाट चण्डीपाठ गराइन्छ। प्रत्येक वर्ष मार्गकृष्णनवमी र दशमीका दिन गुह्येश्वरीजात्रा मनाइन्छ। मार्गकृष्णदशमीका दिन गुह्येश्वरीमा हुने दिशिपूजा बौद्धतन्त्रअनुसार गरिन्छ भन्ने जगमान गुरुङको भनाइ रहेको छ (उहाँसँगको कुराकानीबाट प्राप्त जानकारी)। मैथिल झाहरूले वैशाखशुक्लनवमीका दिन गुह्येश्वरीलाई सीताका रूपमा विशेष पूजा गर्दछन्।

गुह्येश्वरीको नित्यनैमित्तिक पूजा तथा जात्रा सञ्चालनको व्यवस्था

गुह्येश्वरीको नित्यपूजाका लागि पशुपति गूठी गोश्वाराले मासिक रूपमा आवश्यक पूजासामग्रीहरू उपलब्ध गराउँदै आएको छ। त्यसअतिरिक्त भाद्रशुक्लअष्टमी (कागे अष्टमी), भाद्रशुक्लनवमी, आश्विनशुक्लअष्टमी, चैत्रशुक्लअष्टमी, चैत्रशुक्लनवमी, चैत्रशुक्लदशमीमा हुने नैमित्तिक पूजाका लागि पनि पशुपति गूठी गोश्वाराले आवश्यक पूजासामग्रीहरू उपलब्ध गराउँदै आएको छ। गुह्येश्वरीजात्राका लागि गीर्वाणयुद्धविक्रम शाहले खर्चको व्यवस्था बाँधेको देखिन्छ (टण्डन, २०५६, पृ. ४०१–४०२)। मार्गकृष्णदशमीका दिन गुह्येश्वरीमा हुने कन्यापूजा र भोजनका लागि पशुपति गूठी गोश्वाराबाट आवश्यक सामग्रीको व्यवस्था हुने गरेको छ। राजा गीर्वाणयुद्धविक्रम शाहले गुह्येश्वरीमा नित्यपूजाका अवसरमा गुजराती बाजा बजाउने व्यक्तिका लागि वि.सं. १८६५ श्रावणशुक्लअष्टमी आइतबारका दिन जागिरका रूपमा खेतको व्यवस्था गरिदिएका थिए (टण्डन, २०५६, पृ. ३५८–३५९)। गुह्येश्वरीमा हुने नैमित्तिक पर्वपूजाका लागि राजगूठी तथा निजीगूठी गरी सत्ताइसओटा गूठी रहेका छन् (टण्डन, २०५३, पृ. ५१७)। राजा जयप्रकाश मल्लले मेषसङ्क्रान्तिमा गुह्येश्वरीमा विशेषपूजाका लागि पाँच रोपनी खेत गूठी राखिदिएको देखिन्छ (टण्डन, २०५६, पृ. २६९)।

गुह्येश्वरीजात्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिक्षेत्रका शक्तिपीठसँग सम्बद्ध जात्राहरूमा गुह्येश्वरीजात्रा त्यति महत्त्वपूर्ण जात्रा हो। तलेजु र गुह्येश्वरीको निकटतम सम्प्रदायगत सम्बन्धलाई प्रकट गर्ने हुनाले यस जात्राले विशेष महत्त्व पाएको हो भन्ने राय दिवाकर आचार्य (वि.सं. २०७५)ले व्यक्त गरेका छन् (पृ. ६८)। गुह्येश्वरीजात्रा ने.सं. ८४८ मा जगज्जय मल्लले सुरु गरेको मानिन्छ।

गुह्येश्वरीजात्राको पारम्परिक विधिविधान

गुह्येश्वरीजात्रा मार्गकृष्णअष्टमीबाट सुरु भई द्वादशीका दिन समाप्त हुने भए तापनि जात्राका प्रमुख दिन नवमी र दशमी हुन्। मार्गकृष्णअष्टमीका दिन हनुमान्ढोकास्थित तलेजुमन्दिरका पुजारी गुह्येश्वरीलाई जात्राको निमन्त्रणा दिन गुह्येश्वरीमा आउँछन् र निमन्त्रणापूजा गर्दछन्। त्यसै दिन बेलुका तलेजुबाट तलेजुको प्रतीकस्वरूप अष्टदल कमल र चाँदीको कलश अनि भैरवको प्रतीक स्वरूप स्थण्डिल राखिएको खट गुह्येश्वरीमा ल्याइन्छ। उक्त जात्रामा राजाको प्रतिनिधिस्वरूप खड्ग पनि सँगै ल्याइन्छ। सो जात्रामा बाजागाजाका साथ शार्दूलजङ्ग पल्टन पनि जानुपर्छ। यसरी तलेजुबाट तलेजुको प्रतीकस्वरूप अष्टदल कमल र चाँदीको कलश अनि भैरवको प्रतीक स्वरूप स्थण्डिल राखिएको खट गुह्येश्वरीमा ल्याउँदा हनुमान्ढोका, असन, कमलाक्षी, तीनधारा, लालदरबार, हात्तीसार, नागपोखरी, भगवतीबहाल, सिफल, नवालीटेल, दथुटेल, पाँचुटेल हुँदै उमाकुण्डअगाडिको मूलसडक हुँदै गुह्येश्वरीमा खटलाई पुऱ्याइन्छ। हनुमान्ढोकाबाट ल्याइएको खट गुह्येश्वरी लैजाने क्रममा पशुपति अमालकोट अगाडिको डबलीमा राखी पूजा हुँदा खड्गलाई पशुपतिनाथ अगाडि राखी पूजा गरिन्छ। अनि तलेजु तथा भैरवको खट बाजागाजाका साथ पशुपतिनाथको मन्दिरमा पुऱ्याइन्छ। खट गुह्येश्वरीमा ल्याइपुऱ्याउनुअघि गुह्येश्वरीको बाहिरी सडकमा परम्परागत रूपमा लिङ्गो उभ्याउने चलन छ। त्यसपछि गुह्येश्वरीको उत्तरपट्टिको बाहिरी मूलढोकामा खट पुग्नासाथ त्यस मन्दिरका कर्माचार्य पुजारीले ढोगभेट, परिक्रमा र पूजा गरेपछि उक्त खटलाई गुह्येश्वरी मन्दिरको प्राङ्गणमा ल्याउँछन्। ढोगभेट, परिक्रमा र पूजाको कार्यक्रम चलुन्जेल मन्दिरको मूल ढोकाअगाडि धुनी बालिन्छ। सो अग्निलाई साक्षी राखेपछि मात्र मन्दिरको परिक्रमा गर्ने चलन छ। जात्राको खटले गुह्येश्वरीको मन्दिरलाई तीन पटक परिक्रमा गरेपछि तलेजु र भैरवका प्रतीकहरूलाई खटबाट निकाली गुठियारहरूले मन्दिरभित्र लैजान्छन्। गुह्येश्वरी र भैरवको प्रतीकलाई मन्दिरभित्र राखिसकेपछि त्यसको जिम्मा गुह्येश्वरी मन्दिरको पालोवाला देवपालहरूले लिन्छन्। गुह्येश्वरी र भैरवको प्रतीकलाई मन्दिरमा भित्र्याएपछि हनुमान्ढोकास्थित तलेजु र गुह्येश्वरीका कर्माचार्य पुजारीहरूको आचार्यत्वमा गुप्त निशाटनपूजा हुन्छ। उक्त निशाटनपूजाको अवसरमा पूजा गर्न जजसले गुठी राखेका छन् उनीहरूबाट पनि पूजाआजा हुन्छ। सो पूजा सम्पन्न गर्नका लागि सत्ताइसओटा गुठी राखिएका छन्। तिनीहरू केही निजी छन् भने केही राज्यको तर्फबाट गर्ने राजगुठीअन्तर्गतका छन्। आआफ्नो गुठीअन्तर्गत गर्नुपर्ने पूजा गर्न गुठियारहरू जम्मा भएका हुन्छन्। यो पूजा रातको १२-१ बजेसम्म चलिरहन्छ। निशाटनपूजापछि जात्रासँगै आएको पशुपति अमालकोट कचहरीको कुमारीको रथ हाँक्ने महानायकको तर्फबाट पूजा हुन्छ। कुमारीको रथ हाँक्ने महानायक महर्जन थरका ज्यापू हुन्छन्। दशमीको दिन बिहानैदेखि दिनभरि पूजाआजा हुन्छ। त्यो दिनको पूजा धेरैजसो गुठीहरूको तर्फबाट हुन्छ। सो दिन ३२ कोठी महाजनसहित ५२ गुठीहरूको तर्फबाट विभिन्न किसिमका पूजाआजा हुन्छन्। अपराह्न चार पाँच बजेसम्म विभिन्न गुठीहरूबाट गर्नुपर्ने पूजाआजा सकिएपछि गुह्येश्वरीजात्राका गुठियारहरूको तर्फबाट शोभापूजा हुन्छ। शोभापूजा सकिएपछि गुह्येश्वरीको रथ तल ल्याई लिङ्गो ढाल्ने काम हुन्छ। त्यसपछि हनुमान्ढोका तलेजुबाट ल्याइएको तलेजु र भैरवका प्रतीकहरूलाई खटमा राखी क्षमापूजा गरिन्छ। त्यसपछि हनुमान्ढोकाबाट आएका शार्दूलजङ्ग पल्टनका जवानहरूको अगुवाइमा खटसहितको जात्रा हनुमान्ढोका फर्किन्छ। गुह्येश्वरीबाट उमाकुण्ड, दक्षिणामूर्ति हुँदै ठूलो सदावर्तघरको दक्षिण पेटीमा खटलाई विश्राम गराइन्छ। त्यहाँ ठूलो सदावर्तको तर्फबाट पूजा गरिन्छ। सो दिन पूजा गर्ने ठाउँमा चँदुवा आदि राखेर विशेष सजावट गरिएको हुन्छ। पशुपति अमालकोट कचहरीको तर्फबाट त्यहाँ पूजा सकिएपछि पशुपतिको बाहिरी पश्चिम ढोकासम्म पुऱ्याएर फर्काइन्छ। उक्त खटलाई एकादशीको दिन र राति पनि जगन्नाथ पूजा गरिएपछि पुनः पहिले ल्याएकै बाटो गरी हनुमान्ढोकामा पुऱ्याइन्छ। मन्दिरको पूर्वपट्टि पेटीमा राखिन्छ। द्वादशीको दिन यात्राको अवसरका विधिविधानमा कुनै त्रुटि भएको भए त्यसलाई क्षमा गरिदिनका लागि भगवतीलाई प्रार्थना गर्ने मुख्य ध्येयले तलेजु मन्दिरमा क्षमापूजा गरिन्छ र तलेजु र भैरवको प्रतीकलाई मन्दिरमा भित्र्याइन्छ।

गुह्येश्वरीजात्राको पारम्परिक विधिमा जातिगत सहभागिताको स्वरूप

पशुपतिक्षेत्रका कतिपय ठाउँमा लिच्छविकाल वा त्यसभन्दा अगाडिदेखि नै बसोबास भइसकेको थियो। देवपाटनको पुरानो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम ग्वल हो। ग्वल शब्द पछाडि जोडिएका स्थानवाचक नामहरू लिच्छविकालका अभिलेखमा पाइने हुनाले ग्वल अर्थात् देवपाटनमा सम्भवतः किरातकालदेखि नै बस्ती थियो। पशुपतिक्षेत्रका प्राचीन बस्तीहरूमा नवालीटोल, दथुटोल, पाँचुटोल, करेटोल, ज्यूनाटोल, लगनलाछी, भकुनटोल, ईँटापाखा, क्वाकोटोल, चावहिल भगवान्स्थान मुख्य मानिन्छन्।

लिच्छविकालको नवगृह नामको बस्ती नै अहिलेको नवाली टोल हो। नवाली टोलमा मुख्यरूपले सङ्घत, श्रेष्ठ, कर्माचार्य, खड्गी, ओझा र कुसलेहरूको बसोवास रहेको देखिन्छ। दथुटोलमा मुख्यरूपले राजोपाध्याय, भण्डारी, वैद्य र नापितहरूको बसोवास रहेको छ। पाँचाटोलमा मुख्य गरी भण्डारी, वैद्य, कर्माचार्य, शाक्य, शाही, गिरी, र श्रेष्ठहरूको बसोवास रहेको छ। करेटोलमा मुख्यरूपले कसाई र गाइनेहरूको बसोवास रहेको छ। ज्यूनाटोलमा मुख्यरूपले राजोपाध्याय, महर्जन, नापित, भट्ट, श्रेष्ठ, कर्माचार्य, भण्डारी, मानन्धर, बलामी, बिसेट, खत्री, भाट, जुजुभाजु, कुसले आदिको बसोवास रहेको छ। चावहार तथा वरपरको क्षेत्रमा मुख्यरूपले शाक्य र श्रेष्ठहरूको बसोवास रहेको छ। लगनलाछीटोलमा मुख्यरूपले भण्डारी, डङ्गोल, डौं, झा, श्रेष्ठ, सङ्घत, विसेट, कुसले, खत्री, भट्ट, बानियाँ, मिश्र आदिको बसोवास रहेको छ। भकुनटोलमा मुख्यरूपले डङ्गोल, श्रेष्ठ र कुसुलेहरूको बसोवास रहेको छ। ईँटापाखामा मुख्यरूपले पोडेहरूको बसोवास रहेको देखिन्छ तर वि.सं. २०४५ देखि पोडेहरूलाई एयरपोर्टको पश्चिममा रहेको डोलमा सारिएको छ। क्वाको टोलमा मुख्यरूपले सङ्घत, श्रेष्ठ, बिसेट, खड्गी, ठकुरी, झा, डङ्गोल, शाक्य, कुसले आदिको बसोवास रहेको छ। पशुपतिक्षेत्रमा रहेका यिनै प्राचीन बस्तीका विभिन्न जातिहरूको मुख्य भूमिका र सहभागिताबाट नै यस क्षेत्रमा मनाइने जात्रापर्वहरू प्राचीन कालदेखि मनाइँदै आएका छन्। गुह्येश्वरी जात्रा मार्गकृष्णअष्टमीबाट सुरु भई द्वादशीका दिन समाप्त हुने कुरा माथि उल्लेख भइसकेको छ। यस जात्राका लागि सर्वप्रथम मार्गकृष्णअष्टमीका दिन हनुमान्ढोकास्थित तलेजुमन्दिरका पुजारी गुह्येश्वरी आई जात्राको निमन्त्रणाका लागि निमन्त्रणापूजा गर्नुपर्ने विधान रहेको छ। त्यसैले उक्त कार्यका लागि तलेजुका पुजारी कर्माचार्यको उपस्थिति र पूजामा उनको सहभागिता हुनैपर्छ। त्यसै दिन बेलुका तलेजुबाट तलेजुको प्रतीकस्वरूप अष्टदल कमल र चाँदीको कलश अनि भैरवको प्रतीक स्वरूप स्थण्डिल राखिएको खट गुह्येश्वरी ल्याउने क्रममा हनुमान्ढोका, असन, कमलाक्षी, तीनधारा, लालदरबार, हात्तीसार, नागपोखरी, भगवतीबहाल, सिफल, नवालीटोल, दथुटोल, पाँचुटोल, उमाकुण्डको बाटोमा पर्ने विभिन्न देवीदेवतालाई तान्त्रिक विधिले गरिने पूजामा कर्माचार्यले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ। हनुमान्ढोकाबाट ल्याइएको तलेजु र भैरवको खट गुह्येश्वरीको उत्तरपट्टिको बाहिरी मूल सडकमा पुगेपछि गुह्येश्वरीका कर्माचार्यले उक्त खटलाई ढोगभेट, परिक्रमा र पूजा गर्नुपर्दछ। त्यसपछिको केही धार्मिक विधान पूरा गरेपछि जब तलेजु र भैरवको प्रतीकलाई गुठियारहरूले मन्दिरभित्र राख्छन् तब त्यसको जिम्मा गुह्येश्वरी मन्दिरको पालोवाला देवपाल कसाईहरूले लिन्छन्। देवालय तथा मूर्तिको सुरक्षा गर्ने भएकाले नै उनीहरूलाई देवपाल भनिएको हो। आजभोलि उक्त शब्द अपभ्रंश भएर द्यौपाला भएको छ। प्रायःजसो काठमाडौं उपत्यकाका शक्तिपीठहरूमा कसाई जातका मानिस नै द्यौपाला रहने गरेका छन्। यात्रा नसकिउन्जेल तलेजु र भैरवका प्रतीक श्रीचक्र र स्थण्डिलको सुरक्षाको जिम्मा उनीहरूले नै निर्वाह गर्नुपर्ने भएकाले उनीहरू रातभर जाग्राम बसेर कुर्छन्। तलेजु र भैरवको प्रतीकलाई मन्दिरमा भित्र्याएपछि हुने निशाटनपूजामा हनुमान्ढोकास्थित तलेजु र गुह्येश्वरीका कर्माचार्यको सहभागिता रहन्छ। उनीहरूले संयुक्त रूपमा उक्त गुप्त महापूजा सम्पन्न गर्दछन्। त्यस अवसरमा सत्ताइसओटा गुठीका गुठीयारहरू पनि पूजामा सहभागी हुन्छन्। महापूजापछि पशुपति अमालकोट कचहरी काठमाडौँको कुमारीको रथ हाँक्ने महानायक जो महर्जन थरका ज्यापू हुन्छन् उनका तर्फबाट पूजा गर्नुपर्ने विधान छ। पूजाका अन्य विधानहरू कर्माचार्यले नै सम्पन्न गर्छन्। यसप्रकार गुह्येश्वरीजात्रामा कर्माचार्य, द्यौपाला कसाई, महर्जन र विभिन्न जातका गुठीयारहरू जात्राको विधि सम्पन्न गर्ने भूमिकामा रहेका हुन्छन्।

उपसंहार

भारतवर्षमा रहेका विभिन्न शक्तिपीठहरूमध्ये वाममार्गका साधकहरूका लागि नेपालपीठ वा गुह्येश्वरीपीठको ज्यादै ठूलो महत्त्व रहेको छ। यस पीठकी अधिष्ठात्री भगवती गुह्यकालीलाई निराकार भावनाले जलकुण्डमा तथा भगवतीको प्रतीकस्वरूप कलशमा पूजा गर्ने चलन रहेको छ। विभिन्न समयमा विभिन्न भक्तजन तथा राजाहरूले गुह्येश्वरीमा आफ्नो कीर्तिस्वरूप विभिन्न प्रकारका भौतिक निर्माणका कार्य गर्नुका साथै घण्टा आदि चढाएको उल्लेख पाइनुले यस मन्दिरप्रति जनताको अत्यधिक आस्था र विश्वास जोडिएको देखिन्छ। जनताले आफ्नो आस्था र विश्वास प्रकट गर्ने सन्दर्भमा नैमित्तिक पूजाका क्रममा भगवतीको भव्य जात्रा मार्गकृष्णनवमी र दशमीका दिन सम्पन्न गर्ने लोकप्रचलन रहेको छ। शिवमस्तु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ ग्रन्थसूची

आचार्य, दिवाकर (वि.सं. २०५३), *शीलवतीको अभिलेख र यसका विशिष्ट पक्ष,* प्रज्ञा पूर्णाङ्क ८३क, वर्ष २६, असार–असोज, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान।

आचार्य, दिवाकर (वि.सं. २०७५), *नेपालपीठ र गुह्येश्वरी,* काठमाडौँ : श्रीपशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान

गौड, रामस्वरुप (सं., १९९०), *अथर्ववेदसंहिता* (सायणभाष्य–भाषानुवादसहिता), वाराणसी : चौखम्बा विद्याभवन।

चतुर्वेदी, राधेश्याम (सं.,२००२), *तन्त्रालोक,* वाराणसी : चौखम्बा विद्याभवन।

ज.ब.रा., धनशमशेर (वि.सं.२०२०), *प्रबुद्धसनातनरहस्यम्,* काठमाडौं।

जोशी, हरिराम (वि.सं. २०३०), *नेपालको प्राचीन अभिलेख,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान।

झा, मुरलीधर (वि.सं. १९५७), *नेपालमाहात्म्य,* वाराणसी : प्रभाकरी एन्ड कम्पनी।

झा, किशोरनाथ(सं.,१९९३), *महाकालसंहिता* (गुह्यकालीखण्ड), इलाहावाद : गंगानाथ झा केन्द्रीय संस्कृत विद्यापीठ।

टण्डन, गोविन्द (वि.सं. २०५३), *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन,* काठमाडौँ : झरेन्द्र शम्शेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा।

टण्डन, गोविन्द (वि.सं. २०५६), *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* -अभिलेख खण्ड), काठमाडौँ : झरेन्द्र शम्शेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा।

देवमालावंशावली (वि.सं.२०१३), काठमाडौँ : श्रीपीरमहन्त क्षिप्रानाथ योगिराज।

नाथ, योगी नरहरि,सत्याल, लोकराज, योगी, चन्द्रनाथ, र चौडिलागाइ, लक्ष्मीनारायण (सं.,वि.सं. २०१३), *हिमवत्खण्ड,* वाराणसी : योगप्रचारिणी–गोरक्षटिल्ला।

पन्त, महेशराज (वि.सं. २०३१), *गोपालराजवंशावली* र *भाषावंशावली*को साधर्म्यका केही उदाहरण, पूर्णिमा ३१ अङ्क, काठमाडौँ : संशोधन–मण्डल।

पन्त, महेशराज (वि.सं. २०६७), नेवारराज्यमा ब्राह्मण–नरदेवीका भट्टहरूको विषयमा, *पूर्णिमा,* पूर्णाङ्क १३३, काठमाडौँ : संशोधन–मण्डल।

पाण्डे, रामतेज(सं.,२००३), *देवीभागवत,* वाराणसी : चौखम्बा विद्याभवन।

पौडेल, नयनाथ (सं.,वि.सं. २०२०), *भाषावंशावली,* काठमाडौँ : नेपाल राष्ट्रिय पुस्तकालय।

बोडास, राजाराम, र गोरे,शिवराम (सं.,१९४५), *ऋग्वेदसंहिता* (सायणभाष्यसहित), बम्बई : बम्बई टेक्नोलोजिकल पब्लिकेसन फन्ड।

राय, प्रदीपकुमार(सं.,१९७५), *कुब्जिकातन्त्र,* वाराणसी : प्राच्य प्रकाशन।

लामिछाने, माधवप्रसाद (सं.,वि.सं.२०७५), *परातन्त्र,* काठमाडौँ : राष्ट्रिय अभिलेखालय।

लंसाल, देवीप्रसाद (सं.,वि.सं. २०२३), *भाषावंशावली* (द्वितीय भाग), काठमाडौँ : नेपाल राष्ट्रिय पुस्तकालय।

शास्त्री, महादेव (सं.,१९८५), *तैत्तिरीयारण्यक,* दिल्ली : मोतीलाल बनारसीदास।

शास्त्री, रघुनाथ(सं.,१९४०), *मेरुतन्त्र,* बम्बई : लक्ष्मीवेंकटेश्वर स्टीम प्रेस।

शास्त्री, हृषीकेश (सं., १९८२), *वाराहपुराण,* वाराणसी : चौखम्बा अमरभारती प्रकाशन।

स्वस्थानीव्रतकथा (वि.सं. २०४३), वाराणसी : जय नेपाल प्रकाशन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिनाथ: उत्पत्तिदेखि मध्यकालसम्म

✍ डा. विजयप्रसाद मिश्र

लेखसार

पशुपतिनाथको बर्णन नेपाल खाल्टो पोखरी हुनु अगाडीदेखि भएको धार्मिक ग्रन्थहरूमा देखिएको छ। उपत्यकाको पानी काटेर निकालेपछि बस्तियोग्य भएपछि गाई चराउँदै ग्वालाहरू नेपाल खाल्टोमा प्रवेश गरेको र उनीहरूले ल्याएको मध्ये एक बहुह्नी नामक गाईले आफ्नो दुध चढाउने गरेको स्थानमा खनेर हेर्दा पशुपतिको ज्योर्तिलिङ्ग फेला परेको भनिएको छ। पशुहरूको प्रतिपालन गर्ने, पशुहरूका साथमा सञ्चार गर्ने तथा पशुहरूका हृदयमा विराजमान हुने नै सबै प्राणीका अधिपति हुने भएकाले पशुपतिलाई पशुपतिनाथ भनिएको हो। पशुपतिनाथमा शिवजीको मात्र नभएर अन्य देवीदेवताको पनि वास रहने धार्मिक मान्यता छ। तसर्थ सबै धर्म, सम्प्रदाय र विश्वासका मानिसको आस्थाको केन्द्र पशुपति हो। यूनेस्कोले सन् १९७९मा पशुपतिनाथको मन्दिरलाई विश्व सम्पदा सूचीमा राखेको छ। गोपालराज वंशावलीका अनुसार लिच्छवी राजा सुपुष्प देवले पशुपतिनाथ मन्दिरको निर्माण गरेका थिए। वि.सं. १४०६ मार्ग शुल्क नवमीका दिन बङ्गालका सुल्तान समसुद्दिन इलियासले पशुपतिनाथमा आक्रमण गरेर शिवलिङ्ग तीन टुक्रा पारेको भनिएको छ। मुश्लिमहरूले आक्रमण गरेको ११ बर्षपछि वि.सं. १४१७ सालमा राजा राजदेवका महाममन्त्री जयसिंहराम वर्धनले पशुपतिको जीर्णोद्धार गरी शिवलिङ्ग समेत प्रतिष्ठा गरेका थिए। राजा शिवसिंह मल्लकी रानी गंगादेवीले पशुपतिको छाना भत्कन लागेको देखि पूरानो तीन छानोको सट्टा सुनको दुईतल्ले छाना हाल्न लगाई सुनको गजुर समेत चढाएकी थिइन्। त्यही आकृति अहिलेसम्म रहेको छ। यसरी पशुपतिको शिव लिङ्ग पटक पटक गरी तीनपटक प्रतिष्ठापन गरिएको देखिन्छ।

शब्दकुन्जी : ताडपत्र, महाज्योतिर्लिङ्ग, पाशुपतास्त्र, गोरक्ष-साम्यवाद र गजुर

परिचय

पशुपतिनाथको उत्पत्तिका विभिन्न व्याख्याहरू छन्। त्यसमध्ये पछिल्लो गोपालकालसंग सम्बन्धित व्याख्या छ। काठमाडौं खाल्डोको पानी चोभारमा काटेर बाहिर निकाली बस्ती योग्य बनाएपछि आएका ग्वालाहरूले पालेको मध्ये एउटा बहुह्नी नामको गाईले आफ्नो दुध बाग्मतीको किराना नजिक चढाउने गरेको थाहा पाएपछि ग्वालाहरूको सरदारले उक्त स्थान खनेर हेर्दा पशुपतिको प्रकाश निस्किएको र सोही प्रकाशबाट ग्वालाको मृत्यु भएको थियो।

गोपाल जातिकी एउटी बहुह्नी नाम गरेकी गाईले सधैं बाग्मतीको तीरमा एक ठाउँमा गएर दूध चढाउने गर्दथिन। यसको पत्तो लगाएर सो समूहका सरदारले त्यहाँ खनी हेर्दा पशुपतिको ज्योतिर्लिङ्ग उत्पन्न भयो। सोही तेजमा डढेर सरकार भस्म भए' भनिएको छ (२०५८ : २१)। उक्त घटनाका बारेमा थाहा पाएर नजिकै तपस्या गरी बसेका नेमुनिले पशुपतिको ज्योतिलाई व्यवस्थापन गरी प्रकाशले भष्म भएका सरदारका छोरा भूमिगुप्तलाई नेपालको राजा बनाएका थिए। यसरी पशुपतिनाथको पछिल्लो कालमा उत्पत्तिसँगै यसको नामाकारण र मध्यकालसम्म विभिन्न राजा, रानी, महामन्त्री तथा रैतिहरूले समेत पशुपतिनाथको संरक्षण, सम्वर्धन र पूजापाठका लागि गरेका प्रयासहरू हेर्दा साँच्चिकै नेपाल तपोभुमिहरूको देश तथा पाशुपत क्षेत्रको रुपमा परिचित रहेको देखिन्छ। ऐतिहासिक, धार्मिक र पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थलको रुपमा रहेको पशुपतिनाथ सांस्कृतिक सम्पदा अन्तर्गत युनेस्को विश्व सम्पदा क्षेत्रमा परेको छ। काठमाडौं उपत्यकाकै प्राचीनतम धार्मिकस्थल प्रमाणित भएकोले र अति प्राचीन पूजास्थल, मठ मन्दिर र मूर्तिहरू तथा प्राचीन अभिलेखहरूको अवस्थित हुनाले पशुपतिनाथको मन्दिर क्षेत्र खुला संग्रहालय जस्तै देखिन्छ (नागरिक दैनिक, २०७५ फाल्गुण १९)। यूनेस्कोले सन् १९७९मा पशुपतिनाथको मन्दिरलाई विश्व सम्पदा सूचीमा राखेको छ। नेपाल सरकार, सूचना तथा प्रसारण विभागले प्रकाशन गरेको नेपाल परिचय नामक पुस्तकमा पशुपतिनाथ सन् १९७९ मा विश्वसम्पदा सूचीमा परेको र यसभित्र पशुपतिनाथको मन्दिर, जयवागेश्वर, देवपत्तन, श्लेषमान्तक वन, गुह्येश्वरी आदि समेत २६४ हेक्टर क्षेत्रफल रहेको उल्लेख गरेको छ (२०८० : ७२)। शैव, शाक्त, वैष्णव, बौद्ध, जैन सौर, गाणपत, नाथ सिख आदि प्रमुख सम्प्रदायका भक्तजनहरूका लागि पशुपति क्षेत्र सदैव समान

✍ *डा. मिश्र, त्रि.वि. इतिहास केन्द्रीय विभागका सह-पाध्यापक हुनुहुन्छ। Email: vijay.mishra@cdhis.tu.edu.np*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आस्था एवं श्रद्धाको केन्द्र बनेको छ । विश्वका वैदिक सनातनी धर्मका अनुयायीहरूको आस्थाको प्रमुख केन्द्रको रुपमा रहेको पशुपतिनाथको उत्पत्ति, नामाकरण र मध्यकालसम्म भएका गतिविधिहरूको ऐतिहासिक पक्षलाई समेटेर पशुपतिनाथ : उत्पत्तिदेखि मध्यकालसम्म' शीर्षकमा यो अनुसन्धानात्मक लेख तयार गरिएको हो । यसमा ऐतिहासिक पक्षका आधारमा व्याख्या विश्लेषण गरिएको छ।

उद्देश्य

यस अनुसन्धानात्मक लेखको उद्देश्य पशुपतिनाथको उत्पत्तिका बारेमा अहिलेसम्म उठेका तर्कहरूको विश्लेषण गर्नु, यसको नामाकरणबारे जानकारी पस्किनु तथा सत्ययुग, त्रेता युग, द्वापर युग र कलियुगको गोपालवंशदेखि मल्लवंशसम्मको अर्थात मध्यकालसम्मको पशुपतिनाथको संरक्षण र सम्वर्धनका बारेमा ऐतिहासिक विश्लेषण गर्नु रहेको छ।

विधि

अनुसन्धानका लागि द्वितीय स्रोतहरूबाट सूचना सङ्कलन गरी ऐतिहासिक रुपमा वर्णनात्मक र विश्लेषणात्मक विधिबाट व्याख्या विश्लेषण गरिएको छ।

विषयप्रवेश

पशुपतिनाथको मन्दिर काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. ८ भित्र २६४ हेक्टर जग्गामा फैलिएर रहेको छ। पशुपतिनाथको शिवलिङ्ग कालो वर्णको शालिग्रँम शिलावाट बनेजस्तो देखिन्छ (खतिवडा,२०७७ : २७)। शिव लिङ्ग पञ्चमुखी रहेको छ। पूर्वमुख महादेवको प्रतीकको रुपमा (वायुतत्व), पश्चिम मुख नन्दीको प्रतीकको रुपमा पृथ्वी तत्व, उत्तरमुख उमा वा अर्धनारीश्वरको प्रतीकको रुपमा (जलतत्व), दक्षिण मूखमा भैरबको प्रतीकको रुपमा (तेज तत्व) र माथितिरको मुख सदाशिवको प्रतीकको रुपमा आकृतिविहीन (आकाश तत्व) को रुपमा रहेको भनिन्छ (खतिवडा, २०७७ : २७)। पशुपतिनाथ खासमा भगवान शिवको नाम हो। अनेकौं ग्रन्थ र वेदहरूमा शिवजीको नाम पनि अनेकौं उल्लेख गरिएको छ, तरशिवजीको वास्तविक नाम पशुपतिनाथ' भएको शिवपुराणमा उल्लेख गरिएको छ (श्रेष्ठ, २०७७: ६१)। पशुपतिनाथ सम्पूर्ण दिव्य शक्तिका अधिष्ठान हुन्। अदिव्यडम्थुल शक्तिहरू दिव्य शक्तिको अधिनमा र दिव्यशक्तिहरू एकै महादिव्य शक्ति र पशुपतिनाथमा भेद छैन (पौडेल, २०७७ : ३०)। पशुपतिलाई साकार वा निराकार रूपमा वैदिकालदेखि चिन्तन गरिन्थ्यो भन्ने प्रमाण वेदका मन्त्रहरूको अध्ययन गर्दा थाहा पाइन्छ। पहिलोपटक राजा सुपुष्पदेवले पशुपतिको मन्दिर निर्माण गराए भनिएको छ। तर मन्दिर निर्माण गरेको साल कुन हो भन्ने कतै उल्लेख पाइदैन। त्यसैगरी त्रेतायुगमा मिथिलाका राजा दशरथ तथा भगवान् राम पशुपति दर्शन गर्न नेपाल आएको भनेर केही धार्मिक पुस्तकहरूमा उल्लेख छ। यसले गर्दा पशुपतिनाथको उत्पत्तिलाई सत्ययुग, त्रेतायुग, द्वापर युग र कलियूग चार यूगमै विभिन्न धार्मिक ग्रन्थहरू, अभिलेख, ताडपत्र, वंशावली र सोही वंशावली र अभिलेखका आधारमा विभिन्न इतिहासकारहरूले लेखेका पुस्तक, अनुसन्धानात्मक लेखहरूको आधारमा व्याख्या गरिएको छ।

पशुपतिनाथको उत्पत्ति

नागदहले उपत्यका डुबाउँदा पशुपतिको ज्योतिर्लिङ्ग डुबेको वर्णन पशुपतिपुराण, हिमवत्खण्ड, विभिन्न वंशावलीहरूमा पाइन्छ। पशुपतिको बारेमा पुराना धम्रग्रन्थहरूमा व्याख्या विश्लेषण भएको पाइन्छ। त्यसमध्ये पनि शुक्लयजुर्वेद (१६।२८)मा पशुपतये च नमो, शुक्लयजुर्वेद (१६.४०)मा शंकराय च पशुपतये च नमः भनेर पशुपतिको चर्चा गरिएको छ। त्यसैगरी अथर्ववेद (११.२.५–६) मा हे पशुपति – तपाईका मुख, तीन आँखा, छाला, रूप, अ , पेट, दाँत र नाकलाई नमस्कार छ' (सोडारी, २०७९) भनिएको छ।

वंशावलीका अनुसार पशुपतिको प्राचीन मन्दिर भत्किएर ज्योर्तिलिङ्ग पुरिएको थियो(उपाध्याय, २०५१ : १७)। भारतमा रहेका १२ ज्योतिर्लिङ्गको मूलआधार नेपालमा रहेका पशुपति नै महाज्योर्तिलिङ्ग अर्थात् पूर्णज्योर्तिलिङ्ग हुनुहुन्छ (सोडारी, २०७९)। महाभारतमा पाँच पाण्डव वनवासमा रहेको बखत अर्जुन पाशुपतक्षेत्रमा आएको उल्लेख छ महाभारतकालको मिति गणना गर्दा अर्जुन करिब पाँच हजार बर्ष पहिले पशुपतिनाथमा आएको हो की भन्ने अनुमान लगाउन सकिन्छ। महाभारतको युद्धमा नेपालका किराँत राजाहरूले सेना पठाएको भन्ने समेत उल्लेख पाइनुले कृष्ण नेपाल आएको सन्दर्भ मिल्न जान्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिको प्रसङ्गमा ब्रम्हा, विष्णु दुवैको भूमिका जोडिएको पाइन्छ। धर्मग्रन्थहरूमा ब्रम्हाले सर्वसाधारणले महाज्योतिर्लिङ्गको दर्शन गर्न पाउन भनेर शिलाको शिवलिङ्ग बनाएर पशुपति क्षेत्रमा रहेको महाज्योतिर्लिङ्लाई ढाकिदिनु भएको बताइन्छ। तर यो हो भने ने मुनिले व्यवस्थित गरेको सन्दर्भको तिथिमिति भने फरक पर्ने हुन्छ । यसलाई हामीले पृथ्वी आइराखे प्रकोपहरूको कारणले पशुपति लिङ्ग भएको स्थान कहिले गर्भमा पुरिने त कहिले नाग दहको पानी काटेर सुकेको उपत्यकामा गाईको दुधको कथाको माध्यमबाट ग्वालाहरूले पत्ता लगाउने र ने मुनिले त्यसको संरक्षण गरेर बस्ती बसाएर गोपाल वंश कै राज्य स्थापना गरिदिने समेत काम भएको हुन सक्छ ।

त्यसैले यहाँ पौराणिक कथाका आधारमा पशुपतिनाथको गाथाको बारेमा शुरुमा ऐतिहासिक व्याख्या गर्दै कालन्तरमा गोपालवंशको स्थापना भएको सन्दर्भसम्ममा आउँदा पशुपतिनाथको उत्पत्तिको धेरैखाले अनुमानहरू लगाइएको पाइन्छ। यस अघि ब्रम्हले पशुपति क्षेत्रमा रहेको महाज्योतिर्लिङ्गलाई कसरी शिलाको शिवलिङ्ग बनाएर ढाकिदिनु भएको थियो भन्ने त बुझ्यौं। तर, ब्रम्हाले जस्तै विष्णुले पनि ब्रम्हाले पशुपति ढाक्न बनाएको शिलाको शिवलिङ्गलाई इन्द्रनीलमणिको पञ्चमुखाकृति शिवलि बनाइदिनु भएको थियो भनिन्छ। ब्रम्हा र विष्णुको परिश्रम समेत देखिएकोले पशुपतिको पञ्चमुखाकृति लिङ्गलाई ब्रम्हाविष्णुशिवात्मक लिङ्ग समेत भन्ने गरेको पाइन्छ।

नेपालमाहात्म्यका अनुसार पवित्र पाशुपतक्षेत्रमा श्लेष्मान्तक नाम गरेका नागराजले पशुपतिको हजार वर्षसम्म कठोर तपस्या गरेका थिए भन्ने छ । श्लेष्मान्तकको तपस्याबाट भोलेनाथ प्रसन्न भई वरदान दिन पार्वतीका साथ आएको बताइन्छ। त्यसवखत भोलेनाथले श्लेष्मान्तकलाई वरदान दिँदै तिम्रै नामबाट यो वन प्रसिद्ध हुनेछ भनेकाले उनैको नामबाट वनको नाम श्लेष्मान्तक रहन गएको हो । श्लेष्मान्तक ऋषिले सत्ययुगमा पशुपति क्षेत्रमा तपस्या गरेकाले यसको उत्पत्ति सत्ययुगदेखि कै देखिन्छ। यसो हुनाले पनि सत्ययुगमा भोलेनाथले पाशुपतक्षेत्रलाई क्रीडास्थल, भ्रमणस्थल, निबासस्थल बनाउनुभएको थियो भन्ने कुराको पुष्टि हुन्छ।

योगी नरहरिनाथले लेख्नु भएको गोरक्ष-साम्यवाद नामक पुस्तकमा पशुपतिनाथको नामाकरणको बारेमा गज्जवको तर्क उल्लेख गरिएको छ। त्यसमा भनिएको छ, सर्वथा जो पशुहरूको प्रतिपालन गर्छन र पशुहरूका साथमा सञ्चार गर्छन, पशुहरूका हृदयमा विराजमान छन् जो सबै प्राणीका अधिपति छन्। त्यसकारणले पशुपतिलाई पशुपतिनाथ भनिन्छ (नाथ, २०७० :३१)। योगी नरहरिनाथले पशुपतिनाथको गाई र पशुहरूसँगको सम्बन्धलाई अझ व्याख्या गर्दै भनेका छन्, जो आफ्ना शुभाशुभ कर्मको फल भोग्छन् ती सबै जीवहरू पशु भनिन्छन्। पशुहरूका अधिपति पशुपति हुन्। समस्त गोजातिको रक्षा गर्ने पशुपति शिवले गोरक्षनाथको अवतार लिएका छन् (नाथ, २०७० : ३२)। समस्त गो जातिको पालन गर्न विष्णुले गोपाल कृष्णको अवतार लिएका हुन समेत भन्ने गरेको पाइन्छ।

भर्खरै हामीले वि. सं. २०८१ मंसिर १५ गते वाला चर्तुदर्शी मनाऔं। पशुपतिमा सतबीज छर्नेहरूको सदाझैं बाक्लो भीड थियो। शिव बालाचतुर्दशीका दिन एकसिङगे मृग भई विहार गर्न थालेको र पार्वती वाग्वतीका किनारमा गुह्वेश्वरीका रूपमा रहेको (सोडारी, २०७९) धर्मग्रन्थहरूमा उल्लेख छ। देवता हुन् या दानव, मानव हुन् या मानिस सबैले आफ्नो इष्ट सिद्धिका लागि आदिमकालदेखि पशुपतिको विभिन्न रुपको पूजाआजा एवं चिन्तन गरेको पाइन्छ।

धर्मग्रन्थहरू बाहेक वंशावली र उपलब्ध प्रमाणिक इतिहास बुझ्ने अभिलेखहरू, ताडपत्र र त्यसका आधारमा तयार गरिएको पशुपतिनाथको उत्पत्तिको कथालाई हेर्दा एकैपटक काठमाडौं खाल्डोको पानी काटेर बाहिर निकालेपछिका घटनालाई आधार मान्नुपर्ने हुन्छ। वंशावलीमा दिइएको वर्णनअनुसार नेप नामक गोपालकी बहुन्ही नामको गाई थियो। त्यस गाईले प्रत्येक दिन आफ्नो दूध बाग्मती नदी किनारको कुनै ठाउँमा चढाउने गर्दथिन्। यो थाहा पाएपछि गोपालहरूको सरदार गाईले दूध चढाउने स्थानमा के रहेछ भनेर खनेर हेर्दा भित्रबाट पशुपतिनाथको ज्योतिर्लिङ्ग उत्पन्न भयो (कायस्थ, २०७७ : २९)। पशुपतिको ज्योतिर्लिङ्गको प्रकाशले सरदार त्यही भष्म भएका थिए। यो घटनाको हल्ला चलेकाले टेकुको दोभानमा तपस्यागरी बसेका नेमुनिले पशुपतिबाट निस्किएको प्रकाशको व्यवस्थापन गरेका थिए । उनै नेमुनिले उक्त सरदारका छोरा भूमिगुप्तलाई नेपालको राजा बनाएका थिए (कायस्थ,२०७७ : २९)। वंशावलीमा दिएको कथालाई अन्य इतिहासकारहरूले समेत गोपाल वंशको स्थापनामा गाई र पशुपतिको ज्योर्तिलिङ्गको कुह्नी नाम गरेकी ईले बागमतीको तीरमा एक ठाउँमा गएर दूध चढाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
गर्दथिन । यसको पत्तो पाएर सो समूहका सरदारले त्यहाँ खन्दा हेर्दा पशुपतिको ज्योतिर्लिङ्ग उत्पन्न भयो र त्यसैको तेजले सरदार भस्म भए (मिश्र : २०५६ : १८) भनी उल्लेख गरिएको छ। पशुपतिको उत्पत्तिको प्रसंग एकथरीले माथी भनेजस्तै उठाएपनि त्यसभन्दा अघिदेखि पनि पशुपतिनाथ रहेको सन्दर्भहरू माथि नै उल्लेख गरिसकिएको छ।

वंशावलीमा श्रीपशुपतिनाथ र श्रीवज्रयोगिनीवाट अवदेखि यस क्षेत्रको पालना तिमीले गर्नू, तिमीले पालना गरिने हुनाले यस क्षेत्रको नाम नेपाल हुनेछ भन्ने वरदान नेमुनिले पाएका हुनाले यस देशको नाम नेपाल प्रसिद्ध भयो भन्ने कथाको वर्णत भएको छ (मिश्र, २०५६ : १७) । यस भनाईबाट नेपालको नामाकरणमा समेत पशुपतिनाथको विभिन्न प्रसङ्ग आएको पाइन्छ। त्यसैले पशुपतिनाथको महत्व सिंगो सनातनी धर्मावलम्वीहरूमा रहेको छ।

पशुपतिनाथको मन्दिर निर्माण गोपालकालदेखि भएको ने मुनिको प्रसङ्ले प्रमाणित गरेको भएपनि पशुपतित्वको उपासना, पूजन, चिन्तन भने वैदिककालदेखि हुँदै आएको थियो । गोपाल वंशको स्थापनामा नै पशुपतिको ज्योतिर्लिङ्ग फेलापरेको घटनाबाट भएको हो । त्यसपछिको महिसपालकाल र किरातकालमा मात्रै होइन लिच्छविकालका नेपालको इतिहासको प्रमाणिक राजाका रुपमा चिनिएका राजा मानदेवको समयमा होस या राजा अंशुवर्माको पालामा होस, पशुपतिनाथको महिमा गरेको प्रसङ्गहरू धेरै भेटिन्छन् । जस्तो कि, लिच्छविकालिक शिलालेखहरूको शिरोभागमा साँढे (नन्दी) बनाउने चलनले यहाँ शैव संस्कृतिको प्रभाव रहेको प्रमाणित हुन्छ । यसवाट हामीले यो अनुमान लगाउन सक्छौं कि वर्तमान पशुपतिको मूर्तिनिर्माण कलियुग प्रारम्भसँगै भएको हो। अहिले रहेको पशुपतिको मूर्ति स्थापना सन् ५३३ भन्दा पहिले भइसकेको वताइन्छ । तर सही तिथिमिति अझै भन्न सक्ने स्थिति भने छैन।

शिव हिमाली उपमहाद्वीपका जनजातिहरूका देवता थिए। र तिनको अस्तित्व पशुपालन युगको आरम्भमा मातृप्रधान समाजको विघट्नसंगै देखापरेको थियो (रेग्मी, २०८० : १३३)। त्यसैले पशुपतिनाथ हिन्दूहरूको मात्र नभई जनजाति लगायत नेपालमा वा भारत खण्डमा बसोबास गर्ने मुशिलमहरू बाहेक सबैको आस्थाको केन्द्र रहेको थियो।

पशुपतिनाथको नामाकरण

पौराणिक कथाअनुसार, नेपालमा पर्ने चन्द्रावन हिमालय पर्वत को गुफामा इच्छापूर्ती गरिदिने कामधेनु गाई आएर बसेकी थिइन्। कामधेनुले दिनहुँ पर्वतबाट तल झरी माटोमाथि आफ्नो दूध चढाउने गर्थिन्। कामधेनु गाईले सो ठाउँमा दूध चढाउन थालेपछि वरिपरिका मानिसले के रहेछ भनि खनेर हेर्दा चम्किलो शिवलिङ्ग भेटाएका थिए। भेटिएको शिवलिङ्गलाई सबैले पूजा गर्न थाले। सोही स्थललाई पछि पशुपतिनाथ भनिएको हो भन्ने छ।(लोकपथ, २०७६ फाल्गुन २४)। एक अर्को कथाका अनुसार भगवान शिवले मृगको रुप लगेर श्लेष्मान्तक वनमा पार्वतीको साथमा विहार गरेका थिए। यसैले भगवान शिवलाई पशुपतिनाथ भनियो (नागरिक दैनिक, २०७५ फाल्गुण १९) । हिन्दू धर्मका सबै धार्मिक ग्रन्थहरूमा भगवान शिवलाई पशुपतिनाथ भनिएको छ। महाभारतमा भगवान शिवको अस्त्रलाई पाशुपतास्त्र भनेर बर्णन गरिएको छ। महाभारतका पात्र अर्जुनले हिमालय पर्वतमा किराँतरुपी शिवलाई युद्ध गरेर खुसी बनाएकाले पाशुपतास्त्र दिएका थिए।

नेपाली बृहत शब्दकोशमा पशुपतिनाथको तीनवटा अर्थ दिएको छ। (१) काठमाडौं स्थित, विश्वका प्रसिद्ध शैव पीठमध्ये एक मानिने तीथएस्थल वा एक शिवमन्दिर। (२) पशुहरूको मालिक (३) शिव, महादेव (पराजुली, २०७७ : ७६७)। त्यसैले पशुपतिको नामाकरण पशुहरूको मालिक भएकाले पनि हो वा महादेवलाई पशुपतिनाथ भनेर नामाकरण गरिएको हुनसक्छ।

पौराणिक कथानुसार महाभारतको युद्वपछी पाण्डवहरूले भगवान कृष्ण र भिष्मसँग युद्धमा आफन्तहरू मृत्य गरेकाले गोत्रहत्याको पापबाट मुक्त हुनको लागी के उपाय गर्नु पर्ला भनेर सोधेका थिए। भगवान शिवको दर्शन गरेपछी गोत्रहत्याको पापबाट मुक्त हुन्छ भन्ने कुरा थाह पाएपछी पाण्डवहरू शिवजीको दर्शन गर्ने हिमालयमा गए। पाण्डवहरू आएको देखेर भगवान शिव भैंसीको रुप लगेर भैंसीको बथानमा लुकेका थिए। पाण्डवहरूले भैंसीरुपी भगवान शिवलाई चिनेर दर्शन गर्न नजिकै जाँदा भैंसीरुपी शिव जमिन भित्र धासिएका थिए। यसरी शिवजी जमिनमा धासिएपछी भैंसीरुपी शिवको पुछर पाण्डवले स्पर्श गर्दा केदारनाथमा केदारनाथ भगवान प्रकट भए भने भैंसीरुपी शिवको शिर नेपालमा पशुपतिनाथ भगवान प्रकट भएका थिए (नागरिक दैनिक, २०७५ फाल्गुण १९)। यसरी पाण्डवहरूले पशुरुपी शिवको पुच्छर स्पर्श गरेर गोत्रहत्यको पापबाट मुक्त भएका थिए। यसरी पशुको रुप लिएर प्रकट भएको हुनाले भगवान शिवलाई पशुपतिनाथ भनिएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चब्रम्हमोपनिषदमा पशुपतिनाथ सद्योजात, वामदेव, अघोर, तत्पुरुप र ईशान हुन् भन्ने छ। यिनै पञ्चब्रम्ह हुन् र पञ्चब्रम्हको समन्वित स्वरुप नै परमतत्व पशुपतिनाथ हुन् (ढुंगाना : २०७७) । नेपालमा गोपाल वंशले इसापूर्व १००० बर्ष अगाडी उपत्यकामा शासन गरेको अनुमान गरिइको छ। यस युगको मुख्य व्यवसाय पशुपालन थियो । पशुपतिनाथको स्थापना यसै युगमा भएको थियो । प्राचीन समयमा नै पशुपालन गर्ने यी बर्गहरूले शिवको पशुपतिरुपको यहाँ स्थापना गरेको बुझिन्छ (दाहाल, २०५८ : २२)। त्यसैले पशुहरूको संरक्षक भएको, विभिन्न सन्दर्भमा पशुको रुप धारण गरेको तथा गाईले आफ्नो थुनको दूध आफै ज्योतिर्लिङ्ग पुरिएको स्थानमा दिने गरेकाेले पशुहरूले समेत माया गरेका शिवलाई पशुपतिनाथ नामाकरण गरिएको हुन सक्छ।

सबै सनातनीको साझा धर्मस्थल पशुपतिनाथ

शैव, शाक्त, वैष्णव, बौद्ध, जैन सौर, गाणपत, नाथ सिख आदि प्रमुख सम्प्रदायका भक्तजनहरूका लागि पशुपति क्षेत्र सदैव समान आस्था एवं श्रद्धाको केन्ऽ बनेको छ। जन्म देखि मृत्यु सम्मका संस्कार सम्पन्न गरिने यस क्षेत्रको वागमती नदी, मृगस्थली लगायतले यसको प्रसिद्धिमा थप कथाहरू थपेको छ। सोमनाथ खतिवडाका अनुसार सन्तहरू पशुपतिनाथलाई साक्षत ब्रम्हरूप मान्दछन् (ढुंगाना, २०७७: ६२)। पशुपतिनाथमा शिवजीको मात्र नभएर अन्य देवीदेवताको पनि वास रहने धार्मिक मान्यता छ। तसर्थ सबै धर्म, सम्प्रदाय र विश्वासका मानिसको आस्थाको केन्द्र पशुपति हो (ढुंगाना, २०७७ : ६२)। पशुपतिनाथ भेगमा करिब ४०० वटा मन्दिरहरू, २०० वटा भन्दा बढी पाटी, पौवा र सत्तल आदि अवस्थित छन् (खतिवडा, २०७७ : २५)। पशुपतिमा आएपछि सबै देवताको एकै स्थानमा पुजा गर्न पाइन्छ भन्नेहरू पनि छन्।

धर्मको मेरुदण्ड वैदिक धर्म र सनातन संस्कृतिमा पशुपतिको प्रत्यक्ष प्रभाव छ। हामी आर्य सभ्यता र दर्शनमा हुर्किएकाहरूका लागि भने झनै महत्वपूर्ण तीर्थस्थलका रुपमा रहेको छ। पशुपतिलाई शिवरूपमा पूज्ने, आत्मा रुपमा चिन्तन गर्ने, ईश्वर संझेर उपासना गर्ने परम्परा आदिमकालदेखि थियो (सोडारी, २०७९)। वैदिक सनातनी धर्ममा शिवको महत्व उच्चकोटीमा छ। शिवको दैनिकी, स्वभाव र गरेका कामहरूको कथा सुन्दा उतारचढाव धेरै भएको एक सफल, परोपकारी, सबैलाई धर्ममा बस्न दवाफ, प्रभाव पार्न सक्ने भगवानका रुपमा हामीले चित्रण गर्ने गरेका छौं।

पशुपति क्षेत्रभित्र वाग्वती, कैलाश, मृगस्थली, अनेकौं घाट र धाम, क्षेत्र समेटिएको छ। पशुपतिको कृपाले शिवपुरीमा उत्पत्ति भई वाग्वती बग्न थालिन्, अनेकौं देवीदेवता दर्शनार्थ आए, ६४ शिवलिङ्गले बास गरे अिन नेपाल शैव क्षेत्र भयो (सोडारी, २०७९) भन्ने मान्यता छ। शिवलाई महादेव, इशान, महेश, हर शंकर, रुद्र, गिरीश जस्ता नामले पनि पुकार्ने गरिन्छ। काठमाडौंमा रहेको पशुपतिनाथको मन्दिर संसारमा रहेका २७५' पादल पेत्र स्थल' (शिवको पवित्र स्थान) मध्ये एक हो। पशुपतिनाथ मन्दिरको व्यवस्थापन हाल सबै पशुपति विकास कोषको मातहतमा रहेको छ। पशुपतिनाथको पुजारीहरूलाई भट्ट भनिन्छ र मूल पुजारीलाई मूल भट्ट भनिन्छ।

पशुपतिनाथमा मुख्य रुपमा शिवजीको पूजा हुने भएकाले शिवरात्रिपर्व विशेष महत्वका साथ मनाइन्छ। शिवरात्रि नेपालभरि धुमधामसँग मनाइने राष्ट्रिय पर्व हो। शिवरात्रि तेत्तीस कोटी देवी–देवता लगायत ब्रह्मा, विष्णु, शंकरका समेत रचयिता, सबै धर्म मान्ने वा नमान्ने सम्पूर्ण आत्माका आफ्नै आत्मिक पारलौकिक परमपिताको जन्मदिन हो। त्यसैले सबै सनातनीको साझा देवता पशुपतिनाथ हो।

गोपाल, महिषपाल र किराँतकालमा पशुपतिनाथ

गोपाल वंशले इसापूर्व १००० बर्ष अगाडी उपत्यकामा शासन गरेको अनुमान गरिएको छ। यस युगको मुख्य व्यवसाय पशुपालन थियो। पशुपतिनाथको स्थापना यसै युगमा भएको थियो। ऐतिहासिक दृष्टिवाट हेर्दा पशुपतिका दुई लिङ्ग छन्। पहिलो त शम्सुद्दीनको आक्रमणभन्दा पहिलेको र अर्को तयसपछि स्थापित भएको। पहिलो मुखलिङ्गलाई हामी इश्वीपूर्व द्वितीय तृतीय शताब्दी मान्न सक्दछौं (रेग्मी, २०५८ : २८)। गोपालराज वंशावलीमा नेप नाम भएका गोपालकी बहुही नाम गरेकी कैली गाईले बागमतीको तीरमा गई दूध चढाउने गरेकोले त्यहाँ खनेर हेर्दा श्रीपशुपतिको प्रादुर्भाव भएको कुराको उल्लेख गरेको छ (दाहाल, २०५८ : २२)। नेपालमा राज्यव्यवस्थाको शुरुवातसंगै पशुपतिनाथको स्थापना गर्ने गोपालवंशहरूको भूमिका नेपालको इतिहासमा उल्लेखनीय छ। गोपाल वंशकै शुरुवातमा पशुपतिको पछिल्लो चरणको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पत्ति भएको तथा त्यहीबाट पशुपति के कारण ने मुनिले गाई चराउनेको सरदार जो पशुपतिको ज्योतिर्लिङ्गको तापमा परेर भस्मभएका थिए उनकै छोरालाई राजा बनाएर गोपाल वंशको स्थापना समेत गरेकाले ने मुनिकै नामबाट देशको नाम समेत नेपाल रहन गएको सन्दर्भलाई हेर्दा पशुपतिनाथको उत्पत्तिले एकैपटक तीनवटा महत्वपूणे घटनाहरू भएको देखिन्छ। पहिलो स्वयं पशुपतिनाथको उत्पत्तिका कारण प्रायः सबै राजाहरूले पशुपतिनाथलाई पहिलो महत्व दिएर विभिन्न सन्दर्भमा उल्लेख गर्ने गरेको पाइन्छ। दोस्रो पशुपतिनाथको उत्पत्ति संगै गोपाल वंशको स्थापना हुनु। तेस्रो भनेको उपत्यकाको पानी काटेर बाहिर निकालिसकेपछि उर्बरभूमि भएको नेपाल उपत्यकामा साशन संचालनको पद्दती बसाउन ने मुनि सफल भएका थिए। यो सबै पशुपतिनाथको कृपाले हो भन्ने गरिन्छ। त्यसैले पशुपतिनाथको उत्पत्ति संगै नेपालमा वंश परम्पराको शासन व्यवस्थाको शुरुवात समेत भएको देखिन्छ। गोपालकाल पछि महिषपालमा पशुपतिनाथको बारेमा उल्लेख भएको कुनै उल्लेख्य घटना छैन।

किराँतकालसँग जोडिएको केही सन्दर्भहरू छन्। आर्यघाटमा विरुपाक्ष नामले प्रख्यात एक मूर्ति गाडिएको रुपमा देखिनछ। यस मूर्तिको निधारमा एक अर्को आँखा बनाइएको छ। शीरमा जटा छ। यसका आधारमा यो महादेव पशुपतिको मूर्ति हो। यो मूर्ति किराँतकालमा बनेको थियो (रेग्मी, २०५८ : २९)। मूर्तिमा किराँत शारीरिक गठनका प्रभाव पनि स्पष्ट देखिन्छ। ठूलो टाउको, थ्याप्चो मुख र बाक्ला र मोटा ओठ बनाइएकोले त्यस मूर्तिलाई किराँतकालिक मान्नु पर्दछ (रेग्मी, २०५८ : २९)। किराँत कालमा विरुपाक्षमूर्ति पशुपतिको रुपमा पूजिन्थ्यो भनने कुरा त्यसैको अगाडी रहेको एक पशुमूर्तिले संकेत गरेको छ (रेग्मी, २०५८ : २९)। लिच्छविहरू प्रवेश नहुन्जेल यसैको पुजा पशुपतिनाथको रुपमा भइरहेको थियो भन्ने तर्क छ।

यसमा विश्वास गर्नेहरूको मतमा लिच्छवि आएपछि मूर्तिमा विकसित कला र देव प्रतिमालक्षण (क्षअयलयनचबउजथ) नभएकोले त्यसको सट्टा अर्को मूर्तिको प्राण प्रतिष्ठा गरिएको ज्ञान हुन्छ (रेग्मी, २०५८ : ३०)। यस वाहेक किराँतकालमा नियमित पूजापाठ बाहेक अन्य उल्लेख्य कुनै घटना भएको पाइदैन।

लिच्छवीकालमा पशुपतिनाथ

वि.सं. ५९० (नेपाल सम्वत ४५५) को ध्रुवसङ्घ वार्तको पशुपति भष्मेश्वरको अभिलेखमा पाशुपत क्षेत्रे भनि पशुपतिको नामोल्लेख पहिलोपटक गरिइको पाइन्छ (वज्राचार्य, २०३० : १५६), (खतिवडा, २०७७ : २५)। नेपालकै सबैभन्दा पुरानो मानिने गोपालराज वंशावलीका अनुसार लिच्छवी राजा सुपुष्प देवले पशुपतिनाथ मन्दिरको निर्माण गरेका थिए (लोकपथ,२०७६ फाल्गुन २४)। गोपालराज वंशावलीका अनुसार लिच्छवी राजा सुपुष्प देवले पशुपतिनाथ मन्दिरको निर्माण गरेका थिए (श्रेष्ठ, २०७७ : ६१)। त्यसैगरी गोपालराज वंशावलीमा आफ्नो ७६ बर्षको कार्यकालमा सुपुष्प देवले नेपालमा वर्णव्यवस्थाको साथै पशुपतिनाथको मन्दिर पनि बनाउन लगाए भनिएको छ (उपाध्याय, २०५१ : ३८)। एक अर्को वंशावलीका अनुसार, सुपुष्प देवले पाँच तले पशुपतिनाथ मन्दिरको निर्माण गर्नुभन्दा पहिले त्यस ठाउँमा शिवलिङ्गको आकारको देवालय थियो (लोकपथ, २०७६ फाल्गुन २४),(श्रेष्ठ, २०७७ : ६१)। एकअर्को पुस्तकमा गोपालराज वंशावलीमा राजा सुपुष्पदेवले पशुपति भट्टारकको देवल वनाए भनेका छन् (वज्रचार्य र मल्ल, १९८५ : ७५) , (खतिवडा, २०७७ : २६)। राजा मानदेवको पालामा पशुपति तिलगंगामा वैष्णव मन्दिर भित्र त्रिविक्तम वामनको मूर्ति बनाउन लगाएका थिए (दाहाल, २०५८ : ३२)। राजा मानदेवको पालामा जयलम्भ नामका एक व्यक्तिले पशुपतिमा जयेश्वर महादेवको स्थापना गरेका थिए – उपाध्याय, २०५१ : ४५)। राजा सुपुष्प मानदेवभन्दा ३९ पुस्ता अगाडिका थिए। यसरी हेर्दा सुपुप्प ई. पु.३०० तिरको जस्तो देखिन पुग्छ (खतिवडा, २०७७ : २६)। भनेपछि गोपालवंशमा उत्पत्ति भएको पशुपतिको ज्योतिर्लिङ्गलाई लिच्छवीकालका राजा सुपुष्प देवले ई. पु. ३०० तिर देवल बनाएको अहिलेसम्म प्राप्त दस्तावेजहरूले वताउँछ।

वि.सं. ६६२ देखि स्वतन्त्र शासकको रुपमा नेपालको शासन भार हेर्नथालेका अंशुवर्माले आफूलाई भगवान पशुपतिको पाऊको अनुग्रह पाएका (भगवत्पशुपतिभट्टारकपादानुगृहित) उपाधि घोषित गरेका थिए (दाहाल, २०५८ : ३९)। यही कुरालाई श्रीरामप्रसाद उपाध्यायले पनि आफ्नो पुस्तकमा अंहुवर्माले आफूलाई पशुपतिभट्टारकपादानुगृहित – पशुपतिको पाउको अनुग्रह पाएको) भन्ने पद्वीवाट विभूषित बनाएका थिए भनि उल्लेख गरेका छन् (उपाध्याय, २०५१ : ७१)। मानदेव र अंशुवर्माले मात्र होइन लिक्षिवीकालमा राजा नरेन्द्रदेवले समेत पशुपतिलाई आफ्नो मुख्य देवता मानेका थिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नरेन्द्र देव पाशुपत धर्म मान्दथे। त्यसैले यिनले आफूलाई भगवत्पशुपतिभट्टारकपादानुगृहित' उपाधिवाट विभूषित पारेका थिए (उपाध्याय, २०५१ : ७१)। त्यसैगरी अर्को प्रसङ्गमा समेत नरेन्द्र देव समेत पशुपतिका भक्त थिए। उनले समेत आफूलाई भगवतपशुपतिभट्टारकपादानुगृहीत' उपनामले चिनाउने गरेका थिए (दाहाल : २०५८ : ४२) भनिएको छ।

भाष्कर देवले पशुपतिलाई तीनवटा कोष चढाएको, विश्व (वृष) देवले ठूलो त्रिशूल चढाएको र धर्मदेवले वृषध्वज चढाएको कुरा गोपालराज वंशावलीमा उल्लेख छ (वज्राचार्य र मल्ल, १९८५ : ७६)। त्यसैगरी नरेन्द्रदेवले अनेक रत्न सहितको विचित्र कोष बनाइ चढाएको पाइन्छ भने शिवदेवले कमल चढाएको र गुणदेवले एघार कोष चढाएको रा गोपालराज वंशावलीमा उल्लेख छ (खतिवडा, २०७७ : २६)। शिवदेव द्वितीयको शिलालेखमा यिनले पाशुपत आचार्यहरूलाई भूमिच्छिद्र जग्गा दान दिएको पाइन्छ (उपाध्याय, २०५१ : ७५)। वि.सं. ७७० मा राजा भएका लिच्छवि वंशका जयदेव द्वितीयको पशुपतिको शिलालेखको आरम्भ भगवान पशुपतिको स्तुतिवाट गरिएको छ – उपाध्याय, २०५१ : ७७)। यिनी पाशुपत सम्प्रदाय मान्ने गर्दथे। उनले शिलालेखमा उत्सवका वेला पशुपतिनाथमा चाँदीका सुन्दर कमल चढाएको लेख्न लगाएका थिए (उपाध्याय, २०५१ : ७७)। शिलालेखका अनुसार कमलमा चाँदीका आठ पात थिए त्यसको बीचको केशरको भाग सुनले बनेको थियो। सोही अवसरमा जयदेव द्वितीयका आमा वत्सदेवीले चाँदीको साना कमल चढाएकी थिइन (उपाध्याय, २०५१ : ७७)। त्यसअघि गोपालकाल र महिषपालकालमा पशुपतिनाथको संरक्षण र प्रवर्धनका लागि के के गरिएको थियो भन्ने खोजिकै विषय रहेको छ।

मल्लकालमा पशुपतिनाथ

नेपालको इतिहासमा वि.सं. ९३६ देखि वि.सं. १८२५ सम्मको ८८८ बर्षलाई मध्यकाल भनेर चिनिन्छ। मध्यकालिन राजा शिवदेवले पशुपतिनाथको मन्दिरलाई पुननिर्माण गरेका थिए। मल्लकालिन राजाहरूले मन्दिरमा गजुर लगाइदिएका थिए (श्रेष्ठ, २०७७ :६१)। वि.सं. ११५६ मा राजा भएका शिवदेवले शिवप्रति भक्तिभाव दर्शाउन नै भगवान शिवको नाममा शिवका नामको स्वर्ण मुद्रा प्रसारित गरे (उपाध्याय, २०५१ : ९३)। समय बित्दै जाँदा यस मन्दिरको मर्मत सम्भारको काम पनि बद्दै गएको थियो। त्यसैले नै नेपालका मध्यकालीन राजा शिवदेवले पशुपतिनाथको मन्दिरलाई पुनर्निर्माण गरेका थिए लोकपथ,२०७६ फाल्गुन २४)। राजा शिवदेवले पशुपतिको मन्दिरमा सुनको छाना हाल्न लगाएका थिए भने चाँदीका कमल चढाएका थिए (उपाध्याय, २०५१ : ९३)। तर, सुनको छाना हालेका प्रसङ्गलाई अन्य तरिकाले समेत व्याख्या गर्ने गरेको पाइएको छ। जस्तो कि, पशुपतिनाथ मन्दिरको वर्तमान स्वरुप भने तात्कालीन पुजारी स्वामी नित्यानन्दको प्रेरणाले तीन तले छाना भएकोमा एक तला झिकी दुई तले स्वरुपमा शिवसिंह मल्लकी रानी गङ्गारानीले बनाइन भनी भाषा वंशावलीमा उल्लेख छ (खतिवडा, २०७७ : २७)। रानी गङ्गारानीले यो कार्य सम्पन्न गरेको कूलप्रसाद कोइरालाले लेखेको पाशुपात क्षेत्रको साँस्कृति सम्पदा (मूर्त र अमूर्त) मा लेखिएको छ (कोइराला, २०५१ : ३७०)। राजा अनन्तमल्ल देवले वि.सं. १३५४ अषाढमा पशुपति भट्टारकलाई सुनको छानो हालेको चार कुनामा सुनको सहुव (शरभ) राखे (खतिवडा, २०७७: २६)। नेपालमा डोयहरूले पटक पटक आक्रमण गरेका थिए। वि.सं. १३७१ म काठमाडौंमा डोय सेनाले आक्रमण गर्दा डोय सेनाका सेनापति तथा हरिसिंहदेवका मन्त्री चण्डेश्वरले पशुपतिलाई आफ्नै हातले छोएर पूजा गरेका थिए (उपाध्याय, २०५१ : ९८)। त्यसवेला पशुपतिलाई छुने अधिकार केवल पुजारीलाई मात्र थियो। चण्डेश्वरले पशुपतिलाई छोएर नियमको उल्लंघन गरेकाले तुलादान गरेका थिए।

डोयहरूले मात्र होइन बेलावेलामा मुश्लिमहरूले पनि नेपालमा आक्रमण गर्ने गरेका थिए। वि.सं. १४०६ मार्ग शुल्क नवमीका दिन बङ्गालका सुल्तान समसुद्दिन इलियासले पशुपतिनाथ लगायतका क्षेत्रहरूमा आक्रमण गरे (खतिवडा, २०७७ : २६) । १३४८ ई. भन्दा पछि सुलतान समसुद्दीनले आएर नेपालको श्रीपशुपतिलाई तीन खण्ड पार्‍यो (ज्ञवाली, २०१९ : ६९)। गोपाल वंशावलीमा सुरतान समसदिन ... श्री पशुपति त्रिखण्डीकृता भनेर लेखिएको छ (रेग्मी, २०५८ : २८)। मुसलमानको आक्रमणमा मन्दिरमा आगो लगाइएको सम्भव छ। तर त्रिखण्ड पारिएको होइन भन्ने मत पनि यथावत छ। शिव लिङ्गलाई तीन टुक्रा पारिएको होइन भन्नेहरूले हाल पशुपतिको पश्चिमद्वार नेर रहेको मुख लिङ्ग, जसलाई प्राचीन पशुपति लिङ्ग मानिएको छ, त्यो नै गोपाल वंशमा स्थापना गरेको लिङ्ग हो भनिएको छ। आगो लाग्दा माथीका केही पाप्राहरू निस्किएका मात्र हुन् भन्ने दावी समेत गरिन्छ। विधर्मीले मन्दिरमा आगो लगाइदिएकाले उक्त लिङ्गलाई अशुद्ध भनेर हटाइएको बुझिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समसुद्दिन इलियासले आक्रमण गरेको पछि वि.सं. १४१७ सालमा राजा राजदेवका महाममन्त्री जयसिंहराम वर्धनले पशुपतिको जीर्णोद्वार गरी शिवलिङ्ग समेत प्रतिष्ठा गरेको ऐतिहासिक लिखत पाइएको छ (खतिवडा, २०७७ : २७)। पशुपतिनाथमा पहिलेदेखि रहेको शिवलिङ्ग नेपाल सम्वत ४७० मा समसुद्दिनले ध्वस्त गरेकाले वि.सं. १४१७ (नेपाल सम्वत ४८० मा महामन्त्री जयराम सिंह वर्धन (जयसिंह राम वर्धन) ले बनाउन लगाएका थिए। वि.सं. १४३८ पछि नेपालको शासक भएका जयस्थिति मल्लको समयमा जयसिंह रामवर्द्धनले समशुद्धिन इलियासको आक्रमणबाट खण्डित भएको पशुपतिको लिङ्ग फेरेर जीर्णाद्वार गरेका थिए (उपाध्याय, २०५१ : १२०)। तर यसवारेमा पशुपति त्यागटोल अभिलेखमा मा महामन्त्री चयासिंह राम वर्द्धन पशुपतिलिङ्ग स्थापनाचार भनिएको छ। यसको अर्थ पशुपतिको लिङ्ग स्थापना गर्ने भन्ने हुन्छ । पशुपतिको लिङ्ग राखन महामन्त्रीको नाममा केही फरक पर्न आएको देखिन्छ। सोही अभिलेखमा आचार्य राजध्य शर्माका बाजेलाई पशुपतिको चरणको सेवा गर्ने भनिएको छ (रेग्मी, २०५८ : ३९)। पशुपतिका पूजारीहरूको नियुक्ति गर्ने चलन समेत विभिन्न राजाहरूले आआफ्नै किसिमलगरेपनि पछि एकरुपमा भएको देखिन्छ।

राजा जयस्थिति मल्लले (पशुपति-जयवागीश्वरी) अभिलेखमा आफूलाई श्री श्री पशुपतिपाद्पंकरुहमधुलिट्ट र श्रमत्पाशुपताङघ्रिपङ्कजरज विशेषण लगाएका छन् (रेग्मी, २०५८ : २९)। वि.सं. १४७३ मा ज्योर्तिमल्लले पशुपति मन्दिरको पुन : जीर्णोद्वार गरेका थिए। वि.सं. १४८५ मा उपत्यकाको मल्ल राजगद्दीमा बसेका यक्षमल्लले पशुपतिको पूजाआजामा नयाँ व्यवस्था मिलाएका थिए। वंशावलीमा उल्लेख भए अनुसार यक्षमल्लले शङकराचार्य स्वामीदेखि दीक्षित भएर पशुपतिनाथमा दक्षिण भारतीय भट्ट ब्राम्हणबाट पूजा गर्ने व्यवस्था मिलाएको बुझिन्छ (दाहाल, २०५८ : ५९)। यक्ष मल्लले वसाएको उक्त परम्परा अहिलेसम्म कायम छ। वंशावलीमा उल्लेख भए अनुसार यक्ष मल्ल सधैं पशुपतिको दर्शन गरेर मात्र खाने गर्दथे। तर एकदिन वागमतीमा बाढी आएका हुँदापारि तर्न सकेनन् र दररबार फर्केर निराहार नै बसे। त्यसरात राजालाई सपनामा पशुपतिले दर्शन दिएर भक्तपुरमा नै मन्दिर बनाउने आज्ञा दिए भन्ने छ (दाहाल, २०५८ : ५९)। वि.सं. १५४१ मा शक्तिमा आएका काठमाडौंका राजा रत्न मल्ले दक्षिण भारतवाट तिर्थाटन गर्न नेपाल आएका स्वामी शेषरानन्द नामका ब्राम्हणलाई पशुपतिको पुजारीमा नियुक्त गरेका थिए (उपाध्याय, २०५१ : १२९)। स्वामी शेषरानन्दको प्रेरणा पाएर रत्नमल्ले पशुपतिमा दक्षिणकाली, सप्तर्षी र अष्टमातृकाको मूर्ति स्थापना गरेका थिए।

राजा शिवसिंह मल्लकी रानी गंगादेवीले पशुपतिको छाना भत्कन लागेको देखि पूरानो तीन छानोको सट्टा सुनको दुईतल्ले छाना हाल्न लगाई सुनको गजुर समेत चढाएकी थिइन् (उपाध्याय, २०५१ : १३४)। वि.सं. १६९८ मा राजा भएका प्रताप मल्लले पशुपतिको वासुकीनारायण मन्दिर र कोटिलिङ्गको स्थापना गरेका थिए (उपाध्याय, २०५१ : १४२)। वि.सं. १७५३ मा भूपालेन्द्र मल्ल र उनकी आमा ऋद्धिलक्ष्मीले कात्तिक महिनामा शुभ साइत हेराएर पशुपति मै बसी मन्दिरको गजुर झिक्ने र भत्काउने कार्य गरे। वि.सं. १७५४ बैशाख शुक्ल एकादशीका दिन मन्दिरमा गजुर चढाई सात महिना लगाएर जगैदेखि निर्माण कार्य सम्पन्न गरेको कुरा एउटा ठ्यासफुमा उल्लेख छ (टण्डन, २०५३ : १२३)। वि.सं. १७७९ मा काठमाडौंका राजा भएका जगज्जयमल्लले आफ्नो शासनकालमा बर्षौंसम्म अनिकाल तथा अनावृष्टि भइरहेकाले त्यसबाट मुक्ति पाउन राजाले पशुपतिमा महाभोग अर्पण र पशुपतिको पूजा चलाउन प्रशस्त जग्गा गुठी राखिएका थिए (उपाध्याय, २०५१ : १५१) । राजापरिवारदेखि रैतिसम्मले पशुपतिनाथका लागि विभिन्न सामग्री, भेटी चढाउने काम नियमित रुपमा हुँदै आएको छ।

मल्ल वंशका काठमाडौंका अन्तिम राजा जयप्रकाश मल्ल वि.सं. १७९२ मा राजा भएका थिए। उनले विभिन्न तिर्थस्थलहरूबाट शालीग्राम ल्याएर पशुपति क्षेत्रमा स्थापना गर्न लगाएका थिए (उपाध्याय, २०५१ : १५६)। पृथ्वीनारायण शाहले उत्यका विजय गर्दा काठमाडौंका अन्तिम राजा जयप्रकाश मल्ललाई उनको अन्तिम इच्छा अनुसार पशुपतिमा पठाइदिएको उल्लेख छ। जयप्रकाशको खुट्टाको घाऊको पीडाले त्यही वि.सं. १८२६ मंसिर १४ गते मृत्यु भएको थियो। यसरी पशुपतिनाथ त्यस्तो देवस्थल हो जहाँ राजाले समेत मृत्युको अन्तिम घडीमा बस्न जाने गर्दछन् भन्ने कुराको प्रमाण जयस्थिति मल्लको इच्छाबाट प्रमाणित भएको छ।

भूपालेन्द्र मल्लले निर्माण गराएको पशुपतिनाथको मन्दिरलाई भव्य पार्ने काम विभिन्न युगमा राजा र प्रजासबैबाट भइ, यस मन्दिरको वर्तमान स्वरुप बनेको हो (खतिवडा, २०७७ : २७)। मल्लकालमा राजा, रानी, मन्त्री र आम नागरिकहरूले समेत पटक पटक पशुपतिको जीर्णोद्वारदेखि पूजारी राख्ने, पशुपतिको ज्योर्तिलिङ्ग फेर्ने, सुनको छानो लगाउने लगायतका कामहरू भएको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निष्कर्ष

नेपाल र नेपालीहरूको सर्बभन्दा महत्वपूर्ण देशस्थलको रुपमा रहेको पशुपतिनाथ गोपालकालमा खनेर भेटिएको भएपनि यसको अस्तित्व परापूर्वकालदेखि रहेको थियो। शिवलाई नै पशुपतिनाथ भनिन्छ। बेलबेलामा शिवले विभिन्न पशुको शरीर धारण गरेर काठमाडौंको खाल्डोको वागमती किनाराको जङ्गलमा घुमफिर गरिराख्ने भएकोले पशुपति नामाकरण गरिएको हो । गोपालकालमा पशुपालन नै मुख्य पेशा भएकाले पनि शिवलिङ्गलाई पशुपतिनाथ भनिएको हो । पशुपतिनाथलाई नेपालका विभिन्न कालखण्डका शासकहरूले सबैभन्दा महत्व दिएर संरक्षण, जीर्णोद्वार गर्ने गरेको पाइन्छ। गोपालकालदेखि मध्यकालसम्म पशुपतिको लिङ्ग तीनपटक प्रतिष्ठापन गर्नुपरेको थियो । गोपाल वंशले प्रतिष्ठापन गरेको पशुपतिनाथमा किराँतहरूले समेत आफ्नो आकृति आउने गरी शिवलिङ्ग बनाएको तर लिच्छवीहरू शासनमा आएपछि किराँतहरूको आकृतिदेखिने शिवलिङ्गको साटो अर्को प्रतिस्ठापन गरेको र मध्येकालमा बंगालका मुश्लिम शासकले ओगोलगाई दिएको पशुपतिको लिङ्गलाई विधर्मीले विभाग गरेको भनेर अर्को शिव लिङ्ग प्रतिष्ठापन गरेको देखिन्छ। यसबाट वैदिक सनातन हिन्दू अधिराज्य नेपालले पालन पोषण गरेर पशुपतिनाथ कै आशिर्वादमा राज्यसञ्चालन गर्दैआएको अनुभुति नेपाली शासक र नागरिकलाई पार्न पशुपतिनाथको गाथा सफल भएको छ। पशुपति क्षेत्र विकास कोषले पशुपति क्षेत्रको पौराणिक तथा प्रमाणिक दस्तावेजका आधारमा पहिले पशुपतिनाथ मन्दिर भित्र रहेका तर विभिन्न आक्रमण र शासकको तत्कालिन विचारका कारण बाहिर राखिएका पुराना पशुपतिको लिङ्गहरूलाई प्राणप्रतिष्ठा गराउनु पर्दछ। यसले पशुपतिनाथको महिमालाई अझ बढाएर धार्मिक तथा पुरातात्विक अध्ययन र पर्यटनको लागि थप उन्नती प्रगती हाँसिल गर्न सकिन्छ।

सन्दर्भ ग्रन्थसूची

उपाध्याय, श्रीरामप्रसाद (वि.सं.२०५१), *नेपालको प्राचीन तथा मध्यकालीन इतिहास,* रत्न पुस्तक भण्डार।

कायस्थ, बलराम (वि.सं.२०७७), *प्राचीन तथा मध्यकालीन नेपालको इतिहास,* पल्लव पब्लिकेशन प्रा.लि. ।

कोइराला, कुलचन्द्र (वि.सं.२०५१), *नेपालका आराध्यदेव भगवान पशुपतिनाथ,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

ढकाल, पदीप (सं.,वि.सं.२०७७), *पाशुपत क्षेत्रको साँस्कृतिक सम्पदा (मूर्त र अमूर्त),* पशुपति क्षेत्र विकास कोष।

दाहाल, पेशल (वि.सं.२०५८), *नेपालको इतिहास र संस्कृति,* एम. के. पब्लिकेशन एण्ड डिष्ट्रीवयूटर्स।

न्यूजपोलर (वि.सं.२०७६), *यी हुन् पशुपतिनाथका बारेमा १० रोचक तथ्य, https://newspolar.com/archives/159558,* फाल्गुन २४ ।

नागरिक दैनिक (वि.सं.२०७५)), *काठमाडौं उपत्यकाकै प्राचीनतम धार्मिकस्थल, पशुपतिनाथ मन्दिर, https://nagariknews.nagariknetwork.com/arts/172497-1551599700.html?,* फागुन १९ ।

नाथ, योगी नरहरि (वि.सं. २०७०), *गोरक्ष- साम्यवाद,* योगी नरहरिनाथ स्मृति बृहदाध्यात्मिकपरिषदः ।

पौडेल, विदुरप्रसाद (वि.सं.२०७७), *पशुपतिनाथको पूजा उपासनामा श्रीयन्त्र,* बैशाख -जेठ, पृ. २९-३० ।

मिश्र, तीर्थप्रसाद र दाहाल, पेशल (वि.सं. २०५६), *नेपालको ऐतिहासिक रुपरेखा,* एम. के. पब्लिसर्स एण्ड डिष्ट्रीबयूटर्स।

रेग्मी, दगदीशचन्द्र (वि.सं.२०५८), *नेपालको धार्मिक इतिहास (प्राचीन र मध्यकाल),* त्रि.वि. पाठ्यक्रम विकास केन्द्र।

रेग्मी, रामराज (वि.सं.२०८०), *नेपाली लोकदर्शन,* नेपाल प्रज्ञा प्रतिष्ठान।

लोकपथ (वि.सं.२०७६), प्रकाशन समय : १३:३४, फाल्गुन २४ ।

वज्रचार्य, धनबज्र र मल्ल, कमल प्रकाश (१९८५), *गोपालराज वंशावली,* नेपाल रिसर्च सेन्टर।

सूचना तथा प्रसारण नेपाल परिचय (वि.सं.२०८०), नेपाल सरकार, सूचना तथा प्रसारण विभाग।

ज्ञावाली, सूर्यविक्रम (वि.सं.२०१९), *नेपाल उपत्यकाको मध्यकालीन इतिहास* (८७९ ई.देखि १७६८ ई. सम्म), रायल नेपाल एकेडेमी।

❖❖❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति धाम वरपर स्थापित उमामहेश्वरका प्रतिमाहरू

✍ वीणा पौडेल

पृष्ठभूमि

पशुपति क्षेत्र बिश्वका संपूर्ण हिन्दूहरूको लागि प्रमुख तीर्थ स्थल हो। एकपल्ट पशुपति मन्दिरमा पुगेर दर्शन गर्ने धोको संपूर्ण हिन्दूहरूको हुन्छ। धार्मिक र पर्यटकिय दुबै दृष्टिकोणबाट पशुपतिक्षेत्रको महत्व छ। आजकल पाशुपत क्षेत्र भन्नाले धुर्बस्थली, गुह्यश्वरी इलाका, चाबहिल लामपोखरी, कुटुबहाल, नवाली टोल, जय बागेश्वरी मन्दिर क्षेत्र, बत्तीस पुतली आदि लाइ बुझिन्छ। केहि समय पहिला पशुपतिक्षेत्र भन्नाले दोलखा र फट्केश्वर सम्म को इलाका लाइ लिइन्थ्यो। यस लेखमा पशुपति क्षेत्रका उमामहेश्वर प्रतिमाहरूको मात्रै उल्लेख गरिएको छ।

कला

मानिसले आफूलाई ब्यक्त गर्ने माध्यम मध्ये कला सबैभन्दा प्राचीन माध्यम हो। जंगलि अबस्था मा गुफामा बस्दा समेत मानीसले प्रकृतिमा भएका सुन्दर पशु, पंक्षी र बोट बिरुवा र फूलहरूको चित्र कोरेको थियो। युरोप, भारत र चीनका विभिन्न गुफाहरूमा पाइएका प्राचीन चीत्रहरूको अध्ययन गर्ने विज्ञहरूको भनाइ अनुसार अधिकांश चित्रहरू तालिम प्राप्त, सीपालु हातले कोरेको देखिन्छ भने केहि चित्रहरू सिकारु केटा केटीको सृजना जस्तो देखिन्छ। अधिकांश चित्रकला, मूर्तिकला र बास्तुकला पूर्णरुपमा धार्मिक छ। लौकिक कला हातको औला मा गन्न सकिने मात्र छ।

प्राण प्रतिष्ठा

मानब निर्मित मूर्तिमा प्राण प्रतिष्ठा को बिधान पूर्ण गरे पछि मात्रै पूजा योग्य मानिन्छ। प्राण प्रतिष्ठा, देव प्रतिष्ठा, जीव न्यास आदि विभिन्न शब्दले बुझाउने बिधान को उल्लेख, वेद, पुराण, पूजा मार्ग प्रदिप, संसार रत्नमाला, आदि ग्रन्थमा पाइन्छ। प्रस्तर, काठ, धातु आदि पदार्थ बाट निर्मित मूर्ति लाइ बिधिपूर्बक मन्त्रोचारण गरेर देवताका संपूर्ण अंग यो प्रतिमा मा आएर बसोस, देवताको वाणी ,स्वर, मन, र इन्द्रिय यस मूर्तिमा आएर चीरकाल सम्म बसोस भनेर बारंबार भनिन्छ। देवताको प्राण मूर्तिमा आएर बसोस भनेर बारंबार भनिन्छ। यसपछि १५ पल्ट ॐ मन्त्र उच्चारण गरेर संपूर्ण संस्कार बिधि पूर्ण गरिन्छ। पूजा गर्ने दुबो लाइ घिउमा चोपेर प्रतिमाको आँखामा छ्वाएर पनि प्राण प्रतिष्ठा को बिधान गरिन्छ। प्राय पूजा योग्य भएको मूर्ति लाइ प्रतिमा, बिग्रह, भन्ने शब्द प्रयोग गरिन्छ। देवताको स्वरुपमा कल्पना गरेर स्थापना गरिने सुपारी, शालिग्राँम आदिमा प्राण प्रतिष्ठा आवश्यक मानिदैन।

उमामहेश्वर प्रतिमा

भगवान शिवलाइ विभिन्न स्वरुपमा पूजा अर्चना गर्ने चलन छ। विभिन्न प्रकारका लिङ्ग आकृतिका प्रतिमा, लिङ्गोद्भव मूर्ति, नृत्य मूर्ति, संहार मूर्ति, कंकाल मूर्ति, भिक्षाटन मूर्ति, अर्धनारीश्वर मूर्ति, हरिहर मूर्ति, कल्याण सुन्दर मूर्ति, रावण अनुग्रह मूर्ति, किरातार्जुनीय मूर्ति, गजासुर संहार मूर्ति, सर्भेष मूर्ति, सदाशिव मूर्ति र उमामहेश्वर मूर्ति पर्दछन्।

नेपाली कलाकारले मनपराएका मूर्तिमा उमामहेश्वर मूर्ति पर्छ।

पशुपतिक्षेत्रमा, १) वरुण धारा, २) श्री राम मन्दिर ३) अमरकान्तेश्वर ४) राजराजेश्वरी घाट ५) नवालीटोल र ५) भस्मेश्वर मा भएका उमामहेश्वरका मूर्तिहरू चर्चित छन्।

१) पशुपति वरुण धाराको उमामहेश्वर

काठमाडौ उपत्यका भित्र चागुनारायणको छिन्नमस्ता मन्दिर, पाटनको चामुण्डा, काठमाडौं को सकोना, पाटन सिकुबहि, साँखुको दुगहिटी आदि स्थानमा उमामहेश्वरका प्राचीन मूर्तिहरुको दर्शन गर्न सकिन्छ।

पशुपतिक्षेत्रमा उमामहेश्वरका प्राचीन र सुन्दर मूर्तिहरु संरक्षित छन् ।जसमध्ये वरुणधाराको मूर्तिलाइ दोस्रो, तेस्रो

✍ *प्रा. डा. पौडेल, त्रि.वि. संस्कृति केन्द्रीय विभागका पूर्व विभागीय प्रमुख हुनुहुन्छ। Email: beenapoudyal@gmail.com*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



शताब्दीको मानिएको छ। लैनसिंह वांगदेलले तेस्रो, गोबिन्द टण्डनले दोस्रो, तेस्रो शताब्दीको मूर्ति भनेर वरुण धाराको उमामहेश्वर मूर्तिको उल्लेख गर्नु भएको छ, जुन ठीक हो। पाटन चामुण्डा को जस्तै तर आकारमा ठूलो यो मूर्ति खिइएको भए पनि शारिरीक बनोट र बसाइको ढाँचा बाट उमामहेश्वरको हो भन्ने प्रष्ट छ। शिव पार्वतीको पृष्ठभूमि मा नन्दिको स्वरुप प्रष्ट छ, तर गणहरु, कुमार, गंगा यसमा केहि पनि बनाइएको छैन। उमा र महेश्वर दुबैको मुहार खण्डित भएकोले भानभंगीको बर्णन गर्न सकिदैन तर अन्य उमामहेश्वर मूर्तिमा जस्तै पार्वतीको प्रेमिल हेराइ र भाबको अनुमान सहजै गर्न सकिन्छ। शिवको धोतिको मुजा प्रष्ट छ, पार्वतीको धोति को अनुमान गर्न सकिन्छ। शिवको घाँटीको कण्ठहार, कानका ठूला कुण्डल, जटामुकुटको शैली बलम्बूर राष्ट्रिय नाचघरको शिवको जस्तै छ। अन्य केहि शिव मूर्ति मा जस्तो नन्दि माथि कुमार को प्रस्तुति यहाँ देखिदैन।

२) मृगस्थलि राम (विष्णु) मन्दिरको पूर्बमा स्थित उमामहेश्वर

शैली, अभिलेख र स्थानको हिसाबले यो उमामहेश्वर मूर्तिको बिशेष स्थान छ। उमामहेश्वरको मूर्तिको बिकाशक्रममा यसमा गणहरुको प्रस्तुति देखिन्छ। बाजा बजाउँदै, नाच्दै गरेका तीनजना गणहरुको उपस्थिति यस मूर्तिफलकमा देखिन्छ। यसमा गणेश कुदिएको छैन, कुमारलाइ नन्दि भन्दा तल बेग्लै आसनमा देखाइएको छ। फलकको सबैभन्दा माथि दुईजना शिव गण र पार्वती पट्टी चारवटा हात भएकी अनुचर देखाइएको छ। पार्वतीको अनुचरको मुहार ताछिएकोले भावभंगी बताउन सकिदैन तर उनले हातमा लिएको चमर र कम्मरमा भिरेको सानो तलवारको आकार बुट्टा प्रष्ट छ। शिव, पार्वतीको पाखुराको कयुर, नाडीका बाल निकै आकक छ। पार्वतीको कम्मरको कम्मर पेटी, गोडाको कल्ली र धोतिको बुट्टा बनाउन कलाकारले गरेको मेहनत प्रष्ट देखिन्छ।

३) पशुपति, अमरकान्तेश्वरको उमामहेश्वर मूर्ति फलक

अमरकान्तेश्वरको उमामहेश्वर

पशुपति, अमरकान्तेश्वरमा सुन्दर कलाकृतिले पूर्ण उमामहेश्वरको मूर्ति फलक छ। यस फलकमा १८ जना शिव परिवारका सदस्यहरु बिभिन्न कार्यमा ब्यस्त रहदै नाच्दै, गाउदै रमाईलो गरेको दृश्य सजीव ढंगले दर्शाइएको छ। मूर्तिफलकको सबैभन्दा माथि बीच भागमा गंगा मातालाइ सुन्दर स्त्रीस्वरुपमा कुदिएको छ। नेपालका प्राचीन उमामहेश्वर मूर्ति फलकमा छत्र र गंगामाताको उपस्थिति देखिदैन, नबौ शताब्दी पछिका मूर्तिमा गणहरुको संख्यामा वृद्धि सँगै गंगा माता, कुमार र गणेश को प्रस्तुति बढ्दै गएको देखिन्छ। प्राचीन मूर्तिहरु सरल र सजीव छन्, कालक्रममा जटील बन्दै गएको देखिन्छ। कलापारखीहरुले उपत्यकामा आज सम्म भेट्टीएका उमामहेश्वमूर्तिहरु मध्ये सबैभन्दा सुन्दर मूर्ति भनेर यस मूर्ति को प्रशंसा गरेका छन्। यति सुन्दर मूर्ति बिशाल भारतमा पनि देखिएको छैन। आकारको हिसाबले नेपाल भन्दा भारतमा उमामहेश्वरका ठूला मूर्ति छन् तर कलाको दृष्टिकोण बाट त्यति चर्चित छैनन।

यस उमामहेश्वर मूर्ति फलकको सबैभन्दा तल्लो भागको बीचमा गणनायकको रुपमा गणेश लाइ गोडा उचालेर मग्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
भएर नाच्न लागेको देखाइएको छ, चराहरु र पशुहरुको मुखाकृति भएका गणहरुले बिभिन्न प्रकारका बाजाहरु बजाएर माहौल रमाईलो बनाएका छन्। काठमाडौका अधिकांश उमामहेश्वर मूर्ति फलकमा ऋषि भृगीं लाइ अंकीत गरिन्छ। पुराण मा अन्धक राक्षस तपस्याको फल द्वारा ऋषि भृगींको स्वरुपमा जन्मिएको उल्लेख छ। शिवपुराणमा उल्लेख गरे अनुसार अन्धकले कठीन तपस्या गरेर शिव भगवानलाइ प्रसन्न पारेर पुन ऋषि भृगींको रुपमा जन्म पाएका थिए। भृगीं लाइ दुब्लो पातलो करंग मात्रै भएको, ३ खुट्टा भएको स्वरुपमा देखाउने बिधान पनि छ। प्रतिमा विज्ञानको पुस्तकमा निर्देशन गरिएका संपूर्ण नियम पालन गरेर कुदिएको मूर्ति हो यो अमरकान्तेश्वरको उमामहेश्वर फलक।

यस मूर्ति फलकको बीचको भाग प्रमुख भाग हो। शिव र पार्वती छुट्टा छुट्टै आसनमा आकर्षक ढंगले बसेका छन्, शिवको जटामा चन्द्रमा, शिर पछाडि ज्वाला भएको प्रभामण्डल, गलामा हार, पाखुरामा सर्पको बाजु सबै मिल्दोढंगले कुदिएको छ। शिवको पछाडिको दुई हातमा जपमाला र त्रिशुल, अगाडिको दुई हातमा विभूतिको डल्लो र कमण्डलू देखाइएको छ। कमण्डलु लिएको हातले नै पार्वतीको कुममा हल्का ढंगले अड्याएको देखिन्छ। पार्वतीको साज सज्जा मध्ये घुमारिएको कपाल र जुरो सारै आकर्षक छ। घाँटीमा दानेदार माला, नाडीमा मीलेका चुरा र बुट्टे पाउजुले गर्दा पार्वतीको सौन्दर्यमा वृध्दि भएको छ। पुष्ट स्तन, छिनेको कम्मर, सरल्क परेका हात, गोडा, मीलेको पुट्ठा, आदि देख्दा सफल कलाकार लाइ शरीर विज्ञानको राम्रो ज्ञान भएको प्रष्ट हुन्छ। पार्वतीले देब्रे खुट्टा आधा भाचेर त्यसमा आ नो देब्रे हात अड्याएकी छिन, त्यही हातमा सुगा चरो आकर्षक ढंगले बसेको दृश्य मनमोहक छ। पार्वतीले दाहिने गोडा बसेको चकटीबाट तल भुइँमा झारेकी छिन। तल झारेको गोडा भुइंमा पर्ला भनेर सानी सेबीकाले बसेर आ नो हातमा थापेको दृश्य सारै रोचक र जीबन्त छ। संपूर्ण मूर्ति फलकमा चट्टानको दृश्य कुदिएको छ। शिवका गणहरु(चार चार वटा बाहु भएका) पहाडबाट निस्कन लागेको जस्तो भान पार्न कलाकार सफल भएका छन्।यस मूर्ति फलकको दायाँ पट्टि घोडा चढेको जस्तो गरेर कुमार नन्दिको घाँटीमा चढेका छन्। कुमारको गोडा भूइँमा नलत्रियोस भनेर सेवकले दुबै हात जोडेर थापेका छन्।

मूर्तिको शैलि र भावभंगी देख्दा यसलाइ कला पारखी विज्ञहरुले नवौं, शताब्दी को मानेका छन्।

४) राजराजेश्वरी मन्दिर परिसरको उमामहेश्वर

राजराजेश्वरी मन्दिर परिसर को भित्तामा एउटा सुन्दर उमामहेश्वर के मूर्तिको दर्शन गर्न सकिन्छ। विज्ञहरुले यस मूर्तिफलकलाइ दसौं शताब्दिताकाको मानेका छन्। यस फलकमा शिव परिवारका सम्पूर्ण सदस्यहरु , तल्लो खण्डमा आठजना गणहरु, शिव र पार्वतीका रक्षकहरु, सेबिकाहरु, परि, गंगा मात र सूर्य चन्द्र बिम्ब समेत गरेर २३ जनाको आकृति कुँदिएको छ। सुन्दर ढंगले मसिनो बुट्टा कुदिएको दुईवटा बेग्ला बेग्लै चकटीमा शिव र पार्वती आकर्षक ढंगले बसेका छन्। पार्वतीको दुई र शिवको चार वटा बाहू बनाइएको छ। शान्तमुद्रामा बसेका शिवले शिरमा मुकुट, कानमा कुण्डल, गलामा हार, पाखुरामा सर्पको बाजु पहिरेका छन्। शिवको कम्मर भन्दा माथिको भाग नांगो छ, कम्मरभन्दा तल पारदर्शी धोती आकर्षक कम्मर बन्धले बाधिएको छ। शिवको बायाँतर्फ शिव संगै टासिएर पार्वती बसेकी छीन पार्वतीको बसाइ आकर्षक छ। स्त्री सौन्दर्य झल्काउन कलाकारले मेहनत गरेको देखिन्छ। पार्वती संगै बसेकि सेबिकाले पार्वतीलाइ लामो डाठ भएको कलात्मक छाता ओडाइरहेकि छिन। नन्दिको दाया तर्फ कुमार बायाँ हातमा लामो दण्ड लिएर बसेका छन्। कुमारको शिर पछाडिको प्रभावलि र उनको वाहन मयूर पखेटा फिजाएर बसेको दृश्य रोचक छ। कुमारको नजीकैं गणेशको बहान मूसा हात जोडेर बसेको दृश्य सारै रमाईलो छ। फलकको सबैभन्दा माथि छत्र, परी, गंगा, र सूर्य चन्द्र बिम्ब पनि मीलाएर कुँदिएको छ, फलकको बीचमा नभएर दायाँ तर्फ गंगालाइ स्त्री रुपमा देखा इएको छ। समग्रमा भन्नु पर्दा दसौं शताब्दीको यो मूर्ति नेपाली कलाको बेजोड नमूना हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

नेपाली कलाको सुन्दर उदाहरण हो, उमामहेश्वर मूर्तिफलकहरु।

पशुपतिक्षेत्रको आकर्षण हो उमामहेश्वर मूर्तिहरु।

भक्त र पर्यटक दुबैको रोजाइमा पर्ने कला हो उमामहेश्वर मूर्तिहरु।

मूर्त र अमूर्त संस्कृतिको सुन्दर उदाहरण हो उमामहेश्वर मूर्ति।

संरक्षणको पर्खाइमा बसेका छन उमामहेश्वर मूर्ति,

तात्कालिक समयको सुन्दर बास्तुशैलिमा निर्मित मन्दिरको गर्भगृहमा स्थापित भएर पूजा को प्रतिक्षामा बसेका छन् उमामहेश्वर मूर्ति।

सुरक्षित रुपमा पूजीत हुने पर्खाइमा छन् उमामहेश्वर मूर्ति फलक।

सन्दर्भ ग्रन्थसूची

खत्री प्रेमकुमार, पौड्याल वीणा र अन्य (वि.स. २०८१), *नेपाल को सांस्कृतिक इतिहास,* काठमाडौ, नेपाल प्रज्ञा प्रतिष्ठान।

पौड्याल वीणा (वि.स. २०६०), *काठमाडौ उपत्यकाका प्रमुख उमामहेश्वर र भैरब मूर्तिहरू,* काठमाडौ, साझा प्रकाशन।

Slusser shepherd Mary (1998), *Nepal Mandala* Vol 2, Kathmandu, Mandala book point.

❖❖❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री पशुपतिनाथको उपासना

✍ सन्दीप सापकोटा

विषयप्रवेश

कृष्णयजुर्वेदीय तैत्तिरीय शाखाका अतिविशिष्टतम् उपासना पद्धति र वैदिक ऋचाहरूका साथै आगम र तन्त्रशास्त्रका अत्यन्त रहस्यमय एवं गुह्यतम मन्त्र, यन्त्र र पूजा विधानद्वारा उपास्य रहने कामकलायुक्त त्रिविन्दुले युक्त जलहरीमाथि राज हुनुभएका सर्वाम्नायका स्वामी भगवान् श्रीपशुपतिनाथको पूजा पद्धतिमा निगमागमको मिश्रमार्गको प्रयोग हुने गरेको छ। यसप्रकारको पूजाविधानमा अत्यन्त गूढ शास्त्रीय दर्शन, जटिलतम साधनापक्ष र वैज्ञानिक वैशिष्ट्य अन्तर्निहित रहेको छ। यसरी सम्पादन गरिने पूजाको वैशिष्ट्य र गाम्भीर्यले नै राष्ट्रदेवको शास्त्रीय र लौकिक महत्त्वका बारेमा थप विषयबोध गराउँदछ। यस लेखमा भगवान् श्रीपशुपतिनाथको उपासनाका विविध पक्षहरूमाथि चञ्चुप्रवेश गरिएको छ।

भगवान् श्रीपशुपतिनाथको उपासनामा वैदिक मान्यता

वेदलाई अनादि (सनातन), अपौरुषेय, दोषरहित र सुव्यवस्थित शास्त्रको रूपमा सनातनीहरूले लिइआएको पाइन्छ। शुक्लयजुर्वेदाचार्य डा. आमोदवर्धन कौण्डिन्न्यायनले वेदलाई चार पुरुषार्थमध्ये विशेष गरी धर्म र मोक्षका विषयमा र तिनका अनुकूल रूपमा अर्थ र कामका विषयमा पनि ज्ञान दिने, अनादि कालदेखि गुरुशिष्यका परम्पराले आएको, गुरुले शुद्धकुलीन द्विजातिलाई विधिपूर्वक पढाइने तथा ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार प्रकारमा बाँडिएको शब्दराशिलाई वेदको रूपमा परिभाषित गरेका छन्। यसैलाई थप स्पष्ट गर्दै उनी लेख्छन् – वेदमा शब्द अर्थको वाचकका रूपमा मात्र नरहने अपितु त्यसमा अरू महत्त्वपूर्ण कुरासमेत निहित हुने हुनाले वेदमा शब्द र शब्दक्रम पनि अपरिवर्तनीय हुन्छन्। (कौण्डिन्न्यायन, २०८०, पृ. २) मन्त्र र ब्राह्मण भन्ने प्रमुख दुई विभाग प्रत्येक प्रकारका वेदमा हुन्छन्। त्यसैले मन्त्र र ब्राह्मण वेद हो भन्ने पनि गरिन्छ — "मन्त्रब्राह्मणयोर्वेदनामधेयम्" (आपस्तम्बश्रौतसूत्र २४।१।३१, कातीयप्रतिज्ञासूत्र १।२)। प्रायः वैदिक कर्ममा प्रयोग गरिने वेदवाक्यलाई मन्त्र र त्यसको व्याख्या गरिएको वेदभागलाई ब्राह्मण भन्दछन्। मन्त्र ऋक् यजुः र साम गरी तीन प्रकारका छन्। छन्दोबद्ध मन्त्र ऋक्, गद्यवाक्य यजुः र गीति साम भनिन्छन्। वेदका मन्त्रसंहितामा विभिन्न कर्ममा प्रयुक्त हुने मन्त्रहरूको सङ्कलन हुन्छ भने ब्राह्मणग्रन्थमा वैदिक यज्ञहरूको विस्तृत विधान गरिएको हुन्छ। श्रौतसूत्रमा चाहिँ ती यज्ञहरूको प्रयोग गर्ने विधि र क्रम बताइएको हुन्छ। जन्मदेखि मृत्युसम्मका संस्कारहरूको र गृह्ययज्ञहरूको साङ्गोपाङ्ग विधि बताउने मूल शास्त्र गृह्यसूत्र हो। वैदिक सनातनीहरूका धार्मिक नियमहरूचाहिँ धर्मसूत्रमा बताइएका हुन्छन्। मुख्यतया वेद भन्नाले मन्त्रसंहिता र ब्राह्मणग्रन्थ बुझिने भए पनि कुनै एउटा वेदका शाखाभित्र वेदमन्त्रसंहिता, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र, प्रातिशाख्य र परिशिष्टग्रन्थहरूको समूह हुन्छ।

आफ्ना शाखाका श्रौतसूत्र, गृह्यसूत्र र धर्मसूत्रसमेतका सूत्रग्रन्थहरू वेदमन्त्रसंहिता र ब्राह्मणग्रन्थजस्तै गुरुमुख गरी विधिपूर्वक अध्ययन गरिने हुनाले वैदिक परम्परामा अरू शाखाका वेदभन्दा पनि वलिया प्रमाण मानिन्छन् र संस्कार तथा आचारका मूल ग्रन्थका रूपमा अनुसरणीय हुन्छन्। (कौण्डिन्न्यायन, २०८०, पृ. ४) वैदिककालमा ऋग्वेदका एक्काइस, यजुर्वेदका एकसय एक (शुक्लयजुर्वेदका १५ र कृष्णयजुर्वेदका ८६), सामवेदका एकहजार र अथर्ववेदका नौ गरेर जम्मा ११३१ वटा शाखाहरू प्रचलनमा रहेका थिए। वर्तमानमा शुक्लयजुर्वेदका प्रमुख २ शाखाहरूः माध्यन्दिनीय र काण्व शाखाहरू एवं कृष्णयजुर्वेदका प्रमुख चार शाखाहरूः तैत्तिरीय, मैत्रायणीय, काठक र कपिष्ठ–कठ शाखाहरू प्रचलनमा रहेका छन्। वर्तमानमा नेपालमा शुक्लयजुर्वेदका दुईवटै शाखाहरू र सामवेदका केही शाखाहरू मात्र प्रचलनमा छन्। (प्रा.डा. प्रमोदवर्धन कौण्डिन्न्यायनसँगको कुराकानीमा आधारित)। शुक्लयजुर्वेदका माध्यन्दिनीय र काण्व शाखा दुई शाखाका शाखाध्यायीहरूले श्रावणशुक्लपूर्णिमामा गर्ने उपाकर्मको विधि सामवेदअन्तर्गतका शाखाध्यायीले उपाकर्म भाद्रशुक्लपञ्चमीमा गर्ने गरेको बुझिन्छ, तर नेपालका सामवेदका शाखाध्यायीहरूले अरूसँग अर्थात् नेपाली शुक्लयजुर्वेदीहरूसँग आफ्नो व्यवहार मिलाउनका लागि जनैपूर्णिमाको दिनमा नै उपाकर्मको विधान सम्पादन गर्ने गरेको पाइन्छ। ऋग्वेद र अथर्ववेदका शाखाध्यायी नेपालमा रहेनरहेको हालसम्म

✍ संदीप सापकोटा, तन्त्रचर्चा परिवार का संयोजक हुनुहुन्छ। Email: sapkotasandip6767@gmail.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थाहा पाइएको छैन। सामान्य जानकारीका लागि यजुर्वेदका शाखाहरूको बारेमा तालिका प्रस्तुतीकरण गरिन्छ।

शुक्लयजुर्वेद					
शाखा	**संहिता**	**ब्राह्मण**	**आरण्यक**	**उपनिषद्**	**कैफियत**
माध्यान्दिनीय-वाजसनेयी शाखा	नेपालका प्रायशः सबै र उत्तर भारतका ब्राह्मणहरू	माध्यान्दिनीय शतपथब्राह्मण	शतपथब्राह्मण अन्तर्गतको १४।३-८ सम्म (स्वरचिह्नको साथ)	बृहदारण्यकोपनिषद्	ईशावास्योपनिषद्
काण्व शाखा	दक्षिण भारतका ऐयर, उत्कल, कन्नडका ब्राह्मणहरू	काण्व शतपथब्राह्मण	काण्वब्राह्मण अन्तर्गतको १६ अध्याय	बृहदारण्यकोपनिषद् ईशावास्योपनिषद्	

कृष्णयजुर्वेद					
शाखा	**संहिता**	**ब्राह्मण**	**आरण्यक**	**उपनिषद्**	**कैफियत**
तैत्तिरीय	तैत्तिरीयसंहिता कोङ्कण क्षेत्रमा प्रचलित		तैत्तिरीय आरण्यक	तैत्तिरीयोपनिषद्	
मैत्रायणीय	मैत्रायणीय संहिता (नासिकका ब्राह्मणहरूबाट पठित)		कठ आरण्यक	मैत्रायणीयोपनिषद्	
काठक				कठकोपनिषद्	
कपिष्ठकठ	कपिष्ठल-कठ संहिता				

हाल भगवान् श्रीपशुपतिनाथको उपासना कृष्णयजुर्वेदको तैत्तिरीय शाखाको विधिविधान अनुसार हुने गरेको पाइन्छ । कृष्णयजुर्वेदका शाखाको प्रचलनमा राजोपाध्याय ब्राह्मणहरूमा प्राचीनकालमा रहेको सुनिन्छ, तर यथेष्ठ प्रमाणको आधारमा सोको पुष्टि हुननसकेको स्थिति रहेको छ। सोकै सदृश मैथिल ब्राह्मणहरूमा पनि कृष्णयजुर्वेदीय तैत्तिरीय शाखाध्यायीहरू रहेको भन्ने विषय कर्णगोचर भएको छ, यद्यपि यो विषय अनुसन्धेय रहेको छ। तैत्तिरीय शाखाका अध्यायीहरू नेपालमा नपाइएका हुँदा दाक्षिणात्य भारतीय भट्टहरूले पशुपतिनाथको उपासना गर्दै आएका छन्। नेपालको पशुपति ज्योर्तिपीठमा कृष्णयजुर्वेदी तैत्तिरीय शाखाध्यायी भइकन आगममा श्रीविद्यार्चनाधिकार पाएका द्रविण ब्राह्मणहरूलाई नै अर्चक नियुक्त गरिनु अनुशीलनीय छ। शिवस्व, देवस्व वा राजस्वको अवियोग, अशौचको मान्यता, आमिषभोजी निषेध लगायतका विषयले यस विषयलाई थप अनुसन्धेय बनाएको छ।

पशुपतिनाथको पूजाहारीको नियुक्तिका लागि भौगोलिक पक्षलाई अत्यन्त महत्त्वपूर्ण आधारका रूपमा लिने गरिएको पाइएको छ, यस विषयमा थप अनुसन्धानको आवश्यकता रहेको छ। दक्षिणभारतको पञ्चद्रविड ब्राह्मण कुलमा जन्मेका जन्मसिद्धि हिन्दू ब्राह्मण मात्र पशुपतिनाथको पुजारीको रूपमा नियुक्त हुन सक्दछन्। यथा-

कर्नाटकमहाराष्ट्रा आन्ध्राद्रविडजातिजाः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विन्ध्याद् दक्षिणतो जातीः प्रायश्चित्तं विधाय च ॥

अर्चां पशुपतेश्चैव मरणान्तञ्च पूजयेत् ।

मृतस्तादृश एवान्यश्चाधिकारी तदा भवेत् ॥

(पशुपति दर्शन, सोमयाजी, २०५६)

(भावार्थः विन्ध्याचल पर्वतको दक्षिणमा जन्म लिएका कर्नाटक, महाराष्ट्र, आन्ध्र तथा द्रविणदेशका सपत्नीक गृहस्थ ब्राह्मणले प्रायश्चित्त पूर्वक श्रीपशुपतिनाथको पूजाहारी हुनुपर्ने प्रचलन रहेको छ र उपयुक्त भनाइ विभिन्न वंशावलीमा समेत उल्लेख रहेको छ।)

भट्ट शब्द संस्कृत भाषाको भर्तृ शब्दबाट प्राकृत भई प्रयोग भएको मानिन्छ, जसको अर्थ विद्वान्, पण्डित, प्राज्ञ आदि हुन्छ। पशुपतिनाथका दाक्षिणात्य ब्राह्मणहरूको वास्तविक थर भट्ट होइन। यो केवल उपाधि मात्र हो। यसरी नियुक्त हुने ब्राह्मणहरूको थर र गोत्र छुट्टाछुट्टै रहन सक्दछ। (कोइराला, २०५१, पृ.४७८) पशुपतिनाथको प्रधानार्चकलाई रावल पनि भन्ने गरिएको पाइन्छ। मूलभट्टले औपचारिक लेखनमा रावल शब्दको प्रयोग गर्ने गर्दछन्। वंशावलीमा भट्ट पूजाहारीभन्दा पहिले मूल पूजाहारीहुने व्यक्तिहरू तान्त्रिक, साधक, विद्वान् वा सन्यासी नै देखिन्छन्, जसलाई रावल भन्ने सम्मानित पद र विशेष अधिकार पनि दिएको कुरा अन्वेषणबाट थाहा पाइन्छ। (भाषा वंशावली, राष्ट्रिय अभिलेखालय र देवमाला वंशवली, योगी नरहरिनाथबाट प्रकाशित)

पशुपतिका पूजाहारीहरूको जेसुकै थर भएपनि जनजिब्रोले भट्ट भन्न रुचाएको देखिन्छ। (डा. गोविन्द टण्डन, पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन, संवत् २०५३, उद्धृत पृ. २२१) श्रीपशुपतिनाथमा नियमअनुसार भट्ट पूजाहारीहरूको रूपमा नियुक्त हुने व्यक्तिले आफ्नो थर जेसुकै रहेतापनि आफ्नो थरलाई भट्ट नै लेख्ने गरेको पाइन्छ। यद्यपि आफ्नो थर नै लेख्ने भट्टहरू पनि नभएका पनि होइनन्। पशुपतिनाथको दक्षिणपट्टीको उन्मत्त भैरवको स्थापना गर्ने दाक्षिणात्य पूजाहारी नारायण भट्टले आफ्नो गोत्र बाधूल भएको र जन्मस्थान भारतको उडिसा प्रान्त रहेको उल्लेख एक शिलालेखमा गरेका छन्। (कुलचन्द्र कोइराला, नेपालका आराध्य देव भगवान श्रीपशुपतिनाथ, संवत् २०५१, उद्धृत पृ.४७९) अतः भट्ट शब्दले कुनै थरगोत्र नजनाई विशेष उपाधि जनाउने गर्दछ।

पशुपतिनाथका पूजाहारीहरूलाई भट्ट भनिएझैँ श्रीपशुपतिनाथलाई परमभट्टारक वा भट्टारक र पशुपतिनाथको शिरमा आराध्य रहने श्रीशक्तिश्वरीलाई पराभट्टारिका वा भट्टारिका भनेर आगम पूजापद्धतिहरूमा उल्लेख गरिएको पाइन्छ। परमभट्टारकको अर्थ परमस्वामी र पराभट्टारिकाको अर्थ परमस्वामिनी हो। यसरी भट्टको मालिक नै परमभट्टारक पशुपतिनाथ हुनुहुन्छ र भट्टहरूको प्रख्यापनका कारण हुनुहुन्छ। यहाँनेर भट्टलाई परमात्मा (पशुपति) र आत्मा (पशु)को सेतुको रूपमा बुझ्न जरूरी छ।

श्रीपशुपतिनाथको तान्त्रिकोपासना

शक्ति उपासनाको अविच्छिन्न परम्परा रहेको नेपाललाई मेरूतन्त्र, कुब्जिकातन्त्र, मन्थानभैरव, तन्त्रचूडामणि, शाक्तानन्दतरङ्गिणी, बृहन्नीलतन्त्र, महापीठ निरूपण आदि आगमग्रन्थहरूले तन्त्रको सिद्धपीठको रूपमा प्रस्तुत गरेको छ। (उपाध्याय, २०६२, पृ. ३६८) उड्डीयाण, कामरूप, पूर्णगिरि र जालन्धर आदि पीठहरूको वर्णन शास्त्रमा पाइन्छ। त्यस्तै वाराणसी, ज्वलन्ती, मायावती, मधुपुरी, अयोध्या र काञ्चीकामाकोटीलाई उपर्युक्त चार पीठहरूमा सम्मिलित गरेर दशपीठहरूको वर्णन पनि शास्त्रमा पाइन्छ। यथाक्रमले पचास, एकाउन्न, चौउन्न, एकसय आठ आदि भिन्न भिन्न संख्यामा पीठहरूको निर्देश पुराणहरू र आगमग्रन्थहरूमा गरिएको छ। (उपाध्याय, २०६२, पृ. ३६९) शास्त्रमा उत्तमोत्तम शाक्तपीठको रूपमा वर्णित नेपालमा सम्पूर्ण पशुहरूका मालिक, पार्थिव जगत्का अधीश्वर र कल्याणका प्रतिमूर्ति भगवान् श्रीपशुपतिनाथको अवस्थिति रहेको छ। यथा–

नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले।

लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिरोभागस्वरूपेण शिवलिङ्गं तदस्ति हि ॥ - शिवपुराण कोटीरुद्रसंहिता १३ । १३-१९

भगवान् परम शिवका मुखारविन्दबाट निस्केको (भगवान् शिवले आफ्ना सद्योजात, वामदेव, अघोर, तत्पुरुष, र ईशान यी पाँच मुखबाट उपदेश गर्नुभएको अथवा कालाग्निरुद्र समेत छ मुखबाट समेत उपदेश गर्नुभएको भगवती पार्वतीले शिष्यभावमा रहनुभएर प्राप्त गर्नुभएको - सिक्नु वा सुन्नुभएको, वासुदेव श्रीविष्णुले पनि मान्नुभएको) शास्त्र नै आगम वा तन्त्रशास्त्र हो। (उपाध्याय, २०६२ : पृ.

१३) यथा-

आगतं शिववक्त्रेभ्यो गतं च गिरिजामुखम्।

मतं च वासुदेवस्य तस्मादागम उच्यते ॥ (सर्वोल्लासतन्त्र १५/८/२) तथा वाराहीतन्त्र, पाशुपतसूत्र लगायत।

गुरुशिष्यपदे स्थित्वा स्वयं देवः सदाशिवः।

प्रश्नोत्तरपरैर्वाक्यैस्तन्त्रं समवतारयत् ॥ (महास्वच्छन्दतन्त्र)

'आसमन्ताद् गम्-आगच्छति-शिवमुखान्निर्गच्छति' अर्थात् शिवको मुखबाट निस्केको शास्त्र आगम हो भन्ने कुरा शिवसिद्धान्तशास्त्रको पनि निष्कर्ष हो। (पञ्चार्थी भाष्यसहित पाशुपतसूत्र) आगमशब्दमा रहेका अक्षरहरू मध्ये आ- अक्षरले पाश वा पाशो, ग- ले पशु र म- ले पति अर्थात् पाश, पशु र पति यी तीन तात्त्विक पदार्थहरूको प्रतिपादन गर्ने शास्त्र नै आगम हो, अथवा आ- बाट शिवविज्ञान, ग- बाट मोक्ष र म-बाट पति बुझिने हुँदा शिवविज्ञानको साङ्गोपाङ्ग चर्चा, मोक्ष साधनाको उपाय र पति स्वरूपको विमर्श वा विचार आगम शास्त्रमा पाइन्छ। यी माथिका आगमशब्दका परिभाषाहरूबाट भगवान् शिवसम्बन्धी ज्ञान, मोक्ष र ईश्वर (परमेश्वर, पति) सम्बन्धी विचार आदि प्रतिपादन गरिएको शास्त्र आगम स्वयं भगवान् शिव भनौं वा भगवान् पशुपतिकै मुखारविन्दबाट सर्वप्रथम उपदिष्ट भएर गुरूपरम्पराबाट प्राप्त हुँदै जनसामान्य सामु आएको कुरा स्पष्ट हुन्छ। फेरि आगममा पति, पशु र पाश यी तीन पदार्थको साङ्गोपाङ्ग विश्लेषण गरिएको र यिनको ज्ञानबाट पतिका कृपाले पशु-अज्ञानी पुरुषहरू पाश अज्ञानको पाशोबाट मुक्त हुने हुँदा आगमलाई नै पाशुपतशास्त्र, पाशुपतसिद्धान्त वा शैव ज्ञान भनिएको हो। (भट्ट, २०८०, पृ.१२)

नेपालको मूल तन्त्र परम्परा शाक्तचारले अभिसिञ्चित छ, सोको प्रत्यक्ष प्रतिबिम्बन भगवान् श्रीपशुपतिनाथको पूजामा पनि नपरेको होइन। तन्त्रका सन्दर्भमा शक्तिपूजाको पनि चर्चा गर्न आवश्यक यहाँनेर पाशुपतपूजामा क्रम परम्पराका बारेमा चर्चा गरिएको छ। शाक्ताचारअन्तर्गत नेपालमण्डलमा क्रमाम्नायको अत्यन्त सूक्ष्म अभ्यास भइरहेको तथ्य यहाँनेर उल्लेख गर्नु वाञ्छनीय नै हुन्छ। भारतलगायत अन्यत्रका परम्परामा एकैपटकमा कुनै एक स्वेष्टदेवताको दीक्षा लिएर आजीवन साधना गर्ने प्रचलन रहेको छ र सोको निरन्तरतालाई नै क्रमका रूपमा व्याख्या गर्ने गरिएको पनि पाइन्छ। यद्यपि अन्यत्रका परम्परामा क्रमलाई नै प्रत्यभिज्ञ, काश्मिरी शैव, त्रिकदर्शन, कुलदर्शनलगायतको अवान्तर भागको रूपमा लिने गरेको पनि पाइन्छ। सामान्यार्थमा क्रम भन्नाले नरोकिई चल्दै आउने प्रक्रिया वा सिलसिलालाई बुझाउँछ। 'क्राम्यते क्रमते वा सर्वं' विग्रहमा कर्त्रर्थक 'अच्' प्रत्यय र 'क्राम्यन्ति वस्तूनि जडाजडसाधारणानि यस्मिन्' विग्रहमा 'घ' प्रत्यय लागेर क्रम शब्दको निर्माण हुन्छ। (लामिछाने, २०७९, पृ.६१) काललाई गतिशीलता प्रदान गर्ने स्वयं गतिशील संवित् चक्रस्वरूप वस्तुविशेषलाई क्रम भनिन्छ। (उही, पृ.६२)

क्रम दीक्षाले सुसज्जित भएर साधना गर्ने प्रचलन नेपालमण्डलको प्राचीन तान्त्रिक प्रचलन हो। गृहस्थाश्रममा नै बसेर पुरुषार्थ चतुष्टय अर्थात् धर्म, अर्थ, काम र मोक्ष (मुक्ति) प्राप्ति गरि इहलोक र परलोकलाई समेतलाई उन्नत गराइने तन्त्रसाधनामा पुरुषार्थको क्रमसमेतको घनिष्ठतम सम्बन्ध रहेको प्रतीति हुन्छ। आगमदीक्षा लिँदा गुरुबाट मन्त्रग्रहण गरिन्छ। तन्त्रमा निहित विषय अत्यन्त गोपनीय र गुरुमुखैकगम्य हुनाले त्यसबारेमा सार्वजनिक रूपमा प्रसार गर्नका लागि बन्देज हुन्छ। दीक्षा ग्रहण गराएर शिष्यलाई विधिविधान समग्र दिने यसमा व्यवस्था रहेको छ।

दीक्षाका अर्थ गर्दै तन्त्रालोकमा अभिनवगुप्ताचार्य लेख्छन् :

दीयते ज्ञान सद्भावः क्षीयते पशुबन्धना।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दान-क्षपण -संयुक्ता दीक्षा तेनेह कीर्तिता ॥ (भट्टराय, २०७८ : पृ. १)

शाक्ताचारअन्तर्गतको नेपालमण्डलको परम्परामा सर्वप्रथम तन्त्रको दीक्षा ग्रहण गर्नु केही समय अगाडी स्वप्नमन्त्र लिने परम्परा छ र विधिपूर्वक स्वप्नमन्त्र ग्रहण गरी सकेपश्चात् स्वप्नको शुभाशुभ विवेचना गरी आगम दीक्षा लिने गरेको पाइन्छ। यसरी स्वप्नमन्त्र लिँदा अधाम्नायको रहस्यदेवी (?)को तन्त्रदीक्षाको क्रम पूरा हुन्छ। क्रमदीक्षामा यी रहस्यदेवीको स्वप्नमन्त्र ग्रहण गरेपश्चात् अर्थोन्नतिको मार्ग उद्दीप्त हुने मान्यता रहेको छ। शक्तिसहित भएका गुरुबाट आगमको मन्त्र ग्रहण गर्दा पूर्वाम्नायको मन्त्रयोगको प्रकरण पूर्ण हुन्छ। यस आम्नायकी देवीलाई प्रकाशित साहित्यमा पूर्णेश्वरी, भुवनेश्वरी आदिका नामबाट सम्बोधन गरिएको पाइन्छ। जब साधकले योग्य गुरुका सान्निध्यमा गएर तन्त्रको मन्त्र ग्रहण गर्दछ, उसको पूर्ववत् अवस्थामा रहेको मानसवृत्तिमा मन्त्रका प्रभावले चित्त निर्मल हुन्छ र मनमा स्वेष्टदेवताका प्रति, गुरुका प्रति, तन्त्रशास्त्रका प्रति अजस्र श्रद्धाभाव उत्पन्न हुन्छ। यसरी पैदा भएको श्रद्धा अविनतरूपमा भक्तिमा परिणत हुन्छ। यो अवस्था नै भक्तियोग हो। भक्तियोगका अधिष्ठात्रीलाई प्रकाशित साहित्यमा निशेश्वरी, दक्षिणकाली आदि नामले सम्बोधित गरिएको पाइन्छ। मनमा जब भक्ति प्रस्फुरण हुन्छ, तब साधक श्रद्धासिक्त भइ त्यसलाई आफ्नो व्यवहारमा चरितार्थ गर्न थाल्दछ। नित्य, नैमित्तिक र काम्य पूजोपासना र यागानुष्ठान गर्ने, सत्सङ्गादि गर्ने, रुचिअनुसारको कुनै पनि क्रियाहरू गर्ने कामहरूमा साधक संलग्न हुन जान्छ। यसैलाई कर्मयोग भनिन्छ र यस योगकी अधीश्वरी कुब्जिका हुन् भनी लेखिएको पाइन्छ। कर्मयोगबाट ज्ञानको प्रादुर्भाव हुन्छ। ज्ञानाम्नायलाई तन्त्रमा उत्तराम्नायको रूपमा वर्णन गरिएको छ र यसको अधीश्वरीलाई तन्त्रसाहित्यमा गुह्येश्वरी, सिद्धेश्वरी आदिका नामबाट चर्चा गर्ने गरिएको पाइन्छ। जब साधकले ज्ञानको प्राप्ति गर्दछ, तब उसको चित्तावस्था अनतिरेका भाव (अभेद अवस्था) मा आरूढ हुन्छ। यो अवस्थालाई त्रिपुरसुन्दरी अधिष्ठित ऊर्ध्वाम्नाय अर्थात् मुक्तिको अवस्थाको रूपमा शास्त्रमा वर्णन गरिएको पाइन्छ। यसै सन्दर्भमा कुलार्णवतन्त्रको उल्लासको देहायको श्लोकहरू स्मरणीय रहेका छन्। यथा—

पूर्वाम्नायः सृष्टिरूपः स्थितिरूपश्च दक्षिणः।
संहारः पश्चिमो देवि उत्तरोऽनुग्रहो भवेत् ॥ ४१ ॥
मन्त्रयोगं विदुः पूर्वं भक्तियोगञ्च दक्षिणम्।
पश्चिमं कर्मयोगञ्च ज्ञानयोगं तथोत्तरम् ॥४२॥ (मिश्र, २००२, पृ.)

पूर्वाम्नाय सृष्टि, दक्षिणाम्नाय स्थिति, पश्चिमाम्नाय संहार र उत्तराम्नाय अनुग्रहको प्रतीक हुन्। त्यसैगरी पूर्वाम्नाय मन्त्रयोग, दक्षिणाम्नाय भक्तियोग, पश्चिमाम्नाय कर्मयोग र उत्तराम्नाय ज्ञानयोग रहेको तन्त्रशास्त्रले इंकित गरेको छ। उपर्युक्त विषयलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

क्र.सं.	वक्त्र	पञ्चब्रह्म	आम्नाय	वर्ण	तत्त्वरूप	साधना	संकेत संख्या
१.	पूर्ववक्त्र	तत्पुरुष	पूर्वाम्नाय	रक्त	सृष्टि	मन्त्रयोग	२४
२.	पश्चिमवक्त्र	सद्योजात	पश्चिमाम्नाय	शुक्ल	संहार	कर्मयोग	३२
३.	दक्षवक्त्र	अघोर	दक्षिणाम्नाय	कृष्ण	स्थिति	भक्तियोग	२५
४.	उत्तरवक्त्र	वामदेव	उत्तराम्नाय	पीत	अनुग्रह	ज्ञानयोग	३६
५.	उर्ध्ववक्त्र	ईशान	उर्ध्वानाय	श्याम	शिवरूप	शिवयोग	भेद निषेध

(स्रोत : मिश्र, सन् २००२ : पृ.६)

क्रमपरम्पराको तन्त्रसाधनामा माथिल्लो तहमा त्रिपुरसुन्दरीको दीक्षा ग्रहण हुँदा श्रीपशुपतिनाथको शिरोवक्त्रमा त्रिपुरसुन्दरीको यन्त्र लेख्ने विधान राखिएको हो। दाक्षिणात्य भट्ट ब्राह्मणले आफ्नो दीक्षाविधान अनुसारको उपासना गरी भगवान् श्रीपशुपतिनाथको लिङ्गविग्रहको उर्ध्वपट्टि सर्वाराध्या शक्तिश्वरी श्रीत्रिपुरासुन्दरीको प्रतीकस्वरूप यन्त्रराज अर्थात् श्रीचक्रको लेखन एवम् स्थापनापूजा हुने बित्तिकै भगवान् श्रीपशुपतिनाथको श्रीविग्रह शक्तिपीठ बन्दछ। श्रीयन्त्र लेख्नुभन्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अघि तत्पुरुष, सद्योजात, अघोर, वामदेव र ईशान नाम गरेका पञ्चमूर्तिको रुद्रसूक्तबाट अभिषेक एवं अर्चना गरिए पनि श्रीयन्त्र लेखेपछि चारमुखहरू उपास्य नभई देवीसिंहासनको खुट्टा बन्दछन्। सद्योजातादि पञ्चवक्त्रहरूको माथि रहने ईशान मुखरूपी फल्याकमा कामकामेश्वर-महाकामेश्वरीको युगल मूर्ति बस्दछन्। (पौडेल, २०७६, पृ.२२)

श्रीविद्या उपासनाका मुख्य नौवटा क्रममध्ये महाक्रममा पुगेपछि मात्रै तीनवटा पाशुपतविद्या— लघु पाशुपत, मध्यम पाशुपत र महा पाशुपतविद्याको उपदेश हुन्छ। उपर्युक्त विद्याका बारेमा तल चर्चा गरिनेछ। यहाँ श्रीविद्योपासनाको विषयमा चर्चा गरिन्छ। महापाशुपतविद्यालाई महाक्रम र निर्वाणदीक्षा अर्थात् सर्वाधिकारदीक्षासँग जोडिएको पाइन्छ। महाक्रमको माथिल्लो स्तरमा पुगेपश्चात् क्रमैसँग आद्याकाली, श्यामाकाली, दक्षिणकाली, एकजटा, नीलसरस्वती, महोग्रतारा, शारदा, बालात्रिपुरा, बालात्रिपुरसुन्दरी, सिद्धिलक्ष्मी, सिद्धिकराली (गुह्यकाली), कामकलाकाली, उन्मनी, अन्नपूर्णा, भुवनेश्वरी, कुब्जिका, वीरकुब्जिका, वज्रकुब्जिका, पञ्चदशी, षोडशी र महाषोडशीको मन्त्र ग्रहण गरेपछि षडन्वयशाम्भव भएर गुरुबाट पूर्णाभिषेक लिइन्छ। (ज.ब.रा., २०३६, ३७५)

त्यसपछि मात्रै माथि उल्लिखित तीनवटा पाशुपतविद्या ग्रहण गर्ने अधिकार प्राप्त हुन्छ। यसबाट के कुरा सिद्ध हुन्छ महापाशुपतविद्या प्राप्त गर्नका लागि साधक श्रीविद्याको महाक्रममा दीक्षित हुनु अनिवार्य छ। यसो भएकोले नै श्रीविद्यापरम्परामा निष्णात दाक्षिणात्य भट्टहरूलाई श्रीपशुपतिनाथको प्रधान अर्चकका रूपमा नियुक्त गर्ने परम्परा यहाँ बसेको हो।

तन्त्रशास्त्रमा पशुपतिनाथको स्वरूप

माथिको तालिकामा तन्त्रशास्त्रमा आराधना गरिने छवटा मुखाम्नायहरूका बारेमा चर्चा गरियो। अब षड्वक्त्र भगवान् श्रीपशुपतिनाथका पूर्व, पश्चिम, उत्तर, दक्षिण, उर्ध्व र अधो दिशाका श्रीमुखहरूका ध्यान र स्वरूपका बारेमा तल प्रस्तुत गरिएको छ।

१. सद्योजात

श्रीपशुपतिनाथको पश्चिम मुख सद्योजातको स्वरूप यस्तो बताइएको छ–

प्रालेयामलचन्द्रकुन्दधवलं गोक्षीरफेनप्रभं

भस्माभ्यङ्गमनङ्गदेहदहनज्वालावलीलोचनम्।

ब्रह्मेन्द्रादिमरुद्गणस्तुतिपरं ऋग्वेदशाखामयं।

सद्योजातमिदं कलङ्करहितं स्थाणोर्मुखं पश्चिमम्॥ (उपाध्याय, २० ,पृ. १७७)

हिउँजस्तो स्वच्छ र निर्मल वर्ण भएको, चन्द्रमा र चमेलीफूलजस्तो सेतो रूप भएको, गाईको दूधको फिँजजस्तो सेतो प्रभा भएको, भस्मलेपन गरेको शरीर भएको, कामदेवलाई भस्म गर्ने अग्निको ज्वाला आँखामा भएको, ब्रह्मा, इन्द्र तथा मरुत् गण आदिले स्तुति गरिने भएको, स्वशाखायुक्त ऋग्वेदमय स्वरूप भएको, अत्यन्त स्वच्छ रूप भएको पश्चिम मुख श्रीपशुपतिनाथको सद्योजातस्वरूप हो। (उल्था डा. माधवप्रसाद लामिछाने)

२.२. वामदेव

श्रीपशुपतिनाथको उत्तर मुख वामदेवको स्वरूप यस्तो बताइएको छ–

गौरं कुङ्कुमपिङ्गलं सुतिलकं व्यापाण्डुगण्डस्थलं

भ्रूविक्षेपकटाक्षवीक्षणलसत् कर्णोत्पलं सुन्दरम्।

याजुर्वेदमिदं सुधाप्रहसितं नीलालकालङ्कृतं

वामे सिद्धसुरासुरेन्द्रनमितं वक्त्रं रहस्योत्तरम्॥ (पूर्ववत्,पृ. १७७)

अर्थात् बायाँ भागमा अर्थात् उत्तर दिशामा सेतो वर्ण भएको, कुङ्कुम (केसर)को खैरो चन्दनको तिलक लगाएको, सेतो गला भएको, आँखीभौँ खुम्चिने गरी कर्के नजरले हेर्दा चम्किलो बनेको सुन्दर कर्णोत्पल (कानको गहना) भएको, अमृतरूपी हाँसो भएको, घुमेको कालो कपालले सिंगारिएको, सिद्ध, सुर, असुर, इन्द्र आदिले नमस्कार गरिएको यजुर्वेदस्वरूप रहस्यमय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

उत्तरवक्त्र रहेको छ। (उल्था डा. माधवप्रसाद लामिछाने)

CC-0. In Public Domain. Digitization by eGangotri

२.३. अघोर

श्रीपशुपतिनाथको दक्षिण मुख अघोरको स्वरूप यस्तो बताइएको छ–

कालाभ्रभ्रमराञ्जनद्युतिनिभं व्यावृत्तपिङ्गेक्षणम्।
कर्णोद्भासितभोगिमस्तकमणिप्रोन्नद्धदंष्ट्राङ्कुरम्॥
सर्पप्रोतकपालशुक्तिशकलव्याकीर्णवक्षोरगम्
वन्दे दक्षिणमीश्वरस्य वदनञ्चाथर्वणादोदयम्॥ (पूर्ववत्,पृ. १७८)

अर्थात् कालो बादल, भँमरा र गाजलजस्तो कान्ति भएको, मदले गर्दा घुमाउरो दृष्टिले युक्त खैरो आँखा भएको, कानमा चम्किएका फँणादार नागहरूको शिरको मणिले सुशोभित बनेको, थोरै दाह्रा निस्किएको, सिपिको खोलजस्तो कपाल भएको तथा त्यस्तो कपालमा सर्प बेरिएको, छातीमा नाग रहेको, अथर्ववेदस्वरूप, भगवान् श्रीपशुपतिनाथको दक्षिण मुखलाई नमस्कार गर्दछु। (उल्था डा. माधवप्रसाद लामिछाने)

२.४. तत्पुरुष

श्रीपशुपतिनाथको पूर्व मुख तत्पुरुषको स्वरूप यस्तो बताइएको छ–

संवर्ताग्नितडित्प्रदीप्तकनकं प्रस्पर्द्धितेजोऽरुणं
गम्भीरध्वनिसामवेदजनकं ताम्राधरं सुन्दरम्।
अर्द्धेन्दुद्युतिलोकपिङ्गलजटाभारः प्रबद्धोरगं
वन्दे सिद्धसुरासुरेन्द्रनमितं पूर्वं मुखं शूलिनः॥ (पूर्ववत्,पृ. १७८)

अर्थात् प्रलयाग्नि एवं बिजुलीको जस्तो तेज भएको, आगोमा तताएको सुनजस्तो आभा भएको, अत्यन्त तेजले गर्दा रातो वर्ण भएको, सामवेदको गम्भीर ध्वनिलाई जन्माउने, तामाजस्तो रातो सुन्दर अधर भएको, अर्धचन्द्रको जस्तो कान्ति भएको, कैलो जटाको भारलाई सर्पले बाँधेको, सिद्ध, देवता तथा असुरहरूले नमस्कार गरिएको त्रिशूलधारी भगवान् पशुपतिको पूर्वमुखलाई म वन्दना गर्दछु। (उल्था डा. माधवप्रसाद लामिछाने)

२.५. ईशान

श्रीपशुपतिनाथको ऊर्ध्व मुख ईशानको स्वरूप यस्तो बताइएको छ–

व्यक्ताव्यक्तनिरूपितञ्च परमं षट्त्रिंशत तत्त्वात्मकं
तस्मादुत्तरत तत्त्वमक्षरपदं ध्येयं सदा योगिभिः।
ओङ्कारादिसमस्तमन्त्रजनकं सूक्ष्मातिसूक्ष्मात् परम्
वन्देऽहं परमेश्वरस्य वदनं खव्यापितेजोमयम्॥ (पूर्ववत्,पृ. १७९)

अर्थात् व्यक्त र अव्यक्त दुवै रूपले निरूपण गरिएको, सबैभन्दा श्रेष्ठ रूप भएको, छत्तीस तत्व स्वरूप भएको, छत्तीस तत्वभन्दा पनि माथि तत्वातीत विश्वोत्तीर्ण तत्त्वका रूपमा रहेको, कहिल्यै ननासिने अक्षरस्वरूप भएको, योगीहरूद्वारा सदा ध्यान गरिने भएको ,ओङ्कार आदि समस्त मन्त्रहरूको जनक भएको, सूक्ष्मभन्दा पनि सूक्ष्म परम सूक्ष्म तत्त्वका रूपमा रहेको, श्रीपशुपतिनाथको आकाशव्यापी तेजोमय मुखलाई म वन्दना गर्दछु। (उल्था डा. माधवप्रसाद लामिछाने)

२.६. कालाग्निरुद्र

श्रीपशुपतिनाथको अधोमुख कालाग्निरुद्रको स्वरूप यस्तो बताइएको छ–

यं वेदान्तनितान्तसत्तमगुणैः संपूजितं चामरैः
पुन्नागाम्बुजनागपुष्पवकुलैर्नागासुराद्यर्चितम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नित्यं भानुसहस्रदीप्तकिरणैः कालाग्निरुद्रोपमं

तत्संहारकरं नमामि सततं पातालसंस्थं मुखम्॥ (पूर्ववत्,पृ. १७९)

अर्थात् उपनिषत्द्वारा उत्तम गुणहरूले स्तुति गरिएको, चामर, पुन्नाग, कमल, नागपुष्प, वकुल आदि फूलहरूद्वारा नाग, देवता आदिले अर्चना गरिएको, सधैँ हजारौँ सूर्यको जस्तो प्रकाशले देदीप्यमान बनेको, कालाग्निरुद्रको उपमाले युक्त, संहारकारक, पातालवक्त्र कालाग्निरुद्रलाई सधैँ नमस्कार गर्दछु। (उल्था डा. माधवप्रसाद लामिछाने)

पाशुपतविद्या

तीनवटा पाशुपतविद्याका बारेमा चर्चा आइसकेकाले त्यससम्बन्धको चर्चा यस खण्डमा गरिएको छ। शिवशक्त्यात्मक आराधना गर्नका लागि पाशुपतविद्याको अपरिहार्यता रहन्छ र यी पाशुपतविद्याहरूमा शिव र शक्तिका विभिन्न स्वरूपमा तन्त्राधना गरिने परम्परा रहिआएको छ।

१. महापाशुपतविद्यात्मक षड्मुख श्रीपशुपतिनाथको ध्यान

शैवशक्त्यात्मक सपर्यामा महापाशुपतविद्यालाई महत्त्वपूर्ण विद्याका रूपमा लिने गरिएको पाइन्छ। यस विद्यामा पशुपतिका छवटै मुहारहरूको स्वशक्तिको साथमा आराधना गरिन्छ र माथिल्लो वक्त्रमा महात्रिपुरसुन्दरीको श्रीचक्रमा उपासना गरिन्छ। महापाशुपतविद्यालाई महापाशुपतास्त्रविद्या पनि भन्ने गरेको सुनिन्छ। महापाशुपतविद्या र महापाशुपतास्त्रलाई एकै महाविद्याका रूपमा लिइएको कुरो तन्त्रको सुदीक्षा लिएर गहन अनुशीलन गरेपश्चात् मात्र बोध हुने कुरा स्पष्ट छ। महापाशुपतविद्यामा गरिने श्रीपशुपतिनाथको ध्यान यस प्रकार रहेको छ–

सूर्यकोटिप्रतीकाशं चन्द्रकोटिसुशीतलम्।
उत्तप्तहेमसंकाशं त्रिकोणोपरिसंस्थितम्॥
पूर्वे तप्तसुवर्णाभं शान्तं विष्ण्वात्मकास्यकम्।
दक्षिणे भैरवास्यञ्च श्यामं द्रंष्ट्रांकुरान्वितम्॥
क्षीरकुन्देन्दुधवलं कात्मकं पश्चिमाननम्।
उत्तरे वदनं गौरं गौरीशंकररूपकम्॥
जटाजूटं चन्द्रचूडं प्रतिवक्त्रत्रिलोचनम्।
ऊर्ध्वे ज्योतिर्मयं वक्त्रं शिखाकारं तदन्तरे॥
श्रीचक्रराजचिह्नन्तु परब्रह्मात्मकं विभुम्।
नाभौ कालाग्निरुद्राख्यवदनं प्रोज्ज्वलाननम्॥
पन्नगाभरणोपेतं रुद्राक्षैः समलंकृतम्।
नानारत्नोज्ज्वलांगञ्च मुण्डमालाविभूषणम्॥
बिल्वपत्रमयीमाला या पादान्तावलम्बितम्।
दक्षिणैर्वेददोर्दण्डैरभीतिदानमुत्तमम्॥
वरदं वामहस्तैश्च चतुर्भिर्दधतं शिवम्।
एवमष्टभुजं देवं सदा षोडशवार्षिकम्॥
खगान्तरे शून्यमध्ये शून्यपद्मोपरिस्थितम्।
श्रीमत्पशुपतिं ध्यायेत् सच्चिदानन्दलक्षणम्॥ (ज.ब.रा., २०३६, पृ.११०)

अर्थात् करोडौँ सूर्यको झैँ प्रकाश भएका, करोडौँ चन्द्रमाको झैँ शीतलता भएका, आगोमा तताएको सुनको झैँ वर्ण भएका, त्रिकोण (योनिरूप जलहरी) माथि बसेका, पूर्वमा आगोमा तताएको सुनको झैँ वर्ण भएका तथा शान्त विष्णुस्वरूप मुखले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
युक्त भएका, दक्षिणमा दाह्रा निस्केएको कालो वर्णको भैरवरूपी मुख भएका, पश्चिममा दूध, चमेलीको फूल र चन्द्रमाझैँ सेतो वर्ण भएका ब्रह्मास्वरूप मुख भएका, उत्तरमा गौर वर्णको गौरी र शङ्करको संयुक्त स्वरूप भएका, जटाको जूरो बाँधेका, शिरमा चन्द्रमा धारण गरेका, हरेक मुखमा तीन तीनवटा आँखा भएका, माथितिर अग्निशिखास्वरूप ज्योतिर्मय मुख भएका, त्यसमा व्यापक परब्रह्मस्वरूप यन्त्रराज श्रीचक्रको चिह्न भएका, नाभिमा वलिरहेको आगोजस्तो कालाग्निरुद्र नामक मुख भएका, नागरूपी गहना लगाएका, रुद्राक्षले अलङ्कृत भएका, नाना प्रकारका गहनाले सिँगारिएको शरीर भएका, मुण्डमालाको गहना भएका, खुट्टासम्म आउने लामो बेलपत्रको माला लगाएका, दाहिनेतिरका चारवटा हातले अभयमुद्रा धारण गरेका, बायाँपट्टिका चारवटा हातले वरमुद्रा धारण गरेका– यसप्रकार आठवटा हात भएका, सधैँ सोह्र वर्षे जवान देखिने, शून्याकाशमा शून्यस्वरूप कमलमाथि बसेका सच्चिदानन्दस्वरूप श्रीपशुपतिनाथको ध्यान गर्नू। (उल्था डा. माधवप्रसाद लामिछाने)

२. मध्यमपाशुपतविद्यात्मक पञ्चमुख श्रीपशुपतिनाथको ध्यान

मध्यमपाशुपतविद्यामा भगवान् श्रीपशुपतिलाई तन्त्रसाधकहरूले पूर्वमा तत्पुरुष र उनकी अभिन्नशक्ति पूर्णेश्वरी, दक्षिणमा अघोर र उनकी अभिन्नशक्ति निशेश्वरी, पश्चिममा सद्योजात र उनकी अभिन्न शक्ति कुब्जिका, उत्तरमा वामदेव र सिद्धेश्वरी एवं उर्ध्वमा श्रीईशान र उनकी स्वशक्ति त्रिपुरसुन्दरीको तान्त्रिक विधिबाट आराधना गर्दछन्।

ध्यायेत् पशुपतिं सम्यङ्मन्त्री चैकाग्रमानसः।
पञ्चवक्रं दशभुजं प्रतिवक्त्रत्रिलोचनम्॥
अग्निज्वालानिभं श्मश्रुसंयुतं भीमदंष्ट्रकम्।
खड्गवाणानक्षशूलं शक्तिं परशुमेव च॥
दधानं दक्षिणैर्हस्तैरूर्ध्वादिक्रमतो गुरुम्।
खेटचापौ कुण्डिकाञ्च त्रिशूलं ब्रह्मदण्डयुक्॥
वामहस्तैश्च विभ्राणं मध्याह्नार्कसमप्रभम्।
नानाभरणसंदीप्तं पन्नगेन्द्रैरलंकृतम्॥
स्फटिकौघनिभं शान्तं सर्वरक्षाकरं स्मरेत्॥ (ज.ब.रा., २०३६, पृ.११०)

अर्थात् पाँचमुख भएका, दशबाहु भएका, हरेक मुखमा तीनतीन नेत्र भएका, आगोको ज्वालाझैँ लालवर्ण भएका, जुँघा भएका, भयंकर दाह्रा भएका, खड्ग, पञ्चवाण, रुद्राक्षको माला, शक्ति अग्नि अनि वञ्चरो दाहिने पट्टिको माथिल्लो बाहुदेखि क्रमैले धारण गरेका, ढाल, धनु, कमण्डलु, त्रिशूल अनि ब्रह्मदण्ड वामबाहुमा धारण गरेका मध्याह्नकालका सूर्यझैँ कान्ति भएका, नानातरहका गहना पहिरिएर उज्यालो भएका, नागहरूका गहना पहिरिएका, सबैलाई रक्षा गर्ने स्फटिकझैँ कञ्चन अर्थात् निर्मल सेतो वर्ण भएका शान्तस्वरूप पशुपतिलाई सम्झोस्। (उल्था डा. माधवप्रसाद लामिछाने)

३. लघुपाशुपत विद्यात्मक चतुर्मुख श्रीपशुपतिनाथको ध्यान

लघुपाशुपत विद्या पूर्व, पश्चिम, उत्तर र दक्षिणतर्फ फर्किएका पाशुपत मूर्तिहरूको समवेत स्वरूप हो। यस विद्याअन्तर्गतका तन्त्रसाधकहरूले पूर्वमा तत्पुरुष र उनकी अभिन्नशक्ति पूर्णेश्वरी, दक्षिणमा अघोर र उनकी अभिन्नशक्ति निशेश्वरी, पश्चिममा सद्योजात र उनकी अभिन्न शक्ति कुब्जिका र उत्तरमा वामदेव र सिद्धेश्वरीको तान्त्रिक विधिबाट आराधना गर्दछन्। यसरी पूर्व, पश्चिम, उत्तर र दक्षिणपट्टी आम्नायमा निरूपण गरेर साधना गर्ने क्रम यसकोटीका साधकमा रहन्छ।

मध्याह्नार्कसमप्रभं शशिधरं भीमाट्टहासोज्ज्वलम्।
त्र्यक्षं पन्नगभूषणं शिखिशिखाश्मश्रुस्फुरन्मूर्धजम्॥
हस्ताब्जैस्त्रिशिखं समुद्गरमसिं शक्तिं दधानं विभुम्।
दंष्ट्राभीमचतुर्मुखं पशुपतिं दिव्यास्त्ररूपं स्मरेत्॥ (ज.ब.रा., २०३६, पृ.११०)

अर्थात् मध्याह्नकालका श्रीसूर्यझैँ कान्ति भएका, चन्द्रमा पहिरिएका, डरलाग्दो गरी खित्का छोडेर हाँसिरहेका, तीन नेत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएका, सर्पको गहना पहिरिएका, अग्निशिखारूप जुंगा र फुरेका ठाडा केश भएका त्रिशिख, मुंग्रो, तरवार र शक्ति चारबाहुमा धारण गरेका, दाह्रा निस्केको, भयंकर चारमुख भएका, सर्वव्यापी, दिव्य अस्त्ररूप भएका पशुपतिलाई सम्झनू। (उल्था डा. माधवप्रसाद लामिछाने)

शिरोवक्त्रमा शक्तिपूजा

द्वादश ज्योतिर्लिङ्गहरूको शीर्षस्थानको रूपमा मानिने पशुपतिनाथमा श्रीविद्याको विधिपूर्वक उपासना र अर्चना गरिन्छ। पशुपति ज्योतिर्लिङ्गको शिरोभागमा चन्दनले श्रीयन्त्र लेखी श्रीविद्याका क्रमले परमशिव र परमशिवको उपासना गरिन्छ। यिनैलाई महाकामेश्वर र महाकामेश्वरी पनि भनिन्छ। श्रीयन्त्र लेख्नुभन्दा अघि सद्योजात आदि पाँच मुखहरूको रुद्रसूक्तबाट अभिषेक एवं अर्चना गरिए पनि श्रीयन्त्र लेखेपछि चार मुखहरू उपास्य नभई देवीसिंहासनको खुट्टा बन्दछन्। त्यसमाथि ईशान मुखरूपी फलेकमा महाकामेश्वर र महाकामेश्वरी समरस भई रहेका छन्। यसरी परमशिवसँग समरस भएकी त्रिपुरसुन्दरीको उपासना नै पशुपतिको पूजा हो। (पौडेल, २०७६, पृ.२२)

यसरी गरिने महात्रिपुरसुन्दरीको श्रीचक्रोपासनामा षड्दर्शनपूजाको महत्त्वपूर्ण विधि पनि सम्पादन हुने गरेको बुझिन्छ। तारा अधिष्ठित बौद्ध दर्शन, ब्रह्मा अधिष्ठित वैदिक दर्शन, रुद्र अधिष्ठित शैव दर्शन, सूर्य अधिष्ठित सौर दर्शन, विष्णु अधिष्ठित वैष्णव दर्शन, भुवनेश्वरी अधिष्ठित शाक्त दर्शनको उपासना श्रीचक्रमा नै गर्ने गरिएको बुझिन्छ। यसका साथसाथै नेपाली परम्परामा प्रचलित पाञ्चायनपूजा समेत श्रीपशुपतिको पूजामा हुने गरेको पाइन्छ। शिव र शक्तिको पूजा भने श्रीज्योतिर्लिङ्गमा नै हुने भएकाले अरू तीन देवता गणेश, विष्णु र सूर्य भने आवरणमा उपासित हुन्छन्।

पशुपतिपीठ शिवशक्त्यात्मक श्रीविद्यापीठ हो। यहाँ मुख्य श्रीयन्त्रमा श्रीविद्याकै पूजा हुन्छ। अतः श्रीविद्याको पूजामा श्रीपात्रस्थापना गर्नु अत्यावश्यक हुन्छ। गौड सम्प्रदायमा र काश्मीर सम्प्रदायमा सामान्यार्घ र शंखार्घ (विशेषार्घ) को बीचमा श्रीपात्रको स्थापना हुन्छ। तर केरल सम्प्रदायको हयग्रीव मतमा श्रीपात्रमा हुन्छ। आनन्दभैरव र आनन्दभैरवीको सामरस्य पूजा सोही श्रीपात्रमा हुन्छ। तर केरल सम्प्रदायको हयग्रीव मतमा श्रीपात्रको स्थापना हुँदैन। त्यसमा हुने आनन्द भैरव र आनन्दभैरवीको सामरस्य पूजादि सबै विशेषार्घ अर्थात् शंखार्घमै हुन्छ। फेरि यहाँ पशुपति नै शिवलिङ्गात्मक हुनाले शिवलाई शंखार्घ चढ्दैन। त्यस उसले यहाँ विशेषार्घ स्वरूप सुनको शंखरूप अर्घ बनाएर राखिएको छ। फेरि अर्को एउटा ठूलो चाँदीको शंख पनि बनाएर राखिएको छ। यहाँ शंखजल भनेर जो अभिषेक गरिन्छ, त्यो श्रीपात्रात्मक शंखको अभिषेकै हो, केवल शंखको होइन। (ज.ब.रा. : कामकलारहस्य, पृ. ११२)

उपसंहार

भगवान् श्रीपशुपतिनाथको पूजाविधानमा अत्यन्त गूढ शास्त्रीय दर्शन, जटिलतम साधनापक्ष र वैज्ञानिक वैशिष्ट्य अन्तर्निहित रहेको छ। यसरी सम्पादन गरिने पूजाको वैशिष्ट्य र गाम्भीर्यले नै राष्ट्रदेवको शास्त्रीय र लौकिक महत्त्वका बारेमा थप विषयबोध गराउँदछ।

सन्दर्भ ग्रन्थसूची

कोइराला, कुलचन्द्र (वि.स. २०५१). *नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ*. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

कौण्डिन्न्यायन, आमोदवर्धन. (वि.स. २०८०), *वैदिक यज्ञ र पशुवलि तथा हिंसा र अहिंसाको विचार,* (सनातन धर्ममा वलिको अपरिहार्यताः सम्पा. सन्दीप सापकोटा), काठमाडौँ : तन्त्रचर्चा परिवार, काठमाडौँ।

ज.ब.रा., धन शमशेर (वि.स. २०३६), *कामकलारहस्य*, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ।

टण्डन, गोविन्द (वि.स. २०५३), *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन,* झरेन्द्र शमशेर ज.ब.रा., काठमाडौँ।

पौडेल, विदुरप्रसाद (वि.स. २०७६), *पुर्ख्यौली (टीका)* , काठमाडौँ, वि.सं. २०७६।

भट्ट, विद्यानाथ उपाध्याय (वि.स. २०६२), *तन्त्रविद्यालोक*, श्रीअन्नपूर्णा उपाध्याय भट्ट, काठमाडौँ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भट्ट, विद्यानाथ उपाध्याय र सापकोटा, सन्दिप (सं., वि.स. २०८०), नेपालमा तन्त्र : *आगम र आगम आविर्भावको रहस्य,* एकेडेमी अफ तन्त्र एण्ड स्यामनिक स्टडिज्, काठमाडौँ।

मिश्र, परमहंस (२००२), *कुलार्णव तन्त्रम्,* प्रकाशक चौखम्बा सुरभारती प्रकाशन, वाराणसी।

राजोपाध्याय, आभास धरानन्द र सापकोटा, सन्दिप (सं., वि.स. २०७९), तन्त्रचर्चा : *काठमाडौँ उपत्यकाका राजोपाध्याय ब्राह्मणहरूको शाक्ततन्त्र परम्परा,* श्रीभोलानाथ बास्तोला, काठमाडौँ।

लामिछाने, माधवप्रसाद (वि.स. २०७४), *नेपाली समाजमा तन्त्रपरम्परा,* नेपाल प्रज्ञा- प्रतिष्ठान, काठमाडौँ।

लामिछाने, माधवप्रसाद (वि.स. २०७९), *शैव तथा शाक्त दर्शन,* नेपाल प्रज्ञा- प्रतिष्ठान, काठमाडौँ।

सापकोटा, सन्दीप र गिरी, मधुसूदन (सं., वि.स. २०८०), प्रज्ञा : *श्रीपशुपतिनाथको पुजारी परम्पराको परिशीलन,* नेपाल प्रज्ञा- प्रतिष्ठान, काठमाडौँ।

सापकोटा, सन्दीप (वि.स. २०८०), *शास्त्रीय चिन्तनमा वलि,* सनातन धर्ममा वलिको अपरिहार्यता, काठमाडौँ : तन्त्रचर्चा परिवार, काठमाडौँ।

❖❖❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिनाथको ज्योतिर्लिङ्ग, पीठिका र शिवनिर्माल्यः भ्रम र यथार्थता

✍ प्रा.डा. सोमप्रसाद खतिवडा

लेखसार

हिन्दूहरूका सृष्टि, स्थिति र प्रलय गर्ने ठूला तीनवटा देवता ब्रह्मा, विष्णु र महेश्वरमध्ये महेश्वरलाई शिव, पशुपति, पशुपतिनाथ, रुद्र, महादेव आदि विविध नामले जानिन्छ। शिवजी या पशुपतिनाथ लिङ्गस्थानी भएकाले यिनलाई शिवलिङ्गमा पूजाआजा गरिन्छ । यिनी ब्रह्मका रुपमा हुने तथा ब्रह्मको स्वरुप नहुने मान्यतामा यिनलाई शिवलिङ्गमा पूजाआजा गर्ने गरिएको हो । पशुपतिनाथ सबैभन्दा पहिलो या आद्यज्योतिर्लिङ्ग मानिन्छ । यसको उत्पत्ति सृष्टिको प्ररम्भमा आफैं भएको मान्यतामा पशुपतिनाथलाई स्वयम्भूव लिङ्ग पनि मानिन्छ। पशुपतिनाथको ज्योतिर्लिङ्ग आफ्नो कार्य फत्ते भएपछि जमिनमा धसेको र त्यसैमाथि मानुष लिङ्ग स्थापना गरिएको हो । शैव धारणामा शिवजीबाट नै सृष्टि, स्थिति र प्रलयसमेत हुने गर्दछ । जीवमा मल हुने हुँदा ऊ पशुसमान रहने तथा शिवजीको कृपाले उसले ज्ञान पाएपछि मुक्त हुने र ब्रह्मनै बन्ने धारणा शैवमार्गीमा पाइन्छ। शिवलिङ्ग साङ्केतिक र रहस्यात्मक पनि छ, जसमा लिङ्ग शिवको भाग तथा त्यसभन्दा तल रहेको पीठिका शिवा या शक्तिको भाग मानिन्छ । शिवलिङ्गमा चढाएको जल लगायतका वस्तु पीठिकाबाट उत्तरतिर बग्नुपर्ने मान्यता छ। तसर्थ पीठिका उत्तरतिर फर्काएर राखिएको हुन्छ। मानुष लिङ्गको पीठिका बनाउन अनिवार्य हुन्छ भने ज्योतिर्लिङ्ग र स्वयम्भूवलिङ्गका पीठिका नहुन सक्तछन्।

शिवलिङ्गमा चढाएको वस्तु शिवनिर्माल्य हो । शिवनिर्माल्य ग्रहण गर्न हुने तथा नहुने मान्यतामा मानिसहरूका बीचमा भ्रम रहेको पाइन्छ। कसैकसैले शिवनिर्माल्य ग्रहण गर्दा शिवश्व लाग्ने विश्वास गर्दछन्। तर यथार्थता के हो भने शिवजीलाई चढाएको सबै वस्तुमाथि उनको भूत गणको प्रमुख चण्डेश्वरको अधिकार रहन्छ। तसर्थ चण्डेश्वरको भागि छुट्याएर शिव निर्माल्य ग्रहण गर्न योग्य मानिन्छ। किनकि यो चराचरका सबै प्रकारका वस्तु शिवजीबाट उत्पन्न हुने र मृत्यूपछि शिवजीमा नै लिन हुने पौराणिक मान्यता छ। यसरी पशुपतिनाथलाई अर्पण गरिएको फूल, पाती, अक्षता, प्रसाद र नैवेद्य सबै प्रसादका रुपमा लगाउन र खान हुने पौराणिक मान्यता छ।

शब्दकुन्जीः निर्माल्य, पीठिका, स्वयम्भुव, त्रिवेणी, प्रलय।

परिचय

ज्योतिर्लिङ्ग, पीठिका र शिवजीको निर्माल्य सबै पूजाआजासँग सम्बन्धित विषयवस्तु हुन्। मानिसहरूका बीचमा यी सबै विषयमा विभिन्न प्रकारका भ्रमहरू रहेका पाइन्छन्। शिवजीको किन शरीरमा पूजाआजा हुँदैन, शिवालयमा किन शिवलिङ्ग राखिन्छ र शिवलिङ्गमा नै पूजाआजा हुन्छ, ज्योतिर्लिङ्ग के हो, यसको पीठिकामा किन सुन या चाँदीले मोरिन्छ, शिवजीको निर्माल्य या फूल र प्रसाद ग्रहण गर्न या खान हुन्छ या हुँदैन भन्ने कुरामा मानिसहरूका बीचमा शङ्का उपशङ्का र भ्रम रहेको पाइन्छ। पशुपतिनाथमा किन पीठिकालाई महत्व दिनु पऱ्यो भन्ने कुरामा पनि मानिसहरूका बीचमा ठूलो चासो र जिज्ञासा रहेको छ। तसर्थ यस लेखमा यस्तै रहश्यात्मक र भ्रमात्मक रुपमा जनमानसमा प्रचारित विषयवस्तुका शास्त्रीय आधार दिइएको छ। यसले यी विषवस्तुका बारेमा रहेका भ्रमहरूलाई निवारण गर्ने छ भन्ने आशा छ। यसका लागि सर्वप्रथम पशुपतिनाथको पनि छोटकरीमा चिनारी हुन आवश्यक हुने गर्दछ।

अध्ययन विधि

प्रस्तुत लेख पशुपतिक्षेत्र बारेमा प्रकाशित विविभन्न पुस्तक र लेख रचनाहरूको अध्ययन गरी तयार पारिएको हो। प्रस्तुत लेख तयार गर्ने क्रममा प्राथमिक तथ्याङ्कका रुपमा अर्न्तरवार्ता र अवलोकन पनी प्रयोगमा ल्याइएको छ। भक्त पशुपतिनाथका

✍ प्रा. डा. खतिवडा, त्रि. वि. संस्कृति केन्द्रीय विभागका पूर्व विभागीय प्रमुख हुनुहुन्छ। *Email: khatiwadasom@gmail.com*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजारी र पशुपती क्षेत्र विकास कोषसँग सम्बन्धित महानुभावसँग अन्तर्वार्ता लिएर पनि प्राथमिक तथ्याङ्क संकलन गरिएका छन्।

पशुपति

पशु र पति दुईवटा शब्द मिलेर बनेको पशुपतिको अर्थ प्राणीहरू या जीवका (पशुका) मालिक भन्ने हुन्छ। शैव दर्शनमा व्यवस्था भए अनुसार जीवमा पाश हुने हुँदा उसलाई पशु भनिन्छ। यहाँ पशुको अर्थ पाश या फोहर भएको मात्र नभएर पशुभाव भएको पनि मानिन्छ। अज्ञानता पशुमा हुने गुण हो, जसलाई नै पशुभाव भनिएको छ। तसर्थ शैव दर्शनमा फोहर, क्लेश, पाश र अज्ञानता भएको जीवलाई पशु मानिएको छ। त्यही जीवले पतिको कृपाबाट ज्ञान पाएपछि उसको पाश हटेर जान्छ, जसलाई मुक्तिको अवस्था मानिन्छ। यहाँ पति भनेका मालिक या पशुपति हुन्। शिवलाई पशुका स्वामीका रूपमा पशुपति भनिन्छ। पशुपति शिवजीको ज्योतिर्लिङ्ग रुप हो। अग्निलाई पनि पशुपतिको पाँचौं मूर्ति मानिएको पाइन्छ, जसले जीवले खाएको र पिएको कुरा पचाउँछ। अग्निकी पत्नी स्वाहा र पुत्र स्कन्द हुन् भन्ने चर्चा संस्कृत साहित्यमा गरिएको छ (शर्मा, १९८६ः २९७)। अग्नि पनि पशुका पति तथा मालिक हुने हुँदा अग्निमा अपवित्र वस्तु हाल्न र टेक्न नहुने मान्यता राखिन्छ (लिङ्गपुराण उत्तरभाग १३।६–७)। मानव या जीव (पशु) पतिका कृपाले नै मुक्त हुन सक्ने पौराणिक मान्यता छ (पाण्डेय, १९८८ः ३९३)। पशुपतिका कारण नै जीवमा क्लेशको क्षय भई ज्ञान प्राप्त हुने हुँदा त्यसपछि बद्ध जीव मुक्त हुन्छ या पतिसमान हुन्छ भनिएको हो। पुराणहरूमा पशुपतिलाई शिवजीको सवै लोकमा रहने स्वरुप र सवै लोकका रक्षक रूप मानिएको छ।

पशुपतिनाथ

पुराणहरूका अनुसार पशु या जीवका मालिक पशुपति हुन् भने नाथ अझ ठूला मालिक हुन्, जो भन्दा ठूलो अरु कुनै छैन। हिन्दू पुराणहरूमा नाथ शब्द पशुपतिका लागिमात्र प्रयोग गरिएको पाइन्छ। किनकि यिनलाई शिवजीको पनि सवैभन्दा ठूलो या उच्च रुप मानिन्छ। चौधवटा बैकुण्ठमा एउटा वैकुण्ठ देवताको नाम नाथ हो भनिन्छ (शर्मा, १९८६ः २६८)। वायुपुराण (६४।१९) का अनुसार भने सवैलाई रक्षा गर्ने देवतालाई नाथ भनिन्छ। नाथ शब्दले पशुपतिलाई नै जनाउँछ। नाथले सवैलाई रक्षा गर्न सक्तछन् भन्ने मान्यतामा पशुपतिलाई पशुपतिनाथ भनिएको हो। यिनी देवताका पनि देवता महादेव मानिएका छन्। तसर्थ पनि यिनी पशुपतिनाथ हुन्। यो चराचर, जीव, मानिस र देवतालाई समेत रक्षा गर्न सक्ने देवता भएको मान्यतामा यिनलाई पशुपतिमात्र नभएर पशुपतिनाथ भनिएको हो भन्ने मान्यता छ। यिनले सम्पूर्ण चराचरलाई विनास गर्न सक्ने, हलाहल विष सेवन गरेर निलकण्ठ बनेको तथा देव, दानव, मानव, पशु र चराचरलाई जोगाएको पौराणिक कथा पाइन्छ। तसर्थ यिनको नाम पछि पशुपतिमात्र नभएर नाथ पनि जोडिएको छ। यिनी मात्र सम्पूर्ण चराचर र देवतालाई पनि रक्षा गर्न सक्षम छन् भन्ने पौराणिक कथा पाइन्छ। केदारनाथको शिर पशुपतिनाथमा नै लिन भएको तथा काशी विश्वनाथ पनि १२ वर्षसम्म पशुपतिनाथको सानिध्यमा बसेरमात्र पूर्ण रुपमा निर्मल भएको पौराणिक मान्यता छ।

पशुपतिनाथ सवैतिर हुने भए पनि यिनको अवस्थिति यस चराचरको एक स्थानमा मात्र छ, जुन नेपालको काठमाडौं उपत्यकामा रहेका पशुपतिनाथ हुन्। पशुपति मात्रको स्थान भने अन्यत्र पनि रहन सक्तछ। तर पशुपतिनाथको अवस्थिति यहाँभन्दा अन्यत्र कहिं पनि छैन र हुने पनि छैन। किनकि पशुपतिनाथको एकैमात्र स्थान यहीं हो भन्ने कुरा पुराणहरूमा उल्लेखित छ। यिनको स्थानलाई हिमवत्खण्ड पुराणमा भने पशुपतिपुरी भनेको पाइन्छ। यस पुराणले पशुपतिनाथ मन्दिर रहेको क्षेत्रलाई नै पशुपतिपुरी भनेको छ। अघि विभिन्न प्रकारका फूल र लहराले सजिएको पशुपतिपुरीको एउटा पहाडमा शिवजीले पशुरूप लिएर क्रिडा गरेछन्, जहाँ एउटा लामो शिवलिङ्ग देखा परेछ भन्ने कथा स्कन्दपुराणको हिमवत्खण्डपुराणमा दिइएको छ (हिमवत्खण्ड ७७।१३–१४)। कथा अनुसार समय बित्तै जाँदा त्यस स्थानमा देवताहरू नियमित रूपमा बस्न लागेछन्, जसले गर्दा यसको नाम पशुपतिपुरी रहेछ। यस पुराणले पशुपतिनाथको आद्य ज्योतिर्लिङ्ग गोठालाहरूका नाइकेले पत्ता लगाएको चर्चा गरेको छ। यस पुराणका अनुसार पशुपतिनाथ आद्य ज्योतिर्लिङ्ग हो, जहाँ आद्यको अर्थ पहिलो भन्ने हुन्छ। तसर्थ पशुपतिनाथ पहिलो ज्योतिर्लिङ्ग हो, जसभन्दा अगाडिका कुनै पनि शिवलिङ्ग नै यस चराचरमा रहेका छैनन् भनिन्छ। पुराणहरूमा यसलाई सृष्टिको सुरुमा देखा परेको लिङ्गरुपि प्रकाशपुञ्ज भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्योतिर्लिङ्ग

ज्योतिका रुपमा बल्ने र आफैं उत्पत्ति भएका लिङ्गलाई ज्योतिर्लिङ्ग भनिन्छ। यिनीहरू सत्य युगमा ज्योतिजस्तै धपधपी बल्थे भन्ने विश्वास छ। तसर्थ यिनलाई ज्योतिर्लिङ्ग भनिएको हो। अहिले ज्योतिर्लिङ्ग भनिएको शिवलिङ्ग त्यस्तो ज्योतिका रुपमा बलेका देखिँदैनन्। किनकि तिनीहरू कि त आकासमा विलिन भए या जमिन मुनि धसिएका छन् भनिन्छ। अहिले ज्योतिर्लिङ्ग भनिएका ठाउँमा नबल्ने प्रकारका प्रस्तर लिङ्ग राखिएका हुनाले तिनीहरू बलेको नदेखिएका हुन्। ज्योतिर्लिङ्ग ज्योतिका रुपमा रहने हुनाले स्थिर रहने सबालै भएन। त्यस्ता स्थानमा मानिसलाई पूजाआजा गर्नका लागि भने अन्य लिङ्गहरू राखिएका छन्। भारतका विभिन्न १२ स्थानमा १२ वटा ज्योतिर्लिङ्ग रहेको चर्चा पुराणहरूमा गरिएको पाइन्छ। शिवजी जहाँजहाँ स्वयम् प्रकट भए, ती स्थानमा ज्योतिर्लिङ्ग रहेको कथा छ। तर ज्योतिका रुपमा प्रकट भएपछि शिवजीको ज्योति रुप सधैं त्यसै स्थानमा स्थिर भने रहेन। यो कि त आकासमा या पातालमा गयो भनिन्छ। शिवजी ब्रह्म हुन् भन्ने पौराणिक मान्यता छ, जसको कुनै स्वरुप नहुने मानिन्छ। तसर्थ शिवलिङ्गलाई स्वरुप विहिन, निराकार तथा ब्रह्मका रुपमा लिने गरिन्छ। यस्ता शिवजीलाई ज्योतिपुञ्जमा पूजाआजा पर्नुपर्ने पौराणिक विधान पाइन्छ। यस्तो पुञ्ज लिङ्गाकारमा हुने मान्यतामा त्यसलाई ज्योतिर्लिङ्ग भनिएको हो।

भारतका विभिन्न भागमा रहेका द्वादस ज्योतिर्लिङ्गमा गुजरात स्थित काठियाबादमा रहेका श्री सोमनाथ, आन्ध्र प्रदेशको श्रीशैलमा रहेका मल्लिकार्जुन, मध्यप्रदेशको उज्जयिनीमा रहेका श्री महाकालेश्वर, मध्यप्रदेशकै नर्वदानदी दीपमा रहेका ॐकारेश्वर, उत्तराखण्डमा रहेका केदारनाथ, महाराष्ट्रको भीमानदीको किनारमा रहेका भीमशङ्कर, उत्तर प्रदेशको वाराणसीमा रहेका विश्वनाथ, महाराष्ट्रको नासिकमा रहेका त्र्यम्बकेश्वर, महाराष्ट्रको परलमा रहेका वैद्यनाथ, गुजरातको द्वारकामा रहेका नागेश्वर, तमिलनाडुको रामेश्वरममा रहेका रामेश्वर र महाराष्ट्रको औरङ्गावादमा रहेका घुश्मेश्वर हुन् भन्ने पौराणिक विवरण पाईएको छ। यस सूचीमा नेपालका पशुपतिनाथको नाम आएको देखिंदैन। किनकि पशुपतिनाथ यी सवै शिवलिङ्गभन्दा पहिलेको तथा आद्य ज्योतिर्लिङ्ग हो। विभिन्न पुराणहरूले सृष्टिको सुरुमा नै पशुपतिनाथका रुपमा ज्योतिपुञ्ज प्रकट भएको तथा आफ्नो काम फत्ते गरेपछि पातालमा धसेको उल्लेख गरेका छन्। भारतका विभिन्न स्थानमा भएका १२ ज्योतिर्लिङ्ग भने त्रेता र द्वापर युगमा प्रकट भएका मानिएको छ। तसर्थ पशुपतिनाथलाई सवैभन्दा पुराना तथा पहिलो ज्योतिर्लिङ्ग मानिएको हो। आद्य ज्योतिर्लिङ्गको उत्पत्तिसम्बन्धी कथा लिङ्गपुराण, वायुपुराण, शिवमहापुराण र कुर्मपुराणमा दिइएको पाइन्छ। यही आद्य ज्योतिर्लिङ्ग पशुपतिनाथ हो भनिएको छ। तसर्थ आद्य ज्योतिर्लिङ्ग पशुपतिनाथ बाहेक अन्यत्र कतै पनि छैन।

ज्योतिर्लिङ्ग स्वयम्भूव हुन्छन् या यिनीहरू आफैं उत्पत्ति भएका मानिएका छन्। तिनीहरूलाई मानिसले बनाउने तथा जीर्णोद्धार गर्ने विधान पाइँदैन। तिनीहरू विविध कारणले टुटेमा या फुटेमा तिनमा सुन र चाँदी आदिको कबच लगाउने विधान पाइन्छ (राव, ९१४: ८२)। स्वयम्भूव शिवलिङ्ग सम्पूर्ण रुपमा विनास भयो भने राज्यनै विनास हुने पौराणिक मान्यता छ। यस लोकमा पशुपतनाथ समेत जम्मा ६८ वटा स्वयम्भूव लिङ्ग भएको उल्लेख पुराणहरूले गरेका छन्। सबै ज्योतिर्लिङ्ग स्वयम्भूव हुन्, तर सवै स्वयम्भूव लिङ्ग ज्योतिर्लिङ्ग नहुन सक्तछन्। यहाँ पशुपतिनाथ भने ज्योतिर्लिङ्ग र स्वयम्भूवलिङ्ग दुवै स्वरुप हो।

पीठिका

शिवलिङ्ग साङ्केतिक हो, जुन निराकार मानिन्छ। यसमा पनि ज्योतिर्लिङ्ग त झनै ज्योतिका रुपमा मात्र रहन्छ, जसको आकार हुँदैन। यस्तै शिवलिङ्गको पीठ पनि निराकार र ब्रह्म स्वरुपको मानिन्छ। शिवलिङ्ग र तिनको पीठ दुवै साङ्केतिक रुपमा निर्माण गर्नु पर्ने विधान पुराणहरूले दिएका छन्। यहाँ लिङ्ग शिवको भाग तथा पीठ शिवको शक्ति या शिवाको भाग मानिन्छ। पुराणहरूमा शिवभक्त कहिल्यै पनि नासिंदैन र शिवजीले जहिले पनि आफ्ना भक्तको रक्षा गर्दछन् भनिएको पाइन्छ। अझ पशुपतिनाथको मुलुकमा त कोही पनि भोकभोकै मर्दैनन् भनिन्छ। सम्पूर्ण नेपालीले केही पनि काम नगरी बसे पनि पशुपतिनाथले सात वर्षसम्म पाल्न सक्तछन् भन्ने लोकोक्ति जनमानसमा प्रचलित छ। पशुपतिनाथ निराकार भए पनि यिनले विभिन्न प्रकारका लीला गर्न या आफ्ना भक्तको रक्षाका लागि रुप लिन या प्रकट हुन निश्चित स्थान चाहिन्छ, जुन स्थान नै शिवलिङ्ग र यसको पीठ हो भन्ने मान्यता छ। शिवलिङ्गको तल्लो या लिङ्ग अडिएको भागलाई पीठ या पीठिका भनिन्छ। सवै प्रकारका लिङ्गहरू पीठमाथि अडिएको अवस्थामा निर्माण गर्ने परम्परा छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्ग ज्योतिका रुपमा प्रकट भएका, आफैं उत्पत्ति भएका या प्राकृतिक तथा मानिसबाट बनाइएका पनि हुन्छन्। मानिसबाट निर्मित शिवलिङ्गलाई भने मानुष लिङ्ग भनिन्छ, जसलाई मुख्य रुपमा अष्टोत्तरसत, सहस्र, धर, शैवेष्ट्य र मुख गरी पाँचवटा भागमा वर्गिकरण गर्ने चलन छ। अष्टोत्तर सत १०८, सहस्र १०००, धर ५ देखि ६४ सम्म र मुख लिङ्ग एकदेखि ५ मुख सम्मका हुन्छन् भन्ने मान्यता पाइन्छ। मानुष शिवलिङ्ग पीठमा निर्माण गरिन्छन्, जुन विभिन्न प्रकारका हुन्छन्। तिनीहरू गोला, त्रिकोणाकार, चतुष्कोणाकार, षट्कोणाकार, अष्टकोणाकार लगायत १६ कुनेसम्म हुने गर्दछन्। पीठको एकातिरको भाग कम्तिमा पनि शिवलिङ्गको पूजा भागको दोब्बर हुनुपर्ने शास्त्रीय विधान छ। जस्तो शिवलिङ्गको लम्बाई तीन फिट छ भने यसको एकातिरको भाग पनि तीन फिट लामो हुन आवश्यक हुने गर्दछ। यस्तो पीठ उत्तमोत्तम मानिन्छ। यसभन्दा सानो पीठ अधमोधम हुने मान्यता छ। शिवलिङ्गका पीठहरू आकारका आधारमा अधमाधम, अधममध्यम, अधमोत्तम, मध्यमाधम, मध्यमामध्यम, मध्यमोत्तम, उत्तमाधम, उत्तममध्यम र उत्तमोत्तम गरी जम्मा नौ भागमा वर्गिकृत हुने गर्दछन्।

प्रतिमाशास्त्रीय ग्रन्थहरूमा पाइने विवरण अनुसार पीठको घेरा लिङ्गको या विष्णु भागको घेराभन्दा तीन दोब्बर धेरै हुन आवश्यक छ। शास्त्रहरूमा पीठको उचाई पनि दिइएको पाइन्छ। त्यसमा के भनिएको छ भने शिवलिङ्गको पीठले कम्तिमा पनि विष्णु भाग छोपिएको हुनु पर्दछ। यहाँ पीठभन्दा माथिको भाग रुद्रभाग, पीठले छोपिएको भाग विष्णुभाग र पीठभन्दा तलको भाग ब्रह्मा भाग मानिन्छ। अर्को प्रसङ्गमा शिवलिङ्गको पीठले विष्णु भाग आधा छोपिएको हुनुपर्ने मान्यता राखिएको देखिन्छ। पीठ एक, दुई, तीन र त्यसभन्दा धेरै तहका पनि बनाउन सकिन्छ। पीठका तहहरू पनि भद्रपीठ, महाम्बुजपीठ, श्रीकरपीठ, विकरपीठ, महावज्रपीठ, सौम्यकपीठ, चन्द्रपीठ र वज्रपीठ आदि भागमा वर्गिकृत हुन्छन्। पीठहरू एकपछि अर्को तहमा रहँदा उपान, जगति, कुमुद, पद्म, कम्प, कण्ठ, पत्तिका, निम्न र घृतभारी आदि स्वरुपका हुने उल्लेख पाइन्छ।

पीठको सवैभन्दा माथिल्लो भागमा शिवलिङ्गको निर्माल्य झर्दछ। यहाँ निर्माल्यको अर्थ शिवलिङ्गमा अर्पण गरिएको वस्तु हो। शिवलिङ्गमा चढाइएको निर्माल्य भक्तको देब्रे तिरबाट बग्नुपर्ने मान्यता छ। तसर्थ शुपतिनाथको पश्चिम ढोका खोलिन्छ, जहाँबाट भक्तहरूले पूर्वतर्फ फर्किएर पशुपतिनाथको दर्शन गर्दछन्। पशुपतिनाथको पीठ उत्तरतिर फर्किएको हुनाले त्यहाँको शिव निर्माल्य भक्तको देब्रेतिर बगेको देखिन्छ। शिवलिङ्गको पीठबाट निर्माल्य बगाउन नालीजस्तो स्वरुप बनाइन्छ, जुन नाल पनि यसको किनारको एक तिहाईदेखि एक चौथाई लामो हुनु पर्ने प्रतिमाशास्त्रीय विधान छ। यसको चौडाई भने यसको तीन चौथाईको हुनु पर्दछ (राव, १९१४: १०२)। शिवलिङ्गको नाल हात्तीको ओठजस्तो स्वरुपको देखिने हुनुपर्ने प्रतिमाशास्त्रीय विधान छ। शिवलिङ्ग निर्माणका क्रममा लिङ्ग पुरुष शिलाको र पीठ स्त्री शिलाको बनाइनु पर्ने नियम छ। कस्तो शिला स्त्रीशिला र कस्तो शिलालाई पुरुष शिला भनिन्छ भन्ने कुरा आगमशास्त्रका ग्रन्थहरूमा चर्चा गरिएको पाइन्छ।

माथि चर्चा गरिएका पीठकाका आकारप्रकार सवै मानुष लिङ्ग या मानिसले निर्माण गर्ने लिङ्गका लागि हुन्। ज्योतिर्लिङ्ग भने ज्योतिपुञ्जका रुपमा रहने हुँदा तिनका पीठ हुने सबालै भएन। शिव या पशुपतिनाथरुपि ज्योतिको चम्किलो पुञ्जलाई नै ज्योतिर्लिङ्ग मानिएकाले यसका पीठ नभएका हुन्। यस्ता अन्य लिङ्गको पनि पीठ हुँदैन। स्वयम्भूव लिङ्ग पनि स्वयम् प्रकट भएका हुने हुँदा तिनको पनि पीठ हुनुपर्ने कुनै बाध्यता छैन। शिव र शिवा लयावस्थामा हुँदा लिङ्ग र पीठ नछुट्टिएका हुन्। कतिपय स्थानमा ज्योतिपुञ्जका लागि पनि मानिसले शिवलिङ्ग बनाएर राखिदिने चलन छ। जस्तो भारतका विभिन्न स्थानमा भएका ज्योतिर्लिङ्ग तथा नेपालको पशुपतिनाथका रुपमा रहेको आद्य ज्योतिर्लिङ्गका लागि पनि मानुष लिङ्ग राखिएका छन्। पशुपतिनाथको ज्योतिर्लिङ्ग भने यसै स्थानमा जमिनभित्र धसेको मानिन्छ। हाल पुजिने शिवलिङ्ग भने मानुषलिङ्ग हो, जुन आद्यज्योतिर्लिङ्ग माथि निर्माण गरिएको मानिन्छ। मानुष शिवलिङ्ग स्थापना गर्दा शास्त्रीय विधानलाई ख्याल गर्न आवश्यक ठानिन्छ।

शिवलिङ्गको सुन्दरता र सुरक्षाका लागि पीठमा धातुका पाताले मोर्ने गरिएको छ। शिवलिङ्गलाई मुख्य रुपमा पित्तल, तामा, चाँदी र सुनका पाताले मोर्ने चलन छ। पशुपतिनाथको प्रस्तर शिवलिङ्गलाई सवैभन्दा तल तामाका पाताले मोरेको देखिन्छ। त्यसभन्दा माथि पाटनका राजा विष्णुमल्लले मध्यकालमा चाँदिका पाताले मोरेकोमा पछि त्यसलाई जयप्रकाश मल्लले निकालेर बेचेको विवरण एउटा वंशावलीमा परेको छ। यसको पीठिकालाई वि.सं. १५७५ तिर रत्न मल्लले तामाका पाताले मोरेको मान्यता छ। त्यसभन्दा अगाडि यसको पीठिका धातुका पाताले मोरेको थियो या थिएन भन्ने स्पष्ट छैन। नेपाल एकीकरण पछि पुन वि.सं. १८३८ सालमा रणबहादुर शाहले त्यसैमाथि चाँदीका पाताले मोरेका छन्। रणबहादुरले राखेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाँदीका पाता पनि जीर्ण भएपछि वि.सं. २०२५ सालमा राजा महेन्द्रले त्यसैमाथि पुन चाँदीको पाताले मोरि दिएका थिए। उक्त पातामाथि वि.सं. २०७७ सालमा सुनका पाताले मोरेर पशुपतिनाथको पीठिकालाई सुवर्णमय बनाइएको छ। यसरी पशुपतिनाथको पीठिका हाल तामा, दुई तहको चाँदी र सुनको पाता गरी चार परतमा धातुका पाताले मोरिएको छ।

सामान्यतया टुटेको, फुटेको र बिग्रिएको शिवलिङ्गलाई पूजा गर्न हुँदैन भन्ने मान्यता छ। तसर्थ टुटेफुटेका शिवलिङ्गलाई सेलाउने तथा तिनका स्थानमा नयाँ शिवलिङ्ग स्थापना गरी राख्ने गरिन्छ। तर स्वयम्भूव शिवलिङ्ग भने परिवर्तन गर्न पाइँदैन। यसलाई बिगारेमा या नासिएमा देश र जनताले अकाल, रोगव्याधी र आपतविपत्को सामना गर्नुपर्ने पौराणिक विवरण पाइन्छ। तसर्थ यदि स्वयम्भूव शिवलिङ्ग टुटफूट भएमा त्यसमा बहुमूल्य धातुको कबच हालेर स्वरुप दिन आवश्यक मानिएको छ। स्वयम्भूव शिवलिङ्ग विनास भयो भने त राज्यको नै विनास हुने मान्यता पाइन्छ। ज्योतिर्लिङ्गका रुपमा पूजिने र स्वयम्भूव लिङ्गलाई टुटफुट हुँदामात्र नभएर सग्लो हुँदा पनि धातुका पाताले मोर्ने परम्परा छ। तसर्थ पनि पशुपतिनाथको शिवलिङ्गको जलहरीलाई बेलाबेलामा धातुका पाताले मोर्ने गरिएको हो।

शिव निर्माल्य

शिवजीलाई चढाएको वस्तु शिव निर्माल्य हो। शिवजीलाई भक्तले र मन्दिरका तर्फबाट जे जति वस्तुहरू चढाइन्छ, त्यो सवै शिव निर्माल्यका मानिन्छ। शिवजीलाई नित्य र पर्व पूजाका अवसरमा चढाइने पानी, फूल, फल र अन्य वस्तु सवै निर्माल्य हुन्। शिवजीलाई अन्नपात, लुगाफाटा, खानेकुरा र गरगहना लगायतका वस्तु पनि चढाउने परम्परा छ। यी सवै वस्तु शिवजीलाई अर्पण गरेपछि शिव निर्माल्य हुने गर्दछन्। पशुपतिनाथमा अर्पण गरिएको जल, पञ्चामृत र अन्य निर्माल्य यसको पीठिकाको नालीबाट बगेर ब्रह्मनाल हुँदै आर्यघाटमा पुग्दछ। त्यहाँ गुह्येश्वरीको नाल सन्नवती समेत मिसिएर त्रिवेणी बनेको मानिन्छ। तसर्थ पुराणहरूमा आर्यघाटलाई आर्यतीर्थ भनिएको छ, जुन स्नान, व्रत प्रारम्भ, व्रतसमापन, पूजाआजा, भजनकीर्तन, आरती, देवकार्य र अन्य उत्सवका लागि ज्यादै पवित्र, पुण्यदायी र महत्त्वपूर्ण मानिएको छ। मानिसको मृत्यू भएपछि पनि भस्मेश्वर लगायतका घाटमा दाह संस्कार गर्दा ब्रह्मनालबाट आएको शिवनिर्माल्य मृतकको भस्म लगायतका वस्तुमा मिसिने हुनाले उसले मोक्ष पाउँछ भन्ने मान्यता छ। शिव निर्माल्य छुनाले या शरीरमा छर्कनाले मात्र पनि मानिसले उत्तम गति पाउने मानिन्छ। हुन त यो संसारको सृष्टि स्वयम् शिवजीले गरेको मानिने हुँदा उनी पति हुन्, उनी नाथ हुन् र उनै ब्रह्म पनि हुन् भनिन्छ। तसर्थ यस लोकमा पाइने सवै कुरा उनैका हुन्। तर यिनलाई अर्पण गरिएका कुरामा भने यिनको श्पर्श पनि भएको हुने हुँदा त्यसलाई पवित्र शिवनिर्माल्य मान्ने गरिएको हो। पशुपतिनाथका नाममा राखिएको गुठी पनि भाकेर राखिएको हुँदा शिवजीकै मानिन्छ। यिनलाई चढाएको सुन, चाँदी र अन्य बहुमुल्य वस्तु समेत यिनका निर्माल्य हुन्।

भ्रम र यथार्थताहरू

१) साधारण जनमानसले पशुपतिनाथका रुपमा चार मुखमा पूजाआजा हुने शिवलिङ्गलाई ज्योतिर्लिङ्ग मान्ने गरेका छन्। तर ज्योतिर्लिङ्ग प्रकाशमान र ज्वालाका रुपमा रहने हुँदा वर्तमानमा पूजित शिवलिङ्ग ज्योतिर्लिङ्ग माथि स्थापना गरिएको हो। पशुपतिनाथ आद्य ज्योतिर्लिङ्ग भएकाले उनलाई कसैले पनि बनाएको नभएर आफैं प्रकाशका रुपमा स्थापना भएका हुन्। सवै ज्योतिर्लिङ्ग स्वयम्भूव लिङ्गनै हुने गर्दछन्। तर सवै स्वयम्भूव लिङ्ग ज्योतिर्लिङ्ग भने हुँदैनन्। स्वयम्भूव लिङ्ग पछिल्लो कालमा पनि उत्पत्ति भएका छन्। पशुपतिनाथको सन्दर्भमा यिनी आद्य लिङ्ग, आद्य ज्योतिर्लिङ्ग र आद्य स्वयम्भूव लिङ्ग हुन्। यिनको स्वरुप नहुने मान्यतामा पशुपतिनाथलाई ब्रह्म मानिन्छ। यो तत्व मात्र भएकाले भक्तहरूले यसलाई बाहिरी आँखाले देख्न सक्तैनन्। तसर्थ भक्तहरूलाई बाहिरी आँखाले हेर्न र पूजाआजा गर्नका लागिमात्र ज्योतिर्लिङ्ग भएको स्थानमा अहिलेको शिवलिङ्ग स्थापना गरिएको हो।

ज्योतिर्लिङ्ग ज्योतिमय हुने र आकारप्रकार नहुने हुँदा टुट्ने, फुट्ने र नासिने सम्भावना रहँदैन। तिनीहरू आकासमा या पातालमा रहने मान्यतामा आँखाले देखिँदैनन्। तसर्थ भक्तहरूलाई पूजाआजा गर्न तिनका ठाउँमा अन्य प्रकारका मानुष लिङ्ग स्थापना गरिदिने परम्परा छ। स्वयम्भूव ज्योतिर्लिङ्ग भने आकारवाला हुन्छन्, जसलाई संरक्षण गर्न आवश्यक हुन्छ। तिनीहरू टुटेमा र फुटेमा पुनर्निर्माण गर्न या त्यसको बदलामा अर्को राख्न नहुने पौराणिक मान्यता छ। यस्तै टुटेफुटेको शिवलिङ्गको पूजा गर्न नहुने मान्यतामा तिनलाई सुन र चाँदीजस्ता बहुमुल्य वस्तुले आभरण गर्न या कबच लगाउने गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२) शिवलिङ्ग पुरुष प्रस्तर र पीठ भने स्त्री प्रस्तरका बनाउनु पर्ने विधान छ। स्वयम्भूव र ज्योतिर्लिङ्गको पीठ नरहन सक्तछ, जसका लागि पीठ मानिसले बनाई दिने गर्दछन्। शिवलिङ्ग जस्तै यसको पीठ पनि बिग्रिएको र फुटेको हुन हुँदैन भन्ने मान्यता छ। तिनको पीठ टुटेमा या फुटेको भएमा तिनलाई धातुका पाताले मोर्न आवश्यक हुने गर्दछ।

३) पशुपतिनाथ देशका आराध्यदेव र नेपालको परिचयका रुपमा रहेको तथा विश्व सम्पदा सूचीमा सूचिकृत भएको स्थान हो। पशुपतिनाथलाई देशको रहस्यका रुपमा पनि रहेको छ। यिनलाई सवै चराचरका इश्वर र सवैभन्दा इश्वर तथा ब्रह्मका रुपमा लिने गरिन्छ।

४) पशुपतिनाथको निर्माल्यका बारेमा पनि यथार्थताभन्दा केही फरका भ्रमहरू पनि यदाकदा रहेका देखिन्छन्। देवीदेवतालाई चढाएको फूल, अक्षता, नैवेद्य, सुन, चाँदी, जमिन र अन्य वस्तुहरू पनि निर्माल्य हुन्। पशुपतिनाथलाई चढाइएको या अर्पण गरिएको सवै वस्तु शिवनिर्माल्य मानिन्छ। पशुपतिनाथलाई चढाइएको यस्तो निर्माल्य ग्रहण गर्न हुने या नहुने कुरामा मानिसहरूका बीचमा अनेक प्रकारका भ्रमहरू पनि रहेका छन्। कतिपय मानिसहरू शिव निर्माल्य ग्रहण गरेमा शिवश्वको दोष लाग्दछ र उसको पतन हुन्छ भन्ने विश्वास गर्दछन्। तर पशुपतिनाथको निर्माल्य या प्रसाद ग्रहण गर्न नहुने कुरा एउटा भ्रममात्र हो। किनकि शिवमहापुराण, स्कन्दपुराण, लिङ्गपुराण र वायुपुराण आदि सवै पुराणहरूले यो सवै चराचर र सवै पदार्थ शिवका कारण सिर्जना भएको उल्लेख गरेका छन् । यो संसारमा जे जति पदार्थ छन्, ती सवै शिवजीबाट सृष्टि भएका हुन्। शिवजीबाट सृष्टि भएका सवै जीव, पदार्थ र चराचरमा शिवतत्व विद्यमान रहेको हुने मानिन्छ। तसर्थ यी सवै वस्तु ग्रहणयोग्य हुँदैनन् भन्नु सर्वथा गलत हो। यस्तै शिवजीलाई चढाइएका वस्तु पनि यही प्रकृतिका हुने हुँदा तिनीहरूलाई ग्रहण गर्न नहुने कुरा शास्त्रहरूमा कहिं कतै पनि लेखिएको छैन।

५) शिवजी लय अवस्थामा शक्तिका साथमा शान्त रहने तथा तिनलाई लीला गर्ने विचार भएपछि प्रकट हुने र शक्ति शिवासँग मिलेर सृष्टि गर्न लाग्ने कुरा पुराणहरूमा उल्लेख गरिएको पाइन्छ। यिनले ब्रह्माका रुपमा सृष्टि, विष्णुका रुपमा पालना तथा रुद्रका रुपमा संहार गर्दछन् भनिएको छ। यस अर्थमा सवै कुरा शिवजीबाट सिर्जना भएका हुन् भने विनासको अवस्थामा सवै जीव, वस्तु तथा पदार्थ शिवजीमा नै लिन हुने कुरा पुराणहरूमा स्पष्टसँग व्याख्या गरिएको छ। यस अर्थमा शिव निर्माल्य ग्रहण नगर्ने भन्ने कुनै सवालै रहँदैन। शिव निर्माल्य जुन रुपमा भए पनि ग्रहण गर्न हुन्छ र यसलाई धर्मपूर्वक ग्रहण गर्न अति आवश्यक पनि हुने गर्दछ।

६) शिवजी गण या परिवारमा बस्ने मान्यता छ। पृथ्वीका सवै चराचर शिवजीका सन्तान हुन् भन्दै भूत, प्रेत, बाँदर, मानिस, देवता, अर्धदेवगण जस्तो गन्धर्व, किन्नर, यक्ष लगायत सवै चराचर शिवजीका परिवारमा रहने मान्यता छ। उनको परिवारमा देवगणका प्रमुख गणेश तथा भूत गणका प्रमुख चण्डेश्वर मानिन्छन्। चण्डेश्वर शिवजीको मुखबाट उत्पन्न भएका र तिनी सँधै शिव सानिध्यमा रहन्छन् भन्ने मान्यतामा शिवालयहरूको उत्तरपूर्वी कुनामा चण्डेश्वर स्थापना गर्ने चलन छ। चण्डेश्वर शिवजीबाट उत्पन्न भएका, शिवजीको सानिध्यमा बस्ने तथा शिवजीलाई अर्पण गरेको सवै निर्माल्यमा यिनको पहिलो अधिकार रहेको धार्मिक मान्यता छ। यसरी शिवजीको निर्माल्यमा भूत गणका प्रमुख चण्डेश्वरको अधिकार रहने मान्यतामा शिवनिर्माल्य ग्रहण गर्न नहुने भनिएको हो। तर यथार्थमा शिव निर्माल्य चण्डेश्वरको भागि छुट्याएपछि ग्रहणयोग्य हुन्छ र सवैले ग्रहण गर्नु पर्दछ भनिन्छ। शिवनिर्माल्य ग्रहण नगर्नुलाई शिवजीप्रति हेयभाव राख्नु तथा यसबाट पापको भागी हुनुपर्ने मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ ग्रन्थसूची

खेमका, राधेश्याम (सं., वि.सं. २०७०), *अग्निपुराणम्*, गीता प्रेस।

खेमका, राधेश्याम (सं., वि.सं. २०७४), *श्रीलिङ्गमहापुराण*, गीता प्रेस।

गौड, कालिचरण (टी २००१), *मत्स्यपुराणम्*, गीता प्रेस।

गौतम, चेतोनाथ (सं., वि.सं. २०५४), *शिवमहापुराण*, पशुपतिक्षेत्र विकास कोष।

योगी, नरहरीनाथ (सं., वि.सं. २०१३), *हिमवत्खण्ड पुराण*, योग प्रचारिणी समिति।

राव, टि. ए. गोपिनाथ (१९१४), *इलिमेन्ट अफ् हिन्दू आइकोनोग्राफी*, प्यारागन बुक।

श्रीवास्तव, बलराम (सं., वि.सं. २०२१), *रुपमण्डनम्*, चौखम्बा प्रकाशन।

शर्मा, लीलाधर (सं., वि.सं. २०३०), *ब्रह्मपुराणम्*, गीता प्रेस।

त्रिपाठी, रामप्रताप (अनु. १९८७), वायूपुराणम्, गीता प्रेस।

सकलागम, सुप्रभेदागम, पूर्वकारणागम र मयमतागम।

❖❖❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति क्षेत्रका गुठीको व्यवस्थापन

✍ हरिनाथ ढकाल

पृष्ठभूमी

गुठी व्यवस्थाको शुरुवात इ.सं. ४१२ मा चन्द्रगुप्त द्वितियको समयदेखि प्रारम्भ भएको अनुमान गर्न सकिन्छ र भारत वर्षमा उनका सेनापति अम्रकादेवले कोकनादबोटको वौद्ध संघको इश्वर नासक गाउँ र पच्चिस दिनार पृथ्वीमा चन्द्र सूर्य रहेसम्म पाँच जना भिक्षुहरूलाई भोजन गराउन रत्नगृहमा वत्ति वाल्न, त्यसवेला वैंकको जस्तो काम गर्ने वौद्धसंघलाई उक्त इश्वरदास गाउँ र पच्चिस दिनारको अक्षयकोष स्थापना गरी त्यसको व्याजवाट काम चलाउने व्यवस्था अर्थात गुठी व्यवस्थाको स्थापना गरेको कुरा साँचिको इ.सं. ४१२ को चन्द्रगुप्त द्वितियको साँचिको स्तुपको पूर्व तर्फको तोरणको दाहिने तर्फ रहेको वेदिकाको ढोकामा राखिएको शिलालेखमा उल्लेख छ।[१] तत्कालिन समयमा नेपालमा शासन गरी रहेका लिच्छवि राजाहरूले भारतका गुप्त राजाहरूवाट प्रयोगमा ल्याइएको यो गुठी पद्धतिलाई आफ्नो मुलुकमा पनि आभ्यास गर्न थाले। प्रारम्भमा नेपालमा गुठीको स्थापना नितान्त धार्मिक भावना वाट पुण्य आर्जनका लागि हुने गरेको देखिन्छ। इतिहासको अध्ययन गर्दाः हालसम्म फेला परेको मध्ये पहिलो अभिलेखमा राजा मानदेवले.......भट्टारक(चाँगुनारायणको) वर्षवन्धनको लागि भट्टारकको पूजाको लागि खकम्प्रिङ ग्राममा ५४ मानिका ,........२० मानिका दोम्मानमा २० मानिका...........(गुठी राख्नु भयो) भनी चाँगुनारायणमा रहेको सम्वत् ३८६ (वि.सं. ५२१) को स्तम्भलेखमा उल्लेख भएको छ।[२] यसैलाई नेपालमा गुठी प्रथाको शुरुवातको अवस्था हो भनि स्वकारिँदै आइएको छ।

पशुपति देउपाटनमा दक्षिणामूर्तिको पश्चिम पट्टि एउटा शिवलिङ्गको जलहरीमा सम्वत् ३९९ आषाढ शुक्ल दशमी उल्लेख भएको एउटा अभिलेख रहेको छ। सो अभिलेखमा कुदिएको व्यहोरावाट राजा मानदेवको पालामा रत्नसंघ नाम गरेको व्यपारी व्यक्तिले रत्नेश्वर महादेवको' स्थापना गरी गुठी राखेको देखिन्छ जसमा दुलङग्राममा पांचसय ५०० भुमी, खोप्रिङ ग्राममा छ सय ६०० भुमी, दुंप्रङ ग्राममा एक सय १०० सय भुमी, ह्यास्प्रिङग्राममा दुई सय पचास २५० भुमी, विलिविक्षमा दुई सय पचास २५० भुमी, वागमती पारी दुई सय २०० भुमी, वेम्मामा एक सय असी १८० भुमी, रवैनस्युमा नव्वे ९० भुमी, बल(ब) लमा दुई सय २०० भुमी, यूपग्राममा दुई सय २०० भुमी, गुठी राखेको उल्लेख छ।[३] यो गुठी नै तत्कालिन समयमा जनतावाट स्थापना गरिएको हालसम्म को पहिलो गुठी हो भन्ने वुझिन्छ।

यस्तैगरी खानेपानीको लागि धारो वनाई परोपकारी भावनावाट स्थापित गुठी मध्ये सम्वत् ४९२ को पाटन मङ्गलवजारको भिमसेन मन्दिर अगाडीको प्रशिद्ध ढुङ्गेधारा मंगाहिटीको निर्माण गरी सोही बखत त्यहां कुंदिएको शिलालेखले प्रष्ट गर्दछ, जसमा पिण्डक(कुत) वीस वीसको हिसावले पचास मानिको छ भनि उल्लेख गरिएको छ।[४] यसैगरी गुठीको स्थापना र संचालनमा अत्यन्तै महत्वपूर्ण स्थान रहेको अभिलेख लेखेको शिवदेव, अंशुवर्माको सम्वत् ५२६(वि.सं. ६६१) को अभिलेख हो। यो अभिलेख मा देवी देवताको स्थापना गरी तिनका नाममा पुजा आजा को प्रवन्ध का लागि गुठी राखिदै आएको प्रचलन परम्परा भन्दा वेगल प्रकृतीको समाजिक कामको लागि र मनोरन्जन समेतको उद्देश्यले गुठीको स्थापना भएको छ, जसमा आरोग्यशाला (अस्पताल) लाई २०० मानिका, पानिय(पानि) गोष्ठिका गुठियारलाई १० मानिका, पौलङको पानीया गोष्ठीका गुठीयारलाई १० मानिका, प्रणाली (धारा) गोष्ठिका गुठीयारलाई ८ मानिका, प्रवहन (गाडा) गोष्ठिका गुठीयारलाई २० मानिका , मल्लयुद्ध (कुस्ती खेल्नु) चलाउन लाई ३ मानिका समेत गुठीहरू राखिएको देखिन्छ।[५] यसैगरी तत्कालिन समाजमा रहेको धार्मिक समानता र सहिष्णुताको परिचायक रहेको धार्मिक सदभावले पूर्ण देखिने गरी राखिएको गुठीवारे चर्चा भएको

✍ श्री ढकाल, पशुपति क्षेत्र विकास कोष संचालक परिषदका सदस्य हुनुहुन्छ। Email: adharidhakal@gmail.com

१ डा. साफल्य अमात्य लेख गुठी नेपालको विशिष्ट संस्कृती (गुठी संस्थान प्रधान कार्यालय, स्मारिका २०७१, पृ. १५१।

२ धनवज्र वज्राचार्य, लिच्छवि कालका अभिलेख, नेपाल र एसियाली अध्ययन संस्थान त्रि.वि. किर्तिपुर २०३० पृ. १६।

३ धनवज्र वज्राचार्य, लिच्छवि कालका अभिलेख, नेपाल र एसियाली अध्ययन संस्थान त्रि.वि. किर्तिपुर २०३० पृ. ५१।

४ डा. साफल्य अमात्य लेख, गुठी नेपालको विशिष्ट संस्कृति (गुठी संस्थान प्रधान कार्यालय, स्मारिका २०७१ पृ. १५२।

५ ऐ.ऐ.।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्वत् ३२ को हांडीगाउँ स्थित अंशुवर्माको अभिलेखको जिवन्त महत्व रहेको छ। जसमा वैष्णव तथा हिन्दु हरूका देवता डोलाशिखर स्वामी (चांगुनारायण) ६ पुराण २ पण, भुम्भुम्दिका जलसय नलाई ३ पुराण १ पण भगवान पशुपतिनाथलाई ६ पुराण २ पण मनिस्वरलाई ३ पुराण १ पण वौद्ध विहारहरू गुंविहारलाई ६ पुराण २ पण , श्रीमान विहारलाई ६ पुराण २ पण आदिको व्यवस्था गरी गुठी स्थापना गरेको उल्लेख छ।[६]

श्री पशुपतिनाथका सम्वन्धमा

श्री पशुपतिनाथको उत्पत्ति र पूजा आजा कहिलेदेखी प्रारम्भ भएको हो भन्ने एकिन तथ्य प्रामाणिक रुपमा हाल सम्म फेला परेको बुझिदैन। सम्मानित श्री सर्वोच्च अदालतमा दायर भएको एउटा मुद्दामा व्याख्या हुँदा श्री पशुपतिनाथका सम्बन्धमा केही महत्वपूर्ण कुरा बोलिएको पाईन्छ। उक्त फैसलाको एक ठाउँमा,"सांशारीक मायाँ मोहको बन्धनले पशुतुल्य भएका जिवात्मालाई ती बन्धनहरूबाट मुक्त गर्ने अराध्यदेवको रुपमा श्री पशुपतिनाथको प्रसिद्धि र महिमा संसार भर फैलिएको छ। यद्यपी अभिलेखको अध्ययनमा आधारित नेपालको प्रामाणिक इतिहाँस लिच्छविकालदेखी शुरु हुन्छ। तर श्री पशुपतिनाथको इतिहाँस भने सो भन्दा हजारौं वर्ष पुरानो छ। अर्थात श्री पशुपतिनाथको उत्पति प्राग ऐतिहाँसीक छ।[७]

पाशुपत क्षेत्रमा धार्मिक सहिष्णुताको विषयमा चर्चा गर्दै सम्मानित सर्वोच्च अदालतबाट एउटा मुद्दामा ब्याख्या हुने क्रममा, " श्री पशुपतिनाथ सनातन हिन्दु, बौद्ध, जैन, शिख आदी विभित मत मतान्तरका हिन्दु जनहरूको आस्था र श्रद्धाको केन्द्र एवम पवित्र तिर्थ स्थल हुनुको कारण पनि यसको गरिमा माहान बनेको छ। श्री पशुपतिनाथको मन्दिर, प्राङ्गण र परिसरमा रहेका असंख्य सम्पदाहरूले सैव, सात्त, वैष्णव, बौद्ध, जैन, सौर, गाणपत्य,नाथ, शिख आदी प्रमुख सम्प्रदायको भक्तजनहरूको आस्था, आरधना, भक्ति र समर्पण प्रप्त गरेको छन्।" भनी सप्रमाण व्यख्या भएको छ।[८]

आराध्यदेव भगवान श्री पशुपतिनाथको मन्दिर तत्कालिन राजा सुपुष्पदेवले वि.सं. ४९० ताका निर्माण गरेका हुन् भन्ने वुझिन्छ। तसर्थ भाषाको वंशावली अनुसार उनैका पालादेखि शास्त्रोक्त प्रमाणवाट पशुपतिनाथको पूजा आजा किराँत पूजारी वाट हुने गरेको थियो भन्ने तथ्य पशुपति पूराण समेतवाट सिद्ध हुन्छ।[९]

यस प्रकारले ने.सं.८५५ (वि.सं. १७९२) को ताडपत्रमा ने.सं. ७००(वि.सं. १६३७) मा भैरवानन्द स्वामी पशुपतिनाथका पूजारी थिए भन्ने उल्लेख देखिन्छ यसरी हेर्दा किराती पुजारीको क्रम पछि अव सन्यासीहरू पशुपतिनाथका पुजारीका रुपमा नियुक्ति हुन थालेको देखिन्छ। यो क्रम हेर्दा १. सोमेश्वरानन्द , २. भैरवाननद, ३. नित्यानन्द,४. विमलानन्द, ५. रागवानन्द र ६. कपिलानन्द समेतका व्यक्तिहरू पुजारी भइ काम गरेको भन्ने देखिन्छ यो क्रम वि.सं. १७९२ सम्म यथावत रहेको र यस पछि भारतका दक्षिणात्य भट्ट व्राम्हण द्वारा पशुपतिमा पुजा हुने क्रम शुरु भएको देखिन्छ। जस वमोजिम वि.सं. १८०४ देखि १८४१ अषाढ सम्म कृष्ण भट्ट पुजारी हुनु भएकोमा यो क्रमले निरन्तरता पाउदा हाल पन्ध्रौं पुजारीका रुपमा २०७१ सालदेखि गणेश भट्ट कार्यारत हुनु भएको भन्ने देखिन्छ।[१०] तत्कालिन समयमा अर्थात पूर्वमध्यकाल सम्म श्री को पूजा बैद्धिक विधि बाटनै गरिन्थ्यो । यसरी पूजा गर्दा पूजारीका अतिरिक्त अरु सर्वसाधारण भक्तजनहरूले पनि श्री को शिवलिङ्गलाई छोएर आफ्नै हातले पूजा गर्न पाउँथे सायद समसुद्धिनको आक्रमण पछि यो प्रचलनमा रोक लगाएको बुझिन्छ।[११] पुजारीमा भारतिय भट्ट व्राम्हण लाई नियुक्ति गर्ने कुराका सम्वन्धमा कोसे ढुंगाको रुपमा सम्वत् ८५५ को ताडपत्रमा रहेको केहि व्यहोरा महत्वपूर्ण रहेको र सो को अंश यस्तो रहेको छ, "श्री पशुपति स्थानमा श्री शंकराचार्य स्वामीवाट पछी यी वन्देज होला भनि अघि पछि कसैले छुन नसकोस भनि थिति रिती राखेको हो अघि पुजारीहरूका यो कुरा धेरै विचार गरीकन वन्देज देखि

---

६ *ऐ.ऐ.।*

७ *निवेदक अधिवक्ता तुलसी सिंखडा विरुद्ध नेपाल सरकार प्र.म.तथा मन्त्रि परिषदको कार्यालय समेत, मुद्दाः उत्प्रेषण, (०७२-WO-०१४०) फैसला मितिः-२०७३/०९/०६।*

८ *ने.का.प. २०७८ अंक ४/५ नि.नं. १०६६७ पृ.४९४(प्रकरण १५)।*

९ *डा.जगमान गुरुङ लेख राष्ट्र, राष्ट्रियतार सम्वन्ध समभावका प्रतिक भगवान पशुपतिनाथ पाशुपत दर्पण, फाल्गुण - चैत्र २०७६ वर्ष १ अंक १ पशुपति क्षेत्र विकास कोष।*

१० *प्राज्ञ प्रा. दिनेशराज पनत लेख श्री पशुपतिनाथको पुजारी परम्परा, कृति , भगवान श्री पशुपतिनाथ , श्री पशुपति अर्चना सुव्यवस्था प्रतिष्ठान २०८० पृ. ७००*

११ *पदा टिप्पणी ९ को ऐ.ऐ.।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain, Digitization by eGangotri

भित्रको कोही वाहिरको नेपालको जिव दान लिन्या शरीरमा निर्मल भइ खुन नभयाको विन्ध्याचल देखि दक्षिण त्रैलिङग दावड हेरी राख्नु पर्छ विचार गर्नु पुजन योगे हेरी दिनु पर्छ स्वामिका आज्ञा वमोजिम पुजा मन्त्र तन्त्र मुद्रा शिख्या गर्न सकन्या वर्ष वर्ष मैन्हा मैन्हा मा पालो फेरिदा वसि दिनु पर्छ धर्म सौंम्पी दियौं नजान्नेलाई गुप्प मन्त्र दि कन अघिका विधानसित पाशपता मन्त्रका संक्षेपदि भित्र लिनु ....।[१२] यो ताडपत्रको व्यहोरावाट भारतिय व्राम्हण हरूलाई पशुपतिनाथका पुजारीमा नियुक्त गरिदा हेरिनु पर्ने योग्यताका कुराहरू समेत केहि प्रष्ट उल्लेख भएको पाइन्छ। यसै लिखत वमोजिम को परम्परा अध्यापी कायम रहेको छ।

पशुपतिनाथसंग सम्वन्धित गुठी का सम्वन्धमा

औपचारिक रुपमा परिभाषा को खोजी गर्दा गुठी संस्थान ऐन २०३३ को दफा २(ग), २(घ), २(ङ) र २(च) मा क्रमशः गुठी, राजगुठी, छुट गुठी र निजी गुठी को परिभाषा गरिएको देखिन्छ यी सवै परिभाषाहरूको निचोड हेर्दा कुनै धार्मिक, सामाजिक, सांस्कृतिक वा परोपकारी कार्य गर्ने उद्देश्य पुर्तिको साधनका लागि आफ्नो निजि हक भोगको सम्पत्तिमा आफ्नो भैरहकेको हक त्याग गरी राखेको अवस्था हो भन्ने वुझ्न सकिन्छ।

निजी गुठी भनेको दुनियाले स्थापना गरेको गुठी हो, यस्ता निजी गुठीहरू व्यक्तिगत वा पारिवारिक रुपमा र सामाजिक हितको लागि राखिने प्रावधान सो ऐनको दफा १९(क)(२) मा रहेको छ। सामाजिक हितका लागि स्थापना गरिएका गुठीहरू उद्देश्य वमोजिम संचालन भएनन् भने गुठी संस्थानले हस्तक्षेप गरी आफैले हक दायित्व लिइ संचालन गर्न सक्ने व्यवस्था पनि उक्त ऐनको दफा २०(२) मा रहेको छ। यसवाट सार्वजनिक हित सरोकारका क्षेत्रमा कृयाशिल गुठीहरूका सम्वन्धमा सरकारको सचेत र सकृय दायित्व रहने कुरा प्रष्ट हुन्छ।

अब श्री का नाउँसँग जोडेर श्री का नित्य नैमित्य पूजा आरती तथा जग्गा समेतका लागी विभिन्न कालखण्डमा स्थापना गरिएका गुठी तथा श्री का क्षेत्र भित्र रहेका अन्य देव देवी, शिवालय, मन्दिर, पाटी पौवा, बनजङ्गल, फुलवारी इत्यादीसँग सरोकार रहने गरी स्थापना गरीएका राजगुठीहरू समेतका सम्बन्धमा संक्षिप्तमा चर्चा गर्ने प्रयास गरिनेछ : श्री पशुपतिनाथमा महादिप बाल्ने गुठी, श्री पशुपतिमा स्थापना भएका गंगामाई जात्रा गुठी समेतका विभिन्न नाम र उद्देश्य सहित यस क्षेत्रमा स्थापना भएका १९५ वटा गुठीको नामावली उल्लेख भएको पाईन्छ।[१३] यी उल्लेख भएका १९५ वटा सवै गुठीहरू गुठी संस्थानबाट संचालन र बन्दोवस्त भई आएका गुठीहरू हुन भन्ने समेत व्यहोरा उल्लेख भएको छ। यी १९५ वटा सवै गुठी अन्तर्गत रहेको जग्गाको कुल क्षे.फ. ११२६१-०-३-१ रोपनी, पशुपति महास्नान पोता गुठीको क्षे.फ. १२४१-१-२-० रोपनी, तथा पशुपति क्षेत्रका मन्दिर, देवालय, शिवालय तथा विभिन्न गुठीका गरी गुठी संस्थानले असुल तहसिल गरी गुठी संस्थानले पूजा आजा गर्ने गरेको जग्गाको क्षे.फ. भने १००१९-१५-१-१ रोपनी छ। यसै गरी कोष मातहतका तीन कार्यालय र गुठी संस्थान अन्तर्गत पाशुपत क्षेत्रका पशुपतिनाथसँग सम्बन्धित सवै गुठीको जम्मा जग्गाको क्षेत्रफल १८३४२-२-०-० रोपनी रहेको छ भने पाशुपत क्षेत्रभित्र ११९ वटा पाटी पौवा सत्तल रहेका छन्।[१४] यसै सम्बन्धमा अर्को तथ्याङ्क हेर्दा पशुपति क्षेत्र भित्रको गुठी संस्थानले संचालन र बन्दोवस्त गरी आएको राजगुठीहरू मध्ये अमानत गुठी-८४, छुट गुठी-६९ र रकमी कामदार संख्या १२७५ जना भन्ने उल्लेख भएबाट यस क्षेत्रका राजगुठी जम्मा १५३ वटा भन्ने देखिन्छ।[१५] यस बाहेक श्री का क्षेत्रभित्र सामाजिक हितका उद्देश्यबाट स्थापित भएका सार्वजनिक सरोकार रहने प्रकृतीका दुनियाले स्थापना गरेको निजी गुठी हरूको संख्या समेत प्रशस्त रहेको छ। जुन गुठीको संचालन प्रक्रियाका सम्बन्धमा सरकारी पक्ष सचेत रुपमा उभिनु पर्ने र हर समय यस्ता गुठीको संचालनको दायित्व बहन गर्न तयार रहनुपर्ने हुन्छ, तर व्यवहारको अवलोकनबाट सरकारी पक्ष यस सम्बन्धमा पूर्ण वेखवरनै रहेको भान हुन्छ।

गुठीको स्थापना र संस्थागत संचालन

---

१२ कानुन सम्वन्धी केही ऐतिहासिक अभिलेखहरु कानुन व्यवसायी क्लव काठमाडौं २०६३ वैशाख ३० पृ. ४२४।

१३ पशुपतिनाथको सम्पत्ति तथा गुठी जग्गा अध्ययन एवं छानविन समितिको प्रतिवेदन २०७५ को अनसूची १० पृष्ठ १।

१४ पाशुपत दर्षण,(द्वैमासिक) बैशाख, जेष्ठ २०७८ वर्ष २ अंक ८ पृष्ठ ८ पशुपति क्षेत्र विकास कोष।

१५ १३ स्वर्ण जयन्ती समापन वर्ष २०७१, स्मारीका गुठी संस्थान प्रधान कार्यालय पृ. १२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथि नै उल्लेख गरियोकी हाम्रो देशमा गुठीको स्थापना वि.सं. ५२१ बाट मात्र शुरु भएको भन्ने ऐतिहासिक तथ्यहरूबाट पुष्टि भएको छ। यस पश्चात विभिन्न काल खण्डमा क्रमिक रुपमा राजगुठीहरू प्रशस्त रुपमा स्थापित हुँदै गए। यस क्रममा अभिलेखमा लेखाकंन भएका राजगुठीहरूको तथ्याङ्क हेर्दा २०७१ साल सम्ममा देशभर जम्मा २०८२ वटा राजगुठीहरू दर्ता भई संचालनमा रहेका छन्। यी गुठीहरू अन्तर्गत रहेका जग्गा जमिनहरू पाहाड तर्फ कुल ५६१९९० रोपनी र तराई तर्फ कुल ६६३३० विगाहा जग्गा दर्ता प्रमाणित रहेको भन्ने देखिन्छ भने मठ मन्दिर संख्या ७१७, पाटी पौवा सत्तलहरू ६४७ र पोखरी १५९ वटा रहेको भन्ने एक तथ्याङ्कले देखाएको छ।[१६]

उल्लेखित राजगुठीहरूको संचालनको व्यवस्था र दायित्व गुठी संस्थान अन्तर्गत रही आएको देखिन्छ। गुठी संस्थानको विधिवत स्थापना २०२१/०७/१७ मा भएको हो। यस भन्दा अगाडी सम्पूर्ण राजगुठीको बन्दोवस्त र संचालन कार्यका लागि काठमाण्डौं उपत्यकामा मात्र पनि सम्बन्धित उपत्यकाञ्चल कमिश्नर मजिष्ट्रेट, जिल्ला मजिष्ट्रेट अफिस मातहत रहने निम्न लिखित १५ वटा कार्यलयहरू थिए।[१७]

१. श्री ५ सरकार गुठी तहसिल पैला

२. श्री ५ सरकार गुठी बन्दोबस्त

३. श्री ५ सरकार गुठी तहसिल दोस्रा

४. श्री ५ सरकार गुठी खर्च

५. श्री ५ सरकार गुठी लगत जाँच

६. श्री ३ सरकार गुठी बन्दोवस्त

७. श्री ३ सरकार गुठी तहसिल

८. श्री ३ सरकार गुठी बनाउने

९. श्री ३ सरकार गुठी ढुकुटी

१०. पशुपति गोश्वारा

११. पशुपति भण्डार तहविल

१२. श्री ५ सरकार गुठी जाँच

१३. श्री ५ सरकार गुठी तहविल फाँट

१४. मच्छेन्द्र गुठी

१५. भक्तपुर गुठी खर्च

यसैगरी पशुपति क्षेत्र तर्फको बन्दोवस्तको अध्ययन गर्दा वि.सं. १७३१ को नृपेन्द्र मल्लले त्यहाँको विसेटको रुपमा उग्रमाल जोशीलाई वरण गरेको भन्ने देखिएको र यस क्षेत्रको संसारदेवी गुठी, पञ्चामृत गुठी, श्री खण्ड गुठी, गोकुलधुप गुठी, नगरा गुठी, मिठाई गुठी, खिर गुठी, टिकिन्छा गुठी अन्तर्गत गर्नुपर्ने कामहरू पनि वि.सं.१८६७ को लालमोहर अनुसार पशुपति भण्डार तहविलले गर्नुपर्ने गरी तोकिएको देखिँदा यसभन्दा अगाडीनै पशुपति भण्डार तहविलको स्थापना भएको बुझ्न सकिन्छ भने पशुपति अमालकोट कचहरीको स्थापना पनि यसै मितिमा भएको हो भनी किटानी गर्न नसकिए पनि वि.सं. १८७० साल चैत्र कृष्ण ३० रोज २ को श्री ५ गिर्वाणयुद्ध विक्रम शाहको लालमोहरमा, पशुपतिनाथको प्रितीगरी शिवरात्री, रामनवमी मेषसंक्रान्ती, दमनारोपण, धनुर्मास, दशहरा, महाअष्टमी, विजयादशमी, श्री पंचमी आदी पर्वहरूमा पूजा आजा गर्नको निमित्त अघि रै रकमी हरूले जागीर गरी खाएको ३७५ रोपनी ४ आना जग्गाको असुल तहसिल गरी उपर्युक्त पर्वपूजाहरू पनि पशुपतिनाथ अमालकोट कचहरीले चलाई रहेको भन्ने देखिनाले यसको स्थापना सो मिति भन्दा अगाडीनै

१६ *ऐ.ऐ.।*

१७ *१५ स्वर्णजयन्ती समापन वर्ष २०७१ स्मारिका गुठी संस्थान प्रधान कार्यालय पृ. ६।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको थियो भन्ने बुझिन्छ।[१८] एवम प्रकारबाट पशुपति गोश्वाराको स्थापना तर्फ हेर्दा प्रशुतुत कार्यालय वि.सं. १९६१ मा स्थापना भएको भन्ने देखिन्छ। यसरी संस्थागत प्रयास तर्फ गुठी संस्थान स्थापना हुनपूर्व गुठीहरूको व्यवस्थापन र पर्वपूजा संचालनका लागि यी उल्लेखित व्यवस्था भै आएको भन्ने प्रष्ट हुनका साथै पशुपति क्षेत्रको लागी विशेष निकायका रुपमा रही काम गर्न मिति २०४४/०४/२९ मा मात्र पशुपति क्षेत्र विकास कोष ऐन जारी भई पशुपति क्षेत्र विकास कोषको स्थापना भएको देखिन्छ।

अव, यी उल्लेखित संस्थागत प्रयासहरूको चर्चा पश्चात पशुपति क्षेत्र भित्रका राजगुठीहरूको संचालन र वन्दोवस्त गर्ने किटानी जिम्मेवारी र दायित्व वर्तमान अवस्थामा कुन निकाय अन्तर्गत तोकिएको रहेछ भनी सो तर्फ केही चर्चा गर्नु सान्दर्भिक देखिन्छ। यस तर्फ विचार गर्दा, मिति २०२१/६/१७ मा जारी भएको गुठी संस्थान ऐन २०२१ को प्रशतावनामा " नेपालको संविधानको धारा ५९ ले गुठी रकमलाई सरकारी कोषबाट अलग गरेकोले राजगुठीहरूलाई श्री ५ को सरकारको अधिनबाट झिकी एक संस्थाको जिम्मा सुम्पी राजगुठीहरूलाई सुब्यवस्थीत रुपले संचालन गराउन एक गुठी संस्थानको स्थापना र व्यवस्था गर्नु बाञ्छनिय भएकोले" भन्ने व्यहोरा उल्लेख भै यसै ऐनको दफा ३ ले गुठी संस्थानको स्थापना गरेको छ भने दफा २(छ) मा राजगुठी भन्ने परिभाषामा श्री ५ को सरकार अधिनस्थ वा श्री ५ को सरकारबाट व्यवस्था भएको गुठी सम्झनुपर्दछ भनी उल्लेख भएको देखिँदा २०२१/०७/१७ भन्दा अगाडी श्री ५ को सरकारले संचालन र व्यवस्था गरी आएका सवै गुठीहरूलाई राजगुठी भनी अर्थ गरेको देखिन्छ।

यसैगरी प्रचलनमा रहेको गुठी संस्थान ऐन २०३३ को दफा २(घ) मा रहेको "राजगुठी" को परिभाषा हेर्दा "यो ऐन प्रारम्भ हुँदाको अवस्थामा गुठी संस्थानको हक दायित्व भई गुठी संस्थानले बन्दोवस्त र संचालन गरी आएको राजगुठी सम्झनु पर्दछ।" भनी उल्लेख भएको देखिँदा २०२१ सालमा नेपाल सरकारबाट गुठी संस्थानको जिम्मामा आएका सवै गुठीहरू राजगुठी हुन् भनी यो परिभाषा समेतले समेटेको हुँदा साविकमा पशुपति क्षेत्र समेतका श्री ५ को सरकारको जिम्मामा जति गुठीहरू संचालनमा थिए ती गुठीहरू हाल जे जुन निकाय मातहत संचालन भएका भएपनि राजगुठी हुन् भनी मान्नु पर्ने देखिन्छ। यसरी हेर्दा साविकमा श्री ५ को सरकारबाट संचालन हुँदै आएका सवै गुठीहरूको संचालन र व्यवस्थापन गर्ने जिम्मेवारी गुठी संस्थानमा रहेको भन्नेमा अन्यथा देखिदैन। यसै क्रममा संस्थागत प्रयासकै क्रममा पशुपति क्षेत्र विकास कोष ऐन जारी भई पशुपति क्षेत्र विकास कोषको २०४४ सालमा स्थापना भएकोमा सो ऐनको दफा ६.१.३ क मा " श्री पशुपतिनाथ मन्दिर लगायत पशुपति क्षेत्र भित्र रहेका राजगुठी अन्तर्गका सवै देव देवीको मन्दिरहरूमा परम्परागत धार्मिक रितिस्थिती बमोजिम पूजा आजा सांस्कृतिक चाडपर्व तथा सामाजिक र लोक कल्याणकारी कार्य संचालनको व्यवस्था मिलाउने" भन्ने उल्लेख भएको देखिँदा यो ऐनले पशुपतिनाथ र यस पशुपतिक्षेत्र भित्रका देवी देवताका नाउँमा स्थापना भएका गुठीको संचालनको जिम्मा यस पशुपति क्षेत्र विकास कोष अन्तर्गत आएको भन्ने देखिन्छ।

पशुपति क्षेत्र विकास कोष ऐन २०४४ मा मिति २०५०/०५/०७ मा पहिलो संशोधन भएको र यो पहिलो संशोधनबाट दफा १०.१.४ क थप भएबाट आवादी जग्गा बाहेक पशुपति अमालकोट कचहरी, पशुपति भण्डार तहविल र जय बागेश्वरी भण्डार तहवीलले गर्ने अन्य कार्य सम्बन्धि व्यवस्थाको रेखदेख गर्ने र ती निकायहरूको कार्य सम्बन्धि निती निर्धारण गर्ने तथा आवश्यक निर्देशन दिने " भन्ने व्यवस्था भएबाट साविकका यी उल्लेखित तीनवटा कार्यलयहरू समेत यसपछि पशुपति क्षेत्र विकास कोष माातहतमा आएका हुन् भन्ने देखिन्छ।

यसरी राजगुठीहरूको संचालन र बन्दोवस्तका विषयमा २०४४ भन्दा अगाडी पनि श्री पशुपतिनाथका मुल भट्ट र गुठी संस्थान विचमा समय समयमा केही असमझदारी तथा असुविधाहरू उत्पन्न हुने गरेको भन्ने पनि बुझिन आएको अवस्थामा २०४४ सालमा जारी भएको पशुपतिक्षेत्र विकास कोष ऐन जारी भै सकेपछी गुठी संस्थान ऐन २०३३ मा मिति २०४९/१०/५ मा दोश्रो संशोधन भएको देखिन्छ। यसरी दोश्रो संशोधन हुँदा मौजुदा ऐनको दफा २० मा संशोधन भई दफा २० अन्तर्गत उपदफा(३) मा "पशुपति अमालकोट कचहरीमा कुत बुझाउनु पर्ने वा पशुपति गुहेश्वरी सँग सम्बन्धित सवै खालका गुठी जग्गाको जग्गा प्रशासन गुठी संस्थानले जिम्मा लिई बन्दोवस्त र संचालन गर्न सक्नेछ।" भन्ने कानूनी व्यवस्था गरिएको देखिन्छ। यसबाट

१८ पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, डा. गोविन्द टण्डन, २०५३ पृष्ठ ३०८-३१६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ६.१.३ क मा रहेको कानूनी व्यवस्थामा विरोधाभाषको अवस्था खडा भएको भान हुन्छ। २०४४ सालमा नै पशुपति क्षेत्र विकास कोष ऐनमा उपर्युक्त ब्यवस्था गरिएको हुँदा हुदै पुनः २०४९ सालमा गुठी संस्थान ऐन संशोधन गरी दोहोरो अधिकार क्षेत्रको सिर्जना हुने गरी यस्तो कानूनी व्यवस्था गर्न आवस्यक ठानियो होला भनी बुझ्न सकिएन।

तथापी यी उल्लेखित कानूनी व्यवस्थाको संक्षिप्तमा यति मात्र अध्ययनबाट पनि कानून मार्फत अभिव्यक्त सरकारको अवधारणात्मक पक्षले पशुपति क्षेत्रका गुठीहरूको संचालन कुन निकायको जिम्मा रहने हो भन्ने यकिन र प्रष्ट रहेको देखिदैन। यसबाट गुठी संचालनको कार्यान्वयन पक्षले कुनै गति र निशाना समाउन सक्दैन। यसबाट खोला एकातिर पुल अर्को तिर' जस्तो भएको छ। कानूनको मार्ग निर्देशन र व्यवहारको सामञ्जस्यता अपरिहार्य देखिन्छ।

उदाहरणका लागि गुठी संस्थान मार्फत संचालित ठुलाजात्रा, पर्व मेलाहरूको नामवाली अन्तर्गत पशुपति क्षेत्रमा संचालन हुने ७ वटा पर्व जात्राहरूको विवरण उल्लेख भएको देखिन्छ। जो निम्नानुसार छन्।[१९]

१. महास्नान पर्व	प्रत्येक महिनको पूर्णिमा
२. अष्टमी पर्व	प्रत्येक महिनको शुक्ल पक्ष अष्टमी
३. शिवरात्री पर्व	फाल्गुण कृष्णपक्ष एकादशी देखी औंसी सम्म
४. गंगामाई जात्रा	आषाढ शुक्ल सप्तमी तिथीमा
५. त्रिशुल जात्रा	आषाढ बदी अष्टमी
६. गुह्येश्वरी माईको जात्रा	मार्ग ९,१० रोज कृष्ण बदी
७. वनकाली पर्व	बैशाख सुदी ३ रोज

यसरी पशुपति क्षेत्र भित्र गुठी संस्थानबाट संचालन हुने भनी उल्लेख भएका पर्व जात्राहरू मध्येका असंख्य पर्व जात्राहरूको संचालन पशुपति क्षेत्र विकास कोष स्वयंले गरि आएको अवस्था पनि बुझिएको छ। यसबाट कामको दाहोरोपना प्रष्ट देखिन्छ।

पशुपतिक्षेत्र भित्रका विभिन्न व्यवस्थाका विषयलाई लिएर अधिवक्ता दीपक विक्रम मिश्रले संस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पशुपति क्षेत्र विकास कोष समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा दायर गरेको उत्प्रेषण समेत (०७५-ध्इ-०७००) को रिट निवेदनमा मिति २०८०/१०/७ मा आदेश हुँदा "अराध्यदेव भगवान श्री पशुपतिनाथको सम्पत्ति, गुठी जग्गा, अन्य आम्दानी र खर्चको हर हिसाव, श्रेस्ता दुरुस्त्त र पारदर्सि रुपमा कायम राख्नु र ती सम्पत्तिको सुरक्षा र संरक्षणका लागी उचित व्यवस्थापन मिलाउनु भनी प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने ठहर्छ।" भनी परमादेशको आदेश भएकोबाट पनि पशुपति क्षेत्र विकास कोष उपर यो आदेश बमोजिम गर्नुपर्ने दायित्व रहेको देखिन्छ। यसरी पशुपति क्षेत्र भित्रका राजगुठीको संचालन गुठी संस्थानबाट हुनु तर यी क्षेत्रका गुठी जग्गाको हिसाव, श्रेस्ता दुरुस्त र पारदर्सि रुपमा पशुपति क्षेत्र विकाष कोषले राख्नुपर्ने परमादेश हुनुले पनि व्यवहारिक चुनौती थपिएको देखिन्छ।

गुठीको दायित्व

आफ्नो हक भैरहेको अचल सम्पत्तिमा कुनै उद्देश्य आकांक्षाका विषयमा खर्च गर्नका लागी आफ्नो भैरहेको हक त्याग गरी सो सम्पत्तिको आम्दानीबाट उद्देश्य मुताविकको काम निरन्तर अविछिन्न रुपमा गरिदिन राज्यलाई जिम्मा लगाएकोबाट राजगुठीको स्थापना हुने गर्दछ। यसरी सम्पत्ति जिम्मा लिने राज्यले दाताको इच्छा बमोजिमको काम अविछिन्न रुपमा गरिदिनुपर्ने र दाताको सम्पतीको उचित संरक्षण र व्यवस्थापन गरिदिनु पर्ने दायित्व पनि राज्य उपर रहने गर्दछ , यसरी अघोषित रुपमा दाता र राज्यको वीचमा गुठीको विषयबस्तु उपर काररीय दायित्व रहेको हुन्छ। यो भनेको राजगुठीको मूलभूत चरित्र र विशेषता पनि हो। तसर्थ राजगुठीको यथार्थपरक संचालन हुन सकेन भने राज्यलेनै धर्मलोप गरेको अर्थ निस्कन

१९ स्वर्णजयन्ती समापन वर्ष २०७१, स्मारीका गुठी संस्थान प्रधान कार्यालय पृष्ठ १३३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सक्छ। यसको दोषको भागिदार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा राज्य स्वयं हुनु पर्ने हुन्छ।

श्री पशुपतिनाथ र पशुपति क्षेत्र भित्रका देवी देवताका नाउँमा स्थापीत राजगुठीहरूबाट कहाँ के के कार्य हुनुपर्ने हो सो कार्य परम्परा र सनातन बमोजिम सम्बन्धित गुठीकै आम्दानीबाट गरिएन भने त्यसबाट गुठीको अस्तित्वनै लोप हुने खतरा उत्पन्न हुन्छ भने यसबाट एकातिर हाम्रो सांस्कृतिक पक्षसँग रहेको गुठीको अन्योन्याश्रीत सम्बन्ध र उद्धात्त भावका गुठीका दाताको परोपकारी भावनामाथी कुठाराघात हुन्छ। समाजले आफ्नो पूर्खाको परोपकारी भावना तथा गुठी र समाज वीच रहेको जिवन्त सम्बन्ध बुझ्ने मौका पाउँदैन, राज्यले करारीय दायित्व उल्लघंन गरेको ठहरिन्छ भने अर्कातिर हाम्रा धार्मिक तथा सांस्कृतिक कृत्यहरू परम्परादेखि कसरी के आधारमा संचालित हुँदै आएका थिए भन्ने ऐतिहाँसिक तथ्यको जानकारीबाट पछिल्लो पुस्ता बन्चित हुन पुग्छ। पशुपतिनाथ लगायतका देवी देवताका नाउँमा, विभिन्न गुठीका नाउँमा अर्पण गरिएका असंख्य चल अचल सम्पत्ति हुँदा हुदै श्री का यी गुठी सम्पत्ति लोप हुने स्थिती सिर्जना भई अविछिन्न परम्परालाई तोडी नेपाल सरकार र देशी विदेशीको अनुदान सहयोगबाट मात्र श्री को पर्व पूजा चलीरहेको छ भन्ने भान हुने स्थिती उत्पन्न हुन जाने हो भने यो कुरा श्री का अगाडी समाजका अगाडी, कानूनी परम्पराका अगाडी इत्यादी सवैका लागी अक्षम्य हुनजान्छ। हेर्दा सुन्दा जति सामान्य रुपमा सुनिए पनि हाम्रा लागी गुठीको परम्परा अथाह संवेदनशिल मौलिक र धर्म संस्कृतीको प्राणका रुपमा रहेको छ। गुठीलाई लोप गरेर गरिने पर्व जात्रा कागजका फूल जस्ता मात्र हुनपुग्दछन, वास्ना हुदैन, उमंग हुदैन, समग्रमा राज्य मौलिक रुपमा कमजोर हुन्छ।

गुठीको प्रकृति, स्वभाव र विशेषताको सम्बन्धमा चर्चा गर्दै गुठीका उपर समाज र राज्यको दायित्व के रहन्छ भनी सर्वोच्च अदालतको विशेष इजलासबाट एउटा मुद्दामा विस्तृत व्यख्या भएको छ।[२०] जस अनुसार :- दाताले आफ्नो चल अचल सम्पत्ति वा आयस्ता आउने अरु कुनै सम्पत्ति वा रकममा आफ्नो निजी हक छाडी सार्वजनिक हितका लागी समर्पण गर्ने हुँदा गुठी भनेको कुनै सामाजिक वा धार्मिक कार्य निरन्तर रुपले संचालन गर्न आफ्नो सम्पत्तिको हक वा स्वामित्व हस्तान्तरण पनि हो, जसले गुठी स्थापना गर्छ वा राख्दछ, उसले सँगसँगै त्यस्तो सम्पत्तिमा आफ्नो हक WAVE पनि गर्दछ। गुठीको सिर्जना सँगै व्यक्तिको हक समाप्त हुन्छ। गुठी, व्यक्तिको हक समाप्त हुने र समुह, समुदाय वा सम्प्रदायको हक सिर्जना हुने प्रक्रिया भएकोले गुठी राख्नेले आफ्नो इच्छापत्र मार्फत व्यक्त इच्छालाई नमासिने गरी जोगाई निरन्तरता (Perpetual Continuity) प्रदान गर्नु राज्य वा राज्यको अंग अर्थात सरकारको अंगका रुपमा रहेका गुठी संस्थान जस्ता ब्भलअथ वा क्ष्लकतचगम्भलतबष्तिथ या तजभ क्तबतभ को कानूनी कर्तव्य हुने।

:- गुठी सम्पदा जोगाउन कुनै व्यक्ति अनिच्छुक देखिन सक्छ, तर राज्यले त्यस्तो अपवादलाई आधार बनाएर सार्वजनिक हित, परोपकार र सामाजिक उपयोगको विषयमा निती बनाउनु हुँदैन। व्यक्ति विशेषको हित र सार्वजनिक हितको द्वन्दमा जहिले पनि सार्वजनिक हित प्राथमिकतामा पर्नुपर्छ। त्यसैले कुनै पनि धार्मिक एवम सांस्कृतिक सम्पदाको संरक्षणको विषयमा राज्य उदासिन रहन मिल्दैन। त्यो जिम्मेवारी राज्यले बहन गर्नु पर्ने।

:- गुठीको निरन्तरता र गुठी राख्दाको उद्देश्य अनुरुपको व्यवहार पनि धर्म र संस्कृति सम्बन्धी हकको दायरा भित्र पर्ने विषय हो त्यस्तो हकको प्रचलनमा अवरोध सिर्जना गरियो भने त्यसलाई प्रचलन गराईदिने दायित्व अदालतले बहन गर्नुपर्ने।

अब के गर्ने ?

अन्य क्षेत्रमा संचालित राजगुठीलाई यथावत छोडेर श्री पशुपतिनाथ र यस क्षेत्रका राजगुठीको संचालन र बन्दोवस्तको व्यवहारीक पक्षको बारेमा विचार गर्दा यी गुठीहरूको संचालनमा कानूनमानै यकिनसाथ एकद्वार नितीको व्यवस्था हुनुपर्दछ। जुन देवताका नाउँमा जे काम गर्नका लागी जे नामको गुठी राखिएको छ, सो गुठीको आयस्ताबाटै ती देवताका लागी तोकिएको काम अनिवार्य हुनुपर्ने र सम्पत्तिको उचित संरक्षण हुने व्यवस्था हुनुपर्दछ। पशुपति क्षेत्र विकास कोष संचालनका लागी संचालक परिषद रहेको छ भने गुठी संस्थान संचालनका लागी सो को संचालक समिति कृयाशिल रहेको छ। यी दुवै समितिका वीच समन्वय भई समझदारी गरी यसलाई व्यवस्थापन गर्न लागी सुझाव उपाय समेत उपलब्ध गराउन समय तोकेर एउटा साझा समिति निर्माण गरी सो समितिको राय सिफारीसमा उल्लेखित सुझाव/तरिका बमोजिम कार्यान्वयनका

२० ने.का.प. २०६४ अंक १० नि.नं. ७८८५ पृ.१२७५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागी पुनः दुवै समितिहरूले आफ्ना आफ्ना समितिहरूमा छलफल गरी यकिन भएका बुदाहरू सम्बन्धित तालुक मन्त्रालय मार्फत नेपाल सरकारबाट निर्णय भई विषयगत कानून परिमार्जन गरी एकिन व्यवस्था हुन जरुरी छ। बैधानिक प्रकृया बमोजिम गुठी संचालन गर्ने कुरामा सुन्य सहनशिलता सहितको कठोर व्यवहारीक अभ्यास जरुरी छ। जुन देवताका नाउँमा दैनिक पूजाको दरबन्दि बमोजिम मासिक खर्च निकासा भैरहेको हुन्छ , अहिले ती देवताको मूर्ति वा मन्दिरै नभएको अवस्था पनि हुन सक्छ,तोकिए बमोजिम काम नभैरहेको पनि हुनसक्छ , यसर्थ अनुगमन अपरिहार्य छ। कहाँ के काम हुनुपर्ने हो, त्यो काम सही ढंगबाट ठीक समयमा भएको छ की छैन भनी अनुगमन संयन्त्रले प्रभावकारी भूमिका निर्वाह नगर्ने हो भने आजको जिम्मेवार पुस्ता भविष्यका सन्ततीहरूका नकारात्मक शब्द अलंकारले सम्बोधित हुने पात्रमा दर्ज हुन पुग्ने निश्चित छ।

अन्तमा गुठी राख्दाको अवस्थामा दाताले लिखत मार्फतनै गुठी सम्पत्ति हिनामिना गरेमा, धर्मलोप हुन गएमा, गुठी मासी खाएमा त्यसो गर्ने व्यक्तिलाई विभिन्न देव दण्ड होस, निजलाई पाप, अपराध लागेस भन्ने भावना समेत गुठी लिखतमानै खवरदारी व्यहोरा उल्लेख गर्ने गरेको भेटिन्छ। यस्तै एउटा उदाहरणमा लिच्छविकालीन गुठी राखिएको एउटा शिलालेखमा "स विष्ठायां कृमिर्भूत्वा नरकेषु प्रपद्यत" । उल्लेख भएको देखिन्छ। जसको अर्थ आफुले वा अरुले दिएको जग्गालाई [२१] जसले हर्ला, त्यो विष्याको किरा भएर नरकमा पर्ला भन्ने अर्थ हुन जाने बुझिन्छ। यसबाट पनि गुठी पद्धतिको अविछिन्न र अनतिक्रम्य चरित्र प्रस्तुत हुन्छ। तसर्थ यस्तो संवेदनशिल र महत्वपूर्ण विषयमा सम्बन्धित सवैले गम्भिर हुन जरुरी छ।

अस्तु

❖❖❖

२१ थानकोट आदि नारायणको वसन्त देवको अभिलेख सम्वत ४२८ को अन्तिम हरफ, लिच्छ्वीकालीन अभिलेख, धनवज्रवज्राचार्य २०३० पृ.९२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मो रक्षति रक्षितः

पशुपति क्षेत्र विकास कोष

देवपत्तन, काठमाडौं, नेपाल

Phone: +977-01-4471828
Email: info@pashupati.org.np | www.pashupati.org.np

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal